मानव अधिकार की ऐतिहासिक अवधारणा



डा. राजेश गौतम

मानव अधिकारको ऐतिहासिक अवधारणा

डा. राजेश गौतम

Resource Centre
इन्सेक
INSEC

इन्सेक
INSEC
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट वक्स नं. २७२६, काठमाडौं
टेलिफोन नं. २७०७७०, २७८७७० फ्याक्स नं. २७०५५१

पहिलो संस्करण : २०५२ कार्तिक

संख्या : एक हजार प्रति

सर्वाधिकार : लेखकमा सुरक्षित

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मूल्य : रू. ६०।-

Digitized By: Bimal Chandra Sharma

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार, काठमाडौं
फोन नं. २२५९५४

आमूख

मानवअधिकारको सुरक्षा र विकास जनताको प्रत्यक्ष र सचेतनतापूर्ण संलग्नता र हस्तक्षेप वेगर सम्भव हुन सक्दैन। र त्यसो गर्न जनतामा मानवअधिकार वारे जागरण हुन आवश्यक छ। जागरूक हुन मानवअधिकार शिक्षाको आवश्यकता पर्दछ। विभिन्न स्तरको शिक्षा विना मानवअधिकार आन्दोलन सहि दिशामा अगाडि बढ्न सक्दैन। यिनै तथ्यमा आधारित भएर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार शिक्षालाई अभियानको रूपमा विभिन्न प्रकारले संचालन गर्दै आएको छ। यिनै श्रृंखलामा इन्सेकका विभिन्न प्रकाशन, देशका ३५ वटा जिल्लामा मानवअधिकार शिक्षा तथा सचेतनता कार्यक्रम, महिला तथा कमैया कार्यक्रम लगायत रेडियो नेपालबाट मानवअधिकार शिक्षा कार्यक्रमको संचालन र प्रत्येक वर्ष प्रकाशित गरिने मानवअधिकार वर्ष पुस्तकलाई लिन सकिन्छ।

मानवअधिकार आन्दोलन मानव सभ्यताको विकास संगसंगै निरन्तर अगाडि बढ्दै छ। विश्वमा भएका अनेकौं घटना एवम् संघर्षबाट शिक्षा लिंदै यो आन्दोलन अझ समृद्धशाली बन्दै गएको छ। मानवअधिकारको आधुनिक परिभाषा बारे चर्चा गर्दा यसको इतिहासको वारेमा पनि जानकारी राख्नु आवश्यक हुन्छ।

इन्सेकले मानवअधिकार शिक्षाको क्षेत्रमा विभिन्न ठाउँमा कार्यक्रम गर्दा र कतिपय व्यक्तिहरूले पत्र समेत लेख्वेर मानवअधिकारको ऐतिहासिक विवेचनाका बारेमा एउटा पाठ्य सामग्री आवश्यकता महसुस गराइँदै थियो र हामीले पनि महसुस गरिरहेका थियौं । यसै सन्दर्भलाईं ध्यानमा राखी इन्सेकका महासचिव डा. राजेश गौतमले यो पुस्तक तयार पार्नु भएको हो। इन्सेकका विगतमा प्रकाशित पुस्तकहरूबाट पनि सामग्रीहरू साभार गरिएको छ। डा. राजेश गौतम मूलतः नेपाली विद्वत समाजमा मानवअधिकारवादी तथा इतिहासकारको रूपमा प्रतिष्ठित हुनुहुन्छ। यो पुस्तकमा डा. राजेश गौतमले ऐतिहासिक आन्दोलनहरूको मानवअधिकारवादी दृष्टिकोणबाट विश्लेषण गर्नु भएको छ र वहाँले यस पुस्तकमा

प्रजातान्त्रिक आन्दोलन र मानवअधिकार आन्दोलन एक आपसका परिपुरक हुन् भन्ने कुराको पुष्टि गर्नु भएको छ। निश्चय पनि मानवअधिकारको संरक्षण विना प्रजातन्त्र दिगो हुन सक्दैन भने प्रजातन्त्रको संस्थागत विकाश विना मानवअधिकारको संरक्षण पनि हुन सक्दैन।

यो पुस्तक आजका युवापीढि देखि लिएर मानवअधिकारको बारेमा जानकारी चाहने शिक्षक, राजनीतिज्ञ, समाजसेवी र मानवअधिकार आन्दोलनमा संलग्न कार्यकर्ताहरूको लागि पनि लाभदायक हुनेछ भन्ने विश्वास हामीले लिएका छौं।

अन्तमा यो पुस्तक तयार गर्ने क्रममा मेहनतपूर्वक लाग्नु हुने डा. राजेश गौतम र अन्य सहयोगी साथीहरूलाई धन्यवाद दिन चाहन्छु।

पुस्तकका वारेमा सल्लाह, सुझाव र आलोचना इत्यादी पठाइदिनु हुन विज्ञ पाठकहरूलाई अनुरोध गर्न चाहन्छु जस्ले गर्दा इन्सेकका आगामी प्रकाशनहरूका साथै यसैको आगामी संस्करणलाई परिमार्जन गर्न सहयोग पुग्नेछ।

सुशील प्याकुरेल
अध्यक्ष, इन्सेक

आभार

प्रस्तुत पुस्तकमा मानवअधिकार सम्बन्धी विश्वमा घटेका सबै घटनाहरूलाई समेटेर यथोचित विवेचना गर्ने प्रयास गरिएको छ। विषय स्वयंमा ज्यादै कठीन छ र विद्वान तथा राजनीतिज्ञहरूले त्यसलाई झन् बढी कठीन बनाइदिएका छन्। यस पुस्तकमा ती विषयहरूलाई सकेसम्म सरल, बुझ्न सकिने र तिनलाई प्रामाणिक बनाउने प्रयास गरिएको छ। यति गर्दागर्दै पनि त्रुटीहरू हुन सक्छन्। त्यस सम्बन्धी कुनै पनि सुझावलाई सदैव स्वागत गर्नेछु।

प्रस्तुत पुस्तक विभिन्न विद्वानहरूद्वारा लेखिएका अनेकौं पुस्तकहरू र लेखहरूको अध्ययन र तिनीहरूबाट लिइएको सहयोगको परिणाम हो। त्यसैले पूर्ण रूपले मेरो मौलिकता हो भनी ठोकुवा गर्न चाहन्न। अतः सर्वप्रथम म तिनै विद्वानहरूप्रति पूर्ण रूपले आभारी छु जसका लेख र पुस्तकहरूको सहयोगको आधारमा यो पुस्तक प्रस्तुत गर्न सफल भएको छु।

प्रस्तुत पुस्तकको रचनामा धेरै आदरणीय व्यक्तिहरू र मित्रहरूको महत्वपूर्ण भूमिका रहेको छ। वहाँहरूमध्ये आदरणीय गुरू कृष्णबहादुर उदय (त्रि-चन्द्र क्याम्पस), मित्रहरू सुशील प्याकुरेल (अध्यक्ष इन्सेक), कुन्दन अर्याल (सम्पादक दृष्टि साप्ताहिक), नरनाथ लुइँटेल (इन्सेक), विमल शर्मा (त्रि-चन्द्र क्याम्पस), यज्ञनाथ आचार्य (त्रि-चन्द्र क्याम्पस) र मेरा वाल्य मित्रहरू मदन तुलाधर, कृष्णमुरारी अधिकारी, श्री राम श्रेष्ठ र इन्सेक परिवार प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

यस्तै गरी विभिन्न विद्वानहरूद्वारा लेखिएका पुस्तकहरू र लेखहरू उपलब्ध गराई सहयोग गर्ने नेपाल स्थित संयुक्त राष्ट्र संघको कार्यालय (काठमाडौं), नेपाल अमेरिकी सांस्कृतिक केन्द्र (काठमाडौं), नेपाल ब्रिटिस काउन्सिल पुस्तकालय (काठमाडौं) र इन्सेकको डकुमेन्टेशन सेक्सन प्रति पनि म ज्यादै आभारी छु।

अन्तमा पुस्तकमा भएका त्रुटि तथा आवश्यक सुझावहरू तर्फ ध्यान आकर्षित गराउने जोसुकै प्रति पनि म कृतज्ञ रहने छु।

डा. राजेश गौतम
ठमेल, २०५२ कार्तिक

विषय सूचि

परिच्छेद - एक १-१०

मानवअधिकारको परिभाषा एवं अवधारणा

(१) मानवअधिकारको अर्थ

(२) मानवअधिकारको आवश्यकता, महत्व तथा क्षेत्र

(३) मानवअधिकारको अवधारणाको संक्षिप्त पृष्ठभूमि

परिच्छेद - दुई ११-२८

विश्वमा मानवअधिकारका लागि भएका केही संघर्षहरू

(१) फिराउन विरोधी लगाइँ

(२) तिनचान माइको विद्रोह

(३) रोमको दास विद्रोह

(४) लण्डनको किसान विद्रोह - १३८१

(५) अमेरिकी स्वतन्त्रता संग्राम - १७७६

(६) फ्रान्सको राज्यक्रान्ति- १७८९

(७) लिओन शहरको विद्रोह - १८३१

(८) चार्टिष्ट आन्दोलन - १८३१

(९) फ्रान्सको जुन विद्रोह

(१०) चीनको ताइपिङ विद्रोह

(११) पेरिस कम्यून

(१२) १ मे आन्दोलन

(१३) रूसको अक्टोबर क्रान्ति

परिच्छेद - तीन २९-३८

पहिलो विश्व युद्ध भन्दा अगाडि मानवअधिकारको विकास

(१) म्याग्नार्काटा

(२) अधिकार पत्र १६२८

(३) बन्दी प्रत्यक्षीकरण ऐन १६४० र १६४९

(४) विल अफ राइटस्

(५) व्यवस्थापन ऐन १७०१

(६) अमेरिकी स्वतन्त्रताको घोषणा

Resource Centre

(७) मानवअधिकारको फ्रेन्च घोषणा
(८) अमेरिकी संविधानमा थपिएको अधिकार पत्र

परिच्छेद - चार ३९-५०
दोस्रो विश्व युद्ध अघि मानवअधिकारको लागि
भएका अन्तर्राष्ट्रिय प्रयास र विकास
१. मानवअधिकारको लागि भएको अन्तर्राष्ट्रिय प्रयास
(क) भियना सम्मेलन १८१५
(ख) बर्लिन सम्मेलन १८८५
(ग) बुसेल्स सम्मेलन १८९९ र १९०७
२. मानव अधिकारको लागि मानव अधिकार कानूनको विकास
३. राष्ट्रसंघ र मानव अधिकार

परिच्छेद - पाँच ५१-७६
दोश्रो विश्व युद्ध पछि मानवअधिकारका लागि
भएको अन्तर्राष्ट्रिय प्रयास र विकास
(१) संयुक्त राष्ट्रसंघ र मानवअधिकार
(२) संयुक्त राष्ट्रसंघको बडा पत्र अन्तर्गत मानवअधिकारको संरक्षण
(३) मानव अधिकारसंग मुख्य रूपमा सम्बन्धित संयुक्त राष्ट्रसंघका अंगहरू
(४) संयुक्त राष्ट्रसंघका अन्य अंगहरू
(५) मानवअधिकार आयोग
(६) मानवअधिकारको विश्वव्यापी घोषणा १९४८
(७) मानव अधिकार अन्तर्राष्ट्रिय र ऐच्छिक प्रोटोक्ल
(क) नागरिक तथा राजनीतिक अधिकारहरूको अन्तर्राष्ट्रिय अनुबन्ध १९६६
(ख) आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध १९६६
(ग) नागरिक तथा राजनीतिक अधिकारहरूको अन्तर्राष्ट्रिय अनुबन्धको इच्छाधीन उपलेख १९६६

परिच्छेद - छ ७७-८८
मानवअधिकार सम्बन्धी क्षेत्रीय व्यवस्थाहरू
(क) मानव अधिकार सम्बन्धी यूरोपीय व्यवस्था १९५०
(ख) मानव अधिकार सम्बन्धी अमेरिकी व्यवस्था १९६९

(ग) मानव अधिकार सम्बन्धी एशियाली व्यवस्था
(घ) मानव अधिकार सम्बन्धी अफ्रिकी व्यवस्था
(ङ) मानव अधिकार सम्बन्धी इस्लामिक व्यवस्था

परिच्छेद - सात ८९-१८८
नेपालमा मानवअधिकार
(१) नेपालमा मानव अधिकार आन्दोलनको इतिहास
(२) नेपालको संविधानहरूमा मानव अधिकारको स्थिति
(३) मानवअधिकारवादी जयपृथ्वीबहादुर सिंह

परिच्छेद - आठ १८९-१९९
उपसंहार
(१) मानव अधिकारको संरक्षणमा देखा परेका समस्याहरू र समाधानका उपायहरू
(२) निष्कर्ष

अनुसूचि - एक २०१-२०७
मानवअधिकारको विश्व व्यापी घोषणा पत्र

परिच्छेद एक

मानवअधिकारको परिभाषा एवं अवधारणा

१. मानवअधिकारको अर्थ

मानवअधिकार वस्तुत मानिस भएको आधारमा पाउनु पर्ने प्रत्येक व्यक्तिको अधिकार हो। मानवअधिकारको अवधारणा शुरूदेखि नै विवादको विषय भएकोले यस प्रति कानूनविद्हरूको धारणा पनि फरक फरक पाइन्छ तापनि सबै कानून एवं राजनीतिक शास्त्रका आधुनिक विचारकहरू मानवअधिकारको औचित्य एवं अनिवार्यतालाई स्वीकार गर्दछन्। कुनै कानूनविदहरू स्वयंसिद्ध र स्वतः प्रमाणित अधिकारहरू नै मानवअधिकार हुन् भन्दछन् भने केही विद्वानहरूको भनाई अनुसार मानवको अस्तित्व केही यस्ता सर्वव्यापी मान्यतामा अडेको छ जुन विना मानवको सर्वाङ्गीण विकास असम्भव हुन्छ र जसको अभावमा मानवको जीवन पशुतुल्य हुन्छ। यसरी मानव जीवनको अस्तित्वसंग गाँसिएको मानवीय मूल्यलाई अर्को भाषामा मानवअधिकार भनिन्छ।

मानवअधिकार बीसौं शताब्दीको नवीन शब्दावली हो। यो प्राकृतिक कानूनका ती सिद्धान्तहरूमा आधारित छ जसले शताब्दीयौंदेखि राष्ट्रिय कानून अन्तरगत तयार पारिएका मानवीय मूल्य र मान्यतालाई विवेक र तर्कको कसौटीले जाँचेर हेरिनु पर्दछ भन्दछन् तर कानूनको यथार्थवादी सिद्धान्तका अनुयायीहरू राज्यद्वारा निर्मित कानून बाहेक अरू कानून होइनन् भन्दछन्। आधुनिक युगमा जब प्राकृतिक कानूनभन्दा राज्य निर्मित कानून शक्तिशाली बन्दै आयो फलतः यसले मानवका प्राकृतिक अधिकारहरूमा सीमितता ल्याउन थाल्यो। मानवअधिकार एउटा नैसर्गिक एवं मौलिक अधिकार भएकोले कुनै पनि अवस्थामा यो सून्य रहन सकेन। फलतः कानूनको नवप्राकृतिक सिद्धान्तले राज्यद्वारा निर्मित त्यस्ता कानूनलाई मात्र मान्यता दिन थाल्यो जुन प्रकृतिवादी सिद्धान्तसंग मेल खान्छ। यद्यपि राज्यको

क्षेत्राधिकार, सार्वभौमसत्ताको धारणा आदिको कारणले मानवअधिकारको विषय अझ पनि विवाद र छलफलको विषय भएको छ तापनि मानवअधिकारका सम्बन्धमा भएका क्रमिक अनुभव र आधुनिक खोजले यसको निश्चित अन्तर्राष्ट्रिय मापदण्ड तयार पारेको छ। संक्षेपमा भन्दा मानिसको प्राकृतिक अधिकारबाट नै अन्तस्करणबाट विकसित हुँदै आएका अधिकारहरू विल अफ राइट्स, अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सेली क्रान्ति जस्ता महत्वपूर्ण ऐतिहासिक घटनाबाट सारपूर्ण अनुभवहरू बटुल्दै प्रथम तथा द्वितीय विश्वयुद्ध जस्ता विप्लवकारी घटनाका चरणहरू पार गरी संयुक्त राष्ट्र संघको वडापत्र र संयुक्त राष्ट्रसंघद्वारा १० डिसेम्बर १९४८ मा घोषित मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित अधिकारहरू नै हुन् भन्ने सम्झनु पर्दछ। हुन त मानवअधिकारको स्पष्ट परिभाषा र व्याख्या कतै पाइँदैन तापनि संयुक्त राष्ट्रसंघले आफ्नो सम्पूर्ण संरचनामित्र मानवअधिकार र विश्व शान्तिको परिकल्पना गरेको छ। त्यही परिकल्पना अन्तरगत भएको घोषणा तथा अनुवन्धहरूद्वारा निर्धारण गरिएका अधिकारहरू सम्पूर्ण मानवजातिमा समानुपातिक रूपमा लागु हुने अधिकार भएकोले नै मानवअधिकार हुन्, जुन प्राकृतिक कानूनका सर्वमान्य सिद्धान्त अनुरूप छन्।

मानवअधिकार कुनै विशेषज्ञको चमत्कारपूर्ण खोज होइन न यो न्यायपालिकाको बरदान र व्यवस्थापिकाको कृपा नै हो। यो कुनै शासक विशेषको उदारता पनि होइन। यो त मानव मात्रको त्यस्तो मौलिक स्वतन्त्रता हो जसको अभावमा मानव मानवीय धरातलमा नभै पासविक धरातलमा पुग्दछ। मानवअधिकारको धारणा कुनै एउटा युगको उपज मात्र नभै मानवको आफ्नै विवेकद्वारा सृजित मानव सभ्यताकै इतिहास बोकेको प्राकृतिक अधिकार अनि नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, अधिकारहरूको समष्टिगत रूप हो।

मानवअधिकार सभ्य एवं सम्मानजनक जीवनको आधारभूत शर्त हो। सभ्यताको विकाससंगै मानवअधिकारको अवधारणामा नयाँ नयाँ आयामहरू थपिंदै गएका छन्। त्यस कारण प्राचीन अवस्थामा मानवअधिकारहरू प्रतिको अवधारणा भन्दा आजको अवधारणा वृहद् छ र सभ्यताको हरेक चरणमा यसप्रतिको धारणा पनि परिवर्तन हुँदै जाने देखिन्छ। जे होस् आधुनिक अन्तर्राष्ट्रिय कानून अन्तरगत मानवअधिकार त्यस्ता अधिकार हुन जो शास्वतः रूपमा संसारभरका मानवजातीलाई समान रूपमा लागू हुन्छन् र राज्यद्वारा तय गरिएका मौलिक अधिकार कानूनको तुलनामा सार्वभौम प्रकृतिका हुन्छन्।

२. मानवअधिकारको आवश्यकता महत्व र क्षेत्र

मानवअधिकार मानव मात्रका त्यस्ता अधिकारहरू हुन्, जुन विना मानव भएर बाँच्न सक्दैन। मानवको सबैभन्दा प्यारो चिज उसको शरीर र जीवन हो। प्रकृतिले मानवलाई विवेक दिएको कारणले नै ऊ आज अरू प्राणीहरूभन्दा फरक जीवन व्यतित गर्न सफल भएको छ। जीवन स्वतन्त्रता, समानता, न्याय र सामाजिक मान्यता जस्ता मौलिक

स्वतन्त्रताहरू मानवका अहरणीय अधिकारहरू हुन्। यस्ता अधिकारहरूको मानवलाई सदा आवश्यकता मात्र हैन, अपरिहार्यता नै रहन्छ। त्यसकारण मानवका अधिकारहरूको महत्व अवर्णनीय एवं अतुलनीय छ। आदिम युगमा प्राकृतिक हकको रूपमा होस् वा धार्मिक युगमा इश्वरीय वरदानको रूपमा होस् अथवा राज्य संप्रताको चरम महत्वको युगमा राज्यद्वारा निर्मित नागरिक तथा संवैधानिक कानूनी हकको रूपमा नै किन नहोस्, चाहे त्यो आजको जस्तो अन्तर्राष्ट्रिय महत्वको युगमा अन्तर्राष्ट्रिय अधिकारका रूपमा नै होस् मानवका मौलिक हकहरू कुनै पनि बेलामा कुनै रूपमा नै होस्, सून्यको स्थितिमा रहन सकेनन्। जानेर वा अन्जानमा पनि मानवले यस्ता अधिकारहरूको आवश्यकता महसूस गर्दै आएका थिए कुनै निरंकुश शासकले यस्ता अधिकारहरू आफ्नो तुच्छ स्वार्थपूर्तिको लागि समाप्त गर्न खोजेमा त्यहाँ युद्धको स्थिति अवश्यंभावी हुन्थ्यो। यस्तै मानवअधिकारको उल्लंघन गर्दा जनताले निरंकुश शासकको टाउको काटेको इतिहास पनि विश्व सामु जिवीत छ।

राष्ट्र आफू जतिसुकै समृद्धशाली र सम्पन्न भए पनि सम्पूर्ण कुराहरूमा आत्म निर्भर रहन्छ भन्न सकिदैन बरू परिणाममा घटी बढी हुन सक्ने मात्र हो। मान्छेलाई खान लाउन पाएर मात्र पुग्दैन। सुख्वको चाहना र आनन्दको खोजी गर्नु मानवको प्राकृतिक स्वभाव पनि हो। यही आनन्दको खोजीमा मानव संसारको कुना कुनासम्म पनि पुग्न सक्दछ। यतिबेला उसले आफ्नो देशको नागरिक एवं संवैधानिक कानूनको संरक्षण पाइरहन सक्दैन र ऊ मानवका त्यस्ता नैसर्गिक अधिकारद्वारा शासित हुन्छ, जुन मानव भएकै नाताले प्राप्त गर्दछ। यसले गर्दा मानवअधिकारको हर्दम आवश्यकता परि रहन्छ र यसको साझा मापदण्ड पनि।

विद्वानको चमत्कारले गर्दा मानव यति सुख भोगी र आधुनिक बनी सकेको छ, उसले आफूद्वारा गरिने प्रायः सम्पूर्ण कामको लागि कृतिम मानव समेत तयार पारिसकेको छ। कम्प्युटरको प्रयोग त अब सामान्य नै भइसकेको छ। मानवको शरीर चिरा चिरा पारेर तुरून्तै निको बनाउन सक्ने मात्र होइन। एउटाको मस्तिष्क अर्को मानिसलाई फेर्न सक्ने सम्मको प्रविधिको विकास भएको छ। यसको साथ साथै विज्ञानको नकारात्मक पक्षले आफैलाई अभिशाप घोषित गर्दैछ। चन्द्रलोक मात्र नभै मंगल ग्रहमा पुगेर कीर्तिमान कायम गर्ने वौद्धिक क्षमता बोकेको मानव मंगलमा अंशवण्डाको लागि झगडा गर्न थाली सकेको छ। कतिपय राष्ट्रहरूले आणविक शक्तिमा यति उन्नति गरे कि उनीहरूले चाहेमा मिनेट भरमा संसार खरानी हुन सक्छ। शस्त्रास्त्रको होडबाजीले गर्दा मानवताको उल्लंघनमा तल्लीन रहन्छ। यस्ता भयाबह खतराबाट मानवलाई जोगाई राख्नको लागि मानवअधिकारको भावनाको विकास हुनु नितान्त आवश्यक छ।

अत्याचार र दमनको विरूद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम हो भन्ने मानिसले नठानुन् भन्ने हो भने मानवअधिकारहरू कानूनी शासनद्वारा संरक्षित गरिनु अति आवश्यक छ। त्यस्तै राष्ट्रहरू बीचको मैत्री सम्बन्ध विकास गर्नका लागि पनि मानवअधिकार आवश्यक छ। मानवअधिकार मानिसका मौलिक एवं प्राकृतिक अधिकार

भएकोले उसले आफ्ना अधिकारहरू गुमाउन चाहँदैन। आफ्ना समान एवं अविछिन्न अधिकारको उल्लंघनमा स्वतन्त्र न्याय अपेक्षा गरिएको हुन्छ। न्यायालयबाट पनि मानवको स्वतन्त्रता, अवहेलना र अनादर विरूद्धको कारवाही आदि कुरामा बेवास्ता देखाइयो भने उसको शान्तिप्रतिको चाहना भङ्ग हुन जान्छ। फलस्वरूप युद्ध अवश्यंभावी हुन्छ। यस्तै युद्धको परिणाम स्वरूप ५ लाख हत्या भएका थिए, २ लाख जति घाइते भएका थिए र अरू ३ लाख घरबार विहिन भएका थिए। युद्धको असर त संसारको कुना कुनासम्म फैलिएको थियो। यस्तो डरलाग्दो युद्धको क्षति र भिषण नरसंहार रोक्नको लागि मानवअधिकारको विश्वव्यापी धारणा बन्नु आवश्यक हुन गएको हो। यस्तो विप्लबकारी घटना रोक्न मानवअधिकारको व्यापक सम्मान गरिनु पर्ने र मानवताको वोध गराइनु पर्ने हुनाले यसको महत्व व्यापक हुँदै गएको तथ्यलाई नकार्न सकिदैन।

मानवअधिकारको क्षेत्र यति नै छ भन्ने कुनै निश्चित मापदण्ड छैन। प्राचीन अवस्थामा अन्यक्त रूपमा मानवअधिकार प्राकृतिक कानूनमा रहेको थियो। मानव जब आदिम साम्यवादी युगबाट सामाजिक जीवनमा प्रवेश गऱ्यो तब ऊ सामाजिक प्राणी भएकोले सामाजिक अधिकारको वोध हुन थाल्यो। तेरो र मेरो भन्ने भावनाको विकासले आर्थिक स्वार्थ पूर्तिको लागि आर्थिक अधिकारको वोध गरायो। आफ्ना क्रियाकलापहरू संचालन गर्न र राज्यको शासन व्यवस्थामा सरिक हुनको लागि राजनीतिक अधिकारको क्षेत्र वृद्धि भयो। त्यस्ता राज्यद्वारा नागरिकहरूले संरक्षण प्राप्त गर्न पाउनु पर्छ भन्ने धारणाले नागरिक अधिकारको भावना जगाई दियो। समाजमा बस्दै जाँदा मानवले आ-आफ्ना सांस्कृतिक क्रियाकलाप गर्नका लागि सांस्कृतिक अधिकारको वोध भयो। यसरी हेर्दा आजको विश्वव्यापी मानवअधिकारको धारणाले गर्दा मानवअधिकारको क्षेत्र राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक जीवनका हरेक पल्ल पलमा विस्तार भएको छ। मानवअधिकारको क्षेत्र उसको गर्भावस्थादेखि मृत्यु पर्यन्त कायम रहन्छ। मानव मरेर गए पनि उसको सम्मानित हुने र इज्जतमा दाग लगाउन नपाउने जस्ता अधिकारहरू यथावत कायमै रहन्छन्। संसारको जुनसुकै कुनामा रहेको मानवलाई पनि उसको नैसर्गिक अधिकारबाट अलग राख्न सकिदैन। त्यसकारण छोटकरीमा यो भन्न सकिन्छ कि जहाँ मानव जीवनको गुञ्जायस रहन्छ त्यहाँ प्रकृतिवस नै मानवअधिकारको क्षेत्र कायम रहन्छ। नयाँ नयाँ खोज र अविश्कारको कारणले मानवअधिकारको धारणामा पनि सूधार परिमार्जन आई रहन्छ। यसको ज्वलन्त प्रमाण प्राचीन अवस्थाको मानवअधिकारप्रतिको धारणा र आधुनिक धारणामा रहेको असमानता नै हो।

३. मानवअधिकारको अवधारणाको संक्षिप्त पृष्ठभूमि

मानवअधिकारको धारणा बिसौं शताब्दीको नवीनतम उपलब्धि हो। तापनि यो धारणा एकै चोटी सून्यबाट हलक्क पलाएर आएको भने होइन। यसको पछाडि अनेकौं युगको

अनुभव, विभिन्न विद्वानहरूको समकालीन देन, तत्सम्बन्धमा भएका र राष्ट्र तथा अन्तर्राष्ट्रिय प्रयासहरूले प्रश्रय पाएका छन्। मानवअधिकारको ऐतिहासिक पृष्ठभूमिको सम्बन्धमा पनि २ भिन्न विचारहरू विकसित हुँदै आएको पाइन्छ। एक थरिको विचार अनुसार मानवअधिकारको विकास प्रकृतिवश मानव सभ्यतासँगै भएको भन्ने तर्क छ भने अर्का थरिको भनाईमा मानवअधिकारको धारणा राष्ट्रिय विधान (Domestic Legislation) को रूपमा भएको हो भनी Magna Carta जस्ता राज्य निर्मित कानूनलाई प्रमाणको रूपमा अघि सार्ने गरेको पाइन्छ। कानूनको प्रकृतिवादी सिद्धान्त र अस्तित्ववादी सिद्धान्तका बीचको विवादको कारणले नै यो फरक धारणा रहन गएको हो। यो विवाद अझै कायम नै छ र कानूनप्रतिको फरक धारणा पनि यथावत कायम नै छ।

मानवअधिकारको अन्तर्राष्ट्रिय धारणा अहिलेको नयाँ उपज मानिन्छ तापनि यो धारणा प्राचीन प्रकृतिवादी विचार धाराको समानताको सिद्धान्तमा आधारित थियो, जसले तत्कालीन दास र मालिक मान्ने सिद्धान्तलाई चुनौति दिएको थियो।

मानवअधिकार सम्बन्धी धारणाको विकासमा मानवतावादी परम्पराले प्रत्यक्ष प्रभाव पारेको थियो। जस अनुसार यूरोपको इतिहासमा पुनर्जागरण, आत्मनिर्णयको लागि संघर्ष, राज्य स्वतन्त्रता, समानता आदि जस्ता कुराहरू, जसले आज पनि विश्वका अधिकांश भागहरूमा प्रभाव पारिरहेका छन्, ले नै स्थान लिएका थिए। साथै यसको विकासमा दार्शनिक चेतनाको पनि ठूलो भूमिका थियो।

इङ्गलैण्डका John Lock फ्रान्सका Jean Jacque Roussen जस्ता सामाजिक सम्झौतावादी दार्शनिकहरू र संयुक्त राज्य अमेरिकाका Thomas Jeeffersoon, जर्मनीका Karl Marx, रूसका Lelin जस्ता दार्शनिकहरूले मानवअधिकारको सम्बन्धमा आ-आफ्नो समयमा विशिष्ठ योगदान दिए। यसको साथै संसारकै कानूनी इतिहासमा पहिलो लिखित दस्तावेजको रूपमा चिनिने राजा John द्वारा बेलायती जनतालाई दिइएको १२१५ को Magna Carta बेलायतको संसदले सन् १६८९ मा ग्रहण गरेको Habas Carta, उत्तर अमेरिकाका १३ वटा औपनिवेशिक राज्यका प्रतिनिधिहरूले अमेरिकी स्वतन्त्रता संग्रामपछि गरेको १७७६ को स्वतन्त्रताको घोषणा, १७८९ को फ्रान्सेली राज्य क्रान्तिपछि घोषणा गरिएका नागरिक अधिकारहरू, १८४८ को कम्युनिष्ट घोषणा-पत्र आदिले मानवअधिकार सम्बन्धी धारणामा थप योगदानहरू दिंदै आएका छन्।

सन् १७७६ को अमेरिकी संविधानको Thomas Jefferson ले बेलायतको Bill of Right का बुँदाहरूलाई समावेश गरेर लागू गरेपछि त्यस संविधानलाई संसारभरमा अधिकांश देशहरूले अनुकरण गरे। त्यसपछि अन्तर्राष्ट्रिय युगको संज्ञाले पुकारिन्छ। यस अघि अंग्रेजी विल अफ राइट्सले कानूनी रूप लिन सकेको थिएन। धेरैजसो राज्यका संविधानहरू १७७६ देखि १७८७ सम्मको अवधिमा लेखिए जसमा मौलिक हकहरूको समुचित व्यवस्था गरिएको

थियो। सत्र जति मानवअधिकारका घोषणा १७८९ मा गरिएका थिए। यस प्रकार १८ औं शताब्दीसंगै मानवअधिकारको अन्तर्राष्ट्रिय धारणाको थालनी हुन थाल्यो। तर यो अझै प्रारम्भिक अवस्थामा थियो।

बिसौं शताब्दीको पूर्वाधारमा प्रथम विश्वयुद्धको थालनी र त्यास गरी राष्ट्रसंघको स्थापनाको प्रबन्धमा आएर मात्र मानवअधिकार अन्तर्राष्ट्रिय सरोकारको विषयको रूपमा व्यक्त भयो। राष्ट्र संघको धारणा बोकेका राष्ट्रहरूले यो स्वीकार गरे कि उनीहरूले मानवीय र उत्तम व्यवस्थाले सुरक्षा गरी बालक, लोग्ने मान्छे र स्वास्नी मान्छेको श्रमको उचित संरक्षण प्रदान गर्ने छन्। साथै आफ्ना उपनिवेशवासीहरूको राम्रो हेरचाह गर्ने छन्। १९१९ को सन्धि अनुसार Mandate System अन्तरगत आफ्ना जिम्मा रहेका राष्ट्रहरूको हित र विकासको जिम्मा लिन तत्कालिन शक्ति राष्ट्रहरूले मञ्जुरी गरे। यसको साथै १९१९ को शान्ति सन्धि र अन्य स-साना सन्धिहरूद्वारा पनि यो घोषणा गरियो कि जाति, भाषा र धर्मको संरक्षण League of Nation द्वारा गरिने छ। विश्वशान्ति तब मात्र सफल हुन्छ, जब यो सामाजिक न्यायमा आधारित हुन्छ भन्ने कुरा प्रथम विश्वयुद्धले प्रमाणित गरिसकेको थियो। फलस्वरूप १९१९ मा नै League of Nations द्वारा अन्तर्राष्ट्रिय श्रमिक संगठन (ILO) नामको एक अन्तर्राष्ट्रिय स्वायत्त संस्थाको गठन पनि गरियो।

League of Nations द्वारा लक्षित गरिएका समझदारीका प्रयासहरू जुन मानवअधिकार तथा मौलिक स्वतन्त्रताको वृद्धिको पक्षमा थिए र जाति, लिङ्ग, भाषा र धर्मको आधारमा विभेद नगर्ने नीतिमा आधारित थिए र द्वितीय विश्वयुद्धको शुरूवातसम्म कायमै थिए। द्वितीय विश्वयुद्धको भयावह एवं जङ्गली युद्धमा यस्ता मानवअधिकार सम्बन्धी प्रावधानहरू व्यापक रूपमा जङ्गली तवरबाट उल्लंघन गरिए। यो घटनाले अन्तर्राष्ट्रिय समझदारी अन्तर्राष्ट्रिय सरकारहरू र तिनीहरूका जनताहरूका बीच बढ्दै गएका समझदारी मात्रै होइन, अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको लागि गरिएका सम्पूर्ण प्रयासहरू विफल पारिदियो।

१९३९ देखि १९४५ सम्म निरन्तर रूपमा चलिरहेको त्यो विप्लवकारी दानवीय युद्धले यो प्रमाणित गरिदियो कि अन्तर्राष्ट्रिय शान्ति सुरक्षाको लागि मानवअधिकारको प्रभावकारी संरक्षण हुनु आवश्यक छ। यसले युद्ध चलेकै अवस्थामा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नका लागि प्रयास गर्न पाठ पनि सिकायो। फलतः युद्ध चलिरहेकै बेलामा यस सम्बन्धी प्रस्ताव र घोषणाहरू पारित गरिन थालिए। जस्तै १९४१ मा Atlantic Charter जारी गरियो। यस मार्फत शक्तिशाली राष्ट्रहरू मध्ये संयुक्त अधिराज्य अमेरिकाद्वारा यो इच्छा प्रकट गरियो कि यो चार्टरले गर्दा उनीहरूले सबै राष्ट्रमा शान्ति स्थापना भएको देख्न पाउने छन् र त्यस्तो शान्तिको उपभोग सबै राष्ट्रहरूले आ-आफ्नो भूमिमा उपभोग गर्न सक्नेछन्। यो पनि निर्णय गरियो कि सबै मानवहरू आ-आफ्नो भू-भागमा भय र अभावबाट मुक्ति भएर बाँच्न पाउने छन्। जनवरी १९४२ मा अन्य कतिपय राष्ट्रहरूले युद्ध छोडी आ-आफ्ना भू-भागहरूमा पनि जीवन, स्वतन्त्रता, मुक्ति र धार्मिक स्वतन्त्रताका दुश्मनहरूमाथि विजय प्राप्त गर्न र आफ्नो

भूमिमा मानवअधिकार र न्यायको संरक्षण गर्ने घोषणा गरे।

सन् १९४४ मा अमेरिकाको Dumberton Oaks मा दुई चरणमा सम्पन्न भएको सम्मेलन त्यो महत्वपूर्ण आधार थियो, जसले संयुक्त राष्ट्रसंघको प्रारम्भिक संरचनाको रूपमा १९४५ मा Sanfransisco मा प्रस्ताव र समर्थनको लागि हस्ताक्षर खुला गऱ्यो। यसको अलावा द्वितीय विश्व युद्ध चलिरहेको अवस्थामा मानवअधिकार तथा अन्तर्राष्ट्रिय शान्ति सुरक्षा स्थापना गर्नका लागि विभिन्न प्रयास गरिए। जस्तै Inter Allied Declaration, 1943, Declaration of the United Nations 1942, Moscow Declaration 1943, Teheran Declaration 1943 आदि महत्वपूर्ण मानिन्छ।

फेब्रुअरी १९४५ मा सोभियत संघको Yalta Conference सम्पन्न गरियो। जसमा अमेरिका, सोभियत संघ र बेलायतका प्रतिनिधिहरूले भावी अन्तर्राष्ट्रिय संगठनको लागि अन्तिम प्रारूप तयार पारेका थिए। यसै अनुरूप २५ अप्रिल १९४५ देखि २५ जुन १९४५ सम्म Sanfrancisco मा चलेको सम्मेलनले भावी अन्तर्राष्ट्रिय संगठनको नाम United Nations Organisation राख्यो र २४ अक्टोबर १९४५ देखि लागू हुने गरी वडा पत्रमा हस्ताक्षर गरियो। यस प्रकार विभिन्न प्रयासहरू पार गर्दै अनुभवका संगालो बोकेर स्थापना भएको संयुक्त राष्ट्रसंघका उद्देश्य नै मानवअधिकार र मौलिक स्वतन्त्रतालाई जाति, लिङ्ग, भाषा र धर्मको आधारमा विभेद नगर्नु थियो भन्ने कुरा यसको प्रस्तावनामा लेखिएका मौलिक मानवअधिकारमा विश्वास पुनः दृढ गराउन To-refirm faith in fundamental human rights (Preamble of the charter of the United Nations मा उल्लेखित) भन्ने वाक्यांशबाट स्पष्ट हुन्छ। यसको साथै संयुक्त राष्ट्र संघका विभिन्न अंगहरू र बडापत्रका धाराहरूमा पनि मानवअधिकारको सम्बन्धमा विस्तृत व्याख्या गरिएको छ। (यसका सम्बन्धमा यसको परिच्छेद ४ मा विस्तृत व्याख्या गरिने छ।) तापनि मानवअधिकारको प्रभावकारी व्यवस्था मिलाउने काम Ecosoc लाई सुम्पियो र यसले उक्त कामको लागि मानवअधिकार आयोग गठन गऱ्यो। संयुक्त राष्ट्र संघको भावना अनुरूप मानवअधिकार आयोगले International Bill of Human Rights का रूपमा मानवअधिकारको लिखित मस्यौदा तयार पाऱ्यो र १९४७ मा पेश गऱ्यो। यसलाई १० डिसेम्बर १९४८ मा महासभाले सर्वसम्मतीबाट पारित गरेर सोही मितिमा मानवअधिकारको विश्वव्यापी घोषणाको रूपमा विश्व जनमत समक्ष जारी गऱ्यो। लटरपेटका अनुसार यो संयुक्त राष्ट्र संघको सबैभन्दा महत्वपूर्ण उपलब्धी हो। यो घोषणा मानवीय अधिकारको सम्बन्धमा व्यक्तिको एक महत्वपूर्ण विजय हो। जम्मा ३० धारामा विभाजित यस घोषणा पत्रमा मानवका मौलिक स्वतन्त्रतां एवं मानवीय अधिकारहरूको सम्बन्धमा विस्तृत व्याख्या गरिएको छ। यसमा नागरिक तथा राजनीतिक अधिकारहरूको साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पनि स्पष्ट व्यवस्था गरिएको छ। तापनि यसले मानवअधिकारलाई वैधानिक रूपमा मान्यता नदिएकाले राष्ट्रहरूले घोषणाको १८ वर्ष पछि १९६६ मा यस सम्बन्धी मानवअधिकार आयोगले पारित २

वटा अनुवन्धहरूमा हस्ताक्षर गरी वैधानिकता प्राप्त गरेर मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धिहरूद्वारा आफूहरूलाई आवद्ध गरे। साथै नागरिक तथा राजनीतिक अधिकारको उल्लंघनमा व्यक्ति विशेषको पनि सिकायत सुन्नको लागि मानवअधिकार आयोगले राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अनुवन्धको इच्छाधीन उपलेख पारित गरी १९७६ देखि पूर्ण रूपले International Bill of Human Rights (यसको व्याख्या परिच्छेद ४ मा छुट्टा छुट्टै शिर्षक अन्तरगत गरिनेछ।) लाई व्यावहारिक मान्यता दिन थालेको छ। त्यसपछि हरेक राष्ट्रहरू (जो ती अनुवन्ध अन्तरगत आवद्ध भएका छन्) ले मानवअधिकारको पालनामा विशेष महत्व दिएका छन्। त्यसकारण आज मानवअधिकारको विषय सर्वत्र-चासो र जिज्ञासाको रूपमा रहेको छ।

मानवअधिकारको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा विभिन्न अधिकारका धारणा विभिन्न युग र दार्शनिक एवं कानूनविदका देनहरू हुन् र तिनीहरूलाई हाल अन्तर्राष्ट्रिय सम्मान एवं मान्यता प्राप्त छ भन्ने कुरा थाहा हुन्छ। प्रकाशनको स्वतन्त्रताका लागि बेलायतका John Milton सम्मानित छन्। उनी भन्दथे मलाई भन्न दिनुहोस्, पढ्न दिनुहोस्। उनले मानवको प्राकृतिक अधिकार मध्ये नागरिक अधिकार र राजनीतिक एवं आन्तरिक अधिकार आउँछन् भनेका थिए।

फ्रान्सका भोल्तेयरले बेलायतबाट फर्केपछि त्यहाँको कानूनमा भएका मानवअधिकार सम्बन्धी व्यवस्था र मानवअधिकारको आवश्यकता सम्बन्धमा एउटा Letterphilosophique भन्ने ग्रन्थको रचना गरे जसलाई Englishletter पनि भनिन्छ। बेलायतमा भएका राजनीतिक एवं राजनीतिक अधिकारको बारेमा प्रशंसा गर्दै उनले भनेका छन्। "पृथ्वीमा बेलायत मात्र त्यस्तो देश हो, जहाँ संसद र कानूनले प्राथमिकता पाएको छ तथा संसदले राजासंग संघर्ष गरी-राजाको अधिकारलाई नियन्त्रित गरेको छ।"

माथिका विभिन्न तथ्यहरूबाट यो निश्कर्ष निकाल्न सकिन्छ कि मानवअधिकारको धारणा मानव सभ्यताको उषाकालदेखि नै शुरू भएको थियो। यसमा परिवर्तनको लहरसंगै विभिन्न युगका पालुवाहरू चढ्दै बिसौं शताब्दीको वैज्ञानिक युगमा आएर यसले अन्तर्राष्ट्रिय धारणाको रूप लियो। यद्यपि राष्ट्र संघको स्थापनापछि केही निश्चित अधिकारहरू (अल्पसंख्यकको हित सम्बन्धी) मा मात्र विशेष ध्यान दिइएको थियो भने त्यसअघि सम्पूर्ण मानवअधिकारका धारणाहरू राष्ट्रिय कानून अन्तरगत विशेष व्यवस्थित थिए।

मानवअधिकारलाई सामाजिक तथा राजनीतिक सन्दर्भमा मात्र हेरेर पनि बुझ्न सकिदैन। मानवअधिकारको वैद्यताले हामीलाई समाजको जीवन पद्धतिको वोध गराउँछ। स्वयं Magna Carta, Bill of Rights पनि त्यति बेलाका समाजका उपज नै हुन्। King John ले आफ्नै भारदार (Barons) को मात्र हितलाई हेरेका थिए। Jefferson आफै दासका मालिक थिए। फ्रान्सको मानवअधिकारको घोषणा-पत्र स्वास्नी मानिसहरूको लागि लागू हुँदैनथ्यो र दासता मुक्त गर्न पनि सकेको थिएन। तापनि मानवअधिकारका यी सबै स्मारक

(manuments) आफ्नै पद्धति र समयका उपज थिए। लेनिनको शोषितहरू र कामदारहरूको हितको घोषणाको आफ्नै महत्व छ भने नेहरूको संविधान सभाको छुट्टै महत्व छ।

यस प्रकारको विवादित ऐतिहासिक तथ्यलाई हेरेर व्याङ्ग्यात्मक रूपले भन्दा केही मानिसहरू मानवअधिकारको घोषणाको संवाहक नाजी जर्मनी थिए, जसले द्वितीय विश्वयुद्धमा असंख्य यहुदी र अल्पसंख्यकहरूको क्रुर हत्या गर, फलस्वरूप विश्व जनमानसमा मानवअधिकारको धारणा प्रखर रूपमा मौलाउन थाल्यो भन्दछन्।

अन्तमा, मानवअधिकारको पृष्ठभूमि जतिसुकै भएता पनि यो २० औं शताब्दी भन्दा पहिला प्राकृतिक कानूनको परम्परावादी सिद्धान्त (दैवी सिद्धान्त) राष्ट्रिय कानून तथा विद्वानहरूका ग्रन्थमा विवादास्पद एवं लचिलो रूपमा छरिएर रहेको थियो। संयुक्त राष्ट्र संघको स्थापनासँगै व्यापक महत्वका साथ यसलाई एउटै मापदण्डमा अन्तर्राष्ट्रियकरण गर्ने संकल्प राखियो, जसको परिणामस्वरूप आज यसको अन्तर्राष्ट्रिय मापदण्ड तयार भइरहेको छ। केही राज्यको सार्वभौमसत्ता तथा आन्तरिक क्षेत्राधिकार जस्ता कुराहरू र प्राकृतिक एवं राज्य निर्मित कानूनमा भएको मतभिन्नताले यसको प्रगतिमा केही रोकावट ल्याउन खोजे पनि उक्त समस्याको परिकल्पना स्वयं संयुक्त राष्ट्र संघको वडापत्र अन्तरगत गरिएको छ।

परिच्छेद दुई

विश्वमा मानवअधिकारको लागि भएका केही संघर्षहरु

मानवअधिकारको धारणालाई सामान्यतया वौद्धिक जागरणपछिको उपज मानिन्छ तापनि ऐतिहासिक तथ्यलाई नियाल्दा यो धारणा भ्रमपूर्ण देखिन्छ। प्राचीन ग्रीक सभ्यतामा मात्र होइन। पूर्वीय सभ्यतामा पनि मानिसका केही अधिकारहरूलाई संरक्षण प्राप्त थियो। लिखित कानूनको अभावमा मानवका यस्ता प्राकृतिक अधिकारको सम्बन्धमा सामान्य उल्लेख भएको सबैभन्दा पुरानो संहिता babylanian code (२१३० देखि २०८८ बी.सी.) हो भन्ने भनाई छ। मानव विवेकशील प्राणी भएको हुँदा सभ्यताको हरेक चरणमा मानवअधिकार सम्बन्धी धारणा कुनै न कुनै रूपमा उदियमान भएको थियो भन्ने कुरा Sophoclos को Autiqahe नाटकबाट पनि ज्ञात हुन्छ। राज्यको अवधारणा शुरू भएपछि पनि सधैं मानिस मौलिक प्राकृतिक भएर नै बाँच्न चाहन्थे। यदि उसका मौलिक प्राकृतिक हकहरू कसैले हनन् गर्दछ भने चाहे त्यो शासक नै किन नहोस् मानिस प्रकृतिवश नै त्यस्ता शासकहरूको विरूद्ध लड्दै आएको थियो। यूरोपको इतिहासमा मानवताको लागि गरिएका भिषण संघर्षहरूले विश्वभरी नै मानवताको भावनामा जागरण ल्याई दिएका होइनन्। मानवअधिकारको उल्लंघन र मनमानी हस्तक्षेप गर्ने राज्य सत्तालाई नै चुनौतिको पाठ सिकाएका छन्। यस प्रकार मानवअधिकारको वर्तमान धारणा बन्नु पूर्व यस सम्बन्धी संरक्षण र विकास राष्ट्रिय प्रयासहरू, चाहे ती संवैधानिक हक वा मौलिक हक तथा राजनीतिक, नागरिक, धार्मिक, सामाजिक, सांस्कृतिक आदि स्वरूपमा नै प्रयास गरिएका किन नहुन् तिनीहरूले एकातिर तत्काल आफ्नो जनतालाई केही हदसम्म मौलिक हक प्रदान गरे भने अर्कातिर पछि तिनै मौलिक अधिकारको धारणाबाट

मानवअधिकारको आधुनिक धारणा विकास हुन सक्यो। अतः यहाँ तिनै केही ऐतिहासिक प्रयासहरूको चर्चा गरिन्छ।

१. फिराउन् विरोधी लडाई

यो मिश्र भन्ने देशको कुरा हो। आजभन्दा झण्डै चार हजार वर्ष अघि (इ.पू. १७५०) मिश्र देशमा एउटा राजा थियो - उसलाई फिराउन् भनिन्थ्यो। फिराउन भन्ने राजा धेरै अत्याचारी र निर्दयी थियो। फिराउन्को शासन भनेको ईश्वरले स्थापना गरेको शासन हो त्यसैले उसको विरोध गर्नु हुँदैन भनेर उसका पुरेतहरू प्रचार गर्थे। तर अत्याचारमा पिल्सिएका दासहरूले यो कुरो मानेनन्। इ.पू. १७५० मा फिराउन्को विरोधमा ठूलो विद्रोह भयो। विद्रोही मानिसहरूले फिराउन्का धेरै अधिकारीहरूको हत्या गरिदिए, कर जम्मा गर्ने कागजहरू नष्ट गरे र सम्राटलाई समेत पक्रिए। दासहरूले मिश्र देशको राजधानी नै कब्जा गरे। तर यो धेरै दिनसम्म टिकेन।

२. तीनचानमाईको विद्रोह

यो इस्वी सम्वत् १८४ ताकाको कुरा, आजभन्दा अठारसय एघार वर्ष अगाडिको चीनको घटना हो। त्यो बेला चीन देशमा हान वंशको सम्राटले शासन गर्थ्यो। शासन स्वेच्छाचारी थियो र दास तथा किसानहरूमाथि धेरै ठूलो शोषण थियो। अत्याचार स्वप्न नसकेर लाखौं दास र किसानहरूले सम्राटलाई उल्टाएर फाल्न विद्रोह गरे। यो विद्रोहको नेता तीनचानमाई भनेर कहलिएका कमाराहरू थिए। त्यसैले तीनचानमाईको विद्रोह पनि भनिन्छ।

विद्रोह शुरू हुनुभन्दा अगाडि नै कुरा खुलेकोले सम्राटले हजार जना जति विद्रोही मानिसहरूलाई शुरूमै मृत्युदण्ड दियो। तर लडाईं रोकिएन। विद्रोह देशको सबै मध्यवर्ती भागमा फैलिएर गयो। विद्रोहीहरूले कैयौं नगरहरू कब्जा गरे र दासहरूलाई मुक्त पनि पारे। तीनचानमाई लडाई मै मारिए। यो विद्रोह छिटपुट रूपमा २० वर्षसम्म चल्यो।। तर मालिकहरूको शक्ति ठूलो भएको कारण जित मालिकहरूकै भयो। भनिन्छ - त्यो लामो विद्रोहमा पचास हजार जति मानिस नदी र दलदलमा डुबेर मरे र एक लाख जति मानिस लडाईंमा मारिए।

३. रोमको दास विद्रोह

रोम इटली भन्ने देशको राजधानी हो। त्यहाँ आजभन्दा दुई-अढाई हजार वर्ष अघि दास प्रथा थियो। राज्य र सरकार मालिकहरूको हातमा हुन्थ्यो र दासहरू भनेका मालिकको सेवा गर्ने मेशीन जस्ता हुन्थे। त्यो बेला मालिकहरूको हातमा रहेको राज्यले दासहरूमाथि थोपरेको अत्याचारको कथा सहनै नसक्नें खालको छ। दासहरू किनबेच गरिन्थे। यसका लागि ठूला-ठूला बजारहरू नै थिए। किनिएका दासहरूलाई काम गर्न नसक्ने भएपछि कुनै

उजाड टापूमा लगेर फ्याँकिन्थ्यो जहाँ उनीहरू भोक मोकै मर्थे। काममा गल्ती गर्ने तथा अपराध गरेको ठहऱ्याइएका दासहरूलाई मालिकहरूले तख्तामा किला ठोकेर घाममा सेकाई सेकाई मार्ने चलन थियो। दासहरूलाई मारे वापत कुनै दण्ड हुँदैनथ्यो। खाइलाग्दा तथा मोटाघाटा दासहरूलाई अखडामा जबर्जस्ती लड्न लगाएर तमासा हेर्नु मालिकहरूको मनोरञ्जनको मुख्य साधन हुन्थ्यो।

रोमको कापुआ भन्ने नगरमा एउटा ठूलो ग्लेडिएटर जेल प्रशिक्षण गृह थियो। ग्लेडिएटर प्रशिक्षण गृह भनेको मोटाघाटा दासहरूलाई कुस्ति खेल्न लगाउने ठाउँ हो। कापुआ नगरमा रहेको प्रशिक्षण गृहका दासहरूले मालिकहरूको अत्याचारको विरोधमा विद्रोह गर्ने योजना बनाए। तर मालिकका पालेहरूले थाहा पाएको हुनाले केही ग्लेडिएटरहरू (कुस्ती खेल्ने वलिया दासहरू) त्यहीं मारिए र केही भाग्न सफल भए। भाग्न सफल भएका दासहरू विसुवियस भन्ने पहाडमा गएर लुके र विद्रोहको तयारीमा लागे। विद्रोहका नेता स्पार्टाकस नामका दास थिए। यो कुरा इ.पू.७४ को हो। विद्रोहको निम्ति दासहरूले आफ्ना नेताको अगुवाईमा एउटा बलियो दास सेना गठन गरे। दासहरूको यो सेनाले मालिकहरूको विरोधमा लडाईं गऱ्यो र हजारौं संख्यामा मालिकका सेनाहरूलाई नष्ट गरिदियो। लडाईं चार वर्षसम्म चल्यो। स्पार्टाकस लड्दा-लड्दै मारिए। दासहरूको शक्ति मालिकहरूको भन्दा कमजोर भएको तथा लडाईपछि के गर्ने भन्ने कुनै योजना नभएको कारण दासहरूले लडाईंमा हार्नु पऱ्यो। लडाईं टुंगिएपछि मालिकहरूले ६ हजार दासहरूलाई गाडिएका तख्ताहरूमा किला ठोकेर हत्या गरे।

४. १३८१ ई. मा भएको लण्डनको किसान विद्रोह

छ सय चौध वर्ष अगाडिको कुरा हो। वेलायतको उत्तरी भागमा रहेका केही गाउँका किसानहरूले जमिन्दारी अत्याचारको विरूद्धमा ठूलो लडाइँ लडे। किसानहरूले तीर कमानले लैस भएको ठूसो सेना बनाए र ठूला-ठूला जमिन्दारहरूको जेथामाथि हमला शुरू गरे। उनीहरूले कर तिर्न इन्कार गरे, कर उठाउने राजाका अधिकारीहरूलाई गाउँबाट धपाई दिए र करदाताहरूको नाम लिष्टलाई नष्ट पारे। विद्रोह फैलिदै गयो। विद्रोही किसानहरू राजधानी लण्डनमा प्रवेश गरेर राजाका सल्लाहकारहरूलाई मार्न शुरू गरे। भनिन्छ राजा भागेर अन्यत्रै ठाउँमा शरण लिन पुगे। यो विद्रोहका नेताबाट टाइलर नाम गरेका व्यक्ति थिए। उनी गाउँका साधारण दस्तकार हुन्। आन्दोलनकारी किसानहरूले तलका मागहरू राख्वेका थिए-

- वेलायतमा सबै मानिसहरूलाई बराबर अधिकार दिइयोस्
- भविष्यमा कसैलाई भूदास नबनाइयोस्
- आफ्नो इच्छा विना कसैलाई जबर्जस्ती काम नलगाइयोस्
- सामन्तले कब्जा गरेको जंगल र चरन किसानलाई फिर्ता गरियोस्
- चर्चको जमिन किसानलाई बाँडियोस्।

माथिका मागहरू राखी आन्दोलन गर्ने किसानको घेराउमा परेका राजाले वार्ता गर्न सहमति जाहेर गरे र माग पूरा गर्ने आश्वासन दिए। राजाको कुरामा विश्वास गरेर किसानहरू आफ्ना नेता वाटटाइलरलाई वार्ता गर्न छोडि सबै तितर वितर भए। तर राजाले विश्वासघात गरी वार्ताको निम्ति आएका वाटटाइलरलाई मौका छोपी हत्या गरे। नेताको अभावमा आन्दोलन असफल भयो।

५. अमेरिकी स्वतन्त्रता संग्राम (American war of Independence)

"एशियाबाट हामी यूरोप पुगेका थियौं र हेरेका थियौं कि मध्ये युगको मोहनिद्राबाट यूरोप कसरी जुर्मुराउन थालेको थियो। यूरोपमा जाग्रगतिको लहर ल्याउनमा विभिन्न तत्वहरूले काम गरिरहेका थिए र ती मध्ये एक तत्व थियो नयाँ-नयाँ समुद्री मार्गहरूको खोज।" त्यसै खोजीको सिलसिलामा भारतलाई ताकेर समुद्र यात्रा शुरू गरेका कोलम्बस संयोगवश यस्तो मुलुकमा पुगे जसको अस्तित्वको बारेमा त्यस बखतसम्म कसैलाई केही अत्तोपत्तो थिएन। एशियाखीहरू प्रशान्त महासागरले गर्दा र यूरोपेलीहरू एटलान्टिक महासागरले गर्दा अमेरिकासम्म पुग्न सकेका थिएनन्। कोलम्बसको खोजीले एउटा नयाँ संसारको ढोका यूरोपवासीहरूको लागि खुल्यो। त्यस विशाल देशमा फाटफुट "भारतीय" (Red Indians) नाम गरेका जङ्गली जातिले बसोबास गरेको थियो। जसले जति जग्गा ओगटेर बसे पनि रोक्ने कोही थिएन। त्यसकारण अमेरिकाको खोजी के भयो यूरोपवासीहरूको लागि स्वर्गको ढोका खुले झैं भयो। मानिसहरूका डफ्फाका डफ्फा त्यहाँ जान थाले। कोही त्यहाँ धन दौलत कमाउन गए, कोही जीवनस्तर सुधार्न भनी त्यहाँ गए, कोही राजनीतिक र धार्मिक मार सहन नसकेर विरोध दर्शाउँदै आफ्नो मातृभूमिलाई सधैंको लागि नमस्कार गरी त्यहाँ गए। यस सन्दर्भमा त्यो ऐतिहासिक जहाज मेफ्लावर (Mayflower) को नाम उल्लेखनीय छ जसमा चढेर १६२० मा विलायतका प्रोटस्टेन्ट सम्प्रदायका अंग्रेजहरू अमेरिका हिडेका थिए। उनीहरू उत्तर पुगे र त्यस ठाउँलाई न्यूप्लाइमथ नामकरण गरे। यस अघि पनि त्यहाँ धेरै डफ्फा पुगिसकेका थिए र यसपछि पनि यूरोपबाट डफ्फाका डफ्फा ओइरिन थाले। यसरी केही समयमा पूर्वको किनारै किनार उत्तरदेखि दक्षिणसम्म धेरै उपनिवेशहरू स्थापित भए। उपनिवेशीहरूमा डच, जर्मन, डेन, फ्रेन्चहरू पनि थिए। तर सबभन्दा धेरै संख्या अंग्रेज उपनिवेशको थियो। अंग्रेज उपनिवेश स्थापित भइसकेका थिए र ती सबैले ब्रिटिसकै अधीनता स्वीकार गरेका थिए। उत्तरमा क्यानाडा फ्रान्सको अधीन र दक्षिणी इलाका स्पेनको अधीनमा थियो। पछि १७५६देखि १७६३ सम्म इङ्गलैण्ड र फ्रान्सको वीच चलेको सात वर्षे विश्वव्यापी युद्धमा फ्रान्स हारेको परिणामस्वरूप क्यानाडा पनि अंग्रेजको अधीनमा भयो। तर कतिपय कारणहरूले गर्दा सात वर्षे लडाइँपछि यी अमेरिकी उपनिवेश र विलायतको वीच सम्बन्ध विग्रन थाल्यो। यो सम्बन्ध कतिसम्म विग्रदै गयो भने १७७६ई. मा वासिङ्गटनको नेतृत्वमा यी उपनिवेशहरूले इङ्गल्याण्डको विरूद्ध

स्वतन्त्रताको लागि युद्ध घोषित गरे। युद्धमा विजय प्राप्त गरी अमेरिका इङ्गल्याण्डबाट स्वतन्त्र भयो र जुलाई ४, १७७६को दिन "अमेरिकीहरू स्वतन्त्रताको घोषणा" (Decaration of Independence) गर्न तयार भए।

६. फ्रान्सको क्रान्ति (The French Revolution)

१. अघिल्लो अध्यायमा अमेरिकी क्रान्तिको मूल्यांकन गर्दा भनिएको थियो कि विश्वभरिमा यसको ठूलो प्रभाव पाऱ्यो। तर अमेरिका ज्यादै टाढाको देश थियो र अमेरिकाले गरेको संघर्ष स्वाधीनताको लागि मात्र थियो। त्यसकारण फ्रान्सेली क्रान्तिको प्रभाव अमेरिकी क्रान्तिभन्दा धेरै गहकिलो भयो। यसले तत्कालीन राजाहरूको निरंकुशताको जरो हल्लाएर स्वाधीनता, समानता र भातृत्वको भावना यूरोपमा मात्र होइन, विश्वभरी फिंजायो। यस क्रान्तिको प्रारम्भ १४ जुलाई १७८९ मा भएको थियो।

२. फ्रान्सको क्रान्तिलाई नाटकको रूपमा हेर्ने हो भने यसको विभाजन २ अंकमा हुन्छ। प्रथम अंकभित्र १७८९ देखि १७९१ सम्मको काल र दोस्रो अंकभित्र १७९२ देखि १७९९ सम्मको काल पर्दछ। प्रथम अंकको काल अपेक्षाकृत शान्तिपूर्ण थियो र धेरैजसो स्थायी सुधारहरू यसै कालमा भए। आमूल परिवर्तनवादी (Radicals) सर्वहारा वर्गले क्रान्तिको लगाम मध्यम वर्गबाट खोसेर आफ्नो हातमा लिएदेखि हिंसा र आतंकले भरिएको दोस्रो अंक शुरू हुन्छ।

३. बाबु बाजेको पालादेखि नै सरकारी ढुकुटी रित्तिन थालेकोले १७८९ सम्ममा फ्रान्स दिवालीयाको अवस्थामा पुगिसकेको थियो। कर तिर्दा-तिर्दा वर्ग खोको भइसकेको थियो। करबाट छूट पाउने विशेषाधिकार उपभोग गरिरहेका सामन्त र पादरीहरूसित सोह्रौं लुइले अब त्यो विशेषाधिकार उनीहरूले त्याग गर्नु पर्छ भन्ने प्रस्ताव राख्दा उनीहरूले त्यस प्रस्तावको घोर विरोध गरे। अरू कुनै उपाय नदेखी आत्तिएर राजाले १७५ वर्षसम्म नबोलाइएको इस्टेटस जेनरलको वैठक बोलायो। वैठकले नयाँ-नयाँ कर लगाउने अधिकार दिनेछ भन्ने राजाको आशा थियो। यस सभाको गठन तिनै वर्गका प्रतिनिधिहरूबाट भएको थियो। सर्वप्रथम त्यहाँ भोट दिने अधिकारको कुरो लिएर खिचोला उठ्यो। पुरानो नियमअनुसार कुनै पनि कानून पास हुनलाई तीन वर्गमध्ये कमसेकम दुई वर्गको समर्थन र त्यसपछि राजाको दस्तखत चाहिन्थ्यो। यस नियमले गर्दा तेस्रो वर्गले चाहेको कुनै कुरो पनि पास हुन पाउँदैनथ्यो। त्यसकारण तीनै वर्गका प्रतिनिधिहरूलाई एउटै मानेर ती प्रतिनिधिहरूको बहुमतबाट जुनसुकै कुरोको निर्णय होस् भन्ने सुझाव तेस्रो वर्गले राख्ये। पहिला र दोस्रा वर्गका प्रतिनिधिहरूले यस सुझावलाई मानेनन्। धेरै संघर्षपछि तेस्रो वर्गका प्रतिनिधिहरूले हिम्मत गरेर आफूलाई सम्पूर्ण फ्रान्सको लागि कानून बनाउने अधिकारले सम्पन्न भएको राष्ट्रिय महासभा (National Assembly) घोषित गऱ्यो। यस क्रान्तिकारी कदमले गर्दा राजा रिसाएर तेस्रो वर्गका प्रतिनिधिहरूलाई सभामा पस्न रोक

लगाए। निर्भिक भएर राष्ट्रिय सभा रजाको कम्पाउण्डभित्रै टेनिसको चउरमा भेला भयो र फ्रान्सको निम्ति एउटा संविधान तयार नभएसम्म भंग नहुने किरिया हाल्यो। टेनिस चउरमा गरिएको यो सपथ ग्रहणबाटै फ्रान्समा क्रान्ति शुरू भएको मानिन्छ। जनताको इच्छाबाट उनीहरू त्यहाँ आएका हुन् भनी उनीहरूले भने र कुनै हालतमा पनि त्यहाँबाट हट्न मानेनन्। यस परिवर्तनलाई स्वीकार गर्न राजालाई करै लाग्यो। उनले तीनै वर्गका प्रतिनिधिहरूलाई एक भएर राष्ट्रिय महासभाको वैठकमा भाग लिने आदेश दिए र अधिकांश प्रतिनिधिहरूले यस आदेशको पालना गरे। यसरी फ्रान्समा बेग्ला बेग्लै वर्गको प्रतिनिधित्व हुनुको स)ा सम्पूर्ण फ्रान्सेली जनताको प्रतिनिधित्व भएको विधायिकी सभा बनेको यो पहिलो अवसर थियो। यसपछि लगत्तै तीन घटना घटे। प्रत्येक घटना राष्ट्रिय महासभालाई समर्थन र राजाको लागि चुनौति थियो। १४ जुलाई १७८९ को दिन पेरिसका जनताले अत्याचारको प्रतीकको रूपमा रहेको बेस्टिल (Bastille) को किलामा हमला गरी त्यसलाई नष्ट गर्नु र त्यहाँ थुनिएका राजनीतिक कैदीहरूलाई मुक्त गर्नु पहिलो घटना थियो। हाम्रो मुलुकको फाल्गुन ७ गते झैं त्यो दिन फ्रान्सको स्वतन्त्रता दिवसको रूपमा मनाइन्छ।

पेरिसवालाहरूको अनुकरण गरी किसानहरूले सामन्तका गढहरू नष्ट गरे र कतिपय समान्तहरूलाई जनावरलाई जस्तो खेदेर मारे। यो चाहि दोस्रो घटना थियो। र तेस्रो घटना थियो ५ अक्टुवर १७८९ को दिन आइमाईहरूको १० मील लामो जुलुस। "हामीलाई रोटी देऊ वा रगत देऊ" भन्ने नारा दिंदै ती महिलाहरूले पेरिसदेखि राजदरबार भएको ठाउँ बर्साईलसम्म पैदल यात्रा गरे र त्यहाँ पुगेर राजा र रानीलाई बर्साई छाडी पेरिसमा बस्न विवश गरे। जनताको कोलाहलको वीच राजा र रानी लुरू-लुरू पेरिस आए। अबदेखि यथार्थमा राष्ट्रिय महासभा नै फ्रान्सको सरकार भयो। राजाका अधिकारहरू एकदमसंग सीमित गरियो।

१७८९ मा विभिन्न कदमहरू चालेर राष्ट्रिय महासभाले पुरानो व्यवस्थाका अवशेषसम्म पनि मेटाइदियो। सामन्त तथा पादरीहरूका विशेषाधिकारहरू समाप्त भए। कर आरोपणमा पनि समानता आयो। राजाका अधिकारहरू सीमित गरेर उसको निरंकुशता र स्वेच्छाचारिता खतम पारियो। चर्चमा पनि आवश्यक सुधारहरू गरिए। उदाहरणार्थ, चर्चका जग्गा खोसिए, मठहरू बन्द भए र प्रोटेस्टेन्ट तथा यहूदीहरूलाई समेत धार्मिक स्वतन्त्रता प्रदान गरियो। स्वतन्त्रता, समानता र भातृत्व भावनाको सिद्धान्तको आधारमा मनुष्यका अधिकारहरूको घोषणा भयो। प्रशासनलाई कुशल बनाउन सकेसम्म बराबर क्षेत्रफल र जनसंख्या पारी फ्रान्स तिरासी डिपार्टमेन्टमा विभाजित गरियो र कानूनमा एकरूपता आयो।

१७९१ सम्ममा राष्ट्रिय महासभाले एउटा संविधान पनि तयार पाऱ्यो। यस संविधानद्वारा एक सदनात्मक सदन, व्यवस्थापिका सभा स्थापित गरियो। यस संविधानले राजतन्त्र कायम राखे तापनि राजाका सब अधिकारहरू खोसिए। करदाताहरूले मात्र मतदान दिने अधिकार पाए र सम्पत्तिका मालिकहरूले मात्र पदाधिकारी हुनसक्ने व्यवस्था गरियो। राष्ट्रिय महासभाले दुईवर्ष भित्र यी कामहरू गऱ्यो र यो परिवर्तन निकै शान्तिपूर्ण ढंगले भयो।

यसको लागि विशेष रक्तपात भएन।

क्रान्तिको दोस्रो चरण निकै रक्तपात र आतंकपूर्ण छ। यस रक्तपातको पृष्ठभूमि जान्नु आवश्यक छ। राष्ट्रिय महासभाद्वारा गरिएको परिवर्तनबाट राजपरिवार, सामन्त तथा पादरीहरू सन्तुष्ट थिएनन्। त्यस कारण उनीहरूले भित्र-भित्रै ती विदेशी तत्वसित सम्पर्क राखेका थिए जो फ्रान्सेली क्रान्तिबाट भयभित थिए र आफ्नो देशमा पनि क्रान्तिको लहर नआओस् भन्ने हेतुले फ्रान्समा फेरी राजा शक्तिशाली भएको हेर्न चाहन्थे। किसान र मध्यम वर्ग चाहि क्रान्तिका उपलब्धीहरूबाट सन्तुष्ट थिए। सामन्तहरूसित जग्गा खोसिनु र किसानहरूले ती खोसिएका जग्गा सहजै किन्न सक्नु किसानको सन्तुष्टिको कारण थियो। र मध्यम वर्ग पनि सन्तुष्टै थिए, किनभने अब उनीहरूको नियन्त्रणमा सरकार थियो। जति पनि आर्थिक कदमहरू चालिए, ती सबै उनीहरूको हितको अनुकूल थियो। तर एउटा अर्को मजदूर वर्ग थियो जो क्रान्ति गर्न पुगेको छैन भन्दथे। यस वर्गलाई इतिहासमा आमूल परिवर्तनवादी (Radicals) भनिएको छ। "हाम्रो ताकतबाट क्रान्ति सफल भयो तर हामीले के पायौं? पहिले हामी सामन्तको अधीन थियौं, अब हामीहरू मध्यम वर्गको अधीन भयौं"- यस्तो भावना उनीहरूमा आयो। यी अनपढ मजदूर वर्गमा मध्यम वर्गका केही बुद्धिजीवीहरू पनि सामेल भए। डाक्टर, वकील पेशा भएका केही व्यक्तिहरूले नै आमूल परिवर्तनवादीहरूको नेतृत्व गरे।

यस्तो वातावरण आएको बखत "फ्रान्सको फौज हारिरहेको छ, सिपाहीहरू फैज छाडी भागिरहेका छन्, दुश्मनहरू फ्रान्सतिर बढिरहेका छन्, राजारानी नै दुश्मनतिर मिलेका छन् र सब गुप्ती कुराहरू बताइदिन्छन् आदि किसिम-किसिमका अफवाहले आगोमा घिउ छर्कने काम गऱ्यो। यस्तो समयमा फ्रान्सको राजपरिवारमा कुनै किसिमको आँच आयो भने पेरिस र पेरिसवासी स्वाहा हुनेछन् भन्ने आक्रमणकारी सेनाका सेनापतिले धम्की दिंदा मानिसहरूमा झन उत्तेजनाको लहर व्याप्त भयो। यस्तो घोषणाले राजालाई छिटोछिटो गिलोटीनको नजिक पुऱ्याउने काम मात्र गऱ्यो। यस्तो परिस्थितिमा आमूल परिवर्तनवादीहरूले विचार गरे कि बाहिरबाट हुने आक्रमणको खतराबाट बच्न तथा फ्रान्सकै कतिपय मानिसहरूलाई देश द्रोही आचरणबाट रोक्न केही कडा कदम उठाउन आवश्यक छ। आमूल परिवर्तन चाहनेहरूले १० अगस्त १७९१ को दिन सशस्त्र हमला गरेर पेरिस कम्यूनको नियन्त्रण मध्यम वर्गको हातबाट खोसेर आफ्नो हातमा लियो। क्रान्तिकारी पेरिस कम्यूनले विधानसभा (Legislative Assembly) लाई एउटा नयाँ राष्ट्रिय कन्भेसन (National Convention) को चुनाव गर्ने आदेश दियो जसले राजाको भाग्यको फैसला गरोस् र नयाँ संविधान बनाओस्। क्रान्तिका विरोधी भन्ने अलिकति पनि शंका भएका हजारौं व्यक्तिहरूको हत्या गरियो। सौभाग्यले फ्रान्सका स्वयंसेवक सेनाले दुश्मनहरूलाई भामी (Valmy) को लडाइँमा हरायो। राष्ट्रिय कन्भेन्सनले फ्रान्समा प्रथम गणराज्य स्थापित गऱ्यो तथा राजालाई मृत्युदण्ड दियो। खतराको सामना गर्न एउटा जन सुरक्षा समिति (Public Safety

Committee) को गठन भयो। यस समितिले कन्भेन्सनको नीतिलाई निरंकुश ढंगले संचालित गर्दथ्यो। समितिभित्र पनि तानाशाहहरू भए। समितिको तानाशाही डैन्टन (Danton) बाट शुरू भएर रोबेस्पियर (Robespierre) मा अन्त भयो। समितिले शंका लागेका १५०० जति मानिसलाई गिलोटिनद्वारा मार्‍यो। यसरी मारिनेमा रानी पनि थिई। हुँदा-हुँदा स्थिति कस्तो भयानक भयो भने समितिका सदस्यहरूले पनि एक अर्कालाई शंका गर्न थाले र कतिलाई गिलोटिनमा पठाउने काम गरियो। डैन्टन आफै गिलोटिनको शिकार भयो। डैन्टनलाई गिलोटिनमा रोबेस्पियरले पठाएको थियो। आखिरमा रोबेस्पियरको पनि डैन्टनकै गति भयो। रोबेस्पियरको हत्यापछि आतंकपूर्ण युगको अन्त भयो।

रोबेस्पियरको हत्यापछि मध्यम वर्ग फेरि शक्तिशाली हुन गयो। त्यसकारण कन्भेन्सनद्वारा तयार पारिएको १७९५ को संविधानमा मध्यम वर्गको प्रभाव स्पष्ट रूपले देखिन्छ। जस्तो, सम्पत्तिका मालिकहरूले मात्र मतदान दिने वा पदाधिकारी बन्ने अधिकार पाए। पाँच सदस्यहरू भएको एउटा निर्देशक समिति (Directory) खडा गरी त्यसलाई सर्वोच्च शक्ति प्रदान गरियो। वास्तवमा १७८५ देखि १७९९ सम्म फ्रान्समा डाइरेक्टरीकै सरकार कायम रह्यो। डाइरेक्टरीको भ्रष्ट शासन, आर्थिक दुर्दशा, कहिले नटुंगिने युद्ध आदिले गर्दा तानाशाहीको लागि उपयुक्त पृष्ठभूमि तयार भयो र फलस्वरूप तानाशाहको रूपमा १७९९ मा नेपोलियनको उदय भयो।

७. लियोन शहरको विद्रोह - सन् १८३१

फ्रान्स यूरोप महादेशमा पर्छ। लियोन फ्रान्सको एउटा शहरको नाम हो। लियोन शहर अठारौं शताब्दीतिरै फ्रान्सको एउटा औद्योगिक शहर मैसकेको थियो र त्यहाँ ठूला-ठूला कपडा कारखानाहरू थिए। कारखानामा काम गर्ने मजदूरहरूको संख्या ३० हजार भन्दा ज्यादा थियो। तर मजदूरहरूको अवस्था ज्यादै नाजुक थियो। आफ्नो नाजुक अवस्थालाई सुधार्नको लागि मजदूरहरूले कारखानाका मालिकहरूसंग कामको उचित ज्याला नभएको गुनासो गर्दै तलब बढाउने माग राखे तर माग पूरा भएन। सन् १८३१ मा मजदूरहरू आन्दोलनमा ओर्लिए। सरकारले मालिकहरूको पक्ष लियो र मजदूरहरूको विरोधमा फौज तैनाथ गर्‍यो। उनीहरूको आन्दोलन दबाउन खोज्यो। मजदूरहरूले टेरेनन् र सरकारी फौजसंग तीन दिनसम्म भीडन्त भयो। सरकारी फौज पछि हट्न वाध्य भयो र १० दिनसम्म शहरलाई मजदूरहरूले कब्जा गरेका थिए।

८. चार्टिष्ट आन्दोलन

चार्टिष्ट आन्दोलनलाई विश्वको सर्व प्रथम संगठित मजदूर आन्दोलन मानिन्छ। यो भन्दा अगाडि पनि मजदूरहरूले यदाकदा आफ्ना मागहरू अघि सारेर ठाउँ-ठाउँमा आन्दोलन गरेका दृष्टान्तहरू पनि विश्वको इतिहासमा पाइन्छ नै। तर सरकारमा पूरै तहल्का मच्चाउने

किसिमले प्रभावकारी रूपमा व्यापक संगठित भै मजदूरहरू स्वयंले दीर्घकालीन आन्दोलन चलाएर मजदूर इतिहासमा नयाँ आयाम थपेको मने यो पहिलो पल्ट नै हो। किनकि मजदूरहरूले संगठित भएर अगाडि बढ्न शुरूवात गरेको पहिलो खुइकिलो चार्टिष्ट आन्दोलन नै हो।

ईश्वी सम्बत् १८३१ मा ब्रिटिस बुर्जुवाहरूले चुनाव प्रक्रियामा सुधार ल्याउनको लागि तत्कालीन राज्य चलाउने कुलीन तन्त्रका (Aristocracy) विरूद्ध संघर्ष गर्न थालेका थिए।

१८३२ को सुधारले कामदारहरूलाई कुनै अधिकार नदिएपछि कामदारहरूको संगठन ट्रेड यूनियनहरू संसदलाई दबाव दिन सक्रिय रहन थाले। यसका साथै यी संगठनहरूले बर्जुवाहरूलाई पनि दबाव दिन थाले। विस्तारै १८३४ मा मजदूर संगठनहरूको वृहत् संयुक्त संगठन पनि स्थापना भयो, जसको नाम "Grand National Consolidated Trade Unions" थियो।

सुधार विधेयकबाट दिइएको भ्रम नयाँ कानून विरूद्ध गरीबहरूको असन्तोष तथा आक्रोश, ट्रेड यूनियनहरूमाथि कुठाराघात, रबर्ट ओयनका योजनाहरू कार्यान्वयन गर्न असफल हुनु आदि थुप्रै कुराहरूले मजदूरहरूलाई झन् झन् राजनैतिक संघर्षमै उत्रनु पर्ने वाध्यता तर्फ लैजाँदै थियो। मजदूरहरूमा वर्गीय भावना जागृत हुन थालिरहेको थियो। यस्तो पृष्ठभूमिमा ईस्वी सम्बत् १८३६ मा लण्डनका कामदारहरूको संघ (London Working Men's Association) स्थापना भयो। यो संघका संस्थापकहरू प्रजातन्त्रवादी साँना बुर्जुवाहरू (Patty Bourgeiois) थिए। यिनले उग्रवादी वुर्जुवा संगठन, विशेष गरेर वर्मिङघममा राजनैतिक संघसंग मिलेर काम गरे। संघद्वारा मे महिना १८३८ मा एउटा चार्टर तयार पारियो। यो एउटा वृहत् नीति तथा कार्यक्रम थियो। यो कार्यक्रममा मागको रूपमा बालिग मताधिकार, संसद सदस्य हुनको लागि चाहिने सम्पत्ति नियमको समाप्ति, पुनः वार्षिक निर्वाचन, गोप्य मतदान, मतदाता जिल्लाहरूको वास्तविक सीमांकन आदि राखिएको थियो। यस चार्टरलाई London Democratic Association (लण्डन प्रजातान्त्रिक संघ) र Great Northern Union (वृहत उत्तरी संघ) ले पनि समर्थन गऱ्यो।

इ.सं. १८३९ को फेब्रुअरी महिनामा बेलायतको राजधानी लण्डनमा "चार्टिष्ट कन्भेन्सन" शुरू भयो। यस कन्भेन्सनको सबैभन्दा महत्वपूर्ण बुँदा हडताल आदिबाट समस्या समाधान नभएमा शक्ति प्रयोग गरेर पनि अगाडि बढ्ने थियो।

आन्दोलनको दौरानमा मजदूरहरूले पहिलो चोटि यस्तो अनुभव गरेकि उनीहरू मिलेर संगठित भएर काम गरेको खण्डमा धेरै कुराहरू हासिल गर्न सकिन्छ। यसरी संगठन शक्तिमा उनीहरूको पहिलो विश्वास जाग्न थाल्यो। यही संगठन शक्ति प्रतिको विश्वासले नै इस्वी सम्बत् १८४० को जुलाई महिनामा विश्वको ऐतिहासिक मजदूर संघ राष्ट्रिय चार्टर संघ (National Charter Association) स्थापना गरियो। यही राष्ट्रिय चार्टर संघले मजदूरहरूको आफ्नै संगठन र पार्टी हुन सक्छ भन्ने बलियो धारणाको जग बसायो।

मजदूरहरूको हितको लागि यो चानचुने कुरो थिएन। वर्गीय दृष्टिकोणले स्थापना गरिएको यो प्रथम मजदूर संगठन त्यसै पनि ऐतिहासिक महत्वको त छँदै थियो। संगठनले मुख्यतः चार्टिष्ट विचार प्रचार प्रसार गर्न थुप्रै अध्ययन भाषणहरूको योजना कार्यान्वयन गऱ्यो। यी भाषणहरूले मजदूरहरूमा ठूलो प्रभाव पाऱ्यो। भाषण सुनिसकेपछि मजदूरवर्ग आपसमा छलफल गर्न थाल्यो। सन् १८४२ को अगष्ट महिनामा यो आन्दोलन चरम सीमामा पुग्यो। शुरूमा "उचित ज्याला" को नारा दिएर फैलिएको हडतालमा पछि गएर ज्यालामा वृद्धि, समानुपातिक कामलाई समानुपातिक ज्याला, ज्यालादर वृद्धिको संस्थागत विकास, भविष्यको सुरक्षा, मेशिन प्रयोगबाट भएको फाइदा कामदारहरूमा पनि वितरण आदि नाराहरू उठे।

दिनानुदिन चार्टरप्रति विश्वास बढ्दै गयो र एउटा वृहत् आन्दोलनको रूपमा देखियो, किन कि यही चार्टर सिद्धान्तबाट मात्र कामदारहरूको लागि सामाजिक परिवर्तन ल्याउन सकिन्छ भन्ने कामदारहरूले देखे। चार्टरमा सहमत हुने मजदूरहरूको हस्ताक्षर १८४८ मा ५० लाख पुग्यो। जसलाई १० अप्रिल १८४८ मा एउटा ठूलो सन्दुसमा राख्वेर संसद भवनमा लगी बुझाइएको थियो।

मजदूरहरूको लागि यो आन्दोलन प्रेरणा तथा नवजागरणको प्रतिक थियो तर उता कुलीनतन्त्री बुर्जुवा तथा पूँजीपतिहरूले भने यो चार्टर आन्दोलन उनीहरूको लुटको व्यवस्थालाई नै समाप्त गराउन सक्ने देखे। त्यसैले अलिकति पनि सुधार गर्नु हुन्न पूरा दमन गर्नुपर्छ भन्न थाले। सर्वहाराहरूको देशव्यापी सम्मेलनले भने चार्टरको विजय नहुञ्जेलसम्म आन्दोलन नछोड्ने निर्णय गऱ्यो र अगाडि बढ्यो। सरकारले पनि दमनचक्र बढाउन थाल्यो। प्रहरीहरूद्वारा दमन सम्भव नभएकोले सैनिकहरूलाई बोलाइयो। मुठभेडको दौरान दर्जनौं प्रहरी थानाहरू जलाइए र ध्वस्त पारिए। प्रत्येक कारखानाहरूमा देशव्यापी रूपमा सैनिक राख्नु पर्ने भयो। वुर्जुवाहरू सबै तर्सेर सरकारपटि लागे। दमनलाई प्रत्यक्ष सहयोग पुऱ्याउन थाले। अन्तमा हजारौंको संख्यामा मजदूरहरू जेल परे। कैयौंलाई बेलायतका विभिन्न उपनिवेशहरूमा धपाइयो। नेताहरू पनि थुनामा परे र अदालतको सामना गरे। तर सरकारी सैन्य वर्वरताको अगाडि निरीह, निशस्त्र, भोका जनताहरूको केही जोड लागेन र आन्दोलन शिथिल भएर गयो।

जे भए तापनि यो चार्टिष्ट आन्दोलन वर्ग संघर्षको पहिलो पाइला थियो। यो सर्वहारा आन्दोलनको ऐतिहासिक सूत्रपात थियो। यसले वर्गीय स्वभाव, वर्गीय एकता र संघर्षको वास्तविकतालाई ओकलेको थियो। यही आन्दोलनको फलस्वरूप कामदारहरूले तात्कालिक रूपमा विश्वमा पहिलो पटक वुर्जुवाहरूबाट केही सहुलियतहरू पाउन सफल पनि भए। जस्तै - कामदारहरूको अधिकतम समय १० घण्टासम्म किटिनु, स्वास्नी मानिस तथा केटाकेटीहरूको लागि बेग्लै व्यवस्था गरिनु, तथा कारखानामा मजदूरहरूका सानातिना आवाजहरूको कदर गरिनु आदि। यसको वावजुद उनीहरूले सर्वप्रथम वुर्जुवाहरूलाई मजदूरहरूदेखि त्रस्त हुनु पर्ने गराइदिए। त्यो बेलाका वुर्जुवा पूँजीपतिहरूको अन्याय अत्याचार

र शोषणको जगजगीमा उपरोक्त कुराहरू पनि मामुली थिएन। दीर्घकालीन रूपमा चाहिं यो आन्दोलनले विश्वकै मजदूरहरूलाई संघर्षको बाटो प्रशस्त गरिदियो। त्यसैले राजनैतिक दृष्टिकोणले यो आन्दोलनले मजदूर वर्गलाई एउटा ठूलो प्रेरणा तथा नयाँ दिशाबोध गराउन सफल भयो। यसलाई इतिहासमा सर्वहाराहरूको सर्वप्रथम व्यापक राजनैतिक आन्दोलन मानिने कारण पनि यही नै हो। विश्व सर्वहाराका महान नेता लेनिनको भनाई अनुसार चार्टिष्टवाद विश्वको पहिलो वृहत राजनैतिक संगठित सर्वहारा क्रान्तिकारी आन्दोलन हो।

फ्रान्सको जून विद्रोह १८४८

यो आजभन्दा १४७ वर्ष अगाडिको घटना हो। २२ जुन १८४८ का दिन फ्रान्सको राजधानी पेरिसमा लाखौं लाख मजदूरहरू रोजगारीको ग्यारेण्टीको माग गर्दै सडकमा उत्रिए र विद्रोहमा सामेल भए। त्यो बेलाको फ्रान्सको सरकारले विद्रोही मजदूरहरूको विरोधमा ठूलो सैनिक शक्ति खन्यायो। मजदूरहरूले नटेरिकन विद्रोहलाई जारी राखे। चार दिनसम्म मजदूर र सेनाबीच दोहोरो भीडन्त भयो। मजदूरहरूको शक्तिले नभ्याएको हुँदा मजदूरहरू पछि हट्नु पऱ्यो। विद्रोह दबाइयो। भनिन्छ विद्रोहको अन्त्य भएपछि सरकारले २५ हजार मजदूरहरूलाई पक्राउ गऱ्यो र ती मध्ये ११ हजारलाई गोली ठोकेर हत्या गऱ्यो। यो घटना विश्वकै निम्ति ठूलो घटना हो। जुन महिनामा भएको हुँदा यसलाई "जुन विद्रोह" भनेर चिनिन्छ।

चिनको ताइपिङ्ग विद्रोह

प्रथम अफिम युद्धको आठ वर्षपछि चिनको इतिहासमा चिनियाहरूले (ताइपिङ-तिएन-कुवो) शान्तिपूर्ण इश्वरीय साम्राज्य अथवा The Kingdom of Heavenly Peace (शान्तिको स्वर्गीय राज्य) को स्थापनाको निमित्त सन् १८५० देखि १८६४ सम्म १४ वर्षसम्म जुन संघर्ष गऱ्यो त्यसलाई नै चिनको इतिहासमा ताइपिङ्ग विद्रोह भनिएको हो। यो विद्रोह १४ वर्षसम्म सञ्चालन भई अन्तमा असफलतामा परिणत हुन गएता पनि यस विद्रोहले चिनको राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा प्रभावकारी ढङ्गबाट आफ्नो प्रभाव पार्न सफल भएको थियो। यो विद्रोह हुङ-स्हियू-च्वान (Hung-Hsiu-Chuan) को नेतृत्वमा भएको थियो। यो विद्रोह चिनका जनताले मन्चु वंश र उसको सरकारको विरूद्ध गरिएको पहिलो विद्रोह थियो। जसले मन्चु वंशलाई पतन गर्ने प्रयास गऱ्यो र किसान मजदूर र महिलाहरूको हक र अधिकारको निम्ति चिनमा पहिलो पल्ट आवाज उठाएको थियो।

चिनको इतिहासमा ताइपिङ विद्रोह गरेको समयमा पनि केही सुधारहरू गरेको देखिन्छ। नानकिङ्ग माथि विद्रोहीहरूले आफ्नो अधिकार कायम गरे पछि उक्त ठाउँलाई नै आफ्नो "स्वर्गीय राज्य" को राजधानी बनाएका थिए। यी विद्रोहीहरूले आफ्नो स्वर्गीय राज्यमा धेरै महत्वपूर्ण कार्यहरू गरेका थिए। यिनीहरूले १८५३ मा एउटा भूमि सम्बन्धी कानून पास गरेका थिए। यस कानूनमा भनिएको थियो कि "जहाँ जमिन छ, हामी त्यसलाई

जोत्ने छौं, जहाँ भात छ, त्यसलाई हामी संगै खाने छौं, जहाँ कपडा छ, त्यसलाई हामी संगै लाउने छौं, जहाँ पैसा छ, हामी संगै त्यसलाई खर्च गर्ने छौं, समानता बेगरको ठाउँ हुने छैन, कोही नाङ्गो वा भोको हुने छैन।"

यस प्रकार आफ्नो राज्य र राजधानीको घोषणा गरेपछि ताइपिङ्ग विद्रोहीहरूले जग्गा वितरण गर्न थाले। जसमा १६ वर्ष पुगेको नर वा नारीले जमिन पाउने भए। त्यति उमेर नपुगेका केटा केटीहरूलाई नर वा नारीलाई दिइएको जग्गाको आधि मात्र दिइने भयो। यस्तै गरी उनीहरूले किसानहरूले कुनै पनि प्रकारको कर र दस्तुर तिर्नु पर्दैन पनि घोषणा पनि गरेका थिए। यस प्रकार किसानहरूले ताइपिङ्गको "स्वर्गीय राज्यमा" कुनै पनि प्रकारको करहरू तिरेनन्। जमिन जसले जोतेको छ त्यही नै जमिनको मालिक हुने छ भन्ने घोषणाको विरोध जिमिनदारहरूले गरे। यस प्रकार विरोध भएकोले ताइपिङ्ग विद्रोहीहरूले कैयौं जिमिन्दारहरूलाई मारे। उनीहरूको पद, उपाधी आदि सबै खोसे। भएका जमिनदारहरूलाई स्वर्गीय राज्यका कृषकहरूले उब्जनीको केही मात्र भाग प्रदान गरे। यस प्रकार "स्वर्गीय राज्य" मा किसानहरूले विभिन्न प्रकारका सुविधाहरू प्राप्त गर्न सकेका थिए। जसले गर्दा उनीहरूको स्तर स्वर्गीय राज्यमा राम्रो तवरले कायम हुन गएको थियो र उनीहरूको आर्थिक स्थिति पनि राम्रो हुन गएको थियो।

जुन प्रकारले ताइपिङ्ग विद्रोहीहरूले आफ्नो स्वर्गीय राज्यमा कृषकहरूको स्तर र स्थिति राम्रो ब्नाउने प्रयास गरी त्यस सम्बन्धी नियम कानूनहरू बनाएका थिए ठिक त्यस्तै गरी "स्वर्गीय राज्यमा" नारीहरूको स्थानलाई पनि महत्वपूर्ण बनाउने प्रयास गरेका थिए। उनीहरूको विचारधारा अनुसार नारीहरूले पनि पुरूष सरह नै राजनैतिक, सामाजिक र आर्थिक अधिकार पाउनु पर्छ र उपयोग गर्न पनि पाउनु पर्छ भन्ने थियो। यसै सिद्धान्तको आधारमा ताइपिङ्ग विद्रोहीहरूले आफ्नो स्वर्गीय राज्यमा - नारीहरूलाई पुरूषले पाएको झैं जमिन, पुरूषले पाएकै झैं सरकारी पद, पुरूषलाई दिइएकै झैं सैनिक तालिम आदि दिएका थिए। यसको साथै नारीहरूलाई किन्ने र बेच्ने प्रथा, रोक्न र वेश्यावृत्ति रोक्नको निमित्त विभिन्न कानूनहरू बनाई रोक्ने प्रयास गरे। यस कार्यमा केही सफलता पाए पनि पछाडि गएर भने असफलता नै प्राप्त गरे।

यसको साथ साथै चिनमा चलिरहेको विवाह प्रथालाई सजिलो बनाउन अनेकौं कानूनहरू बनाए। फलस्वरूप बहु विवाह गर्न नपाइने, रखौटी राख्न नपाइने, दाइजो दिन नपाइने, विवाहमा पैसा लिन नपाइने आदि गरेका थिए। विवाह प्रथालाई सजिलो गराउन ताइपिङ्ग विद्रोहीहरूले "स्वर्गीय राज्यमा" सामूहिक विवाह प्रथाको चलन चलाएका थिए।

ताइपिङ्ग विद्रोहीहरूले विदेशीहरूसंग आफ्नो सम्बन्ध राम्रो भएको समयमा "चिनमा अफिम बाहेक अरू सामानहरूको व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेका थिए। चिनमा बढ्दै गएको ताइपिङ्गहरूको शक्तिलाई देखेर विदेशीहरूले पनि आफ्नो ध्यान ताइपिङ्गहरूप्रति नै लगाएका थिए। यस प्रकार बेलायत, फ्रान्स, अमेरिका आदि राष्ट्रपतिहरूले ताइपिङ्गहरूलाई

भेटेका पनि थिए। यस प्रकार विदेशी राष्ट्रहरूको ध्यान विद्रोही उपर जानुको मुख्य कारण ताइपिङ्ग विद्रोहको रूप के हो, यसको विदेशीहरूप्रति कस्तो धारणा छ, चिनको केन्द्रीय सरकार र ताइपिङ्ग विद्रोहीहरू कोबाट बढी सहुलियत प्राप्त गर्न सकिन्छ आदि कुरा बुझ्नु नै थियो। यस प्रकारको कुराहरूमा विदेशीहरूले शुरूमा ताइपिङ्गप्रति ध्यान दिएता पनि पछाडि गएर भने केन्द्रीय सरकारलाई नै सहयोग गर्न थाले।

यस्तै गरी ताइपिङ्ग विद्रोहीहरूले आफ्नो "स्वर्गीय राज्यमा" व्यापार र उद्योग बढाउन प्रोत्साहन दिएका थिए। उनीहरूले आफ्नो "स्वर्गीय राज्यमा" व्यापारीहरूसंग थोरै कर लगाएका थिए।

यस प्रकार "ताइपिङ्ग विद्रोहीहरूले" जुन प्रकार सुधार र सहुलियत आफ्नो स्वर्गीय राज्यका जनताहरूलाई प्रदान गरे। तिनीहरूलाई देखेर नै पछि विद्रोहलाई पतन गराएपछि केन्द्रीय सरकारले चिनमा सुधारको आवश्यकता देखेर सुधारहरू गरेका थिए।

ताइपिङ्ग विद्रोहले चिनको इतिहासमा महत्वपूर्ण स्थान छ। किनभने यसले गर्दा नै चिनमा सुधार कार्यक्रमहरूको तयारी हुन गएको थियो। अर्थात यस विद्रोहले गर्दा नै केन्द्रीय सरकारले चिनमा विभिन्न सुधारहरू गर्न आवश्यक छ भनी त्यस तर्फ ध्यान दिएका थिए। यस्तै गरी विद्रोह भन्दा अगाडि चिनमा कृषकहरूको स्थिति र अवस्था राम्रो थिएन। तर विद्रोहपछि चिनको सरकारले कृषकहरूको स्थितिलाई राम्रो गराउन र गर्न आवश्यक ध्यान पुऱ्याएको थियो।

चिनमा ताइपिङ्ग विद्रोहले एकातिर राष्ट्रिय भावनाको प्रचार हुने वा गर्ने कार्यको शुरूवात गरेको थियो भने अर्कोतिर अन्याय विरूद्ध चिनिया जनताहरूले आवाज उठाउन सक्ने रहेछन् भन्ने कुरा प्रष्ट गरी देखायो। यस ताइपिङ्ग विद्रोहले चिनिया जनताहरूको देश प्रेमको ज्वलन्त उदाहरण प्रस्तुत गऱ्यो।

यद्यपि यो विद्रोह असफल भएता पनि इतिहासकारहरू यसलाई १९११ को राज्य क्रान्तिको सफल पदार्पणभन्दा पूर्वको एउटा आभास मात्र थियो भनी उल्लेख गर्दछन्। जुन यस ताइपिङ्ग विद्रोहको मुख्य विशेषता हो।

पेरिस कम्युन

बेलायतको चार्टिष्ट आन्दोलन मजदूरहरूको वर्ग चेतनाको घामको पहिलो झुल्को थियो भने फ्रान्सको पेरिस कम्युन सर्वहाराहरूको राज्य सत्ताको प्रारम्भिक नमूना थियो। त्यसैले फ्रेडरिक एङ्गेल्सले पेरिस कम्युन हेरेपछि सर्वहाराहरूको अधिनायकत्व पत्ता लाग्दछ भनी महान कार्ल मार्क्सद्वारा रचित "फ्रान्समा गृह युद्ध" को भूमिकामा स्पष्ट पार्नु भएको छ। वैज्ञानिक साम्यवादको सिलसिलामा चार्टिष्ट आन्दोलन आज जति महत्वपूर्ण हुन गएको छ, उत्तिकै महत्वपूर्ण र झन् त्यो भन्दा बढी प्रकाश पूर्ण आगोको लप्का पेरिस कम्युन हुन पुगेको छ। किन कि मजदूर तथा सर्वहाराहरूको राज्यसत्ता कायम हुन सक्दैन, यो एक कल्पना मात्र

हो, भन्नेहरूलाई कम्युनको स्थापनाले नाक दोब्रिने गरी लोप्पा खुवाइदियो। भ्लादिमीर ईल्यीच लेनिनले पनि पेरिस कम्युन उन्नाईसौं शताब्दीको सर्वहारा आन्दोलनको अति उत्तम नमूना भनी लेख्नु भएको छ।

सन् १८४० दशकको मध्यतिर सर्वहाराहरूको वैज्ञानिक सिद्धान्तको रूपमा मार्क्सवादको उदय भयो भने सन् १८६४ मा सर्वहाराको पहिलो अन्तर्राष्ट्रिय संगठन प्रथम अन्तर्राष्ट्रिय स्थापना र २६ मार्च १८७१ मा एक जबरदस्त सर्वहारा क्रान्ति पेरिस कम्युनको निर्वाचन भयो र २८ मार्चमा पेरिस कम्युनको स्थापना भएको घोषणा गरियो।

यो पेरिस कम्युन ऐन-कानून बनाउने विधायिकाको साथै कार्यान्वयन गने कार्यपालिका पनि बन्यो। सेना जन सुरक्षा, न्याय, अर्थ, शिक्षा, खाद्य, श्रम तथा विदेश मामला चलाउन विभिन्न बेग्ला बेग्लै कार्य समिति गठन गरिए। टाउन हल - ओतेल दी भिलमा लाल झण्डा फहरायो। यसरी विश्वको इतिहासमा पहिलोचोटी श्रमिक वर्गले राज्य सत्ता आफ्नो हातमा लियो।

कम्युनको चुनाव वालिग मताधिकारको आधारमा भएको थियो जसमा भर्सेलिजमा रहेको प्रतिक्रान्तिकारी थियर सरकारले निर्वाचन वहिष्कार गर्ने अपिल गरिरास्वेको थियो। प्रतिक्रान्तिकारी सरकारको अपिल अनुसार उच्च वर्ग तथा वुर्जुवाहरूले निर्वाचनमा कमै भाग लिए, जसले गर्दा कम्युन खास गरेर मेहनतकस तल्ला तहका मजदूरहरूबाटै चुनियो। कम्युनको सदस्यहरूमा राष्ट्रिय गार्ड केन्द्रीय समितिका सदस्यहरू पनि चुनिए। राष्ट्रिय गार्ड पहिले पेरिसको नगरपालिका जस्तो मात्र थियो भने कम्युन अब जनतन्त्रको केन्द्रीय क्रान्तिकारी सरकार थियो।

पेरिस कम्युनले यसरी उपरोक्त कार्य साथसाथै सामाजिक विधि निर्माणको क्षेत्रमा पनि धेरै कुरा हासिल गऱ्यो। यसबाट कम्युनले दुनियाको सामु देखाइदियो कि कम्युन एउटा लोकतान्त्रिक शासन हो जसको सबभन्दा पहिलो कर्तव्य मेहनतकस जन साधारणको कल्याण गर्नु हो।

कम्युनको स्थापनाले महान् सृजनात्मक कार्यहरू गऱ्यो। तर पेरिसका मजदूरहरू तिनका नेताहरू र कम्युनका सदस्यहरूलाई पनि वास्तवमा उनीहरू के निर्णय गर्न गैरहेका छन् भन्ने भविष्यको वास्तविक सरकारको दिशावोध भएको देखिदैन। उनीहरूले नयाँ राज्यको विउ त राख्ने, तर त्यो नयाँ राज्य कसरी बचाउन सकिन्छ भन्ने कुरामा ध्यान पुऱ्याउन सकेनन् र ७२ दिनको छोटो जौवनकाल पछि नै कम्युनको अन्त्य भयो।

पेरिस कम्युन असफल भयो तर यसलाई आज पर्यन्त विश्वको मानव इतिहासमा अद्वितीय घटनाहरू मध्ये एक मानिन्छ। किनकि विश्वमा पहिलो पटक सर्वहाराहरूले एउटा ठूलो शहरको शासन आफ्नै साहस, बुद्धि र वर्कतले आफ्नो हातमा लिए- अनि ठूलो संघर्ष गरेर राज्य चलाउने कोशिस गरे। यसको वास्तविक रहस्य यो थियो कि वंस्तुतः यो मजदूर वर्गको सरकार थियो तथा उत्पादक र शोषक वर्ग वीचको संघर्षबाट जन्मेको थियो। यो

अन्तिम राजनीतिक ढाँचा आविष्कार भएको थियो, जसको अधीनमा श्रमको आर्थिक मुक्ति हुन सक्दथ्यो।

पेरिस कम्युनलाई निरंकुशता पूर्वक दबाइए तापनि यसबाट विश्वका क्रान्तिकारीहरूले ठूला-ठूला पाठ सिकेका छन्। कम्युनको वास्तविक आन्दोलनले गर्दा नै कार्ल मार्क्सलाई पनि आफ्नो सिद्धान्तलाई पुष्टि र परिस्कृत गर्न ठूलो मद्दत पुऱ्यायो। पेरिस कम्युनको घटनाबाट क्रान्तिकारीहरूले निकाल्न सक्ने निचोड जो भविष्यको लागि मार्ग दर्शन बन्न पुग्यो ती हुन् :

क्रान्तिकारी तथा वैज्ञानिक सिद्धान्तको ओतप्रोत सहित मजदूरहरूको राजनैतिक पार्टीको जरूरतलाई यसले अगाडि ल्यायो। राज्यसत्ता कब्जा गरेर कायम राख्नको लागि जोस मात्र भएर पुग्दैन समाजलाई पुनर्गठन गर्न पुरानो राज्ययन्त्र विशेष गरी सैन्य र पुलिस प्रशासन तुरून्तै ध्वस्त गरी नयाँ व्यवस्था लागु गर्नु पर्दछ। मजदूरवर्गका साथी किसानवर्ग तथा निम्न मध्यमवर्गका समेत अन्य तहका समूहहरूसंग पनि सहयोग लिनु पर्दछ। मजदूर वर्गले आफ्नो मित्र समूह राम्ररी पहिल्याउनु पर्दछ। यसो गर्दा मध्यमवर्ग र पेटी बुर्जुवा तथा उच्चवर्गहरू तुरून्तै प्रतिक्रान्तिकारीहरूपट्टि मिल्न सक्ने सम्भावनालाई नकार्नु हुँदैन। सर्वहाराहरूको हुकुम सर्वोपरि हुनुपर्छ। जनता र सैनिकको सम्बन्ध स्पष्ट हुनु पर्छ र जनता र सैनिक एक हुनुपर्छ। मजदूर वर्गको अन्तर्राष्ट्रिय दायरालाई नकार्नु हुँदैन, विश्व बन्धुत्व र भ्रातृत्वलाई ठूलो महत्व दिनु पर्छ। वर्गीय दृष्टिकोणलाई अचुक मान्नु पर्छ र वर्ग शत्रुको विरूद्ध लड्न अलिकति पनि उदारता अपनाउनु हुँदैन। वर्ग सत्रुलाई कम आँक्नु पनि हुँदैन र तिनमा विश्वास पनि गर्नु हुँदैन।

१ मई आन्दोलन -

१०९ वर्ष अघि १ मईको दिन (१ मई १८८६) अमेरिकाको शिकागो भन्ने शहरका उद्योगधन्दामा काम गर्ने मजदूरहरूले पूँजिपतिहरूको विरोधमा एउटा ठूलो विद्रोह गरेका थिए। विद्रोहमा भाग लिने मजदूरहरूको संख्या ५ लाख जति थियो। "आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन" हुनु पर्ने मजदूरहरूको माग थियो। अमेरिका र क्यानाडा भन्ने देशका मजदूरहरूको संगठनको अगुवाईमा भएको यो आन्दोलनलाई मई आन्दोलन भनिन्छ। आन्दोलन चार दिनसम्म चल्यो। चार दिनपछि पूँजीपतिहरूको सरकारले आन्दोलनलाई नराम्रो गरी दबायो।

रूसको अक्टोवर क्रान्ति

पहिलो विश्वयुद्धको क्रान्तिकारी विचारहरूको प्रत्यक्ष प्रभाव रूसमाथि पऱ्यो जसको फलस्वरूप त्यहाँ १९१७ इ.मा एउटा क्रान्ति भयो जुन बिसौं शताब्दीको इतिहासमा सबैभन्दा महत्वपूर्ण घटनाको रूपमा स्थापित भएको छ। १९१७ को २५ अक्टोवरका दिन रूसको

औद्योगिक शहर पिटर्सवर्गका मजदूरहरूले राती २ बजे सरकारको विरूद्धमा ठूलो विद्रोह गरे। मजदूरहरू रोजीरोटी र शान्ति चाहन्थे। मजदूरहरूको विद्रोहलाई सेनाको एउटा हिस्साले साथ दियो। मजदूरहरूले आकाशवाणी तथा टेलिफोन अड्डा कब्जा गरे। सरकारले विद्रोही मजदूरको विरोधमा आफ्नो पक्षका सेनाहरू लडाईमा उताऱ्यो। केरेन्स्की नामका प्रधानमन्त्री सेनाको घेराउमा दरवारमा लुकेर बसे। २६ अक्टोवर दिनभरी लडाईं चल्यो। तर मजदूरले कब्जा गरेका ठाउँ सरकारले फिर्ता गर्न सकेन। २६ अक्टोवरको साँझ ७ बजे एउटा जहाजी सेनाले सरकारको विरोधमा र मजदूरको पक्षमा विद्रोह गऱ्यो। जहाजी सेनाले दरवारमा तोपहरू पड्काउन थाल्यो। सरकार परास्त भयो - मजदूरहरूले जिते। उक्त विद्रोहको नेतृत्व रूसको कम्युनिष्ट पार्टीले गरेको थियो। राती २.३० बजे १५ जनाको अस्थायी सरकार गठन गरियो। सरकारको प्रमुख लेनिनलाई बनाइएको थियो। सरकारले आर्थिक सामाजिक अधिकार लागू गर्ने घोषणा गऱ्यो। जसरी फ्रान्सको राज्यक्रान्तिको फलस्वरूप प्रजातन्त्र, राष्ट्रियता र राजनीतिक समानताको भावनाको उदय भयो, त्यस्तै गरी रूसको क्रान्ति एक पाइला अगाडि बढ्यो र एउटा नयाँ सामाजिक व्यवस्थाको आदर्श स्थापित गर्नुको साथ साथै विश्वमा पहिलो पल्ट सर्वहारा वर्गको सत्तालाई स्वीकार गर्ने प्रयास गऱ्यो। पहिलो विश्वयुद्धको स्थितिले रूस साम्राज्यलाई आफूमा समेट्यो र सर्वहारा वर्गको क्रान्तिको लागि बाटो खुल्ला गऱ्यो। जसको परिणाम निरंकुश जार शाहीको अन्त भयो र साम्यवादी सरकारको स्थापनालाई जनसाधारणले भव्य स्वागत गऱ्यो।

क्रान्तिपछि रूसमा मध्ययुगीन सामन्ती र रूढीवादी समाजको ठाउँमा समानता र न्यायको सिद्धान्तमा आधारित एउटा आधुनिक समाजको स्थापना भयो। शासनमा सर्वहारा वर्गको अधिकार स्थापित भयो र प्रतिक्रियावादीहरूलाई मताधिकारबाट वञ्चित गरियो। वोल्शेभिक दलले सत्ता सम्भालेपछि मार्क्सको सिद्धान्त अनुरूप भूमिको व्यवस्था गरियो र उद्योगको क्षेत्रमा परिवर्तन गरियो। जमिन्दारहरूको जग्गा विना मुआब्जा नै खोसियो र त्यसलाई किसानहरू वीच बाँडियो। साथ साथै प्राकृतिक साधनहरू र उत्पादन तथा वितरणका साधनहरूलाई राष्ट्रियकरण गरियो। राष्ट्रियकरण गर्नुको पछाडिको उद्देश्य किसानहरूलाई उनीहरूको आवश्यकतानुसार जमिन प्राप्त होस् भन्नु र कलकारखानाहरू, यातायातका साधनहरूमाथि मजदूरहरूको नियन्त्रण हुन सकोस् भन्नु नै थियो। कृषि र कारखानाहरूको उत्पादनलाई नियमवद्ध गराउने अधिकार राज्यको थियो। त्यसको लागि एउटा "सर्वोच्च आर्थिक परिषद" गठन गरियो। त्यसको काम कारखानाहरूलाई कच्चा माल र इन्धन, मजदूरहरूलाई खाद्यान्न पुऱ्याउनुको साथ साथै किसानहरूलाई उनीहरूको आवश्यकता अनुसार कारखानाहरूबाट निर्मित वस्तुहरू पुऱ्याउनु थियो। किसानहरूलाई जमिन दिनुमा यदि फ्रान्सको क्रान्तिद्वारा स्वतन्त्रता, समानता र भातृत्वको सिद्धान्तलाई महत्व दिएको थियो भने रूसको क्रान्तिले आर्थिक स्वतन्त्रता स्थापित गर्ने प्रयास गऱ्यो।

रूसको क्रान्तिपछि नै साम्यवादी व्यवस्था अन्तरगत वर्गहीन समाजको कल्पना गरियो

र किसान र मजदूरहरूको शासनमाथि अधिकार स्थापित भयो। साम्यवाद निरंकुशतन्त्रको विरोधी थियो र शासनतन्त्रमाथि सर्वसाधारणको सत्ता स्थापित गर्न चाहन्थ्यो। यूरोप र एशियामाथि पनि साम्यवादी विचारधाराको प्रभाव पऱ्यो। अनेकौं देशहरूमा साम्यवादी सरकारहरू स्थापित हुन थाल्यो। आज साम्यवाद विश्वमा एउटा शक्तिशाली राजनीतिक विचारधारा बनी सकेको छ। रूस क्रान्तिको प्रभाव अन्य देशहरूमा पनि पर्न थाल्यो। साम्यवादी व्यवस्था नभएका देशहरूमा पनि त्यहाँको सरकार मजदूर र किसानहरूको विद्रोहको डरले उनीहरूको व्यवस्था सुधार्ने प्रयास गर्न थाले। यस प्रकार रूसको उक्त क्रान्तिको प्रभाव विश्वव्यापी थियो।

मानवअधिकारको अवधारणाको अन्तर्राष्ट्रिय प्रभाव पार्न माथिका राष्ट्रिय प्रयासहरूले महत्वपूर्ण देन दिए, जसमा मानवतावादी दार्शनिकहरूले मानव भएको नाताले सबै मानवले नैसर्गिक हकको रूपमा प्राप्त गर्नु पर्ने कुरामा जोड दिएका थिए।

परिच्छेद तीन

पहिलो विश्वयुद्ध भन्दा अगाडि मानवअधिकारको विकास

मानव व्यक्ति नै मानवअधिकारको केन्द्रविन्दू हो (Human person is the central subject of human rights). मानवअधिकार मानिस भएको कारणबाट (Ipso Facto) मानव जातिलाई स्वतः प्रकृतिद्वारा प्रदत्त हुने अधिकारहरू हुन्। मानिसका अन्तर्निहित नैसर्गिक अधिकारहरू मानवअधिकार हुन्। मानव जातिको विकास संगसंगै मानवअधिकारको विकास भएको हो। अन्तर्राष्ट्रिय कानूनको विकास पूर्व नै राष्ट्रिय कानूनको उत्पत्ति भएकोले मानवअधिकार कानूनको विकास राष्ट्रिय कानून अन्तरगत नै सर्वप्रथम भएको मान्नु पर्ने हुन्छ। मानिसका प्राकृतिक, नैसर्गिक, अहरणीय र अभेद्य अधिकारहरू प्राकृतिक कानून अन्तरगतका विषयहरू हुन्। प्राकृतिक कानून सर्वव्यापी (Universal) हुन्छ, जो प्राकृतिक तर्कको अभिव्यक्तिको रूपमा रहन्छ (Natural law as the dictate of reason). प्राकृतिक कानूनका सिद्धान्त र मान्यतालाई उल्लंघन हुने गरी निर्माण गरिएका कानूनहरू वाध्यात्मक रूपमा पालना हुन सक्दैनन् (Positive law contrary to natural law is void). प्रकृतिको सृष्टि र दृष्टिमा प्रत्येक मानिस समान हुन्छन्, विनाभेदभाव समान रूपमा नैसर्गिक र अभेद्य अधिकार तथा स्वतन्त्रताहरू प्राप्त हुन्छन्। प्रकृति प्रदत्त अहरणीय अधिकारलाई निर्मित कानूनद्वारा अतिक्रमण गर्न सकिन्न भन्ने मान्यता प्राकृतिक कानूनको रहेको छ। मानवअधिकार कानूनको संहिताकरणको प्रारम्भ इ.पू. २००० वर्ष पूर्वदेखि नै भएको हो। इ.पू. २०८८ को वेविलोनियाको संहिता (Babylonean Code, 2088 B.C.) जसले निश्चित केही सामाजिक अधिकारहरूलाई प्रत्याभूत गऱ्यो। इ.पू ६०० देखि ५०० मा चिनिया दार्शनिक

कनफूसियसले आफ्नो दर्शनमा मानिसका केही प्रकृति प्रदत्त अधिकारहरूको चर्चा गरे। मानिस नै सर्वोच्च हो (नहि मानवद श्रेष्ठ ताः कश्चित् - मानिस भन्दा श्रेष्ठ कोही छैन - Man is the measure of all things) भन्ने चिन्तनबाट प्रेरित भई मानिसका प्राकृतिक अधिकारलाई कानूनी मान्यता दिने उद्देश्यले प्राचीन ग्रीसका दार्शनिकहरू (फोटोगोरस, सोक्राटस, प्लेटो, अरिष्टोटल) र रोमन दार्शनिकहरू (सिसेरो, सेनेका आदि) ले महत्वपूर्ण भूमिकाको निर्वाह गरे।

मानवअधिकारको विकासमा इ.पू. ३०६ मा एथेन्समा विकसित सुखवादी सिद्धान्तमा आधारित एपिक्यूसरवाद र इ.पू. चौथो शताब्दीमा जेनोको स्टोइकवादको समेत महत्वपूर्ण भूमिका रहेको छ। इ.पू. पाँचौं शताब्दीमा रोममा निर्मित वाह्र तालिका कानून (Twelve Tables Law) ले नागरिक कानूनको विकासमा आफ्नै ऐतिहासिक महत्व राख्दछ। प्रत्येक राजनैतिक संगठनको उद्देश्य मानिसको प्राकृतिक र अमेद्य अधिकारहरूको संरक्षण गर्नु नै रहेको हुन्छ भन्ने मान्यताको विकास भए पश्चात् राष्ट्रिय कानूनमा आधारभूत मानवअधिकारहरूलाई प्रत्याभूत गर्ने कार्यको प्रारम्भ गरियो। वास्तविक रूपमा राष्ट्रिय कानूनमा मानवअधिकारको प्रत्याभूतिको आरम्भ बाह्रौं शताब्दीमा बेलायतबाट भएको मानिन्छ। व्राक्टनले (सन् १२००-१२६८) "_ राजा जनताको अधिनमा बस्न जरूरत नपरे पनि भगवान र कानूनको अधिनमा भने अवश्य रहनु पर्दछ" (That the king should not be under man, but under God and the Law) भन्ने अभिव्यक्तिबाट कानूनको सर्वोपरिता (Supremacy of law) लाई राजा स्वयंले समेत पालना गर्नु पर्ने कुरालाई इंगीत गर्दै निरंकुशताबाट बचाई व्यक्तिगत स्वतन्त्रताको संरचना गर्ने बलवान शक्ति कानून नै भएकोले यसको सर्वोच्चतालाई सबैले परिपालना गर्नु पर्ने दृष्टिकोण राख्न पुगियो।

(क) म्याग्नाकार्टा (Magna Carta) १२१५

जब मानव प्राकृतिक अवस्थाबाट सभ्यताको बाटोमा बामे सर्न लाग्यो त्यतिबेला देखि नै उसले आफ्ना नैसर्गिक अधिकारको संरक्षणको लागि गम्भीर रूपले सोच्नु पर्‍यो। राज्यको उत्पत्ति पश्चात आफ्नो स्वार्थसिद्ध गर्नको लागि शासकहरूले जनताको अधिकारमा कुनै न कुनै रूपमा अड्चन हाल्ने प्रयास गर्न थाले भने प्रकृतिवश नै विवेक प्राप्त गरेका हुँदा जनताहरू पनि आफ्ना अधिकारहरूमा सजग हुन थाले। १३ औं शताब्दीमा बेलायतमा जमिन्दारी प्रथाको बोलवाला भइरहेको थियो। तर अंग्रेज जातिले आफ्नो स्वतन्त्रता तथा कानूनको शासनको लागि रोमाञ्चकारी संघर्ष गरे। फलस्वरूप तत्कालिन बेलायतका राजा जोन (John) एउटा अधिकार पत्रमा हस्ताक्षर गर्न वाध्य भए। यस प्रकार जनताका अधिकारहरूलाई निश्चित गरिएको महान ऐतिहासिक दस्तावेजको नाम Magna Carta थियो। त्यतिबेलासम्म वेलायतका सम्पूर्ण कानूनहरू अलिखित थिए। यही नै बेलायतको इतिहासमा लिखित कानूनी दस्तावेजको ऐतिहासिक पहिलो दस्तावेज थियो। जसले लिखित

संविधानको इतिहासमा जग हाल्ने काम गऱ्यो। सन् १२१५ मा राजाद्वारा हस्ताक्षर गरिएको ऐतिहासिक दस्तावेज Magna Carta मा अन्तरनिहित मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरू मुख्यतया निम्नलिखित सिद्धान्तमा आधारित थिए।

१. संसदको अधिवेशन नियमित रूपमा बोलाउनु पर्ने।
२. ऐनहरू बनाउने अधिकार संसदलाई मात्र हुनु पर्ने।
३. संसदको स्वीकृति विना राजाले कुनै पनि कर लगाउन नपाउने।
४. कानूनको सर्वोच्चता (संसदीय सर्वोच्चता) हुनु पर्ने।
५. स्वतन्त्र न्याय व्यवस्था हुनु पर्ने ।
६. कुनै पनि व्यक्तिलाई कानून बमोजिम बाहेक थुनामा राख्न नपाइने इत्यादि।

यस प्रकार Magna Carta मा व्यवस्था गरिएका अधिकारहरू त्यहाँका शासकहरूले विस्तारै हरण गर्ने र खोसेर लिने चेष्टा गरिरहयो। फलस्वरूप बेलायतको इतिहासमा लामो समयसम्म राजा र संसदको बीचमा संघर्ष चलिरहयो। माथि उल्लेखित अधिकारहरूमा कुनै पनि व्यक्तिलाई कानून बमोजिम बाहेक थुनामा राख्न नपाइने भन्ने अधिकार सबैभन्दा महत्वपूर्ण र मौलिक हकसंग प्रत्यक्ष सम्बन्धित थियो।

(ख) अधिकार पत्र, १६२८ (Petition of Right 1628)

१७ औं शताब्दीको प्रारम्भमा बेलायतमा निरंकुश शासकको कारणले जनताहरू आ-आफ्नो अधिकार सुनिश्चित गराउन आन्दोलित भई रहेको परिणामस्वरूप यो अधिकार पत्र (Petition of Right) आएको हो। सन् १६२८ को अधिकार पत्र (Petition of Right) जारी गराउन एडवार्ड कोक (Edward Coke) को महत्वपूर्ण योगदान रहेको छ। कोकले आफू न्यायाधीश रहँदा विभिन्न मुद्दाहरूमा न्यायाधीशको निर्णय कसैबाट निर्देशित नभई प्राकृतिक कानून र दैवी कानूनमा आधारित हुनु पर्ने, संसद निर्मित कानून कमन ल र तर्कको विरूद्ध भएमा त्यस्तो कानून अमान्य हुने (No sub homine sed sub deoet leye), राजज्ञा पालन गरी न्याय दिन रोक्नु न्यायिक शपथ र न्यायाधीशको आचरण प्रतिकूलको कार्य हुने भन्ने जस्ता महत्वपूर्ण सिद्धान्तको प्रतिपादनद्वारा व्यक्तिको स्वतन्त्रताको संरक्षण गर्न सक्रिय भूमिकाको निर्वाह गर्न पुगे। यसबेला राजाबाट गैर कानूनी तथा निरंकुश किसिमबाट जनताको मौलिक स्वतन्त्रतामा अतिक्रमण गरी गिरफ्तार गर्ने, नजरबन्दमा राख्ने जस्ता क्रियाकलापहरू बढ्न गएको कारणले यस्ता क्रियाकलापलाई नियन्त्रण गर्न आवश्यक सम्झी एडवार्ड कोकको सक्रियतामा अंग्रेजी स्वतन्त्रताको दोस्रो वडापत्रको रूपमा सन् १६२८ मा संसदद्वारा अधिकारपत्र जारी गरियो। यस अधिकारपत्रले मूलतः राजाले संसदको सहमति विना कर वा ऋण उठाउन नपाउने, मनमानी किसिमले गिरफ्तारी गर्नु वा बन्दी बनाउनु अवैधानिक हुने, शान्तिको समयमा सैनिक कानूनको प्रयोग अवैधानिक हुने, नागरिकका व्यक्तिगत घरहरूमा

सैनिकको प्रवेश अवैधानिक हुने जस्ता व्यवस्थाहरू गरी मौलिक स्वतन्त्रताको संरक्षण गर्ने उद्देश्य लिन पुग्यो। वस्तुतः यो अधिकारपत्र राजामा निहीत सार्वभौमसत्तालाई संसदमा हस्तान्तरण गर्ने पहिलो कदम हो भन्ने मानिएको छ। (The petition was in truth the first step in the transfer of sovereignty from king to parliament).

बेलायतमा नागरिकको स्वतन्त्रताको संरक्षण गर्ने क्रममा सन् १६४० को बन्दीप्रत्यक्षीकरण ऐनको पनि महत्वपूर्ण स्थान छ। बन्दीप्रत्यक्षीकरण (Habeas Corpus) को सामान्य अर्थ अदालत समक्ष बन्दीलाई उपस्थित गराउनु हो। Habeas Corpus = have (i.e. bring) the body (of x) before the court)। यो विशेषधिकार रिट हो। गैरकानूनी थुनुवा विरूद्ध जारी हुने रिट बन्दी प्रत्यक्षीकरण हो। सन् १६३७ मा राजाबाट जारी गरिएको ऋण तिर्न अस्वीकार गरेको अवस्थामा मनमानी किसिमले केही व्यक्तिहरूलाई थुनामा राख्वेको (Seven Bishop's Case) मा बन्दीमुक्त गर्न कानूनको अभावमा अदालतबाट नसकेको कारणले यस्ता निरंकुश कार्यलाई नियन्त्रित गर्ने उद्देश्यले बन्दी प्रत्यक्षीकरण ऐन, १६४० जारी गरी यस ऐनले राजा वा राजाको काउन्सिलबाट गरिएको नजरबन्दका सम्बन्धमा अदालतले वैधता जाँच गर्न सक्ने र कानूनको प्रतिकूल देखिएमा बन्दी प्रत्यक्षीकरणको रिटद्वारा मुक्त गर्न सकिने सिद्धान्तहरूलाई आत्मसात गऱ्यो। सन् १६७९ को बन्दी प्रत्यक्षीकरण ऐन (Habeas Corpus Act, 1679) ले वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने प्रभावशाली उपचारको रूपमा बन्दी प्रत्यक्षीकरणको रिटलाई अवलम्बन गर्ने सिद्धान्तको अङ्गिकार र फौजदारी कसुरमा बन्दी बनाइएको विषयको वैधतालाई समेत जाँच गर्न सकिने सिद्धान्तलाई समावेश गऱ्यो। सन् १६७९ को ऐनका केही त्रुटीहरूलाई हटाई केही सुधार सहित सन् १८१६ मा नयाँ बन्दी प्रत्यक्षीकरण ऐन, १८१६ जारी गरियो। सन् १६४० देखि १६६० सम्म बेलायतमा गणतन्त्रात्मक स्वरूपको शासन व्यवस्था स्थापना भयो। यही समयमा प्रेस स्वतन्त्रताको आवश्यकतालाई जोन मिल्टनले आफ्नो कृति (Areopagitica) मा आफ्नो चेतनाले भेटेसम्म स्वतन्त्र रूपमा छलफल गर्ने, बोल्ने र जान्ने स्वतन्त्रता देऊ (Give me the liberty to know, to utter, and to argue freely according to conscience, above all liberties) भन्ने अभिव्यक्तिबाट प्रेस स्वतन्त्रताको शंखनाद गरे।

(ग) बन्दी प्रत्यक्षीकरण ऐन १६४० र १६४९

Habeas Carpus Act 1640 and 1649 बाट शुरू गरिएका मानवअधिकार सम्बन्धी प्रयासहरूमा बेलायतको संसदले विभिन्न समयमा थप आयाम थप्ने प्रयास जारी राख्यो। राजा जनताका अधिकार दिन चाहँदैनथे भने संसद सधैं मौलिक अधिकारहरूको पक्षमा थियो। परिणाम स्वरूप राजा र संसदको बीचमा दाउपेच चली रहन्थ्यो। सन् १६४० र १६४९ मा बेलायतको संसद बन्दी प्रत्यक्षीकरण सम्बन्धी कानून जारी गर्न सफल भयो। यसले गर्दा त्यहाँका नागरिकले अब वैयक्तिक स्वतन्त्रताको अपहरणमा प्रभावकारी अदालती उपचार

पाउने भए। कुनै पनि व्यक्तिलाई गैह्र कानूनी तवरबाट थुनामा राख्विएमा त्यस्तो थुनाबाट मुक्त गर्न गरिने आदेश बन्दी प्रत्यक्षीकरणका आदेश भनिन्छ।

Habeas Carpus Act अन्तरगत निम्नलिखित प्रयासहरू गरिएका थिए :

१) कुनै पनि व्यक्तिलाई ऐन र कार्यविधि विरूद्ध थुनामा राख्न पाइने छैन।

२) कुनै पनि व्यक्तिलाई संसदको स्वीकृति वेगर कर दिन वाध्य गरिने छैन।

३) राजाले आफ्नो इच्छा अनुसार जमानतको रकम तोक्न पाउने छैन।

Habeas Carpus Act जारी हुनु अघि राजाको विशेष आज्ञा (Perspecial Mandation Rights) बाट गिरफ्तार गरिएको छ भनी रिटको प्रत्युत्तर दिनु प्रयाप्त हुन्थ्यो। गिरफ्तार गर्न कुनै कानून देखाउनु आवश्यक थिएन। उक्त Act ले राजाको स्वेच्छाचारी गिरफ्तारी माथि पनि राजा र उनको काउन्सिल विरूद्ध प्राप्त बन्दी प्रत्यक्षीकरणको रिट अन्तरगतको स्वतन्त्रता प्रजाका लागि ग्यारेण्टी गरियो।

(घ) विल अफ राइट्स (Bill of Rights)

सत्रौं शताब्दीको उत्तरार्धसम्ममा बेलायतको इतिहासमा संसदीय व्यवस्था निकै शक्तिशाली भैसकेको थियो। सन् १६८८ को गौरवमय क्रान्तिले राजा र संसदको करिब एक शताब्दीसम्मको संघर्षलाई रक्तविहीन तरिकाबाट समाधान गरिदियो र जनताका अधिकारहरूलाई संक्षेपमा उल्लेख्व गरिदियो। यसलाई निरंकुश राजा James मान्न वाध्य भए र William III र Mary लाई England को गद्दीमा शासनविरूद्ध गरियो। भविष्यमा पुनः निरंकुश शासकबाट England का जनताले दुःख भोग्न नपरोस् भन्ने हेतुले संसदले राजा रानीलाई केही शर्तसहित राजगद्दीमा बसाले। यिनै शर्तहरू लेखिएको कागज (जसमा जनताका अधिकारहरू निश्चित गरिएका थिए) लाई नै Bill of Rifhts भनियो। राजा र संसदका बीच भएको यस प्रकारको सम्झौतालाई प्रशंसा गर्दै प्रसिद्ध मानवअधिकार सम्बन्धी लेखक ए.एच.रवर्टशन भन्दछन्। "यो राजा र जनताका प्रतिनिधिका बीच भएको एक प्रकारको सामाजिक सम्झौता थियो।"

John Lock वैयक्तिक स्वतन्त्रताका कट्टर पक्षपाती थिए। उनले आफ्नो कृति Two treaties of civil Governar मा उल्लेख गरे अनुसार सरकार जनताको इच्छा मुताविक चल्नु पर्दछ। आफ्ना जनताको विश्वास गुमाउने शासकलाई जनतामाथि शासन गर्न अधिकार छैन। (Government most to be with the consent of the government that a rular who has lost the confidence of his people no longer has the right of govern them.) उनको समयमा उनका विचारहरूलाई समावेश गरेर तयार पारिएको Bill of Rights मा राजाको दैनिक अधिकारको सिद्धान्तको सट्टा जनताको सार्वभौम अधिकारको उल्लेख

गरिएको थियो। प्रस्वर प्रकृतिवादी दार्शनिक John Lock जो सामाजिक सम्झौतावादका अभियन्ता र भोल्तेयर तथा मन्टेस्क्यूलाई प्रभावित. पार्न सक्ने वौद्धिक क्षमताका निधि मानिन्छन्। उनको सक्रियतामा तयार पारिएको Bill of Rights मा जनताका प्रशस्त अधिकारहरूको उल्लेख गरिएको थियो। ती हुन् कानून समक्ष समानता, संसद र यसबाट पारित ऐनहरूको सर्वोच्चता, संसदको स्वीकृति वेगर राजाले कर उठाउन नपाउने, विना भेदभाव धार्मिक स्वतन्त्रता कानूनको पश्चातदर्शी असर विरूद्धको हक संसदलाई कर निर्धारण गर्ने र अन्य आर्थिक व्यवस्थाको स्वतन्त्र अधिकार, संसदको निर्वाचन स्वतन्त्र हुनु पर्ने, संसदको अधिवेशन नियमित हुनु पर्ने, कुनै पनि व्यक्तिलाई जथाभावी क्रुर र निर्दयतापूर्ण यातना दिन नहुने, सम्पत्ति सम्बन्धी स्वतन्त्रता; अत्यधिक मात्रामा जमानत लिन नपाइने आदि थिए। अतः यसलाई Second Magna Carta पनि भनिन्छ।

Bill of Rights मा नागरिक स्वतन्त्रता सम्बन्धी व्यवस्था पनि गरियो। तर त्यसमा प्रकाशन स्वतन्त्रता सम्बन्धी व्यवस्था नभएको हुँदा John Milton ले प्रकाशन स्वतन्त्रतामा जोड दिएपछि १७०१ मा Act of Settlement आयो र यो अभाव पनि पूरा भयो। यस घोषणा पत्रमा गैह कानूनी थुना सम्बन्धी कुनै व्यवस्था गरिएको थिएन कारण Habeas Carpus Act त्यस भन्दा पहिला नै आइसकेको थियो।

यस प्रकार १८ औं शताब्दीको शुरूवातसम्ममा बेलायतको राष्ट्रिय कानून अन्तरगत मुख्य मुख्य मानवअधिकार तथा मौलिक स्वतन्त्रताको अधिकार सम्बन्धी व्यवस्था गरिएको थियो।

(ङ) व्यवस्थापन ऐन, १७०१ (Act of Settlement, 1701)

राजगद्दीको उत्तराधिकारीको क्रमको व्यवस्था गर्न संसदद्वारा जारी गरिएको व्यवस्थापन ऐन, १७०१ ले उत्तराधिकारीको क्रम निर्धारण मात्र नगरी नागरिक अधिकारपत्रको पूरक अधिकारको रूपमा केही महत्वपूर्ण अधिकारलाई प्रत्याभूत गर्न सफल भयो। यस समयसम्म स्वतन्त्र न्यायपालिकाको पूर्वाधारहरूको व्यवस्था गर्न सकिएको थिएन। यस ऐनले संसदको दुबै सदनबाट दोषी प्रमाणित नभएसम्म न्यायाधीशलाई पदच्यूत गर्न नसकिने व्यवस्था गरी स्वतन्त्र न्यायपालिकाको अवधारणालाई आत्मसात गर्न पुग्यो। न्यायाधीश आफ्नो पदमा राजाको इच्छानुसार कायम रहने पूर्व व्यवस्थालाई नियन्त्रण गर्न आवश्यक सम्झी नागरिकको स्वतन्त्रतालाई संरक्षण गर्ने संरक्षकको रूपमा न्यायपालिकाको स्थान कायम राख्न न्यायाधीशको सेवाशर्तको सुरक्षा गरी स्वतन्त्र न्यायपालिकाको पूर्वाधारहरूलाई आत्मसात गरियो। अन्ततः नागरिक अधिकारपत्र, १६८९ र व्यवस्थापन ऐन, १७०१ (Act of Settlement, 1701) लाई राजाको विशेषाधिकारलाई नियन्त्रण गर्ने कार्यमा संसदको महत्वपूर्ण विजयको रूपमा हेरिने गरिन्छ।

बेलायतको राष्ट्रिय कानूनमा मानवअधिकारलाई प्रत्याभूत गराउने क्रममा सन् १२१५

को महाधिकारपत्र, सन् १६२८ को अधिकारपत्र, सन् १६८९ को नागरिक अधिकारपत्र र सन् १७०१ को व्यवस्थापन ऐनको महत्वपूर्ण स्थान रहेको छ। यसै गरी धार्मिक स्वतन्त्रताको हकलाई प्रत्याभूत गर्न सन् १६८९ को सहिष्णुता ऐन (Toleration Act, 1689) पनि त्यत्तिकै महत्वपूर्ण छ। आधुनिक बेलायतको संवैधानिक प्रणालीमा संसदको सर्वोच्चतालाई ग्रहण गरिएको, लिखित संविधानको अभाव भएको तथा संसद निर्मित कानूनलाई अदालतद्वारा न्यायिक पुनरावलोकन गर्न नसकिने व्यवस्था रहेको कारणले सामान्य अर्थमा कुनै पनि अधिकार मौलिक र अहरणीय अधिकारको रूपमा संरक्षित छैनन् भन्ने मानिए तापनि "कमन ल" को सिद्धान्तको आधारमा व्यक्तिका प्राकृतिक र आधारभूत हकहरूलाई अतिक्रमण गर्न नसकिने मान्यताको विकास गरिएको छ। कानूनी शासनको सिद्धान्त अन्तरगत उचित कारवाहीद्वारा नागरिकका आधारभूत स्वतन्त्रताहरू अदालतबाट संरक्षित छन्। बेलायतको मानवअधिकार विधिशास्त्रले नागरिकको आधारभूत अधिकारलाई जनउत्तरदायी सरकारको गठन, सरकारको स्वेच्छाचारितालाई नियन्त्रण गर्न संसदमा जिम्मेवार प्रतिपक्षको उपस्थिति, जनमतको प्रभाव, स्वतन्त्र प्रेस, सक्षम र निष्पक्ष न्यायपालिका जस्ता व्यवस्थाको अवलम्बनद्वारा संरक्षित गर्ने दृढता देखाएको छ।

(च) अमेरिकी स्वतन्त्रताको घोषणा १७७६

आधुनिक संसारका संचारका साधनहरूले गर्दा कुनै एक ठाउँमा विकास भएको नयाँ उपाय छिट्टै नै सम्पूर्ण मानव जातिको साझा सम्पत्ति हुन जान्छ। यही कारणले गर्दा बेलायतको Bill of Rights मा भएका नागरिक तथा राजनीतिक स्वतन्त्रतालाई घोषणा पत्रमा समावेश गरिएको थियो।

यूरोपमा फैलिएको मानवताको लहरबाट अमेरिका पनि अलग रहन सकेन फलस्वरूप उत्तर अमेरिकाका औपनिवेशिक राष्ट्रहरूका जनताहरूको चेतनामा यो भावना फैलियो कि यदि कुनै मानिसलाई उसको सरकारमा भाग लिने अधिकार हुन्छ भने उसको सरकार पनि कर्तव्यबाट स्वेच्छाचारी नियन्त्रणमा हुनु हुँदैन अन्यथा प्रतिनिधित्वको महत्व रहँदैन। यस किसिमको भावनाको वृद्धिले गर्दा अमेरिकी स्वतन्त्रता संग्रामले राज्यको मौलिक हक र जनताको मौलिक हकलाई जोड्ने काम गऱ्यो। स्वतन्त्रता त्यो हो जहाँ नागरिकले स्वतन्त्रतापूर्वक सरकारमा भाग लिन पाउँछन्। त्यसकारण सम्पूर्ण स्वतन्त्र जनताको समुदाय सरकारलाई पनि उसको स्वशासनको अधिकार हुन्छ। यस्तो भावनाले अमेरिकीहरूलाई छोटो समयमै स्वतन्त्रता दियो।

ब्रिटेनको उपनिवेशबाट स्वतन्त्र भएपछि अमेरिकीहरूले मानवका मौलिक अधिकारको बारेमा गम्भीरतापूर्वक सोच्न थाले। अमेरिकी घोषणा पत्रमा भनिएको थियो। हामी आत्मसात गरे र यो कुरा भन्दछौं कि सबै मानिस समान रूपमा जन्मेका हुन्छन्, उनीहरूलाई श्रृष्टिबाट नै केही उल्लंघनीय निश्चित अधिकारहरू प्रदान गरिएको हुन्छ। तिनीहरूमा जीवन

स्वतन्त्रता र आनन्दको खोजी गर्दछन् (We hold these truths to self evident that all man are created equal that they are endowed by their creator with certain un alienable rights that among these are live liberty and the pursuit of happiness.) यिनै अधिकारको सुरक्षाको लागि सरकार निर्माण भएको हुन्छ। यस्तो सरकारलाई उनीहरूले कानूनको सरकार (Rule of Law) भनेका छन्। यदि कुनै सरकारले जनताका यस्ता मौलिक अधिकार खोस्दछ भने त्यस्तो सरकारको परिवर्तन गर्ने अधिकार पनि जनतासँगै छ भन्ने धारणा उनीहरूको थियो।

अमेरिकी स्वतन्त्रताको घोषणा पत्रमा मुख्यतया निम्न अधिकारहरूको घोषणा गरिएको थियो। जीवनको स्वतन्त्रता, कानून समक्ष समानता, सम्पत्तिको स्वतन्त्रता, कानूनका पश्चातदर्शी असर विरूद्धका हक, अभिव्यक्ति तथा प्रकाशन स्वतन्त्रता, दोषी प्रमाणित नभएसम्म निर्दोषिताको व्यवहार तथा जथाभावी थुना विरूद्धको हक आदि।

१७९१ को अमेरिकी संविधानमा अभिव्यक्ति एवं प्रेस स्वतन्त्रता, निष्पक्ष सुनुवाईको अधिकार, धर्मको प्रयोग गर्ने स्वतन्त्रता लगायत मानिसका तमाम अहरणीय (Inalicanable) अधिकारहरूको स्पष्ट व्यवस्था गरिएको छ। यो संशोधन फ्रान्सेली राज्य क्रान्तिमा तय गरिएका मानवअधिकार सम्बन्धी प्रावधानहरूलाई समावेश गरेर लागु गरियो।

(छ) मानवकअधिकारको फ्रेञ्च घोषणा १७८९

विश्वमा आएको मानवअधिकारको धारणाको उर्लँदो लहर फ्रान्समा भएको औद्योगिक विकासको प्रवाहसँगै त्यहाँका जनताको चेतनाको लहर पनि अछुतो रहन सकेन। फलस्वरूप १७७९ मा त्यहाँको राज्य क्रान्ति सफल भयो। राज्यलाई जस्तै मान्छेलाई पनि स्वतन्त्रता र आत्म निर्णयको अधिकार छ भन्ने धारणाको विकास शुरू भइसकेको थियो। उक्त क्रान्तिको तयारी रूसो जस्ता प्राकृतिक कानूनका कट्टर समर्थक दार्शनिकद्वारा गरिएको थियो। Mirabean जस्ता महान् विद्वानले यो घोषणाको प्रारूप (Draft) तयार पारेका थिए। यस घोषणामा भनिएको छ - मानिस स्वतन्त्र एवं समान जन्मिएको हुन्छ र उसका केही प्राकृतिक एवं अहस्तान्तरणीय अधिकारहरू हुन्छन्। यी अधिकारहरू हुन् जीवन स्वतन्त्रता, सम्पत्ति, कानून समक्ष समानता एवं दमन विरूद्ध सुरक्षा आदि। यो घोषणाले मानवका अधिकारहरूको वर्णन मात्र गरेन तिनीहरूलाई राजनीतिक रूपले सुसज्जीत समेत पारेको छ। क्रान्तिले जन्माएको मानवका अधिकारको धारणाले सम्पूर्ण यूरोपभरी महत्वपूर्ण प्रभाव पार्ने काम मात्र गरेन, मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित अधिकारहरूको प्रारूप समेत तयार पाऱ्यो।

मानवका अधिकारको फ्रान्सेली घोषणा पत्रमा राजनीतिक र नागरिक दुबै किसिमका अधिकारहरू उल्लेख गरिएको थियो। भोल्तेयर, लक रूसो र मन्टेस्क्यू जस्ता मानवता एवं प्राकृतिक पारिएको यो घोषणा पत्रमा राजनीतिक भन्दा नागरिक अधिकारलाई बढी जोड

दिएको पाइन्छ। घोषणामा उल्लेखित कुराहरूमा जीवनको हक स्वतन्त्रताको हक, कानून समक्ष समानताको हक, विचार एवं अभिव्यक्तिको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, सम्पत्तिको हक, कानूनको विपरित थुनामा राख्न नपाइने, निर्दोषिताको पूर्वकल्पना, कानूनको पश्चातदर्शी असर विरूद्धको हक आदि प्रमुख थिए।

यस प्रकार फ्रान्सेली राज्य क्रान्तिको परिणाम स्वरूप तयार पारिएको France Declaration को प्रभाव विश्व भरिनै फैलियो। त्यसका मूल कारणहरू थिए :

१. फ्रान्सेली राज्य क्रान्ति तथा मानवअधिकारहरूको घोषणा पत्र त्यति बेला तयार पारियो, जतिबेला सम्पूर्ण यूरोप नयाँ जागरणको कारण मानवअधिकार र स्वतन्त्रताको आवश्यकताको महशूस गरिएको थियो।
२. रूसो जस्ता सामाजिक सम्झौतावादी (Social Contract) विद्वानहरूले प्रत्यक्षत भाग लिएको र भोल्त्येर मन्टेस्क्यू जस्ता दार्शनिकहरूको भावनालाई ग्रहण गरी तयार पारिएको हुँदा यो घोषणा दार्शनिक सैद्धान्तिक तथा राजनीतिक दृष्टिकोणले पनि प्रभावकारी थियो।
३. यसले धेरै उग्र रूप लिएको थियो। फलतः यूरोपका प्रायजसो देशहरूमा यसको प्रभाव परेको थियो।
४. घोषणाको तात्कालिन तथा सबै भन्दा पहिलो प्रभाव अमेरिकामा पऱ्यो। फलस्वरूप घोषणाको १ महिनापछि नै अमेरिकाको संविधानमा दशौं संशोधन गरी घोषणा पत्रद्वारा निश्चित मानवअधिकारहरूलाई ग्रहण गरियो। यसले गर्दा १८ औं शताब्दीको शुरूदेखि नै यो घोषणामा उल्लेखित नागरिक तथा राजनीतिक अधिकारहरूलाई यूरोपका अधिकांश देशमा संविधानहरूद्वारा ग्रहण गरियो। यसको प्रभाव स्वीडेनमा १८०९ मा स्पेनमा १८१४ मा र क्रमशः अन्य देशहरूमा पनि फैलिदै गयो।

मानवअधिकारको सार्वभौम घोषणाका अधिकांश प्रारूपहरू फ्रान्सेली घोषणा पत्रका बुँदाहरूका आधारमा तयार पारिएका थिए। तापनि दास प्रथाको अन्त्य, अल्पसंख्यकहरूको हित तथा स्वास्नी मानिसको लागि दिइने अधिकारहरूको बारेमा कुनै व्यवस्था गरेको पाईदैन। दास प्रथा जस्ता अमानवीय व्यवहार रोक्नको लागि माथि उल्लेख गरिएका राष्ट्रिय प्रयासहरूले कुनै महत्वपूर्ण योगदान दिन सकेनन्। दास प्रथा रोक्ने पहिलो प्रयास १९ औं शताब्दीको शुरूमा गरियो। १८१४ सम्पन्न मा फ्रान्स बेलायत बीचको द्विपक्षीय सन्धि प्रभावकारी रूपमा लागू हुन सकेन। फलतः १९ औं शताब्दीको अन्तसम्म पनि यूरोपका कतिपय देशहरूमा दास प्रथा वैध थियो र दास व्यापारलाई प्रथाकै रूपमा कायम गरिएको थियो। तत्काल विद्यमान दास प्रथालाई उन्मूलन गर्न नसके पनि फ्रान्स र बेलायत बीच भएको

उक्त सन्धिले मानवताको लागि दास प्रथा क्रुर व्यवहार हो भन्ने धारणाको विकास गऱ्यो जसले गर्दा त्यसपछि गरिएका अन्तर्राष्ट्रिय प्रयासहरूमा महत्वपूर्ण योगदान दियो।

(ज) अमेरिकी संविधानमा थपिएको अधिकार पत्र सन् १७९१

अमेरिका पहिले बेलायतको अधिनमा थियो। २२५ वर्ष अगाडि अर्थात सन् १७७० मा अमेरिकाका न्यायप्रेमी जनताले बेलायतको अधिनमा नबस्ने लडाईं शुरू गरे। ६ वर्षसम्म बेलायतको विरूद्धमा लडेपछि अमेरिका स्वतन्त्र भयो। स्वतन्त्र भएको सात वर्षपछि अर्थात सन् १७८३ मा अमेरिकालाई अलग राज्यको रूपमा मान्यता प्राप्त भयो। त्यसको चार वर्षपछि अर्थात सन् १७८७ मा अमेरिकामा पहिलो संविधान बनाइयो। तर त्यो संविधानमा मानवअधिकाराका आवश्यक कुराहरू थिएनन्। जनताले दबाव दिएपछि संविधान बनैको चार वर्षपछि अर्थात सन् १७९१ मा अमेरिकाको संविधानमा अधिकार पत्रको रूपमा १० वटा बुँदा थप गरिए। त्यसमा मुख्य बुँदाहरू निम्न छन् :

- अभिव्यक्तिको स्वतन्त्रता,
- स्वेच्छाचारी तथा गैरकानूनी थुनाको विरूद्ध बन्दी प्रत्यक्षीकरणको अधिकार,
- खानतलासी विरूद्धको अधिकार।

परिच्छेद चार

दोश्रो विश्व युद्ध अघि मानवअधिकारको लागि भएका अन्तर्राष्ट्रिय प्रयास र विकास

१. मानवअधिकारको लागि भएको अन्तर्राष्ट्रिय प्रयास

१९ औं शताब्दीको शुरूवात सम्ममा मानवअधिकार सम्बन्धी धारणाहरू ज्यादै विकसित भैसकेका थिए। वेलायतको विल अफ राइट्स, अमेरिकाको स्वतन्त्रता संग्राम र फ्रान्सेली घोषणा पत्र जस्ता महान कदमहरूले मानवीय भावनाको विकासमा उल्लेखनीय योगदान दिए भने जोन लक, रूसो, भोल्तेयर, मण्टेस्क्यू, थोमस जेफरशन जस्ताका प्रयासहरूले मानवअधिकारको दिशामा पहल कदमी गरेका थिए भन्ने कुराको व्याख्या माथिका परिच्छेदहरूमा विस्तृत रूपमा गरिएको छ। यस प्रकार मानवअधिकारको संरक्षण र विकासको दिशामा चालिएका कदमहरू राष्ट्रिय कानूनमा मात्र सीमित रहेका थिए। परम्परावादी धारणाले गर्दा राज्यहरू आपसमा सम्बन्ध राख्न त्यति प्रयत्नशिल थिएनन्। त्यसकारण राष्ट्रहरू वीच डरलाग्दा युद्ध भै रहन्थे। त्यति वेला मानवताको भावना राखी रहनु भन्ने कुरा ज्यादै गाह्रो थियो, जवकी यसले अन्तर्राष्ट्रिय धारणा प्रखर रूपमा लिएको थिएन र राष्ट्रिय कानून अन्तर्गत आफ्ना नागरिकहरूलाई मात्र यस किसिमका अधिकारहरू उपलब्ध गराइन्थे। १६४८ को west falia सम्मेलनले क्रिश्चियन अल्पसंख्यकहरूको सुरक्षा प्रदान गरेको थियो र ३० वर्ष युद्ध रोकी नरसंहारलाई केही हदसम्म रोक लगाएको थियो भने अन्तर्राष्ट्रिय कानूनको धारामा ऐतिहासिक पहलकदमी पनि गरेको थियो।

१९ औं शताव्दीको थालनी सम्ममा मानवअधिकार सम्बन्धी धारणाको ज्यादै विकास भै सकेको थियो। यद्यपी त्यो राष्ट्रिय कानूनद्वारा संरक्षण गरिएको नै किन नहोस् तैपनि

दासता, अल्पसंख्यकहरूको रक्षा र युद्धमा घाइते हुनेहरूका लागि कुनै खास व्यवस्था नगरिएको हुंदा दासता जस्ता अत्यन्त क्रुर र अमानवीय व्यवहार यथावत थियो भने राज्यहरूद्वारा युद्ध कालमा समातिएका विरोधी देशका सेनाहरूलाई क्रुर यातना दिइन्थ्यो। १९ औं शताब्दीको शुरूवातसंगै यस्ता अमानवीय कार्य रोक्न र मानवअधिकारको अवधारणालाई अन्तर्राष्ट्रिय रूप दिन केही महत्वपूर्ण अन्तर्राष्ट्रिय प्रयासहरू गरिए जुन यस प्रकार छन्।

(क) भियना सम्मेलन (Vienia Congress 1815)

१७८९ को फ्रान्सेली राज्य क्रान्ति पछि शक्तिशाली बन्दै आएका महत्वाकांक्षी नेपोलियन बोनापाट वाटर लु को युद्धमा पराजित भएपछि युरोपको इतिहासमा पुनः शक्ति सन्तुलनको स्थिति west phalia सम्मेलनबाट गरिएको प्रयास पछि असफल भएको थियो। युरोपमा स्थायी रूपमा युद्धको अन्त्य गरी व्यापक जनहत्या रोक्न र अन्तर्राष्ट्रिय कानूनका केही नियमहरू प्रतिपादन गर्ने उद्देश्यले सेप्टेम्वर १८१४ देखि जुन १८१५ सम्म अष्ट्रेलियाको भियनामा युरोपेली राष्ट्रहरूको सम्मेलन बस्यो। सम्मेलनको प्रमुख उद्देश्य तत्कालिन युरोपमा विद्यमान दासप्रथा र दास व्यापारलाई रोक्नु थियो। यस सम्मेलनमा विभिन्न देशहरूले दास व्यापारका प्रति तिब्र घृणा र निन्दा प्रकट गरे। यसमा अष्ट्रेलिया, फ्रान्स, ब्रिटेन, पोर्तुगाल, प्रसिया, स्पेन, स्वीडेन, एवं रूस सम्मिलित थिए। दास प्रथा र दास व्यापारलाई रोक्नका लागि यो सम्मेलन अन्तर्गत महत्वपूर्ण प्रयास गरियो तर पनि सफल हुन सकेन। सन् १८१५ देखि १८८५ सम्ममा विभिन्न द्विपक्षीय सन्धि गरिए। उक्त अवधि भित्र दासता रोक्न गरिएका करिव ५० वटा सन्धिहरू (द्विपक्षियमा सन्धिका पक्षकारहरूले जुनसुकै रूपमा भएपनि दास प्रथा रोक्ने अभिभारा लिए सम्पन्न भए।

स्मरणीय छ Vienna Congress अन्तर्गत अन्तर्राष्ट्रिय स्तरमा दासप्रथा रोक्न कुनै महत्वपूर्ण कदम चाल्न नसकिए पनि यस अन्तर्गत गरिएका प्रयासहरूले दासता जस्तो अमानवीय व्यवहार रोक्नको लागि अन्तर्राष्ट्रिय धारणाको विकास भने गरेर छाड्यो।

(ख) बर्लिन सम्मेलन (Berlin conference)

सन् १८८५ मा अफ्रिकामा दास प्रथा रोक्ने सम्बन्धमा बर्लिनमा एउटा सम्मेलन गरिएको थियो। यो सम्मेलनमा १६ राष्ट्रहरूले भाग लिएका थिए। यसको प्रमुख उद्देश्य नै अफ्रिका महादेशमा व्याप्त दास प्रथालाई रोक्नु थियो। त्यसकारण सम्मेलनमा सहभागी राष्ट्रहरूले दास प्रथामा अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त अनुसार प्रतिवन्ध लगाइएको घोषणा गरे। यसको साथै सन्धिका पक्षधर राष्ट्रहरूले आ-आफ्नो राज्यभित्र दास प्रथा र दास व्यापारमा रोक लगाउने प्रतिवद्धता जाहेर गर्दै हस्ताक्षर गरे। यसको साथै दास व्यापार गर्ने अपराधीलाई भेटेमा आफ्नो क्षमताले भ्याएसम्म कारवाही गरिने कुरालाई पनि स्वीकार गरी सन्धिमा हस्ताक्षर गरियो। अफ्रिका महादेश र त्यसमा पनि कंगोलाई दास व्यापारको केन्द्र

बनाउदै आएकोमा तिव्र आलोचना गरियो र अब आइन्दा त्यसमा रोक लगाउन सम्पूर्ण उपाय प्रयोग गर्न वचनवद्धता पनि व्यक्त गरे।

(ग) ब्रुसेल्स सम्मेलन (Brussels conference 1890)

सन् १८९० मा दासता र दास व्यापारलाई रोक्ने उद्देश्यले ब्रुसेल्स एउटा सम्मेलनको आयोजना गरियो। यस सम्मेलनमा एउटा दासता विरोधी कानूनलाई पनि स्वीकार गरियो। जसमा १८ वटा राष्ट्रहरूले सहमति जनाए। ब्रुसेल्स सम्मेलन पूर्व गरिएका दासता हटाउने प्रयासहरू असफल भएकोले ब्रुसेल्स सम्मेलनमा अली कठोर कदम चालियो, जस अनुसार सम्मेलनमा सहभागी राष्ट्रहरूले आफ्नो भूमिभित्र र खुल्ला समुन्द्रमा गरिएको दास व्यापारलाई जुनसुकै रूपमा गरिएको भएपनि अवैधानिक मान्ने र कडा कारवाही गर्ने व्यवस्था भयो। खुला समुन्द्रमा दास व्यापार गरेको फेला पारेमा त्यस्तो कारवाहीमा संलग्न जहाज जफत गर्ने र कप्तान, मालिक र कर्मचारीलाई पनि कारवाही गर्ने सहमति भयो। खुला समुन्द्रमा भएको दास व्यापारमा संलग्न अपराधीहरूलाई पनि आफ्नो क्षमताले भ्याएसम्म कारवाही गर्ने भन्ने सहमति भएकोले यो सम्मेलनको विशेष महत्व हुन गएको हो। खुला समुन्द्रमा दास व्यापारमा संलग्न अपराधी जहाज र त्यसका मालिकलाई कारवाही गर्ने सम्बन्धमा बेल्जियमको विदेश मन्त्रालय अन्तर्गत एउटा कार्यालय समेत खडा गरियो। आफ्नो क्षेत्राधिकार भित्रका दास व्यापारका अपराधी र दास प्रथा कायम राख्ने व्यक्तिलाई पनि कडा कार्वाही गर्न सहमत भएकोले पक्षधर राज्यहरूले दासतालाई रोक्न यथासक्य प्रयास गरेका थिए भन्ने कुरा ज्ञात हुन्छ। प्रथम विश्वयुद्ध पूर्व भएका दासता रोक्ने प्रयासमा यो सम्मेलन सवै भन्दा महत्वपूर्ण मानिन्छ र यसले लामो समयसम्म आफ्नो कार्य सुचारू रूपले संचालन गर्न पक्षधर राष्ट्रहरूलाई उद्दत गरायो।

(घ) हेग सम्मेलनहरू १८९९ र १९०७ (Hághe conference 1899 and 1907)

एकिकृत जर्मनीको बढ्दो शक्ति र विभिन्न संघ तथा विरोधी संघहरूको स्थापनाले यूरोपमा युद्धको स्थिति दिनानुदिन बढ्दै गएको थियो। उद्योग र प्राविधिक क्षेत्रमा भएको उन्नतीको कारण एक आपसमा निर्भरताको स्थिति सृजना भएको थियो र अन्तर्राष्ट्रिय सम्बन्धको पनि विस्तार भएको थियो। यस्तो युद्धको स्थितिबाट युरोपीयहरूलाई बचाई राख्ने र युद्धमा हुन सक्ने भिषण धनजनको क्षतिबाट मानवअधिकारको हनन हुन नदिने उद्देश्य बोकेर निदरलैण्डको हेगमा सम्मेलनहरू गरिए। रूसी जार Nicholas को आव्हानमा भएको प्रथम Nicholas मा २६ राष्ट्रहरूले भाग लिएका थिए। Disarmament र Peaceful settlement of international Dispute जस्ता उद्देश्य राख्वेर सम्पन्न भएको उक्त सम्मेलनमा निशस्त्रीकरण सम्बन्धी कुनै निष्कर्षमा पुग्न नसकेपनि विवादहरूको शान्तिपूर्ण समाधान गर्ने क्रममा पंचायती पद्धति Arbitration system विकास गर्न र युद्ध [illegible]

सम्बन्धी नियमहरू तयार पार्नमा सम्मेलनको ध्यान केन्द्रित रह्यो, जसले गर्दा वैज्ञानिक पद्धतिद्वारा न्याय प्राप्त गर्न र युद्धमा मानवता विरोधी गहन अवरोध रोक्नमा सघाउ पुग्दथ्यो। सामुन्द्रीक युद्धमा विरामी तथा घाइते भएका शिक्षकहरूको वैधानिक स्थितिको सम्बन्धमा बनेको १८६४ को जेनेभा सन्धिलाई मान्यता दिनुका साथै अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान सम्बन्धी सन्धि र स्थलगत युद्धको नियम सम्बन्धी सन्धि गर्न असफल भयो। युद्धलाई अवैधानिक बनाउन नसके पनि युद्ध संचालन (स्थल युद्ध) सम्बन्धी नियमहरू तय गरेर युद्धमा व्यापक मानवका जीवन र स्वतन्त्रताको हकको हननलाई रोक्ने प्रयास गरियो। विवादको शान्तिपूर्ण समाधान गर्ने उद्देश्य अन्तर्गत स्थायी पंच न्यायलय (Permant Arbitration Court) को व्यवस्था गरियो। तर यस अन्तर्गत पनि निर्णय मान्ने राष्ट्रहरूलाई वाध्य गराइएन। कारण वाध्यकारी शक्ति राख्न सक्ने अन्तर्राष्ट्रिय संगठनको निर्माण गर्ने कुरामा संगठन असफल भएकोले प्रथम सम्मेलन बोलाउने आवश्यकतामा सहमति जनाई समाप्त गरियो। फलस्वरूप १९०७ को जुन जुन १५ मा दोस्रो हेग सम्मेलन बस्यो। ४४ राष्ट्रहरूद्वारा भाग लिइएको सो सम्मेलनले प्रथम सम्मेलनद्वारा तय गरिएका सन्धिहरूमा संशोधन गर्नुका साथै समुन्द्री युद्ध र तटस्थता सम्बन्धी ११ वटा सन्धिको निर्माण गऱ्यो। यसले विवादहरूको शान्तिपूर्ण समाधानका उपायहरू जस्तै Inquire Arbitration आदिमा केही सुधार ल्याउनुको साथै International prize court को स्थापना गर्न असफल प्रयास गऱ्यो।

जे होस् मानवताको रक्षा तथा विश्व शान्ति सुरक्षाको लागि भरमग्दूर प्रयास गर्दै अन्तर्राष्ट्रिय राजनीतिक प्रकृतिको संगठन आफ्नो उद्देश्य पूरा गर्न असफल भएकोले तेस्रो सम्मेलनको आवश्यकता महसुस गर्दै समापन भयो। तर तेस्रो Haghe confernce हुन नपाउँदै (तयारी गर्दा-गर्दै) प्रथम विश्व युद्ध (१९१४-१९१८) हुन गयो, जसमा मानवाधिकारको निर्मम हत्या गरियो। यस प्रकारका विभिन्न प्रयासहरूबाट अन्तर्राष्ट्रिय जगतमा मानव अधिकारको धारणा फैलिए पनि महत्वपूर्ण भूमिका खेल्न यो प्रयासहरू असफल भए परिणामतः युद्धको विभिषिका बेहोर्नु पऱ्यो।

२. मानव अधिकारको लागि मानव अधिकार कानूनको विकास

मानव अधिकारसंग सम्बन्धित मानवतावादी कानून (Humanitarian Law) को विकास १८ औं शताब्दीबाट नै प्रारम्भ भएको हो। सन् १७४५ मा फ्रान्सका राजा लुई पन्ध्रौं (Louis xv) ले युद्ध (Battle of Fontenoy) समाप्त भएपछि शत्रु पक्षका सैनिक घाइते हुनासाथ उनीहरूलाई शत्रुको रूपमा नहेरी आफ्नै सैनिक सरहको व्यवहार गर्नु पर्दछ भन्दै एक आदेश जारी गर्न पुगे। सन् १७६२ मा बेलायती जनरल अमहर्स्ट (Amherst) ले मोन्ट्रीयलको घेराबन्दीको समयमा लुई पन्ध्रौंको नियमलाई पालना गरेका थिए। १८ औं शताब्दीमा प्रतिपादित यस सिद्धान्तलाई सन् १८६४ को जेनेभा महासन्धिले अन्तर्राष्ट्रिय कानूनको रूपमा मान्यता प्रदान गर्न पुग्यो। यसभन्दा पूर्व सन् १८६३ मा स्वीस नागरिक हेनरी

ड्यूना (Henery Dunant) ले अन्तर्राष्ट्रिय रेडक्रस समितिको स्थापना गरी मानवतावादी कानूनको विकासको प्रारम्भ गरे। गैरसरकारी संगठनको रूपमा यस संस्थाको स्थापना भएको भए पनि युद्धको समयमा मानवोचित व्यवहार गरिनु पर्ने नियमहरू निर्धारित गर्ने अन्तर्राष्ट्रिय सन्धिको आवश्यकतालाई औंल्याएको पृष्ठभूमिमा १६ राष्ट्रका प्रतिनिधिको भेलाले सन् १८६४ मा जेनेभा महासन्धिलाई अस्तित्वमा ल्याएको हो। सन् १८६४ को जेनेभा महासन्धिले दशवटा धारामा स्थलगत युद्धमा घाइते भएका सैनिकहरू प्रति गरिनु पर्ने व्यवहारका सम्बन्धमा विभिन्न व्यवस्था गऱ्यो। जस अनुसार सैनिक अस्पताल र तिनका कर्मचारी प्रति सम्मान गरिनु पर्ने, स्थलगत युद्धमा विरामी र घाइते भएका सैनिकहरू जुनसुकै राष्ट्रका नागरिक भए पनि तिनीहरूलाई मार्न र अमानवीय व्यवहार गर्न नहुने, स्थलगत युद्धमा अन्तर्राष्ट्रिय रेडक्रस समितिको झण्डा र प्रतीक चिन्हको सम्मान गर्नु पर्ने, घाइतेहरूलाई सहायता पुऱ्याउने गैरसैनिकहरूलाई सम्मान गर्नु पर्ने जस्ता व्यवस्थाहरू थिए। यसै अनुरूप सन् १८९९ को हेग सन्धिले सामुद्रिक युद्धमा विरामी र घाइते सैनिकहरूसंग मानवीय व्यवहार गरिनुपर्ने व्यवस्था गऱ्यो। सन् १९०७ को दोस्रो हेग सन्धिले स्थलगत बन्दी बनाइएका व्यक्तिहरूसंग मानवीय व्यवहार गर्नु पर्ने व्यवस्था गऱ्यो। प्रथम विश्वयुद्धको समयमा रेडक्रसले मानवीय कार्य गरेको परिणाम स्वरूप राष्ट्रसंघको अनुबन्ध (convenant of the League of Nations) मा विश्वभरी नै स्वास्थ्यको सुधार, रोगको रोकथाम, उत्पीडनलाई कम गर्ने (Mitigation of Suffering) उद्देश्यले स्थापना भएको रेडक्रस संगठनलाई सहयोग गर्ने, स्थापनालाई प्रोत्साहन दिने कुरामा राष्ट्रसंघका सदस्य राष्ट्हरू सहमत भए। सन् १९४९ मा मानवीय मूल्य र मर्यादामा आधारित भएर युद्ध पीडितको संरक्षण गर्नु पर्ने सम्बन्धमा जेनेभा महासन्धि जारी गरियो।

व्यक्तिको अधिकार संरक्षण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनको तेस्रो मुख्य विकासको रूपमा अल्पसंख्यकहरूको, संरक्षण (Protecion of Minorities) को विषय रहन पुग्यो। जाति, भाषा, धर्म, रंग, लिङ्ग जस्ता आधारमा अल्पसंख्यकको रूपमा रहेको कारणले बहुसंख्यक सरह समान अधिकार प्रयोग गर्न नसकेको व्यक्ति वा व्यक्तिहरूको समूह नै अल्पसंख्यक हुन्। अल्पसंख्यकहरूको संरक्षण गर्ने अन्तर्राष्ट्रिय प्रयास सन् १८७८ को बर्लिन सन्धि (Treaty of Berlin, 1878) बाट भएको देखिन्छ। बर्लिन सन्धि अन्तर्गत बुल्गेरिया, मोन्टोनेग्रो, सर्विया, टर्की र रूमानियाले आ-आफ्ना राष्ट्हरूमा बस्ने अल्पसंख्यकहरूको धार्मिक स्वतन्त्रता प्रदान गर्ने दायित्वलाई ग्रहण गरे। प्रथम विश्वयुद्धको परिणाम स्वरूप कतिपय राष्ट्हरूमा स्वासगरी पोलैण्ड, चेकोस्लोभाकिया, युगोस्लोभाकिया, हंगेरी, बुल्गेरिया, अल्वानिया, रूमानिया, टर्की जस्ता देशहरूमा जातिगत, भाषागत र धर्मगत अल्पसंख्यक समूहहरू थिए। प्रथम विश्वयुद्ध पश्चात् अल्पसंख्यकको संरक्षणका सम्बन्धमा मूलतः ३ स्वरूपका (Forms) व्यवस्थाहरू गरिए। प्रथमतः अल्पसंख्यकको संरक्षणका सम्बन्धमा नयाँ स्थापित राष्ट्हरूसंग गरिएको सन्धिहरू जस अन्तर्गत पोलैण्डसंग गरिएको सन्

१९१९ को भर्सेलिज सन्धि (Versalies, 28 June 1919), चेकोस्लोभाकिया र युगोस्लाभियासंगको सन् १९१९ को सेन्ट जर्मेन सन्धि (St. Germain-en-laye, Losep. 1919), रूमानियासंगको सन् १९२० को ट्रायनन सन्धि (Trianon, 4, June 1920) र ग्रीससंग गरिएको सन् १९२० को सन्धि (Severes, 10 Aug.1920) दोस्रो, पूर्व शत्रु राष्ट्रहरूसंग (Ex-enemy states) अल्पसंख्यकहरूको संरक्षणका निमित्त गरिएका शान्ति सन्धिहरू जसअन्तर्गत अष्ट्रियासंग गरिएको सन् १९१९ को सेन्ट जर्मेन सन्धि र (St. Germain-en-laye losep 1919), बुल्गेरियासंगको न्यूली सन्धि (Neuily, 27 Nov. 1919), हंगेरिसंगको सन् १९२० को ट्रायनान सन्धि (Trianon, June 4, 1920) र टर्कीसंगको सन् १९२३ को लोजान सन्धि (Lausanne, 24, July, 1923) । तेस्रो अल्पसंख्यकको संरक्षणको निमित्त राष्ट्र संघमा प्रवेश गर्न पाउने घोषणाहरू जसमध्ये फिनलैण्डको १९२१ (27 June, 1921 as regards the Aland Islands) अल्वानियाले २१ अक्टोवर, १९२१, लिथुवानियाले १२ मे १९२२, लाटवियाले ७ जुलाई १९२३ र इराकले ३० मे १९३२ मा आ-आफ्ना राष्ट्रहरूमा अल्पसंख्यकहरूको संरक्षण गर्ने संघीय परिषद् समक्ष घोषणा गरेका थिए। अल्पसंख्यकहरूको संरक्षणका निमित्त गरिएका यी विभिन्न व्यवस्थामा मूलतः नागरिक तथा राजनैतिक अधिकारको प्रयोगमा समानता, धर्मको स्वतन्त्रताको अबलम्बन गर्न पाउने हकको सुरक्षा, आ-आफ्नो भाषाको संरक्षणको अधिकार तथा आफ्ना धर्म र भाषानुसारको शिक्षण संस्थाहरूको स्थापना गर्न पाउने अधिकार, पर्याप्त संख्यामा अल्पसंख्यकहरू भएका जिल्लाका सरकारी स्कूलहरूमा अल्पसंख्यकहरूको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित राष्ट्र पक्षको हुने र यी दायित्वहरू लागु गराउन राष्ट्रसंघले महत्वपूर्ण भूमिका खेल्ने र अल्पसंख्यकका सम्बन्धमा गरिएका व्यवस्थाहरू राष्ट्रसंघीय परिषद्को सहमति विना एक पक्षीय रूपमा परिवर्तन गर्न नपाइने व्यवस्थाहरूको प्रत्याभूत गरियो। अल्पसंख्यकहरूलाई प्रत्याभूत गरिएको अधिकारको हनन भएको स्थितिमा पीडित व्यक्तिलाई राष्ट्र संघसमक्ष शिकायतपत्र प्रस्तुत गर्ने (Minority groups could bring their complaints before the league) र त्यस उपर जाच गर्ने समेतका आवश्यक व्यवस्थाहरू गरिए। अल्पसंख्यकहरूको संरक्षणका सम्बन्धमा माथिल्ला साइलेसिया सन्धि (German Polish Convention, 15 May, 1992 on upper Silesia) र मेमेल क्षेत्र सम्बन्धी सन्धि (Convention concerning Memel Terribory May 8, 1924) ले पनि महत्वपूर्ण स्थान राख्दछन्। सन् १७५६-१७६३ को प्रसिया र अष्ट्रिया वीचको युद्धको परिणाम स्वरूप साइलेसियाका केही भाग अष्ट्रियाको कब्जा र अन्य भाग प्रसिया (जर्मनी) को अधिनमा थियो। यसरी विभाजित साइलेसियाको माथिल्लो भाग प्रसियाको अधिनमा रह्यो। प्रथम विश्वयुद्धमा जर्मनी र अष्ट्रिया, हंगेरियनको पराजय पछि पोलैण्डले सम्पूर्ण साइलेसियामा आफ्नो दावी गर्न पुग्यो। सन् १९१९ को शान्ति सन्धि अन्तर्गत अष्ट्रियाको अधिनमा रहेको

साइलेसियाको तल्लो भाग चेकोस्लाभाकियामा सुम्पियो। माथिल्लो साइलेसियामा पोल्याण्डको ध्यान केन्द्रित भएकोले विवाद रही रह्यो। परिणामतः सन् १९२१ मा जनमतसंग्रह समेत गरियो। जसको परिणामस्वरूप राष्ट्र संघले माथिल्लो साईलेसियालाई दुई भागमा विभाजन गरी ठूलो भाग जर्मनी र सानो भाग पोलैण्डको अधिनमा राख्न पुगेकोले ती क्षेत्रमा अल्पसंख्यकको समस्या उत्पन्न भयो। परिणामतः सन् १९२२ को अपर साइलेसिया महासन्धिद्वारा दुवै (जर्मनी र पोलैण्ड) राष्ट्रहरूद्वारा अल्पसंख्यकको संरक्षण गर्ने र यसको कार्यान्वयनको लागि आवश्यक कदमहरू चाल्ने कुरामा सहमति व्यक्त गरियो। अल्पसंख्यकहरूको संरक्षणका सम्बन्धमा गरिएका सन्धि सम्झौताहरू र यस सम्बन्धमा राष्ट्रसंघद्वारा गरिएका प्रयासहरूको अध्ययन गरी अल्पसंख्यकहरूको अधिकारको संरक्षणका लागि प्रभावकारी व्यवस्थाको सिफारिस गर्न राष्ट्र संघीय परिषद्ले ७ मार्च, १९२९ मा एक प्रस्ताव पारित गरी जापान, बेलायत र स्पेनका प्रतिनिधिहरू रहेको एक समितिको स्थापना गऱ्यो। यस समितिले अल्पसंख्यकका संरक्षणका सम्बन्धमा दिएका विभिन्न सिफारिसहरूलाई कार्यान्वयन गर्ने उद्देश्यले राष्ट्र संघीय परिषद्ले १३ जुन, १९२९ मा ६ सूत्रीय प्रस्ताव पारित गर्न पुग्यो। दोस्रो विश्वयुद्ध पछि अल्पसंख्यकहरूको संरक्षण गर्ने उद्देश्यले सन् १९४७ मा भेदभावको निराकरण तथा अल्पसंख्यकहरूको संरक्षण विषयक उपआयोगको गठन भयो। यसैगरी अल्पसंख्यकको संरक्षणको निमित्त द्विपक्षीय र बहुपक्षीय सन्धि सम्झौताहरू भए।

मानव अधिकार कानूनको विकास दोस्रो विश्वयुद्ध पश्चात् नै वास्तविकरूपमा भएको मानिए तापनि १७ औं शताब्दी देखि नै यसप्रकार दासत्व र दास व्यापारको उन्मूलन गर्न, मानवतावादी कानूनको निर्माण गर्न र अल्पसंख्यकहरूको संरक्षण गर्न विभिन्न अन्तर्राष्ट्रिय कदमहरूको प्रारम्भ भएको देखिन्छ। सन् १९२८ मा अन्तर्राष्ट्रिय कुटनीतिक एकेडेमी नामक संस्थाले एक प्रस्ताव पारित गर्दै सबै राष्ट्रहरूले मानव अधिकारलाई संरक्षण दिनुपर्ने सिफारिस गऱ्यो। सन् १९२९ मा अन्तर्राष्ट्रिय कानून संस्थान (Institute of International Law) ले मानिसका अधिकारको घोषणापत्र जारी गर्दै राष्ट्रियता, लिङ्ग, जाति, भाषा र धर्मको भेदभाव विना विश्वका सबै मानिसहरूलाई समानताको आधारमा जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकार प्रदान गर्नु सबै राष्ट्रको कर्तव्य हुने कुरामा जोड दियो। सन् १९३२ मा अन्तर्राष्ट्रिय कानून संगठन नामक गैरसरकारी अन्तर्राष्ट्रिय संगठनले मानव अधिकारको अन्तर्राष्ट्रिय संरक्षणको सम्बन्धमा विभिन्न आधारभूत सिद्धान्तलाई समाहित गरी मस्यौदा तयार पाऱ्यो। प्रत्येक राज्यले जीवन, स्वतन्त्रता, मानव अधिकार र न्यायलाई संरक्षण गरिनु पर्ने सिद्धान्तलाई अगष्ट १४, १९४१ को एटलान्टिक घोषणापत्रमा अन्तर्राष्ट्रिय दस्तावेजको रूपमा सर्वप्रथम मूर्तरूप दिन पुग्यो। अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने तथा अन्तर्राष्ट्रिय सहयोगको बृद्धि गर्ने उद्देश्यले संस्थासित राष्ट्रसंघ (League of Nations) अन्तर्गत मानव अधिकार संरक्षण सम्बन्धी निश्चित कुनै व्यवस्थाहरू थिएन्। शान्ति सन्धिहरूमा भएको अल्पसंख्यकहरूको अधिकारको संरक्षण गर्ने अन्तिम अभिभारा राष्ट्र संघमा नै रहेकोले

अल्पसंख्यकहरूको संरक्षण सम्बन्धी विशेष कार्यहरू भने राष्ट्रसंघले गर्न पुगेको थियो। म्याण्डेट प्रणाली (Mandate System) अन्तर्गतको जिम्मेवारी र श्रम सम्बन्धी अन्तर्राष्ट्रिय स्तरको निर्धारणको प्रक्रियाद्वारा मानव अधिकारको क्षेत्रमा राष्ट्रसंघले केही योगदान पुऱ्याएको देखिन्छ।

३. राष्ट्रसंघ र मानवाधिकार

मानवाधिकार र विश्व शान्तिको लागि एउटा प्रभावशाली संगठनको आवश्यकता छ भन्ने कुरा युरोपीय संघ (Concert of Equrope) को स्थापना काल देखि नै महसुस गरिएको थियो। तत्पश्चातका विभिन्न सम्मेलनहरू (खास गरी हेग सम्मेलन १८९९ र १९०७० मा यस सम्बन्धमा विशेष प्रयास गरिएको थियो। तर बलिया राष्ट्रहरूले यस्ता संगठनहरूलाई आफ्नो स्वार्थ सिद्ध गर्ने साधनको रूपमा प्रयोग गरेकाले यिनीहरूले विश्व संगठनको रूप धारणा गर्न सकेनन् फलस्वरूप विभिन्न विपरित स्वार्थ, हातहतियारको होडबाजी, यातायात र संचार क्षेत्रमा भएको उन्नती आदिले अर्काबाट विरोध र निर्भरताको स्थितिमा पुगेको विश्वमा प्रभावशाली अन्तर्राष्ट्रिय संगठन (जसले विश्वसमुदायलाई आपसी सहयोग र मेलमिलापको सूत्रमा बाँधून सकोस्) को अभावले गर्दा सन् १९१४-१८ मा प्रथम विश्वयुद्धको भयावह घटना विश्व समुदायले सामना गर्नु पऱ्यो। प्रथम विश्वयुद्धमा असंख्य धनजनको क्षति हुनुका साथै मानवताको आधारमा तयार पारिएको अन्तर्राष्ट्रिय कानूनका सीमाहरूलाई खुला रूपमा उल्लंघन गरियो। यसबाट मानव समुदायले भोग्नु परेको क्षतिबाट विश्वका केही दिग्गजहरूको मस्तिष्कमा मानवताको धारणाले पुनः एकपल्ट झटारो हान्न थाल्यो। फलस्वरूप युद्ध चलिरहेकै अवस्थामा युद्ध रोकी विश्व शान्ति र मानवाधिकारका मौलिक मान्यतालाई कायम गर्ने उद्देश्यले विभिन्न सन्धि र सम्झौताको लागि प्रस्ताव गर्न थालियो। यस्ता प्रस्तावहरूद्वारा सरकारी संगठनको निर्माण गर्ने प्रयास गरियो। जस्तै Proporal for the Avidence of word eaque of inforce peace आदिले भावी संगठनको प्रारूप तयार पार्ने काममा मद्दत पुऱ्याएका थिए। त्यसपछि विभिन्न मस्यौदाहरू तयार पारियो। अन्तमा अमेरिकाका मिलेर र बेलायतका हर्टद्वारा तयार पारिएको मस्यौदा (Hirst Millar Draft) लाई १९९१ मा पेरिस शान्ति सम्मेलन (Paries peace conference 1991) मा केही संशोधन सहित स्वीकार गरियो र २८ अप्रिल १९१९ मा League of covenant पारित गरियो। यस्तै (१९१९ मा) अन्य विभिन्न शान्ति सन्धि तयार गरिएका थिए। यिनीहरूमा भसेलिज सन्धि सबैभन्दा महत्वपूर्ण थियो, जुन बेलायत तथा फ्रान्सको हितमा थियो। यिनै विभिन्न सन्धिलाई मिलाएर राष्ट्र संघको अनुबन्ध (Covenant of the league of Nation) तयार गरियो। भेसेलिजको सन्धि लागु भएपछि १० जनवरी १९२० मा राष्ट्र संघको विधिवत रूपमा स्थापना भयो।

प्रथम विश्वयुद्धको उपज भएकोले राष्ट्र संघलाई कतिपय मानिसहरूले युद्धको बालक भएकोले (Child of war) को संज्ञा दिएपनि यस भन्दा पूर्वका सन्धि र सम्मेलनहरू जो विश्वभरमा मानवाधिकार र शान्ति सुरक्षा कायम गर्ने धारणाले अभिप्रेरित थिए, तिनीहरूको अनुभव पनि यसले ग्रहण गरेको थियो। अत्यन्त विवादास्पद स्थितिमा बनेको League of Nation लाई यसको थालनीको शुरू देखि नै विवादास्पद थियो र कसैले पनि यसलाई स्वतन्त्र अन्तर्राष्ट्रिय संगठनको रूपमा मान्यता दिएनन्। बेलायतले यसलाई अनर्थ संगठनको संज्ञा दिएको थियो। प्रथम विश्व युद्धको भयावह घटना र मानव अधिकारको व्यापक उल्लंघनबाट विग्रेको विश्व शान्तिलाई पुनः स्थापित गर्ने सपना बोकेर स्थापना भएको राष्ट्र शुरू देखि नै विवादको विषय भएको र यसको संरचना नै अत्यन्त लचिलो भएकोले यसका सदस्यहरूको संख्या घट्दै गयो फलतः शुरूमा ६२ सदस्य भएकोमा कालान्तरमा ३२ सदस्य मात्र रहे। यसले गर्दा आफ्नो उद्देश्यमा पुग्न राष्ट्र संघलाई संकटको स्थिति सृजना भयो।

राष्ट्र संघको उद्देश्य मानव अधिकार तथा मानवीय हित र विश्व शान्तिसंग सम्बन्धित थियो भन्ने कुरा यसको सम्बन्धमा प्रोफेसर गुडस्पीड (S. Good Speed) को मतलाई हेर्दा स्पष्ट हुन्छ। उनका अनुसार राष्ट्रसंघको अनुबन्ध एक बहुपक्षीय सन्धि थियो। जसको दोहोरो उद्देश्य अन्तर्राष्ट्रिय शान्ति था सुरक्षा बनाई राख्नु तथा अन्तर्राष्ट्रिय सहयोगको प्रोत्साहन गर्नु थियो। राष्ट्रसंघको अनुबन्धका विभिन्न धाराहरूमा विश्व व्यवस्था मिलाउने र मानवीय हित गर्ने हेतुले विभिन्न व्यवस्था गरिएको छ जसलाई केही हदसम्म कार्यान्वयन गर्न राष्ट्र संघ सफल पनि भएको देखिन्छ।

मानवीय हितको लागि सबैभन्दा घातक र खतरनाक स्थिति युद्ध स्थिति हो। अनुबन्धको धारा १ मा नै सदस्य राष्ट्रहरूले अरू राष्ट्रको क्षेत्रीय अखण्डता र राजनीतिक स्वतन्त्रता विरूद्ध अतिक्रमण वा युद्ध गर्नु हुँदैन र सदस्यराष्ट्रहरू माथि अरू राष्ट्रको आक्रमण वा आक्रमणको खतरा वा धम्की भएका संघीय परिषद्ले आवश्यक उपायहरू बारे सोच्न सक्दछ भन्ने व्यवस्था थियो। साथै यस्ता राष्ट्रको सुरक्षाको लागि उपयुक्त कदम चाल्ने अधिकार राष्ट्र संघलाई थियो। Convence of league of Nation articlnaned 17 को कार्वाही सदस्य राष्ट्रहरूको मानवीय हितको पक्षमा थियो।

Covenant का धारा १२ देखि १४ सम्म विवादको समाधान गर्न अपनाइने शान्ति पूर्ण उपायको व्यवस्था गरिएको थियो। जस अन्तर्गत Inquiry, Arbitration, Jutical settlementआदि उपायहरू पर्दथे। मानवीय हितको लागि निशस्त्रीकरणलाई प्रोत्साहित गर्नु अन्तर्राष्ट्रिय कानूनको निर्माण गर्ने लक्ष्य राष्ट्र संघद्वारा राखिएको थियो। यस अन्तर्गत नागरिकता सम्बन्धी केही नियमहरूको सम्हिताकरण गर्न १९३० मा Hague condification confrence slavery convention 1927 बाट श्रम उन्मुलन सन्धि coorced labour convance 1930 आदि सन्धीहरू सम्पन्न गरिए। त्यसै गरी धारा २३ अनुसार पनि विभिन्न व्यवस्थाहरू गरिएका थिए। तिनमा महिला, पुरूष तथा बालकको लागि न्यायोचित व्यवहार

गर्न प्रोत्साहित गर्नु, महिला तथा बालकहरूको बेचबिखतको प्रतिबन्ध लगाउनु आदि काम राष्ट्र संघको दायित्व अन्तर्गत पर्दथे। राष्ट्र संघको अनुबन्धको धारा १४ अनुसार Permanant court or International Justic को स्थापना गरिएको थियो। जुन सन्धि परिषद्बाट सभाद्वारा माग गरिएको सल्लाहाकारी मतमा सल्लाह दिने र पक्षद्वारा सुम्पिएको विवादको निर्णय गर्नु थियो।

Concept of Europe भन्दा धेरै हदसम्म विकसित राष्ट्र संघले मानवीय हितको लागि विभिन्न प्रयासहरू गरे। तर यो पनि शक्ति सन्तुलनको सिद्धान्तमा अडेको थियो। अमेरिका यसको सदस्य बनेको थिएन। यसका सदस्य राष्ट्रहरूले यसलाई पनि आफ्नो स्वार्थ सिद्ध गर्ने साधनको रूपमा उपयोग गरे। यो संगठन जस्तो नभएर सम्मेलन प्रकृतिको जस्तो पनि थियो। राष्ट्रसंघका प्रमुख दुई अंगहरू सभा र परिषद् बीच स्पष्ट कार्य विभाजन नहुनु राष्ट्रसंघका दुर्वलताहरू मध्ये एक हो।

राष्ट्रसंघ अन्तर्गत विश्व शान्तिको परिकल्पना गरिएको थियो तापनि युद्धलाई पूर्णतया निषेध भने गरिएको थिएन। राष्ट्रसंघको Convenant अनुसार नै केही परिस्थितिमा राज्यद्वारा गरिने युद्धमा मान्यता प्रदान गरिएको थियो। अन्तर्राष्ट्रिय समस्याको शान्तिपूर्ण समाधानको लागि मध्यस्थता वा परिषद्द्वारा जाँच गराउनु राज्यको दायित्व थियो। तर यसो गर्दा पनि समस्याको समाधान नभएमा त्यसको ३ महिनापछि युद्ध गर्न राज्यहरूले अधिकार प्राप्त गर्दथे। विधिशास्त्रीका अनुसार राष्ट्र संघको अनुवन्धमा सही गर्नु नै सबैभन्दा ठूलो संवैधानिक त्रुटी थियो।

League of Nation अन्तरगत मानवअधिकारको छुट्टै वा वृहत विकास भएको थिएन। अल्पसंख्यकहरूको सुरक्षामा मात्र विशेष ध्यान दिएको थियो। UNO को स्थापना पूर्व मानवअधिकार सम्बन्धी धारणालाई राष्ट्रिय कानून अन्तरगत मात्र विशेष व्यवस्था गरिएको थियो।

राष्ट्र संघ अन्तरगत युद्ध विरामी तथा घाइतेहरूलाई मानवीय सहायता पुऱ्याउने सम्बन्धमा थुप्रै अन्तर्राष्ट्रिय सन्धिहरू मार्फत प्रयास गरियो र यही आधारमा प्रथम विश्व युद्धताका घाइते र युद्धवन्दीहरूलाई सहायता पुऱ्याइयो। राष्ट्र संघको संविधानमा पनि विरामी घाइते एवं युद्धवन्दीहरूको सुरक्षा सम्बन्धी रेडक्रसलाई मान्यता प्रदान गरियो।

प्रथम विश्वयुद्धको शुरूवात र त्यसभन्दा अघि पनि दासता रोक्ने र अल्पसंख्यकहरूको हित गर्ने हेतुले अनेकौं सन्धिहरू गरिए। प्रथम विश्व युद्धपछि स्थापित Mandate System अन्तरगतका भू-भागमा शासित जनताहरूको धर्म एवं अन्तस्करणको स्वतन्त्रतालाई ग्यारेण्टी दिइयो। साथै त्यस क्षेत्रमा दासता एवं दास व्यापारलाई पूर्णतया उन्मूलन गर्ने कानूनी आश्वासन प्रदान गरियो। त्यसपछि सन् १९१९ एवं १९२७ मा राष्ट्र संघको तत्वावधानमा दास एवं दास व्यापार उन्मूलन अभियानको निर्माण गरियो जस अन्तरगत दासताका सबै रूपहरूलाई समाप्त गर्ने सम्बन्धमा सम्बन्धित राष्ट्रहरूद्वारा प्रतिज्ञा

गरियो।

सामाजिक न्याय विना विश्व शान्ति संभव छैन भन्ने कुरा प्रथम विश्व युद्धको विभत्स घटनाले प्रमाणित गरी दिएको थियो। फलस्वरूप मानवअधिकार र अन्तर्राष्ट्रिय शान्तिको परिकल्पना लिएर गठित राष्ट्र संघले १९१९ को भसेलिजनको सन्धिको भाग १३ मा अन्तर्राष्ट्रिय श्रम संगठनको विधानलाई व्यवस्थित गरी ILO नामक अन्तर्राष्ट्रिय संगठनको स्थापना गर्न पुग्यो। हुन त अन्तर्राष्ट्रिय श्रमिक संगठनको आवश्यकता यस भन्दा पूर्व पनि महशुस नगरिएको होइनन। काल मार्क्स जस्ता श्रमिक नेताले श्रमिकहरूको हकहित र सुरक्षाको लागि नयाँ सन्देश दिइसकेका थिए। त्यसै गरी सन् १९१४ मा नै अमेरिकाको लेवर फेडेरेशनले फिलडेल्फिमा सम्मेलनद्वारा मजदूरहरूप्रति भातृत्वको सम्बन्ध राख्निनु पर्ने कुरामा महत्वपूर्ण प्रस्ताव पारित गरेको थियो। ILO राष्ट्र संघको अभिन्न अंग नभएर राष्ट्र संघ अन्तरगतको एक स्वायत्त संस्था (अन्तर्राष्ट्रिय संगठन) थियो। यसले पनि मानवीय हकअधिकारको लागि प्रयास गरिरह्यो। सन् १९४४ मा फिलाडेल्फियामा एक सम्मेलनको आयोजना गरी श्रमिक हितका लागि केही घोषणाहरू पारित गऱ्यो। सन् १९४६ मा गएर यो संगठनले संयुक्त राष्ट्र संघको विशेष संगठनको मान्यता पांयो।

राष्ट्र संघ विश्व शान्ति कायम राख्न असफल हुनुको कारण के हो भने यसका सदस्यहरूले यस प्रतिको आफ्नो कर्तव्यमा उदासनता देखाए। त्यसकारण यो असफलता राष्ट्र संघको नभएर यसका सदस्यहरूको असफलता थियो। प्रोफेसर गुडस्पीडका शब्दमा राष्ट्र संघको पदत्याग त्यस्ता व्यक्तिले गरे जसले आफ्नो गम्भीर उत्तरदायित्व पूरा गर्न असफल भए। राष्ट्र संघको असफलताको कारण १९३८-१९४४ सम्म मानवअधिकारको ठाडो उल्लंघन एवं चरम विश्व आन्तकले भिमकाय रूप लिएर द्वितीय विश्वयुद्ध भयो, जसले अन्तर्राष्ट्रिय कानून मूल्य र मान्यतालाई व्यापक उल्लंघन गऱ्यो र विश्वका मानिसहरू संयुक्त राष्ट्र संघ अन्तरगत आवद्ध हुन गए। यस प्रकार आफ्नो उद्देश्यमा पुग्न असफल भएको राष्ट्र संघ संयुक्त राष्ट्र संघको स्थापना पश्चात १९४६ को April मा संयुक्त राष्ट्र संघको प्रस्तावद्वारा विघटन भयो। स्मरणीय के छ भने मानवअधिकारको रक्षा गर्न आफू असफल रहे पनि राष्ट्र संघले विश्वलाई मानवअधिकारको पाठ भने सिकाएरै छोड्यो।

परिच्छेद पाँच

दोस्रो विश्व युद्ध पछि मानवअधिकारको लागि भएको अन्तर्राष्ट्रिय प्रयास र विकास

१. संयुक्त राष्ट्रसंघ र मानवाधिकार

संगठित विश्व समुदायको निर्माण गर्ने प्रयास प्रथम विश्व युद्धपछि गठित राष्ट्रसंघद्वारा गरिएको थियो। यसका सदस्य राष्ट्रहरूको असफल व्यवहारले गर्दा राष्ट्र संघ विश्व शान्ति सुरक्षा राख्नमा पूर्णत असफल भयो। फलतः १९३९ देखि १९४५ सम्म अतुलनीय एवं भयावह स्वरूपको द्वितीय विश्व युद्ध हुन गयो। यसमा मानव समुदायले अपूरणीय क्षतिको सामना गर्नु पऱ्यो। अत्याधुनिक हात हतियारको होडबाजी चलिरहेको अवस्थामा घटन गएको उक्त घटनामा असंख्य जनधनको क्षति हुनु अस्वाभाविक थिएन। उक्त विभत्सकारी घटनामा अन्तर्राष्ट्रिय कानूनका सम्पूर्ण मूल्य र मान्यताहरूलाई कुल्चियो। मानवाधिकारको खुल्ला उल्लंघनको ताण्डव नृत्य नाचियो। भनिन्छ, उक्त घटनामा करिव ५ लाख मानिसको ज्यान गायो २ लाख नरनारीहरू घाइते भए र ३ लाख घरवार विहीन भए। संझदा पनि कहाली लाग्दो दोस्रो विश्व युद्धको घटना २० औं शताब्दीको पूर्वार्धमा हुन गएको प्रथम विश्व युद्धको लामो अवधि नबित्दै घटेको थियो। प्रथम विश्व युद्धको तुलनामा यो अत्यन्त भयावह एवं विनासकारी थियो। त्यति बेलासम्म हातहतियार तथा विस्फोटक बम जस्ता विनासकारी साधनको चरम विकास भैसकेको थियो। राष्ट्र संघ युद्धको बालक भंएको हुँदा यो विश्व शान्ति सुरक्षामा असफल भयो र द्वितीय विश्व युद्धलाई निम्त्याउन पुग्यो।

द्वितीय विश्व युद्ध जसमा असंख्यक यहुदीहरू र अल्पसंख्य जातिका मानिसहरूलाई नाजी जर्मनीले बर्बतापूर्ण हत्या गरेका थिए। यसलाई देखेर संसारका

मानवतावादी दिग्गजहरूको मस्तिकमा मानवीय भावनाको विजाङ्कुर फस्टाउन थाल्यो र विश्व शान्ति एवं मानवाधिकारको स्थायी रक्षाको लागि एउटा विश्वव्यापी स्थायी संगठनको स्थापना गर्न उद्धत गरायो। त्यही बौद्धिक प्रयासको उपज हो संयुक्त राष्ट्र संघ।

विश्व युद्ध चलिरहेकै बेलामा युद्धको आततायी दृश्यले क्षतविक्षत भएका मानवीय मस्तिष्कहरू विवादको शान्तिपूर्ण समाधानको उपाय खोज्नको लागि प्रयत्नशील रहे। त्यसको लागि उनीहरूले विश्व संगठनको अर्को विकल्प देख्नेनन् र नयाँ अन्तर्राष्ट्रिय संगठनको लागि विभिन्न प्रयासहरू गरे। उदाहरणको लागि १२ June १९४१ लण्डनको St. James palace मा गरिएको अन्तर सम्बन्ध घोषणा (Inter Allined Decleration 1941) १४ Auhast १९४१ मा बेलायतका प्रधानमन्त्री चर्चिल र अमेरिकाका राष्ट्रपति रूजवेल्टले प्रशान्त महासागरमा एउटा जहाजमा एउटा लिखतमा हस्ताक्षर गरी तयार पारी Atlantic charter 1041 Junary 1842 मा रूस, अमेरिका, बेलायत लगायत अन्य २६ राष्ट्रहरूले हस्ताक्षर गरिएको संयुक्त राष्ट्र संघको घोषणा Declaration of the United Nation 1942, 30 October 1943 Moscow Declaration, Techaran Declaration 1943, Dumbertion oaks conference 1944 ज्यादै महत्वपूर्ण छन। 11 Fabruary 1945 मा ब्रिटेनका चर्चिल, अमेरिकाका राष्ट्रपति रूजवेल्ट र रूसका स्तालिन आफ्ना सैनिक अध्यक्ष र विदेश मन्त्रीहरूका साथ सोभियत संघको याल्टामा भेला भै भावी अन्तर्राष्ट्रिय संगठनको अन्तिम प्रारूप तयार भयो। त्यस पछि २५ April १९४५६ देखि २५ Jun १९४५ सम्म अमेरिकाको सन्फ्रान्सिस्कोमा Lord Halifax को अध्यक्षतामा निकै ठूलो सम्मेलन भयो। जसमा विश्वका अधिकांश प्रमुख राष्ट्रहरूले भाग लिएका थिए।

San Francisco Conference मा २७जुन १९४५ मा हस्ताक्षर गरिएपछि संयुक्त राष्ट्रसंघको विधिवत स्थापना भयो। तर सम्बन्धित राष्ट्रका सरकारबाट अनुमोदन गरिनु पर्ने भएकोले सो कार्य पूरा भएपछि २४ अक्टोवर १९४५ देखि वडापत्र लागु भयो। शुरूमा यसमा हस्ताक्षर गर्ने राष्ट्रहरूको संख्या ५१ भएकोमा हाल सो संख्या बढेको छ। यसको वडापत्रमा १९ अध्याय, १११ धारा र शान्ति तथा मानव अधिकारसंग सम्बन्धित छन्।

यस प्रकार विभिन्न चरणहरू पार गरी प्रथम र द्वितीय विश्व युद्धका घटनाहरू समेतलाई दृष्टिगत गरी तयार पारिएको संयुक्त राष्ट्रसंघको बडापत्रको सम्पूर्ण संरचनामा मौलिक मानव अधिकार र विश्व शान्ति एवं भातृत्वको परिकल्पना, सर्वाभौमसत्ता, आत्म निर्णय, आन्तरिक क्षेत्राधिकार जस्ता कुराहरूले कुनै न कुनै बेलामा संयुक्त राष्ट्र संघलाई आफ्नो उद्देश्यसम्म पुग्नको लागि व्यवधान खडा गरेको पनि देखिन्छ। तर यस्ता प्रावधानहरू बडापत्रको सकारात्मक पक्षको तुलनामा ज्यादै कम देखिन्छन्।

सामाजिक न्याय विना विश्व शान्ति सफल हुँदैन भन्ने कुरा विगतका २ विभत्स घटनाहरूले प्रमाणित गरिसकेका थिए। आफ्ना हक अधिकारको अपहरण गरिएपछि अत्याचार दमनको विरूद्ध केही नलागेर विद्रोह गर्नु सिवाय अर्को विकल्प नदेखेर मानवले विद्रोहको

सहारा लिन पुग्दछ, जसको विस्तृत रूप युद्ध हुन जान्छ र त्यस्ले विश्वव्यापी रूप लिन पनि सक्छ भन्ने हेतुले सन्फ्रान्सिस्को सम्मेलनमा संयुक्त राष्ट्र संघको वडापत्रमा मानवाधिकार सम्बन्धी स्पष्ट धारणाहरू उल्लेख गर्ने लक्ष्य राखिएको थियो। जस्ले युद्धको अन्त गर्नु र मानवहरूको वीचमा भातृत्वको भावना स्थापना गर्न सक्ने आशा पनि गरिएको थियो।

संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय संगठन हो। यो कुनै अन्तर्राष्ट्रिय सरकार होइन। त्यस कारण यस अन्तर्गत विश्व सरकारको जस्तो काम कारर्वाहीको अपेक्षा राख्न सकिदैन। यो त यसका सार्वभौमसत्ता सम्पन्न सदस्यहरूको स्वच्छिक सहमतिको संगठित रूप हो। यसमा मानव मात्रका मौलिक, नागरिक, राजनीतिक, सांस्कृतिक, सामाजिक आदि हकाधिकारको व्यवस्था गरिएको छ। जुन हकहरू वडापत्रको निर्माण पूर्व राष्ट्रिय कानूनहरूद्वारा सन्फ्रान्सिस्को सम्मेलनमा नै उच्चारण गरिएको थियो। Louis Bsohn का अनुसार मानवाधिकारको सम्बन्धमा बडापत्रमा उल्लेखित शब्द Promoting respect for Human Rights ले ज्यादै कमजोर अर्थ प्रकट गर्छ भनेर आपति उठाइएको थियो। यस्तो लचिलो र खुकुलो शब्दको सट्टा Assure proter obsarbance (पालना) जस्ता शब्दहरू राख्न निकै प्रयास गरियो। यस्तो प्रस्ताव र सुझाव राख्ने प्रतिनिधिहरूले यस्तो सपना देखिरहेका थिए, जसले मानवाधिकारको उल्लंघनमा सदस्य राष्ट्रहरूले प्रत्यक्ष दायित्व पूरा गर्न सकोस्। पानामाले Bill of Rights का सम्पूर्ण प्रावधानलाई यथार्थ रूपमा समावेश गर्ने सुझाव दिएको थियो। अझ कति राष्ट्रहरू त बडापत्रमा भएका मानवाधिकार सम्बन्धी प्रावधानहरू अपूर्ण, अस्पष्ट र अर्मूत छन्। समयको अभावले गर्दा सन्फ्रान्सिस्को सम्मेलनमा मानवाधिकार सम्बन्धी प्रयाप्त र स्पष्ट व्यवस्था मिलाउन सकिएन। तर पनि बडापत्रमा मुलभूत कुराहरूलाई समावेश गरियो। त्यस पछिका प्रयासहरूले यो खाँचो क्रमशः पूरा गर्न थाले। यस्ता प्रयासहरू हुन्- मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनैतिक अधिकारहरूको इच्छाधीन उपलेख (यिनीहरूको व्याख्या पछिल्ला शीर्षकहरूमा विस्तृत रूपमा गरिने छ।) विभिन्न समयका घोषणा, सन्धि सम्मेलन प्रस्ताव सम्झौताहरू इत्यादी।

यसै प्रसंगमा संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गत मानवाधिकारको सम्बन्धमा गरिएका व्यवस्थाहरूलाई छोटकरीमा कोट्याउनु सान्दर्भिक देखिन्छ।

२. संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गत मानवाधिकारको संरक्षण

प्रथम र द्वितीय विश्वयुद्ध जस्ता अत्यन्त बर्बर क्रुर तथा अमानवीय दई विभत्स घटना देखेर भविष्यमा घटन सक्ने त्यस्तै खालका संभावित घटनाबाट भावी सन्तीको मानवीय मूल्य जोगाई राख्नको लागि राष्ट्रहरूलाई आबद्ध गराउने उद्देश्यले तयार पारिएको (हस्ताक्षर गरिएको) संयुक्त राष्ट्रसंघको बडापत्रको सम्पूर्ण संरचना भित्र मानवाधिकारको परिकल्पना गरिएको छ। विश्वशान्तिको लागि मानव अधिकारको उचित संरक्षण गरिनुपर्ने र

शान्ति विना (युद्धको स्थितिमा) मानवीय मूल्य र मान्यताको सम्मान हुन नसक्ने हुनाले संयुक्त राष्ट्रसंघको बडापत्रमा मानव अधिकार सम्बन्धी केही स्पष्ट प्रावधानहरू राखिएका छन्। तिनीहरूलाई संक्षिप्त रूपमा केलाउनु यस लेखनको एउटा लक्ष्य भएकोले वडापत्र अन्तर्गत के कति हदसम्म मानवाधिकारको संरक्षण हुन सकेको छ भन्ने कुरा उल्लेख गर्नु प्रासंगिक देखिन्छ।

बडापत्रको प्रस्तावना र धारा १, ८, १३, ६२, ७६, ५६, ५५ र ६८ ले मानवाधिकार संग विशेष सरोकार राख्दछन्।

बडापत्रको प्रस्तावनामा मौलिक मानव अधिकारहरूमा व्यक्तिको प्रतिष्ठा र मूल्यमा ठूला र साना राज्यहरूमा नरनारीको समान हकको व्यवस्था। ...to reaffirm faith in fundamental Human Rights in the dignity and worth of the Human person in the cqual Rights of man and woman and Nations large and small भन्ने उल्लेख भएबाट बडापत्रमा मानवाधिकार सम्बन्धी स्पष्ट धारणा रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ। व्यक्तिको प्रतिष्ठा सम्मान जस्ता कुराहरूलाई मान्यता दिएको र लोग्ने मानिस र स्वास्नी मानिस वीच समान धारणा राखेकोले यो प्रावधान सबै मानिसका लागि समान रूपमा लागु हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ।

संयुक्त राष्ट्रसंघको उद्देश्यलाई हेर्दा पनि आर्थिक, सामाजिक, सांस्कृतिक वा मानवीय अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने तथा जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नराख्ती सबैका निमित्त मौलिक हक एवं मानवाधिकारहरू प्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने भन्ने स्पष्ट व्यवस्था भएकोले बडापत्र अन्तर्गत मानवीय अधिकारलाई सम्मान गर्न खोजिएको पाइन्छ। बडापत्रकै मौलिक शब्दमा " and aristing in realization of Human Rights and fundamental freedoms promoting and enouraging repect for Human Rights and for fundamental freedoms for all without distinciton as to race, sex language or religion. (Article 1(B) of the charter of the United Nations) भन्ने उल्लेख भएकोले जाति, धर्म, लिङ्ग र भाषा जस्ता कुराहरूको आधारमा मानव जातिमा भिन्नता नछुट्याउने उद्देश्य रहेको देखिन्छ।

बडापत्रको धारा १३ ले महासभाले प्रस्तुत गर्ने सुझाव र अध्ययनका उद्देश्यका बारेमा व्यवस्था गरेको छ। तिनीहरू मध्ये आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र स्वाथ्य सम्बन्धी क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग बढाउने तथा जाति, लिङ्ग, भाषा र वा धर्ममा भेदभाव विना सबैलाई मानव अधिकार र मौलिक स्वतन्त्रता प्राप्त गराउन सहायता गर्ने भन्ने उल्लेख भएबाट मानवाधिकारको विषयलाई स्पष्ट मान्यता दिएको पाइन्छ।।.... and asisting in the realization of Human Rights and fundamental freedom for all with out distinction as to race sex language religion माथिका उद्देश्य पूरा गर्नको लागि महासभाका काम, अधिकार र उत्तरदायित्व बडापत्रको भाग ९ र १० मा उल्लेख गरिएका छन्।

बडापत्रको धारा ६२(२) अनुसार आर्थिक तथा सामाजिक परिषद्ले सबैका निम्ति मानवअधिकार र तथा मौलिक स्वतन्त्रताको सम्मान र पालनामा अभिवृद्धि गर्ने प्रयोजनका लागि सिफारिस गर्न सक्ने व्यवस्था छ। धारा ७६अनुसार बडापत्रको धारा १ मा उल्लेखित उद्देश्य पूरा गर्नका लागि जिम्मा जमानी परिषद्को अन्य लक्ष्य लगायत जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नरास्वी सबैका निम्ति मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्मान गर्न प्रोत्साहित गर्ने उद्देश्य रहेको छ।

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ८ अनुसार संयुक्त राष्ट्रसंघले आफ्ना प्रधान र सहायक अंगहरूमा समानताको आधारमा तथा कुनै पनि हैसियतमा सहभागी हुन लोग्ने मानिस र स्वास्नी मानिसका वीच कुनै नियन्त्रण राख्ने छैन।

जनताहरूमा समान अधिकार र आत्म निर्णयको सम्मानमा आधारित राष्ट्रहरूको वीच शान्ति तथा मैत्रीपूर्ण सम्बन्धमा आवश्यक स्थिरता र कल्याणकारी स्थिति सृजना गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघले देहाएका कुरालाई प्रबर्द्धन गर्न छ।

(क) उच्च जीवन स्तर, पूर्ण रोजगारी तथा आर्थिक एवं सामाजिक प्रगति र विकास

(ख) अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, स्वास्थ्य, ततसम्बन्धी समस्याहरूका समाधान तथा अन्तर्राष्ट्रिय सांस्कृतिक र शैक्षिक सहयोग

(ग) जाति, लिङ्ग, भाषा र धर्मको भेदभाव विना सबैका लागि मानव अधिकार र मौलिक स्वतन्त्रताका लागि विश्वव्यापी सम्मान तथा तिनको पालना। संयुक्त राष्ट्रसंघले प्रबर्द्धन गर्न माथिका उद्देश्य मध्ये तेस्रो चाहि बुँदा मानवाधिकारसंग स्पष्ट सरोकार राख्दछ।

बडापत्रको मौलिक शब्दमा Human Rights and fundamental freedoms for all without distinction as to race, sex, languagee or relagion भन्ने स्पष्ट व्यवस्था भएको छ।

माथिका उद्देश्यहरू परिपूर्तिका निम्ति सबै सदस्यहरू राष्ट्रसंघलाई सहयोग गरी संयुक्त वा पृथक कदमहरू उठाउन प्रतिबद्ध भएबाट यसको कार्यान्वयनको पक्ष पनि बलियो देखिन्छ। संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ८ अनुसार गरिएको समानता र माथिका विभिन्न धारा उपधारामा गरिएका मौलिक स्वतन्त्रता तथा मानवाधिकार सम्बन्धी व्यवस्थालाई हेर्दा संयुक्त राष्ट्रसंघ अन्तर्गत मानवाधिकारको सम्बन्धमा केही नियम तथा मापदण्डहरू तयार गरेको कुरामा विश्वास गर्न सकिन्छ।

प्रो John Humphry का अनुसार संयुक्त राष्ट्रसंघले मानवाधिकारका विषयमा केही नियम तथा मापदण्ड स्थापित गरेको छ अतः राज्यको यो उत्तरदायित्व हो कि उनीहरूले यस विषयमा सहयोग गर्नु पर्छ। यसप्रकार संयुक्त राष्ट्रसंघको बडापत्रले मानवाधिकारको विषयमा राज्यलाई केही उत्तरदायित्व बहन गराएको छ। राज्यहरूले आफ्नो उत्तरदायित्व पूरा

नगरेमा के हुने भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनले केही स्पष्ट व्यवस्था गरेको पाइदैन। तर पनि संयुक्त राष्ट्र संघ एउटा सन्धिको विशिष्ट रूप भएको र यसका प्रावधानहरूलाई सदस्य राष्ट्रहरूले सद्भावना (Good faith) को कारणबाट पालना गर्नु पर्ने हुनाले यसले नैतिक बल भने प्रदान गरेको हुन्छ।

संयुक्त राष्ट्रसंघ बडापत्रको सम्पूर्ण उद्देश्य नै विश्व शान्ति स्थापना गरी मानवींय हितको रक्षा गर्नु तथा मौलिक मानवाधिकारलाई संरक्षण गर्नु भएकोले यसका हरेक भनाइमा मानवाधिकारको केही न केही अंश रहेकै हुन्छ। प्रसिद्ध विधिशास्त्री Lows Henkin ले आफ्नो कृति The U.N.and Human Rights मा उल्लेख गरेअनुसार संयुक्त राष्ट्र संघको कुनै पनि भनाइमा मानव अधिकारको महत्वपूर्ण स्थान छ। माथिका विभिन्न प्रावधानबाट संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गत मानवाधिकारको धारणालाई ग्रहण गरिएको कुरा स्पष्ट हुन्छ। तर जहाँसम्म मानवाधिकारको लागु गराउने प्रश्न छ, अन्तर्राष्ट्रिय विधिमा यस्तो प्रभावसाली संस्थाको अभाव छ, जसले राष्ट्रहरूलाई मानवाधिकारको सम्बन्धमा महत्वपूर्ण निर्णय गरेर मान्न वाध्य गराउन सकोस्। ओपन हेमले पनि मानाधिकारको लागु गराउने सम्बन्धमा अझै पनि ज्यादै प्रारम्भिक अवस्था भएको कुरा बताएका छन्। मानवाधिकारको लागु गराउने सम्बन्धमा सबैभन्दा बाधाको विषय राज्यको घरेलु मामलांको विषय हुन गएको छ। मानवाधिकारको उल्लंघनमा अधिकांश राष्ट्रहरूले आफ्नो घरेलु क्षेत्राधिकारको कुरा भनी स्पष्टीकरण दिने गरेको पाइन्छ। स्वयं बडापत्रले राज्यहरूको घरेलु मामलामा अहस्तक्षेपको नीति लिएको छ। तर बडापत्रको धारा २ (७) अन्तर्गत भएको व्यवस्था संयुक्त राष्ट्रसंघको सामुहिक कार्वाहीमा लागु हुँदैन यदि त्यो मानवाधिकारको पक्षमा र परिच्छेद ७ अन्तर्गतको छ भने यस बडापत्रको अपवाद भन्न मिल्दैन। जतिजति अन्तर्राष्ट्रिय कानूनको विकास हुँदैजान्छ, त्यति राज्यको घरेलु मामलाको विषयमा पनि सागुरोपन हुँदै गएको छ र मानव अधिकारको अप्रत्यासित उल्लंघनमा घरेलु मामलाको शाब्दिक जंजालमा फसेर संयुक्त राष्ट्रसंघ चुप लागेर बस्नु नपर्ने स्थिति स्वयं बडापत्रले सृजना गरेको छ। बडापत्रको धारा ६८ अनुसार संयुक्त राष्ट्रसंघको एक प्रमस्व तथा मानवाधिकारसंग प्रत्यक्ष सरोकार रास्ने अंग आर्थिक तथा सामाजिक परिषद्ले आर्थिक तथा सामाजिक क्षेत्रहरूमा सरोकार रास्ने अंग आर्थिक तथा सामाजिक परिषद्ले आर्थिक तथा सामाजिक क्षेत्रहरूमा र मानवाधिकारको अभिवृद्धिका लागि आयोग एवं आफ्नो काम गर्नको निम्ति चाहिए जति अरू आयोगको पनि गठन हुन सक्नेछ भन्ने स्पष्ट व्यवस्था भएकोले स्वयं बडापत्रले मानवाधिकारको लागु गराउनको लागि आवश्यक कार्वाही चाल्न मिल्ने व्यवस्था गरेको छ। संयुक्त राष्ट्रसंघको विकास र सक्रियता अरू सफल रूपमा भएमा मानवाधिकारको कार्यान्वयन पक्षमा वर्तमान बडापत्र बाधक भने नहुने देखिन्छ।

३. मानवाधिकारसंग प्रमुख रूपमा सम्बन्धित संयुक्त राष्ट्रसंघका अंगहरू

संयुक्त राष्ट्रसंघको सम्पूर्ण उद्देश्य मानवाधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षण गर्न र विश्व शान्ति कायम गरी राख्नुहो भन्ने कुरा यसको प्रस्तावनाबाट पनि स्पष्ट हुन्छ। संयुक्त राष्ट्रसंघको बडापत्रका विभिन्न धाराहरूमा मानवाधिकारसंग सम्बन्धित स्पष्ट प्रावधान राखिएको कुराको चर्चा माथिल्ला शीर्षकहरूमा विस्तृत रूपमा गरिएको छ र संयुक्त राष्ट्रसंघ आफ्नो उद्देश्यमा पुग्नको लागि आफ्ना ६वटा अंगहरू मार्फत् कार्य सम्पादन गर्दछ। ती अंगहरू हुन् - महासभा, सुरक्षा परिषद्, जिम्मा जमानी परिषद्, सचिवालय, आर्थिक तथा सामाजिक परिषद् र अन्तर्राष्ट्रिय न्यायालय र यी ६वटै अंगहरू मानवाधिकारको संरक्षण र विकाससंग सम्बन्धित छन्। तर पनि यिनीहरूको संरचना, स्वभाव र कार्य विभाजनले गर्दा यिनीहरू मध्ये मानवाधिकारको मामलामा कुनै-कुनै अंग प्रमुख रहेका छन् भने कुनै अंगहरूले ततसम्बन्धमा तुलनात्मक रूपमा गौण भूमिका खेलेका हुन्छन्। मानवाधिकारको संरक्षणमा प्रत्यक्ष भूमिका खेल्ने अंगहरूमा महासभा र आर्थिक तथा सामाजिक परिषद् पर्दछन् भने सुरक्षा परिषद्, सचिवालय, जिम्मा जमानी परिषद्, अन्तर्राष्ट्रिय न्यायलयको भूमिका उक्त २ को भन्दा केही कमको हुन्छ। यहाँ प्रमुख अंगहरू महासभा र आर्थिक तथा सामाजिक परिषद्को बारेमा केही चर्चा गर्नु सान्दर्भिक देखिन्छ।

महासभा र सहायक अंगहरू

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १३ ले महासभालाई सम्बन्धित विषयहरूमा अध्ययन प्रारम्भ गर्न वा सिफारिस गर्न सक्ने अधिकार दिएको छ। संयुक्त राष्ट्रसंघका अरू अंगहरूको तुलनामा महासभा बढी प्रतिनिधिमूलक छ। यसमा संयुक्त राष्ट्रसंघका सबै सदस्यहरूको सहभागिता रहन्छ। यद्यपि यो विश्व संसद होइन र यसका सदस्यहरू यसका निर्णयहरू मान्नका लागि कानूनी रूपमा वाध्य पनि हुँदैनन् तापनि सदस्यहरूलाई यस अन्तर्गत केही दायित्व सुम्पिएको हुन्छ। यसबाट गरिएका प्रस्ताव एवं सिफारिसमा विश्व जनमत प्रति-विम्वित हुन्छ र यसका सिफारिसहरूको उपेक्षा गरिरहन सदस्य राष्ट्रहरूलाई सँधै सम्भव भइरहँदैन। फेरी यसले जीवनकालमा पटक-पटक प्रस्ताव एवं सिफारिसहरू गरिरहेको छ। मानवाधिकारको सम्बन्धमा यसले पारित गरेको घोषणाले विश्वव्यापी प्रभार्व पारेको छ।

संयुक्त राष्ट्रसंघको स्थापना कालमा नै मानव अधिकार सम्बन्धी प्रावधान बडापत्रमा अपूर्ण एवं संदिग्ध अवस्थामा रहेको कुरा महसुस गरिएको थियो। त्यसैकारण यसको जिम्मा आर्थिक तथा सामाजिक परिषद्लाई दिने सम्बन्धमा पनि सन्फ्रान्सिस्को सम्मेलनमा नै निर्णय गरिएको थियो। बडापत्रको धारा १३ अनुसार काम गर्नको लागि अथवा मानवाधिकार सम्बन्धी सरोकार राख्ने विषयहरूको लागि महासभाको कार्यपत्रमा नै उल्लेख गरी संयुक्त राष्ट्रसंघका महासचिव र संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले आर्थिक तथा सामाजिक परिषद् (Ecosco) लाई जिम्मा दिइएका छन्। जसअनुसार धारा १३ द्वारा अध्याय १० र ११

मा तोकिए बमोजिम गर्दछ भने अन्य केही कार्यहरू यसका सहायक अंगहरूद्वारा पनि गर्दछ।

General Assembly ले मानवाधिकारसंग सरोकार रहेका विषयहरू स्वास गरी सामाजिक, मानवतावादी (Humaniterian) र सांस्कृतिक सम्बन्धी मामलाहरू आफ्नो तेस्रो समितिको जिम्मामा प्रस्तुत गर्दछ। (General Assembly) मा मानव अधिकार सम्बन्धी काम गर्नको लागि ६ वटा मुख्य समितिहरू गठन गरिएको छ।। General Assembly लाई आवश्यक लागेका केही बुँदाहरूका विषयमा मात्र यसको पहिलो समितिलाई कार्यभार सुम्पन्छ। राजनीतिक चरित्रका मामिलाहरू सामान्य तथा यसको पहिलो समितिलाई अथवा विशेष राजनीतिक समितिलाई सुम्पिन्छ। स्वभावतः आर्थिक चरित्रका मामलाहरू यसको दोस्रो समितिलाई जिम्मा लगाइन्छ। यसको पाँचौ समिति प्रशासकीय र बजेट सम्बन्धी प्रश्नलाई सरोकार राख्दछ र यस्ता बजेट तथा प्रशासकीय विषयहरू मानवाधिकार सम्बन्धी सरोकारबाट उठेका हुनु पर्दछ।

मानवाधिकार र मौलिक स्वतन्त्रतासंग सम्बन्धित अथवा राजनीतिक मामिलासंग सम्बन्धित General Assembly का सहायक अंगहरू (Subsidiary bodies) ले पनि मानवाधिकारको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन्। तिनीहरू हुन् :

(१) उपनिवेशिक राज्य र तिनका जनताको स्वतन्त्रताको सम्बन्धमा बनेका विशेष समिति (Special commite on Decolonication)

(२) नामिवियाको लागि संयुक्त राष्ट्रसंघीय परिषद् (United Nations council for Namibia)

(३) रंगभेद विरूद्धको विशेष समिति (Special commitee agrist Aparthid)

(४) Special committe to innestigate qsraeliprates affecting the Human Rights and the population and the occupied territories.

(५) प्यालेस्टाइनी जनताहरूको अतुलनीय अधिकारको अभ्यासको लागि गठित समिति committe on the excise of the inalienable rights of the palestinist people.

यी अंगहरूले आ-आफ्नो क्षेत्रका विषयमा वार्षिक तथा विशेष प्रतिवेदन तयार पार्दछन्। र General Assembly मा प्रस्तुत गर्दछन्। ती प्रतिवेदनहरूमा General Assembly द्वारा विचार गरिन्छ। आवश्यक देखिएको खण्डमा त्यस्ता प्रतिवेदनहरूमा सुरक्षा परिषद् र माथि उल्लेखित अरू सहायक अंगहरूद्वारा पनि विचार गरिन्छ।

यस प्रकार महासभाले मानवाधिकारको सम्बन्धमा महत्वपूर्ण एवं उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ। यसको साथै महासभाले मानवाधिकार तथा मौलिक स्वतन्त्रता सम्बन्धी विभिन्न सन्धि सम्झौता, घोषणा, सम्मेलन, सेमिनार, अनुबन्धहरू, छलफल, लेख, उपलेख, पत्रपत्रिका आदि संचालन एवं प्रकाशन गरी विश्व जनमुदायलाई मानवाधिकारको घोषणा आदिका बारेमा जानकारी दिएको छ र मानवाधिकारवादी अन्तर्राष्ट्रिय कानूनमा नयाँ

आयाम थप्दै आएको छ। केही प्रमुख घोषणा तथा प्रबन्धहरूलाई पछिल्ला शीर्षकहरूमा प्रस्तुत गर्ने प्रयास गरिने छ।

आर्थिक तथा सामाजिक परिषद् र सहायक अंगहरू (Ecosco and subsidiary bodies)

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ६२ ले आर्थिक तथा सामाजिक परिषद्लाई सबैका लागि मानव अधिकार एवं आधारभूत स्वतन्त्रताहरूको आदर एवं अभिवृद्धिको प्रयोजनको लागि निरीक्षण र सिफारिस गर्न सक्ने अधिकार दिएको छ। बडापत्रको मौलिक शब्दमा "It may make recomanodation from the purpose of human rights and fundamental freedom for all यसको साथै यसले महासभामा प्रस्तुत गर्नका लागि मानव अधिकारसंग सम्बन्धित विषयमा मस्यौदा सन्धि तथा सम्मेलनहरूको पनि आयोजना गर्न सक्दछ। यसको साथै धारा ६८ अनुसार आर्थिक तथा सामाजिक परिषद्ले मानवाधिकारको समृद्धि र सामाजिक तथा आर्थिक क्षेत्रमा आफ्नो कार्य संचालनको लागि आयोगको गठन गर्न सक्ने र आवश्यक परेमा अन्य आयोगहरू पनि गठन गर्न सक्ने व्यवस्था छ। स्मरणीय छ, Ecosco को धारा ६८ को अधिकारको प्रयोग गरी मानव अधिकार आयोग (Human Rights commission) गठन गरेको छ।

संयुक्त राष्ट्रसंघ विश्वमा शान्ति सुरक्षा स्थापना गर्नमा प्रयाप्त मात्रामा सफल नभएता पनि आर्थिक, सामाजिक तथा मानवीय दिशामा यसले चालेका कदमहरू महत्वपूर्ण छन्। मानवाधिकारको संरक्षणमा आर्थिक तथा सामजिक परिषद् विभिन्न समस्याहरूसंग जुझ्दै निरन्तर अघि बढेको छ भने हरेक ठाउँमा आफ्नो कार्य सम्पादनमा सफलता पनि हासिल गरेको छ।

बडापत्रको धारा ६४ अनुसार आर्थिक तथा सामाजिक परिषद्ले संयुक्त राष्ट्रसंघका सदस्यहरू र अन्य विशिष्टिकृत निकायहरूसंग सम्पर्क राख्ती मानवाधिकारको सम्बन्धमा प्रतिवेदन तयार पार्न र महासभामा सिफारिस प्रस्तुत गर्ने अधिकार राख्दछ।

५४ सदस्यीय Ecosco ले एउटा सांगठानिक अधिवेशन र २ वटा नियमित अधिवेशनहरूको वर्षेनी आयोजना गर्दछ। यसको साथै आवश्यकता अनुसार विशेष अधिवशेन पनि बोलाउन सक्दछ। परिषद्ले मानव अधिकार सम्बन्धी मामलाहरू परिषद्को सामाजिक Social समितिलाई प्रस्तुत गर्दछ। सामाजिक समितिमा ५४ सदस्य रहेका हुन्छन्। उक्त समितिले मानवाधिकार सम्बन्धी विषयहरूमा मस्यौदा सुझाव र मस्यौदा निर्णय गरेर छलफल र निर्णयका लागि Ecosco मा पठाउँछ। आफ्नो कार्य सम्पादन गर्ने क्रममा Ecosco ले मानवाधिकार आयोग (Commission of Human rights) र महिलाहरूको हैसियत सम्बन्धी आयोग (Commission of students of woman) को गठन गरेको छ। यसको साथै मानवाधिकार आयोगले Sub-commission on prcedum of discrimination को गठन गरेको छ। उक्त आयोगले १९४७ मा Sub-commission on

freedom imformation को गठन गरेकोमा १९५२ को अधिवेशनबाट त्यसलाई स्वारेज गरियो।

Ecosoc ले समय -समयमा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका प्रतिनिधिहरू, उनीहरूका सरकारले तोकेका विशेषज्ञहरू उच्च ज्ञान हासिल गरेका विशिष्ट व्यक्तिहरूबाट समय -समयमा तदर्थ समितिहरूको गठन गर्दछ। कुनै-कुनै बेला संयुक्त राष्ट्रसंघका महासचिवलाई पनि विशिष्ट समितिमा राखी प्राविधिक विषयहरूमा प्रतिवेदन तयार पार्न सक्दछ।

Ecosoc लाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलाई लागु गर्ने सम्बन्धमा विशेष कार्यविधिहरू अपनाउन सक्ने अधिकार प्रदान गरिएको छ।

यसप्रकार आर्थिक तथा सामाजिक परिषद्ले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ। संयुक्त राष्ट्रसंघका अरू अंगहरू भन्दा यसको देन मानव अधिकारको सम्बर्द्धनमा विशेष उल्लेखनीय छ।

४. संयुक्त राष्ट्रसंघका अन्य अंगहरू

संयुक्त राष्ट्रसंघको कुनै पनि प्रावधान मानव अधिकारको संरक्षण र सम्बर्द्धनको दायराबाट बाहिर रहन सक्दैन। प्रत्यक्ष होस् वा परोक्ष रूपमा नै कि नहोस् त्यसले मानव अधिकारका कुनै न कुनै पक्षलाई प्रभावित पारेको हुन्छ। यहाँ प्रस्तुत लेखनमा सम्पूर्ण अंग प्रत्यंगद्वारा गरिएका सम्पूर्ण मानवतावादी कार्यलाई केलाउनु कठीन हुने हुँदा अत्यन्त संक्षेपमा संयुक्त राष्ट्रसंघका अन्य अंगहरूद्वारा मानव अधिकारका सम्बन्धमा भएका व्यवस्थाहरूको चर्चा गरिन्छ।

The Trusteeship council

बडापत्रको धारा ७६ले जिम्मा जमानी पद्धति Trusteeship systems अन्तर्गत पनि मनवाधिकारको संरक्षणको व्यवस्था छ। यस धारा अन्तर्गत जाति, लिङ्ग, भाषा अथवा धर्मको आधारमा कुनै भेदभाव नगरी न्याय पद्धतिले त्यसभित्रका मानिसको मानवअधिकार एवं मौलिक मानव स्वतन्त्रताको आधारमा अभिवृद्धि गर्ने उद्देश्य राखेको छ। प्रशासकीय अधिकारको रूपमा रहेका राष्ट्रहरूले आफ्नो नियन्त्रणमा रहेका अन्तर्राष्ट्रिय प्रदेशहरूको सम्बन्धमा आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गरे नगरेको रेखदेख गर्नु परिषद्को मुख्य उद्देश्य रहेको छ। संयुक्त राष्ट्रसंघका अन्य अंगका तुलनामा Trusteeship council आफ्नो कार्य सम्पादन गर्ने कार्यमा सबैभन्दा बढी सफल भएको देखिन्छ। शुरूमा Trusteeship system अन्तर्गत ११ वटा प्रदेशहरू रहेकोमा हाल एउटा मात्र बाँकी रहेको छ। जुन प्रशान्त महासागरीय दीप समूहमा पर्दछ र अमेरिकाको प्रशासकीय नियन्त्रणमा रहेको छ। त्यो द्वीप हो,

जसको प्रशासन सन् १९४७ को (See the united Nations and Human Rights up at page 12se curity council) निर्णय बमोजिम अमेरिकाले गरिरहेको छ। प्रशासक राज्यहरूद्वारा यस्ता राज्यको प्रतिवेदन जिम्मा जमानी परिषद्मा पेश गरिन्छ र जिम्मा जमानी परिषद्ले त्यसलाई सुरक्षा परिषद्मा पेश गर्दछ।

Trusteeship council ले यी प्रतिवेदनहरू committee on the Elimination and paeal Discrimination, International contention on the Elimination of all forms of Ralial Discrimination को धारा १५ अनुसार हस्तान्तरण गर्दछ। यसको साथै सुरक्षा परिषद्ले पनि Committee द्वारा सोधिएका प्रतिज्ञापत्रहरूको जवाफ दिन्छ। यसपछि कमिटीले तत्वसम्बन्धमा आफ्नो कार्वाही चाल्दछ।

यसप्रकार अन्तर्राष्ट्रिय जिम्मा जमानी पद्धति अन्तर्गत सफल रूपमा प्रशारित क्षेत्रका जनतालाई मानवाधिकार प्रदान गर्नमा ज्यादै सहानीय भूमिका खेलेको तथ्यलाई नकार्न सकिदैन।

सुरक्षा परिषद् (The security council)

सुरक्षा परिषद्को प्रमुख कार्यमा अन्तर्राष्ट्रिय शान्ति र मानवीय हितको परिकल्पना गरिएको हुन्छ। शान्तिको विपरित स्थिति युद्धमान तथा संकटको स्थिति हुन्छ। यस्तो स्थितिमा मानवीय मूल्य र मान्यतालाई कुल्चिइन्छ भन्ने कुरा दुईवटा विश्वयुद्धले देखाएका छन्। विश्व शान्ति सुरक्षाको लागि सुरक्षा परिषद्ले सामुहिक तथा बलपूर्वक कार्वाही चलाउन सक्ने अधिकार बडापत्रको परिच्छेद ७ ले प्रदान गरेको छ। बडापत्रको धारा २ ले अहस्तक्षेपको नीति लिएको छ। जस अन्तर्गत धारा २ (७) ले स्वयं संयुक्त राष्ट्रसंघलाई पनि कुनै राज्यको आन्तरिक मामिलामा हस्तक्षेप गर्न रोक लगाएको छ। तर कुनै राज्यमा भएको व्यापक मानवाधिकारको उल्लंघनले अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा प्रतिकूल असर पार्दछ भने त्यस्तो अवस्थामा उक्त राज्यको विरूद्ध आवश्यक कार्वाही चलाउने अधिकार स्वयं वडापत्रले सुरक्षा परिषद्लाई प्रदान गरेको हुँदा यसको पनि मानवाधिकारको सम्बन्धमा महत्वपूर्ण भूमिका रहन्छ। आजको विश्वमा राज्यको सार्वभौमसत्ता तथा आन्तरिक क्षेत्राधिकार भन्दा मानवाधिकार तथा मौलिक स्वतन्त्रताको महत्व दिनानुदिन बढ्दै गइरहेको अवस्थामा सुरक्षा परिषद्बाट मानव हितको लागि खेलिने भूमिका अनिवार्य छ। फेरी यसले राज्यहरूलाई दायित्व सुम्पेर बाद्यकारी शक्ति मार्फत दायित्व निर्वाह गराउन लगाउन सक्दछ।

सुरक्षा परिषद्मा रहेको Vito प्रणाली र मानवाधिकार सम्बन्धी यसका सदस्यहरूको फरक धारणाले गर्दा कतिपय अवस्था। उदाहरणको लागि अमेरिकामा भएको मानवाधिकारको उल्लंघनमा कार्वाही चाल्न मुस्किल पर्दछ। तर पनि मानवाधिकारको वहाली गराउन र मानवाधिकार माथिको धम्की रोक्न यसले समय -समयमा चालेका कार्वाही महत्वपूर्ण छन्। उदाहरणको लागि दक्षिण अफ्रिकाको सरकारको विरूद्ध रंगभेद हटाउन चालेको कार्वाही नामिविया र South Rodasia मा चालेका कार्वाहीहरू उल्लेखनीय छन्।

सचिवालय (Secreariate)

सचिवालय संयुक्त राष्ट्रसंघको प्रशासकीय अंग हो। तापनि यसको कार्य प्रशासनिक र राजनीतिक दुवै प्रकृतिको हुन्छ। विश्व शान्ति सुरक्षा कायम राख्नमा सुरक्षा परिषद्संग यसको विशेष सम्बन्ध हुन्छ। मानवाधिकारको उल्लंघन वा यस्तै अन्य कुनै कारणले विश्व शान्तिमा प्रतिकूल असर पर्न लागेको जानकारी प्राप्त भएमा सुरक्षा परिषद्लाई त्यसतर्फ ध्यानाकर्षण गराउँछ। यसको साथै महासचिवको भूमिका मानवाधिकारको संरक्षण र प्रबर्द्धनमा विशेष उल्लेखनीय हुन्छ। उनी संयुक्त राष्ट्रसंघका हरेक अंगहरूको कार्वाहीमा उपस्थिति हुन्छन्। ती अंगद्वारा सुम्पिएका कार्यहरू पूरा गर्दछन्। त्यसकारण सचिवालयको पनि मानवाधिकारको विषयमा सरोकार रहँदैन भन्न मिल्दैन।

स्मरणीय छ Ecosoc ले मानवाधिकारको विषयमा गठन गरिने विशेष समितिमा महासचिवलाई समेत राख्वी प्राविधिक विषयमा प्रतिवेदन तयार पार्न लगाउन सक्दछ।

अन्तर्राष्ट्रिय न्यायलय (I.C.J.)

राष्ट्र संघद्वारा गठित न्यायको स्थायी न्यायलयको उत्तराधिकारीको रूपमा रहेको अन्तर्राष्ट्रिय न्यायल मूलतः राष्ट्रसंघको न्यायिक निकाय हो। मानवाधिकार सम्बन्धी मुद्दाहरूमा यसद्वारा गरिएका निर्णय तथा सल्लाहकारी मतहरूले मानवाधिकारको संरक्षण र अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछन्। उदाहरणको लागि दक्षिण अफ्रिकी देश (South west africa case) मा ICJ ले आफ्नो सल्लाहकारिता मत दिने भनेको छ। बडापत्रका धारा ५ र ५६ ले राज्यहरूलाई मानवाधिकारको सम्बन्धमा दायित्व सृजना गर्दछन्।

अन्तर्राष्ट्रिय न्यायलयको परिनियमले व्यक्तिलाई अन्तर्राष्ट्रिय कानूनको विषय वस्तु नमानेको हुँदा मानवाधिकारको उल्लंघनमा व्यक्तिको लागि सोझै अन्तर्राष्ट्रिय न्यायलयको ढोका खुला छैन।

अन्तर्राष्ट्रिय न्यायलयले मानवाधिकारको सम्बन्धमा छुट्टै विशेष क्षेत्राधिकार ग्रहण गर्दैन तापनि मानवाधिकार सम्बन्धी मुद्दाहरू जस्तै : रंगभेद सम्बन्धी केश, शरणार्थी समस्या सम्बन्धी मुद्दा, जातिभेद तथा अल्पसंख्यक सम्बन्धी केशहरूमा यसले उल्लेखनीय भूमिका खेलेको हुन्छ।

संयुक्त राष्ट्रसंघको सम्पूर्ण उद्देश्य नै विश्व शान्ति तथा मानवाधिकारको संरक्षण गर्नु हो। त्यसकारण यसका विभिन्न धाराहरू र प्रमुख अंगहरू मानवाधिकारको सम्मान गरी विश्व शान्ति स्थापना गर्नुमा तल्लिन देखिन्छन्। कुन-कुन धाराले मानवाधिकारसंग सरोकार राख्दछन् र कुन-कुन अंगहरूले मानवाधिकारको धारणालाई संरक्षण र सम्बर्द्धन गर्नमा के कस्तो भूमिका खेल्छन् भन्ने कुराको विस्तृत चर्चा माथिका शीर्षकहरूमा गरिएको छ।

संयुक्त राष्ट्रसंघले आफ्नो स्थापना कालदेखि नै मानवाधिकारको सम्बन्धमा बिशेष अभिरूची देखाएको छ भन्ने कुरा यसका केही विशिष्टिकृत निकायहरूमा खास गरेर

अन्तर्राष्ट्रिय श्रमिक संगठन संयुक्त राष्ट्रसंघीय शैक्षिक, बैज्ञानिक तथा सांस्कृतिक संगठन (UNESCO) विश्व स्वाथ्य संगठन (WHO) , खाद्य तथा कृषि संगठन (FAO) ले मानवाधिकारको सम्बन्धमा विशेष सरोकार (Special Intrest) राख्दछन्।

मानवाधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघद्वारा विभिन्न घोषणाहरू पनि जारी गरिएका छन्। यसको साथै विभिन्न सम्मेलनहरू पनि गरिएका छन्। सम्मेलनहरूमा १९४८ को मार्च २३ देखि अप्रिल २१ सम्म जेनेभामा भएको संयुक्त राष्ट्रसंघीय सूचनाको स्वतन्त्रता सम्बन्धी सम्मेलन (The international conference on Human Rights) १९५४ को राज्यविहीनहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन १९५४ अप्रिल देखि मे १३ तारिखसम्म तेहरानमा सम्पन्न भएको १९६८ का मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (The inter national confernce on Humn Rights) आदि महत्वपूर्ण छन्।

संयुक्त राष्ट्रसंघले पारित गरेका घोषणापत्रहरूमा सन् १९४८ को मानवाधिकारको विश्वव्यापी घोषणा सबै भन्दा महत्वपूर्ण मानिन्छ। यसको चर्चा यस पछिका पृष्ठहरूमा गरिने छ।

U.N.अन्तर्गत International law committe तथा office of the U.N. High commioner refugees जस्ता निकायहरू पनि मानवाधिकारको विषयमा कार्यरत छन्।

५. मानवाधिकार आयोग (Commission on Human Right)

संयुक्त राष्ट्रसंघको बडापत्रमा मानवाधिकारको बारेमा विभिन्न धाराहरूमा उल्लेखित अवधारणा स्पष्ट थिएन। त्यसकारण मानवाधिकारको उचित मापदण्ड तयार पारी स्पष्ट धारणाको विकास गर्न र मानवाधिकारको प्रभावकारी संरक्षण गर्नको लागि सन्फ्रान्सिस्को सम्मेलनमा निकै दबाब दिइएको थियो। उक्त कार्य सम्मेलनमा समयको अभाव तथा आवश्यक सहमतिको कमीले गर्दा सफल हुन सकेको थिएन। बडापत्रमा मानवाधिकारको बारेमा सरोकार राख्वेर पनि मानवाधिकार र अन्तर्गत धारणा के हो यसको उल्लंघनमा राज्यको स्पष्ट धारणा के हुने भन्ने जस्ता महत्वपूर्ण कुराहरू उल्लेख गरिएको पाइदैन। त्यसकारण संयुक्त राष्ट्र संघको स्थापना पछि पनि मानवाधिकारको धारणा लंगडो नै महसुस गरिएको थियो। अतः सन्फ्रान्सिस्को सम्मेलनले नै मानवाधिकारको सम्बन्धमा स्पष्ट मापदण्ड तयार गरी मानवाधिकारको अन्तर्राष्ट्रिय वील (International Bill of Human Rights) को रूपमा आफूमा पेश गर्नको लागि आर्थिक तथा सामाजिक परिषद् (Ecosoc) लाई दायित्व सुम्पेको थियो।

संयुक्त राष्ट्रसंघले सुम्पेको दायित्व पूरा गर्ने क्रममा Ecosoc ले १९४६ फेवरीमा संयुक्त राष्ट्रसंघीय मानवाधिकार आयोग (U.N.commission Human Rights) को गठन गरेको थियो। यसले तत्काल आफ्नो कार्य शुरू गऱ्यो। आयोगलाई मानवाधिकार अन्तर्राष्ट्रिय

विल तयार फर्ने लगायतका विभिन्न ५ वटा काम गर्ने निर्देशन दिइएको थियो। Commission ले मानवाधिकार सम्बन्धमा अध्ययन सिफारिस र मस्यौदा तयार पार्दछ। यसको साथै महासभा र Ecosoc द्वारा सुम्पिएको मानवाधिकारको उल्लंघन तथा उल्लंघनसंग सम्बन्धित सूचनाको अनुसन्धान गर्ने विशेष कार्यहरू पनि गर्न सक्दछ। यसले मानवाधिकारको विषयमा प्रतिस्पर्धात्मक सम्बन्ध कायम गरेर U.N.O. का अंगहरूलाई आपसमा आबद्ध गराउँछ। U.N Charter को धारा ६८ ले Ecosoc लाई उक्त Commission गठन गर्ने अधिकार दिएको छ।

४३ सदस्य संख्या रहने उक्त मानवाधिकार आयोगमा ३ वर्षको पालोद्वारा सदस्य राष्ट्रहरूबाट निर्वाचित सदस्यहरू हुन्छन्। यसले प्रत्येक वर्ष आफ्नो अधिवेशन ५-६ हप्तासम्म संचालन गर्दछ। यसले Ecosoc को कार्यकारीको रूपमा काम गर्दछ। भोटको अधिकार यसका सदस्यहरूलाई मात्रै हुन्छ तापनि सरोकार राख्ने विषय अन्तरसरकारी संगठन, गैह्र सरकारी संगठन, राज्यका प्रतिनिधिहरू आदिलाई पनि अधिवेशनमा यसले निम्त्याउन सक्छ।

आफ्नो कार्य संचालन गर्नको लागि Commission ले अरू सहायक अंगहरूको पनि स्थापना गरेको छ। तिनीहरू हुन् - Sub-commission prefintion of Discrimination and sub-commoission on prevention of Discrimination and protection of minorities the adhol committe on deriodic reports the Asho working grupop of expertsom Human Rihgts in south Africa र निश्चित कार्य गर्नको लागि तोकिएका अन्य कार्य समूहरूको पनि गठन गरेको छ। यो सबै अंगहरूद्वारा संकलन गरिएका अनुभवहरूको आधारमा Commission ले आफ्नो कार्य सम्पादन गर्दछ।

सदस्य राज्यका नागरिकहरूले नागरिक आयोगमा मानवाधिकारको उल्लंघन बारे उजुरी गर्न सक्दछन्। यसमा यस्ता हजारौं उजुरीहरू परिसकेका छन्। यसले सम्बन्धित राज्यबाट यसको उत्तर माग्दछ। तर राज्यहरूलाई कुनै कारवाही चाल्न भने सक्दैन। तर पनि राज्यहरूले गरेको अमानवीय व्यवहारका विरूद्ध जनमत संकलन गर्न यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

Human Rights commission ले मानवाधिकार सम्बन्धी बार्षिक पुस्तिका प्रकाशन गर्दछ। मानवाधिकारको वील तयार पार्नको लागि आफूलाई सुम्पेको दायित्व अनुरूप Commission ले १९४७ मा मानवाधिकार संग सम्बन्धित विभिन्न सैद्धान्तिक तथा व्यवहारिक पक्षहरूको अध्ययन गरी आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारहरूको संयुक्त सूचि तयार पारी संयुक्त राष्ट्रसंघको महासभामा प्रस्तुत गऱ्यो। त्यसलाई महासभाले १९४८ December १० मा सर्वसम्मतिबाट पारित गऱ्यो र सोही मितिबाट त्यसलाई मानवाधिकारको विश्वव्यापी घोषणापत्रको रूपमा प्रस्तुत गऱ्यो।

६. मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ (Universal Decleration of Human Rights 1948)

मानवाधिकार आयोगले तयार पारेको मानवाधिकारको विलको पहिलो भागलाई संयुक्त राष्ट्रसंघको महासमाले १० डिसेम्बर १९४८ मा सर्वसम्मति (यसको पक्षमा ४८ मत थिए विपक्षमा कति पनि मत थिएन तर ८ राज्यले मतदानमा भाग लिएनन्।)बाट स्वीकार गऱ्यो।

त्यसपछि मानवाधिकारको स्पष्ट धारणा बन्न गयो। Laugrerpaech नामक प्रसिद्ध मानवतावादी विधिशास्त्रीका अनुसार मानवाधिकारको विश्वव्यापी घोषणा विश्वको लागि एउटा महत्वपूर्ण घटना हो। यो एक ऐतिहासिक घटना तथा संयुक्त राष्ट्रसंघको सबैभन्दा महान उपलब्धी हो। उक्त घोषणालाई मानव जातिको महान् विजयको रूपमा पनि ग्रहण गरिएको छ। विभिन्न राजनीतिक विचारधारा भएका र फरक आर्थिक, सांस्कृतिक तथा सामाजिक पद्धति भएका सम्पूर्ण सदस्य राष्ट्रहरूले सर्वसम्मतिबाट स्वीकारेको हुँदा यसको विशेष महत्व रहन गएको हो। यो घोषणापत्रले मनवाधिकारको सम्बन्धमा विस्तृत सूचि तयार पारेको छ। मानवको तर्क र विवेकको कारणले गर्दा मानवाधिकारको विश्वव्यापी आन्दोलनले सर्वाभौम रूप धारणा गरिरहेको बेला तिनीहरूलाई संहिताबद्ध गरिएको यो ऐतिहासिक दस्तावेज थियो।

मानवाधिकारको विश्वव्यापी घोषणापत्रलाई महासभाले स्वीकृति प्रदान गरेपछि विधिशास्त्रीहरूले शुरू देखिनै यसको वैधानिकतामाथि विभिन्न शंका उठाउँदै आलोचना पनि गरे। उनीहरूका अनुसार यो घोषणापत्र नत कुनै सन्धि हो वा कुनै सम्झौता नै हो। यो संयुक्त राष्ट्रसंघको प्रस्तावसम्म पनि होइन र केवल घोषणा (Decleration) मात्र हो। त्यसकारण यसको विधिमा कुनै महत्व छैन। संयुक्त राष्ट्रसंघको घोषणाले यसका सदस्यहरूलाई बाध्यकारी शक्ति राख्दैनन्। सदस्य राष्ट्रहरू केवल नैतिकताको कारणले मात्र यसलाई मान्दछन्। यसले मानवाधिकारको संरक्षणमा सदस्यहरूलाई कुनै दायित्वसम्म पनि सुम्पदैन। विश्वका विभिन्न भागमा भएका मानवाधिकारको उल्लंघनका घटनाहरूलाई हेर्दा माथिको विचार राख्ने विधिशास्त्रीको धारणा पनि केही हदसम्म उचितै देखिन्छ।

यस्तो विचार राख्ने विधिशास्त्रीहरूमा Oppon heim Lanterpacht आदिको नाम आउँछ। Lanterpacht का अनुसार मानवाधिकारको सार्वभौमिक घोषणाले केबल व्यक्तिका अधिकारको घोषणा गर्दछ तर यसले यस सम्बन्धमा राज्यको कर्तव्यमा उत्तरदायित्व हुँदैन। तबसम्म व्यक्तिको मानवीय अधिकारको कुनै मूल्य हुँदैन। तर यो घोषणापत्र राज्यहरूको सहमतिद्वारा नै पारित गरिएको र संयुक्त राष्ट्रसंघको मुलभूत उद्देश्य एवं सिद्धान्तसम्म बाझिने खालको नभएकोले वैधानिक दृष्टिकोणबाट पनि घोषणा पत्र महत्वहीन देखिदैन। व्यावहारिक दृष्टिकोणबाट त यो झन् महत्वपूर्ण छ। यसै घोषणा पत्रकै आधारमा सन् १९४८ मा नै संयुक्त राष्ट्रसंघको महासभाले बुल्गेरिया, रूमानिया र हंगेरीमा भएको मानव अधिकारको उल्लंघनको

सम्बन्धमा गहिरो दुःख प्रकट गरेको थियो। त्यस्तै सन् १९५३ मा General Assembly ले Forced labour को भर्त्सना गर्दै यसले मानवाधिकारलाई आँच पुऱ्याउनका साथै संयुक्त राष्ट्रसंघको बडापत्र तथा मानवाधिकारको घोषणापत्रको सिद्धान्तमा समेत आघात पुऱ्याउने कुरा व्यक्त गरेको थियो।

Starijc ले पनि घोषणापत्रको आलोचना गर्दा यसले बन्धनकारी शक्ति राख्दैन भन्न सकिन्छ तर पनि कुनै न कुनै रूपमा राज्यहरू यसलाई मान्दछन् भनेका छन्। यसलाई राज्यहरू Good Faith को आधारमा मान्दछन्। यसको पछाडि नैतिक बल भएको हुँदा नागरिकहरूको मौलिक हक तथा स्वतन्त्रताको लागि संघर्ष गर्न सदा प्रेरणा दिन्छ।

जे.इ.एस. फासेटका अनुसार यो एउटा स्वानी वा स्रोत हो जसले मानवाधिकारको विषयमा विभिन्न सन्धिहरू तथा राष्ट्र संविधानको जन्म दियो। उनको मौलिक शब्दमा It is a mine from vowich other conventions as will as national constitutions protecting these rights have been and are being querrel.

यो घोषणा पत्रमा उल्लेख गरिएका सिद्धान्तहरूलाई धेरै राष्ट्रहरूले आफ्नो संविधान तथा कानूनहरूमा समावेश गरेका छन्।

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ५५ र ५६ले संयुक्त राष्ट्रसंघद्वारा लक्षित गरिएको मानवाधिकारको पालना गर्नु सदस्य राष्ट्रको दायित्व हुन जान्छ। मानवाधिकारको घोषणा पत्र संयुक्त राष्ट्रसंघको बडापत्रको उद्देश्य तथा सिद्धान्त बमोजिम नै घोषणा गरिएको हुँदा यसका सदस्य राष्ट्रहरूलाई दायित्वबाट मुक्त हुन्छ भन्न सकिंदैन। अब त नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध समेतले राज्यको दायित्व निर्धारण गरेको हुँदा यसको वैधानिकतामा प्रश्न उठाइ रहनु भन्दा मानवाधिकारको धारणामा चलेको विश्वव्यापी लहर र प्रजातान्त्रिक समाजमा त्यसको महत्वलाई बुझेर उक्त घोषणाले वैधानिक एवं व्यावहारिक महत्व राख्दछ।

सन् १९४८ को डिसेम्बर १० तारिखका दिन संयुक्त राष्ट्रसंघको साधारण सभाले मानवाधिकारको घोषणा गरेपछि सभाले सबै सदस्य देशहरूलाई मूल संचार गर्न र देश तथा प्रदेशहरूको राजनीतिक स्थितिको आधारमा कुनै भेदभाव नगरी मुख्यतया विद्यालयहरू र शिक्षण संस्थाहरूमा प्रचार, प्रदर्शन र पठनपाठन तथा व्याख्या गराउन आह्वान गरेको छ। घोषणापत्रको अनुवाद संयुक्त राष्ट्रसंघका ५ वटा आधिकारिक भाषामा गरिएको छ। तिनीहरू फ्रेन्च, अंग्रेजी, चीनिया, रूसी र स्पेनिश हुन्। मानवाधिकारको विश्वव्यापी घोषणापत्रमा प्रस्तावना र अन्य ३० वटा धाराहरू छन्। यसका विभिन्न धाराहरूमा गरिएका राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको बारे छोटकरीमा चर्चा गर्नु यहाँ सान्दर्भिक देखिन्छ।

मानवाधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनामा उल्लेख भए अनुसार घोषणा पत्रको उद्देश्य मानव मात्रको अन्तर्निहित मान र सम्मान तथा अविछिन्न अधिकारहरूको

मान्यताको आधार स्वतन्त्रता न्याय र शान्ति भएको, मानव अधिकारको उल्लंघनबाट नै बर्बर काम भै मानवका अन्तस्करणमा चोट पुगेकोले धर्म, वाक स्वतन्त्रता, भय र अभावबाट मुक्ति दिलाउनुपर्छ भन्ने धारणा रहेको कुरा उल्लेख गरिएको हुँदा घोषणापत्रको सम्पूर्ण उद्देश्यमा मानवीय हित गर्नु रहेको छ। अत्याचार दमनको विरूद्ध गरिने विद्रोहबाट मानिसलाई जोगाउन कानूनी शासन गरिनु पर्ने मान्यता महसुस गरिएको कुरा पनि प्रस्तावनामा उल्लेख गरिएको छ। घोषणा पत्रको प्रस्तावनामा स्वतन्त्रता, समानता, भातृत्व जनताका आत्म निर्णयको अधिकार र राष्ट्रहरू वीचको आपसी सम्बन्ध आदि कुराहरू माथि सकारात्मक एवं उदारतापूर्ण दृष्टि राखिएको छ। घोषणा पत्रमा उल्लेखित अधिकारहरूको ज्ञान विश्व जनसमुदायलाई दिलाउनु पर्ने घोषणाको उद्देश्य रहेको छ। साथै घोषणा पत्रलाई मान्यता प्राप्त गराउनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास गरिने र मानवाधिकारको साझा मापदण्डको रूपमा र अन्तर्राष्ट्रिय प्रयास गरिने र मानवाधिकारको साझा मापदण्डको रूपमा विश्व जनमुदायलाई घोषणापत्र प्रदान गरिएको कुरा उल्लेख छ।

घोषणापत्रको धारा १ मा मानिसका प्राकृतिक अधिकारको उल्लेख गरिएको छ। जसअनुसार सबै मानिसहरू जन्मजात स्वतन्त्र हुन्छन्। ती सबैको समान अधिकार र महत्व छ। उनीहरूमा विचार शक्ति र सदाचार नभएकोले उनीहरूले आपसमा भातृत्वको भावनाबाट व्यवहार गर्नु पर्छ। घोषणापत्रको मौलिक शब्दमा- All Human being are born free and equal indignity and Rights. They are endowed with reason and conscience and should not towords one another in a sprit of brotherhood. घोषणापत्रको धारा २मा उल्लेखित मानवाधिकार र स्वतन्त्रताको उपभोग कुनै पनि व्यक्तिलाई जुनसुकै आधारमा पनि भेदभाव नगरिने नीति राखिएको छ। धारा ३ देखि १५ सम्म स्वतन्त्रताको हक, दासत्व विरूद्धको हक, निर्दयी अपमानजनक र अमानुसिक व्यवहार र सजाय विरूद्धको हक, देश निकाला विरूद्धको हक, व्यक्तित्वको हक, समानताको हक, उपचारको हक, सुनुवाईको हक, फौज्दारीको हक, कानूनी संरक्षणको हक, देश बाहिर भित्र घुमफिर गर्ने हक, शरण लिने हक, नागरिकताको हक इत्यादी राजनीतिक तथा नागरिक स्वभावका हकाधिकारको व्यवस्था गरिएको छ। धारा १६मा वयस्क स्त्री र पुरूषका वीचमा भेदभाव रहित वैवाहिक हक र समाज तथा राज्यद्वारा संरक्षण पाउने उल्लेख गरिएको छ। धारा १७ मा सम्पत्तिको हकको व्यवस्था गरिएको छ। धारा १८ र १९ मा धर्म, मत तथा विचार अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरिएको छ। धारा २० र २१ मा केही राजनीतिक अधिकारहरूको व्याख्या गरिएको छ। तिनमा सरकारमा भाग लिन पाउने र मतदान गर्ने आदि जस्ता अधिकारहरू उल्लेख गरिएका छन्।

घोषणापत्रको धारा २२ देखि २८ सम्म आर्थिक, सामजिक तथा सांस्कृतिक अधिकारहरूको वर्णन गरिएको छ। यस अन्तर्गत व्यवसाय चुन्ने स्वतन्त्रता, समान कार्यको लागि तलवको हक, सामजिक स्तरमा बाँच्न पुग्ने गरी पारिश्रमिक प्राप्त गर्ने हक, ट्रेडयुनियन

खोल्न पाउने हक, सार्वजनिक विदा तथा विश्रामको हक, सुरक्षाको हक, बालकहरूलाई विना भेदभाव समाजिक संरक्षणको हक, शिक्षाको हक, सांस्कृतिक जीवनको हक, वैज्ञानिक वा कलात्मक आनन्दको हक इत्यादी हकहरूको बारेमा उल्लेख गरिएको छ।

घोषणापत्रको धारा २९ मा व्यक्तिका समाजप्रतिका कर्तव्यको उल्लेख गरिएको छ। जसअनुसार प्रत्येक व्यक्तिका समाजप्रति कर्तव्यहरू छन्। हरेक व्यक्तिले आफ्नो अधिकार र स्वतन्त्रताको उपभोग गर्दा अरूको अधिकार र स्वतंन्त्रता प्रति मान्यता दिनु पर्ने छ। यी अधिकार र स्वतन्त्रताको प्रयोग संयुक्त राष्ट्रसघको सिद्धान्त र उद्देश्यको विपरित कुनै हालतमा उपभोग गर्न सकिने छैन भन्ने उल्लेख भएबाट घोषणापत्रले बडापत्रमा उल्लेखित सिद्धान्त र उद्देश्यको पूरकको रूपमा काम गर्ने देखिन्छ।

घोषणापत्रमा केही व्याख्या सम्बन्धी नियम पनि प्रतिपादन गरिएको छ। जस अनुसार कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणाको व्याख्या गर्नु हुँदैन। यसले गर्दा यो सार्वभौम घोषणापत्रलाई आफ्नो स्वार्थको अनुकूल हुने गरी नाजायज तरिकाबाट व्याख्या गर्न कसैले पनि नपाउने भएको छ।

मानवाधिकारको विश्वव्यापी घोषणापत्रबाट प्रभावित केही सन्धि सम्झौताहरू पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ जसले गर्दा यसको महत्व माथि थप प्रकाश पार्न सहायता मिल्ने छ। जस्तै शरणार्थीहरूको स्थिति सम्बन्धी महासन्धि 1951 convention on the status of stateless 1945 शिक्षामा भेदभाव विरूद्ध UNSCO महासन्धि १९६० U.N. convention on torture 1984 आदि महत्वपूर्ण छन्।

१९४८ मा मानवाधिकारको विश्वव्यापी घोषणाको स्थिति जुन रूपमा भए पनि यसको लामो अभ्यास, पटक-पटकको व्याख्या र राज्यहरूद्वारा गरिएका सफल अभ्यासहरूलाई हेर्दा यो घोषणा हाल पक्षधर राष्ट्रहरूलाई संयुक्त राष्ट्रसंघको बडापत्र जत्तिकै बाध्यकारी हुन थालिसकेको छ भन्नुमा कुनै अत्युक्ति नहोला।

मानवाधिकार विश्वव्यापी घोषणाले मानवाधिकारका राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न पक्षहरूको विस्तृत व्याख्या गरेको छ। मानवाधिकारको साझा मापदण्ड तयार पारेको छ। तर यस अन्तर्गत राज्यहरूको केही उत्तरदायित्वको निर्धारण गरिएको भए तापनि उक्त उत्तरदायित्व राज्यले पूरा नगरेमा उपचारको कुनै व्यवस्था नभएकोले यसको वैधानिकता माथि शुरू देखि नै प्रश्न खडा गरिएको थियो। यसको साथै मानवाधिकारको पालना गराउन राज्यहरूलाई कुनै सन्धि अन्तर्गत आबद्ध गर्ने र मानवाधिकारको उल्लंघनमा उपचारको व्यवस्था मिलाउनको लागि घोषणापत्र लागु भए देखि नै प्रयासहरू गरिएका थिए। त्यसको परिमाण बारे यहाँ छोटकरी चर्चा गरिन्छ।

७. मानव अधिकारका अन्तर्राष्ट्रिय अनुबन्धहरू र ऐच्छिक प्रोटोकल

संयुक्त राष्ट्रसंघको मानवाधिकार सम्बन्धी विश्वव्यापी घोषणा साँचो अर्थमा भन्ने हो भने एक परिवर्तनकारी घटना थियो, जसले विश्व भरिका मानिसका लागि मानवाधिकारको घोषणा गरी विश्व इतिहासमा नै नौलो आयाम थपिदियो तर मानवाधिकारको विश्वव्यापी घोषणापत्र आफैमा सार्थक र प्रभावकारी थिएन। यो महासभाको घोषणा मात्र थियो, त्यसकारण यसमा कानूनी शक्तिको सर्वथा अभाव थियो। त्यसकारण संयुक्त राष्ट्रसंघद्वारा यसको घोषणाकाल देखि नै यस तर्फ विशेष चासो देखाइएको थियो। शुरूमा मानवाधिकार आयोगलाई मानवाधिकारको वीलको रूपमा एउटै मात्र दस्तावेज तयार पार्न भनिएको थियो। पछि त्यसको अर्को निर्णय गरियो र दुईभागमा तयार पार्ने निश्चित गरियो। त्यसमा पहिलो भाग घोषणा पत्रको रूपमा र दोस्रो भाग कार्यान्वयन पक्षसंग सरोकार राख्ने किसिमको निश्चित गरियो। तदनुसार मानवाधिकारको विश्वव्यापी घोषणापत्र पहिलो भागको रूपमा जारी गरियो भने दोस्रो भागको निर्माणमा मानवाधिकार आयोग तल्लीन हुन थाल्यो यसलाई अनुबन्ध अन्तर्गत कुन-कुन राख्ने भन्ने सम्बन्धमा विभिन्न कठिनाइ पऱ्यो। शुरूमा नागरिक तथा राजनीतिक अधिकारहरू मात्र अनुबन्ध अन्तर्गत राख्ने विचार गरिएको थियो। तर महासभाले १९५० मा राजनीतिक तथा नागरिक अधिकारहरू र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्बन्ध एक अर्कोमा अन्योन्याश्रित खालका भएकोले सबै अधिकारहरू समावेश भएको अनुबन्ध तयार पार्ने आदेश दियो। फलतः १९५२ को छैटो अधिवेशनले २ वटा छुट्टछुट्टै अनुबन्ध तयार पार्ने निर्णय गरेर सोही बमोजिम गर्न मानवाधिकार आयोगलाई आदेश दियो। त्यसपछि आयोग लगातार आफ्नो कार्य सम्पादनमा लाग्यो। त्यतिबेला यसलाई ठूला-ठूला कठिनाइको पनि सामना गर्नु पऱ्यो। त्यसपछि भ्याएसम्म दुवै अनुबन्धहरूमा महासभाको निर्देशन अनुसार समान प्रावधानहरू राख्ने कोशिस गरियो। फलस्वरूप १९६६ सम्ममा यसले आफ्नो जिम्मेवारी पूरा गरेर दुईवटा छुट्टाछुट्टै अनुबन्धको रूपमा महासभामा प्रस्तुत गऱ्यो।

(क) राजनीतिक तथा नागरिक अधिकारको अनुबन्ध १९६६
Convention on civil and political Rights 1966

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलाई महासभाले १६ सेप्टेम्बरमा सर्वसम्मतिबाट स्वीकार गऱ्यो र १९ डिसेम्बर १९६६का दिन हस्ताक्षर तथा अनुमोदनको लागि खुल्ला गऱ्यो। अनुबन्ध लागु हुनको लागि ३५ सदस्यहरूले यसको अनुमोदन गरेको हुनु पर्दथ्यो। २३ मार्च १९७६मा आवश्यक सदस्यहरूले अनुमोदन गरेपछि सोही मितिबाट यो क्रियाशील भयो। यद्यपि अनुबन्धमा मानवाधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित अधिकारहरूलाई नै स्पष्ट र विस्तृत व्याख्या गर्ने लक्ष्य राखिएको हो

तापनि घोषणा पत्रमा उल्लेखित केही अध्ययनहरू जस्तै राजनीतिक शरण माग्ने अधिकार, सम्पत्ति राख्ने, नागरिकता छोड्ने, नागरिकताबाट जथाभावी बन्चित गर्न नपाइने जस्ता अधिकारहरू समावेश छैनन्। यस बाहेक घोषणा पत्रमा नभएका केही अधिकारहरू जस्तै करारीय दायित्व पूरा नगरेकोमा थुनामा राख्न पाउने, जनताको आत्म निर्णयको अधिकार, जनता र राष्ट्रको आफ्नो प्राकृतिक स्रोतको स्वतन्त्र उपभोग गर्न पाउने अधिकारलाई समावेश गरिएको छ। अनुबन्धमा केही अधिकारहरूको विस्तृत व्याख्या पनि गरिएको छ। नागरिक तथा राजनीतिक अधिकारको अनुबन्धमा व्यवस्था गरिएका हकहरू पश्चिमी मुलुकका संविधानहरूमा आधारित हकहरू हुन्। त्यसकारण यिनीहरू उदार र प्रजातान्त्रिक व्यवस्थाका अनिवार्य शर्तहरू पनि हुन्। जम्मा ५३ धारा भएको उक्त अनुबन्धमा नागरिक तथा राजनीतिक हकहरू मुख्यतया यस प्रकार व्यवस्था गरिएको छ।

अनुबन्धको प्रस्तावनामा संयुक्त राष्ट्रसंघको बडापत्र र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको सम्मान गर्नु नैतिक र आर्थिक, सामाजिक वा सांस्कृतिक अधिकारको सृजना गर्नु पर्ने उल्लेख छ। धारा ९ मा आत्म निर्णयको अधिकार उल्लेख गरिएको छ। अनुबन्धको धारा ३ मा नरनारीहरूका वीचमा समानताको अधिकार छ भने धारा ५ मा अनुबन्धको गलत अर्थ लाग्ने गरी व्याख्या गर्न नपाइने कुराको उल्लेख गरिएको छ। जम्मा ५३ धारा भएको नागरिक तथा राजनीतिक अधिकारको धारा ६-२७ सम्ममा विभिन्न हकहरूको व्यवस्था गरिएको छ। तिनीहरू हुन् क्रुर यातना, अमानवीय तथा अपमानजनक व्यवहार र सजाय विरूद्धको हक, दासत्व दास व्यापार र इच्छा विरूद्धको श्रमबाट रक्षाको हक, निरंकुश स्वेच्छाचारी वा गैरकानूनी थुनुवा विरूद्धको हक, थुनुवामा रहेको बेला मानवीय व्यवहारको अधिकार, करार पूरा गर्न नसके वापत थुनुवा बस्नु पर्ने विरूद्धको अधिकार, मानव जीवन वा बाँच्न पाउने अधिकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय न्यायलय समक्ष कानूनको समानताको अधिकार, मत प्रभावित कानून विरूद्धको अधिकार, स्वीकृतिको अधिकार वा कानूनी व्यक्तित्वको अधिकार, व्यक्तिगत वा पारिवारिक जीवनमा गैर कानूनी हस्तक्षेप विरूद्धको अधिकार, सोचाई अन्तस्करण र धर्म सम्बन्धी अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, लडाइलाई उक्साउने, दंगा भड्काउने, साम्प्रदायिकता बढाउने आदि कार्यको निषेध, शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रता, संघ संगठनको अधिकार, उमेर पुगेपछि केटाकेटीको स्वतन्त्र सहमतिबाट विवाह गर्न पाउने अधिकार, वाल्यकालमा सुरक्षाको अधिकार, जनसेवा, सरकारी सेवा मतदान गर्ने र मत प्राप्त गर्ने अधिकार र अल्पसंख्यकहरूको संरक्षणको अधिकार इत्यादि।

अनुबन्धका अरू धाराहरू कार्य विधि तथा यसको संरचना सम्बन्धमा विस्तृत व्याख्या गर्दछन्। अनुबन्धमा वर्णित अधिकारहरू कानूनी सिद्धान्तमा भन्दा राजनीतिक सिद्धान्तमा आधारित देखिन्छन्। यसमा उल्लेखित अधिकारहरूलाई राष्ट्रिय सुरक्षा तथा सामाजिक व्यवस्था (सार्वजनिक व्यवस्था) (Public order) को आधारमा सीमित गर्नसकिने

प्रावधानले यी अधिकारहरूलाई अवस्थामूलक (Conditional) बनाइ दिएको छ। तर जीवनको स्वतन्त्रता, यातना तथा अमानवीय व्यवहार विरूद्ध सुरक्षा आदि जस्ता महत्वपूर्ण स्वतन्त्रताको हक कुनै पनि अवस्थामा आपतकालीन स्थितिमा पनि अपहरित नहुने कुरा उल्लेख गरिएको छ।

अनुबन्धको धारा २८ अनुसार एउटा मानव अधिकार समिति रहने व्यवस्था गरिएको छ। यसमा अनुबन्धका सदस्य (पक्षकार) राष्ट्रहरू मध्यबाट उच्च नैतिकता तथा कानूनी ज्ञान भएका व्यक्तिरू मध्येबाट १८ जना ४ वर्षको लागि निर्वाचित गरिन्छ। अनुबन्धको धारा ४० देखि ४५ सम्म यसको कार्यविधिको उल्लेख गरिएको छ। यसका सदस्यहरूले राज्य प्रतिनिधिको हैसियतमा नभै व्यक्तिगत हैसियतले निष्पक्ष र स्वतन्त्रता पूर्वक आफ्नो कार्य पूरा गर्नु पर्छ। यसले पक्षकार राष्ट्रहरूलाई मानवाधिकार सुदृढ बनाउनका लागि चालिएका नागरिक तथा नागरिक अधिकारको उल्लंघन गरेमा अर्को राज्यले त्यस्तो राज्य उपर यो समितिमा उजुरी पेश गर्न सक्दछ। तर यसको लागि राज्यहरूले समितिको कार्वाही मान्न घोषणा गरेको हुनुपर्छ। यस्तो उजुरी परे पछि समितिले उजुरी उपर जाँचबुझ गर्दछ र यस सम्बन्धमा आफ्ना सुझाव एवं प्रतिक्रिया व्यक्त गर्ने छ। त्यसपछि त्यसका सम्बन्धमा आफ्नो सुझाव Ecosoc लाई पठाउने छ। Ecosoc ले त्यस्तो स्वभाव पुनः पक्षकार राज्यलाई पठाउने छ। तर मानव अधिकार समितिको क्षेत्राधिकार मान्न घोषणा नगरेका राज्यहरूका हकमा कुनै पनि कारवाही चलाउने क्षमता यो समितिले राख्दैन। समितिले पनि समस्याको सन्तोषजनक समाधान गर्न नसकेमा सोको लागि ५ सदस्यीय तदर्थ मेलमिलाप आयोग गठन गर्ने छ। आयोगले आवश्यक ठानेमा पक्षकार राष्ट्रहरूबाट थप जानकारी समेत प्राप्त गरी समस्याका विषयमा गहिरो जाँचबुझ गर्दछ। यस प्रकारको जाँचबुझ गरिसकेपछि १२ महिनाभित्र आफ्नो सुझाव सहितको समस्याको शान्तिपूर्ण समाधान खुलाइएको प्रतिवेदन मानवाधिकार समितिमा पेश गर्दछ।

यस अनुबन्धले राज्य पक्षकारहरूलाई अनुबन्धमा उल्लेखित अधिकारहरूको पालना गराउने सम्बन्धमा केही दायित्व सुम्पेको छ। एउटा राज्यमा भएको मानवाधिकारको उल्लंघनको सम्बन्धमा अर्को राज्यले उजुरी गर्न सक्ने प्रावधानले यसलाई महत्वपूर्ण बनाए पनि राज्यहरूको स्वेच्छाले मात्र समितिको निर्णय मान्ने घोषणा गर्न पाउने, समितिको निर्णय उपर कार्यान्वयनको प्रभावकारी व्यवस्था नभएका र व्यक्तिले मानवाधिकारको उल्लंघनमा उजुरी गर्न नपाउने जस्ता प्रावधानले यसको प्रभावकारितामा सदा प्रश्न चिन्ह खडा गर्दछन्। तर मानवाधिकारको पालना गराउन कटिबद्ध राज्यको निम्ति भने यो राम्रो उपाय सावित भएको छ।

(ख) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध संग संगै अर्थात् १६ सेप्टेम्बर १९६६ का दिन यसलाई महासभाबाट सर्वसम्मतले ग्रहण गरियो र १९ डिसेम्बरका

दिन अनुमोदन तथा हस्ताक्षरको लागि खुल्ला गरियो। आर्थिक, सामाजिक तथा सांस्कृतिक अनुबन्ध लागु हुनको लागि ३५ राष्ट्रहरूले अनुमोदन गरिसकेपछि सोही मितिबाट यो क्रियाशील रहन थाल्यो। यो अनुबन्धमा पनि मानवाधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई छुट्याई तिनीहरूको विस्तृत व्याख्या गरी अनुबन्धमा हस्ताक्षर गर्ने राष्ट्रहरूलाई यी अधिकारहरूको पालना गराउने दायित्व सुम्पने उद्देश्य राखिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू र नागरिक तथा राजनीतिक अधिकारहरूलाई एउटै अनुबन्धमा समावेश गराउने सम्बन्धमा निकै लामो प्रयास गरिएको थियो। तर यिनीहरूको भिन्न स्वभावको कारणबाट कार्यान्वयन (अनुमोदन) मा हुन सक्ने संभावित समस्याहरूलाई दृष्टिगत गरी मानवाधिकार आयोगले यिनीहरूको छुट्टाछुट्टै अनुबन्ध तयार पारेको थियो। स्वभावले नागरिक तथा राजनीतिक अधिकारको प्रकृति र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रकृति भिन्न किसिमको हुन्छ। नागरिक तथा राजनीतिक अधिकारको तुलनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रकृति भिन्न किसिमको हुन्छ र यी अधिकारहरू नयाँ अधिकार मानिन्छन्। नागरिक तथा राजनीतिक अधिकारहरू राज्य विरूद्ध व्यक्तिलाई प्राप्त अधिकार हुन भने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू त्यस्ता अधिकारहरू हुन् जसलाई सफलिभूत पार्नको लागि राज्यले निरन्तर प्रयास गर्नु पर्दछ। दुई वटा छुट्टछुट्टै अनुबन्ध तयार गरिनु पर्छ भन्नेहरूको राय अनुसार यो दुवै थरी अधिकार मध्ये नागरिक तथा राजनीतिक अधिकार कानूनी अधिकार हुन् र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्रोग्राम राइट हुन् भन्ने थियो। तर आजको परिस्थितिमा यी दुवै अधिकारहरूलाई एक अर्काका परिपूरक र अन्योन्याश्रित अधिकारको रूपमा मानिदै आएको छ। साम्यवादी राष्ट्रहरू र अधिकांश नवनिर्मित राष्ट्रहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई प्रधानता दिन्छन्।

जम्मा ३१ धारा भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको प्रस्तावनामा पनि मानवाधिकारको विश्वव्यापी घोषणा पत्र र संयुक्त राष्ट्रसंघको बडा पत्रको सम्मान एवं पालना गर्ने संकल्प राखिएको छ।

धारा १ मा आत्मनिर्णयको अधिकार उल्लेख गरिएको छ भने धारा ३ मा नरनारीहरू वीच समानताको अधिकारको उल्लेख गरिएको छ। धारा ५ मा अनुबन्धको गलत अर्थ लगाउने गरी व्याख्या गर्न नहुने कुराको उल्लेख गरिएको छ। अनुबन्धको धारा २ मा वर्तमान प्रत्येक राज्य पक्षले विशेष गरी आर्थिक, प्राविधिक तथा अन्तर्राष्ट्रिय सहयोग तथा सहायता मार्फत आफ्नो उपलब्ध सम्पत्तिको अधिकतम उपयोग गर्न वर्तमान अनुबन्धमा स्वीकृति दिएका अधिकार क्रमशः प्राप्त गर्दै जाने, विशेष गरी व्यवस्थापिका सम्बन्धी उपाय ग्रहण गर्ने समेत सम्पूर्ण उचित उपायका लागि पाइला चाल्ने छन् भनी प्रतीज्ञा गरिएको छ। अनुबन्धको धारा (६-१५) सम्म निम्न अधिकारहरूको व्यवस्था गरिएको छ।

रोजगारको अधिकार, कामको उचित प्रबन्धको अधिकार, वाणिज्य संघ र ट्रेड युनियनको अधिकार, सामाजिक सुरक्षा, परिवारको अधिकार, आमा छोरा, बद्धा बृद्ध सबैको सुरक्षाको अधिकार, उच्चस्तरीय जीवन यापनको अधिकार, उच्चस्तरीय शारीरिक-मानसिक स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, सांस्कृतिक क्रियाकलापमा भाग लिन पाउने अधिकार इत्यादी।

यो अनुबन्धमा वर्णित अधिकारहरू प्रदान गर्न पक्षकार राज्यहरू भरदमग्दुर प्रयत्न गर्ने छन्। तर यो अनुबन्ध अन्तर्गत उपचारको प्रभावकारी व्यवस्था गरिएको छैन। यस अन्तर्गत सिकायत पत्रको कुनै प्रबन्ध गरिएको छैन। पक्षकार राष्ट्रहरूले अनुबन्धको पालना गर्नमा अपनाएको उपाय तथा त्यसको प्रगतिको प्रतिवेदन संयुक्त, राष्ट्रसंघका महासचिव मार्फत् Ecosoc मा पठाउँछन्। यसमा उनीहरूले अनुबन्धको पालना गर्नमा देखा परेका कठिनाइहरू पनि प्रस्तुत गर्न सक्दछन्। Ecosoc ले यस सम्बन्धमा सामान्य सुझाव, अध्ययन आदिको लागि मानवअधिकार आयोग संचार गर्दछ। यसप्रकार मानवअधिकार आयोग र Ecosoc का सुझावहरू प्रति सदस्य राष्ट्रहरूले प्रतिक्रिया व्यक्त गर्न सक्दछन्। आफू समक्ष आएका सूचना र आफूले दिएका सुझावहरू भएको आफ्नो राय सहितको प्रतिवेदन Ecosoc ले समय-समयमा महासभामा प्रस्तुत गर्नु पर्छ।

यो अनुबन्धको व्याख्या गर्दा पनि नागरिक तथा राजनीतिक अधिकारको अनुबन्ध झै मानवअधिकारको बडा पत्रमा उल्लेखित कुराहरू र जनताको आफ्नो प्राकृतिक स्रोतको स्वतन्त्र उपभोग गर्ने अधिकारको कम मूल्यांकन हुने गरी व्याख्या गर्नु हुँदैन। यस सम्बन्धी उल्लेखित प्रावधानहरू पालना गर्नु यसका सदस्य राष्ट्रहरूको कर्तव्य हो तर विकासोन्मुख राष्ट्रले गैर नागरिकहरूलाई यी सुविधाहरू उपलब्ध गराउन नसकेमा वाध्यता छैन। सन्धि अनुसार चालिएका कदम संयुक्त राष्ट्रसंघको महासचिवलाई प्रस्तुत गर्नु सिवाय यसको उपचारको अन्य कुनै व्यवस्था नभएकोले यसको पालनामा वाध्यकारी शक्ति नभएको देखिन्छ। तर पनि यसले समय-समयमा प्रस्तुत गरेको प्रतिवेदन र त्यसमाथिको छलफलले मानवाधिकारको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण योगदान दिने कुरामा भने आशाजनक प्रतिज्ञा गर्न सकिन्छ। यसबाट प्रस्तुत गरिने प्रतिवेदनको प्रचार प्रसारले महत्व राख्दैन।

(ग) नागरिक तथा राजनीतिक अधिकारको अनुबन्धको इच्छाधीन उपलेख (The optional protocal to the covenant on child and political right 1966)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा कुनै पनि व्यक्तिले आफ्नै राज्यबाट आफ्नो मानव अधिकारको उल्लंघन भएमा के उपचार पाउने भन्ने सम्बन्धमा कुनै व्यवस्था नभएकोले संयुक्त राष्ट्र संघको साधारण सभाले १९६६ मा नै उक्त अनुबन्धको पूरकको रूपमा Optional protocal to the covernant on cillil and political rights पारित गऱ्यो र 16 september 1966 मा साधारण सभाले ग्रहण गरी 19

december 1966 को दिन हस्ताक्षरको लागि खुला गऱ्यो। यो उपलेख लागु हुनको लागि १० वटा देशहरूले यसलाई अनुमोदन गरिसकेको हुनु पर्ने व्यवस्था थियो। नागरिक तथा राजनीतिक अधिकारको अनुबन्धमा हस्ताक्षर नगरी कुनै पनि राज्यले यस अन्तर्गतको उपचार पाउन नसक्ने व्यवस्था छ। आवश्यक राष्ट्रहरूको अनुमोदन प्राप्त गरिसकेपछि १९७६ देखि नै यो उपलेख पनि लागु भयो। कुनै पनि राष्ट्रलाई अन्तर्राष्ट्रिय नियम कानून वाध्यात्मक रूपले पालना गराउन सक्ने सार्वभौम अन्तर्राष्ट्रिय निकायको अभाव अहिलेसम्म पूरा हुन सकेको छैन। त्यसकारण यस्ता सार्वभौमसत्ता सम्पन्न राज्यले स्वेच्छाले नै मन्जुर गरेमा बाहेक मानव अधिकारको अन्तर्राष्ट्रिय नियम पनि वाध्यात्मक एवं प्रभावकारी हुन नसक्ने कुरामा दुईमत हुँदैन। यही अप्ठेरोलाई दृष्टिगत गरी महासभाले उक्त Protocal लाई ऐच्छिक प्रोटोकलको रूपमा प्रस्तुत गरेको हो।

नागरिक तथा राजनीतिक अधिकारको उल्लंघनमा कुनै पनि व्यक्तिले आफ्नै राज्यको विरूद्ध उजुर गरी आफ्नो मानवाधिकार संरक्षण गराई पाउनु पर्छ भन्ने सम्बन्धमा लेबनानले महासभामा सुझाव प्रस्तुत गरेको थियो। सोही बमोजिम महासभाले पारित गरेको उपलेखले मानवाधिकारको उल्लंघनमा आफ्नै राज्यको विरूद्ध पनि उजुर गर्न अन्तर्राष्ट्रिय निकाय (मानव अधिकार समेत) को ढोका खुला गरी दिएको थियो।

जम्मा १४ वटा धारा भएको उक्त ऐच्छिक उपलेखको प्रस्तावनामा नै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको उद्देश्य प्राप्तिको लागि व्यक्तिलाई पनि मानव अधिकार समितिमा उजुरी गर्ने अधिकार प्रदान गरिएको कुरा उल्लेख गरिएको छ। धारा १ ले अनुबन्धको सदस्य भएको तर यो उपलेखको सदस्य नभएको राष्ट्रको व्यक्तिलाई यस किसिमको अधिकार प्राप्त नहुने कुरा उल्लेख गरेको छ। मानव अधिकार समितिले यसको (उपलेखको) सदस्य भएको राष्ट्रको नागरिकहरूको सिकायत पत्र, यदि त्यो सिकायतपत्र अनुबन्धमा उल्लेखित नागरिक तथा राजनीतिक अधिकारको उल्लंघनमा छ भने मात्र प्राप्त स्थानीय उपचारहरू समाप्त गरिसकेको हुनुपर्दछ। बेनामी तथा अनुबन्धसंग असंगत हुने सिकायत पत्र ग्रहण गरिदैन। उक्त मामिलामा अन्य कुनै अन्तर्राष्ट्रिय निकायमा कारवाही भइरहेको हुनु हुँदैन। स्थानीय निकायमा अनावश्यक ढिला सुस्ती भएमा वा झन्झट लगाइएमा समितिले स्थानीय उपचार समाप्त नहुँदै पनि सिकायत ग्रहण गर्न सक्दछ।

रीतपूर्वकको सिकायत पत्र प्राप्त गरी संकेपछि मानव अधिकार सम्बन्धित राज्य सरकारलाई उक्त मामिलाका सम्बन्धमा स्पष्टीकरण दिन सूचित गर्दछ। त्यस्तो सूचना पाएको ६ महिना भित्र राज्य सरकारले कारण सहितको लिखित स्पष्टीकरण दिनु पर्दछ। उक्त मामिलाको सम्बन्धमा आफ्नो राष्ट्रिय कानून अनुसारको केही कार्वाही चालेको भएमा त्यसको पनि जानकारी गराउनु पर्दछ। यस प्रकार राज्यको लिखित स्पष्टीकरण प्राप्त भएपछि समितिले विवादको छलफल आफ्नो गोप्य वैठकद्वारा गर्दछ र त्यसको आधारमा तयार पारेको सुझाव र सिफारिसलाई सम्बन्धित पक्षहरू समक्ष पठाउँछ। यसको एक प्रति संयुक्त राष्ट्रसंघको

महासभामा पनि प्रस्तुत गर्दछ। यसले गर्दा उपलेख अन्तर्गत मानव अधिकारको उल्लंघनमा केही प्रभावकारी उपचारको व्यवस्था भएको पाइन्छ।

संयुक्त राष्ट्रसंघको पद्धति अनुसार अन्यत्र व्यवस्था भएका व्यक्तिगत सिकायत, संचार वा निवेदन दिन पाउने प्रावधानलाई यसले सीमित गर्दैन र यो इच्छाधीन उपलेखको अनुमोदन खुला गरिएको छ। तर अनुबन्धमा हस्ताक्षर नगरेका राष्ट्रहरूका लागि अनुमोदन खुला हुने छैन। कुनै राज्यले उक्त ऐच्छिक प्रोटोकलको अनुमोदन गर्न चाहेमा त्यसको सूचना संयुक्त राष्ट्रसंघको महासचिव कहाँ पठाउनु पर्दछ। त्यसपछि महासचिवले त्यसलाई रजिष्टेशन गरिसकेपछि त्यसको सूचना महासचिवले अन्य सदस्य राष्ट्रहरूलाई पनि पुऱ्याउदछ। ऐच्छिक प्रोटोकलका सदस्य राष्ट्रले प्रोटोकलको संशोधन गर्न चाहेमा त्यसको लागि लिखित रूपमा संयुक्त राष्ट्रसंघको महासचिव समक्ष पेश गर्न सक्ने छन्। त्यस उपर उल्लेखित सदस्यहरूले छलफल गर्छन् र सम्पूर्ण सदस्य संख्याको २।३ मतद्वारा प्रोटोकलमा संशोधन गरिन सक्दछ।

यसप्रकार कुनै पनि व्यक्तिले आफ्ना नागरिक तथा राजनीतिक अधिकारको उल्लंघनमा आफ्नै विरूद्ध पनि उजुरी दिन सक्ने प्रावधानले मानवाधिकारको उपचारमा यसले महत्वपूर्ण भूमिका निभाउने कुरामा असहमती छैन। तर त्यसलाई अभ्यासको खाँचो छ। फेरी यसको प्राप्तीको लागि हुन सक्ने व्यावहारिक कठिनाइ तथा प्रक्रियागत कठिनाइले यसमा केही अवरोध खडा गरेको छ। हालसम्म यसको सदस्य संख्या विस्तार हुन देखिएको कठिनाइले राष्ट्रहरू अझै पनि आफ्नो विरूद्धको उजुरीलाई त्यति जिज्ञासाका साथ ग्रहण गर्दैनन् भन्ने कुरा पनि थाहा हुन्छ। व्यक्तिगत हकको उल्लंघनमा अन्तर्राष्ट्रिय मानव अधिकार समितिको ढोकामा पुग्नु व्यक्तिको लागि ज्यादै कठिन कुरा हो र विकासशील देशका नागरिकको लागि त यो झन टाढाको विषय हुन जान्छ। फेरी प्रोटोकलका सदस्यहरूले महासचिवलाई लिखित सूचना दिएपछि त्यसको ३ महिनाभित्र सदस्यता नरहने र त्यसपछि उक्त राष्ट्रसंघको मामलामा कारवाही पनि बन्द हुने प्रावधानले यसको प्रभावकारितामा अझै रोकावट खडा गरिरहेको छ। तर पनि आजको लोक कल्याणकारी एवं प्रजातान्त्रिक राज्यको धारणाले यसलाई प्रभावकारी बनाउने शुभ संकेत देखिएका छन्।

स्मरणीय छ नेपालले पनि हाल मानव अधिकारको संरक्षणार्थ नागरिक एवं राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको ऐच्छिक प्रोटोकललाई अनुमोदन गरेको छ। यसले गर्दा अब सरकारलाई प्रतिपक्ष बनाइ नागरिकले पनि संयुक्त राष्ट्रसंघीय (अन्तर्राष्ट्रिय) मानवाधिकार समितिमा उजुर गर्न पाउने भएको छ। यस्तो यातना, अमानवीय तथा क्रुर व्यवहार विरूद्धको हकलाई पनि संरक्षण प्रदान गरिएको छ। श्री ५ को सरकारको यो साहसी कार्यको लागि नेपालका विभिन्न मानव अधिकारवादी संस्थाहरूले पनि श्री ५ को सरकारको उक्त कार्यको स्वागत गरेका छन्। यसले गर्दा नेपाल दक्षिण पूर्वी एशियामा नै ऐच्छिक प्रोटोकलमा हस्ताक्षर गर्ने प्रथम राष्ट्र भएको छ।

व्यवहारमा यसको प्रयोग सबैको लागि हितकारी हुने कुरामा भने मतभिन्नता होला भन्न सकिदैन।

संयुक्त राष्ट्रसंघको स्थापनाकाल देखि नै मानव अधिकारको अन्तर्राष्ट्रिय वील तयार पार्ने प्रयासको थालनी गरिएको थियो। Ecosoc द्वारा १९४७ मा गठित मानवअधिकार आयोग (Human Rights commission) मानव अधिकारको अन्तर्राष्ट्रिय वील International Bill of Human Rights को तयार गर्ने काममा व्यस्त रहन थाल्यो फलस्वरूप मानव अधिकारको विलको पहिलो भागको रूपमा १९४७ मा मानव अधिकारको विश्वव्यापी घोषणा प्रस्तुत गरियो। आफ्नो प्रयासको २० वर्ष पछि अथवा घोषणा पत्र प्रकाशनको १८औं वर्ष पछाडि यसले मानव अधिकारको विलको दोस्रो भागको रूपमा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूका २ छुट्टाछुट्टै अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकारको अनुबन्धको ऐच्छिक प्रोटोकललाई प्रस्तुत गऱ्यो। मानव अधिकार आयोग संयुक्त राष्ट्रसंघ र Ecosoc द्वारा भएका यी महत्वपूर्ण कदमहरू जति जति भए त्यति प्रभावकारी हुँदै गएका छन्। मानव अधिकार आयोगले नागरिक तथा राजनीतिक अधिकारको अनुबन्ध १९६६ दोस्रो ऐच्छिक प्रोटोकलमा मृत्युदण्डलाई समाप्त गर्ने उद्देश्य राख्वेको थियो। १९८१ को संयुक्त राष्ट्रसंघको १७ औं अधिवेशनमा सदस्यहरूको छलफलको लागि यो Second protocal प्रस्तुत गरिएको थियो तर त्यसमा व्यापक टिकाटिप्पणी भएकोले लागु गर्न सकिएन।

मानवअधिकारको वर्तमान अवधारणा मानवको बौद्धिक उपज हो। मानव जति जति बौद्धिक क्षमता बढाउदै जान्छ त्यति त्यति मानवीय भावनामा पनि उदारता आउँछ र अरूका मौलिक हकको सम्मानको भावना स्वतः स्फुर्त हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले मानव अधिकारका विश्वव्यापी मापदण्ड तयार गरिदियो तापनि स्वयं बडापत्रको वैधानिक भाषा र घोषणा पत्रको औचित्यताको व्याख्या गरी मानव अधिकारको हनन हुन सक्ने र उपचारको प्रभावकारी संरक्षण र सम्बर्द्धनमा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रयासहरू भए। मानवअधिकारको सम्बन्धमा गरिएका क्षेत्रीय प्रयासहरूको चर्चा यसपछिको परिच्छेदमा गरिने छ।

परिच्छेद - छ

मानवअधिकार सम्बन्धी क्षेत्रीय व्यवस्थाहरु

मानवअधिकारको विश्वव्यापी घोषणा पत्रले मानव अधिकारको विश्वव्यापी मापदण्ड निर्धारण त गऱ्यो तर मानव अधिकारको उल्लंघनमा राज्यहरूको के दायित्व हुने भन्ने कुरा स्पष्ट गर्न सकेन। कुनै पनि अधिकारहरूले त्यतिबेला बैधानिकता प्राप्त गर्छन् जति बेला तिनीहरूको उल्लंघनमा उपचारको व्यवस्था हुन्छ। घोषणा पत्रद्वारा निर्देशित अधिकारहरूको अन्तर्राष्ट्रिय उपचारको व्यवस्था नभएका र संयुक्त राष्ट्र संघ अन्तर्गत भएका अनुबन्धहरू तथा प्रोटोकल पनि ज्यादै पछि मात्र मात्र स्वीकार गरिएकाले मानवीय अधिकार तथा मौलिक स्वतन्त्रताहरूलाई जिवन्तता प्रदान गर्नको लागि मानवअधिकारको विश्वव्यापी घोषणाको तत्कालै पछिबाट तिनीहरूको प्रभावकारी उपभोगको उपाय खोजिएको थियो। मानव अधिकारको उपभोगमा लामो अभ्यास गरिसकेका पश्चिमी मुलुकहरूले यस तर्फ पहिलो कदम चाल्ने प्रयत्न गरे। १८२३ को Monorec Doctrine को प्रभावले गर्दा क्षेत्रीय भावनाको अभिवृद्धि भएको अमेरिका र पश्चिम यूरोपका विकसित राष्ट्रहरूमा यसप्रकारको क्षेत्रीय भावनाको विज अंकुरण धेरै पहिले देखि नै भैसकेको थियो। त्यसकारण १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणा पश्चात् नै मानव अधिकारको क्षेत्रीय संरक्षणका प्रयासहरू थालिए।

समान भाषा, समान सांस्कृतिक परम्परा, साझा इतिहास, भौगोलिक सामिप्यता, आर्थिक स्तरमा समानता जस्ता कारणले गर्दा मानवअधिकारको अनुबन्ध एवं घोषणालाई राष्ट्रहरू अन्तर्राष्ट्रिय रूपमा अनुमोदन गर्न मंजुर गर्दछन्। यो कार्य अन्तर्राष्ट्रिय स्तरको तुलनामा क्षेत्रीय स्तरमा बढी सुविधाजनक पनि छ। तर प्रभावकारिताको आधारमा विस्तृत एवं महत्वपूर्ण पनि छ। मानव अधिकारको क्षेत्रीय व्यवस्था त्यतिबेलासम्म स्वागत योग्य र

अनुकरणीय हुन्छ जतिबेलासम्म यसले विश्व घोषणापत्र र संयुक्त राष्ट्र संघका उद्देश्य र सिद्धान्त तथा धारणा अनुरूप काम गर्छ। स्वयं संयुक्त राष्ट्रसंघले पनि मानव अधिकारको क्षेत्रीय व्यवस्था बारेमा केही नबोले पनि क्षेत्रीय प्रबन्धहरूलाई विश्व शान्ति सुरक्षा कायम राख्ने काममा ग्रहण गरेको छ। वडापत्रको परिच्छेद आठ अनुसार क्षेत्रीय संगठनहरूलाई स्वीकार गरी स्थानीय विवादहरूलाई सर्वप्रथम सुरक्षा परिषद्मा पेश गर्नु भन्दा पहिला क्षेत्रीय संगठनहरूद्वारा सुल्झाइनु पर्ने व्यवस्था छ। तर यस्ता क्षेत्रीय प्रबन्धहरू संयुक्त राष्ट्रसंघको उद्देश्य र सिद्धान्त अनुरूप हुनु पर्ने कुरालाई परिच्छेद ८ अन्गर्तत नै निश्चित गरिएको छ। वडा पत्रको धारा ५१ अनुसार सामुहिक सुरक्षाको कदम शसस्त्र आक्रमणको स्थितिमा मात्र चाल्न सकिन्छ जबकि OAS ले सैनिक आक्रमणको स्थितिमा मात्र नभै अमेरिकाको महाद्वीपको शान्तिमा खतरा उत्पन्न गर्न सक्ने स्थितिमा पनि सामुहिक सुरक्षा सम्बन्धी कदम चाल्न सक्ने व्यवस्था OAS को वडापत्रको धारा २८ ले गरेको छ। यस्तो स्थितिलाई महसुस गरी क्षेत्रीय प्रबन्धहरूको बारेमा समय - समयमा प्रश्न उठाइदै आएको पनि पाइन्छ। सन् १९६५ मा Vienna University ले यसका सम्बन्धमा एउटा गोष्ठीको आयोजना गरेको थियो। गोष्ठीमा यसको पक्ष र विपक्षमा व्यापक छलफल पनि चलेको थियो। जहाँसम्म मानव अधिकारको सम्बन्धमा क्षेत्रीय प्रबन्धहरूको सवाल छ, त्यसलाई संयुक्त राष्ट्र संघले नै मान्यता प्रदान गरेको छ। मानवअधिकारको यूरोपीय सम्झौता र अमेरिकाको सम्झौताको सफलताबाट प्रभावित भएर संयुक्त राष्ट्र संघ अन्तर्गत अफ्रिकामा चालिएको मानव अधिकारको क्षेत्रीय प्रबन्ध सम्बन्धी प्रयासले सफलता हासिल गऱ्यो। महासभाले सन् १९७७ देखि १९७९ सम्ममा आफ्ना थुप्रै प्रस्तावहरूमा मानवअधिकारको क्षेत्रीय व्यवस्था नभएका क्षेत्रहरूले यस दिशातर्फ ठोस सहमतिमा पुग्न अनुरोध गरे। मानवअधिकारको घोषणाको मापदण्ड मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले निर्धारण गरिसकेको हुँदा तिनीहरूको कार्यान्वयन पक्षमा क्षेत्रीय व्यवस्था अन्तर्गत खेल्न सकिने भूमिका उल्लेखनीय छ भन्ने कुरा तत् सम्बन्धी यूरोपीय अन्तर्गतका व्यक्तिले पनि मानवअधिकारको हननमा उजुरी गर्न पाउने व्यवस्था भएकोले यिनीहरूको प्रभावकारितामा वृद्धि भएको पाइन्छ। यस्ता क्षेत्रीय व्यवस्थाहरूको छोटकरीमा चर्चा गर्नु यहाँ सान्दर्भिक देखिन्छ।

(क) मानवअधिकारको यूरोपीय सम्झौता १९५० (The European Convention on Human Rights 1950)

मानव अधिकारको क्षेत्रीय संरक्षणको आरम्भको श्रेय The european Convention on the Human Rights1950 लाई दिनु पर्छ। यसद्वारा नै मानव अधिकारको उल्लंघनमा यसमा व्यवस्थित निकायहरूमा र नवीन खोजका विधि मानिने यूरोपीय राष्ट्रहरूले यसको स्थापनाको (मानवअधिकारको सरक्षणको क्षेत्रीय प्रयासको) प्रयास १९५० पूर्व नै गरिरहेका थिए र त्यो प्रयास १९५०मा गएर मात्र सफल हुन सक्यो। सांगठनिक दृष्टिकोणले र मानव

अधिकारको प्रयोगको दृष्टिकोणले यूरोपीय परिषद् बढी प्रभावकारी र प्रयोगसिद्ध देखिन्छ। यसले मानवाधिकारको घोषणालाई भन्दा यसको प्रभावकारिता कार्यान्वयन पक्षलाई बढी महत्व दिएको पाइन्छ, जुन आवश्यक पनि छ। मानवअधिकारको यूरोपीय परिषद्को स्थापना यूरोपीय ऐक्यबद्धता तथा सामाजिक, राजनीतिक, आर्थिक समानता जस्ता उद्देश्यले सन् १९४९ को एक सम्झौता बमोजिम भएको थियो। उत्तर एटलान्टिक सन्धि संगठन (NATO) यसको आधार हो भने पूर्वी यूरोपमा भएको साम्यवादको प्रभावबाट पश्चिम यूरोपमा बनाउने यसको उद्देश्य हो। शुरूमा यसको सदस्य संख्या १० थियो पछि गएर १८ पुग्यो। यही यूरोपीय परिषद्को तत्वाधानमा १५ वटा यूरोपीय राष्ट्रहरूले ४ नोभेम्बर १९५० मा सन् १९४९ को Titgen report मा सही गरेपछि मानव अधिकारको यूरोपीय सम्झौताको विधिवत स्थापना भयो। तर यसलाई लागु गर्नका लागि १० वटा राष्ट्रहरूको अनुसमर्थन (Ratification) को आवश्यकता पर्ने हुँदा ९ सेप्टेम्बर १९५३ मा सो कार्य पूरा भए पछि मात्र लागु भयो।

Europen convention of Human Rights का सन् १९५२ देखि १९६६ सम्म गरी ५ वटा उपलेख (Protocal) हरू तयार पारिएका छन्। जसमध्ये प्रथम र चौथो उपलेख लागु गरिएका छन् भने बाँकी ३ वटा उपलेखहरू लागु गरिएका छैनन्। प्रथम उपलेख १८ मे १९५४ देखि लागु भएको हो भने चौथो उपलेख १८ मे १९६८ देखि लागु भयो। यी उपलेखहरूले सम्झौतामा केही संशोधन गर्नुका साथै केही नयाँ अधिकारहरूको व्यवस्था पनि गरेका छन्। ती हुन् :

(क) सम्पत्तीको हक,
(ख) शिक्षाको समान अधिकार,
(ग) देश निकाला विरूद्धको हक,
(घ) स्वदेश फिर्ता हुन पाउने अधिकार,
(ङ) विदेशीहरूको सामूहिक निष्काशन विरूद्धको अधिकार,
(च) हिडडुल गर्न र आफ्नो निवास स्थान चयन गर्न पाउने अधिकार,
(छ) ऋणको आधारमा थुना विरूद्ध सुरक्षाको हक
(ज) स्वतन्त्र चुनावको अधिकार आदि।

मानव अधिकारको यूरोपीय सम्झौतामा ५ परिच्छेद र ६६ धाराहरू छन्। धारा १ ले सम्झौताका पक्षहरूलाई आफ्नो क्षेत्र भित्रका नागरिकहरूलाई परिच्छेद १, जसमा धारा २-१८ सम्मका अधिकारहरू पर्दछन्, बमोजिमका अधिकारको व्यवस्था गर्नु पर्ने दायित्व सुम्पेको छ।

परिच्छेद १ मा १२ वटा अधिकारहरू उल्लेख गरिएको छ। तिनीहरू हुन् जीवनको अधिकार, यातनाबाट मुक्ति तथा अमानवीय सजाय विरूद्धको अधिकार, दासत्वबाट मुक्तिको अधिकार, स्वतन्त्रता एवं सुरक्षाको अधिकार, निष्पक्ष सुनुवाईको अधिकार, भूतप्रभावी कानूनी (Ex-past facto law) विरूद्ध सुरक्षाको अधिकार, व्यक्तिगत तथा पारिवारिक जीवनमा वाह्य

हस्तक्षेप विरूद्ध सुरक्षाको अधिकार, विचार अन्तस्करण एवं धर्मको स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने एवं संघ संगठन खोल्ने हक, विवादको हक, प्रभावकारी कानूनी उपचारको हक आदि।

यूरोपीय सम्झौतामा उल्लेखित अधिकारहरू मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित अधिकारहरू नै हुन्। सन्धिमा उल्लेखित कुनै पनि कुराको (अधिकारको) व्याख्या गर्दा यूरोपीय परिषद् (Council of Europe) मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय सन्धिमा उल्लेखित अधिकारहरू हनन गर्न पाउने जस्तो अर्थ लाग्ने गरी व्याख्या गर्न पाइदैन भन्ने व्यवस्था पनि गरिएको छ।

मानव अधिकार सम्बन्धी यूरोपीय सम्झौताको प्रमुख महत्व अधिकारको घोषणा भन्दा पनि प्रभावकारी उपचारले गर्दा बढ्न गएको हो। सन्धिको धारा १९ अनुसार अधिकारको कार्यान्वयनको लागि २ वटा निकायको व्यवस्था गरिएको छ। ती हुन् :

(१) यूरोपीय मानव अधिकार आयोग (European commission of Human Rights)

(२) यूरोपीय मानव अधिकार अदालत (European court on Human Rights)

(१) यूरोपीय मानवाधिकार आयोग

सन्धिको धारा २०-३७ सम्म आयोग बारे व्यवस्था छ। आयोगको गठन सन्धिका सदस्य राष्ट्रहरूका १।१ जना प्रतिनिधिहरूबाट गरिन्छ। सम्झौता अनुसार प्रत्येक सदस्यको ३।३ जना प्रतिनिधिबाट व्यूरो अफ कन्सल्टेटीभ एसेम्वली बन्दछ। यही व्यूरोले तयार पारेको सूचिबाट आयोगका सदस्यहरू निर्वाचित हुन्छन्। तिनीहरूको निर्वाचन मन्त्रीहरूको समिति (The committe of ministers) द्वारा गरिन्छ। स्मरणीय छ आयोगमा सदस्य राष्ट्रहरूको विदेश मन्त्रीहरू भएमा एउटा Committeee of minister पनि रहने व्यवस्था छ। Commission का सदस्यहरूका पदावधि ६ वर्षको हुन्छ। सदस्यहरूले आफ्नो राष्ट्रको प्रतिनिधिको रूपमा नभै व्यक्तिगत रूपमा काम गर्ने छन्। निजहरू पुनः नियुक्तिको लागि योग्य मानिन्छन्। पदावधि रिक्त हुन आएमा European council का महासचिवले निर्वाचन गराउँछन्।

आयोगले सदस्य राष्ट्रहरूबाट अर्को राष्ट्र उपर दिएको उजुरी हेर्दछ। यसको महत्वपूर्ण एवं प्रभावकारी प्रावधान के छ भने यसले व्यक्तिगत उजुरी पनि हर्ने अधिकार राख्दछ तर यस्तो व्यक्तिगत उजुरी गर्ने प्रावधानलाई सम्बन्धित राष्ट्रले अनुमोदन गरिसकेको हुनु पर्दछ। आयोगले व्यक्ति, समूह वा गैरसरकारी संगठनहरूलाई मानवअधिकारको उजुरी दिने अधिकार व्यक्तिलाई सरह प्रदान गर्न सक्दछ।

आफू समक्ष उजुरी आइसकेपछि आयोगले छानवीनको प्रक्रिया शुरू गर्दछ। उजुरीको हकमा केही सर्तहरू राखिएका छन्। ती सर्त पूरा नगरी उजुरी ग्रहण गरिदैन। तिनीहरूमा (१) उजुरी सम्झौताले निश्चित गरेका अधिकारको सम्बन्धमा हुनु पर्दछ। (२) स्थानीय उपचारका

सबै उपायहरू समाप्त भएको हुनु पर्दछ। र अन्तिम आदेश भएको ६ महिनामित्र आयोगमा उजुरी गरिसक्नु पर्दछ। बेनामी उजुरी तथा रीत नपुगेको उजुरी उपर कार्वाही गरिदैन। (४) अरू कुनै अन्तर्राष्ट्रिय निकायमा सोही विवादमा कार्वाही चलिरहेको हुनु हुँदैन।

रीत पूर्वकको निवेदन उपर छानवीन गर्न यस आयोग अन्तर्गत एक उपआयोग (Sub commission) रहने व्यवस्था छ। यसले विवादको वास्तविक तथ्य पत्ता लगाई मेलमिलाप कायम गर्ने कोशिस गर्दछ। मेलमिलाप कायम गर्न असफल भएमा सोको रिपोर्ट आयोगमा फिर्ता पठाइन्छ। सम्पूर्ण तथ्यहरूको जाँचबुझ गरी आयोगले एउटा प्रतिवेदन तयार पार्दछ। यदि सम्बन्धित राष्ट्रहरूले अदालतको अधिकार क्षेत्रको अनुमोदन गरेका छन् भने आयोगले उक्त प्रतिवेदन मानव अधिकार अदालतमा प्रस्तुत गर्छ। अन्यथा मन्त्रीहरूको समितिमा पेश गरिन्छ। व्यवहारमा, अधिकांश विवादहरू Commission बाटै अन्तिम टुंगो लाग्ने गरेको पाइन्छ। Europen court on Human Rights मा पेश गरेपछि विवाद उपर अदालती कार्वाही शुरू हुन्छ।

(२) यूरोपीय मानव अधिकार अदालत

मानवअधिकारको यूरोपीय सम्झौता १९५० को धारा ३८ देखि ५६ सम्म मानव अधिकारको यूरोपीय अदालतको बारेमा उल्लेख गरिएको छ। अदालतमा यूरोपीय काउन्सिलको सदस्यसंख्या जति न्यायधीशहरू प्रत्येक सदस्यका १।१ जनाका दरले काउन्सिलको कन्सल्टेटीभ एसेम्ब्लीद्वारा निर्वाचित हुन्छन्। न्यायधीशको योग्यता I.C.J.का न्यायधीशको योग्यता सरह हुनु पर्छ र तिनीहरूले व्यक्तिगत हैसियतमा काम गर्ने छन् राष्ट्रियताको आधारमा होइन। निर्णयलाई पक्षकार राष्ट्रहरूले मान्न वाध्य हुन्छन्। निर्णयको कार्यान्वियन Committee of minister ले गर्दछ, त्यसकारण अदालतको निर्णय प्रभावकारी हुन्छ।

स्मरणीय छ, न्यायलयमा मामिला commission वा राज्य पक्षद्वारा मात्र प्रस्तुत गर्न सकिन्छ। अदालतको अधिकार क्षेत्रलाई अनुमोदन गर्ने कार्य राज्य पक्षधरहरूको स्वेच्छामा भर पर्छ। यो अदालतले पनि व्यक्तिलाई सोझै उजुरी पेश गर्ने ढोका खुला गरेको छैन। यिनै आधारहरूले गर्दा यो अदालत पनि राष्ट्रिय अदालत भन्दा भिन्न प्रकृतिको देखिन्छ। यद्यपि यूरोपीय सम्झौताबाट त्यहाँका जनताको मानवाधिकार प्राप्तिमा अप्रत्यासित असर परेको छैन तापनि मानवअधिकारको संस्थागत विकासमा महत्वपूर्ण आयाम थपेको छ।

(ख) मानवाधिकारको अमेरिकाको सम्झौता १९६६ (The America convention Human Rights)

मानव अधिकारको क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धमा यूरोपीय सम्झौता भएको १९ वर्ष पछि अथवा १९६६ मा अमेरिकी राष्ट्रहरूद्वारा साहसिलो कदम चालियो फलस्वरूप अमेरिकी

राष्ट्रहरू पनि मानवअधिकार सम्बन्धी क्षेत्रीय सम्झौतामा हस्ताक्षर गर्न पुगे। यूरोपेली राष्ट्रहरूलाई अपनाइएको मानवअधिकारको उपचारको व्यवस्था अमेरिकी सम्झौता अन्तर्गत पनि ग्रहण गरियो। १२१५ को म्याग्ना कार्टा देखि १९९६ सम्मका मानवाधिकारको संरक्षण र सम्बर्द्धनका लागि गरिएकी सम्पूर्ण प्रयासहरूको सैद्धान्तिक एवं व्यावहारिक अध्ययनको पश्चात तयार पारिएको उक्त सम्झौतामा प्रभावकारी उपचारको व्यवस्था मिलाइएको छ। यसले गर्दा यसको महत्वमा व्यापकता थप्ने काम गरेको छ। मानव अधिकारको अमेरिकाको सम्झौता सुन्यबाट आकस्मिक रूपमा निस्किएको होइन। यसको लागि अतितको लामो प्रयासको जिम्मेवारी छ। मानवअधिकारको क्षेत्रीय प्रबन्ध मिलाउनका लागि उनीहरूमा भएका धेरै समानताहरूको उल्लेखनीय भूमिका छ।

सन् १९४५ मा सम्पन्न भएको अन्तर अमेरिकाको सम्मेलनमा मानव अधिकारको अमेरिकी घोषणाको प्रस्तावले स्वीकृति प्राप्त गरेको थियो। यसलाई सन् १९४८ अमेरिकी राष्ट्रहरूको बोगोटो सम्मेलनद्वारा अंगिकार गरियो। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा जस्तै बगोटा घोषणापत्रमा पनि उपचार सम्बन्धी कुनै खास प्रबन्ध गरिएको थिएन। उपचार बिनाका अधिकारहरूको वैधानिक मान्यता नहुने कुरामा अमेरिकीहरू सचेत थिए।

त्यसकारण बगोटा सम्मेलनमा नै मानव अधिकारको सुरक्षाको लागि अन्तर अमेरिकी न्यायलय खोल्ने कुरामा प्रयास गरिएको थियो। तर त्यतिबेला उक्त प्रयास सफल हुन सकेन। १९५९ मा सेष्टयायो चिलीमा भएको अमेरिकी राज्यहरूका विदेश मन्त्री स्तरीय सम्मेलनमा OAS (Organazation of American states) अन्तर्गत Inter American commission on Human Rights गठन गर्ने कुरामा सहमति भयो। फलस्वरूप १९६० मा OAS को स्वायत संस्थाको रूपमा उक्त आयोग स्थापना गरियो। १९५९ मा कानूनविदहरूले तयार पारेको मानवअधिकारको मस्यौदा सन्धि माथि १९६५ को अन्तर अमेरिकी सम्मेलनमा छलफल गरियो।

यी सम्पूर्ण प्रयासहरूका बाबजुद १९६९ को नोभेम्बर ७ देखि २२ सम्म कोष्टारीकामा सम्पन्न अन्तर अमेरिकी राज्यहरूको विशेष सम्मेलनमा मानव अधिकारको अन्तर अमेरिकी सम्झौतामा १२ अमेरिकी राष्ट्रहरूद्वारा हस्ताक्षर गरियो। यसै सम्मेलनद्वारा मानवअधिकारको अन्तर अमेरिकी आयोग र अन्तर अमेरिकाको अदालतको समेत व्यवस्था गरी प्रभावकारी उपचारको समेत व्यवस्था मिलाइएको छ। सम्झौतामा उल्लेखित अधिकारहरू मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित अधिकारहरू नै हुन्। तिनीहरूमा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धसंग सामिप्यता पाइन्छ। कोस्टारिका सम्मेलनबाट नै सहभागी राष्ट्रहरू आ-आफ्ना देशका राष्ट्रिय संविधानहरूमा सम्झौता (Convention) मा भएका अधिकारहरूलाई समावेश गराउन मंजुर गरे।

जम्मा ३ भाग, १० अध्याय र ८५ धारामा विभाजित उक्त सम्झौता पत्रको भाग १ मा

राज्यहरूको जिम्मेवारी र सुरक्षीत अधिकार बारे उल्लेख छ भने भाग २ मा अधिकारको संरक्षणका उपायहरू बारे उल्लेख गरिएको छ। भाग ३ मा साधारण र केही अस्थायी प्रकृतिका व्यवस्थाहरू छन्। American convantion मा उल्लेखित अधिकारहरूमा मुख्यतया कानूनी व्यक्तित्वको अधिकार, जीमको अधिकार, यातनाबाट मुक्तिको अधिकार, दासत्व विरूद्धको अधिकार, वैयक्तिक स्वतन्त्रताको अधिकार, निष्पक्ष सुनुवाईको अधिकार, अतित प्रभावी कानून विरूद्धको अधिकार, वैयक्ति एवं पारिवारिक जीवनमा हस्तक्षेप विरूद्धको अधिकार, गोपनीयताको अधिकार, क्षतिपूर्तिको हक, धर्म एवं अन्तस्करणको स्वतन्त्रता, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सफाइ दिने अधिकार, भेला हुने तथा परिवार निर्माण गर्ने अधिकार, नामाकरणको अधिकार, वालकहरूलाई संरक्षण प्राप्त गर्ने अधिकार, राष्ट्रियताको अधिकार आदि अधिकारहरू पर्दछन्।

त्यसै गरी सम्पत्तिको अधिकार, घुमफिर तथा आवासको अधिकार, सरकारमा भाग लिने अधिकार, कानूनद्वारा समान संरक्षणको अधिकार, न्यायिक सुरक्षाको अधिकार, देश निकाला विरूद्धको अधिकार, विदेशीहरूको सामूहिक निष्काशनमा प्रतिबन्ध, स्वतन्त्र निर्वाचनको अधिकार, उपचारको हक, कानून समक्ष समानता, शरण लिन पाउने हकहरू उल्लेखनीय हकहरू हुन्।

अमेरिकी सम्झौताको एउटा महत्वपूर्ण विशेषता के हो भने यसमा केही नयाँ हकको व्यवस्था गरी तिनीहरूको विस्तृत व्याख्या समेत गरी स्पष्ट पारिएको छ। तिनीहरूमा –

(१) नाम थरको स्वतन्त्रताको हक

(२) बालकले परिवारको माया पाउने हक

(३) राजनीतिक शरण पाउने हक।

उल्लेखित हकहरूको अतिरिक्त स्वतन्त्र न्यायपालिकाको हक अन्तर्गत निष्पक्ष न्याय प्राप्तिको हक, निर्दोषताको पूर्वकल्पनाको हक, अदालतमा कानून व्यवसायीको प्रतिनिधित्वको हक, अदालतको भाषा नजान्नेलाई दोभाषेको हक आदि हकहरूको व्यवस्था गरिएको छ। स्वतन्त्रताको हक अन्तर्गत जथाभावी थुनछेक विरूद्धको हक, थुनुवाले मानवीय व्यवहार पाउने हक, नावालकले विशेष सुरक्षा पाउने हक आदि हकको समेत थप व्यवस्था गरिएको छ।

सम्झौतामा उल्लेखित अधिकारहरू राष्ट्र संकट एवं युद्धको स्थितिमा सार्वजनिक सुरक्षाको आधारमा बन्देज लगाउन सकिने व्यवस्था पनि छ। तर मुलभूत स्वतन्त्रताहरू जस्तै- जीवनको स्वतन्त्रता, गोपनियताको हक, दासत्व विरूद्धको हक, Ex-post Facto Law विरूद्धको हक आदिमा भने जस्तो सुकै स्थितिमा पनि बन्देज लगाउन नपाइने व्यवस्था छ। सन्धिमा उल्लेखित हकहरूको व्याख्या गर्दा OAS मानवाधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय सन्धिमा उल्लेखित अधिकारमा हनन हुन जाने जस्तो अर्थ लाग्ने गरी

व्याख्या गर्न नपाइने व्यवस्था छ।

मानव अधिकारको अमेरिकी सम्झौता १९६९ मा उल्लेखित अधिकारको कार्यान्वयनको लागि प्रभावकारी निकायहरूको व्यवस्था गरिएको छ। तिनीहरू हुन् -

(१) मानव अधिकारको अन्तर अमेरिकी आयोग Inter American Commission on Human Rights

(२) मानव अधिकारको अन्तर अमेरिकी अदालत Inter American court of Human Rights

(१) मानव अधिकारको अन्तर अमेरिकी आयोग

यो आयोग १९९६ पूर्व नै अस्तित्वमा आइसकेको थियो। १९९६ मा नै आयोगलाई OAS को वैधानिक अंगको रूपमा स्वीकार गरिएको थियो। यूरोपीय मानव अधिकार आयोगलाई वाध्यात्मक निर्णय लिने असाधारण अधिकार छैन तर यो आयोगलाई उक्त अधिकारले सुसज्जीत गरिएको छ। Commission मा उच्च नैतिकता भएका र मानवाधिकारको क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरेका ७ जना सदस्यहरू रहन्छन्। उनीहरूले राष्ट्रियताको हैसियतमा नभै व्यक्तिगत रूपमा काम गर्दछन्।

अन्तर अमेरिकी आयोगले मानव अधिकारको सम्बन्धमा Convention को धारा २० अन्तर्गतका अधिकारहरू प्राप्त गर्दछन्। यसले व्यक्ति-व्यक्ति समूह र गैर सरकारी संस्थाबाट मानव अधिकारको उल्लंघनमा पेश भएका उजूरीहरू हेर्ने र विवादको निब्टारा लगाउने अनिवार्य क्षेत्राधिकार राख्दछन्। एउटा राज्यले अर्को राज्यको विरूद्ध दिने सिकायत पत्रलाई यस अन्तर्गत राज्यको इच्छामा छोडिएको छ। त्यस्तो राज्यले आफ्नो विरूद्ध अर्को राज्यले उजुर दिन पाउने अन्तर्गतको आयोगको क्षेत्राधिकारलाई अनुमोदन गरेको अवस्थामा मात्र एक राज्यले अर्को राज्य विरूद्ध उजुरी दिन सक्छ। यो व्यवस्था र व्यक्तिले स्वतन्त्र रूपमा आफ्नै राज्यको विरूद्ध उजुरी दिन पाउने आयोगको क्षेत्राधिकार यूरोपीय मानवाधिकार आयोगको व्यवस्था भन्दा फरक छ।

उजुरी प्राप्त भए पछि आयोगले कारवाही शुरू गर्दछ तर त्यस्तो सिकायत पत्र प्रस्तुत गर्नका लागि केही सर्तहरू राखिएका छन्। वेनामी उजुरी माथि कुनै कारवाही हुँदैन। उजुरी गर्नु पूर्व स्थानीय उपचारको बाटो समाप्त भएको हुनु पर्छ। आफ्नो देशको निकायबाट अन्तिम आदेश भएको ६ महिना भित्र सिकायत आयोगमा पेश गर्नु पर्छ। मामलालाई अन्य कुनै अन्तर्राष्ट्रिय निकायमा पेश गरेको हुनुं हुँदैन। रितपूर्वकको सिकायत पत्र प्राप्त गरेपछि आयोगले सिकायतका बारेमा सम्बन्धित राष्ट्रसंग स्पष्टीकरण माग्ने छ। त्यस्तो स्पष्टीकरण दिनु राज्यहरूको कर्तव्य हुने छ। सम्पूर्ण कुराहरूको जाँचबुझ गरिसकेपछि आयोग विवादको शान्तिपूर्ण (मित्रतापूर्ण) समाधानको उपायतिर प्रयत्नशील हुने छ। यसप्रकारको समाधानमा आयोग असफल भएमा त्यसले विवादका बारेमा एउटा प्रतिवेदन तयार पार्दछ, जसमा

आयोगको सुझाव र विवादको तथ्य उल्लेख गरिएको हुन्छ। आवश्यक देखेमा आयोगले तीन महिनाभित्र मामिलालाई अन्तर अमेरिकी अदालत समक्ष पेश गर्ने छ। यदि पेश गरेन भने आयोग आफैले मामलाका सम्बन्धमा उचित निर्णय लिने छ र निष्कर्षको घोषणा गर्ने छ। त्यसपछि निश्चित समयावधि तोकेर सम्बन्धित राज्यलाई उपयुक्त उपचारको व्यवस्था गर्न आदेश दिने छ। उक्त समयावधि पछि निर्णयको कार्यान्वयन भए नभएको जाँच आयोगले गर्ने छ। तर व्यवहारमा अधिकांश मामिलाहरूलाई आयोगबाट नै निब्टारा गरिएका र आयोगको निर्णय सम्बन्धित राज्य पक्षले कार्यान्वयन गर्ने गरेको पाइन्छ।

(२) मानवअधिकारको अन्तर अमेरिकी अदालत

कोस्टारिकामा भएको मानवाधिकारको अन्तर अमेरिकी सम्मेलनमा अन्तर अमेरिकी अदालतको गठनमा सहमति भएको थियो। राज्यको पूर्ण सार्वभौमसत्ताको धारणाले यसमा पनि असर पारी नै रह्यो। फलस्वरूप अदालतको क्षेत्राधिकारको सम्बन्धमा व्यापक बहस चल्यो र यसको क्षेत्राधिकार स्वेच्छिक रूपमा नै गर्न सक्दछन्। क्षेत्राधिकार मान्ने घोषणा सदाको लागि वा निश्चित समयको लागि पनि याचना गर्ने राज्यपक्षले वा मानवअधिकार आयोगले मात्र प्रस्तुत गर्न सक्दछ।

अन्तर अमेरिकी अदालतमा जम्मा ७ जना न्यायधीश रहने व्यवस्था छ तर निर्णयको लागि ५ जना न्यायधीश भए पुग्दछ। न्यायधीशहरूले राष्ट्रियताको हिसाबले नभै व्यक्तिगत हैसियतले काम गर्नु पर्छ। निजहरू उच्च नैतिक योग्यता, मानवाधिकार सम्बन्धमा दखल र आफ्नो देशको उच्च न्यायलयमा न्यायधीश हुन सक्ने योग्यताको व्यक्ति हुनु पर्दछ। न्यायलयले petition माथि कारवाही गर्दा मानव अधिकारको पुर्नवहालीको आदेश दिन सक्छ। मानव अधिकारको उल्लंघनको क्षति पुग्ने पक्षलाई समेत सम्बन्धित राज्यबाट क्षतिपुर्ति भराउन सक्ने भएकोले यसको प्रभावकारिता बढ्न गएको हो। अन्तर अमेरिकी अदालतको अर्को महत्वपूर्ण विशेषता के छ भने यसले सल्लाहकारी मत दिने क्षेत्र व्यापक छ। यसले कुनै पनि अंग र त्यस अन्तर्गतका राष्ट्रहरूलाई सल्लाहकारी मत दिन पाउने क्षेत्राधिकार राख्दछ तर त्यो मत मानवाधिकारको मामलासंग सम्बन्धित हुनु पर्दछ।

मानवअधिकारको अन्तर अमेरिकी अदालतले पनि सोझै व्यक्तिको सिकायत पत्र हेर्न नसक्ने र राज्य पक्षधरहरूको स्वच्छामा नै यसको क्षेत्राधिकार अडेको हुँदा राष्ट्रिय न्यायलयको तुलनामा यो कमजोरी देखिन्छ। तर यी कमजोरीहरूलाई छोडेर अन्य भूमिका हेर्दा अन्तर अमेरिकी अदालत मानवाधिकारको कार्यान्ववयन पक्षमा निकै प्रभावशाली देखिन्छ।

मानवअधिकारको अमेरिकी सम्झौता १९६९ अन्तर्गत यस अन्तर्गत चालिएका कदमहरूले मानवअधिकारको विकासको पीरामिडमा नयाँ आयाम थप्दै जानमा महत्वपूर्ण भूमिका खुलेको छन्। हालसम्मका व्यवस्थाहरूमा अमेरिकी सम्झौता नै प्रमुख छ र सबैभन्दा

सफल मानिन्छ। अधिकांश विवादहरू मानवअधिकार र आयोगबाटै समाधान गर्ने क्षमता भएकोले यो सम्झौताको महत्व अझ सहानीय हुन गएको छ।

(ग) मानवअधिकारको एशियाली सम्झौता बारे

विश्वको जनसंख्याको ठूलो भू-भाग ओगटेको एशिया क्षेत्रमा मानवअधिकारको क्षेत्रीय प्रबन्ध तर्फ कुनै आधिकारिक प्रयास गरिएको पाइदैन। एशियाको अधिकांश देशहरू तेस्रो विश्वका अविकसित तथा अत्यन्त कम विकसित देशहरूमा भोग, रोग, महामारी, अशिक्षा, अन्धविश्वास आदि कारणहरूले गर्दा अझै पनि यहाँका मानिसहरूमा सभ्यता मौलाउन सकेको छैन। फलस्वरूप विभिन्न युद्ध र मानव अधिकारको उल्लंघन सामान्य रूपमा नै रहन्छ। मानिसको रगत पसिना र आँशुले यहाँको भूमि सिंचित छ।

मानवअधिकारको चर्चा चल्न थालेको यसै बेला पनि एकातिर मानिसहरू रोटीका लागि चिच्याइरहेका र बदलामा तातो गोलीले भुटिनु परिरहेको छ। म्यान्मारमा वैधानिक सरकारले सत्ता सम्हाल्न पाइरहेको छैन। भूटानमा मानवअधिकारको आवाज उठाउनेहरू माथि अमानुषिक व्यवहार गरिएको छ। यस क्षेत्रमा प्राय सबै मानवाधिकारको विश्वव्यापी घोषणा पत्रको भावना अनुकूल कायम मैरहेको छैन। एशिया भन्दा पनि अविकसित महादेश अफ्रिकामा पनि मानवाधिकारको क्षेत्रीय प्रबन्ध मैसकेको छ। त्यहाँ जनताहरू यस अन्तर्गत संगठित छन्। यस स्थितिलाई हेर्दा एशिया क्षेत्र अफ्रिकीहरू भन्दा पनि पछि परेको छ। निकट भविष्यमा नै यस सम्बन्धमा कुनै व्यवस्था हुन सक्ने शुभ संकेत पनि देखा परिरहेको छैन। विभिन्न राजनेताहरू र कानूनविद्हरूले गैर सरकारी स्तरमा विभिन्न प्रयासहरू गर्ने र आवाजहरू उठाउने गरेको भए तापनि सरकारी स्तरमा यस बारे कुनै चासो देखाइएको छैन। एशियाली सम्झौता बारे कुनै प्रस्तावसम्म पनि सरकारी स्तरबाट यस क्षेत्रमा उठाइएको छैन। राष्ट्रहरूको मानवाधिकार प्रतिको उदासिन सोचाइ नै मानव अधिकारको एशियाली सम्झौताको बाधक हो भन्ने कुराको बोध हुन्छ। गैर सरकारी स्तरमा चालिएको कदम पनि अत्यन्त कम तथा मन्द प्रकृतिको छ।

(घ) मानव अधिकार सम्बन्धी अफ्रिकी व्यवस्था

मानव अधिकार सम्बन्धी अफ्रिकी व्यवस्था मूलतः सन् १९६९ को लुसाका घोषणापत्रले (Lusaka Menifesto, 1969), सन् १९८१ को विश्वव्यापी इस्लामिक घोषणापत्र (Universal Islamic Declaration of Human Rights, 1981) र १९८९ को वान्जुल (Banjul Charter on Human and Peoples Rights, 1981) अन्तर्गत व्यवस्थित छन्। अफ्रिकी राष्ट्रहरूको संगठन (Organization of African unity, 1963) को स्थापना संगसंगै अफ्रिकामा मानवअधिकारको संरक्षण सम्बन्धी व्यवस्थाको शुरू भएको हो। यो

घोषणापत्र मूलतः जातिवाद र रंगभेदको विरोध गर्ने उद्देश्यले जारी भएको हो। यो घोषणापत्र मुख्यरूपले स्वेत जातिवाद विरूद्ध केन्द्रित छ। सन् १९८१ को मानवअधिकारको विश्वव्यापी इस्लामिक घोषणापत्र मूलतः पैगम्बर मोहम्मदका उपदेशहरूमा आधारित धार्मिक घोषणापत्रको रूपमा जारी गरिएको छ। इस्लामिक धर्म अन्तर्गतको अहरणीय मानव अधिकारको रूपमा नै आत्मसात गरिएको छ। २७ जुन, १९८१ मा अफ्रिकी एकता संगठनले मानवअधिकार सम्बन्धी अफ्रिकन बडापत्र (वान्जुल बडापत्र) लाई स्वीकार गऱ्यो। यो वडापत्र २१ अक्टुवर १९८६ देखि क्रियाशील भएको छ। यस वडापत्रले अधिकार तथा कर्तव्य, अधिकारको संरक्षण सम्बन्धी व्यवस्था, आयोग सम्बन्धी व्यवस्थालाई समावेश गरेको छ। यस वडापत्रले नागरिकहरूलाई समेत समाहित गरेको छ। यस वडापत्रको कार्यान्वयनको लागि अफ्रिकी एकता संगठन अन्तर्गत अफ्रिकी आयोग (African Commission on Human and People's Rights) को व्यवस्था छ, जसको प्राथमिक कार्य वडापत्रले प्रत्याभूत गरेको अधिकारको संरक्षण र प्रबर्द्धन गर्नु रहेको छ।

(ङ) मानव अधिकार सम्बन्धी इस्लामिक व्यवस्था

एशिया र अफ्रिकाका २१ वटा मुस्लिम राष्ट्रहरू मिलेर इस्लामिक राष्ट्रहरूको संघ (Leagle of Arabian ststes) को स्थापना गरेका छन्। इस्लामिक धर्मको आधारमा चल्ने यी राष्ट्रहरूको मानवअधिकार बारे आफ्नै स्वालको दृष्टिकोण भएकोले सन् १९८१ मा लण्डनमा भएको अन्तर्राष्ट्रिय सम्मेलनले मानव अधिकारको विश्वव्यापी इस्लामिक घोषणापत्र पारित गरेको छ। यसमा प्रस्तावना र तेइसवटा धाराहरू समावेश छन्। प्रस्तावना अनुकूल गरेर मानवअधिकारको परिभाषा गरिएको छ। यस घोषणापत्रमा जम्मा तेइसवटा अधिकारहरू उल्लेख गरिएका छन्।

मानव अधिकारको विश्वव्यापी घोषणा भए पनि संयुक्त राष्ट्र संघले मानव अधिकारको प्रभावकारी क्षेत्रीय संरक्षण, मानवाधिकारको पालना नहुने कुरालाई एशिया तथा प्रसान्त क्ष्ेत्र बाहेक अन्य क्षेत्रीय प्रबन्ध अन्तर्गत मानव अधिकारको प्रभावकारी संरक्षणले सिद्ध गरी दिएको छ। मानवअकिारको विश्वव्यापी घोषणा पत्रले यसको वाध्यात्मक उपचार नगरेकोले राष्ट्रहरूले मानवअधिकार संरक्षणको दायित्व वा अन्य कुनै उपायद्वारा खोज्नु पर्ने कुरा निर्विवाद छ।

परिच्छेद सात

नेपालमा मानवअधिकार आन्दोलन

१. नेपालमा मानवअधिकार आन्दोलनको इतिहास *

हजारौं वर्षको मानव इतिहास शोषणका विरूद्ध मुक्ति, पक्षपातका विरूद्ध न्याय, असमानताका विरूद्ध समानताको लडाईंको इतिहास पनि हो। मानिसले आफ्नो बाँच्ने अधिकारसंग कहिल्यै संझौता गर्न सक्दैन। बाँच्न पाउनु मानिसको नैसर्गिक अधिकार हो। बाँच्नको लागि खान, लाउन, बास पाउनु, मनको कुरा निर्वाध रूपमा व्यक्त गर्न पाउनु, लेखपढ ज्ञान आर्जन र आस्था अनुसारको धर्म ग्रहण गर्न पाउनु आदि मानिसका खोस्नै नसकिने अधिकारहरू हुन्। मानिस स्वभावैले स्वतन्त्र हुन्छ। पराधिनता वा दासताको जञ्जीर जतिसुकै बलियो किन नठानियोस् - मानव मुक्तिका कठोर प्रयत्न र सशक्त जनबलका सामु टुक्रा-टुक्रा नभई सुख्वै छैन। मानव मुक्ति-संग्रामको अविचलित यात्रा रोकिदैन, हार्दैन।

आधुनिक नेपालको स्थापना भएपछि केन्द्रीकृत सामन्ती राज्यको बलियो जग बस्न पुग्यो। भुरे टाकुरे - जनकविला नायकका रूपमा मुखिया, सुब्बा, मिझार, माझी, थकाली आदिको नेतृत्वमा स्थापित कविलातन्त्र भौगोलिक स्थिति, जन कविला बीच परस्पर अन्तरक्रिया, उत्पादन वितरण प्रणाली, आपसी घृणा र अविश्वास आदि कतिपय कारणले नेपालमा सामन्ती राज्यको जग बसाल्न महत्वपूर्ण भूमिका निभायो।

गोरखाका राजाको छनौट गर्न आयोजित दौडमा आक्रमण गरी द्रब्य शाह आफै राजा भए। बिर्ताको रूपमा यक्ष मल्लका सन्तानहरूको देशलाई आपसमा अंशबण्डा गर्ने कचिङ्गलबाट उपत्यका त्यसै आक्रान्त थियो। यस्तो स्थितिमा गोरखामा गोरखाली सामन्त

---

* *मानवअधिकार वर्ष पुस्तक १९९२ र १९९३ बाट साभार*

नायक राजा पृथ्वीनारायण शाहबाट राज्य विस्तार अभियान निर्णायक रूपमा अघि बढाइयो। आफ्नो महत्वाकांक्षा पूरा हुन नपाउँदै दिवंगत भएका पृथ्वीनारायण शाहले राज्य विस्तारको बाँकी काम आफ्ना उत्तराधिकारीलाई छाडेर गएपछि यस कामलाई तीब्रतर गतिमा अघि बढाइए पनि देशमा द्वन्दको स्थिति पनि संगसंगै अघि बढ्दै गयो। सामन्त कुलीन वर्गको उदय, राज्य सत्तामा तिनीहरूको पकडको लागि संघर्ष र द्वन्दका साथै एकले अर्कोलाई शक्तिबाट लछारपछार गर्ने दुष्प्रवृत्तिको पुनरावृत्ति कै वृत्तकेन्द्रमा वि.सं. १९०३ को कुख्यात कोतपर्व पनि घट्यो।

सामन्ती स्वार्थ र विदेशी शक्तिको षडयन्त्रको सेरोफेरो समेतमा कोतपर्वको घटना घट्न गएको हो। यसमा कतिपय देशभक्त भारदारको नरसंहार भएपछि जङ्गबहादुर कुँवर सार्वजनिक सशक्त सामन्त नायकका रूपमा उदाए। जङ्गबहादुर नेपालका सर्वाधिकार सम्पन्न प्रधानमन्त्री मात्र बनेनन् वंशाणुगत राजतन्त्रभित्र अर्को जहाँनिया राणातन्त्रको अनौठो परम्परा पनि प्रारम्भ भयो। कास्की र लमजुङ्गका श्री ३ महाराज बनेका जङ्गबहादुरले यो खान्गीलाई आफ्ना सन्तान दरसन्तानका लागि पनि सुरक्षित तुल्याए।

राणाशासनको सुरूआतसंगै प्रजातन्त्र र मानवअधिकार आन्दोलनको पनि सूत्रपात

केवल षडयन्त्र र रक्तपातकै भरमा जबर्जस्ती हत्याएको शक्ति प्रकारान्तरमा त्यस्तै किसिमले गुम्न पनि कुनै आइतबार लाग्दैन भन्ने राम्रो ज्ञान जङ्गबहादुर राणालाई थियो। भाइ बद्री नरसिंह र राजकुमार उपेन्द्र विक्रमको गुप्त योजना असफल भए पनि जङ्गबहादुर स्वयं निश्चिन्त बन्न सकेनन्। वि.सं. १९१४ जेठमा गुरूङ्ग पल्टनका सेनाबाट उनलाई सिध्याउने योजनाको पोल खुलेर गुरूङ्ग पल्टनकै सिपाहींद्वारा यसका सूत्राधार मानिने जमदारलाई टुँडिखेलमा टुक्रा-टुक्रा पारिएपछि अब जङ्गबहादुर पारिवारिक षडयन्त्रबाट मात्र होइन सेना भित्रैबाट पनि घातक हमला हुनसक्ने आशंकाले पीडित भए।

नेपालको राजनीतिमा कुँवर खलकको बढ्दो संलग्नता र हस्तक्षेपसंगै सामाजिक मर्यादा र स्तरवृद्धिको लालमोहर वि.सं. १९०५ मा राजा सुरेन्द्रबाट हात पारेपछि जङ्गबहादुर स्वयं चितौडका राणा वंशज ठहरिन पुगे। ठकुरी शाह खानदानसंग विहावारी चल्ने राणाजीहरूको सामाजिक मर्यादा वृद्धिले कुलीन शासक खानदानसंगको लामो संसर्ग र संलग्नता देखाउन सजिलो भयो। यति मात्र नभै वि.सं. १९०७ फागुनमा राजा सुरेन्द्रबाट मिनिष्टरका भाइ-छोराहरूलाई अर्थात राणा खलकलाई गरीबपरवर, हजूर, मर्जी भन्नु भन्ने शाही हुकुम समेत प्राप्त भयो। सामन्ती चरित्र र संस्कृतिका प्रखर अभिव्यक्ति मानिने यी क्रियाकलापले गुरू-पुरोहित र प्रशासन संयन्त्रको खासखास जिम्मेवारी र पदमा पनि वंशानुगत अधिकार हुने परम्परा बस्न गयो। मुलुक फेरि अभिजात्य कुलीन परिवारको बिर्तामा दह्रियो। र त्यसका बासिन्दाले रैतीभन्दा माथि उठ्न नपाउने भए। देशको खास मालिक जनतामाथि मौजाका जमिन्दारी सामन्तका हैकम, बेठबेगार लादेर चरम शोषण निर्वाध रूपमा गर्ने क्रम

जारी रह्यो।

सामाजिक विकासका क्रममा विभिन्न वर्ग-स्वार्थ समूह र स्तरमा द्वन्द संघर्ष र अन्तरविरोध निरन्तर चलिरहने समाज विकासको नियमबाट भने यो मध्ययुगीन राणाकालीन नेपाली समाज पृथक रहन सकेन। फ्रेन्च क्रान्ति वा कम्युनिष्ट घोषणापत्रलाई अनुवाद गर्ने क्रममा संगठित प्रयास थालिए पनि शासक वर्गको अत्याचारको पीडा र निरंकुशता विरूद्धको प्रतिरोधी संघर्ष धार्मिक-सामाजिक पृष्ठभूमिमा प्रत्यक्ष-अप्रत्यक्ष तौर-तरिका र बिम्ब प्रतीकका आ-आफ्नै शैलीमा मुखरीत हुने गरेका जीवन्त घटना नेपालको इतिहासमा थुप्रै छन्।

जोशमनी मत र राणा शासनको जनविरोध

हुन त जोशमनी मतका सन्त ज्ञान दिलदासका प्रखर अनुयायी लखन थापाले जङ्गबहादुरको जगजगी चलिरहेकै बेला एउटा संगीन स्थितिको मुकाबिला गर्न आफूलाई उभ्याए पनि सामाजिक सुधारका क्रममा धेरै अघि सन्त शशिधरले पाइला चालिसकेका हुन्। वि.सं. १८०४ मा त्रिशुलीको प्रसुतपुरी गाउँमा जन्मिएका शशिधर १२ वर्षको बाल्य अवस्था मै स्थानीय वृद्ध-पाका तीर्थ यात्रीका साथ उडिसा जगन्नाथपुरी पुगेर १ वर्ष विभिन्न धार्मिक ग्रन्थको अध्ययनमा बिताएपछि स्वदेश फर्किएर समाजसेवीका रूपमा गाउँ-गाउँ घुमी जातिप्रथा र कर्मकाण्डका पाखण्डी प्रचलन उन्मूलन गर्न कम्मर कसेर लाग्ने संकल्प गरे। काठमाडौंमा विष्णुमती किनार र शिवपुरीमा बसी आफ्नो मत प्रचारमा ५ वर्ष बिताएपछि उनी गुल्मीको रेसुङ्गातिर लागे र उतै उनको मत प्रचारको गतिविधि केन्द्रित रह्यो। धोकलसिंह बस्नेत र अरू उच्च भारदारहरूलाई समेत आफ्नो मतमा दीक्षित बनाउन सफल भएको र राजखलकबाटै समर्थन प्राप्त गर्न सक्नुले उनले वर्ण व्यवस्थाका कट्टर हिमायती हिन्दू-पण्डितहरूको कोपभाजन बन्नु परेन।

रामानुज सम्प्रदाय अन्तर्गत २६ मत मध्ये एक मानिएको जोशमनि मतका गुरू सन्त ज्ञान दिलदासको अनुयायी सहकर्मी लखन थापाले मनकामना माईको आडमा बसेर जङ्गबहादुर राणाको विरोध शुरू गरे। गोरखा बुङकोट काउने भाङ्ग्रे निवासी पूर्वसैनिक पेशाका लखन थापालाई जागिरको क्रममा भोगेका एकाधिकार पक्षपात, थिचो मिचो र निरंकुश सामन्ती राजको पीडाले सम्भवतः निकै पिल्स्याउन पुग्यो।

त्यतिखेरको सामाजिक विभेद र विषमताका सन्दर्भमा समेत उनलाई आहत बनाउने त्यस्ता धेरै दृष्टान्तहरू पक्कै उनले झेल्नु पर्‍यो। ज्यानको उत्सर्ग गर्नु पर्ने एउटा खतरनाक स्थितिलाई उनले स्वीकार गरे र मनकामनाले उनलाई जङ्गबहादुर हटाउने शाक्ति प्रदान गरेको घोषणा गरे। बाटोघाटो, यातायात र संचारको विकट स्थितिका बावजुद पनि यस संवेदनशील घटनाको बृतान्त जङ्गबहादुर समक्ष ढिलो-चाँडो पुगिछाड्यो। गोरखाका लखन थापा र रूम्जाटारका सन्त ज्ञानदिलदास दुवैलाई पक्राउ गरियो र हातहतियार समेत बरामद गरियो। लखन थापासंगै अज सिंह र अच्छामी मगर सहित उनका अनुयायी ७ जनालाई झुण्डाइयो।

कानू लम्साल सहितका ब्राम्हण मृत्युदण्डबाट बच्न सके। सन्त ज्ञानदिल दासलाई भने ६ महिनाको कारावास पछि मुक्त गरियो। रणोद्दिप सिंहलाई समेत जातिप्रथाको कट्टर विरोधी आफ्नो मतमा दिक्षित बनाउन सफल भए पनि सामाजिक सुधारका पक्षमा क्रियाशील उनका ३०० अनुयायी राणा शासनको निगरानीबाट बच्न सकेनन् र सन्त ज्ञानदिलदास पछि छद्मभेषमा दार्जिलिङ्गतिर पलायन हुन वाध्य हुनु पर्‍यो। धार्मिक सुधार र सामाजिक सद्भावको विकास र राणाशासन विरूद्ध समेत जनमत तयार गर्न तम्सेको यो असंगठित जमात त्यसै छिन्नभिन्न भयो।

सन्त ज्ञानदिलदास कर्मठ समाजवादी कवि पनि थिए। ई.सं. १९३४ मा उनले १०९ श्लोकको "उदयलहरी" लेख्वेका थिए। उदयलहरीमा घुसखोरीलाई प्रहार गरी लेखिएको छ –

"निन्दा गर्‍यो भनौला निन्दा कैले हुन्थ्यो।
सत्तेवादी ब्रम्हलाई पापले किन छुन्थ्यो।।"
"अदन बज्यो धनीको फिर्‍यो जग जाहाँ।
घुस्याहा विचारी निसाप हेर्छ काँहा।।"

बौद्ध बादशाह र गुरूङ विद्रोह

लखन थापाको विद्रोहलाई दमन गर्न पाउँदा नपाउँदै राणाशासन विरूद्ध लमजुङमा गुरूङहरूको विद्रोह भड्किन पुग्यो। आफूलाई नै सरकार र बौद्ध बादशाह घोषित गरी राणा शासनको विरोध गर्दै हिंडेका शुकदेव गुरूङलाई तुरून्तै पक्राउ गरियो। राजकाज मुद्दा चलाई जेल लगिएका उनको निर्मम यातनाका कारण १९३२ चैतमा जेलमै मृत्यु भयो। यसै क्रममा आफूलाई बौद्ध वादशाह घोषित गर्ने गोरखाका अर्का सुपति गुरूङलाई श्री ३ रणोद्दिप सिंहका हुकुमले पक्राउ गर्न खोजिए पनि उनलाई समात्न सम्भव भएन। दुई-दुई पटक राणा शासनको विरोधमा उठेको गुरूङ विद्रोह यसै सेलाएर गयो। यी आन्दोलनहरू जनजातिका आफ्ना खोसिएका कविलातन्त्रको प्रतिक्रिया स्वरूप स्वतःस्फूर्त रूपमा उठेका कारण संगठित राज्यबलका अगाडि टिक्नै सकेनन्। असंगठित यस्ता विद्रोह र आन्दोलनहरू स ल नभएर कुल्चिएका उदाहरणहरू विश्व इतिहासमा भैं नेपालको इतिहासमा पनि थुप्रै पाउन कठिन पर्दैन।

भारदारी द्वन्द र षडयन्त्रको सिलसिला

राष्ट्रिय अन्तरराष्ट्रिय परिस्थितिसंग जनतालाई सुपरिचत हुन नदिने र राष्ट्रिय राजकीय मामलामा केही सीमित परिवारको एकाधिकार रहेको भएपनि सत्तासिन वर्ग र गुटबीचमै मारकाट र हानाहानको स्थिति निरन्तर रूपमा विद्यमान रह्यो। यस क्रममा युवराज त्रैलोक्यको पहल र अग्रसरतामा जङ्गबहादुरका सन्तान, कोतपर्वमा मारिएका भारदारका सन्तान सम्बन्धीहरूबाट रणोद्दिप सिंहको विरूद्ध षडयन्त्र शुरू भए पनि त्रैलोक्यको

असामयिक निधनका कारण यो योजना अघि बढ्न सकेन। राजकुमार नरेन्द्र विक्रम शाहको नेतृत्वमा पछि सक्रिय भएको यही गूट आन्तरिक मतभेदका कारण धीर शमसेरमा कुरा पुगी पर्दाफास भएकोले ३८ सालको पर्व भनेर इतिहासमा अंकित यस घटनाका सूत्रधार र संलग्न सबैलाई निर्ममतापूर्वक दमन गरियो। यसै भारदारी अन्तरघात र षडयन्त्रको सिलसिला १९४२ सालमा रणोद्दिप सिंहको हत्या, देवशमसेरको पदच्यूति र निर्वासन, जुद्ध शमसेर र पद्म शमसेरको पलायन, राणापरिवारहरूको ए वी सी क्लासमा विभाजन आदि परिघटना हुँदै सात सालसम्म निरन्तर रूपमा चलिरह्यो। यी शासकहरूका वीचको अन्तरविरोध कुनै प्रजातन्त्र र जनअधिकारका लागि देखिएका राजनीतिक आन्दोलन थिएनन् तथापि नेपाली समाजको आँखा उघार्नमा राणाशासनलाई हेर्ने र मूल्यांकन गर्ने चेतना र दृष्टिकोण निर्माणमा समेत महत्वपूर्णभूमिका रहन गएको कुरा राणाशासनबाट अपहेलित, प्रताडित र निष्कासित कतिपयको राणाशासन उखेल्नमा अहंभूमिका रहेको तथ्यलाई नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासले नजरअन्दाज गर्न सक्तैन।

१९१० को मुलुकी ऐन र न्यायिक सुधारका केही महत्वपूर्ण सन्दर्भहरू

यो ऐनले छरिएर रहेका सदन, सवाल, हुकुम, आदेश, रीत, परम्परा र नजिरलाई एकीकृत रूपमा समेटिएको दिशामा, न्याय प्रशासनलाई एकरूपता र व्यवस्थित गर्नमा महत्वपूर्ण योगदान दियो। यसैक्रममा मुलुकी ऐनको "निया हालाउन्याको खण्ड अनुसार ऐन नाघी धोक्रामा हालि पानीमा डुवाइ नियाहाल्ने" प्रचलनबाट गर्नुपर्ने र पानीमा डुबाउँदा मऱ्यो भने जुन अधिकारको मुद्दा हेर्दा यसप्रकारको काम भएको हो उसैलाई त्यही धोक्रामा हालेर डुबाइदिने व्यवस्था गरिएकोले न्यायका नाउँमा प्रचलनमा रहेको अमानवीय व्यवहारलाई रोक्न खोजेको प्रष्ट हुन्छ। यसैगरी धर्माधिकारको महल धारामा गरिएको दण्ड सजायका नाउँमा अङ्गभङ्ग गर्ने कुरालाई पनि रोक लगाएको छ। यसैक्रममा ब्राम्हण, राजपूत, जैसी, क्षेत्री, तागाधारी जात, नमासिन्या मतवाली, मासिन्या मतवाली जात, युरोपियन जात, मुसलमान, छोइछिटो हाल्नु पर्ने र नपर्ने सबैले गोवध बाहेक आ-आफ्ना धर्म मान्ने छुट दिइएको तर अरूको धर्ममा खलल गर्नेलाई दण्ड जरिवानाको व्यवस्था गरिएको छ। यसलाई तात्कालीन परिस्थितिमा धर्मप्रति निकै उदार र सहिष्णु नीति लिएको स्पष्ट हुन्छ। राजकाजमा बाहेक व्यक्तिगत काममा कसैले पनि झारा-खेताला लिन नपाउने भनी कानूनी प्रतिवन्ध लगाएको छ। मुलुकी ऐनले "उँधोमा सुगुरको नरक र उँभोमा हिरा-मोतीसम्म बन्द-व्यापार गर्न हुन्छ, जात जाँदैन" भनी व्यवसाय गरेर खान कानूनी रूपमा समेत बाटो खोलिदियो।

यो भन्दा पनि अझ महत्वपूर्ण कुरा के छ भने उपाध्याय, जैसी, राजपुत तीन शहरका नेवार र लोग्ने मान्छे वा आइमाई सबैले गोरू, राँगा र घोडा नारी हलो जोत्न खत नलाग्ने र समाजमा कसैले भात काढे भने काढ्नेलाई नै दण्ड सजाय हुने व्यवस्था कानूनले गरी जातिगत रूपमा कथित उपल्लो भनिने जातले हलो जोत्न नहुने सामाजिक मान्यतालाई बदल्न

खोजिएको छ। त्यसैगरी पाइन हाल्ने, जुत्ता कपडा सिउने, खानी खन्ने, सुनधुने अवालमा आगो लगाउने चार वर्ण छत्तिस जात सबैले गर्न हुन्छ भन्ने महत्वपूर्ण व्यवस्था गरिएको छ। परम्परावादी - वर्णवादी हिन्दू समाजमा यी पेशागत कामलाई फुकुवा गर्नु निश्चय नै कम महत्वपूर्ण मान्न सकिँदैन। सामाजिक प्रथाका रूपमा व्यापक प्रचलनमा रहेको सती प्रथा नियन्त्रण गर्न १६ वर्ष मुनिकालाई सती जान नदिने, कान्छो छोरा १६ वर्ष नपुगेको भए र छोरी ५ वर्ष नपुगेको भए पनि सती जान नपाउने व्यवस्था मुलुकी ऐनले गरेकोले राजाका रानीहरू मर्दा उमराव, भारदार रैती गैह्रका स्वास्नीहरू मर्दा चाकर, केटी, कमारा सती जान नपाउने। बालक गर्भमा हुँदा लोग्ने मरेकोमा बालक जन्मिसके पछि सती जान्छु भन्नेलाई जान नदिने, गर्भिणी स्वास्नी, मानिसको गर्भ एकै महिनाको भए पनि जान नपाउने, छोराको साथ सती जाने, १६ वर्ष माथिकोलाई पनि सति जान हुन्न भनेर संझाउने, सोलामा चढी आगो लागिसकेपछि भाग्नेलाई लाठा-दुङ्गाले हानी, जबरजस्ती पोल्न नपाइने, आगो नदिइ भाग्नेलाई जबरजस्ती लाठी-मुंग्रा गरी समाई पोल्नेलाई अंश सर्वस्व गर्ने सम्मको कडा सजायको व्यवस्था गरिएको छ। सती जान सोलामा चढी सकेपछि डरलाग्यो नपोल भनी भाग्नेलाई र लागु खुवाई, फकाई फुल्याई सती जान्छु भन्न लगाई पोल्न नहुने आदि व्यवस्थाबाट सती प्रथाका वारे ऐनले निकै कडा नियन्त्रण गर्न खोजेको प्रष्ट हुन्छ। सती प्रथालाई दुरूत्साहन गर्न पछि वीर शमसेरले प्रधानमन्त्री वा उनको अनुपस्थितिमा उनका न्यायिक वा कानून अधिकारीको स्वीकृति लिन पर्ने गरियो। तथापि बाटो-घाटो आवतजावत, संचार र सम्पर्कको हिसावले अत्यन्तै कठीन र विकट भौगोलिक अवस्थिति भएको नेपालमा न सती पठाउन प्रधानमन्त्रीको स्वीकृति लिन सम्भव भयो न यसलाई रोक्न सकियो। तसर्थ वीर शमशेरको घोषणा केवल काठमाडौं उपत्यका बाहेक मुलुकको अन्य भागका लागि व्यवहारिक हुन सम्भव नै भएन। अन्त्यमा नेपाली समाजको कलंकका रूपमा विद्यमान सती प्रथा वि.सं. १९७७ असार २५ गते प्रधानमन्त्री चन्द्र शमसेरले एक घोषणा जारि गरी प्रतिवन्ध लगाए। बलजफ्ती सती पठाउनेलाई ज्यानमारा सरह सजाय गर्ने नियम बनाएर कडाइका साथ कानूनको पालना गरिएकोले सती प्रथा नेपाली समाजबाट सदाको लागि हट्न सक्यो।

साहुको ऋण तिर्न नसकी निश्चित समयसम्म बाँधा बसी ऋण कट्टा गराउने, दास दासी वा कमारा कमारीका छोरा छोरी स्वतः त्यसै घरमा दास दासीका रूपमा जीवन बिताउनु पर्ने र मालिकबाट इच्छा अनुसार बिक्री पनि हुन सक्ने भएकाले ती निरीह मानिस पशुभन्दा फरक हुने थिएनन्। माथिल्लो जातकी कन्यालाई करणी गर्ने "तल्लो जातको" व्यक्तिलाई दण्ड स्वरूप दास बनाइने कानून थियो। सरकारी कर, मालपोत आदि कुनै बक्यौता तिर्न नसक्नेहरूलाई पनि दास बनाइन्थ्यो। त्यसैगरी राजकाज अपराधमा दण्डित व्यक्तिलाई पनि जङ्गबहादुर भन्दा अगाडि दास बनाइन्थ्यो।

ब्रि.सं. १९१० मुलुकी ऐनले दास प्रथाउपर प्रतिवन्ध लगाउने कुनै कानूनी प्रावधान राखेन, कमारा कमारीको उमेर अनुसार मूल्य तोक्ने र ११ वर्ष मुनिका बालकलाई बेच्न

नपाइने मात्र कानूनी व्यवस्था गऱ्यो। गाई गोरूसंग करियाहरूलाई साटफेर गर्ने प्रथालाई कानूनी प्रतिवन्ध लाग्यो। देवशमसेरको समयमा यो दास प्रथामा केही सुधार ल्याउने योजना बने पनि सफल हुन सकेन। १९७७ सालमा अधिराज्यको जनसंख्या लिदा करियाहरूको पनि लगत लिइने व्यवस्था भयो। त्यसै साल कानून बन्यो जस अनुसार ३ वर्ष बसिसकेका कमारा कमारीले मोल तिरेको खण्डमा अमलेख हुन पाइने भयो। दश वर्ष बिताइसकेकाले भने त्यसै अमलेख हुन पाउने व्यवस्था गरियो। यसै क्रममा १९८२ वैशाख १ गतेदिखि नेपाल अधिराज्यभर कुनै पनि व्यक्तिलाई दासदासी मानिने छैन र कसैलाई दासदासी बनाउन पाइने छैन भन्ने कानूनी व्यवस्था भयो। यसबाट ५९८७३ जना दासदासी अमलेख भए। दास प्रथाको एउटा बर्बर युग कानूनी रूपमा अन्त भयो।

हुनत १९१० को मुलुकी ऐन र त्यसपछिका राणाकालीन कानूनहरूले दास प्रथा र सती प्रथा माथि कानूनी प्रतिबन्ध र अन्य केही कानूनी सुधार गर्ने खोजेको देखिए पनि हिन्दू वर्ण व्यवस्थामा आधारित सामाजिक संरचनालाई भत्काउने त परै जावस सामान्य सुधार गर्ने कामसम्म भएको देखिदैन। अंश सर्वस्व गरी सुंगुरको मासु खुवाई जात पतित गरी नमासिने शूद्र जातमा मिलाउने र नमासिने शूद्रजातलाई भने कुकुरको मासु खुवाई जात पतित गरी भोट्या जातमा मिलाउने कानूनी बन्दोवस्त यथावत नै रह्यो। समाजमा विद्यमान अमानवीय क्रूर सामाजिक परम्परालाई तोड्नेतर्फ किन्चित मात्र पनि सोचिएन। मुड्ने, खोप्ने, दामल गर्ने जातपतित गर्ने, अभक्ष खुवाउने, पतिया वा प्रायश्चित गराउने, गाउँ, शहर निकाला जस्ता दण्ड विधान २०२० सालसम्म कायमै रह्यो। जङ्गबहादुर आफू लालमोहर मार्फत झर्रो क्षत्री बने, खसलाई क्षेत्री बनाई बराबर दर्जा दिए, तागाधारी खस जातिलाई क्षेत्री भन्ने इलकाम (उपाधी) दिए। आफ्ना भोगविलास, ऐश आरामका लागि अनुकूल हुने "मैया" नानी, मित्रेनी, रखेल राख्ने, केटी कन्याका माइती परिवारलाई उपल्लो जातमा उकाल्ने र आफ्नो अनुकूल नभए जातपतित गर्ने, सामाजिक मर्यादा गिराउने जस्ता काममा वैधानिक तवरले कुनै छेकवार लगाउनेतिर सोचेकोसम्म देखिदैन। छोइछिटो हाल्नु नपर्ने छुत अछूत जस्ता हिन्दू वर्णवादी अमानवीय परम्पराले १९१० साल पछि झन कानूनी मान्यता पायो। जात लिने र जात बढाउने अधिकार शासक वर्गको हुकुम र इच्छामा निर्भर रहने स्थिति फेरिएन। ब्राम्हण, क्षेत्री, राजपुतको छोराछोरीलाई कमारा कमारी बनाउन नपाउने जङ्गबहादुरको ऐनले जातिवादी व्यवस्थालाई मजवूत नै बनायो। जातीय उचनीच र भेदभावलाई कानूनी आधार प्रदान गरी राणाकालीन समाज कट्टर हिन्दू वर्ण एक जातिवादी परम्परा टिकाइराख्ने प्रयास भएको स्पष्ट हुन्छ।

वाणीलाई कैद गर्नेहरूका विरूद्धको आन्दोलन

नेपालमा आधुनिक शिक्षाको शुरूवातको इतिहास लामो छैन। र त्यसमा पनि पश्चिमी शिक्षाको पाठ्यक्रम जनताको आँखाले देख्न पाएको इतिहास पाँच दशक जति मात्रै होला। हुन

त दरवार स्कूल खुलेको लगभग डेढसय वर्ष र त्रिचन्द्र कलेज स्थापना भएको पौने शताब्दी बिते पनि शिक्षा केवल भारदार, हुनेखाने, टाठाबाठा, अभिजात्य वर्गका लागि मात्रै रह्यो। शिक्षाको नाउँमा सिकाइने स्वामीभक्ति रूढीवादी व्यवहार चलन यथास्थिति र अवैज्ञानिक दृष्टिकोण निर्माण गर्ने पढाइ सिकाइ भने निकै अघि देखि चल्दै आयो। शिक्षा केवल भारदार र चाकरीवाजहरूकै पारिवारिक सीमाभित्र मात्र केन्द्रित रह्यो। देवसमशेरको समयमा केही भाषा पाठशाला स्थापना गर्ने प्रयत्नहरू भए। पारिवारिक द्वन्दले पाठशाला खोल्दै जाने उनको योजना त्यसै नासिएर गयो। बि.सं. १९७५ मा त्रिचन्द्र कलेज स्थापना भयो। जङ्गबहादुरको समयमा भेडा, वीरशमसेरका समयमा साँढे र आफ्नो समयमा सिंहसंग जनताको तुलना गर्ने चन्द्रसमशेरले कलेज उद्घाटन गरेपछि आफ्नो खुट्टामा आफैले बञ्चरो हानेको खिन्नता व्यक्त गरे भन्ने किवदन्ती आमरूपमा अहिले पनि प्रचलित छ। भारतमा शिक्षा आर्जन गर्न जानेहरू स्वराजका लागि लडिरहेका भारतीयहरूको संसर्गबाट नेपालमा प्रजातन्त्रको मसाल बोकेर आउलान् भन्ने राणाशासक वर्ग त्यतिस्वेर त्यसै अतंकित थियो। त्यसैले सीमित शैक्षिक प्रयोजनका लागि त्रिचन्द्र कलेज खुल्यो। त्रिचन्द्र कलेजमा पढ्नेहरूले नागरिकशास्त्र २००७ सालसम्म पढ्न पाएनन्। र नेपालको अर्थव्यवस्था, इतिहास संस्कृतिको सट्टा बेलायती भारतको इतिहास र अर्थव्यवस्था पाठ्यक्रममा समावेश थियो। जनस्तरमा शिक्षण प्रशिक्षण साह्रै कम मात्र पुगोस् भन्ने अभिप्रायले शैक्षिक प्रशासन रोलवाला राणाकै मातहतमा रास्वेर खुलेका शैक्षिक संस्थाको गतिविधि निगरानी र नियन्त्रण राख्ने दोहरो नीति लिइयो।

बेलायतको गुलामीका विरोधमा स्वराज आन्दोलनको अग्रणी नेतृत्व दिइरहेका भारतीय नेता गान्धीको प्रभाव र आदर्शबाट प्रेरित भै नेपालमा १९९३ मा खुलेको महावीर स्कूलले एउटा आतंक र काण्ड नै सिर्जना गऱ्यो। फत्तेबहादुर, चिनियाँमान, रामेश्वर र आनन्दमानका प्रयासबाट जनस्तरमा स्थापित यस शिक्षण संस्थालाई ज्ञानको दीप बाल्ने अग्रणी नमूना संस्थाको रूपमा दर्ता गर्ने उत्साही युवा शिक्षाप्रेमीहरूको उत्कट इच्छा पूरा हुने मात्र होइन अघि बढ्नै पाएन। पूर्णबहादुर, टंक विलास, गंगालाल, वाकपतिराज, इन्द्रप्रसाद प्रधान, सिद्धिचरण श्रेष्ठ, सूर्यबहादुर भारद्वाज आदि शिक्षकबाट १९९४ देखि पठनपाठन शुरू भएको महावीर स्कूलका २८ जना शिक्षकहरू १९९७ कार्तिक २ गते गिरफ्तार भए। चिनियाँमान र फत्तेबहादुर आजन्म कैद भए। चिनियाँमानको जेलमै मृत्यु भयो। पूर्णनारायण र चन्द्रमान मास्केलाई १८ वर्ष कैद गरियो। र सिद्धिचरण १२ वर्षका लागि कालकोठरीमा थन्किन पुगे। बाँकी ब्यक्तिलाई पनि दश रूपिया चार पैसा दण्ड जरिवाना गरेर आयन्दा त्यस्तो सत्कर्मतिर मनसम्म लगाउन नपाउने गरियो। यसैताका वीरगंजका व्यापारी हजारीमल मारवाडीले अंग्रेजी शिक्षा दिने स्कूल खोल्न अनुमति माग्दा ज्ञुद्धसमशेरले अनुमति दिएनन्। वीर लाइब्रेरी सर्वसाधारणको पहुँचमा थिएन। पुस्तक जम्मा गरेर जनस्तरमा एक आपसमा ज्ञान र चेतना साटासाट गर्ने जमर्को १९७२ मा सिराहामा त्रिचन्द्र पुस्तकालय खोली सर्वप्रथम गरिएको हो। तर १ वर्ष पछि नै सरकारले बन्द गर्न वाध्य गरायो। पाल्पामा १९८३ मा खुलेको पुस्तक पढ्ने

दलान पनि बौद्धिक क्रियाकलापमा संलग्न रहेकोले पहिलो बार्षिकोत्सव पछि नै चन्द्रसमशेरले बन्द गराए। १९९३ मा तौलीहवामा पशुपति प्रताप पुस्तकालय र २००१/२००२ सालतिर प्रयागलाल श्रेष्ठको अगुवाइमा तानसेनमा खुलेको धवल पुस्तकालय भने कसरी हो राणा प्रशासनको आँखाबाट बच्न सके। २००३ सालमा विराटनगरमा मुन्सी दया शंकरको नेतृत्व र ऋषिकेशर कोइरालाको सहयोगबाट आदर्श विद्यामन्दिर पुस्तकालयको स्थापना भयो। सरकारी रत्रीकृति नलिई २००३ साल पौष १३ मा प्रेमबहादुर कंसाकारले काठमाडौंमा प्रदीप्त पुस्तकालय खोल्ने जोखिम उठाए। २००४ सालमा धनकुटामा सार्वसजनिक शिक्षा निकेतन पुस्तकालय, गौरमा २००५ सालमा नारदमुनि थुलुङको सक्रियतामा भोजपुरमा श्रीराम पुस्तकालय खुल्यो। यसै वर्ष दाङमा त्रिभुवन मोहन पुस्तकालय स्थापना भयो।

नेपालको इतिहासमा लाइब्रेरी पर्वका नामबाट विख्यात प्रजातान्त्रिक आन्दोलनमा शहरमा युवकहरूको प्रयासबाट पुस्तकालय खोल्न उठाएको जोखिम र त्यसले राणा प्रशासन समक्ष खडा गरेको त्रास र आतंकको कथा भन आफ्नै खालको छ। वैज्ञानिक रूपमा सरकारी स्वीकृति लिएर खोल्ने योजना रहेको यो पुस्तकालयको गर्भबाटै राणाहरूको होसहवास उड्यो। नव चेतनाका अगुवा ४५/४६ जना व्यक्तिको हस्ताक्षर गराइ पुस्तकालय स्थापना गर्ने प्रक्रिया चालु रहेको अवस्थामा चुक्लीका कारण आवेदन सरकार समक्ष पुग्न नपाउँदै भीमसमशेर रीसले आगो भए। यसमा हस्ताक्षर गर्ने र योजना बनाउँने जोगवीर सिंह, हरिकृष्ण श्रेष्ठ, वैकुण्ठप्रसाद श्रेष्ठ लाकौल, लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद खतिवडा, धर्मराज थपलिया, लक्ष्मीरञ्जन जोशी, शंकरदेव पन्त, कृष्णप्रसाद कोइराला चित्रधर तुलाधर, महेन्द्र विक्रम शाह, चन्द्रबहादुर, हर्षदास तुलाधर, तुलसीमेहर श्रेष्ठ, धर्मवीर सिंह, सिद्धिरत्न कंसाकार, तीलकमणि आदी, लीलाराज तुलाधर, पद्मबहादुर शाह, नराययण मल्ल, रामचन्द्र अधिकरी, खड्गबहादुर न्यौपाने, कृष्णदेव भट्टराई, सिद्धिचरण श्रेष्ठ, प्रेमबहादुर कंसाकार, लीलाराज जोशी, मदनबहादुर, भैरवप्रसाद जोशी, ठाकुरनाथ, राजाराम शर्मा, केदारनाथ शर्मा, झंकनाथ उपाध्याय, केशवबहादुर क्षेत्री, नारायणभक्त र वासुदेव शर्मा आदि व्यक्तिहरूलाई पक्राउ गरी मुद्दा चलाइयो। यस काण्डलाई राजकाज अपराधको रूप दिन यत्रो ठूलो संख्यामा पक्राउ गरिएको भए पनि शाणाशाही षडयन्त्र भने सफल हुन सकेन। पक्राउ परेका सबैलाई एक/एक सय जरिवाना गरी नसिहत सहित छोडियो।

बौद्धिक / साहित्यिक प्रकासनलाई प्रतिबन्धित गरी वौद्धिक समुदायलाई भाट र चाकर बनाउने षडयन्त्र र दुचेष्टाका खिलापमा प्रतिरोध र अभिव्यक्ति स्वतन्त्रताको आन्दोलन आ-आफ्नै ढङ्गले अघि बढ्यो। कौशलका सुव्वा कृष्णलाल अधिकारीले लेख्वेको सेना मार्फत वितरण गर्न खोजिएको कृषि शिक्षा पुस्तकले मकै पर्व उभ्यायो। विचार अभिव्यक्तिको अक्षर आन्दोलनका सन्दर्भमा मकैको खेतीका लेखक कृष्णलाल अधिकारी र उनको कृतिको नेपालको इतिहासमा आफ्नै महत्वपूर्ण स्थान छ। "नेपाली कुकुर र बेलायती कुकुरको तुलना र रातो टाउके र कालो टाउके किराको बर्णन" ती प्रतिकात्मक अभिव्यक्ति भाषा र बिम्वका

हिसावले राणा शासनका नायकलाई नै इंगित गरेको भन्ने आरोपबाट यसलाई राजकाज मामला बनाइयो। गृह र परराष्ट्र मामलाको कटु आलोचनाका रूपमा यसलाई व्याख्या गरियो। हुनत गोरखा भाषा प्रकाशिनी समितिबाट स्वीकृति प्राप्त गरी छापिएको हो तापनि प्रस्तुत प्रकाशनले लेखकलाई जेलको कालकोठरीमा पुऱ्याइदियो। सुव्वा कृष्णलाल अधिकारी ६ वर्षका लागि जेल परे तापनि ९९९ प्रति पुस्तक मात्र खानतलासीबाट फेला परी १ थान पुस्तक दवाएको अभियोग लगाई थप ३ वर्ष सजाय सहित ९ वर्षको कारावास दिइयो। यस काण्डमा धेरैको जागीर खोसियो, ७ जनाले ७ देखि १५ दिनको कारावासको सजाय पाए र केहीलाई पचासदेखि सय रूपैयासम्म जरिवाना गरी छोडियो। ३६ वर्षीय कृष्णलाल अधिकारीको जेलपरेको चारवर्ष पछि नै निधन भयो।

शम्भुप्रसाद ढुङ्गेलको "चन्द्रोदय" र "चन्द्र वदनी"ले पनि समशेरहरूलाई नहल्लाई छोडेन। चन्द्रोदय दर्शन कविताले राणा खान्दानको अत्याचारलाई अप्रत्यक्ष रूपमा अभिव्यक्त गऱ्यो। यसबाट उनीहरू झन सतर्क भए। १९७४ मा लेखिएको पिंजराको सुगाको भने परस्पर विवादास्पद तर्कहरू रहेका छन्। पं. लेखनाथ पौड्याल २००७ सालसम्म एउटा राणा जर्नेलको समेत कुनै खप्कीसम्म नखाएको, सधै विश्वास पात्र भएर सत्ताको नोकरी खादै आएका हुनाले उनले चन्द्र समशेरको विगविगी रहेको त्यस परिस्थितिमा राणा विरोधी यस्तो क्रन्तिकारी कविता कसरी लेख्न सक्थे भन्ने भनाई भरपर्दो र तर्कसंगत पनि रहेको छ। तर २००७ साल पछि सोही कविताले लेखनाथ पौड्याललाई धेरै माथि उठायो। युद्धप्रसाद मिश्रको "जावीको चरालाई" अप्रत्यक्ष देश र जनताको अवस्था र राणाशासनको वर्णन गर्दै स्वतन्त्रताको लागि आव्हान गरिएको अर्थ लगाइन्छ। युद्धप्रसाद मिश्र जीवनभर जनताकै पक्षमा लेख्न थाकेनन् र नाम र काम आपसमा पर्यायवाची बन्यो। त्रिचन्द्र कलेजका विद्यार्थी लक्ष्मीनन्दन चालिसेले उत्तर पुस्तिकामा राणाशासनको आलोचनात्मक टिप्पणी लेखे बापत जेल सजाय पाए र जेलमै उनको दुखद अन्त्य भयो।

बाबुराम आचार्यले "शिक्षा दर्पण" लेखे। नेपालका राणातहलाई जापानका सगुनहरूसंग दाँजेकोले पुस्तक प्रतिबन्धित भयो। छापिएका १२०० प्रति मध्ये १००० प्रति जफत गरियो। २०० प्रति चार भन्ज्याङ्गबाट डाँडा काटिसकेकोले बच्न सक्यो।

धरणीधरले "युग चेतना" जगाउन "जागन जाग" को उद्‌वोधन संगसगै महानन्द सापकोटा र सूर्यविक्रम ज्ञवाली पनि लागिरहे। लक्ष्मीप्रसाद देवकोटा क्रान्तिमा भाग लिन वनारसतिर लागे। गोपालप्रसाद रिमालले क्रान्तिको आमालाई गुहार्दै कविता लेखे। सिद्धिचरण, केदारमान व्यथितले आफ्ना अभियानलाई दमनका बावजुद निष्कृय हुन दिइएन।

१९५८ जेठ ३ गते साप्ताहिक खवरकागजका रूपमा "गोरखापत्र" प्रकाशित भयो। यसको काम देशदेशान्तरको खवर प्रधानमन्त्रीको भाषण, इस्तिहार, सनद सवाल छाप्नु थियो। सरकारी गजेटको रूपमा प्रकाशित गोरखापत्रबाट निष्पक्ष समाचार प्रवाह हुनुपर्छ भनेर त्यतिखेर सोच्नु पनि मुर्ख्याइ मात्रै हुन्थ्यो। मोतिराम भट्टको प्रयासमा "गोरखाभारत जीवन"

पहिलो साहित्यिक पत्रिका भारतबाट प्रकाशित भयो। १९५५ मा "सुधासागर" (नेपालमै) "उपन्यास तरङ्गिणी" १९५७ मा प्रकाशित भयो। राजनैतिक हकअधिकार प्राप्ती र निरंकुशता विरूद्ध वैचारिक आन्दोलन छेड्न १९८३ मा भारतबाट ठाकुरचन्दन सिंहको सम्पादनमा "गोरखा संसार" निस्कन थाल्यो। उनकै सम्पादनमा १९८५ मा तरूण गोरखा प्रकाशित भयो। तर चन्द्र समशेरको जार्लझेलका सामु यी दुवै पत्रिका टिक्न सकेनन्। १९९२ देखि निस्केको "शारदा" मासिक र त्यसपछिका "उद्योग" "साहित्य स्रोत" आदि पात्रिकाले सचेतनता बढाउन र प्रजातान्त्रिक आन्दोलनका लागि धेरथोर योगदान पुऱ्यायो। २००४ साल माघमा लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय, बालचन्द्र शर्मा, कृष्णप्रसाद उपाध्यायको संयुक्त सम्पादनमा वनारसबाट "युगवाणी" पत्रिका निस्क्यो। एकतन्त्री राणाशासनको तख्ता फल्टाउने अभिप्रायले राजनीतिक चेतना निर्माण गर्न, प्रकाशित यो युगवाणी यस प्रकारको पहिलो पत्रिका हो। २००५ साल कार्तिक २१ गते विलाल मोक्तानको सम्पादनमा निस्केको "नेपाल पुकार" प्रजातान्त्रिक हकअधिकारको लागि लड्न नेपाली जनतालाई उद्यत गर्ने दिशामा युगवाणी भन्दा एक पाइला अघि बढ्यो। नेपाल भित्र्याउन मोहनशमसेरले यसलाई प्रतिबन्ध लगाए।

देवशमसेरको शिक्षा योजनामा सघाउने हरिहर आचार्य दिक्षित विदेशिन वाध्य भए। मानवतावादी शिक्षाप्रेमी जयपृथ्वी बहादुर सिंहले केही गर्छु भन्दा भन्दै नेपालबाट लस्केटिनु पऱ्यो। कवि लेखक आदि वौद्धिक समुदायको क्रियाशिलता बढ्न थालेपछि कृतिहरूको सेन्सर गर्न "गोरखाभाषा प्रकाशिनी समिति" स्थापना भयो। केही काल यसको तालुकीमा बालकृष्ण समशेर पनि रहे। प्रजातन्त्र, हक अधिकारको प्राप्तिका लागि सोभ्नो घुमाउरो, भन्दा –वेगिलो प्रत्यक्ष अप्रत्यक्ष सवै प्रकारले लोकवादी राजनीतिज्ञ, बौद्धिक समुदायले तीव्र दमनको बाबजुद पनि क्रियाशिलतालाई निरन्तरता दिइरहे।

धार्मिक पाखण्ड विरूद्ध सुधार र समानताको आन्दोलन

नेपाललाई एकतर्फी रूपमा हिन्दू राज्यको वैधानिकता प्रदान गरी एक धर्म एक सम्प्रदायको जतिसुकै प्रलाप गरेता पनि यो व्यवहारिक र यथार्थतामा कहिल्यै हिन्दू राष्ट्र रहेन। साँचो अर्थमा यहाँ हिन्दू, बौद्ध, इस्लाम, सिख, जैन, वोन्पो, झाँक्री धर्मको अस्तित्व कायम छ भन्ने कुरा अझै पनि राज्यस्तरमा स्वीकार गरिएको छैन। नेपाल अहिले संविधानतः हिन्दू धर्मावलम्वी देश हुन पुगेको छ। मल्लकालकै दृष्टान्त दिने हो भने जयस्थिति मल्ले आआफ्नै रूपमा चलेको नेपाली समाजको संरचना धर्म सम्प्रदायलाई जवरजस्ती रूपमा हिन्दूकरण गरे। राणा कालमा बौद्ध धर्मका अनुयायीहरूले देश निकाला हुन पऱ्यो। पृथ्वीनारायण शाहले उपत्यका विजय गर्ने बित्तिकै इशाई पादरीहरूलाई नेपालबाट धपाइएको कारण राष्ट्रियताको लागि हो भनेर जति सुकै वकालत गर्न खोजिए पनि मुख्यतः धार्मिक पूर्वाग्रहले काम गरेको तथ्यलाई बङ्ग्याउन मिल्दैन।

नेपालमा शैव, वैष्णव, हिन्दू धर्म अन्तर्गत प्रचलित छन्। सन्तोषीमाता बाल–योगेश्वर,

आत्मज्ञान प्रचार संघ, विन्ध्यबासिनी आध्यात्मिक संघ, महेश योगी, भगवान रजनी, साइबाबा आदि कैयौ धार्मिक गुरू, संघसंस्था र सम्प्रदायको अस्तित्व रहेको छ। वौद्ध धर्ममा हिनयानी, थेरवादी, महायानका साथै तन्त्र मन्त्रको प्रभूत्व रहेको छ। तन्त्रयान, बज्रयानको पनि प्रभाव छ। उत्तरी भेगमा गेलुक्पा, कर्माया, र निङमा जस्ता लामा धार्मिक सम्प्रदाय विद्यमान छन्। यहाँ इस्लामको सिया र सुन्नी छन्। इशाइका क्याथोलिक र प्रोटेष्टेन्ट छन्।

(क) आर्य समाज

नेपालमा माधवराज जोशीले १९५३ मा आर्य समाजको स्थापना गरी धार्मिक आन्दोलनको सूत्रपात गरे। हुनत हिन्दू धर्म अन्तर्गत नै आर्य समाजीहरूको सुधार केन्द्रित रहन पुगेको हो तापनि कर्मकाण्डवादी दरवारिया पुरोहित, राज गुरू, पण्डित ब्राम्हणहरूको एकाधिकारमा धावा बोल्न गएकोले यसका विरोधमा तीव्र प्रतिक्रिया हुनु स्वभाविक हो। सवै मानव जातिको लागि जन्म, धर्म र राष्ट्रियताको भेदभाव बिना हिन्दू धर्ममा प्रवेश गर्ने ढोका खुला रास्नु पर्ने धारणाबाट प्रेरित आर्य समाजी मत संकुचित, रूढीवादी प्रथा, कर्मकाण्ड, धार्मिक शोषण र पास्वण्डका विरोधमा आएको एउटा वर्गको स्थायित्वमा यसबाट धक्का पुग्न गयो। आर्य समाजको स्वामी दयानन्द स्वरस्वतीले भारतमा मुसलमानहरूलाई पनि हिन्दू बनाए। नेपालमा माधवराज जोशीले शूद्रहरूलाई वेद पढाए भन्ने उजुर राणाकहाँ पुग्यो।

यसको शास्वा पोस्वरामा खुलेकोले उपत्याका भित्र पनि यसको स्थापना भएपछि र आर्य समाज प्रति बढ्दो आकर्षण र ख्यातिले गर्दा अनुदारवादी कर्मकाण्डी र पौरोहित्यका लागि ठूलो थप्पड मिल्यो। राणा प्रधानमन्त्री चन्द्र समशेरकहाँ उजुर पुगेपछि आफ्नो शासनमा समेत धक्का लाग्ने सोची शास्त्रार्थ गर्ने कुरा तय गरियो। राजगुरू हेमराज पाण्डेको नेतृत्वमा पण्डितहरूको मण्डलीले १९६२ श्रावण वदी १२ का दिन माधवराज जोशीसंग शास्त्रार्थ गऱ्यो। यस कथित शास्त्रार्थमा नेपाली समाजमा पुरोहित वर्गले लादिरहेको श्राद्ध, दान, कर्मकाण्ड जस्ता धार्मिक शोषणको माधवराजले विद्वतापूर्ण खण्डन गरे। मूर्ति पूजाको औचित्यलाई तार्किक बहसबाट खण्डन गर्दा पण्डित मण्डली आहत भयो। शूद्रलाई वेद पढाउने पक्षमा माधवराज जोशीको तर्क प्रस्तुत भयो। दरबार स्कूलका मास्टर गुरूदयाल सिंहले पनि उनकै पक्ष लिए। तर विडम्वना के आइदियो भने त्यो कथित शास्त्रार्थमा विद्वता र तार्किक आधारको होइन बल, मुढता र विवेकहीनताको विजय भयो। प्रधानमन्त्री चन्द्रसमशेर कै अगाडि पण्डितहरूले उनलाई निर्घात रूपमा पिटे। र उनलाई जेल पठाइयो। यस अपराधसंग मुछिएका केलटोलका सुन्दरलाल र लालबहादुरको साथ साथै अन्य धेरै जनाले जेल जान पऱ्यो। शास्त्रार्थको समर्थन गर्ने पञ्जावी मास्टर गुरूदयाललाई नेपालबाट धपाइयो। आर्यसमाजसंग सम्वद्ध कतिपय व्यक्तिहरूलाई दैनिक पशुपति गई टीका लगाएर फर्कनु पर्ने सजाय गरियो। यस घटनाकै क्रममा माधवराजका छोरा अमरराज र शुक्रराजलाई दरवार स्कूलबाट निकालियो।

Resource Cen

स्थविर बुद्ध धर्मः आडम्वरी मत

आर्य समाजको सुधार आन्दोलन दवाइएपनि बुद्ध धर्मको स्थविर मतका अनुयायीहरूको धार्मिक गतिविधि चालु रह्यो। १९८१ मा स्वयम्भूको दर्शन गर्न आएका तिव्वती धर्मगुरू कान्छा लामाले त्योड निवासी धर्ममान साहुका घरमा धर्मदर्शना शुद्ध गरेपछि एककान दुईकान हुँदै यस मतको प्रचार व्यापक हुँदै गयो। जनसहभागिता बढ्दै गएको कारण स्वयम्भूको खुला आकाशमुनि धर्मोदेश हुन थाल्यो। कान्छा लामाको प्रवचनलाई तिव्वती भाषाबाट बेस्वारत्न शाहुले उल्था र व्याख्या बुद्धिराज शाक्यले गर्ने गर्थे। यस धार्मिक गतिविधिले उपत्यकामा निकै चहलपहल शुरू गरायो। लगन, पाटन नागवहाल, भक्तपुर र किर्तिपुर आदि ठाउँमा तिव्वती लामाको प्रवचन बराबर हुन थाल्यो र प्रजवित भिक्षु बन्ने क्रम बढ्दै गयो। प्रवजित बौद्ध भिक्षु महाप्रज्ञा महानन्द, महाज्ञान, महावीर्य र महाशान्ति ५ जनाले काठमाडौं शहरमा भिक्षाटन गर्न थालेकोले ठूलो हलचल मच्चियो। हयूमत टोलमा भिक्षाटन गरिरहेको बेला उनीहरूलाई प्रहरीले पक्राउ गऱ्यो। १९८२ सालको श्रावण महिनामा ती पाँचै जनालाई देश निकाला गरियो।

राणाशासनको यस दमनकारी कदमबाट कर्मकाण्ड विरोधी स्थवीर बुद्धधर्मको सुधारवादी क्रियाकलाप रोकिएन। शिवरात्रीको अवसर पारी महाप्रज्ञा हिन्दू सन्यासीको साथमा गुप्त भेषमा श्रमेण कर्मशील नेपाल आए। स्थवीर बुद्ध धर्मको पुनर्स्थापन गर्ने श्रेय पाएका श्रमेण कर्मशिल कै धर्मोपदेशबाट नेपालमा कर्मकाण्डको विरोध शुरू भयो। यसै क्रममा जातिप्रथा, मास र मद्य सेवनको विरोध, कर्मकाण्डको आलोचना र ब्राम्हणलाई नढोगेको आदि आरोप लगाई योगवीर सिंह कंसाकार, सिद्धिरत्न कंसाकार, मणिकमान तुलाधर, धर्ममान तुलाधर, करूणरत्न तुलाधर, यज्ञरत्न तुलाधर, खड्गराज तुलाधर, मञ्जुहर्ष बज्राचार्य, मानदास तुलाधर, हर्षदास तुलाधर, चित्रधर तुलाधर, लक्ष्मीनानी तुलाधरलाई पक्राउ गरियो। अष्टमी ब्रत चलाउन मुठीदान लिन नेवारी भाषामा पर्चा छापेको आरोपमा पनि मुद्दा चलाउनुको लागि थप प्रमाण हुन गायो। ब्राम्हणहरूलाई खुट्टामा नढोगेका कारण "आडम्बरी मत" भनिएका यस काण्डमा राणा प्रधानमन्त्री भीम शमशेरकहाँ चलाइएको मुद्दाको परिणाम स्वरूप भिक्षु प्रज्ञानन्द (कुलमान सिंह तुलाधर) र भिक्षु धम्म लोक (दशरत्न शाहु) देश निकाला भए। पुरोहित वर्गको स्वार्थमा धक्का लाग्न जाने कारण देशको अमनचैन खलबलिएको ठान्नु राणाशासनले जे जे बहाना बनाई कारवाही गरेता पनि वर्णवादी नेपाली समाजलाई यसले राम्रैसंग हल्लाउन चाहीं सफल भयो।

एकादशी सभा

केही सीमित भारदार बाहेक देशको मुलुकी प्रशासनमा संलग्न कर्मचारीहरूको स्थायित्व र सेवा सुरक्षा मात्र नभएको होइन कर्मचारी यन्त्रलाई राणाहरूको व्यक्तिगत चाकरका रूपमा लिइन्थ्यो। वर्षै पच्छि पजनी हुन्थ्यो। तावेदारहरू थमौती हुन्थे, इमान्दारहरू

बर्खास्त हुन्थे। विजय गरी नयाँ मुलुक थप्न सक्यो भने सरकारमा विन्ती गरी विर्ता लिन सकिने कानून जङ्गबहादुरले बनाए। लम्जुङ्ग र कास्कीलाई नेपाल भन्दा पृथक व्यवहार गर्ने नीति जङ्गबहादुरले अख्तियार गरे। राणाकालीन प्रशासन संयन्त्र र त्यसमा कार्यरत कर्मचारी तन्त्रले मुलुकप्रति नभै व्यक्तिप्रति जवावदेही हुने संस्कृतिको निर्माण गऱ्यो। त्यसबस्वत प्रशासनलाई सुदृढ बनाउन खोजिए पनि कर्मचारीहरूको मनोबल उच्च हुने र निर्भिकतापूर्वक काम गर्ने परिस्थिति नै रहेन। भ्रष्टाचारको काल्पनिक मुद्दा लगाएर बदला लिने, लखेट्ने, देशनिकाला गर्ने, चारभन्ज्याङ कटाउने जस्ता काम आम रूपमा हुने गर्थ्यो। त्यसैले भय र त्रासको मानसिक आतंकबाट कर्मचारीहरू मुक्त थिएनन्।

राणशासनको क्रुर व्यवहार र पीडाबाट मुक्ति पाउने उपाय खोज्न एकादशी सभा खोलियो। कर्मचारी यन्त्रसंग सम्वद्ध व्यक्तिहरूको यस संस्थाका संगठक कृष्णलाल अधिकारी र ऋषिभक्त उपाध्याय थिए। मकैपर्वमा परी कृष्णलाल जेल परेकाले यो संगठन स्वतः विघटन भयो। ऋषिभक्तले पनि आफ्नो जागिर गुमाए।

चर्खा प्रचार

छिमेकी देश भारतमा महात्मा गान्धीको नेतृत्वमा बेलायती साम्राज्य विरोधी आन्दोलनहरूको गति तिव्ररूपमा बढ्दै गएपछि यसको प्रभाव नेपालमा पनि पऱ्यो। स्वदेश प्रेम, राष्ट्रभक्ति र स्वावलम्वनको भावना आफ्ना मुलकबासीमा जागृत गर्न महात्मा गान्धीले विदेशी कपडाको बहिस्कार र स्वदेशी घरेलु कपडा व्यापक प्रयोगमा ल्याउन भारतमा उनले चर्खा प्रचार आन्दोलन चलाए। राष्ट्रिय चेतनाको दृष्टिले नेपाली जनतालाई झंक्झक्याउंन तुलसी मेहरले १९८० को दशकतिर नेपालमा पनि चर्खाप्रचार र खाँडी कपडालाई प्रोत्साहन दिने अभियान चलाए। राणाहरूको नजरमा राजकाज ठानिने यो काम उनीहरूले अघि बढ्नै दिएनन्। तुलसी मेहरलाई आर्यसमाजी भएको आरोप लगाइयो र जेल पठाइयो। चर्खा प्रचार गर्ने काम नेपालमा पूर्णरूपमा प्रतिवन्धित भयो। भीमसमशेरले राजद्रोहको अभियोग लगाए। जनचेनताको उभार ल्याउने काम बन्द गर्न खोजे पनि एकपछि अर्को आन्दोलन उठ्न छाडेनन्।

प्रचण्ड गोरखा

राणा शासनलाई पल्टाइ वैधानिक अर्थात संविधान सम्मत व्यवस्थाको स्थापना गर्न सं १९८७ मा क्याप्टेन खण्डमान सिंहको नेतृत्वमा प्रचण्ड गोरखाको गठन भयो। हिंसाको माध्यमबाट शिघ्र परिवर्तन गर्न आतुर यस संगठनमा राणाशासनबाट प्रताडित अन्य व्यक्तिहरू मैनावहादुर, खड्गमान सिंह बस्नेत, उमेश विक्रम शाह, रङ्गनाथ शर्मा र लक्ष्मण राजा यसका सदस्य थिए। यसमा कोही भीमसमशेरबाट अपमानित र कोही भारतीय स्वराज आन्दोलनबाट प्रभावित थिए। खड्गमान सिंहको सम्पर्क र चिनजान भारतीय विद्रोहीहरू विपीन विहारी र

कपिलदेवसित पनि थियो।

चाँडैनै प्रचण्ड गोरखाले कपिलदेवको सहयोगमा डाइनामाइट प्राप्त गरी तिहारको रमझमका अवसरमा प्रधानमन्त्रीकहाँ भेट्न जाने बेला सबै रोलवाला राणाहरूको एउटै चिहान बनाउने योजना थियो। पक्राउ परिसकेपछि भीमशससेरसंग सवाल जवाफ हुँदा उनीहरूले "रूसको जार शासन जस्तै राणा शासन पनि समाप्त हुने" खरो जवाफ दिएकोले तिनीहरूमा "रूसको वोल्सेभिक क्रान्तिको हावा" घेरथोर लागेको अनुमान गर्न गाह्रो पर्दैन। हिंशात्मक आन्दोलन भएपनि सत्ता परिवर्तन गरी देशमा संवैधानिक शासन व्यवस्था स्थापना गर्ने ती देशभक्त प्रजातन्त्रवादी युवाहरूको सपना चकनाचुर भयो। श्रावण २२, १९८८ मा प्रचण्ड गोरखाका सबै सदस्य गिरफ्तार भए। अन्न पानी बिना चार दिनसम्म भोकभोकै राखियो। उपेन्द्र विक्रम शाहलाई बाँसको पिंजडामा हालेर पाल्पा धपाइयो, खण्डमान, खड्गमान, मैनाबहादुर र रङ्गनाथ शर्माको सर्वस्व जफत गरी जन्मकैदको सजाय दिइयो उनीहरूलाई जेलमा कुहिएको मकै दिएकाले सबैले चामल पाउनु पर्छ भनी त्यसको विरोधमा सिधा वहिष्कार गरे। जेल भित्र सरकारी शासनको विरोधमा सर्वप्रथम आवाज उठाउने प्रचण्ड गोरखा भयो। खण्डमान सिंह र मैनाबहादुरको जेलभित्रै निधन भयो। यसपछि रङ्गनाथ शर्मा छुटे। खड्गमान सिंह सात सालको क्रान्ति पछि मात्र छुटे।

नेपाल नागरिक अधिकार समिति

वि.सं १९९० को शूरू मै काठमाडौं असन स्थित राजालाल बलवारको घरमा माधवराज जोशीका छोरा शुक्रराज शास्त्रीको नेतृत्वमा केदारमान व्यथित, सचिव मुरलीधर शर्मा, प्रचार सचिव प्रसाद शर्मा, गंगालाल श्रेष्ठ, आनन्द राम आदी २१ जनाको संलग्नतामा नेपाल नागरिक अधिकार समिति खुल्यो। शुक्रराज शास्त्रीको शंकर, महात्मा गान्धी र सुभाषचन्द्र वोससंग भेटघाट र सम्पर्क भएको खवर भारत "अमृत बजार", "विश्वामित्र" र "जनताले" छापेपछि शुक्रराज शास्त्रीले नेपाली भाषा प्रकाशिनी समितिको जागीरबाट हात धुनु पऱ्यो।

यसरी नेपाली भाषा प्रकाशिनि समितिको जागीर गुमेपछि उनी नजरबन्दमा परे। शुक्रराज शास्त्रीका कतिपय प्रयासका वावजुद नजरबन्दबाट मुक्त नभएकोले यसको अवज्ञा वाहेक अर्को विकल्प रहेन। यसै क्रममा १९९५ साल मार्ग महिनामा इन्द्रचोकमा आमभाषण गर्दै नजरबन्द तोडे। र उनले त्यसदिन देशको राजनैतिक आर्थिक र सामाजिक क्षेत्रको विश्लेषण गर्दै, सरकारको आलोचना र सुधारका लागि अनुरोध समेत गरे। यसै सभामा गंगालाल श्रेष्ठले पनि जनतामा आफ्ना अधिकारका लागि संघर्ष गर्न आव्हान गरे। आफ्नो अभिव्यक्तिलाई पहिलो आमसभा मार्फत सार्वजनिक गराए बापत शुक्रराज शास्त्रीलाई तीन वर्षको कारावास सजाय मिल्यो। पण्डित मुरलीधर उपाध्याय असनमा पुराण भनेवापत उनीसंगै जेल परे पनि केही समयपछि उनलाई मुक्त गरियो। गंगालाल श्रेष्ठ भने उमेरमा कच्चा

ठहरिएका र जमानी समेत बसिदिने आफन्त भेट्टाएकाले तुरून्तै छुटे। समितिका शुक्रराज शास्त्रीलाई भने १९९७ सालमा नेपाल प्रजापरिषदका सदस्यहरू संगसंगै फाँसी दिइयो।

रक्तपात कमिटी

प्रजातान्त्रिक आन्दोलनलाई आ-आफ्नै ढङ्गले बढाउने क्रममा विविध वर्ग समुदायबाट प्रतंयक्ष वा अप्रत्यक्ष काम भइरहेको बेला वि.सं. १९९३ मा रक्तपात कमिटीको गठन भयो। राणाशासनलाई समूल नष्ट गरी गणतन्त्र स्थापना गर्ने यसको उद्देश्य थियो। यसले १९९७ मा प्रकाशित गरेको पर्चामा गणतन्त्र नेपाल अमर रहोस् भन्ने नारा उल्लेख गरेकोले यो संगठन बारे ज्यादा चर्चा र जानकारी नभए पनि राजनीतिक रूपमा निकै क्रान्तिकारी र आँटिलो कार्यदिशा समातेको प्रष्ट हुन्छ। शाही कम्पाउण्डर चन्द्रमान सैजु, लप्टन रामदास शाही ड्राइभर कटकबहादुर नकर्मी मरिचमान नकर्मी र मुखिया गणेशराज श्रेष्ठ गोरखाली समेतलाई सशस्त्र तालीम दिइयो। राजा त्रिभुवन, अधिराज कुमारहरू र जुद्ध शमसेरका छोरा अग्नी शमशेर समेत संलग्न रहेको यस संगठनले गणतन्त्रको नारा दिएको हो वा होइन र दिएको भए कसरी दियो त्यो भने विवादास्पद र खोजिको विषय रहेको छ।

बडामहारानी सिकिस्त विरामी भएकोले प्रधानमन्त्रीलाई नारायणहिटी राजदरबारमा तुरून्त आउनु भनी त्रिभुवनले बोलाउन पठाए। जुद्ध शमशेर आउनासाथ बेहोस हुने लागु पदार्थ सुघाँउने अथवा प्रधानमन्त्री स्वयंको हुकुमले अरू रोलवाला राणाहरूलाई बोलाएर कोतपर्व झैं सवैको एउटै चिहान बनाउने योजना रहेको थियो। तर त्रिभुवनको बोलाहटमा जुद्धशमसेरको सट्टा उनका छोरा बहादुर समशेर चारघण्टा पछि मात्र बडो सशंकित र सतर्क मुद्रामा नारायणहिटी दरवार पसी चारैतिर हेरे र मुन्टो हल्लाई केही पनि नबोली फर्केकाले यो योजनाको पूर्वसूचना पाइसकेको हुनसक्ने अनुमान छ। जुद्ध शमसेरकै छोरा यस योजनामा संलग्न रहेकोले यसो हुन असम्भव पनि छैन। यसका सूत्राधारहरूलाई कुनै कारवाही भएन र योजना त्यसै बिलाएर गयो।

प्रवासबाटः अखिल भारतीय गोरखा लीग

पहिलो विश्वयुद्धको विभिन्न मोर्चामा लड्न खटिएका गोरखाली सेनाहरू फर्किएपछि आफ्नो समाज र देशको तुलना आफू लड्न गएको देश र समाजसंग गर्न समर्थ भए। विभिन्न समुदाय र व्यक्तिसंगको अन्तरक्रियाबाट उनीहरूको चेतनास्तरलाई पनि निकै माथि उठायो। कतिपय गोर्खा सिपाहीहरूले भारतमै, बस्न रूचाए। र कति स्वदेश छिरे। यसै स्थितिमा चन्द्रशमशेरलाई करिया अमलेख र सती प्रथा उन्मूलन गर्न सामाजिक दवाव सिर्जना हुनपुग्यो। भारतमा बस्नेहरू पनि आफ्नो समुदायको हित उन्नति र हक अधिकारको साथै सामाजिक कुरीतिका विरूद्ध निरिह र निस्कृय भएर बसेनन्। यसैक्रममा नेपालमा कामी, गाइने दमाई र सार्कीहरू प्रति सामाजिक भेदभाव र उत्पीडनका कारण उनीहरू राजा बिनाको

राज्यमा बाँची रहेको स्थितिभन्दा केही फरक नभएको आसय व्यक्त गर्दै दार्जिलिङ्गमा रानु दमाईले १९७८ तिर चन्द्रशमशेरलाई विरोध पत्र पठाए। त्यसै पत्रमा उनलाई सत्य त्याग गर्न पनि अनुरोध गरियो। यसकै हाराहारीमा भूपू सैनिक ठाकुर चन्दन सिं को नेतृत्वमा र पहलमा देहरादुनमा "अखिल भारतीय गोरखा लीगको" जन्म भयो। भारतमा बस्ने गोरखाली सिपाहीहरूको हितका लागि काम गर्ने भनेर गैह्र राजनीतिक संस्थाका रूपमा शुरूमा यसलाई पेश गर्न खोजिए पनि दोस्रो वार्षिक सम्मेलनबाट राजनीतिक सुधार र मुलुकको आधुनिकीकरणका लागि प्रस्ताव पारित गरियो। यसले गर्दा राणा शासनलाई विदेशीका आँखामा समेत नकारात्मक रूपमा प्रस्तुत हुन्छ भन्ने त्रासले राणाशासनका हर्ताकर्ता ठानिएकाहरू तर्सन थाले। यसको फलस्वरूप षडयन्त्र चल्न थाल्यो र ठाकुर चन्दन सिंलाई चन्द्र शमसेरले फसाइ छोडे र यसको गतिविधि निस्कृय भयो। यसपछि डम्वरसिंह गुरूङले आफ्नो नेतृत्व दिएर गोरखा लिगको क्रियाकलापलाई बढाए। पछि खर्साङ, कालिम्पोङमा पनि गोर्खाली संगठन खुल्यो। रूपनारायण सिंहको संयोजकत्वमा १३ मे १९४५ मा खर्साङ्गमा भएको सम्मेलनमा डम्वरसिंह गुरूङ्ग यसको सभापति छानिए।

नेपाल प्रजापरिषद

यतिबेलासम्म आइपुग्दा नेपालीहरू बन्द-व्यापार शिक्षा, काम व्यवशायका कारण नेपालीहरूको भारतका विभिन्न स्थानमा बन्द व्यापार र आवत जावत बढेको र दुई-दुई वटा विश्वयुद्धहरूमा भाग लिएका गोरखाली सैनिकमा बढेको चेतनाका कारण पनि नेपालीहरूमा राणा विरोधी भावनाको डढेलो भित्रभित्रै सल्किरहेको थियो। आफ्नै बन्धुबान्धवलाई समेत अपमानित रूपमा विभिन्न उचनीच श्रेणिमा वर्गिकरण गरी सत्ताको केन्द्रभागबाट धपाउने अदूरदर्शी निर्णय गरेका कारण राणाहरूको आफ्नै घर भित्र आगो लागी खरानी हुने स्थिति त्यत्तिकै मौजुद थियो। यस्तै एक प्रकारको उकुसमुकुस र छटपटीको परिस्थितिमा टंकप्रसाद आचार्य, दशरथ चन्द ठकुरी, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्माले राणाशाहीको कठोर बन्धनबाट मुक्ति लिन राजनैतिक संगठन, स्थापना गर्ने निधो गरे। यो १९९२ सालको कुरा थियो। १९९३ साल जेठ २२ गते धर्मभक्त माथेमाको फुपूको झोंछे ओमवहालस्थित घरमा तिनै पाँच जना भेला भएर नेपाल प्रजापरिषद नामको राजनीतिक संगठन स्थापना गरे। आ-आफ्नो दाहिने हातको बुढी औंलाको रगत छापबाट राणा शासनलाई खतम गरी राजाको अधिकार पुनर्स्थापित गर्नुको साथै मुलुकमा प्रजातन्त्रको स्थापना र जनअधिकार बहाल गर्ने प्रतिज्ञापत्रमा सहीछाप गरे। राणाशासनको सुराकी र दमनबाट संगठनलाई बचाउदै यसका कार्यक्रमहरू अघि बढाउन राजालाई "मुखिया" प्रधानमन्त्रीलाई "जमदार" टंकप्रसाद आचार्यलाई "प्रकाश" दशरथचन्दलाई "सेवासिंह" र पछि "सुशील", जीवराज शर्मालाई "वसन्त", रामहरी शर्मालाई "हरेराम" र धर्मभक्तलाई "अजकबहादुर" र पछि "अर्जुन सिंह" भन्ने गोप्य एवं सांकेतिक नामाकरण गरियो। राणशासनको अन्त्य, संवैधानिक राजतन्त्रको

स्थापना र मौलिक अधिकारको वहाली यसका उद्देश्य थिए। टंकप्रसाद आचार्य "फ्रान्सको राज्यक्रान्तिबाट", दशरथ चन्द रूसको वोल्सेभिक क्रान्तिबाट र रामहरी शर्मा जीवराज शर्मा र धर्मभक्त माथेमा "बेलायतको शासन प्रणालीबाट" प्रभावित भएकाले यो संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि हिंसात्मक अहिंसात्मक दुबैस्वाले विधि अस्त्यियार गर्ने निचोडलाई समायोजन गऱ्यो। पछि त्यसमा राजा त्रिभुवनको पनि संलग्नता जोडिन पुगेकोले निश्चय नै फ्रान्सको राज्य क्रान्ति र वोल्सेभिक क्रान्तिबाट अभिप्रेरित हुनेहरू अल्पमतमा परे।

सर्वप्रथम हस्तलिखित पर्चाबाट प्रजापरिषदको कार्यक्रम अघि बढ्यो। शाही कम्पाउण्डर चन्द्रमान सैंजुले त्रिभुवन र नेपाल प्रजापरिषद वीच संचार कायम रास्वे। त्रिभुवनको सक्रियता गोप्य रूपमा बढ्दै गयो। यसै वीच १९९५ मा गोविन्द प्रसाद उपाध्याय यसका सदस्य हुन पुगे। प्रजापरिषदलाई अन्तरराष्ट्रिय रूपमा प्रचार गराउन भारतको पटनाबाट प्रकाशित हुने समाजवादी पत्रिकाका सम्पादक रामवृक्ष बेनीपुरीसंग दशरथ चन्दद्वारा सम्पर्क स्थापित गरियो। राणाशासनको दमन र अत्याचारबारे "सेवकसिंहको" नाममा दशरथचन्दका लेख्वहरू प्रकाशित हुन थाल्यो। परिषदको सदस्यमा मुकुन्दप्रसाद रिमाल, फणिन्द्रराज हमाल, ध्रुव दवाडी, चुडाप्रसाद उपाध्याय, पुस्करनाथ उप्रेती, केशव कार्की, चित्रबहादुर केसी पनि थपिए। प्रजापरिषदको लागि गोलाबारूद जम्मा गर्ने र विदेशी नेताहरूसंग सम्पर्क कायम गर्न टंकप्रसाद आचार्य आफै भारत गए। नेपाल भित्रै उच्च सैनिक अधिकृतहरूलाई यस संगठनमा आवद्ध गराई हातहतियार प्राप्त गर्ने र सेनाभित्रै विभाजन र फूट गराई हिंसात्मक आन्दोलनमा अनुकुल सहयोग लिने प्रयासमा प्रजापरिषद जुट्यो। बडा कठीन स्थितिमा कलकत्तामा महेन्द्र बिक्रम शाहले किनिदएको साइक्लोष्टाइल मेसिन उपत्यकाभित्र ल्याउन टंकप्रसाद सफल भए पछि यसले प्रजापरिषदको आन्दोलनमा जनजागरण ल्याउने कामको लागि पर्चा छाप्न ठूलो सघाउ पुऱ्यायो। उनीहरूले डाइनामाइट बम जस्ता विस्फोटक पदार्थ पनि भित्राए।

वि.सं. १९९७ साल असार ९ गते रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्याय, बलबहादुर पाँडेले काठमाडौं शहरको मुख्य मुख्य ठाउँमा पर्चा छरे। पाटनमा पुस्करनाथ उप्रेती र केशव कार्की र भक्तपुरका लागि मुकुन्दप्रसाद रिमाललाई जिम्मा दिइयो। जहाँनिया राणा शासनको प्रचण्ड विरोध गरिएको पहिलो पर्चा प्रजापरिषदले शहरभरी छ्याप्छ्याप्ती पारेपछि राणाहरू स्थब्ध भए। र आमजनतामा अत्याचारी शासनको अन्त्य हुने कुराले ढुक्क बनायो। यसै गरी १९९७ साल आषाढ ३० गते अर्को पर्चा छरियो।

एकातिर यसरी भूमिगत रूपमा राणाविरोधी राजनीति संगठित हुदै गएको स्थिति थियो भने उता दमनको लागि सरकार ज्यान छोडेर उत्रियो। १९९७ श्रावण ११ गते इस्तिहार जारी गरी प्रजापरिषदका सदस्यहरूलाई गिरफ्तार गराउने व्यक्तिलाई रू ५००० हजार पुरस्कार दिने घोषणा गरियो। यतिनै बेला गंगालाल श्रेष्ठ, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ र रामजी जोशी यसको सदस्य भए। प्रजापरिषदले यस इस्तिहारलाई चुनौती दिदै छ दिनपछि अर्को पर्चा

छन्यो। यी पर्चाहरूबाट सबै तहका जनसमुदाय वीच जागृतिको व्यापक लहर र हलचल ल्याइदियो। राणाहरू यस राजनैतिक गतिविधिबाट विक्षिप्त हुनु स्वाभाविकै थियो। त्यसैले जथाभावी गिरफ्तारी हुन थाल्यो। शिक्षकहरू, समाचारपत्र पढ्नेहरू, खाँडीको लुगा लगाउने, सफा लुगा लगाएर हिड्ने, भजन गाउनेहरू समेत वागी ठहरिए। फत्तेबहादुर सिंह, चन्द्रमान मास्के, तुलसी मेहर, चित्रधर र तीर्थराज सुवोल, रामराज पौडेल पक्राउ परे। तर यसमा एकजना पनि नेपाल प्रजापरिषदका सदस्य नभएतापनि नेपाल प्रजापरिषदका सदस्य रामजी जोशी, टेकबहादुर मल्ल र द्वारिकाभक्त माथेमाले सुराक दिएको कारण १९९७ कार्तिक २ गते २ जना सदस्य वाहेक प्रजापरिषदका सम्पूर्ण सदस्यलाई गिरफ्तार गर्न राणासरकार सफल भयो। गिरफ्तार भएका सबैलाई सिंहदरबार दाखिल गराइयो। र नेल, सिक्री र हत्कडी साथ उनीहरूलाई निर्मम यातना दिइयो। गाथगादी ताक्ने ठानिएका यस राजनीतिक संगठनका सहकर्मीहरूको मुद्दा तहकिकात गर्न शंकर शमसेरको अध्यक्षतामा कर्णेल गंगाबहादुर बस्नेत, सरदार मानबहादुर, मेजर बालकृष्ण समशेर, दिल्लीजङ्ग थापा, शिवप्रताप, कुमार थापा, महेन्द्रबहादुर महत, सुव्वा उपेन्द्र पुरूष ढकाल, गम्भीरजङ्ग थापा र गुरूजू स्वगेन्द्रराज पाण्डे सदस्य भएको एक विशेष अदालत गठन भयो। निर्मम यातना वीच अभियुक्तहरूमाथिको मुद्दामा पुर्पक्ष गर्न १९९७ माघ ६ गते यही जाँचबुझ समिति र विशेष अदालतमा अधिकारीहरूको उपस्थितिमा महेन्द्रबहादुर महतले गाथगादी ताकेको साविती प्रमाण भएकाहरूलाई सजाय सुनाए। दशरथ चन्द (नेपाल नागरिक अधिकार समितिका अध्यक्ष) र शुक्रराज शास्त्रीलाई सर्वस्वहरण सहित फाँसीको सजाय सुनाए। गंगालाल श्रेष्ठलाई अंश सहित फाँसीको सजाय सुनाइयो र कलिलै उमेर भएकोले माफी मागे आजन्म कारावासको सजाय सुनाइयो तर कसैले वकस दिएको ज्यानलाई स्वीकार नगर्ने अडान रास्वेपछि उनलाई पनि तत्कालै फाँसीको सजाय दिइयो। यसै क्रममा धर्मभक्त माथेमाले पनि सर्वस्व सहित फाँसीको सजाय पाए। अरू अभियुक्तहरू टंकप्रसाद आचार्यलाई मुडी दामल गरी अंश सर्वस्व सहित जन्मकैद, शाही कम्पाउण्डर चन्द्रमान सैंजु, गोविन्द प्रसाद उपाध्याय, पुष्करनाथ उप्रेती, मुकुन्दनाथ रिमाल (गिरफ्तार नभएका), चुडाप्रसाद उपाध्याय, बलबहादुर पाँडे, गणेशमान सिंह श्रेष्ठ र हरिकृष्ण श्रेष्ठलाई अंश सर्वस्व सहित जन्मकैदको सजाय सुनाइयो। जीवराज उपाध्यायलाई अंश सर्वस्व सहित १८ वर्ष, ध्रुव दवाडीलाई १२ वर्ष, रामजी जोशीलाई ६ वर्ष र फणिन्द्रराज हमाललाई ६ वर्षको कारावास सजाय सुनाइयो। चित्रबहादुर केसी र केशवराज कार्की नावालक भएकोले चार भञ्ज्याङ कटाइयो र १० वर्षसम्म उपत्यका प्रवेश गर्न रोक लगाइयो। सजायलाई कार्यान्वयन गर्ने क्रममा १९९७ माघ ९ गते टंकप्रसाद आचार्य र रामहरि शर्मालाई कपाल चारैतिर मुडी सुंगुरको पाठा बोकाएर टुँडिखेल घुमाइयो। धर्मभक्त माथेमालाई १९९७ साल माघ १३ गते राती सिफलमा झुण्डाइयो। गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १४ गते राती भचाखुसी र विष्णुमतीको दोभानमा गोली हानी प्राणदण्ड दिइयो। जेल पर्नेहरूमा बलबहादुर पाँडे जेलमै बिते।

नेपाल प्रजातन्त्र संघ

नेपाल प्रजापरिषदलाई बलात् कुल्चिएपछि राणा विरोधी गतिविधिमा अंकुश लाग्छ भन्ने सोचाइ काम लागेन। स्वाभिमान, न्याय र स्वतन्त्रताका लागि लड्ने जुनसुकै लडाईलाई दवाएर सफल भएको सोच्नु भनेको हुरी चल्नु अघि शान्त देखिने आकाश हेरेर जीर्ण घरको छाना सुरक्षित देख्नु जस्तै हो। नेपाली सपुतहरूको रगत लल्पतिएको नेपाली माटो भित्रै १९९८ फागुनमा नेपाल प्रजातन्त्र संघ नाममा भूमिगत संगठनको जन्म भयो। शम्भुराम श्रेष्ठ, सूर्यबहादुर भारद्वाज र प्रेमबहादुर कंसाकारको सक्रियतामा स्थापित यसले प्रजापरिषदको उद्देश्यलाई अघि बढाउने लक्ष लिएको थियो। यस संगठनमा पुष्पलाल, गंगालाल श्रेष्ठ (पछि लाल कम्युनिष्टको नाउँबाट परिचित), कामा[illegible]त्री, राजाराम कर्माचार्य, भैरवगोपाल वैद्य, हंशराज, कृष्णराज, गोपालदास श्रेष्ठ, जगत प्रतापजङ्ग शाह, कृष्णबहादुर मिश्र, कृष्णप्रसाद माली र यज्ञप्रसाद पनि पछि यसमा सम्मिलित हुन आए। २००५ सालतिर यसले युद्धबाट फर्केका सैनिकहरूलाई अंग्रेजले दिएको रकम राणाहरूले गोलमाल गरेबाट असंतोष बढिरहेको बेला नेपाल प्रजातन्त्र संघका कार्यकर्ताहरूले हतियार उठाउन सेनालाई आव्हान गर्दै पर्चा छऱ्यो।

नेपाली राष्ट्रिय कांग्रेस स्थापना हुनु अघि

विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय, डिल्लीरमण रेग्मी, गोपालप्रसाद भट्टराई र सुन्दरराज चालिसे जस्ता युवकहरूको सक्रियतामा २००३ साल कार्तिक १५ गते वनारसमा गोष्ठी सम्पन्न भयो। गोष्ठीले प्रजापरिषदका कार्यकर्तामाथि गरिएको दमनको मूल्यांकन गर्दै नेपाल भित्र कुनै राजनीतिक संगठन खोल्न नसकिने निचोड झिक्यो र प्रजातान्त्रिक हक अधिकार स्थापना गर्न राणाशाहीको विरूद्धमा संगठित आवाज अघि बढाउन प्रवास मै "अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेसको" स्थापना गरियो र [illegible]प्रसाद सापकोटा यसका सभापति बने। यसको उद्देश्य र विस्तृत कार्यक्रम निर्माण गर्न [illegible] जनवरी १५ का दिन सम्मेलन गर्ने निर्णय भयो।

नेपाली राष्ट्रिय कांग्रेस

[illegible] माघ १ गते पूर्व निर्धारित कार्यक्रम अनुसार नेपालमा प्रजातान्त्रिक [illegible] बढाउने र राजनीतिक संगठन विस्तार गर्ने बारे हुने सम्मेलनमा [illegible]हरूको उपस्थिति शुरू भयो। गणेशमान सिंह पनि यसमा सहभागी भए। संगठनको नामाकरणका सम्बन्धमा प्रजापरिषद राख्नु पर्छ भन्ने गणेशमानको राय थियो र "अखिल भारतीय" भन्ने शब्द प्रति उनको तीव्र विरोध रह्यो। आखिर "नेपाली राष्ट्रिय कांग्रेस" राख्ने निर्णय सहित सम्मेलनले सभापति पदमा नेपाल जेलमा रहेका नेपाल प्रजापरिषदका सभापति टंकप्रसाद आचार्यलाई नै यसको पनि सर्वसम्मत सभापति चुन्यो। कार्यबाहक सभापति

विश्वेस्वर प्रसाद कोइरालालाई बनाइयो। नेपालमा राजाको वैधानिक नायकत्वमा जनताको उत्तरदायी शासन स्थापना गर्ने उद्देश्य नेपाली राष्ट्रिय कांग्रेसले आफ्नो नीति तय गऱ्यो। नेपालमा नेपाल प्रजापञ्चायतका कार्यकर्ताहरू गिरफ्तार भएकोले आन्दोलनलाई शिथिल हुन नदिन २००५ सालमा केही सहयोगी साथ विश्वेश्वर प्रसाद कोइराला काठमाडौं आए। राजनीतिक संगठनकै क्रममा उनलाई पक्राउ गरियो। जेलमा कैदीहरू उपर गरिएको अमानुषिक व्यवहारबाट क्षुब्ध भइ जेल सुधारको माग सहित २००६ साल वैशाखदेखि उनले आमरण अनशन शुरू गरे। र २९ दिनको अनसनपछि उनी रिहा भए।

उता विश्वेश्वर प्रसाद कोइराला जेल परेपछि डिल्लीरमण रेग्मीलाई कार्यवाहक सभापति बनाइयो तर आफूले आफैलाई सभापति हो भन्ने ठानेर सोही क्रियाकलाप गरेकोले विश्वेश्वर कोइराला जेलबाट छुटेपछि उनलाई अनुशासनको कार्वाही गरी पार्टीबाट निकालियो। परिणामस्वरूप नेपाली राष्ट्रिय कांग्रेस "रेग्मी गुट" र "वीपी गुट"मा विभाजित भयो। खास सैद्धान्तिक मतभेद नभए पनि व्यक्तिगत महत्वकांक्षा र नेतृत्वको होडवाजीका कारण नेपाली राष्ट्रिय कांग्रेस वीपी गुट पनि नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस दुई संगठनको नाममा टुक्रियो।

काठमाडौं म्युनिसिपलटीको चुनाव

अप्रिल १९४७ (वैशाख २००४) मा काठमाडौं नगरसभाको सदस्यताका निम्ति बालिग मताधिकारका आधारमा चुनाव भयो। त्यसमा शंकरदेव पन्त, यदुनाथ खनाल, शेषराज दली, भुवनलाल, हरिकृष्ण श्रेष्ठ, पूर्णबहादुर एम.ए. त्रिपुरवरसिंह आदि चुनिए। यसरी पद्मशमशेरको प्रधानमन्त्रित्वकालमा चुनावी प्रक्रियाद्वारा जनप्रतिनिधिको चुनाव हुनु प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण अध्याय सम्झनु पर्दछ।

जयतु संस्कृतम

२१ जून १९४७ (असार १, २००४) देखि काठमाडौंको तीन धारा पाठशालाा संस्कृत अध्ययन गर्ने विद्यार्थीहरूले अंग्रेजी पढ्ने स्कुलमा जस्तै संस्कृत पाठशालामा पनि भूगोल, इतिहास, राजनीतिशास्त्र आदि समाजशास्त्रका विषयहरू पाठ्यक्रममा समावेश हुनु पर्छ भन्ने माग राख्दै हडताल सुरू गरे। हडतालमा भाग लिने विद्यार्थीहरूको संख्या २०० जति थियो। विद्यार्थीका जायज मागप्रति संस्कृत शिक्षा तर्फका सहायक निर्देशक माहिला गुरूज्यू हेमराज पण्डितले सकारात्मक प्रतिक्रिया जनाएनन्। तीनधारा पाठशालाका विद्यार्थीहरूले आफ्ना मागप्रति बेवास्ता गरिएको हुँदा स्कूल छाडेर जीवन निर्वाहका निम्ति साधारण जनताका ढोकामा "जयतु स.स्कृतम्" भन्दै भिक्षा माग्दै आफ्ना मागहरू प्रचार गर्न थाले। जनताले विद्यार्थीहरूलाई पाथीका पाथी चामल दिएर सहानुभूति देखाए। मोहनशमशेर र माहिला पण्डितले विद्यार्थीहरूप्रति अप्नाएको नीतिले गर्दा विद्यार्थी जगत्मा मात्र होइन काठमाडौं

उपत्यकाभरि ठूलो सनसनी फैलियो। अन्त्यमा सरकार विद्यार्थीका मागहरूप्रति झुक्नु पऱ्यो। प्रधानमन्त्री पद्मशमशेरले आगामी विजया दशमीका दिनसम्म विद्यार्थीहरूका मागहरू पूरा गरिदिने घोषणा गरे। हडताल बन्द हुन गयो। केही समयपछि यस आन्दोलनका नाइकेहरूलाई मोहनशमशेर र हेमराज पण्डितको प्रयासले काठमाडौं उपत्यकाबाट निष्कासित गरियो। "जयतु संस्कृतम्" का प्रमुख नेताहरूमा पूर्णप्रसाद ब्राम्हण, श्रीभद्र शर्मा, राजेश्वर देवकोटा, क़मलराज रेग्मी, काशीनाथ गौतम, बलराम शर्मा, गोकर्णराज आदि थिए। काठमाडौं उपत्यकाबाट निष्कासित भएका विद्यार्थीहरू भारतमा गई नेपाली राष्ट्रिय कांग्रेसमा प्रवेश गरी राणा शासन समाप्त गर्ने क्रममा व्यापक शारीरिक र मानसिक परिश्रम गरे। स्वास गरेर जुद्धशमशेरको समयसम्म चेतनशील समुदायले पनि लुकीछिपी राणा शासनको विरोध गरेका थिए तर पद्मशमशेरको समयदेखि खुलमखुल्ला विरोध सुरू भयो। त्यसकारण २००४ वैशाख महिनादेखि नै सरकारको स्वीकृति नलिई अन्यत्र दलको नाम र विचारको अनुकरण नगरी, देश, राजा र प्रजाका विरूद्ध जनता भड्काउने खालका भाषण गर्ने, पर्चा छर्ने गरेकाले विवाह, व्रतबन्ध जस्ता घरेलु काममा बाहेक अन्यत्र १० जनाभन्दा बढी मानिस एकै ठाउँमा जम्मा हुन र डुल्नसमेत हुँदैन। यदि कसैले बन्देज मिचेमा कडा सजाय हुनेछ भन्ने इश्तिहार जारी भएको थियो।

नेपाल सरकारको वैधानिक कानूनको घोषणा

बढ्दो जनजागृतिलाई नियन्त्रण गर्न असफल भएका जुद्ध शमशेर, मोहन शमशेरको कूटनीति अगाडि अड्न नसकी वानप्रस्थ ग्रहण गरे तापनि प्रधानमन्त्री पद्म शमशेरले देशमा आवश्यक सुधार गर्ने वा नगर्ने भन्ने विषयमा राय माग्न सात सूत्रीय प्रश्नावली तयार गरी वि.सं. २००३ माघमा भाइ-भारदार तथा बुद्धिजीवी वर्गलाई १५ दिनभित्र निर्भीक भै आफ्नो राय दिन प्रश्नावली बाँड्न लगाए। वि.सं. २००४ ज्येष्ठ ३ गते भाइ-भारदार तथा जङ्गी निजामती कर्मचारीलाई विशालनगर दरबारमा सामेल गराई राजनैतिक सुधार गर्ने इच्छा पद्म शमशेरले व्यक्त गरे। उनले देशमा विद्यमान ऐन-नियममा कुनै प्रकारको हानी नहुने गरी सुधार ऐन तयार गर्न भारतबाट विशेषज्ञहरू झिकाइने जानकारी दिंदै प्रत्येक जिल्लामा निर्वाचनद्वारा म्यूनिसिपल्टीको गठन गरी स्थानीय अधिकार उक्त म्यूनिसिपल्टीलाई दिने, देशमा एक स्वतन्त्र न्यायालयको स्थापना गर्ने आदि विषयमा भाषण गरे। उनले बढ्दो क्रान्तिकारी भावनालाई रोक्न वि.सं. २००४ माघ १३ गते विशालनगर दरबारबाट वि.सं. २००५ बैशाख १ गतेदेखि लागू हुने भनी नेपाल सरकारको वैधानिक कानूनको घोषणा गरे। घोषणामा भनिएको थियो कि श्री ३ बाट आवश्यक देखिबक्सेबमोजिम नेपाल सरकारको वैधानिक कानूनका आवश्यक दफाहरू आवश्यक बखत आवश्यक ठाउडँमा लागू गरिनेछ। तर वि.सं. २००५ सालको अन्त्यसम्ममा सम्पूर्ण दफाहरू मुलुक भरी लागू भैसक्ने छ। पद्म शमशेरद्वारा घोषित वैधानिक कानूनमा मौलिक हक, कार्यकारिणी सभा, व्यवस्थापिका सभा (पञ्चायती सभा र केन्द्रीय

सभा), न्याय प्रबन्ध, स्वतन्त्र न्यायालय, शिक्षा व्यवस्था, जङ्गी-निजामतीसम्बन्धी धर्मचारीको नियुक्ति, सरूवा, बढुवाको व्यवस्था, राष्ट्रिय आय-व्यय जनता समक्ष ल्याउने, हिसाब जाँच गर्ने आदि व्यवस्था गरी नेपाल सरकारको वैधानिक कानूनलाई ६ भाग र ६८ धारामा विभाजन गरिएको थियो। नेपाली भाषालाई राष्ट्र भाषाका रूपमा मान्यता दिइयो। तर सो कानून लागू हुन नपाउँदै रक्तचापसम्बन्धी स्वास्थ्य उपचार गराउन भनी वि.सं. २००४ फागुन १८ गते पद्म शमशेरले भारततर्फ भाग्न बाध्य हुनु पऱ्यो। उनी काठमाडौंबाट सिधा दिल्ली गै भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूसंग भेटी नेपालमा भाइ-भतिजाका दबावले गर्दा शासन सञ्चालन गर्न नसकेको कारण बताउँदै आफ्नो भारत बस्ने इच्छा व्यक्त गरे। तर जवाहरलाल नेहरू तथा अन्य भारतीय नेताले नेपालमा फर्की शासन गर्ने सल्लाह दिंदै सक्तो आवश्यक सहयोग दिने वचन दिए। तर कमजोर हृदयका पद्म शमशेरले स्वदेश फर्कने औंट गर्न नसकी दिल्लीबाट देहरादून, हरिद्वार, काशी, कलकत्ता घुम्दै राँची गई बसे। त्यहींबाट केही समयपछि सरकारमा श्री ३ तथा प्रधानमन्त्री पदको राजीनामा चढाई पठाए।

महिला आन्दोलन

१९९४ सालमा महिलाहरूको सामाजिक मर्यादा हुनुपर्छ भन्ने उद्देश्य राखी महिला समिति स्थापना भयो यसका संयोजक योगमाया कोइराला थिइन्। सिराहामा स्थापित यस संस्थामा मोहनकुमारी कोइराला उपसभापति, दिव्या कोइराला सचिव र सदस्यहरूमा पूर्णकुमारी अधिकारी र देवकुमारी अधिकारी थिए। यसमा राणा प्रधानमन्त्रीकी श्रीमतीलाई अध्यक्षता ग्रहण गर्न आग्रह गरियो। महिलाहरूको अवस्था दर्शाउन तिनीहरूले लगाएको लुगा पार्सल गरेर पठाए र अर्थिक सामाजिक अवस्था सुधार हुन पऱ्यो भन्दा तिनीहरू माथि दमन गरियो। सचेत महिलाहरूको यो पहिलो आन्दोलन त्यसै बिलाएर गयो। २००१ सालतिर चन्द्रकान्ता मल्लबाट कन्या स्कूलको स्थापना भयो। २००३ सालमा रेवन्तदेवी बज्राचार्यको अध्यक्षतामा आदर्श महिला संघ खुल्यो। २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको स्थापना भयो।

नेपाल प्रजापञ्चायत

विक्रम संम्वत् २००५ साल आश्विन २७ गते त्रिपुरवर सिंह, विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठ र गोपालप्रसाद रिमालले "नेपाल प्रजा पञ्चायत" स्थापना गरे। नेपालको राजनीतिक चेतना निकै अघि बढिसकेको थियो। राणा शासनको अत्याचारबाट वौद्धिक वर्ग अत्यन्तै क्षुव्ध थियो। त्यसै चुपलागेर कोही पनि बसेका थिएनन्। प्रजातन्त्र प्राप्तीको अथक संघर्षमा आस्था भएकाहरूबाट विभिन्न राजनीतिक गतिविधि संचालन गरी राणाशासनलाई निर्वस्त्र पार्ने काम निर्मम दमनका बाबजुद पनि रोकिएन। यसै क्रममा त्रिपुरवर सिंह, गोपालदास श्रेष्ठ, विजय मल्ललाई गिरफ्तार गरियो।

नेपाली कांग्रेसको स्थापना

नेपाली राष्ट्रिय कांग्रेसमा वीपी गुटमा आएको फूटका कारण अल्मलिएको राजनीतिक धरातलमा नेपाली राष्ट्रिय कांग्रेस वीपी गुट र नेपाल प्रजातन्त्र कांग्रेस दुवै संगठनका सभापतिहरूबाट एकताका लागि २००६ साल चेत्र १४ गते प्रकाशित गरेको वक्तव्यले भौतिक रूपमा पनि एक हुने वातावरण तयार गऱ्यो। राजनीतिक विकासका क्रममा हुने विघटन, पुनर्गठन र संयोजनका स्वाभाविक प्रक्रियाले दुवै कांग्रेस एक भए र नयाँ नामाकारण सहित "नेपाली कांग्रेसको" गठन गरे।

देशभित्र राजनैतिक गतिविधिको विकास र परिवर्तन तीव्ररूपमा भइरहेको अवस्था तत्कालै कुनै निर्णय नगर्ने हो भने गम्भीर परिणामहरू आउन सक्ने स्थितिलाई आंकलन गरी नेपाली कांग्रेसले २००७ साल असोज १० गते वैरगनिया सम्मेलन गरी राणा सरकारका विरूद्ध सशस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो। यसैक्रममा राजा त्रिभुवन शिकार खेल्ने वहानामा २००७ कार्तिक २१ गते नारायणहिटी दरवार त्याग गरी भारतीय दुतावासमा शरण लिन पुगे। शाह, राणा वीचको सम्बन्धका साथै राजनीतिक परिवर्तनको बेग तीव्ररूपमा बढिरहेको परिप्रेक्षमा राजाको यो कदम स्वाभाविक भए पनि यसप्रकारको अप्रत्यासित निर्णय राजाबाट हुँदा प्रधानमन्त्री मोहन समशेरलाई मात्र होइन राणा शासनलाईनै निर्णायक मोडमा उभ्याइदियो। राजालाई फर्काउने प्रयास भयो, धम्क्याइयो, भारतसंग कूटनीतिक पहल भयो। तर राणासरकारको केही जोड चलेन। त्रिभुवनको गद्दीच्यूत र राजकुमार ज्ञानेन्द्रको राज्यारोहण जस्ता घटना घटे। नेपाली जनमत यस कदमको समर्थनमा रहेन।

राणाशासनलाई सदाका लागि उखेलेर फाल्ने कठीन र खतरापूर्ण काममा जुटेका राजनीतिक दलहरू र निर्णायक घडी पर्खेर बसेका जनता सवैका लागि यो एउटा गुमाउनै नहुने अवसर थियो। कांग्रेसले २००७ साल कार्तिक २५ गते राती थीरवम मल्लको नेतृत्वमा वीरगञ्जमा हमला गरी सशस्त्र क्रान्तिको पूर्वघोषित निर्णयलाई कार्यान्वयन गऱ्यो। कार्तिक २७ गतेका दिन कलकत्ताबाट आएको हिमालयन एयरवेजको हवाइजहाजले विराटनगर, धनकुटा लगायत देशका अन्य भागमा क्रान्तिलाई समर्थन गर्दै राणा सरकारका विरूद्ध गोलबन्द हुन नेपाली कांग्रेसलाई साथ दिन आव्हान गरको पर्चा छऱ्यो। २८ गते यस्तै पर्चा काठमाडौंमा छरियो। धरपकड बढ्दै गयो। नेपालका जेलहरू राजबन्दीले खचाखच भए। कुटनीतिक दाउपेचका रूपमा आफ्नो पुरानो मालिक बेलायतलाई आफ्नो पक्षमा समर्थनको लागि गरिएको आग्रह बेलायतले त्यसै खुरूक्क मानेन। परिस्थितिको अध्ययन गर्न बेलायतबाट पठाइएका फ्रेन्क रवर्टस् र सर इस्टर डेनिङको आगमनलाई नेपालीहरूले तीव्र विरोध गरे। सुरेन्द्रराज शर्मा, जीवनलाल सत्याल, बासुदेव ढुङ्गाना जस्ता विद्यार्थीहरूको भूमिका महत्वपूर्ण रह्यो। विमानस्थल र सडकका दायाँवायाँ जम्मा भएका असंख्य जनताको समर्थन र नारा जुलुस राजा त्रिभुवनको समर्थनमा भएको ठानी बेलायतले राणाशासनका कदमहरूलाई समर्थन गर्नु उचित ठानेन। अचानक वीरगंजमा गरिएको सशस्त्र आक्रमणबाट

पूर्वतयारी समेत गर्न नपाइएको अवस्थामा त्यहाँको राणा प्रशासन क्रान्तिकारीहरूको हातमा पऱ्यो। बडा हाकिम कर्णेल सोम शमशेर राणालाई पक्राउ गरी रक्सौलमा बन्दी बनाइयो र तेजबहादुर अमात्य क्रान्तिकारीहरूको तर्फबाट सैनिक गभर्नर नियुक्त भए। वीरगंजको यो सफलता वास्तवमा दिगो रहन सकेन। थीर बममल्लको गोली लागि निधन हुनु, काठमाडौंबाट एकराज शमशेरको नेतृत्वमा गएको सेना वीरगंज पुग्नु जस्ता कारणबाट बीरगंज पुन राणाहरूकै कब्जामा फिर्ता भयो।

विराटनगर मोर्चाको नेतृत्व विश्वेश्वर प्रसाद कोइराला र सुवर्ण शमसेर राणाले गरे। जी.वी. याकथुम्का वी.वी. राई र सी.वी. मोक्तान आदिको समेत महत्वपूर्ण भूमिका रहेको यो मोर्चाको आक्रमणमा निकै सफलता मिल्यो। नेपाल वैंक, भन्सार अड्डा, कर, प्रहरी चौकी सवै विद्रोहीहरूले कब्जा गरे। यसै वीच धनकुटाबाट सरकारी सेनाको थप सहयोग आइपुगेकोले पछि हट्न पर्ने स्थिति आइपऱ्यो। तर पछि यसको मुकाबिला गर्न जी.वी. याकथुम्वा र पुर्णसिंहको कमाण्डमा थप मुक्ति सेनाले सरकारी सेनाको मुकाबिला गऱ्यो। बडा हाकिम घेराउमा परे विराटनगर मुक्तिसेनाको हातमा पऱ्यो। केशवप्रसाद कोइराला गभर्नर भए। प्रजातन्त्र रेडियो सर्वप्रथम ४१ मिटर व्याण्डमा विराटनगरबाटै प्रसारण भयो।

भोजपुरका नारदमुनि थुलुङले नेपाली कांग्रेसको हाइकमाण्डसंग सम्वद्ध नभएता पनि भूतपूर्व सैनिकहरूको मुक्तिसेनाको जत्था तयार गरी भोजपुरमा हमला गरे। भोजपुर, चैनपुर, ताप्लेजुङ र तेह्रथुममा पनि राणाशासनले आत्मसमर्पण गऱ्यो। धनकुटाः नेकाका विद्यानाथ पोख्रेल, मच्छेन्द्रबहादुर श्रेष्ठ र राम कृष्ण श्रेष्ठको संयुक्त प्रयासमा धनकुटा पनि हात पऱ्यो। विद्यानाथ पोख्रेल गभर्नर भए। यसै क्रममा त्यहाँ लुटपाट र साम्प्रदायिक तनाव पनि भड्कियो।

भैरहवा मोर्चाः भैरहवाको मोर्चाको सशस्त्र आक्रमणको जिम्मा डा. के.आइ. सिंहले लिएका थिए। १४ नोभेम्वरमा उनको आकस्मिक हमलाबाट भैरहवाका सवै सरकारी कार्यालयहरू मुक्ति सेनाको नियन्त्रणमा गयो।

पाल्पा मोर्चाः पाल्पामा लखेटिएका रोलवाला रूद्र शमशेर थिए। उनले क्रान्तिको दौरानमा नेपाली कांग्रेसलाई समर्थन जनाए। पोखरामा पनि उनको छोरा धनराज शमशेरले यसै गरे। बिना कुनै रक्तपात पाल्पा जस्तो सामाजिक हिसावले महत्वपूर्ण ठाउँ मुक्ति सेनाको नियन्त्रणमा गयो।

काठमाडौं उपत्यकाको गतिविधिः बाह्र वर्षमा आयोजना हुने सम्यक दानको धार्मिक कार्यक्रम यसै वर्ष पऱ्यो। यसमा वोधिसत्वको मूर्तिसंगै राजालाई पनि गद्दीमा राखेर पूजा अर्चना गरिने भएकोले ज्ञानेन्द्रलाई यस धार्मिक मेलामा सरिक गराइ जनसमर्थन जुटाउने चाल मोहन समशेरले रचे। तर दयावीर सिंह कंसाकार, द्रव्यरत्न तुलाधर जस्ता युवकहरूको प्रयासबाट सम्यक पर्व स्थगित गरियो।

हिमालयेश्वरानन्द वैद्य जस्ता प्रजातन्त्रप्रेमी युवाहरूले उपत्याकामा जुलुस प्रदर्शनको

आयोजना गरे। यसै बेला १२२ जना वी र सी क्लासका राणाहरूले आ-आफ्नो पद र हैसियतबाट राजीनामा दिए। जसको नेतृत्व जनरल किरण शमशेरले गरेका थिए। उनीहरूले राणा शासनको विरोध र क्रान्तिको समर्थनमा काठमाडौंमा प्रदर्शनको आयोजना गरे। तीनधारा पाठशालाबाट दरवार हाइस्कूलको कुनामा पुगेपछि प्रहरीले प्रदर्शनकारी माथि लाठी र अश्रुग्यास बर्षायो। यस घटनामा न्हुच्छेरत्न तुलाधरको मृत्यु भयो। भोलिपल्ट उनको शवयात्रामा हजारौं मानिसले भाग लिए र राणा विरोधी भावनालाई उजागर गरे। विष्णुमती किनारमा उनको दाहसंस्कार गर्ने क्रममा प्रहरीले लाठी र टियरग्याँस समेतको प्रयोग गऱ्यो। प्रहरीमाथि पनि आक्रमण भयो, प्रहरी गाडीमा आगो लगाइयो। केशर शमशेरमाथि जुलुसले आक्रमण गऱ्यो र गाडीलाई ध्वस्त पाऱ्यो। त्यस दिन उपत्यकामा कर्फ्यु लाग्यो। जेल तोड्न हिडेको प्रदर्शनकारी भीडमा गोली चल्दा भोंगेन्द्रमान सिंहले शहादत प्राप्त गरे। कालिमाटीको घटनामा दानमान शाक्य दिवंगत भए। यसपछि काठमाडौं पूरै क्रान्तिको फेरोमा होमियो। बासुपासा, जीवनलाल सत्याल, वासुदेव ढुङ्गाना, योगनाथ प्याकुरेल र दमनराज तुलाधर पक्राउ परे। सशस्त्र क्रान्तिले अब राणा शासनको पतनलाई निर्णायक घडीमा पुऱ्याइदियो। भारत सरकारको मध्यस्थतामा ५ सूत्रीय प्रस्ताव तयार गरी क्रान्तिलाई टुङ्ग्याउने कुरामा सहमति भयो। जसमा (क) श्री ५ त्रिभुवनलाई नै नेपालका राष्ट्राध्यक्ष मान्ने (ख) संविधान सभाको निर्वाचन गर्ने (ग) राणा र जनप्रतिनिधि बराबर भएको १४ सदस्यीय मन्त्रिमण्डल गठन गर्ने (घ) पार्टी खोल्ने स्वतन्त्रता दिने (ङ) राजवन्दीहरूलाई आममाफी गर्ने रहेका छन्। यसलाई नेपालको प्रजातन्त्रको इतिहासमा "दिल्ली-सम्झौता" भनिन्छ। २००७ साल पौष २४ गते घोषणा गरिएको राजनीतिक संझौताबाट उत्पन्न नयाँ परिस्थितिमा कसरी जाने भनेर सरसल्लाह गर्न २००७ पौष २८ मा गोरखपुरमा नेपाली कांग्रेसको वैठक बस्यो। डा. के.आइ. सिंहले मोहन शमशेरद्वारा घोषणा गरिएको प्रस्तावको ठाडै विरोध गरे र सशस्त्र क्रान्तिलाई चालु राख्नु पर्छ भन्ने सुझाव राखे। तर वहुमत क्रान्तिलाई रोक्ने पक्षमा गएकोले २००७ साल माघ १ गते सशस्त्र क्रान्तिलाई रोक्ने नेपाली कांग्रेस तर्फबाट घोषण भयो।

नेपाल कम्युनिष्ट पार्टी

लेनिनको नेतृत्वमा सन् १९१७ को बोल्सेभिक क्रान्तिले विश्वलाई हल्लाएपछि पढेलेखेका चेतनशील नेपाली युवाहरूमा पनि त्यसको ज्ञान बारे चासो बढ्नु अस्वभाविक थिएन। कार्ल मार्क्सको द्वन्दात्मक भौतिकवादलाई कार्यान्वयन गर्दै सर्वहारावर्गको नेतृत्वमा राज्यसत्ता खोस्न सफल यस क्रान्तिबाट विश्वमा अविर्भाव भएको नवीन राजनीतिक पद्धति प्रति नेपालमा पनि चासो बढ्न गयो। आफ्नै ससुरा चन्द्रशमशेरको हुकुमी शासनलाई आत्मसात गर्न नसकी विदेशिन वाध्य भएपछि जयपृथ्वी बहादुर सिंह लेनिनका भारतीय मार्क्सवादी मित्र एम.एन. रायको सम्पर्कमा पुगे। त्यसपछि आफ्नो मानवतावादी विचार र एम. एन. रायकै विचार समेत प्रचार गर्न यूरोप पुगेका जयपृथ्वी बहादुर सिंहले भियनाको सोभियत

दुतावाससंग लेनिनलाई भेट्न राहदानीको लागि अनुरोध गरेका थिए। सम्भवतः समाजवादी राष्ट्र रूस र समाजवादी क्रान्तिलाई व्यवहारमा उतार्ने लेनिनलाई भेट गर्ने पहिलो नेपाली उनै हुन्। त्यो घटना सन् १९२१ तिरको थियो। त्यसै ताकाको समयको वर्णन गर्दै रूसको क्रान्ति, लेनिन, सनयात्सेन र कमालपास जस्ता व्यक्तित्वको चर्चा आफ्नो घरमा हुने गरेको कुरा वीपी कोइरालाले आफ्नो आत्मकथामा उल्लेख गरेका छन्। भारतीय राजनीतिक घटनासंग निकटता रहेको नेपालमा राजनीतिककर्मी वौद्धिक र शासक वर्गमा समेत लेनिनबारे धेरथोर ज्ञान थियो। नेपालमा राणाशासन आफ्नो उत्कर्षतिर लम्किदै थियो। विदेश जान मात्र होइन चार भञ्ज्याङ भित्र आवत जावत गर्न समेत राहदानी आवश्यक पर्ने त्यो वेला देश विदेशका विचारमा क्रान्ति ल्याउने साहित्यिक सामग्री मुलुकमा भित्राउने सम्भावना थिएन। तराईका टाठाबाठा भारततिर छिरेर अध्ययनको चाँजोपाँजो मिलाउने गर्थे। यातायातको अभाव र भौगोलिक विकटताका कारण पहाडवासीका लागि यो पनि सम्भव थिएन। काठमाडौं उपत्यका सधै निगरानीमा मात्रै बाँच्न विवश थियो। भारतबाट प्रकाशित सरस्वती साप्ताहिक, अमृतबजार पत्रिका र दैनिक विश्वामित्र राणा सरकारको अनुमतिमा मात्र झिकाएर पढ्न पाइन्थ्यो। त्यसबस्वत सेन्सरकै एउटा रूप कायम थियो। त्यस स्थितिमा पनि सन् १९२८ तिर डिल्लीबजारमा रूसको बोल्सेभिक क्रान्ति बारे चर्चा हुने गर्थ्यो। लक्ष्मीरञ्जन जोशी, टंकनाथ रेग्मी, तिलकमणि र वसन्तमणि जस्ता नवयुवकहरू लेनिनका रचनाको हिन्दी अनुवाद झिकाएर लुकाएर पढ्ने गर्दथे। त्यसबेलासम्म राल्फ फक्सको "कम्युनिज्म" र "गोर्की" को आमा क्रान्तिकारीहरूका निम्ति लोकप्रिय भइसकेका थिए। त्यही समयदेखि नेपालमा समाजवादी विचार अध्ययनको एउटा श्रृंखला शुरू भएको देखिन्छ। टंकप्रसाद आचार्य प्रजापरिषद पर्व पछि जेल परेका थिए। उनी पूँजीवाद र समाजवादको भिन्नता, समाजवादी दलको आवश्यकता वारे सोच र जानकारी राख्ने गर्दथे भन्ने कुरा उनकै पत्राचारबाट पनि ज्ञात हुन आउँछ। शम्भुराम श्रेष्ठ र पुष्पलाल श्रेष्ठ १९९८ देखिनै मार्क्सवादी विचारधाराबाट प्रभावित भएकै क्रममा विसं १९९९ मा प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज, पुष्पलाल, शम्भुराम, आदि मिली खोलेको "नेपाल प्रजातन्त्र संघ" ले "पहाड पर्वत खोलानाला जग्गा जमीन सबको, मालिक हामी दास बनौं किन हिस्सा सबमा सबको" भन्ने समाजवादी भावनालाई अभिव्यक्त गर्ने गीत बनाएको थियो। २००५ को अन्ततिर पुष्पलाल श्रेष्ठको पहलमा मार्क्सवादी अध्ययन मण्डल स्थापना भएपछि संगठित रूपमा मार्क्सवादबारे अध्ययन, विश्लेषण र बहस छलफल हुने गरेको र यसको लगत्तै पछि नै पुष्पलाल, निरञ्जन गोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायण विलाश जोशी एवं मोतीदेवीद्वारा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो। संस्थापक मोतीदेवीका बारेमा विवाद पनि रहेको छ। २००६ साल बैशाख १० गतेका दिन नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय संगठन समितिको निर्माण, २००६ साल भदौ २९ गते पार्टीको घोषणा र ६ असोज २००७ मा पहिलो सम्मेलन भयो। नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा "पूर्ण नागरिक स्वतन्त्रता" लाई छुट्टै बुँदामा समावेश गरी त्यसमा

जोड दिइएको थियो। २००७ सालको क्रान्तिमा कम्युनिष्ट पार्टीले खुलारूपमा भाग लियो। कम्युनिष्ट पार्टीकै नेतृत्वमा किसान, मजदूर विद्यार्थी र शहरिया मध्यम वर्गहरूका व्यापक आन्दोलनहरू भए।

२००७ साल पछिका आन्दोलनहरू

२००७ सालको फागुन ७ गते राजा त्रिभुवनको घोषणाबाट जनता स्वयंले निर्वाचन गरेको संवैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार देशको शासन चल्ने प्रतिवद्धता जाहेर गरे पनि राजा, आगो र पानीलाई विश्वास नगर्नु भन्ने लोकोक्ति सत्य ठहरियो। राजा त्रिभुवनले त्यो आफ्नो घोषणालाई कार्यान्वयन गर्नेतिर कदमसम्म चालेनन्। दिल्ली संझौता पछि गठित राणा कांग्रेस मन्त्रिमण्डलले स्वभाविक रूपमा काम गर्न सक्ने अवस्था थिएन। भरत शमसेर र रणधिर सुब्बाको गोरखा परिषद्को विद्रोहको प्रतिकार पछि २००७ सालको राजनीतिक उपलब्धीको रक्षा पनि मूलतः समस्याको रूपमा खडा भयो।

प्रजातन्त्रपछि पहिलो गोली : किशोर विद्यार्थीमाथि

राणा कांग्रेस संयुक्त मन्त्रिमण्डलको गठन र दिल्ली संझौताको प्रतिक्रिया स्वरूप विविध राजनीतिक संगठनले २००७ सालपछि आफ्ना क्रियाकलापहरू जारी नै राखे। त्यसैले राष्ट्रिय प्रजातान्त्रिक मोर्चाको गठन गरी नेपाल प्रजापरिषद, नेपाल कम्युनिष्ट पार्टी, अखिल नेपाल विद्यार्थी फेडरेशन, समाज सुधार संघ र प्रगतिशील अध्ययन सर्कलले संयुक्त आन्दोलन संचालन गर्ने निर्णय गरे। यसको सभापति टंकप्रसाद आचार्य र शैलेन्द्रकुमार उपाध्याय महासचिव छानिए। देशमा बढ्दै गएको अन्यौल अव्यवस्था र असुरक्षाको स्थितिलाई सुधार गर्न नेपाल विद्यार्थी फेडरेसनले २००८ साल कार्तिक २ गते काठमाडौंमा आयोजित जुलुस प्रदर्शनमा प्रहार गरिएको गोलीबाट विद्यार्थी चिनियाकाजीको निधन भयो र सइउदिन घाइते भए। विद्यार्थीहरूको प्रतिनिधि मण्डल भारतीय दुतावास गई घटनाको शख्त विरोध जनाए।

विराटनगर गोलीकाण्ड

सशस्त्र संघर्षको विराटनगर मोर्चामा मुक्तिसेनालाई विजयको सहज वातावरण बनाइदिने काममा त्यहाँका प्रजातन्त्रप्रेमी जनता र मजदूरहरको अहं भूमिका थियो। प्रजातन्त्र पछि स्वभावतः आफ्नो सुविधा र हक हितका लागि मजदूर वर्गले आवाज उठाउनु अनुचित थिएन। त्यसमा पनि मजदूरीको वृद्धि र अन्य सामान्य सुविधाको मात्रै उनीहरूले माग राखे। विराटनगर क्षेत्रका गभर्नर केशव कोइराला थिए। मजदूरहरूको आवाजलाई मील व्यवस्थापनहरूले किन्चित वास्ता गरेनन्। त्यसैले त्यसको विरोधमा हड्ताल गर्न बाहेक उनीहरूसंग उपायै थिएन। तर मजदूर जुलुस माथि गभर्नरको आदेशमा गोली वर्षाइयो र

कम्तिमा ३१ जनाको ज्यान गयो। मनमोहन अधिकारी, प्रचण्डमान श्रेष्ठ, देबु श्रेष्ठ र दमनराज तुलाधरलाई पक्राउ गरियो।

बर्दिया राजापुरमा प्रहरी दमन

नेपाली कांग्रेसले सशस्त्र संघर्षको क्रममा जनतालाई बाँडेको सपना - "जमीन जोत्नेको" पनि थियो। त्यही नारा दिने पार्टी सत्तामा पुग्दा किसानले जोतेको जमीनको स्वामी हुन खोज्नु अनौठो भएन। राजापुरमा किसानहरूले जमिन्दारको विरूद्ध आन्दोलन छेडे। प्रहरीको व्यापक दमन भयो। कैयौं किसान गोलीका शिकार भए।

रक्षादलको विद्रोह

जनवरी ३१, १९५२ को रात काठमाडौं स्तब्ध र भयक्रान्त बन्यो। बत्तीको लाईन काटियो र पछि जनताले थाहा पाए - रक्षा दलले मातृका सरकारको विरूद्ध हतियार उठायो। रक्षादलका जवानले सानोठिमी, गठ्ठाघर, स्वयम्भू बारूदखाना, हनुमानढोका गद्दी बैठकको मुलुकी खाना, नेपाल बैंक, आदि कब्जा गरे। जेल तोडियो। जेलमा कैदी रहेनन्। रामप्रसाद राई, टेकबहादुर मल्ल, अग्निप्रसाद खरेललाई जेलबाट सिंहदरवार पुऱ्याइयो। त्यतिखेर के.आई. सिंहले सिंहदरवार कब्जा गरिसकेका थिए। के. आइ. सिंहले राजासमक्ष पाँच सूत्रीय प्रस्ताव पठाए। तर प्रस्ताव स्वीकार अस्वीकार हुनु भन्दा अघि नै उनी तिब्बततर्फ पलायन भए।

न्यूनवैतनिक कर्मचारी हडताल

२००७ साल माघ श्रीपञ्चमीका दिन अखिल नेपाल न्यूनवैतनिक कर्मचारी संघको स्थापना भयो। उक्त संघले त्यो बेला आफ्नो १४ सूत्रीय उद्देश्य अघि सारेको थियो। संघको सबै उद्देश्य पेशागत सुधार गर्ने नै थियो। ००८ साल जेठ १४ गते संघले कर्मचारीहरूको न्यूनतम तलबमान प्रतिमहिना रू. ८०।१० होस् भनी तत्कालीन गृहमन्त्री विश्वेस्वरप्रसाद कोइराला समक्ष जाहेर गरे। तर माग पूरा नहुने देखिएपछि देशका (सत्र हजार) कर्मचारी संघर्षमा उत्रिए। न्यायोचित माग पूरा नभएपछि कर्मचारीहरू हड्तालमा ओर्लिए। ००८ माघमा संकटकालीन स्थितिको हवाला दिई सरकारले सुरक्षा कानून लागू गरेपछि कर्मचारीहरू केही सेलाए। सरकारले कुनै वास्ता गरेन। तर ००९ बैशाखदेखि आन्दोलन चर्कियो। अन्ततः जेठ २५ गते उनीहरूको माग आंशिक रूपमा पूरा भयो। कर्मचारीका मागहरू सामान्यतः तलब वृद्धि र पेशागत हकका मात्र थिए। कर्मचारीहरूको मागलाई विभिन्न राजनैतिक संगठनहरूबाट पनि समर्थन भएको थियो। आखिर सरकारले कर्मचारीहरूको आवाजलाई दबाउने हिम्मत गर्न सकेन। तलब मागे भन्दा केही कम भए पनि बढाइ दियो र कर्मचारीहरूले जेठ २५ गते हडताल तोडे।

प्राध्यापकहरूको अल्टिमेटम

कलेजमा कार्यरत प्राध्यापकहरूको समान पद र जिम्मेवारी भएता पनि देशी अर्थात भारतीय प्राध्यापक र नेपाली प्राध्यापक बीच तलब भत्तामा ठूलो असमानता थियो। प्रजातन्त्र अघि सरकारको यस असमान र अन्यायपूर्ण व्यवहार प्रति आवाज उठाउने हिम्मत प्राध्यापकहरूले गर्न सकेनन्। तर २००८ सालमा आएर भारतीय प्रोफेसर र नेपाली प्रोफेसरका बीच समान तलब सुविधाको माग राख्दै सरकार समक्ष अल्टिमेटम दिए। यो न्यायोचित आवाजलाई सरकारले पछि पूरा गऱ्यो।

कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध

देशमा विभिन्न किसान आन्दोलन, के.आइ. सिंह विद्रोहको सहयोग आदि आरोप राजतन्त्र र दिल्ली सम्झौताको तीब्र विरोधी रहेको कारण मातृका सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि ००८ साल माघ १० गते प्रतिबन्ध लगायो। किसान संगठनका नामबाट यस पार्टीले प्रतिबन्धित अवंस्थामा जनताका समस्यालाई उजागर गरिनै रह्यो। हुम्ला, गोरखा, पाल्पा तथा अन्य ठाउँमा किसान तथा विद्यार्थी आन्दोलनहरू भूमिगत नेपाल कम्युनिष्ट पार्टीको पहलमा सञ्चालन भए। टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि २०१३ साल वैशाख ४ गते कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध हटाइयो।

नेपाली कांग्रेसको सत्याग्रह

नेपाली कांग्रेसले ६ सूत्रीय माग राख्दै १० जनवरी १९५५ देखि संचालन गऱ्यो। यसका मागमा शान्ति सुरक्षा र अमनचैन कायम गर्ने, नागरिक अधिकारको ग्यारेण्टी, स्वतन्त्र न्यायपालिकाको व्यवस्था, शिघ्र आम निर्वाचन सम्पन्न गर्ने, मूल्यवृद्धि कम गर्ने, स्वतन्त्रताको रक्षा र राष्ट्रिय सम्मानको सुरक्षा आदि थिए। सत्याग्रहसभामा कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले पनि भाग लिए। २ दिने सत्याग्रहपछि युवराज महेन्द्रले माग पूरा गराउन आवश्यक कदम चाल्ने आश्वासन दिए।

भीमदत्त पन्तको नेतृत्वमा किसान आन्दोलन

देशका विभिन्न भाग अनिकाल र भोकमरीले ग्रस्त भयो। पहाड तराईका जिल्लाहरूमा हाहाकार मच्चियो। पूर्वतिर नेपाली कांग्रेसले यसै मौकापारी "मालपोत इन्कार" आन्दोलन शुरू गऱ्यो। यसैबेला पश्चिमतिर भीमदत्त पन्तले गरीब किसानको नेतृत्व गरे। उनको आन्दोलनबाट सुदूर पश्चिमतिर तहल्का मच्चियो। बेंलौरी कब्जा गरी उनले आन्दोलन बढाए। मातृका सरकारले सुरूमा यो जनविद्रोहलाई दबाउन सकेन। तर पछि परिबन्दमा परेका भीमदत्त पन्तलाई नेपाली फौजले नै गोली हानी हत्या गरी टाउको समेत काटेर डडेलधुरामा नै

सार्वजनिक प्रदर्शन गरे। यस घटनामा उनी लगायत करीब ५० जनाको ज्यान लिइयो र २५० जनालाई बन्दी बनाइयो।

प्रधान न्यायालयको अधिकार अपहरण

मातृका सरकारले आफूलाई गैहकानूनी रूपमा पक्राउ गरी थुनेको विरूद्ध विश्वेश्वरप्रसाद कोइरालाले प्रधान न्यायालयमा रिट दायर गरे। न्यायालयले पनि वी.पी.को गिरफ्तारी गैहकानूनी भएको फैसला दिइ तुरून्त रिहाइ गर्न आदेश दियो। सरकारले अदालतको आदेशलाई टेरपुच्छर लाएन। अदालतले स्वतन्त्र रूपमा न्यायिककार्य सम्पादन गरेको देख्न नसकी २०१० साल माग ७ गते अन्तरिम शासन विधान संशोधन गराई देशको कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकाको सर्वोच्च अधिकार ग्रहण गरी राजा त्रिभुवन आफै सर्वेसर्वा भए। यसरी दरवारबाट जनताको हातमा आइसकेको अधिकार फेरि दरवारभित्र नै प्रवेश गऱ्यो र प्रजातन्त्र र मानवअधिकारलाई दरवारले पुनः चुनौती दिने कार्यको विजारोपण भयो। टंकप्रसाद आचार्यको कार्यकालमा सर्वोच्च अदालत ऐन पास गरी २०१० मा स्वोसिएको अदालतको अधिकार केही मात्रामा पुनर्वहाली भयो।

पत्रपत्रिकामाथि प्रतिबन्ध

२०१४ साल श्रावण ११ गते संयुक्त प्रजातान्त्रिक पार्टीका नेता डा. के.आइ. सिंहको नेतृत्वमा गठित मन्त्रिमण्डलले प्राप्त सीमित अधिकारमाथि पनि धावा बोल्यो। २ वटा साप्ताहिक र ५ वटा दैनिक पत्रिकालाई प्रतिबन्ध लगाइयो। राजाको विरोधमा बोलेमा स्वतम पार्ने धम्की दिए।

प्रजातान्त्रिक मोर्चाको आन्दोलन

"२००७ सालको क्रान्तिबाट प्राप्त अधिकार अपहरण हुने" सम्भावनाले गर्दा नेपाली कांग्रेस, नेपाल प्रजापरिषद र नेपाली राष्ट्रिय कांग्रेसले प्रजातान्त्रिक भेला कायम गरे। नेपाल कम्युनिष्ट पार्टीले पार्टी सम्मेलनको माग अघि साऱ्यो।

२ महिनाभित्र चुनावको मिति तोक्नु पर्ने माग सहित चुनावको मिति नतोकिएमा २०१४ मार्ग २२ देखि भद्रअवज्ञा आन्दोलन शुरू गर्ने अल्टिमेटम प्रजातान्त्रिक मोर्चाले राजा समक्ष पेश गऱ्यो। के.आइ. सिंहको मन्त्रिमण्डल विघटन पश्चात पनि आन्दोलन रोकिएन। राजा महेन्द्रले २०१४ मार्ग २१ मा ११ वटा पार्टीहरूको सम्मेलन बोलाए। २०१५ साल फागुन ७ गते निर्वाचन हुने मिति घोषणा भएपछि आन्दोलन बन्द भयो।

हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाउने माग

हिन्दी भाषालाई नेपालमा राष्ट्रभाषाको मान्यता प्रदान गरिनु पर्दछ भनी तराईमा भाषा आन्दोलन शुरू भयो। यता नेपाली भाषा प्रचारिणी सभा गठन भै नेपाली भाषा नै राष्ट्रभाषा हुनु

पर्ने माग र हिन्दीलाई राष्ट्रभाषा बनाउने मागको व्यापक विरोध पनि शुरू भयो। के. आइ. सिंह मन्त्रिमण्डलले नेपाली भाषाको माध्यममै पढाइ हुनु पर्ने भाषा नीति प्रष्ट पाऱ्यो।

पहिलो आमनिर्वाचनपछि

जनतालाई सार्वभौम स्वीकार गरी संविधान आफै बनाउने अधिकार जनतालाई दिने घोषणाको कुनै अर्थ रहेन। जनताले आफ्नो शासन गर्ने संविधान आफै बनाउने अधिकार पाएनन्। राजा आफै संप्रभू बने र २०१५ फागुन १ गते संविधान घोषणा गरे। २०१५ साल फागुन ७ गते सम्पन्न निर्वाचनको परिणाम पश्चात बहुमत प्राप्त नेपाली कांग्रेस पार्टीले सरकार बनायो। सरकारका सामु निकै ठूला चुनौती र अप्ठ्याराहरू थिए।

डा. के.आइ. सिंह, टंकप्रसाद आचार्य र रंगनाथ शर्मा मिली गठन भएको राष्ट्रिय प्रजातान्त्रिक मोर्चाले निर्वाचित सरकारको विरूद्धमा आन्दोलनको घोषणा गऱ्यो। ४ डिसेम्बर १९५९ का दिन भारत नेपाली बीच सम्पन्न गण्डक सम्झौताको विरोध, डाल्डा घिउकाण्ड जस्ता घटनाको विरोधमा व्यापक जुलुस प्रदर्शनहरू भए। २०१६ पौषमा पश्चिम १ नम्बरमा भएको काण्डमा गोली चलाइयो। भाषण, जुलुस प्रदर्शमा रोक लगाइयो।

राज्य-रजौटा उन्मूल अन्तर्गत बझाङमा गोलीकाण्ड भयो। बझाङ्गी राजा राम जंगले सरकारी आदेश मान्न इन्कार गरे। ओम जंगले बझाङ्गका सरकारी अड्डाहरू लुटे।

गोरखामा जनताले वडाहाकिमको कार्यालयमा हमला गरेपछि सेनाले नियन्त्रणमा लिन गोली चलाउँदा ७ जना मरे र ६ जना घाइते भए।

दाङमा किसान र जमिन्दार बीच भएको संघर्षमा गोली चलाइयो।

यी परिस्थितिहरूका बीच २०१७ साल पौष २ गते निर्वाचित संसद भंग गरी राजाले सम्पूर्ण संवैधानिक हक अधिकार निलम्बन गरे र २००७ सालको जनक्रान्तिपछि प्राप्त प्रजातन्त्र र जनताले प्राप्त गरेको मौलिक अधिकार फेरि दरवार र शासकमा नै केन्द्रीत हुन पुग्यो।

आफ्ना हक अधिकारहरूको प्राप्ति, उपलब्धिको रक्षा र प्रवर्द्धनका लागि निरन्तर रूपमा संचालन भएका संघर्ष र आन्दोलन मात्र होइन विभिन्न राजनीतिक उतार चढाव, सामाजिक अन्तरक्रिया र बहुदलीय प्रजातान्त्रिक अभ्यासका सन्दर्भमा सचेत सतर्कता, जागरण, र सचेतनताको अग्रगामी बाटोमा अघि बढिरहेको नेपाली समाज ००७ सालबाट ०१७ सालसम्म आइपुग्दा निकै दृढ, सवल र मजवुत हुनु पर्ने हो। तर प्राप्त साहै सीमित अधिकारहरू पनि गुमाउनु पर्ने अवस्था आइपुग्यो - जनता स्वयं त्यसलाई रक्षा गर्न असमर्थ रहे। पुनरूत्थानवादी सामन्ती तत्वको प्रतिनिधित्व गर्ने, प्रतिक्रियावादी शक्तिसंगको सहचार्य र पृष्ठपोषकका रूपमा समेत राजतन्त्रको प्रस्तुत छवि र भूमिकाका सन्दर्भमा त्यही संस्थाबाट जनताका मौलिक हक अधिकार, मानवीय मूल्यको गरिमा र सम्मानको अपेक्षा गर्नु राजनीतिक रूपमा निश्चयनै परिपक्व काम हुने थिएन। नेपाली जनताको भावना र

आकांक्षालाई प्रतिनिधित्व गर्ने भनिएका राजनैतिक दलहरूको प्रयास, सुझबुझ र दूरदर्शिता केही हदसम्म पछाडि धकेलिए। जनताको संविधान जनताले निर्माण गर्ने, ००७ सालको राजकीय प्रतिवद्धतालाई मूर्तरूप दिने कोसौं टाढाको कुरा छोड्दौ, राजाको स्वविवेकमा प्रधानमन्त्री नियुक्त हुन सक्ने, स्वविवेक प्रयोग गरेरै जुनसुकै वेला प्रतिनिधि सभा भङ्ग गर्न सक्ने र संकटकालीन अवस्था घोषणा गर्न सक्ने जस्ता निरंकुश अधिकारहरू राजामा अन्तर्निहित गरिएको संविधान स्वीकार गरेर प्रजातन्त्र र मानव अधिकारको कुरा गर्नु निकै अपरिपक्व ठहरियो। सामान्यतः जुनसुकै संविधानको निर्माण गरिदा पनि संवैधानिक विशेषता देखाउनका लागि मौलिक हक अधिकारको प्रावधान राख्विने औपचारिक प्रचलनको सन्दर्भमा बोल्ने, लेख्ने, बैचारिक स्वतन्त्रता, कानूनी समानता, धार्मिक स्वतन्त्रताका धाराहरू संविधानमा व्यवस्था गरिए पनि ती कति कार्यान्वयनमा आउन सके भन्ने कुरा आखिर ०१७ साल पुस १ गतेले देखाएरै छाड्यो। ००७ सालमा प्राप्त उपलब्धिहरू पनि क्रमशः सीमित गर्दै वैधानिक रूपमै निरंकुश हुन पुगेको राजतन्त्रले ०१५ सालमा वहुमत ल्याएर गठन गरिएको जननिर्वाचित सरकार मात्र भङ्ग गरेन, जनप्रतिनिधिहरूको संस्था संसदलाई समेत खतम गर्ने षडयन्त्रपूर्ण प्रतिगामी कदम चाल्न सफल भयो।

२०१७ साल पुस १ गते

प्रजातान्त्रिक समाजवादलाई आफ्नो आदर्श निष्ठा र गन्तव्य ठान्ने नेपाल तरूण दलले आफ्नो ऐतिहासिक जमघटको आयोजना गरेपछि राजनीतिक - सांगठनिक परिचालनकासाथ तरूण हातहरू अघि बढ्ने ध्येय राख्विनु स्वाभाविकै थियो। तर उल्टो अन्तिम जोस, उत्साह र सपना बोकेर थापाथलीको एउटा घर कम्पाउण्डमा भेला भएका तरूणहरूको हात मात्र काटिएका होइनन् - सिङ्गै मुलुक सेनाको निर्मम वुट र बारूदको फन्दामा पऱ्यो - ०१७ साल पुस १ गतेका दिन।

प्रधानमन्त्री वी.पी. कोइरालाले औपचारिक रूपमा उद्घाटन गर्न पानसद्धीप बालिसक्दा नसक्दै, तरूणहरूले प्रजातन्त्र र समाजवादका लागि खेल्नु पर्ने भूमिकाका बारे चर्चा गरिसक्दा नसक्दै सेनाको घेरा बन्दी भयो। स्वयं प्रधानमन्त्रीको कन्चटमा राइफल सोझ्याईंदा पनि आयोजक - सहभागीले यस प्रकारको अप्रत्याशित घटना होला भन्ने विश्वासै गर्न सकेनन्। सेनाले पूरा सम्मेलन स्थल आफ्नो कब्जामा लियो - वीपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई सैनिक पहराकासाथ नारायणहिटी लगिए। देशको पहिलो जननिर्वाचित प्रधानमन्त्री एउटा निरीह व्यक्तिसरह सेनाको खरो आदेशमा लुरूलुरू पछि लाग्नु पर्ने बाध्यता एउटा विडम्वना नै हुन गयो। देशभरि नै कर्फ्यू लाग्यो - व्यापक धरपकड खानतलासी र गिरफ्तारी शुरू भयो।

एउटा भयानक अनिष्ट, सन्त्रास र आतंकका वीच पुस १ गतेकै दिन ३.३० बजे नारायणहिटी राजदरबारबाट राजा महेन्द्रबाट देशवासीका नाउँमा शाही घोषणा गर्दै संविधानको

धारा ५५ प्रयोग गरी मन्त्रीमण्डल र संसदका दुवै सदन विघटन गरियो। पुस २२ गते सम्पूर्ण पार्टी प्रतिबन्धित भए। प्रजातन्त्र र मानवअधिकारका हिमायती नेपालीहरू कोही जेल यातना भोग्न बाध्य भए, कयौंले मुलुक नै छोडेर निर्वासनमा जान पऱ्यो - स्वाभिमान र स्वतन्त्रताको उत्कण्ठा बोकेर उड्ने पखेटाहरू काटिए। मुलुक एउटा वन्दीगृह र यातना शिविरमा परिणत भयो ।

रोष र तीव्र विरोध

१) राजधानीको सडक र गल्लीभरि सेनाले कडा गस्ती लगाई राख्वेको भएता पनि प्रजातन्त्र मास्ने यस प्रतिगामी कदमको सख्त विरोध गर्दै केही युवाहरू सडकमा ओर्लिए - राजा महेन्द्रको फौजी कारवाहीको प्रतिकार गर्न माइकिङ्ग गर्ने शंकर जोशी, मार्शल जुलुम शाक्य, भरत जोशी र पिताम्बर दाहाललाई गिरफ्तार गरी निर्मम यातना दिइयो।

२) प्रजातन्त्र मास्ने राजाको प्रतिवाद गर्दै नेपाली कांग्रेसका तर्फबाट भनी पुस १४ गते लिथो गरिएको पर्चा राजधानीमा छरियो। त्यसै दिन महिलाहरूद्वारा रातो हस्तलिखित लिथो गरिएको पर्चा मौलिक हकको कुरा उठाउँदै प्र.वि. महिला समितिका नामबाट शहरमा वितरण गरियो। यो पर्चा छरेको अभियोगमा नोना कोइराला, कुन्दन पिडाली र मीरा राणा समेतलाई प्रहरीले गिरफ्तार गऱ्यो। त्यसैगरी मकरध्वज वुढाथोकी, मोहनलाल अग्रवाल, भैरवबहादुर कार्कीलाई राजनैतिक पर्चा वितरण गरेको अभियोगमा पक्राउ गरियो।

३) पुस १६ गते नयाँ सडकमा राजा महेन्द्रलाई पुस १ गतेको काण्डका लागि खलनायकका रूपमा प्रस्तुत गरेको पर्चा छरियो। जनता भड्काएको अभियोगमा सत्यनारायण प्रसाद सिंह र जगदीश प्रसाद सिंहलाई पक्राउ गरियो।

४) प्रजातन्त्र मास्ने राजा महेन्द्रको यस प्रतिगामी कदमको भण्डाफोर गर्दै पुस १७ गते राजधानीमा वेनामी पर्चा छरियो। यस्तै पर्चा विराटनगरमा पनि छरियो। युगेश्वर शर्मा, सत्य नारायण पाण्डे, जमदार सेते सिंहलाई पर्चा वितरण गरेकै आरोपमा पक्राउ गरियो।

राजा महेन्द्रलाई कालो झण्डा

प्रजातन्त्र मासिएको लगत्तै ०१७ साल फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने हास्यास्पद काम निरंकुश शक्तिका हिमायतीहरूले गरे। यसकै उपलक्ष्यमा सैनिक मञ्च टुँडीखेलमा राजा महेन्द्रको उपस्थिति थियो। राजा जुलुस हेरिरहेका थिए। तानाशाह राजा मूर्दावाद - पञ्चायत व्यवस्था मूर्दावाद आदि नारा लगाउँदै असिम साहसकासाथ राजालाई महिलाहरूले कालो झण्डा देखाए। प्रजातन्त्र विरोधी शक्तिका प्रतीक राजा महेन्द्रलाई कालो

झण्डा देखाएको अभियोगमा सुश्री शैलजा आचार्य, उमालक्ष्मी, गौरी राणा, विजया महत, कुन्दन शर्मा आदिलाई पक्राउ गरी निर्मम यातनाकासाथ तीन वर्षको जेल सजाय दिइयो।

प्रजातन्त्र पुनर्स्थापनाका निम्ति ०१७ साल फागुन १२ गते भएको जुलुसमा भाग लिए वापत श्रीमती नोना कोइराला र कुन्दन शर्मालाई २/२ बर्ष कैद र एक/एक हजार जरिवाना तोकिएको थियो। तर नारी भएका कारण आधा सजाय पाए। टंकलाल श्रेष्ठ, जुजुभाइ प्रधान, उत्तरनारायण श्रेष्ठ, उद्धवबहादुर प्रधान, अमीरमान श्रेष्ठलाई १ वर्ष कैद र ५ सय रूपियाँ जरिवाना गरियो।

फूलमाया तामाङ र ०१८ सालको विद्रोह

राजा महेन्द्रले ०१७ साल पुस १ गते संसद र जननिर्वाचित पहिलो प्रजातान्त्रिक सरकार भङ्ग गरेपछि मुलुक भरिका विभिन्न तह र तप्काका जनता विद्रोह र विरोधको आन्दोलित मनस्थितिमा उभिए। सेनाको वलमा देश भित्र शान्ति, सुरक्षा र अमनचैन कायम छ भन्ने प्रचार गर्न खोजे पनि यथार्थमा स्थिति त्यस्तो थिएन। वडो बुद्धिमत्तापूर्ण सुझवुझ र धैर्यकासाथ प्रजातन्त्रवादीहरूले कदम चाल्नु पर्ने अवस्था थियो - नत्र घोर दमन र नोक्सान सहनु पर्ने हुन्थ्यो। यस्तो स्थितिमा पुस १ गतेको कदमको विरोध गर्दै धादिङकी फुलमाया तामाङले महिलाहरूको नेतृत्व गरी नुवाकोटबाट ठूलो जुलुस निकाली राजा महेन्द्रको अप्रजातान्त्रिक कदमको विरूद्ध जनता रहेको कुरा देखाईदिइन्।

०१७ सालको राष्ट्रघाती कदमपछि त्यसको प्रतिरोध गर्न महिलाहरूको सहभागितामा निस्केको यो पहिलो जुलुस थियो।

विशेष अधिकार सम्पन्न दौडाहा र राजनीतिक प्रतिशोधको शुरूवात

पुस १ गतेको काण्डपछि राजनीतिक रूपमा त्यसलाई सही सावित गर्न र प्रशासनिक हिसावले मुलुकको स्थिति, नियन्त्रण गर्न विशेष अधिकार सम्पन्न दौडाहा १४ अञ्चलमै पठाइयो - नानातरहको धाक, डर, त्रास देखाएर आतंक फैलाउने, सरकारप्रति राग, द्वेष र घृणा उत्पन्न गराउने, जनतामा फूट, वैमनस्य र शंकाको भावना पैदा गराउने समाज विरोधी तत्वहरूका नाउँमा गृह मन्त्रालयमा रिपोर्ट दिने कामको जिम्मा गृहमन्त्रालयको विज्ञप्ति अनुसार दौडाहा टोलीको थियो। त्यस टोलीको काम विज्ञप्तिले सुम्पे अनुसार नै राजनीतिक कार्यकर्ताहरूको खोजी, राजनीतिक गतिविधिको सुराक लिने काम गरी दलगत राजनीतिक क्रियाकलाप र पुस १ को कदमप्रति सख्त विरोधी मत राख्ने व्यक्तिहरू नै विज्ञप्तिले किटान गरेको समाज विरोधी तत्व थिए। त्यसैले यस दौडाहा टोलीबाट आम रूपमा गाउँका प्रतिक्रियावादीहरू सामन्तहरूलाई हात लिई तिनीहरूकै पहल र अगुवाइमा गाउँ गाउँमा एक प्रकारले "अप्रेसन" गर्ने काम शुरू भयो। जाली फटाहाले आफ्नो रिसइवी साधेर निर्दोष जनतालाई समेत प्रशासनको जिम्मा लगाउने मौका पाए। प्रजातन्त्रवादी जनता, राजनीतिक

कार्यकर्ता र पुस १ को घटनाप्रति असहमति राख्नेहरूलाई त्यस टोलीबाट व्यापक दमन र धरपकड गरियो। यसै क्रममा फागुन २२ गते गृह मन्त्रालयले उर्दी जारी गऱ्यो। ०१८ साल साउन २ गते दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित कुनै संस्था खडा गर्न, त्यस्ता, संस्थाहरूसंग सम्पर्क राख्न, वक्तव्य, नारा, जुलुस, प्रचार-प्रसार वा सभा समेत गर्न रोक लगाई मानिसको संगठित हुने, भेला हुने र लेख्ने, बोल्ने जस्ता मौलिक अधिकारका गतिविधिमाथि पूरै रोक लगाई मानवअधिकारको पूर्णतया हनन गरियो।

प्रतिगामी कदमका प्रणेताप्रति तीब्र रोषः जनकपुर बम विस्फोटन

राजा महेन्द्र ०१८ साल माघ ९ गते स्वदेश भ्रमण अन्तर्गत पूर्वाञ्चल झापा मोरङ हुँदै जनकपुर आइपुगे। ठाउँठाउँमा "अराष्ट्रिय तत्वदेखि सावधान" रहन आव्हान गर्दै आफूले उठाएको कदमको औचित्यको पुष्टी र त्यसको प्रतिरोध गर्नेहरूमाथि दमन गर्ने कुरा अभिनन्दनको प्रत्युत्तरका क्रममा दिएका राजाका भाषणमा अभिव्यक्त भए।

जनकपुरमा राम जानकीको दर्शनपछि नागरिक अभिनन्दनका लागि आयोजना गरिएको सभास्थल रङ्गभूमितिर राजा महेन्द्र चढेको गाडी कुदिरहेको बेला गाडीमै लक्षित गरेर प्रहार गरिएको वम विस्फोट भयो। बम प्रहारबाट गाडीको केही भाग क्षतिग्रस्त भए पनि राजा महेन्द्रलाई भने केही असर गरेन। यो वम विस्फोटनको अभियोगमा घटनास्थलमै प्रहरीले केही व्यक्तिहरूलाई गिरफ्तार गऱ्यो। फूलमाला लिएर स्वागतार्थ उभिएका १६ जना व्यक्तिहरूका वीच फूलमाला मै विस्फोटक पदार्थ वरामद गरियो। दुइटा डाइनामाइट सहित १६ वर्षीय अरविन्द कुमार ठाकुर भूमिहारलाई पक्राउ गरी काठमाण्डौ ल्याइयो। दुर्गानन्द झालाई राजाको गाथ ताकेको मुख्य अभियुक्त ठानी ०२० माघ २५ गते राती फाँसी दिइयो। राजा चढेको गाडी सार्वजनिक प्रदर्शनका लागि छाउनी म्युजियममा राखियो। अरबिन्द कुमार ठाकुर र दलसिंह थापा मगरलाई विशेष अदालत र सर्वोच्च अदालतले समेत मृत्यु दण्डको सजाय तोकेकोमा राजाबाट मृत्युदण्डलाई जन्म कैदको सजायमा परिवर्तन गरियो।

सशस्त्र संघर्ष र ०१८ साल

०१७ साल माघ १२ गते पटनामा नेपाली कांग्रेसको बैठक बसी सुवर्ण समशेरलाई पार्टीको कार्यकारी-अध्यक्षका साथै संघर्ष समितिको पनि बैठक बनाइयो। ०१८ सालको मध्य समयदेखि नै सीमावर्ती क्षेत्रहरूमा संघर्षका घटनाहरू भए। ०१८ साल माघ २५ गते भरतपुर थाना कब्जा गरिएपछि सेनालाई समेत परिचालित गरेर निर्मम दमन चलाइयो। घटनामा हरिप्रसाद गुरूङ्ग, जगतप्रकाश जङ्ग शाह, बुद्धसिंह राना र खेमबहादुर गुरूङ्गको हत्या भयो।

पर्साको ट्यूकी स्थित प्रहरी चौकीमा आगो लगाइयो। यसै क्रममा वीरगञ्जको मटेहवास्थित प्रहरी चौकीमा सशस्त्र हमला भयो। पर्साको कवही भन्सार चौकीमा पनि सशस्त्र हमला गरियो।

गोरखा कब्जा गरेको कुरा सरकारी पक्षबाट खण्डन गरिएता पनि तनहूँ र गोरखामा विद्रोहीहरूका तर्फबाट व्यापक कारवाही गरियो।

कञ्चनपुरमा सशस्त्र हमलाको क्रममा ११ जना पक्राउ परे। कोइलावासमा १ सय जंनाको हतियारवन्द डफ्फाले हमला गऱ्यो। चार घण्टासम्म सरकारी पक्ष र विद्रोहीहरूका वीच गोली हानाहान भयो। यस काण्डमा १ जनाको मृत्यु र ४ जना घाइते भएको तथा २ जना पक्राउ परेको कुरा प्रकाशमा आयो।

विराटनगरमा गोश्वाराका हाकिमको निवासमा विस्फोटक पदार्थ पड्काइयो। विराटनगर भन्सार अड्डा र जेलखाना नजिक पनि बम विस्फोटन गरिए। रौतहटको वंजारिया छोटी भन्सार चौकीमा आगो लगाइयो। लमजुङको देउतापानी गाउँमा जनताले राइफल र गोली वरामद गरी सरकारी अधिकारीलाई बुझाए भन्ने कुरा प्रकाशमा आयो। हातहतियार-राइफल र रिभल्वरहरू विलकुलै नयाँ भएको र हतियारमा अंकित चिन्ह र नम्वर केरमेट गरेको जस्ता जानकारी गृहमन्त्रालयका प्रवक्ताले दिए। र यसै क्रममा मर्नेहरूको संख्या ११ भनेर सरकारी आँकडामा बताइयो। सिंराहा भन्सारमा आक्रमण, गोरखामा २५ राउण्ड गोली सहित टेक बहादुर गुरूङ पक्राउ र पछि बाटैमा हत्या, रामेछापमा विस्फोटक पदार्थ वरामद, गोरखामा शाही सेना माथि आक्रमण, ठोरी प्रहरी चौकीमा हमला, माने भञ्ज्याङमा दोहरो गोली चल्दा ५ जनाको मृत्यु र ५/७ जना घाइते, महोत्तरीको मैनाथपुरमा प्रहरी चौकीमाथि हमला र ताप्लेजुङमा जेल फोड्ने क्रममा ५ सैनिकको मृत्यु आदि २०१८ सालको सशस्त्र संघर्षको क्रममा भएका घटनाहरू थिए। २०१९ सालको सशस्त्र मुठभेडमा शिवचन्द्र मिश्रको मृत्यु भयो।

घर फर्कने र पछि सम्पत्ति जफत गर्ने गृह मन्त्रालयको विज्ञप्ति

विशेष परिस्थिति नियन्त्रण ऐन ००७ ले दिएको अधिकार प्रयोग गरिएको हवालासाथ सुवर्ण शमसेर ज.व.रा. लगायत ७५ जनालाई नेपाल गजेटमा प्रकाशित भएका मितिले २१ दिन भित्र नेपाल अधिराज्यमा प्रवेश गरी आ-आफ्नो घरद्वारमा आई बस्नु भन्ने आदेशपूर्ण विज्ञप्ति प्रकाशित गरियो। छ महिनासम्म सम्बन्धित जिल्लाका वडा हाकिम वा मेजिष्ट्रेटको लिखित अनुमति वेगर आफ्नो गाउँ वा शहर छोडी अन्यत्र जान नपाउने र सम्पति रोक्का गरिएको समेत विज्ञप्तिमा उल्लेख गरिएको थियो।

यसैगरी पुष्पलाल श्रेष्ठ लगायत ८३ जनाका नाउँमा उपरोक्त अनुसार कै विज्ञप्ति जारी गरियो। ०१८ फागुनमा विध्वंशात्मक कार्य रोक्न, विध्वंशकारीको दमन गर्ने असाधारण अधिकारको व्यवस्था गर्न आवश्यक भएको भन्दै ६ महिनासम्म मात्र लागु हुने गरी विध्वंशात्मक काम रोक्ने र विध्वंसकारीको दमन गर्ने ऐन ०१८ जारी गरी जनतालाई दमन गर्ने कामका लागि वैधानिक कानूनको पनि व्यवस्था गरियो। सुवर्ण समशेर लगायत ३० जनाको सम्पति जफत गरियो।

श्रृंखलावद्ध राजनैतिक हत्याको सिलसिला शुरू

योगेन्द्रमान शेरचन

पहिलो जननिर्वाचित सरकारको मन्त्री मण्डलका सदस्य रहिसक्नु भएका नेपाली कांग्रेसका वरिष्ठ नेता योगेन्द्रमान शेरचनको हत्या गरियो। ०२८ साल चैत्र ४ गते राती १० बजे काम विशेषले बाहिर निस्कन लाग्दा आफ्नै निवास अगाडि तीव्र गतिमा अघि बढेको वा.अ. २२६६ नं. को सरकारी जीपद्वारा वहाँमाथि घातक हमला भयो। सुनियोजित रूपमा सरकारद्वारा घटाइएको यस षडयन्त्रपूर्ण हत्याकाण्डमा संलग्न सवारी चालकलाई गिरफ्तार गरेको नाटक रचिए पनि यस्तो राजनैतिक हत्याको न्यायिक छानवीन गर्ने हिम्मत सरकारले गर्न सकेन। राजनीतिक विद्वान मात्र होइन संगीत एवं कलाप्रेमी समेत मानिनु भएका शेरचन ८ वर्ष नजरवन्दमा बसी रिहा हुनु भएपछि प्रजातान्त्रिक संघर्षका गतिविधि अघि बढाउन अत्यन्तै सक्रिय रहनु भएको थियो।

दिवान सिंह राई

झोडा भनेपछि क्रान्तिकारी, विद्रोही र पञ्चायतको सख्त विरोध गर्नेहरूको अखडा हो भन्ने पूर्वाग्रह राखेर व्यवहार गर्ने प्रशासनले कयौं पटक झोडाकाण्ड मच्चाएर न्यायका पक्षपाती, प्रजातन्त्रप्रेमी सुकुम्वासी किसानहरूको दमन गर्न पछि परेन। दिवान सिंह राईको हत्याको कडी पनि प्रजातन्त्र पुनर्स्थापनाका संघर्षहरूमा सधै अग्रपङ्तिमा रहने वहाँको जुझारू राजनीतिक व्यक्तित्व नै थियो। २०२९ साल भदौ २ गते मोरङ कसेनी स्थित काकुम झोडामा सहयोगी रामप्रसादको घरमा बसिरहेका वखत सुनियोजित रूपमा वहाँको हत्या गर्ने षडयन्त्र रचियो। ४/५ जना शुरूमा वहाँसंग निहुँ खोज्न आए - चर्काचर्की पनि भयो। यति हुँदासम्म २०/२५ जनाको उग्र जत्थाले वहाँ बस्नु भएको रामप्रसादको घर घेरी सकेको थियो। भाला, खुकुरी, खन्ती जस्ता घातक हतियारले वहाँमाथि हमला गरियो - अन्धाधुन्ध प्रहार भयो। वहाँ त्यस निर्मम प्रहारबाट बच्न सक्नु भएन - रमाइलो झोडा काण्डबाट संघर्षशील - क्रान्तिकारीहरूको जमघट थलो भनेर प्रशासनको तारो बन्न पुगेको झोडा र झोडा निवासी भू.पू. सैनिक एवं किसानहरूप्रति पनि बक्रदृष्टि राख्नु अस्वभाविक भएन। त्यसैले पूर्वाञ्चलको किराती क्षेत्रका प्रभावशाली नेता दिवानसिंह राईको हत्या गरेर झोडा समस्या र प्रजातन्त्रको संघर्ष रोक्ने सरकारको सपना केवल सपनै मात्र रहन गयो।

सरोजप्रसाद कोइराला

नेपाली कांग्रेसका प्रभावशाली नेता सरोजप्रसाद कोइरालाको ०३० साल कार्तिक २ गते रहस्यमय ढङ्गबाट हत्या गरियो। यो घटनाले राजनीतिक क्षेत्रमा निकै सनसनी मच्चिएको थियो, प्रजातन्त्रको आन्दोलनमा अपुरणीय क्षति भए पनि संघर्षको मोर्चामा डट्ने

प्रजातन्त्रप्रेमीहरूको मनोवल गिराउन जुन दुस्साहसपूर्ण काम यस हत्याबाट प्रशासनले गर्न सकिन्छ भन्ने सोचेको थियो - त्यो त्यति सजिलो भने पक्कै थिएन।

मधुवनी स्टेसन नजिकै जयनगर जाने रेल यात्राको क्रममा वहाँमाथि साइलेन्सर फिट गरिएको पेस्तोलबाट ३ गोली प्रहार गरिएको थियो। तत्कालीन जनकपुर अञ्चलाधीशको सुनियोजित षडयन्त्रबाट पेशेवर अपराधी गिरोहद्वारा हत्या गरिएको भनेर चर्चित यस घटनाको प्रजातन्त्र र मानवअधिकारका हिमायती सबैबाट निन्दा गरियो।

केशव कोइराला

नेपाली कांग्रेसले आव्हान गरेको सशस्त्र संघर्षको अग्रदस्तामा रहेर लड्ने केशव कोइरालाको ०३१ साउन ३० गते महोत्तरीको मटिहानीमा हत्या गरियो। प्रशासनले गिरफ्तार गरी हिरासतमा गोली ठोकेर मारेको वा दोहोरो सशस्त्र भिडन्तमा वहाँको मृत्यु भयो यस वारे परस्पर बाझिने विवरणहरू पनि प्रकाशित छन्।

जेलसारी - नख्खु हत्याकाण्ड

हातमा बम बोकेर गन्तव्यमा पुग्न हिडेका युवाहरू - लीलानाथ दाहाल र ठगीराज दाहाल जीवनमा फेरि निरंकुश दमनका विरूद्ध प्रतिकार गर्न अर्को बम बोक्ने अवसरबाट सदाका लागि वञ्चित हुन पुगे। उनीहरूलाई शुरूदेखि नै पिछा गर्दै आइरहेका प्रहरीहरूले थानकोटमै गिरफ्तार गऱ्यो र महेन्द्र पुलिस क्लव पुऱ्यायो। उनीहरूलाई चरम यातना भोग्न बाध्य पारिए पनि आफ्नो आस्थालाई किन्चित डगमगाउन नदिने प्रजातन्त्रका ती प्रखर योद्धाहरूको साथसाथै अन्य दुई राजवन्दीहरू गोकर्ण वहादुर कार्की र खगेन्द्र राज दाहालको जेल स्थानान्तर गर्ने निहुँमा ०३१ असोज १३ गते निर्जन रातमा जाउलाखेल र नख्खुको वीच शिव देवीको खेतमा निर्मम हत्या गरियो।

उनीहरूलाई केन्द्रीय कारागारबाट नख्खु कारागारमा जेल सार गर्ने क्रममा जीपमा राख्नेर रातको निस्पट अँध्यारोमा बाहिर लगिएपछि हत्या हुन्छ भन्ने अनुमान जो कोहीले पनि गर्न सक्थ्यो - आखिर ती राजवन्दीहरूको त्यसरी नै हत्या गरियो।

जाउलाखेल पुगेपछि सुरक्षा गार्डहरूबाट चारैजना बन्दीहरूलाई भाग्न उक्साइयो। नेल र हतकडीको फन्दामा परेका राजवन्दीहरू आखिर भाग्न सक्ने कुरा सम्भव पनि थिएन। बा. अ. २४४८ नम्बरको रसियन जीपमा वागमती सह अञ्चलाधीश सूर्यप्रसाद श्रेष्ठको नेतृत्वमा मध्यरातमा अर्थात रातको १२.१५ वजे कारागारबाट हिडाइएका उनीहरूलाई सुरूक्षा गार्डको हतियार खोस्न आएको र हातपात गरी भाग्ने कोशिस गरेको आरोप लगाई गोली चलाउँदा मृत्यु हुन पुगेको प्रशासनले स्पष्टीकरण दियो। स्थानीय १ नं. वडा अध्यक्ष र स्थानीय केही गाउँलेहरूको रोहवरमा दवावकासाथ त्यही मुचुल्का तयार गरियो।

राजवन्दीहरूले मध्यरातमा सुरक्षा गार्डलाई हातपात गरे भनेर हास्यास्पद प्रचार गरे

पनि त्यसलाई सहज रूपमा ग्रहण गर्न कसैले सकेनन् । अवैध हतियार ल्याएको अपराधमा ६ बर्ष भन्दा बढी सजाय नहुने तत्कालीन कानूनी प्रावधान भए पनि विशेष अदालतको इजलासले लीला र ठगीराजलाई आजीवन कारावासको कठोर सजाय सुनायो। ३ वटा ग्रिनेड वरामद भएपछि ११ दिनसम्म चरम यातना भोग्न बाध्य ती राजवन्दीहरूले क्षेत्रीय अदालतमा दिएको पुनरावेदन रिट निवेदनमाथि सुनुवाई हुनै बाँकी थियो। कानूनी उपचारका बाटाहरू बाँकी हुँदा हुँदै राजवन्दीहरूको हत्या गरिनुले प्रतिगामी निरंकुश व्यवस्थाका रूपमा पञ्चायत अझ नाङ्गिन पुग्यो।

०३० साल जेठमा ओखलढुङ्गामा सुरक्षा कानून अन्तर्गत जेल पर्दा जेल सुधारको माग राख्वेर अनसन बस्ने लीला मात्र होइनन् ठगी, गोकर्ण र खगेन्द्रले पनि प्रजातान्त्रिक अधिकारका लागि वरण गरेको मृत्युले उनीहरूलाई नेपालको इतिहासमा अमर बनायो।

यस्तै बम बोकेको अभियोगमा ०३१ साल पुसमा सर्वोच्च अदालतबाट माथवर सिंह वस्नेत र जानकीप्रसाद कुईंकेललाई दश वर्ष कैद र जनही १ हजार जरीवाना गर्ने फैसला गरिएको थियो।

झापा संघर्ष

झापामा सामन्तहरूको चरम शोषण र उत्पीडनबाट मुक्ति पाउन किसानहरू छटपटाई रहेका थिए। यसै क्रममा अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) को झापा जिल्ला कमिटी गठन भयो र त्यसले ०२८ साल जेठ २ गते "वर्ग शत्रु खतम अभियान" शुरू गऱ्यो।

झापाको यस आन्दोलनलाई दमन गर्न सरकार सम्पूर्ण शक्ति लगाएर खनियो। २ हजारभन्दा बढी व्यक्तिहरू गिरफ्तार भए - धुलावारीको मंगली स्थित आदिवासी राजवंशी गाउँ नै उजाड गरियो। नेतृत्वमा रहेकाहरूलाई खोजी खोजी मारियो - कसैलाई जन्मकैद र धेरैको सर्वस्वहरण गरियो। यस आन्दोलनसंग संलग्न नेतृत्वदायी व्यक्तिहरूले जेलमा भोग्नु परेका यातना सुन्नेहरूका लागि पनि रौं ठाडा गर्ने खालका थिए। मोहनचन्द्र अधिकारी, सीपी मैनाली, राधाकृष्ण मैनाली, खड्ग ओली, दुर्गाप्रसाद अधिकारी, धनेन्द्र बस्नेत, नरेश खरेल, छविलाल राजवंशी, भोगेन्द्र राजवंशी, मंगलमणि सतार, मनकुमार तामाङ, मनकुमार गौतम, अमर कार्की, अमर अधिकारी, पानवीर विश्वकर्मा, भिष्म धिमाल, सीता खड्का, गौरा प्रसाई आदिको यातना पूर्ण जेल जीवनले मात्र होइन नेत्र घिमिरे, कृष्ण कुइकेल, रामनाथ दाहाल, धीरेन राजवंशी, चन्द्र बहादुर डाँगी, नारायण श्रेष्ठ आदिको आत्मोत्सर्गले दमनका बाबजुद पनि वामपन्थी आन्दोलनले एकीकृत र व्यापकता लिदै अघि बढ्यो। आन्दोलनलाई समुल नष्ट गर्ने घोर प्रयत्न सरकारले गरे पनि त्यो उनीहरूले सोचे जस्तो भएन। आन्दोलन जनताकै माझबाट उठ्यो। जनताकै समर्थन र सहयोगमा उठ्यो - त्यसैले यसलाई वचाउन, यसका कार्यकर्ताहरूको रक्षा गर्न जस्तो सुकै कठिन र संगीन परिस्थितिमा पनि जनता हच्केनन्।

दोस्रो सशस्त्र आन्दोलनको श्रृंखला - ०२९

आफ्ना हक अधिकारहरू प्राप्त गर्न र मानवीय मूल्य सहितको प्रजातान्त्रिक समाज स्थापना गर्ने काममा जुटेकाहरूलाई बैधानिक बाटो थुनिएपछि निश्चयनै सशस्त्र संघर्षको बाटो अस्तियार गर्नु अनिवार्य बाध्यता बन्न जान्छ। बैधानिक बाटोबाट शान्तिपूर्ण उपायद्वारा सुधारात्मक उपलब्धि जे जति प्राप्त हुन्छन् जनताका पक्षमा तिनको उपयोग पनि कम महत्वका हुँदैनन्। तर दमनको बाटो अस्तियार गरिरहेको निरंकुश शासन तन्त्रसंग जुध्नका लागि सशस्त्र संघर्ष पनि त्यत्तिकै महत्वपूर्ण हुन जान्छ। राजा वीरेन्द्रको कार्यकाल शुरू भएपछि राजनीतिक क्षेत्रमा जुन सुधार र खुकुलोपनको अपेक्षा गरिएको थियो त्यसको उल्टो दमनको बाटो नै पञ्चायती सत्ताले अस्तियार गऱ्यो। त्यस परिप्रेक्षमा ०२८ सालदेखि ०३२ साल सम्मको अवधिमा राजनीतिक क्षेत्रमा कम दीर्घ प्रभावी र चरम उत्कर्षका संघर्षहरू भएनन् - ती कतिपयमा हतियार बोकी मैदानमा उत्रनु परेका यथेष्ट उदाहरणहरू छन्।

हरिहरपुर काण्ड

०२९ साल भदौ ९ गते राती ११ वजे नेपाली कांग्रेससंग सम्बद्ध केही वलिदानी भावनाका युवाहरूबाट सप्तरी जिल्लामा पर्ने हरिहरपुर चौकीमा सशस्त्र हमला गरियो - यस हमलाबाट एकजना प्रहरीको घटनास्थलमै मृत्यु भयो। एक जना अर्को प्रहरी जवान र हवल्दार घाइते भए।

फुस्रे प्रहरी व्यारेक बमको निशाना

धरानको फुस्रे प्रहरी चौकीमा वम हान्न लाग्दा बम बहादुरलाई पक्राउ गरियो। यो ०३१ साल वैशाख ५ गतेको घटना थियो। यसअघि ०३० साल मंसिर ३० गते सर्लाहीको मलङ्गवामा गंगा बहादुरको नेतृत्वमा प्रहरीसंग सशस्त्र भीडन्त भयो। यसमा केही सामान्य नागरिकको निधन हुन पुग्यो। ०३० साल वैशाख २२ गते साँझ पञ्चायतका निर्माण तथा यातायात मन्त्री प्रयागराज सिंह सुवाललाई लक्षित गरी हानिएको बम विस्फोटनले राजधानीकै घना वस्तीमा पञ्चायतप्रति गरिएको प्रतीकात्मक प्रहारबाट सत्ता नायकहरू झन् दमनको बाटो अस्तियार गर्न उद्यत भैरहेका थिए। यस विस्फोटनमा लक्षित व्यक्तिलाई केही नभई सामान्य निर्दोष नागरिक घाइते भएकोलाई जनस्तरमा भने एउटा त्रास र नकारात्मक स्थितिको रूपमा लिइयो। यो ग्रिनेड नं ३६ प्रहार गर्ने नेपाली कांग्रेसका शिवप्रसाद कङ्गाला थिए। यस घटनालाई लिएर सरकारले ४ सय १ जनालाई हिरासतमा लियो।

जलेश्वरमा सरकारी अधिकारी उपर बमको लक्षित प्रहार

राती अवेर भोजमा मस्ती लिएर फर्केका अञ्चलाधीश, प्रजिअ र उच्च प्रहरी अधिकृतहरूमाथि बज्राही मठ नाउँको ठाउँमा शक्तिशाली बम आक्रमण गरियो। अञ्चलाधिश

लीलाराज विष्टमाथि लक्षित यस बम विस्फोटनबाट प्रमुख जिल्ला अधिकारी गम्भीर रूपमा घाइते भए।

थानामाथि हमला

जलेश्वरमा प्रशासनिक उच्च अधिकारीहरूमाथि भएको बम आक्रमणको लगत्तै तराईको सचेत र प्रजातन्त्रप्रति प्रतिवद्ध ठानिएको जनकपुर शहरस्थित प्रहरी थानामाथि आक्रमण गरियो। बम विस्फोटन सहित रिभल्वर समेत प्रयोग भएको यस आक्रमणपछि प्रशासन बढी दमनकारी भएर उत्रिए पनि अन्ततोगत्वा दमनले मात्र प्रजातन्त्रका कठीन र अप्ठेरा बाटाहरू थुन्न सकिदैन भन्ने कुरा चाहि प्रशासनको लागि पनि स्पष्ट थियो। यो आक्रमण नेपाली कांग्रेससँग सम्बद्ध युवाहरूको पहलमा भएको थियो। यस घटनालाई लिएर जानकी मन्दिरका साधु योगी पनि प्रशासनको कोपभाजनबाट बच्न सकेनन् - थुप्रै विद्यार्थी र युवाहरूलाई प्रशासनले हिरासतमा लियो।

ओखलढुङ्गाः सशस्त्र संघर्ष - ०३१

प्रजातन्त्रको पुनर्स्थापना गर्न सशस्त्र संघर्ष वाहेक अर्को विकल्प नदेखेपछि नेपाली कांग्रेसले उठाएको ०२९ सालको हतियारबन्द संघर्षकै क्रममा ठूलो संख्यामा एकै स्थलमा शाहादत प्राप्त भएको एउटा चर्चित र विख्यात काण्ड हो - ओखलढुङ्गा सशस्त्र संघर्ष। यसका परिकल्पनाकार क्याप्टेन यज्ञ बहादुर थापा, गोपाल राई, अगममणि राई, वलराज कार्की र क्षेत्रध्वज बस्नेत मध्ये यज्ञबहादुर थापाले कार्यक्रमको नेतृत्व र संचालन पनि गर्नु भयो र शाहादत पनि प्राप्त गर्नु भयो।

ओखलढुङ्गा सैनिक व्यारेक कब्जा गर्ने यस संघर्षको उद्देश्य थियो। तर ७ सय जवान सरकारी सेना र तिनको तालिम प्राप्त युद्ध कौशल एवं सरकारी खरस्वजनाको बलसित भिड्न केही भूतपूर्व सैनिक जवान सीमित हातहतियार बोकेर मैदानमा उत्रनु कति व्यवहारिक थियो त्यो अर्कै कुरा हो। प्रजातन्त्र प्राप्तिको उत्कण्ठा र चरम बलीदानी भावनाको उत्कर्ष भने त्यो अवश्य थियो। ओखलढुङ्गा संघर्षमा संलग्न हुने ५३ जनाको डफ्फालाई पाँच समूहमा विभाजन गरी ग्रुप कमाण्डरमा अगममणि राई, एल.वी. गुरूङ, महेश कोर्मोचा र ढाकबहादुर गुरूङ्गलाई तोकियो। गोपाल राई, राम उपाध्याय, लक्ष्मण उपाध्याय आदिको कमाण्ड क्याप्टेन यज्ञबहादुर थापा स्वयंले सम्हालेका थिए।

उनीहरू प्रत्येकसंग दुईदुई वटा ३६ नं. ग्रिनेड, एक एक स्टेनगन, केही ब्रुनाई पेस्तोल र रिभल्वर थियो। १ सय ५० देखि २ सय राउण्ड गोली समेत साथमा बोकेका ती योद्धाहरू क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्व र अगुवाइमा कार्यक्षेत्र तर्फ बढे। कमला नदीको खोंच पार गरेर चुरे जङ्गल हुँदै ओखलढुङ्गा पुग्ने योजना भए पनि गन्तव्यमा पुग्न नपाउँदै कार्यक्रमको गोपनीयता भङ्ग भएर त्यो क्षेत्रमा पूरै सेनाको सुराक र निगरानी परिसकेको थियो।

खवर र सुराक दिने र पत्राचार. सम्पर्क सूत्रको काममा पेशल दाहाल र अडिमर्दन थापा विद्रोहीहरूका पक्षमा जिउज्यानले लागे पनि ती क्रियाकलापको ताजा जानकारी प्रशासन समक्ष सवै पुगिसकेको थियो। सरकारी सेनासंग अप्रत्याशित रूपमा भिड्ने योजना बनाएका योद्धाहरू सवै आफ्ना पोलखुलेपछि पनि विचलित भएनन्। स्थानीय रूपमा सहयोग लिदै त्यहाँबाट सुरक्षितरूपमा पूर्वतर्फ हानिएर भारत पस्ने निधो गरे पनि आखिर टिमुरबोटे जङ्गलको ओडारमा शरण लिन बाध्य हुन पऱ्यो - किनभने सारा ओखलढुङ्गा र सोलुका गौंडागौंडा सशस्त्र सेनाले घेरिसकेको थियो।

पुस १ गते सल्लेरीमा हमला गर्ने तय भयो। अगममणि राई, शिवकुमार, चन्द्र बहादुर, लालबहादुर, श्याम बहादुर, पद्म प्रकाश र प्रभालालले थाना हमला गर्ने, यज्ञ बहादुर थापा, कृष्ण बहादुर, मानबहादुर वस्वीम, महेश कोइराला, माइला राई, मानबहादुर मगर, नेत्र बहादुरले जेल खाना र लोक बहादुर गुरूङ, राम उपाध्याय, लक्ष्मण उपाध्याय जसधन राईहरूले प्रमुख जिल्ला अधिकारी कहाँ आक्रमण गर्ने कार्यक्रम बन्यो।

बेलुकी ५ बजेको समयतिर सेनाले एक्कासी १५-२० वटा बम ओडारमा प्रहार गरेपछि निरकुंशताको खिलाफमा सशस्त्र संघर्ष छेडेर प्रजातन्त्रको पुनर्वहाली गराउने जुन सपना योद्धाहरू देख्दै थिए त्यो विस्मयको घेरामा बन्दी हुन पुग्यो।

त्यस सशस्त्र संघर्षको मोर्चामा आगममणि राई, श्यामकुमार गुरूङ, पदम प्रकाश पुरी, शिवकुमार राई, माहिला राई, मानबहादुर बाखिम, मानबहादुर मगर, लालबहादुर मगर, चन्द्रबहादुर तामाङ, राम उपाध्याय, लक्ष्मण उपाध्याय, प्रजालाल राई, महेश कोइराला, नेत्रबहादुर कार्की, कृष्णबहादुर लिम्बु, पेशलकुमार दाहालले शहादत प्राप्त गरे। सोलु ओखलढुङ्गा काण्डमा संलग्न भएको आरोपमा गिरफ्तार गरी जेल चलान गर्दा टोक्सेलको जङ्गलमा पुऱ्याएर गोली हानी हत्या गरिएकाहरू हर्कबहादुर कार्की, अम्वरबहादुर खड्का, भीमबहादुर कटुवाल, शम्सेरबहादुर कार्की, रामकुमार सुनुवार, टीकाराम राई, होमिशेर राई र होमिशेर राईका छोरा थिए। उनीहरूलाई भाग्न खोजेकोले प्रहरीको गोलीबाट मृत्यु भएको भनियो। जनताको पक्षमा काम गर्ने सेनाका जमदार कर्णबहादुर बस्नेत र नायक भवेन्द्रबहादुर बस्नेतलाई ओखलढुङ्गा व्यारेकबाट काठमाण्डौं झिकाई वेपत्ता पारियो। लोकबहादुर गुरूङ्ग र जसधन राई भने सशस्त्र संघर्षको यस मोर्चाबाट सकुशल उम्कन सफल भए। यज्ञबहादुर थापालाई गिरफ्तार गरियो, तत्काल मारिएन। यसरी संघर्ष असफल भएपछि कयौं प्रजातान्त्रिक योद्धाको ज्यान त गयो गयो - गाउँका पञ्च र सामन्तहरूले रिसइवी साधेर त्रास र आतंक फैलाउने मौका पाए।

जदुकोहामा गोली काण्ड

विद्यार्थीमाथि बढिरहेको दमनको प्रतिकार गर्दै अधिराज्य भरिका विद्यार्थीहरू संघर्षमा उत्रिरहेको बेला जदुकोहाका विद्यार्थीहरू पनि चुप लागेर बस्न सकेनन्। ०२९ साल भदौ २९

गतेका दिन त्यहाँ जुलुसको आयोजना गरियो। ३१ गते प्रशासनले विद्यार्थीमाथि धरपकड गऱ्यो र महेन्द्र नामका विद्यार्थीलाई पक्राउ गरियो। यसबाट विद्यार्थीहरू उत्तेजित हुनु स्वभाविकै थियो। गिरफ्तार छात्रलाई जनकपुर लैजान खोज्दा विद्यार्थीहरूको ठूलो भीडले विरोध गरी साथीलाई प्रहरीको पञ्जाबाट फुत्कायो। यसबाट प्रशासन बदला लिने सुरले लाग्यो। भदौ ३२ गते थप ३५ जनाको सशस्त्र प्रहरीको डफ्फा जदुकोहा पठाइयो।

असोज १ गते जोदुकुवामा विद्यार्थीहरूले संयुक्त जुलुस निकाले। विभिन्न नारा लगाउदै दुई अढाई सय विद्यार्थीको जुलुस जदुकोहा हाइस्कूलबाट बजारतिर लागेपछि प्रहरीले लाठी चार्ज गऱ्यो। यसबाट विद्यार्थीहरू उत्तेजित भएर प्रहरीमाथि जाइलागे। यो कुरा प्रहरीलाई सैह्य भएन। प्रहरी प्रशासन दमन गर्ने निहुँको ताकमा थियो - प्रहरीले गोली चलायो। जदुकोहा हाइस्कूलको नवौ कक्षामा अध्ययनरत १७ बर्षीय विद्यार्थी कामेश्वर मण्डल, गोली लागेर घाइते भएका धवौली हाइस्कूलका अर्का छात्र कन्नी गोइतको स्वास्थ चौकीमा उपचार गर्दागर्दै साँझतिर मृत्यु भयो। खुट्टामा ३ वटा गोली लागेका अर्का छात्र कुशेश्वर मण्डलको पनि त्यसै दिन बेलुकी निधन भयो। जदुकोहा गाउँका ५० वर्षीय एक महिला र माची गाउँका मक्काराज र ननुपट्टिका सवकत कवारी नामक व्यक्ति पनि गोलीको शिकार भए। प्रहरीको यो अन्यायपूर्ण दमनात्मक गोली काण्डबाट ४२ जना विद्यार्थीहरू र ७५ जना सर्वसाधारण व्यक्ति घाइते भए। यस प्रकार न्यायका पक्षमा आवाज उठाउनेहरू गोलीको शिकार हुनु परे पनि अग्रजहरू बलिदानी संघर्षको प्रेरणाबाट पछिल्लो पुस्ता सधैं कृतज्ञ रह्यो र प्रजातान्त्रिक आन्दोलनलाई अघि बढाउन निरन्तर मोर्चामा डटिरह्यो।

सुस्वानीको राजनीतिक हत्याकाण्ड

झापा संघर्षको शुरूवात भएपछि सरकार व्यापक दमन गर्ने नियतबाट हिंस्रक ढंगमा उत्रियो। त्यो राजनीतिक संघर्षलाई हत्या, डकैती जस्ता आरोप लगाएर त्यसै अनुरूप राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा दुष्प्रचार गराइयो। कयौंको हत्या मरियो। हिरासत र कारागारमै पनि राजवन्दीहरूले चरम यातना भोग्नु पऱ्यो। त्यसै संघर्षका अग्रणी योद्धाहरू मध्ये, रामनाथ दाहाल ०२८ साल जेठमा पक्राउ परी ३ महिना पछि रिहा भए पनि उनीहरूलाई पुनः झापा संघर्षको दौरानमा गिरफ्तार गरियो। नेत्र घिमिरेलाई ०२९ पुस १४ गते, विरेन राजवंशीलाई ०२७ सालमा, कृष्ण कुइकेललाई ०२९ साल माघ २१ गते र नारायण श्रेष्ठलाई ०२८ सालमा पक्राउ गरी पाँच जनालाई अत्यन्त ठूलो यातनाका साथ जेलमा बन्दी बनाइयो। जनताको मुक्ति र नयाँ नेपालको निर्माण गर्ने सुन्दर सपना सहित एउटा निश्चित राजनीतिक आदर्श र निष्ठा बोकेर हिडेका क्रान्तिकारी युवाहरूमाथि राजवन्दीको व्यवहार त कता हो कता, कारागारभित्रै पनि उनीहरूको जीवनको सुरक्षा थिएन।

०२९ साल फागुन २१ गते वेलुकी झापा जेलबाट इलाम सरूवा गर्ने बहानामा रामनाथ दाहाल लगायत झापा संघर्षको क्रममा पक्राउ परेका पाँचै जनालाई वाहिर

निकालियो। राती जेल सार्ने निहुँमा बाहिर निकाल्नुको अर्थ नै राजवन्दीहरूको हत्याको षडयन्त्र हो भन्ने कुरा जेलका अरू वन्दीहरूले बुझिसकेका थिए। आफूहरूलाई बाहिर निकाल्नुको मतलव अब तानाशाही शासनको गोलीको शिकार हुँदै छौ भन्ने अड्कल काट्नु स्वभाविकै थियो। तर ती सपूतहरूमा किंचित मात्र पनि आत्मग्लानी र पश्चाताप भएन। कारागारका अरू राजनीतिक बन्दीहरूले गह्रौ छाती लिएर ती क्रान्ति योद्धाहरूलाई विदाईको अभिवादन गरे - नेपालको आजादी स्वतन्त्रता र मुक्तिको लागि वलिदान हुन लागेकोमा उनीहरू पाँचै जनामा आत्मगौरव थियो।

जेलबाट कडा सशस्त्र पहरा र नेल हतकडीको जखडवन्दीकासाथ इलाम चलान गरिएका राजवन्दीहरू लिएर चारकोशे झाडीमा प्रवेश गरेपछि सुखानी खोलाको सुनसान र एकान्त किनारामा गाडी रोकियो। रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठलाई लहरै उभ्याइयो र छातीमा गोली दागियो। शहादत प्राप्त गर्नु अघि उनीहरूले - नेपाल कम्युनिष्ट पार्टी जिन्दावाद, नौलो जनवादी क्रान्ति जिन्दावाद, निरंकुश पञ्चायती व्यवस्था मूर्दावादको नारा लगाएका थिए। पाँच जना योद्धाहरूको हत्या गर्न प्रहरीले २१ राउण्ड गोली चलायो। सरकारले जङ्गलमा सशस्त्र पहराकाबीच निर्ममतापूर्वक गोली हानेर हत्या गरिएका राजवन्दीहरूले प्रहरीको हतियार खोस्ने प्रयास गरेकोले उनीहरूमाथि गोली चलाउनु सिवाय केही उपाय नरहेको मनी झूठमूठ प्रचार गऱ्यो।

बर्रे संघर्ष

लुम्विनी अञ्चलमा ०३० सालतिर किसानहरू वीच वामपन्थी आन्दोलनको प्रभावले निकै व्यापक गति लिदै थियो। त्यसैले त्यस क्षेत्रमा सशक्त किसान आन्दोलन उठाउने प्रयत्न हुनु अस्वभाविक थिएन।

पुष्पलाल समूहसंग काम गर्दै आएका केशरमणि पोखरेल नीतिगत मत भिन्नताका बाबजुद नेपाल पसे र सशस्त्र संघर्षको नारा कार्यन्वयन गर्ने आफ्नो मनसायलाई मूर्तरूप दिने काममा अघि बढे। अर्घाखाँचीको बर्रेमा सम्पत्ति खोस्ने कार्यहीको नेतृत्व केशरमणिबाट भयो। आन्दोलनको गति अघि बढ्न नपाउँदै उनी गिरफ्तार भए र केही दिनमै उनले आत्मसमर्पण गरे। सरकारले त्यस आन्दोलनका विरूद्ध दमनको चरम रूप अख्तियार गऱ्यो। प्रभाकर पौडेल लगायत यस संघर्षका सहभागीहरूले लामो जेलयातना भोग्नु पऱ्यो।

विमान अपहरण - ०३०

नेपाली कांग्रेसको सशस्त्र संघर्षको घोषणा भएपछि भएका घटनाहरूमा ०३० सालको विराटनगर विमान अपहरण राजनीतिक क्षेत्रमा निकै चर्चित रह्यो। आफ्नो राजनीतिक उद्देश्य प्राप्तिका लागि निरङ्कुश शासकलाई झुकाउन संघर्षका वैध अवैध सबै उपाय प्रयोग गरिन्छन्। त्यसैले यो अपहरणलाई यस्तै घटनाका रूपमा लिइनु अस्वभाविक होइन।

विमान यात्रुहरूलाई वन्धक बनाई जेलमा बन्दी भएका कार्यकर्तहिरूको रिहाईका साथसाथ एउटा निश्चित धनराशीको समेत माग गर्ने योजना नेपाली कांग्रेसका शीर्षस्थ नेताहरूबाट अस्वीकृत भएपछि विराटनगरबाट राष्ट्र बैंकको रकम लिएर उड्ने विमानलाई अपहरण गरेर फार्वेसगञ्जमा उतार्ने योजना बन्यो। र, ०३० साल जेठ २८ गतेका दिन यसलाई कार्यान्वयन गरियो।

यस विमान अपहरणको अभियोगमा भारत सरकारले वसन्त भट्टराई र दुर्गा सुवेदीलाई गिरफ्तार गरी मुद्दा चलायो।

विराटनगर बम विस्फोटन - ०३१

नेपाली कांग्रेसले संचालन गरेको ०१७ साल पछिको दोस्रो सशस्त्र संघर्षका विभिन्न घटना विविध रूपमा घटित भइरहेको बेला ०३१ साल फागुन ३० गते विराटनगरमा राजाको भ्रमण अवसरमा बम विस्फोटन भयो। यस विस्फोटनमा प्रहारको केन्द्रविन्दु मानिएकाहरू सकुशल बचे, सामान्य नागरिक पचासौं घाइते भए।

नख्खु जेल विद्रोह

झापा संघर्षका दौरान नख्खु जेलमा वन्दी वनाइएका वामपन्थी नेता चन्द्रप्रकाश मैनाली लगायतका राजवन्दीहरूले जेल तोडेर असिम साहसको परिचय दिनु भयो। जेल भित्र बसिरहँदा क्रान्तिको काम पछि पर्ने हुँदा जेल तोडेर भाग्नु पर्ने परिस्थिति जन्मनु अस्वभाविक भएन। जेल तोडेर निस्कने निर्णय गरियो र ०३३ साल माघको अन्तिम हप्तातिर सुरूङ खन्ने काम प्रारम्भ भयो।

एक त कारागार, त्यसमाथि झापा संघर्षका राजवन्दीहरूदेखि शासकहरू त्यसै सतर्क थिए। तर पनि सुरूङ्गको काम आफ्नै गतिमा बढ्यो। जहाँबाट सुरूङ खन्न थालियो त्यही कोठामा खरायोहरू पालिएका थिए। कसैले माटोको शंका गऱ्यो भने खरायोले खोस्रेको भनेर टार्न यो जुक्ति गरिएको थियो। राती पालैपालो सुरूङ्ग खन्ने काम हुन्थ्यो - कोही जेल प्रशासन र चौकीदारीको निगरानी गर्थे, कोही गितार बजाएर वातावरणलाई सामान्य पार्थे। खन्ने हतियारमा खन्ती होइन पन्यौ डाडु पनि प्रयोग भए। माटो जुत्ता भित्र र पाइन्टको खल्तीमा अटे जति राख्वेर तरकारी बारीमा फालिन्थ्यो कि धाराको पानीसंगै बगाइन्थ्यो। त्यसरी सुरूङ खन्ने काममा अविचल लागिरहनु कम धैर्यको काम थिएन। सुरूङभित्र बत्तीको लाइन लगियो, खन्दै जाँदा बाहिर कम्पाउण्डको पर्खालको जगको ढुङ्गा फेला परेपछिको समस्या पनि सुल्झियो। जेल बाहिर पुगेपछि वाहिर निस्कन सकिने गरी सुरूङको प्वाल जमिनको सतहमा पुऱ्याइयो। यसरी ६५ हात लामो सुरूङ तयार भएपछि निस्कने समय तोक्नु जरूरी भयो। जेल भित्रैबाट विजुलीको तार छिनाउने, अन्धकार बनाउने र त्यसैबेला एकजना बाहिर निस्केर ट्रान्सफरमर नै खतम गर्ने योजना भयो। निस्कने दिन खरायो मारेर मासु खाने र सिरकलाई ओछ्यानमा

मान्छे सुते जस्तै गरेर रास्ने काम भयो ताकि वन्दीहरू ओछ्यानमै सुतिरहेका छन् भन्ने जेल प्रशासनलाई लागोस्। एउटा अथक परिश्रम, धैर्य, साहस र आफ्नो उद्देश्य प्रतिको अविचलित अडान बोक्दै क्रान्तिको बाटो समाएर मुलुक र जनतालाई मुक्त पार्न ०३३ चैत १२ गते राती १२ बजे चन्द्र प्रकाश मैनाली, प्रदीप नेपाल, धनेन्द्र वस्नेत, नरेश स्वरेल, नारद वाग्ले, भिष्म धिमाल, माधव पौडेल, वीरवहादुर लामा लगायतका राजवन्दीहरू जेलबाट फरार भए। यसले निरंकुश पञ्चायती सत्ता चलाउनेहरूलाई किंकर्तव्यविमुढ बनायो। देशभरिका नाकाहरू सेनाले कब्जा गऱ्यो - तर पछि पाँच जनालाई पुनः पक्राउ गरियो। "नस्क्नु जेल ब्रेक" भनेर वामपन्थी आन्दोलन भित्र अत्यन्तै चर्चित यो घटनाले मान्छेको विचार मास्न जस्तो सुकै दमन र उत्पीडन चलाए पनि त्यो संभव हुँदैन भन्ने कुरालाई पुष्टी गरेको छ।

दमौली जेल विद्रोह

विभिन्न अभियोगमा जेल परेका वन्दीहरू वीच राजनीतिक संगठन र चेतनाको स्तर बढाउने काम समेत वन्दी अवस्थामै रहँदा वामदेव गौतमको पहलमा प्रारम्भ भएपछि दमौली जेलका वन्दीहरू रामबहादुर तिवारीको नेतृत्वमा जेल विद्रोह गर्न तयार भए - यो ०३६ साल साउन १७ गतेको घटना हो। जेल तोडेर वाहिर निस्कने काम व्यवस्थित गर्न जेल भित्र धनबहादुर गुरूङ, नारायण वास्तोला र रामबहादुर तिवारी सहित ३ जनाको संघर्ष समिति बन्यो।

धनबहादुर गुरूङ्ग र नरायण वास्तोला उपचार गर्ने वहानामा बाहिर गई फर्किदा मुलद्वारमा पहरा दिइरहेको सुरक्षा गार्डको राइफल खोस्ने र सवै वन्दीहरूलाई मुक्त गर्ने योजना बनाएको भएता पनि योजना अनुसार राइफल खोस्न त्यति सजिलै सम्भव भएन। नारायण वास्तोला सुरक्षा गार्डसंग भिडिरहेका वखत धनबहादुर गुरूङ्ग र रामबहादुर तिवारी भण्डारमा पसेर राइफल निकाली फायर गरे। वन्दीहरूको यस्तो अप्रत्याशित विद्रोहबाट जेल प्रशासन किंकर्तव्यविमुढ भएर ज्यान बचाउन भाग्यो। वन्दीहरू सवै गोली गठ्ठा र राइफल कब्जा गरी जेल बाहिर निस्के। जेल कब्जा गरेर वन्दीहरू भाग्नु निश्चय नै निरंकुश सत्ताका लागि चुनौती थियो। त्यसैले वन्दीहरूलाई पक्राउ गर्न सेना परिचालन गरियो। गण्डकीको किनारमा दोहरो भीडन्त भयो। सेनाको घेरामा परेर दलबहादुर थापा र दुर्गा थापा समातिए।

भैरहवा जेल विद्रोह

निरंकुश पञ्चायत व्यवस्थाको विरोधमा बोल्दा समेत ठिंगुरामा पर्नु पर्ने संगीन स्थितिमा सामन्तवादका नायकहरूको तीब्र आलोचना, निरंकुश व्यवस्थाको उत्पीडनको विरोध र प्रतिकारकासाथ हतियार उठाउन आव्हान गर्दै विप्लवकारी परिस्थिति निर्माण गर्न भूमिगत रूपमा काम गरिरहेका राजनैतिक पार्टीहरूको मुखपत्र, दस्तावेज जस्ता सामग्री जनताका सामु पुऱ्याउने काम अत्यन्तै कठिन थियो। यस्तै स्थितिमा नेकपा मालेको पार्टी मुखपत्र र अन्य

सामग्री लिएर नेपाल भित्रिनु भएका मोदनाथ प्रश्रित सहित ९ जनालाई भैरहवामा गिरफ्तार गरियो। प्रशासनले राजकाज अपराध अन्तर्गत मुद्दा चलायो। ०३७ साल असारमा वहाँहरूलाई जेल चलान गरियो।

१५ फिट भन्दा अग्लो जेलको पर्खालबाट बाहिर निस्कन झ्यालको खापा जोडेर भरेङरू र बोराको सुतलीको डोरी तयार गर्ने र आवश्यक पर्ने विभिन्न सामग्री नाटकीय ढंगबाट जेलभित्र र बाहिर आदान प्रदान गरी सबै वन्दोवस्त योजनावद्ध रूपमा गर्नु र जेल बाहिर निस्कन सफल हुनु राजवन्दीहरूको उच्च मनोवल र आफ्नो आदर्श एवं निष्ठाप्रतिको दृढ अडान कै कारण हो। त्यो घटना ०३७ साल भदौ १ गते विहान ४ वजेको हो जसमा मोदनाथ प्रश्रित सहित ६ जना राजबन्दीहरू बाहिर निस्कन सफल हुनु भयो। दमनकारी निरंकुश सत्ताको गुप्तचर, प्रहरी प्रशासनलाई समेत गम्भीर चुनौती दिदै राजवन्दीहरूबाट जेल तोडेर बाहिर आएका घटनाबाट प्रजातन्त्र एवं वामपन्थी आन्दोलन अघि बढाउन उत्सर्ग र वलिदानका दृष्टिले समेत महत्वपूर्ण भूमिका खेल्न पुगेको छ। वामपन्थी नेता मोदनाथ प्रश्रितलाई पुनः पक्राउ गरी जेल सार्ने निहुँमा पोखरा लाने क्रममा स्याङ्गजाको वालिङ्गमा र पछि काठमाडौं लैजाने क्रममा चरौंडीमा मोटर दुर्घटनामा पारी झण्डै झण्डै ज्यान लिएको कुरा पनि स्मरणीय छ।

मेलमिलापको नीति र वीपी कोइरालाको प्रत्यागमन

०१७ सालको फौजीकाण्डपछि सुन्दरीजलको सैनिक घेरावन्दीमा कठोर जेलसजाय भोगिरहनु भएका वीपी कोइराला ०२५ साल कार्तिक १३ गते कारागार मुक्त हुनु भयो। राजाको कदमलाई स्वीकार गरे मात्रै देशभित्र बस्न पाइने स्थितिमा वीपीले अत्म निर्वासन रोज्नु अस्वभाविक भएन। त्यसैले वहाँ भारतमा निर्वासनमा रहेका प्रजातन्त्रवादी नेता/कार्यकर्ताहरूलाई एकत्रित र संगठित गरी नेपालको प्रजातन्त्रको पुनर्स्थापना संघर्षलाई अघि बढाउन भारतमा निर्वासित हुनु भयो। ०२९ सालको नेपाली कांग्रेसको सशस्त्र संघर्ष पनि वीपीले भारतमै बसेर संगठित र परिचालित गर्नु भएको थियो। नेपाली जनताका सामिप्यमा रहन नपाउँदा पञ्चायती शासकहरूले नेपाली कांग्रेस र त्यसका नेता/कार्यकर्ता उपर विभिन्न लाञ्छना र भ्रम फिजाउने मौका पाए - त्यसको खण्डन देश भित्रैबाट हुन सकेन। विदेशबाट सशस्त्र आन्दोलन संचालन गर्नु नै पनि त्यति उचित र व्यावहारिक ठहरिएन। नेपाली जनताको ठूलो हिस्सालाई यसतर्फ प्रवाहित गर्न नसक्दा संघर्ष र आन्दोलनका सम्वन्धमा विविध भ्रामक जाल फिजाउँदै पञ्चायती सत्ता निरन्तर लागिरह्यो। जनता पनि एक प्रकारले तटस्थ नै बसे।

पञ्चायती संविधानको दोस्रो संशोधनपछि सुधारको बदला पंचायती व्यवस्था अझै दमनकारी र निरकुंश बन्दै गयो। ०३२ सालतिर देश आँधी आउनु अघिको आकाश जस्तै शान्त देखियो। तर विभिन्न राजनैतिक शक्तिहरू पञ्चायतले अख्तियार गरेको दमनकारी

नीतिको वावजुद भूमिगत र खुला क्रियाकलाप अघि बढाउँदै थिए। तथापि ०३२ सालको विद्यार्थी आन्दोलनलाई दवाइएपछि मुलुकमा एक प्रकारले राजनीतिक शून्यता देखा पऱ्यो।

राष्ट्रिय राजनीतिको यस्तो अन्योलको स्थिति र उत्तरको सानो छिमेकी मुलुक सिक्किममाथि भारतले आफ्नो हैकम कायम गरेपछि नेपाली कांग्रेसका नेताहरू राष्ट्रिय मेलमिलापको सिद्धान्त प्रतिपादित गरी स्वदेश फर्किए। राष्ट्रियता खतरामा परेको तर्क राख्दै राजतन्त्र र प्रजातन्त्रको सामन्जस्यतामा नै राष्ट्रिय अस्तित्व जोगाउन सकिने मूल नारा सहित ०३३ साल पुस १६ गते गणेशमानसित अन्य सहयोगी सहित नेपाल फर्कनु भएका वीपी कोइरालालाई विमानस्थलबाटै हिरासतमा लिई पुनः सुन्दरीजल वन्दीगृह पुऱ्याइयो। वहाँमाथि राजद्रोह एवं देशद्रोहका विभिन्न अभियोग लगाइए। सोलु, ओखलढुङ्गाको घटनादेखि विभिन्न समयमा भएका वम विस्फोटन, मुठभेड र हत्याका ७ अभियोग लगाइएका वीपीका मुद्दाहरूको तहकिकात गर्न छुट्टै विशेष अदालत गठन गरियो। राष्ट्र विप्लवका अपराधमा वहाँमाथि फाँसीको सजाय पनि हुन सक्थ्यो।

मुद्दाहरू पुर्पक्षका क्रममा रहेकै वखत ०३४ साल जेठमा स्वास्थ्योपचारका लागि वहाँलाई रिहाई गरियो र स्वास्थ्य परीक्षणका लागि वीपी कोइराला अमेरिका जानु भयो। उपचारका लागि हिरासत मुक्त गरिएपछि नेपालको राजनीतिक अवस्था वारे अमेरिकामा रहँदा वीपीले पटक पटक व्याख्या विश्लेषण गरी अमेरिकी प्रेस मार्फत विश्वको ध्यान नेपालप्रति तान्ने प्रयास गर्नु भयो। प्रजातन्त्र र मानवअधिकारको पुनर्वहाली बारे वीपीको अडानमा परिवर्तन भएन। ०३४ कार्तिकमा वहाँ स्वदेश फर्कनु भयो। तर प्रायोजित रूपमा सरकारबाट पञ्च र वर्गीय संगठनका सदस्यहरूको नाममा मण्डलेहरूको भीड जम्मा गराई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वहाँको ठूलो विरोध गरियो। विमानस्थलबाटै वहाँलाई गिरफ्तार गरियो।

वन्दी प्रत्यक्षीकरणको रिट निवेदन सर्वोच्च अदालतमा परेपछि वहाँमाथि लगाइएका अभियोग बारे तहकिकात गर्न कडा प्रहरी सुरक्षाकासाथ विशेष अदालत हाजिर गराइयो। ०३४ साल फागुनमा वीपीलाई ४ वटा मुद्दाहरूबाट सफाई दिइयो। ओखलढुङ्गा-सोलुको घटनामा वहाँको संलग्नता अदालतले प्रमाणित गर्न सकेन। ४ वटा मुद्दाबाट सफाई पाएर दोस्रो पटक उपचारका निम्ति पुनः अमेरिका गएर फर्केपछि विमानस्थलमा वहाँको भव्य स्वागत गरियो। ७ वटा मुद्दामा ५ वटाको सफाई पाइसकेको र २ वटा मुद्दामा पनि साधारण तारिखमा मात्र रहनु भएका वीपीका लागि ०३३ सालमा स्वदेश फर्कदा वखतको जस्तो सङ्गीन स्थिति थिएन। त्यसैले वहाँ मुलुकको विभिन्न भागमा घुमी राजनीतिक जागरण ल्याउने र प्रजातन्त्र पुनस्थापनाको आन्दोलन अघि बढाउने काममा लाग्नु भयो।

देशको एक भागबाट अर्को भागमा आवत जावत गर्ने अधिकार समेत पंचायती कालमा नेपाली जनताले निर्वाध रूपमा उपभोग गर्न पाएनन्। त्यस प्रकारको हक अधिकारबाट वीपीले पनि पटक पटक वञ्चित हुनु पऱ्यो। ०३५ साल मंसीर १३ गते पश्चिमाञ्चल भ्रमणको

सिलसिलामा पोखरा जाँदा त्यहाँ वीपीलाई उत्रनै दिइएन। त्यसैगरी ०३५ साल चैत्र १८ गते पनि वहाँ चढ्नु भएको विमान उत्रने क्रममा रहेको बेला कालो झण्डा बोकेर विमानस्थलमा पञ्चहरूले धावनमार्ग ढाकेर बसेका कारण हवाई जहाज काठमाण्डौ नै फर्कियो। यस पछि शान्ति सुरक्षा खलल पर्ने बहाना बनाई वागमती अञ्चल प्रशासनले वीपी कोइरालालाई काठमाण्डौ उपत्यकामा मात्रै बस्ने स्थानहरूको आदेश जारी गऱ्यो।

क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड

ओखलढुङ्गा सशस्त्र संघर्षको नेतृत्व गर्नु हुने क्याप्टेन यज्ञबहादुर थापा ०३१ पुसमा पक्राउ पर्नु भएपछि वहाँलाई गोलघरको शासनाकासाथ केन्द्रीय कारागार काठमाण्डौमा थुनियो। विराटनगरमा ०३१ सालमा राजा वीरेन्द्रको सवारीमा भएको बम काण्डका अभियुक्त भीमनारायण श्रेष्ठ पनि गोलघरको यातनाबाट बच्नु भएन। उहाँहरू दुवैजना आफूमाथि फाँसीको सजाय कार्यान्वयन गर्ने दिनको प्रतीक्षामा हुनुहुन्थ्यो। वीपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्कनु भएपछि वहाँहरू माथिको संगीन अभियोगको सजायमा परिवर्तनको अपेक्षा गरिएको थियो। तर स्थिति उल्टो भइदियो - नेताहरूलाई सफाई दिइयो, कार्यकर्ताहरू फाँसीमा चढाइयो।

२०३५ साल माघ २४ गते विहान यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई कारागारबाट निकालेर बाहिर लगियो। सैनिक पहराकासाथ राखिएका दुवै जनालाई राजासंग भेट गर्न लान लागेको बहानामा उपत्याकाबाट निकालियो। यसै बीच गल्ती स्वीकार गर्न र माफी माग्न लगाउने जस्तो किसिमबाट सैनिक अधिकारीहरूले वहाँहरूसंग कुराकानी गरे। राजाको मुकाम पोखरा रहेकोले कडा पहराकासाथ मोटरमा राखेर वहाँहरूलाई उपत्यका बाहिर लागियो। मुग्लिङ्ग पुगुन्जेलसम्म त राजासंग भेट गराउनै लगेको हो कि भन्न सकिन्थ्यो। तर जब त्यहाँबाट दक्षिणतर्फ गाडी हानियो, त्यसपछि भने अनिष्ट शंका यथार्थमा परिवर्तन हुने स्पष्ट भयो।

यज्ञबहादुर थापालाई चुरेको जङ्गल भित्राइएपछि फाँसीदिने स्थान कमला नदीको किनार तर्फ लगियो। उता भीमनारायण श्रेष्ठ चढ्नु भएको गाडी दक्षिण पूर्व हानिदै कोशी नदीको वगरमा गएर मात्र रोकियो। प्रजातन्त्रका लागि शाहादत प्राप्त गर्ने यी दुई व्यक्तित्वहरू निरंकुश शासन समक्ष झुक्नु भएन - माफी माग्नु भएन। आखिर ०३५ साल माघमा वहाँहरूलाई मध्यरातमा जङ्गल भित्र लुकेर गोली प्रहार गरी मृत्युदण्डको सजाय कार्यान्वयन गरियो।

जनमत संग्रहको घोषणा र त्यसको परिणाम

०३६ साल जेठ १० गते विहान जनमत संग्रहको घोषणा भएपछि राजनीतिक क्षेत्रमा विभिन्न प्रतिक्रियाहरू जन्मिए। सुधारवादी राजनीतिक बाटो समात्ने मध्यमार्गी पार्टीहरूका लागि यो चिताउँदै नचिताएको कुरा भयो। आमूल परिवर्तनकारी शक्तिहरूले यसलाई धोका

भने। केही वामपन्थी पार्टीहरू सशर्त यसका पक्षमा उभिए। नेपाली कांग्रेसका नेताहरूले यस घोषणालाई हार्दिकतापूर्वक स्वागत गरे। पञ्चहरूका लागि यो निगाहपूर्वक प्राप्त अवसर भयो। आ-आफ्नै राजनीतिक आदर्श निष्ठा, बाटो र गन्तव्य अनुसार जनमत संग्रहको घोषणाको स्वागत र आलोचना भयो। झट्ट हेर्दा जनताको स्वविवेक र मतले राजनीतिक व्यवस्था छान्ने कुरो - यो ज्यादै उत्कृष्ट र प्रजातान्त्रिक अभ्यास हो। तर यो कसका मातहत कसरी संचालन गरिन्छ भन्ने कुराबाटै यसको परिणाम पनि निर्भर गर्ने हुनाले विश्वसनीय आधारविना चुनाव वा मत संग्रहको औचित्य पुष्टी गर्न गाह्रो पर्न जान्छ। त्यसबेला नेपालमा पञ्चहरूको शासन थियो। पञ्चायतका गाउँदेखि राष्ट्रिय तहसम्मका संगठित निकाय, पञ्चायतको प्रशासनिक संयन्त्र र राष्ट्रिय स्रोतको दुरूपयोग हुँदैन भन्ने कुराको कुनै आधार थिएन। स्वतन्त्र र निष्पक्ष हुनसके मात्रै जनमत संग्रह उत्कृष्ट प्रजातान्त्रिक अभ्यास ठहरिने भएकाले धाँधलीरहित होला भन्ने आशा गरे पनि आधार भने थिएन। यसको घोषणापछि मुलुकमा नयाँ वातावरणको सिर्जना भयो।

जेठ १० गतेपछि परिणामको पक्ष विपक्षमा स्वागत आलोचना गरी जनमत सिर्जना गर्न राजनीतिक पार्टीहरू, पञ्चहरू र पत्रपत्रिकाहरू पनि कटिवद्ध भएर लागे। १६ गते १५ सदस्यीय राष्ट्रिय चुनाव आयोगको गठनबाट भने यसको संचालन कसरी होला भन्ने पूर्वाभ्यास गर्न गाह्रो नपर्ने भयो। खेल दुईपक्षका वीच भइरहेको थियो - निर्णायक मण्डल (एम्पायर) भने निष्पक्ष होइन एक पक्षीय भयो।

अञ्चलाधीशहरूको नियुक्ति र अदलवदल गर्ने काम गरियो। नयाँ प्रधानमन्त्री नियुक्त भए जो आफूलाई उदारवादी हुँ भन्थे। नयाँ मन्त्रिमण्डल बन्यो। ०३९ जेठ १६ गते विचार अभिव्यक्तिको व्यवस्था केही खुकुलो गरिएको विज्ञप्ति प्रकाशित भए पनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघसंस्था खोल्न नपाउने वन्देज कायमै रहेकोले राजनीतिक पार्टीहरू प्रतिवन्धित नै रहे। शिक्षकहरू र विभिन्न वैंक तथा संस्थानका कर्मचारीहरूले पेशागत हकहितको लागि उठाएका आन्दोलनहरू विना उपलब्धि दवाइए।

राष्ट्रिय पञ्चायतको अधिवेशन चल्दै थियो - त्यसले वहस गर्ने र पारित गर्ने नीतिहरूमा केही फरक आएन। पञ्चभेला गरेर दरवारबाट संरक्षित पञ्चहरू जनमत संग्रहको मुकाविला गर्न तयार थिए। निर्दलवादीहरूको सरकार भएकोले राष्ट्रिय प्रचार संयन्त्र उनीहरूकै हातमा थियो। त्यस्तो एक पक्षीय स्थितिमा वहुदलवादीहरू जनमत सिर्जना गर्न देशव्यापी दौडमा लागे। ०३६ साउन २८ गते बहुदलीय राजनैतिक सम्मेलन गर्ने भनेर इन्द्रचौकमा वृहत बैठक आयोजना गरियो। तर नेपाली कांग्रेसका नेताहरू विशेष कारणवस मनेर उपस्थित भएनन्। केही वामपन्थी राजनीतिक पार्टीहरूले ०३६ भाद्र ६ गते वक्तव्यमा वस्तुस्थितिको विश्लेषण गर्दै जनमत संग्रह निष्पक्ष गर्न ५ वटा पूर्वाधारको माग गरे। माग पूरा गराउन भाद्र २४ गते देशव्यापी आन्दोलनको आव्हान पनि गरियो। बहुदलको पक्षमा आयोजना गरिएका प्रचार सभाहरूमा भाषण गर्न वरिष्ठ नेताहरू वीपी कोइराला, गणेशमान

सिंह, मनमोहन अधिकारी, टंकप्रसाद आचार्य, डिल्लीरमण रेग्मी आदि सक्रिय भए। यसै क्रममा स्याङ्जामा वीपी कोइराला प्रचार सभामा भाग लिन जानु हुँदा घातक हमला गरियो। गोरखाको वाह्रपिर्केमा केशरजङ्ग रायमाझी, कृष्णप्रसाद भण्डारीहरू ज्यान जोगाएर भाग्नु पर्‍यो। भैरहवामा रविन्द्रनाथ शर्मालाई मोसो दली जुत्ताको माला लगाएर घुमाइयो। हेटौडामा गणेशमान सिंहमाथि त्यस्तै घातक हमला भयो।

जनमत संग्रहको घोषणा भएपछि देशमा सिर्जना भएको लुट खसोट, वनजङ्गल विनास, आयात निर्यातका लाइसेन्समा घोटाला जस्ता कुराबाट निर्दलीय पक्षले मुलुकको अर्थतन्त्रको सर्वनास गरी जनमतका लागि अपार धनराशी संग्रह गर्‍यो। देशमा विद्यमान स्थितिलाई हेर्दा जनमत संग्रह गरिन्छ भन्ने कुरा नै पनि निश्चित थिएन। यस्तै अन्योलको परिस्थितिमा ०३७ वैशाख २० गते जनमत संग्रह गरिने भनेर ०३६ चैत २० गते राष्ट्रिय चुनाव आयोगले घोषणा गर्‍यो। यसैबीच फौजदारी मुद्दा लागेका बाहेकलाई आममाफी दिएको घोषणा गरियो। अधिकांश राजनैतिक नेता कार्यकर्ताहरूलाई विभिन्न फौज्दारी अभियोगमा फसाइएको स्थितिमा छुट्नु पर्ने कयौ आस्थाका वन्दीहरू जेलमै रहेका भए पनि निर्वासित नेताहरूको प्रत्यागमन र स्वदेशकै कारागारबाट निकै वन्दीहरू मुक्त भए।

वैशाख २० गते जनमत संग्रहका लागि पञ्चायत व्यवस्था कायम राखी सामयिक सुधार गर्दै जाने अथवा त्यसको वदला बहुदलीय शासन व्यवस्था स्थापना गर्ने भन्ने प्राप्त विकल्प मध्ये वहुदलीय पक्षमा मतदान जुन उत्साहकासाथ भयो ०३७ जेठ १ गते प्रकाशित नतिजा सुन्दा प्रजातन्त्रप्रेमी जनता चकित भए। निर्दलको पक्षमा ५४.७९ प्रतिशत र वहुदलीय शासन व्यवस्थाको पक्षमा ४५.२१ प्रतिशत मतदान भएको नतिजा घोषणा गरियो। बहुदलवादी सवै राजनीतिक शक्तिहरू एकतावद्ध भई जनमतमा जान सकेको भए निर्दलवादीहरूद्वारा एकपक्षीय सत्ताको दुरूपयोग गरी जुन धाँधली गरे त्यसको प्रतिकार गर्न सजिलो हुन्थ्यो। तर त्यो भन्दा पनि निरंकुश तानाशाही शासन व्यवस्था अन्तर्गत जनमत संग्रह जस्तो प्रजातान्त्रिक अभ्यास निष्पक्ष रूपमा सम्पन्न होला भन्ने आशा गर्नु नै गलत थियो। तर पनि जनमत संग्रहको दौरानमा तानाशाही निरंकुश व्यवस्थाका विरूद्ध व्यापक प्रचार आन्दालेन संचालन गरी गाउँ गाउँसम्म यसका प्रतिगामी चरित्र र काम कारवाहीलाई उदाङ्गो पार्ने जुन काम भयो, त्यसबाट प्रजातान्त्रिक आन्दोलन अघि बढाउन निकै ठूलो मद्दत पुर्‍यायो। निर्दल र बहुदल वीच ध्रुवीकरण भएको जनमत र विभाजित जनताको मनस्थिति जतिसुकै सुकिला कुरा गरे पनि, जतिसुकै दमन गरे पनि पञ्चायत उन्मुख गराउन नसक्नु र निर्णायक आन्दोलन उठाउन जनतालाई एकतावद्ध गर्ने काममा राजनैतिक शक्तिहरू सफल हुनु जनमत संग्रहको सकारात्मक पक्ष हो।

ऋषि देवकोटा आजादको हत्या

०२८ मंसीरमा वामपन्थी एकताको दिशामा पहल गर्दै गठन भएको केन्द्रीय न्यूक्लसबाट सकारात्मक प्रभाव पार्न नसकेपछि मोहन विक्रम सिंह पक्षले ०३१ भदौंमा चौथो महाधिवेशन गरे। चौथो महाधिवेशन भनेर त्यतिस्वेर निकै चर्चित यो समूह त्यत्तिकै शक्तिशाली पनि ठानिन्थ्यो। तर यसले आफ्नो प्रभावलाई विस्तार र सुदृढ गर्दै एकतावद्धरूपमा अघि बढ्नुको सट्टा चरम गुटवन्दी र मतभेदबाट गुज्रनु पर्‍यो। भनिन्छ यही गुटवन्दी र मतभेदकै कारण केन्द्रीय सदस्य ऋषि देवकोटा "आजाद" ०३७ फागुन १० गते परिचित व्यक्तिकै घरबाट रहस्यमय रूपमा गिरफ्तारीमा पर्नु भयो। प्रशासनले वहाँलाई वर्वर यातनाकासाथ सिन्धुली चलान गर्‍यो। सिन्धुलीको सदरमुकाम पुर्‍याउनु अघि नै ०३७ फागुन १२ का दिन भीमानमा गोली ठोकी वहाँको हत्या गरियो। हत्या गरेपछि निरंकुश शासनले शहीदको लाश सित पनि वदला नलिई छाडेन - वहाँको मृत शरीर टुक्राटुक्रा पारेर काटियो र मट्टितेल स्वन्याएर आगो लगाइयो। वर्वरताको त्यो दृश्य हेरेर जनता आतंकित बनून् भन्ने उद्देश्यले पूरा जलाउँदै नजलाई लाशलाई त्यसै छोडियो।

वहाँको हत्या गरिएको निश्चित भएपछि वहाँकी श्रीमती गोमा देवकोटाले वन्दी प्रत्यक्षीकरणको रिट निवेदन सर्वोच्च अदालतमा दर्ता गराउनु भयो। नयाँ नेपाल निर्माण गर्ने सपना बोकेर समर्पित ऋषि देवकोटा जस्ता राजनीतिक नेताको हत्या गरेको स्वीकार गर्ने कुरा परै जाओस् वन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतबाट भएको आदेशमा वहाँलाई गिरफ्तार नै गरिएको हैन भनेर प्रशासनले जवाफ दियो।

राजनैतिक हत्याका यी केही घटनाहरू

१. ०३० साल साउन २० गते झापाको गरामुनि, नडियावाडी गाउँमा राजनैतिक संगठन कै सिसिलामा भेला भएका कोअर्डिनेशन केन्द्रसंग सम्वन्धित वामपन्थी नेताहरूलाई पक्राउ गरियो र आँगनमै गोली हानेर मारियो। यसै दिन राधाकृष्ण मैनाली, नारद वाग्ले र नरेश स्वरेल पक्राउ पर्नु भयो। नस्वू जेल तोडेर फरार भएपछि पुन समातिदा पथलैयाको जंगलमा नरेश स्वरेल झण्डै प्रहरीबाट मारिनु भएको थियो।

२. ०३० साल कार्तिक ४ गते विहान झापाको वुधवारेमा रामप्रसाद प्रधान र दुर्गाप्रसाद अधिकारीलाई एउटै ओछ्यानमा सुतिरहेका बस्वत पक्राउ गरी अधिकारीकै अगाडि काँचो बासको सुइराले रोपेर वर्वरतापूर्वक रामप्रसाद प्रधानको हत्या गरियो। वहाँहरू झापा आन्दोलनसंग सम्बद्ध हुनुहुन्थ्यो।

३. वामपन्थी आन्दोलन दमन गर्न झापा संघर्षपछि धनकुटाको छिन्ताङमा व्यापक रूपमा सैनिक अप्रेसन गरियो। ०३६ साल कार्तिकमा छिन्ताङ हत्याकाण्ड भनेर चिनिने यो घटनामा स्वास गरी तत्कालीन नेकपा मालेसंग सम्वद्ध थुप्रै कार्यकर्ताहरूले शाहादत प्राप्त गरे। जनमत संग्रहको घोषणा गरिएपछि देशभरि पञ्चायती शासकहरूले ठाउँठाउँमा वामपन्थी

आन्दोलनप्रति प्रतिवद्ध कयौं कार्यकर्ताहरूको हत्या गरे। धनकुटाको छिन्ताङ, आँखिसल्ला, खोकु, वेलारा गाउँहरूमा शोषक सामन्तहरूसंग मुठभेड गर्न तत्कालीन नेकपा मालेको नेतृत्वमा पहल र अगुवाई गरिएको कारण त्यहाँ पार्टी एक्सनका काम पनि भए। छिन्ताङ र खोकुमा लुटपाट मच्चाउने काम समेत प्रहरी प्रशासनबाट भयो। यस घटनामा एउटा गर्भे बालक सहित १७ जनाको पञ्चायती शासकले पाशविक वर्वर दमनकासाथ हत्या गरे।

४. ०३६ साल कार्तिकमा जनकपुर अञ्चलमा प्रशासनले संचालन गरेको अप्रेशन अन्तर्गत वामपन्थी विचार बोकेर अघि बढ्नु भएका दुर्गा सुवेदीलाई गिरफ्तार गरियो। वहाँलाई चारै हात खुट्टा काटी दाउराको खलियोमा सुताई मट्टितेल खन्याएर आगो लगाइयो। सेनाका जवानहरू वहाँको शरीर खरानी नहुन्जेल बसिरहे।

५. ०३४ सालदेखि वारेन्ट गरी भूमिगत हुन वाध्य हुनु भएका दलबहादुर रञ्जन सिन्धुलीको कमला खोंच गाउँको मडाहा जङ्गलमा बसिरहेको सुराक १५ हजारको लोभमा आफ्नै साइनो पर्ने व्यक्तिबाट प्रहरीलाई दिएपछि राती वहाँ सुतिरहेको बेला सो ठाउँमा घेरा हालियो। वहाँ घेरा तोडेर उम्कन सफल भए पनि गोली लाग्नबाट भने बच्न सक्नु भएन। पाँच राउण्डसम्म गोली चल्दा बचे पनि छैठौ राउण्ड गोली हातमा लागेपछि भूइँमा ढल्नु भयो। अरू थप २ राउण्ड गोली छातीमा हानेर वहाँको हत्या गरियो।

६. ०३६ साल कार्तिक ११ गते पूर्वाञ्चल सैनिक अप्रेसन अन्तर्गत ऐलुन पक्राउ पर्नु भयो र गोली ठोकी वहाँको हत्या गरियो। हत्यापछि वहाँको शरीर टुक्रा टुक्रा पारेर कमला नदीको वगरमा फालियो।

७. ०३६ साल कार्तिक १४ गते साँझ अपहरणबाट प्रहरीको पञ्जामा पर्नु भएका रामलखन यादवलाई फर्सा र भाला प्रहार गरी हत्या गरियो।

८. कृष्णबहादुर रानालाई ०३६ साल असोज ६ गते विहान गोली हानेर हत्या गरियो। ३ हजार भन्दा बढी जनता एकत्रित भएर वहाँको लाश खोसेर लिई कम्युनिष्ट पार्टीको रातो झण्डा ओढाएर दाहसंस्कार गरिएको थियो।

९. ०३५ साल पुस १४ गते संखुवासभामा हरि नेपाल र चन्द्रबहादुर पुरीको हत्या गरियो। वहाँहरू दुवै कोअर्डिनेशन केन्द्रको राजनीतिक संगठन निर्माण र विस्तार गर्ने कार्यमा सक्रिय हुनुहुन्थ्यो।

१०. पार्टीको कामको सिलसिलामा इलामको इभाङ गाउँको सेल्टरबाट विहान आफ्ना सहयोगी सहित रत्नकुमार वान्तवा निस्किदा प्रहरीसंग जम्काभेट भएपछि लड्दा लड्दै उहाँलाई प्रहरीले गोली प्रहार गऱ्यो। सँगै रहनु भएकी सुशीला श्रेष्ठ पक्राउ पर्नु भयो। २/३ घण्टासम्म प्राण जान नसकेर छटपटाइरहनु भएका वान्तवाको त्यो दर्दनाक दृश्य प्रहरीहरू चुपचाप हेरिरहे। देउमाई नदीको किनारमा रत्नकुमार वान्तवाले शाहादत प्राप्त गर्नु भएको यो घटनालाई वामपन्थी आन्दोलनमा संघर्ष र बलिदानको प्रतीकका रूपमा पनि लिने गरिन्छ।

११. विभिन्न समयमा संघर्षको मोर्चामा डट्दा रामप्रित यादव, बालेश्वर राय, झप्सी

मण्डल, बमप्रसाद वान्तवा, मञ्जुल अहमद, भोला साह, असर्फी साह, स्वगेन्द्र राई, अनिल राई, अमर पौडेलले शाहादत प्राप्त गर्नु भयो।

११. झापा संघर्षको दौरान पक्राउ पर्नु भएका निम्न लिखित योद्धाहरू जेलको बर्बर यातना र औषधोपचारको अभावमा जेल भित्रै शहीद हुनु भयो :

१. हरिकृष्ण चौधरी - ०३२ साल वीरगञ्ज जेल
२. विरजु चौधरी - ०३२ साल वीरगञ्ज जेल
३. हेम बहादुर स्वङ्का - ०३२ साल वीरगञ्ज जेल
४. भेटला राजवंशी - ०३५ साल केन्दीय कारागार
५. छविलाल राजवंशी - ०४६ साल भद्रगोल जेल

पिस्करको जघन्य गोली काण्ड

सोझो हिसावले आफ्नो विरोध र अभिव्यक्ति गर्ने बाटो थुनिएपछि जनता घुमाउरो तरिका पनि अगाल्न पुग्छन्। राजनीतिक, आर्थिक, सांस्कृतिक रूपले शोषित समाजलाई मुक्तिको बाटोमा अग्रसर गर्न सवै क्षेत्रमा संघर्षका आ-आफ्नै तौर तरिका अपनाउनु पर्ने हुन्छ। यस्तै राजनीतिक रूपमा सचेत गर्न र जनतालाई संगठित गर्ने अवसरलाई हरप्रयत्नले उपयोग गर्नु पनि जरूरी हुन्छ। माघे संक्रान्ति, तीज, द्यौसी जस्ता पर्वहरूमा दमन गरिएका घटना थुप्रै छन्। त्यस्तै दमनको पराकाष्ठाको एउटा उदाहरण पिस्कर हत्या काण्ड पनि एक हो।

०४० साल माघ १ गते माघे संक्रान्तिका दिन मेला भर्न सिन्धुपाल्चोकका जनता पिस्करमा मेला भए। त्यसै अवसरमा जनतालाई राजनीतिक रूपमा सचेत र जागरूक पार्ने प्रयत्न गर्नु जरूरी ठानेर नेकपा मालेसंग सम्बद्ध राजनीतिक व्यक्तिहरूको समेत संलग्नतामा जनपक्षीय सांस्कृतिक कार्यक्रमको आयोजना गरियो। यो सांस्कृतिक कार्यक्रमलाई निरंकुश सत्ताले आफ्नो गद्दी नै गुम्न जाने घटनाको रूपमा लियो। कार्यक्रम हेरिरहेका वंखत प्रहरीले चारैतिरबाट घेराउ गरी अन्धाधुन्द गोली चलायो - इले थामी र वीरबहादुर थामीको घटनास्थलमै मृत्यु भयो। यसै कार्यक्रम र घटनालाई निहुँ बनाई प्रशासनले धरपकड र दमन चलायो। सरेश नेपाल, छत्रबहादुर वोहरा, सावित्री वोहरा आदिलाई राजकाज मुद्दा लगाई जेल चलान गरियो। संघर्षको यो घटनाले स्थानीय सामन्तहरू र प्रशासन पूरै नाङ्गिए। अधिक संख्यामा थामी जनजातिको बसोवास भएको यस क्षेत्रका शोषित पीडित जनतालाई प्रजातन्त्र प्राप्तिको संघर्षमा होमिन यस घटनाले अझ सशक्त र संगठित हुने प्रेरणा प्रदान गऱ्यो।

सुरजपुराको घटना र यादवनाथ आलोकको हत्या

पञ्चायत विरोधी राजनीतिक नेता वा कार्यकर्ताको दमन र हत्याका घंटनाहरूमा सरकार आफै प्रत्यक्ष रूपमा सामेल भएको नदेख्वाई पेशेवर अपराधी, गुण्डा र सके भीडलाई

उक्साई आफ्नो मनसाय पूरा गर्ने गरेका घटनाहरू मध्येकै एक घटना सुरजपुरा घटना पनि हो। लुम्बिनी अञ्चल निरंकुश व्यवस्थाको पक्षपोषण गर्ने भनेर चिनिएका बदनाम व्यक्तिहरूको आतंकबाट भयक्रान्त थियो - त्यहाँ, हत्या लुट, डकैती जस्ता घटना सामान्य रूपमा घटिरहन्थे। जो शासनमा सामेल थिए तिनीहरू नै अपराध कर्ममा सामेल हुन्थे। यस्तै स्थितिमा नेपाली कांग्रेसको सांगठनिक कामको सिलसिलामा महामन्त्रीका रूपमा गिरिजाप्रसाद कोइराला रूपन्देहीको सुरजपुरा पुग्नु भयो। यो ०४० फागुन २० गतेको दिन थियो।

नेपाली कांग्रेस रूपन्देही जिल्लाका अध्यक्ष पुष्पानन्द गिरीका घरमा कार्यकर्ताको शान्तिपूर्ण भेलामा पार्टीको सांगठानिक र नीति कार्यक्रम बारे सामान्य छलफल चलिरहेका बस्वत एक्कासी ठूलो हिंस्रक भीडले चारैतिरबाट घेरेर आक्रमण गऱ्यो। बन्दुक, भाला, खुकुरी लिएको भीडको आक्रमणबाट नेपाली कांग्रेसका जिल्ला सदस्य यादवनाथ आलोक सख्त घाइते हुनु भयो। वुटवल अस्पतालमा उपचार गर्दा गर्दै ०४० फागुन २१ गते वहाँको निधन भयो।

वामपन्थी नेता सूर्यनाथ यादवको हिरासतमा हत्या

चौथो महाधिवेशनका नाममा एकीकृत र पुनर्गठित भएको नेपाल कम्युनिष्ट आन्दोलनको एउटा समूह गुटगत मतभेद र संकीर्णताका कारण पुनः विभाजित भएपछि ०४० सालमा सिराहाको निर्दना गाउँमा परस्पर नराम्रो झड्प भयो। यस घटनालाई लिएर वामपन्थी नेता सूर्यनाथ यादव पनि विवादमा पर्नु भयो। आपसको शत्रुवत अन्तरविरोध र झगडाबाट फाइदा उठाएर प्रशासन यादवलाई गिरफ्तार गर्न सफल भयो। प्रशासनको पञ्जामा पर्नु भएपछि सूर्यनाथ यादव उम्कन सक्नु भएन। वहाँ हिरासतबाटै वेपत्ता पारिनु भयो। त्यसको अर्थ वहाँ मारिनु भयो। प्रहरीको वन्दुक खोस्न आएकोले सुरक्षाको निम्ति गोलिचलाउनु पऱ्यो भनेर आम राजवन्दीहरू सरहको झूठो विज्ञप्ति भने त्यसपटक गृह मन्त्रालयले प्रसार गर्न सकेन।

नेपाली कांग्रेसको सत्याग्रह - ०४२

जनमत संग्रहपछि नेपालको राजनीतिमा अपेक्षा गरिएको खुकुलो वातावरणको त कुरै छोडौ जनताद्वारा अनुमोदित व्यवस्थाको रूपमा पञ्चायतले झन् बढी तानाशाही चरित्र देखाउँदै गयो। यसै क्रममा नेपाली कांग्रेसले सत्याग्रह गर्ने कार्यक्रमको घोषणा गऱ्यो। मानवअधिकार र प्रजातन्त्रको पुनर्वहालीको लागि मुलुक छटपटाइरहेको अवस्थामा नेपालमा राजनीतिक दलमाथिको प्रतिवन्ध हटाई नागरिकहरूका नैसर्गिक मानवीय मौलिक हकहरू अकुण्ठित राख्ने प्रजातन्त्रको स्थापना, प्रेस स्वतन्त्रता र राजवन्दीहरूको रिहाई जस्ता कुराहरू नेपाली कांग्रेसले प्रारम्भ गर्ने सत्याग्रहका क्रममा नेपाली प्रेस र जनस्तरमा निकै चर्चामा आए।

नेपाली कांग्रेसको ०४१ सालको अधिवेशनद्वारा स्वीकृत सत्याग्रहको कार्यक्रमलाई तुरून्त कार्यान्वयन गर्ने कुरा आधिकारिक रूपमा जनाइएपछि कार्यवाहक अध्यक्ष कृष्णप्रसाद

भट्टराईबाट राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक स्तरमा मुलुकको विग्रदो अवस्था र देशवासीले दिनप्रतिदिन भोग्नु परेका विभिन्न समस्यालाई ध्यानमा रास्वी यसको शान्तिपूर्ण समाधानका लागि ०४२ जेठ १० गतेदेखि देशव्यापी सत्याग्रह आन्दोलन प्रारम्भ गर्ने निश्चित गरिएको अपिल प्रकाशित गरियो। सत्याग्रहलाई सघाउन नेपाल विद्यार्थी संघका अध्यक्ष वलबहादुर के.सी. को संयोजकत्वमा १३ सदस्यीय "एक्सन कमिटी" गठन भयो।

सत्याग्रहको कार्यक्रम घोषित गरिए अनुसार जेठ १० गते ९ बजे विहान, सिंहदरवार मूल ढोका, सर्वोच्च अदालत र डिल्ली बजार चारखालमा धर्ना दिने, जेठ १२ गते आमसभा र बेलुकी बत्ती निभाउने कार्यक्रम रह्यो। सरकारले सत्याग्रह गर्ने पक्षसित सम्वाद गर्ने सामान्य राजनीतिक शिष्टाचारसम्म नदेखाई दमनमा उत्रने नीति अख्तियार गऱ्यो - जे जस्तो स्थिति अगाडि भए पनि घोषित कार्यक्रम अनुसार सत्याग्रह शुरू भयो।

जेठ १० गते सत्याग्रह प्रारम्भ हुने दिन ८ बजे नै सम्पूर्ण कर्मचारी कार्यालय पुगिसक्नु पर्ने उर्दी सरकारले जारी गऱ्यो र कुनै विदा लिन नपाउने समेत परिपत्र गऱ्यो।

वामपन्थी समूह वीच सत्याग्रहले मिश्रित प्रतिक्रिया जन्मायो। मनमोहन अधिकारी, विष्णुबहादुर मानन्धर आदिले नेतृत्व गर्नु भएको ५ वामपन्थी समूहहरूको ०४२ वैशाख २३ गते बसेको बैठकले राजनैतिक पार्टीहरू माथिको प्रतिवन्ध फुकुवा, वहुदलीय व्यवस्थाको स्थापना, प्रेस तथा वाक स्वतन्त्रता आदि मौलिक अधिकारको स्थापना र राजनैतिक वन्दीहरूको रिहाइको माग गर्दै सत्याग्रहलाई समर्थन गरे।

९ गतेदेखि नै सत्याग्रह कार्यक्रम असफल पार्न देशव्यापी धरपकड शुरू भयो। जनकपुर, पोखरा, दमौली, वीरगञ्ज, चितवन आदि ठाउँमा सत्याग्रहमा सम्मिलित नेपाली कांग्रेसका कार्यकर्ताहरू ठूलो संख्यामा गिरफ्तार भए। धरपकड र दमनले जस्तो सुकै रूप लिए पनि आफ्नो माग पूरा नहुन्जेल लड्ने प्रतिवद्धता सत्याग्रहीहरूले पटकपटक दोहऱ्याए। काठमाण्डौ उपत्यकामा गिरफ्तार गरिएका नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई उपत्यका बाहिरका जेलमा लगियो।

वामपन्थीहरूले आफ्नै छुट्टै कार्यक्रम प्रकाशमा ल्याएर सत्याग्रहलाई सघाउने निर्णय गरे। १४ गतेको नेपाल बन्द सफल भयो। सत्याग्रहको समर्थनमा भाषण गर्ने वामपन्थी नेताहरू धमाधम गिरफ्तार भए। नेपाली कांग्रेसले नेतृत्व गरेको यस सत्याग्रहमा आफ्ना ५ हजार भन्दा बढी सत्याग्रहीहरूले गिरफ्तारी दिएको कुरा पार्टीले प्रकाशमा ल्यायो। देशका विभिन्न भागमा बम विस्फोटन भएको कारण नेपाली कांग्रेसले अषाढ ६ गते सत्याग्रह फिर्ता लियो।

बम विस्फोटन - ०४२

नेपाली कांग्रेसले प्रजातन्त्र पुनःस्थापनाको लडाईमा सत्याग्रह जस्तो नितान्त अहिंसात्मक आन्दोलन संचालन गरिरहेका वखत शुरू भएको राष्ट्रिय पञ्चायतको अधिवेशनमा सम्वोधन गर्ने क्रममा राजाले नेपाली कांग्रेसको सत्याग्रहको प्रतिकार गर्न पञ्च

कार्यकर्ताहरूलाई आव्हान गरे। व्यवस्था विरोधी भनिने राजनीतिक शाक्तिसंग सम्वाद चलाउन परिष्कृत र शिष्ट प्रजातान्त्रिक आचरण पञ्चायतका नायकहरूबाट पालना नगरिनु अनौठो होइन। सत्याग्रह आन्दोलनलाई दवाउन हरहथकण्डा प्रयोग गरिरहेको स्थितिमा ०४२ साल असार ६ गते अकस्मात बम विस्फोटनको घटनाले परिस्थितिलाई गम्भीर मोडमा उभ्याइदियो।

यसरी सत्याग्रह आन्दोलन चलिरहेका वस्वत घटेको यस अप्रत्याशित घटनालाई दृष्टिगत गरी नेपाली कांग्रेसले आन्दोलन स्थगित गऱ्यो। राष्ट्रिय पञ्चायतको विशेष वैठक असार ८ गते राती बस्यो , पञ्चहरू वक्तव्यवाजीद्वारा यस घटनाको निन्दा गर्न थाले भने धरपकड र गिरफ्तारी पनि तीव्र पारियो। यसै वीच शुरूमा संयुक्त मुक्ति वाहिनीले पर्चा प्रकाशित गरी जिम्मेवारी लिएको भएता पनि यो घोषित कुनै राजनीतिक संगठन भएको यस अघि कसैलाई थाहा थिएन। केही दिनमै जनवादी मोर्चाले बम विस्फोटन बारे आफ्नो जिम्मेवारी लिएको जानकारी दियो। सयौ व्यक्तिहरू गिरफ्तार गरिए। यस घटनामा संलग्न रहेकाहरूलाई दमन गर्न राष्ट्रिय पञ्चायतले विध्वंशात्मक अपराध, गतिविधि नियन्त्रण गर्ने ऐन बनाई जनवादी मोर्चाका अध्यक्ष रामराजाप्रसाद सिंह, उपाध्यक्ष लक्ष्मणप्रसाद सिंह र महासचिव खेमराज मायालुलाई उहाँहरूको अनुपस्थितिमै मृत्युदण्डको सजाय घोषित गरियो। यसै घटनामा पक्राउ परेका डा. लक्ष्मीनारायण झा, ईश्वर लामा, पदम लामा, महेश्वर चौलागाई र साकेत मिश्र आदिलाई हिरासतबाटै गायव पारियो। अहिलेसम्म हिरासतबाटै हराएका ती राजवन्दीहरू वारे यकिन जानकारी लिने काममा कुनै चासो सरकारले देखाएको छैन। जनवादी मोर्चाले जिम्मेवारी स्वीकार गरेको यो बम काण्डबारे विस्फोटनको स्थान र घटनालाई समेत विश्लेषण गर्दै आन्दोलन दमन गर्न सरकारबाटै गराएको हुन सक्ने भनेर पनि भनियो।

नेपालको शरणार्थी समस्या र लक्ष्मी पाण्डेको हत्या

८ जुलाई १९८७ देखि भारतको मेघालयमा भड्किएको उग्र जातिवादी दङ्गाको परिणाम त्यहाँ पुस्तौंपुस्तादेखि बसोवास गरिरहेका नेपाली मूलका भारतीयहरू आफ्नै देशबाट विस्थापित हुने दुःखद स्थिति आइपऱ्यो। खासगरी "नेपाली धपाउ" अभियान संचालन भएपछि १ लाख व्यक्ति घरवार विहीन भए। ६० जना महिलामाथि वलात्कार भएको, ८३ जना हराएको र १ सय २५ जना अमानुषिक यातनाद्वारा मारिएका विवरणहरू प्रकाशमा आए। घरघरमा आगो लगाइएको, गाईवस्तु गोठमा बाँधिएका बस्वत आगो लगाएर डढाइएको आदि कारणबाट समेत डेढ अरव भारतीय रूपियाको नोक्सानी हुन गएको आकलन चर्चामा आयो। मानवता विरोधी जातिवादी त्यस उग्र हिंसाबाट नेपालमा पनि तीव्र प्रतिक्रिया र रोष जन्मनु अस्वभाविक भएन। अन्तर्राष्ट्रिय कानून र प्रचलन अनुसार अमान्य तरिकाले नागरिकताबाट समेत वञ्चित भारतीय मूलका ती नेपालीहरू नेपालतर्फ ओइरिए। यसले गर्दा अन्तर्राष्ट्रिय

कानून अनुसार समस्या सुल्झाउन भारत सरकारलाई दबाव दिन नसकेकोमा विरोध गर्दा मानवअधिकार तथा प्रजातन्त्रवादी ४ वटा संस्था पञ्चायतको विरूद्ध ओर्लिए। यसै क्रममा प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको समेत आव्हानमा ०४४ साल मंसिर २७ गते देशव्यापी प्रदर्शनको आयोजना गरियो। नेपाली माथि गरिएको थिचिमिचो र उत्पीडनका विरूद्ध नेपाली जनता वीच एउटा लहर सिर्जना गर्न समर्थ यस प्रदर्शनको सिलसिलामा झापाको सुरूङ्गामा पनि विरोध प्रदर्शन र आमसभाको आयोजना गरियो।

सुरूङ्गाको आमसभामा भाग लिएर घर फर्किरहेका बस्वंत माइस्खोलाको बगरमा आइपुगेपछि प्रहरीले केही महिला सहभागीमाथि हातपात गऱ्यो। त्यसको प्रतिकार र विरोध गर्न लक्ष्मी पाण्डे अगाडि बढे। प्रजिअ स्वयमको आदेशमा प्रहरीले सहभागी उपर अन्धाधुन्ध गोली वर्षाउन थाल्यो। गोलीको प्रहारबाट २२ वर्षीय विद्यार्थी लक्ष्मी पाण्डेको मृत्यु भयो।

प्रशासनको यो दमन र हत्याका विरूद्ध देशभरी तीव्र विरोध भयो। यसलाई लिएर वरिष्ठ अधिवक्ता रमानन्दप्रसाद सिंहको अध्यक्षतामा गठित जनस्तरीय आयोगले घटनास्थलमा पुगी वास्तविक तथ्य संकलन गऱ्यो र लक्ष्मी पाण्डेको गैह्र कानूनी तवरले भएको हत्याको रिपोर्ट जनस्तरमा प्रकाशित गऱ्यो। तर सरकारले देशभक्त निर्दोष नागरिकको हत्या गर्ने दोषी माथि कुनै कारवाही गरेन।

मानवअधिकार आन्दोलनमा वुद्धिजिवीहरूको भूमिका

१. शिक्षकहरू

नेपालमा शिक्षकहरूले पहिले देखि नै पेशागत हकहितका लागि संगठित हुने प्रयास नगरेका होइनन। तर ०३६ सालको राष्ट्रव्यापी जनउभार अघि त्यस्तो प्रयास सफल हुन सकेन। ००७ चैतमा जुद्धोदय पव्लिक विद्यालयका तत्कालीन शिक्षक रामजी प्रसाद शर्माको संयोजकत्वमा नेपाल माध्यमिक शिक्षक संगठनको निर्माण भएको थियो। उक्त संगठनको निर्माणका निम्ति जुद्धोदय मा.वि. मै शिक्षकहरूको एक भेला सम्पन्न भएको थियो। उक्त संगठनमा खासगरी उपत्यकाका मा.बि. शिक्षकहरू अटाएका थिए। त्यस संगठनको सदस्यहरूमा हरिहर रिसाल, आनन्दप्रसाद ढुंगाना, विजयानन्द जोशी, श्यामकृष्ण गौतम आदि हुनुहुन्थ्यो। उक्त संगठनको दोस्रो र तेस्रो अध्यक्ष क्रमशः श्यामकृष्ण गौतम र आनन्दप्रसाद ढुंगाना हुनु भएको थियो। त्यही संगठनको छातामुनि ०१३ र ०१५ मा नेपाली शिक्षकहरूले संघर्ष पनि गरेका थिए। अनि सरकारसंग वार्ता र संझौता पनि गरेका थिए। ०१७ मा प्रजातन्त्रको हत्या गरिए पश्चात शिक्षकहरूको संगठन पनि छिन्नभिन्न हुन पुग्यो। तर ०१९ को संविधान अन्तरगत शिक्षकहरूलाई संगठित गर्ने प्रयास पनि भयो। त्यसै सेरोफेरोमा काठमाडौं चेतभवनमा शिक्षकहरूको अर्कै राष्ट्रिय सम्मेलन पनि भयो। उक्त संगठनमा पद्मोदय विद्यालयका तत्कालीन प्रधानाध्यापक कृष्ण बहादुर मानन्धर, ईश्वरराज अर्याल, केदारनाथ न्यौपाने आदि हुनुहुन्थ्यो। ०२० को सम्मेलनमा उपत्यका बाहिरका केही प्रमुख

ठाउँका शिक्षकहरूको पनि प्रतिनिधित्व रहेको थियो। उक्त सम्मेलनले रामजीको अध्यक्षतामा कृष्ण बहादुर उपाध्यक्ष रहनु भएको समिति निर्माण गरेको थियो। त्यस समितिको सचिवमा लक्ष्मण राजवंशी हुनु हुन्थ्यो। उक्त सम्मेलनपछि त्यो संगठन विस्तारै मृत अवस्थामा पुग्यो। संगठनले आफ्नो जीवनभर कुनै संघर्ष गरेन। पंचायती सरकारको अंकूशका कारण शिक्षक संघर्षको दिशावोध हुन नसकेकोले ०२० को प्रारम्भतिर नै कृष्णबहादुर मानन्धरको नेतृत्वमा नेपाल मा.वि. शिक्षक संघको निर्माण भएको थियो। भनिन्छ सोही समयको सेरोफेरोमा काठमाण्डौमा प्राथमिक शिक्षकहरूले पनि संगठित हुने प्रयाससम्म गरेका थिए। ०३० मा तत्कालीन सरकारले उक्त संगठनको केन्द्रीय कार्यालय तथा काठमाडौं जिल्ला कार्यालयमा रहेका कागजातहरू जफत गरेको थियो। सरकारले उक्त कार्यालय बन्द पनि गराएको थियो।

शिक्षक संगठनको स्थापना अघि ०३५ कै उत्तरार्धतिर हेटौडामै बद्री प्रसाद खतिवडा, सुशील प्याकुरेल, डेन्टी जंग शाह आदिको सकृयतामा शिक्षक हित क्लव नामक संस्थाको स्थापना गर्न विधान मस्यौदा गर्ने तयारी भएको थियो। ०३५-३६ को जनआन्दोलनको सूत्रपात नभएको भए त्यहाँका शिक्षकहरूले सोही क्लवमा चित्त बुझाउँथे होलान्। तर आन्दोलन सुरू भएपछि त्यसका संघर्षशील शिक्षकहरू पनि अघि बढ्नु पर्ने ठहर गर्न थाले। उक्त क्लवमा हेटौडाका अधिकांश शिक्षकहरू संलग्न भएका थिए। तर कालान्तरमा त्यस क्लवका थोरै सदस्यहरू मात्र शिक्षक हक हितका निम्ति संघर्षमा टिकी रहन सके। क्लबको आयु ३-४ महिनाको रह्यो।

०३६ साल जेठ २ गते हेटौडामा ९९ जना शिक्षकहरूको भेला सम्पन्न भयो। उक्त भेला वद्री प्र. खतिवडाको अगुवाईमा भएको थियो। उक्त भेलाले सञ्चयकोष, पेन्सन, उपदान, शिक्षकहरूले राष्ट्रिय स्तरको संगठन गर्न पाउनु पर्ने माग सहितको दश सूत्रीय माग अघि साऱ्यो। मागका निम्ति सरकारलाई जेठ १८ गतेसम्मको अल्टिमेटम दिइयो। उक्त भेला पश्चात जेठ ४ गते भेलाले निर्धारण गरे वमोजिमको मागलाई हुलाक मार्फत सम्बन्धित निकायहरूमा पुऱ्याउन हेटौंडा नगरमा एक मौन जुलुसको आयोजना भएको थियो।

सरकारबाट वेवास्ता गरिएकोले जेठ १९ गते देखि मकवानपुरमा शिक्षक संघर्ष सुरू भयो। मकवानपुरको चौघडा स्थित वंशगोपाल नि.मा.वि.मा संघर्षको सूत्रपात भएको थियो। त्यस संघर्षको प्रभाव चितवन, काठमाण्डौं आदि ९ जिल्लामा पऱ्यो। त्यही क्रममा २०३६ जेठ २१ गते काठमाण्डौको शान्ति निकुन्ज विद्यालयमा उपत्यकाका प्राथमिक र निम्न माधमिक विद्यालयका शिक्षकहरूको भेला भएको थियो। उक्त भेला पश्चात शिक्षकहरूले शिक्षा राज्यमन्त्री समक्ष निम्न मागहरू प्रस्तुत गरेका थिए।-

१. सञ्चय कोषको व्यवस्था गरियोस्।
२. राष्ट्रिय शिक्षक संगठन खोल्न (राष्ट्रव्यापी रूपमा) अधिकार दिइयोस्।
३. नीति निर्माण गर्ने सम्पूर्ण शिक्षा सम्बन्धी समितिहरूमा शिक्षकहरूको प्रतिनिधित्व होस्।

४. हाल विद्यालयमा काम गरिरहेका सम्पूर्ण शिक्षकहरूलाई आवलम्ब स्थायी धाप्त गरियोस्।
५. हालसम्म का.मु. भई काम गरिरहेका सबै प्र.अ.हरूलाई स्वतः स्थायी गरियोस्।
६. पहिले शिक्षक भई काम गरिरहेका तर बीचमा कारणवश सेवा छाडी हाल पुनः शिक्षण पेशामा लागिरहेका सम्पूर्ण शिक्षकहरूको बीचको अवधी कटाई बाँकी नोकरी जोडियोस्।
७. बहालवाला शिक्षकहरूलाई पहिलो नियुक्ति मितिदेखि निवृत्तिभरण दिइयोस् र उपदानको व्यवस्था होस्।
८. औषधि उपचार, जीवन वीमा र सेवाकालिन दुर्घटनाको क्षतिपूर्ति आदिको व्यवस्था होस्।
९. १५ वर्ष अटूट शिक्षण पेशामा बसी हालसम्म काम गरिरहेका शिक्षकहरूलाई तालीम प्राप्त सरह मान्यता प्रदान गरियोस्।
१०. विद्यालय भित्रै शिक्षकहरूको लागि विशिष्ट श्रेणी सम्मको पदको व्यवस्था गरियोस्।
११. विदेशबाट प्राप्त विद्धत् छात्रवृत्तिमा शिक्षकहरूलाई निश्चित कोटा निर्धारित गरियोस्।
१२. प्राथमिक, निम्न माद्यमिक तथा माद्यमिक विद्यालयको विद्यार्थी संख्यालाई आधार मानी चाहिने शिक्षक, कर्मचारी (पाले सहित) भौतिक सुविधा र अन्य आर्थिक आवश्यकता परिपूर्ति गरियोस्।
१३. विद्यालयको आवश्यकता बमोजिम यसको लागि भन्सार कर आदिको छूट दिने व्यवस्था गरियोस्।
१४. शिक्षक मर्यादाक्रम निर्धारित गरियोस्।

सोही महिनाको अन्त्यमा मकवानपुर, चितवन, नवलपरासी, कास्की, तनहुँ, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेका शिक्षकहरूको काठमाण्डौमा एक भेला सम्पन्न भयो। उक्त भेलाद्वारा अन्तर जिल्ला शिक्षक संघर्ष समितिको गठन भयो। तर संघर्ष समितिको गठन भएकै भोलिपल्ट ०३६ असार २ गते सरकार र संघर्ष समिति वीच संञ्चयकोष, निवृत्तिभरण, अस्थायीलाई स्थायी गर्ने, संगठन खोल्ने माग पूरा भई पन्ध्र सवालहरूमा मतैक्य कायम भयो। त्यसपछि भदौ २३ गते शुसीलचन्द्र अमात्य, श्यामकृष्ण स्वमु, स्वगेन्द्र संग्रौला आदिको सक्रियतामा काठमाण्डौमा संगठनको स्थापनाका लागि अन्तर जिल्ला शिक्षक समन्वय समितिको गठन भयो। समन्वय समितिको अयोजनामा असोज ८ र ९ गते हेटौडामा एक भेलाको आयोजना भयो। उक्त भेलाले राष्ट्रिय शिक्षक संगठन तदर्थ समितिको गठन गऱ्यो। समितिको संयोजकमा वद्री प्रसाद खतिवडा हुनुहुन्थ्यो भने सदस्यहरूमा स्वगेन्द्र संग्रौला, श्यामकृष्ण स्वमु, सुशीलचन्द्र अमात्य, सुशील प्याकुरेल आदि हुनुहन्थ्यो। भेलामा राष्ट्रिय शिक्षक संगठन पहिलो सम्मेलनको तयारी गर्न र विधान तयार पार्न विधान मस्यौदा उप

समितिको पनि गठन गरियो। त्यस भेलामा २९ जिल्लाका शिक्षकहरूको प्रतिनिधित्व रहेको थियो।

त्यसपछि हेटौडा भुटनदेवी व्यावसायिक मा.वि.का तत्कालीन प्रधानअध्यापक बद्री प्रसाद खतिवडा, शिक्षक सुशील प्याकुरेल, ललितपुरका सुशीलचन्द्र अमात्य, धादिङ्गका राजेन्द्रप्रसाद पाण्डे आदिको सकृयतामा भुटनदेवी मा.वि. मा सोही वर्ष मंसीर २६,२७ र २८ गते प्रथम राष्ट्रिय शिक्षक सम्मेलन भयो। उक्त सम्मेलनको उद्घाटन जुद्धोदय मा.वि. काठमाडौंका तत्कालीन प्रधानाध्यापक रामजीप्रसाद शर्माद्वारा भएको थियो। सम्मेलनमा ५४ जिल्लाका १ सय ६० प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सम्मेलनको संचालनका निम्ति बनेको अध्यक्ष मण्डलमा विजय नेपाल, मुक्तिनाथ खनाल र रामहरी दाहाल हुनुहुन्थ्यो। सम्मेलनले अध्यक्ष र महासचिवमा क्रमशः बद्री प्रसाद खतिवडा र श्यामकृष्ण खमूलाई निर्विरोध रूपमा निर्वाचित गऱ्यो। निर्विरोध निर्वाचित पहिलो कार्यकारिणीको उपाध्यक्षहरूमा खगेन्द्र संग्रौला, गोविन्द अधिकारी, चुडामणि शर्मा, गणेश पंडित हुनुहुन्थ्यो भने सचिव र कोषाध्यक्षमा क्रमशः पिताम्बर पौडेल र चन्द्रमान बज्राचार्य हुनुहुन्थ्यो। सदस्यहरूमा देवीप्रसाद ओझा, बद्रीप्रसाद ओली, रामदेव सिंह, गोरेबहादुर खपाङ्गी, नारायणप्रसाद बाँसकोटा, नारायणहरी उपाध्याय, मुक्ति खनाल, यशपाल शाक्य, दीनानाथ शर्मा, नारायण ततोल, महेश्वर पाठक र डेन्टीजंग शाह हुनुहुन्थ्यो।

शिक्षकहरूले पेशागत एकताका निम्ति देशका अन्य भागमा पनि पहल गरेको पाइन्छ। भोजपुरका शिक्षकहरूले ०३० तिरै व्यावसायिक संगठनको आवश्यकता बारे चर्चासम्म नगरेका होइनन्। तर ०३६ को असोजमा मात्र उनीहरूले त्यस्तो उद्देश्यलाई मूर्तरूप दिन सके। सो वर्ष असोज महिनाको छैठौ दिन अरूण मा.वि. दिङलामा वयोवृद्ध शिक्षक तुलसीराम उपाध्यायको सभापतित्वमा भएको एक भेलाले "स्वतन्त्र शिक्षक संगठन भोजपुर" नामक एक संस्थाको स्थापना गरी ५ वटा प्रस्तावहरू पारित गर्नुका साथै, २२ वटा उद्देश्यहरूलाई अघि सारेको थियो। केही महिना पछि उक्त संगठन समेतको सक्रियतामा हेटौडामा नेपाल राष्ट्रिय शिक्षक संगठनको स्थापना भएको थियो।

तत्कालीन सरकारले संगठनको अस्तित्व स्वीकार गरेन। संगठनसंग सम्बद्धता दर्शाउने शिक्षकहरूमथि दमनचक्र चलाइन थाल्यो। संगठनमा आवद्ध शिक्षकहरूले संस्थाको मान्यताका लागि नै पहिलो संघर्ष गर्नुपऱ्यो। सोही वर्ष फागुन २२ गते देखि नेपाल राष्ट्रिय शिक्षक संगठनलाई मान्यता दिइयोस् भन्ने मूलनारा सहित शिक्षक संघर्षको सुरूवात भयो। संघर्ष दमनचक्रलाई चिर्दै ९ सूत्रीय माग सहित ३८ दिन सम्म निरन्तर रूपमा अघि बढ्यो। तर संगठनभित्रै उक्त संघर्षका सम्बन्धमा तीब्र मतभेद उत्पन्न भएको थियो। संगठन भित्रका कांग्रेस समर्थित शिक्षकहरू त्यस बेला संघर्ष गर्नु हुन्न भन्ने पक्षमा थिए। उनीहरू त्यसबेला जनमत संग्रहमा बहुदलीय पक्षलाई जिताउन सम्पूर्ण शक्ति खर्च गर्ने पक्षमा थिए। तर उनीहरू त्यस उद्देश्यमा सफल हुन सकेनन्। त्यसपछि उनीहरूले संगठनलाई कम्युनिष्टहरूको

राजनैतिक अस्वाडाको संज्ञा दिदै हड्तालबाट आफूलाई अलग्याएका थिए। शिक्षक संगठनमा पहिलो चोटी त्यहीबेला उल्लेख्य राजनैतिक फाटो देखा परेको थियो। जनमत संग्रहको मूखमा भइरहेको शिक्षक आन्दोलनबाट तत्कालीन सरकार तर्सिएको थियो। सरकार तर्फबाट शिक्षकहरूउपर कठोर प्रहार हुनुले त्यस कुराको पुष्टि गर्दछ। ०३६ साल चैत्र २५ गते पर्वत जिल्लाको कुश्मामा आयोजित आमसभामा तत्कालीन प्रधानमन्त्री सुर्यबहादुर थापाद्वारा शिक्षक संघर्ष प्रति प्रहार गर्दै भनिएको थियो। - "जनताले तिरेको पैसाबाट शिक्षकले तलब खाएको र हड्ताल गरेको अवधिमा पनि विद्यार्थीसंग फीस लिनु र तलब खानु अनैतिक एवं गैरजिम्मेवार र अन्यायपूर्ण कार्य हो।" भोलिपल्ट बेशीशहर लमजुङको आमसभामा पनि प्रधानमन्त्री थापाको अभिव्यक्ति यस्तो थियो -"शिक्षक वर्गले आफ्नो स्वार्थको लागि विद्यार्थीको भविष्य विगार्नु कुकृत्य शिवाय अरू केही होइन। शिक्षकवर्गको उचित मागहरू पूरा गर्न श्री ५ को सरकारले यथेष्ठ कदम उठाइ सकेको छ।" तर त्यसबेलासम्म सरकारले आवश्यक कदम चाली सकेको थिएन। अन्तत चैत्र २९ गते तत्कालीन सरकार संगठनको विधानलाई स्वीकृत गर्न राजी भयो। संगठन समर्थक शिक्षकहरू सोही दिनको सम्झनामा हरेक वर्ष चैत्र २९ गतेको दिनलाई शिक्षक दिवसका रूपमा मनाउँदैछन्। शिक्षकहरूले त्यसबेला प्राप्त गरेको सफलता उल्लेख्य थियो। नेपालको इतिहासमा कुनै संगठनले त्यसरी आफैंले बनाएको विधान सरकारद्वारा स्वीकृत गराएको पहिलो चोटी थियो। संघर्ष समाप्त भएपश्चात संगठनका तत्कालीन अध्यक्ष स्वयंले रेडियो वक्तव्य दिएपछि मात्र सबै शिक्षकहरू संतुष्ट भएका थिए।

नेपाल राष्ट्रिय शिक्षक संगठनलाई मान्यता दिनु सरकारको विवशता थियो। त्यो वेला पंचायती सरकार हरेक वर्ग र तहका जनताको प्रहार खपी रहेको थियो। त्यसैले जनउभारको डरले तत्कालीन रूपमा आफूलाई बचाउन मात्र सरकारले संगठनलाई स्वीकृति प्रदान गरेको थियो। यो कुरा त्यसवेला झन सुस्पष्ट भयो, जब सम्झौताको लगत्तै शिक्षकहरूको व्यापक धरपकडको थालनी गरियो। ०३७ वैशाख २० गतेको जनमत संग्रहमा विजयी घोषित भएपछि पंचायती सरकारले अन्य क्षेत्रमा झैं शैक्षिक क्षेत्रमा पनि दमनको अर्को अभियान शुरू गऱ्यो। यसै वीच अध्यक्ष वद्री प्रसाद खतिवडा लगायत शिक्षकहरूलाई गिरफ्तार गरियो। त्यस पछिका दिनमा पेशागत एकताका पक्षपाती शिक्षकहरू अनेक ढंगले सताइन थालिए। अन्ततः ०३८ वैशाख ४ गते देखि संगठनले पुनः शिक्षकहरूको राष्ट्रव्यापी संघर्षको आव्हान गऱ्यो। सो संघर्ष १०४ दिनसम्म चल्यो। साउन १३ गते मात्र सरकार र आन्दोलनकारी पक्ष वीच सम्झौता हुन सक्यो। तर सरकारले पुनः संझौता तोड्यो। आन्दोलनकारी पक्षकै केही व्यक्तिको धोकाधडीका कारण पनि आन्दोलन टुंगिएको थियो भन्ने राय पनि देखिन्छ। उक्त संघर्षको प्रमुख मागहरूमा, ०३६ चैत्र २९ गतेको सरकार संगठन वीचको सम्झौतालाई लागु गरिनु पर्ने, ०३७ माघ १२,१३,१४ र १५ गते सम्पन्न संगठनको प्रथम महाधिवेशनद्वारा पारित सामाजिक प्रस्तावहरू उपर ध्यान दिइनु पर्ने र करिव वर्ष दिन देखि थुनामा रहनु भएका अध्यक्ष खतिवडालाई रिहाइ गर्नु पर्ने आदि थिए। श्री खतिवडालाई १५ महिना पश्चात ०३८

साउनमा मात्र रिहा गरियो। वहाँलाई ०३७ जेठको जनमत संग्रहको लगत्तै पक्राउ गरिएको थियो। शिक्षकहरूले उनीहरू माथि भएका विभिन्न किसिमका कार्वाहीहरूको अन्त्य गर्नु पर्ने कुराको समेत माग गरेका थिए। संगठनको प्रथम महाधिवेशनमा पनि विवाद देखा परेको थियो। उक्त महाधिवेशनलाई संगठनको काठमाडौं जिल्लाको नेतृत्वमा रहनु भएका बसन्तबहादुर मानन्धरले बहिष्कार गर्नु भएको थियो। त्यस्तै महाधिवेशनकै मंचबाट कांग्रेस समर्थित शिक्षकहरूका तर्फबाट बोल्दै देवेन्द्रप्रसाद उपाध्यायले नेतृत्वको आलोचना गर्नु भएको थियो। संगठनमा प्रतिकूल स्थिति रहेको, विधान संशोधनको आवश्यकता रहेको र नेतृत्व हैकमवादी रहेको धारणा व्यक्त गर्दा वहाँले आफ्नो वक्तव्य बीचमै रोक्नु परेको थियो।

संघर्षको समाप्ति पश्चात सरकारी दमनचक्र नयाँ चरणमा अघि बढ्यो। त्यस पछिका दिनमा संगठनका गतिविधिहरू माथि अझ कठोर नियन्त्रण हुन थाल्यो। संगठनका कार्यक्रमहरू माथि प्रहरी हस्तक्षेप हुन थाल्यो।

०३७ मा भोजपुरको दिङ्गलामा एक गोली काण्ड भएको थियो। दुई जना विद्यार्थीहरूको मृत्यु भएको उक्त गोलीकाण्डका विरूद्ध भोजपुरका शिक्षकहरू विशेष सक्रिय भएका थिए।

०४० चैत्रमा नेपाल राष्ट्रिय शिक्षक संगठनले दमन र प्रहरी हस्तक्षेप हुँदाहुँदै पनि दोश्रो राष्ट्रिय सम्मेलन सफलताका साथ सम्पन्न गऱ्यो। उक्त सम्मेलनको सफलता संगै संगठनले नयाँ चरणमा प्रवेश पाएको थियो। सम्मेलनमा संगठनमा संतुलन कायम गर्न प्रजातन्त्रवादी पक्षका जनकनाथ प्याकुरेललाई अध्यक्ष बनाइएको थियो। संगठनको महासचिवमा कम्युनिष्ट पक्षका देवीप्रसाद ओझाको चयन गरिएको थियो। प्रहरी हस्तक्षेपका कारण अधिवेशन उद्घाटन स्थल जुद्धोदय मा.वि.मा सम्पन्न हुन नसकी वसपार्क स्थित संगठन कार्यालयमा भएको थियो। त्यस बेला संगठनका सक्रिय व्यक्तिहरूले वडो वुद्धिमता ढंगले विखण्डनलाई टारेका थिए।

सम्मेलनद्वारा नयाँ कार्यकारिणीको चयन हुनुभन्दा पहिले नेपाली कांग्रेसका नेताद्वय कृष्णप्रसाद भट्टराई र वाशु रिसाल एवं सुशीलचन्द्र अमात्य, सुशील प्याकुरेल स्वगेन्द्र संग्रौला आदि बीच दुई चरणको वार्ता भएको थियो। संगठनको सुरूवातकालदेखि नै सरकारसंग तादात्म्यता राख्दै काम गर्ने खुला नीति देखिएको थियो। तर तत्कालीन सरकारले संगठनलाई सधै पूर्वाग्रही दृष्टिकोणले हेरेको थियो। यदाकदा सरकारले संगठनलाई मान्यता दिएको जस्तो देखिन्थ्यो। शिक्षकहरू पनि निर्भिकतापूर्वक आफ्नो सांगठानिक काम गरिरहन्थे। संगठनको सुदृढिकरण एवं संघर्षको मूल्यांकन गर्न ०३८ पुष २७ र २८ गतें जनकपुरमा केन्द्रीय विस्तारित वैठक भएको थियो। उक्त वैठकको उद्घाटन तत्कालीन कृषि सहायक मन्त्री राघवेन्द्र प्रताप शाहबाट भएको थियो। बेलाबख्त संगठनका कार्यक्रममा यस्ता सरकारी व्यक्तिहरूको उपस्थिति हुने गरे पनि आम रूपमा संगठन सरकारबाट तिरस्कृत नै थियो। सरकार मौका पाउने वित्तिकै संगठनको घाँटी निमोठ्ने ताकमा रहेको थियो। त्यसैले

पंचायतको अवधि भर नेपाल राष्ट्रिय शिक्षक संगठन अर्धभूमिगत अवस्थामा रह्यो।

त्यसपछिका दिनहरू संगठनको निम्ति जटिलताका दिनहरू थिए। त्यसअघि पेशागत सुविधा र हकहितका कुरा अनि संगठनको अस्तित्व बचाउनु पर्ने कुरोमा तमाम शिक्षकहरू केन्द्रित रहेका थिए। त्यो बेलासम्म सरकारको "फुटाउ र राज गर" वाला नीति शिक्षकहरू माझ सफल हुन सकेको थिएन। तर संगठनको दोश्रो महाधिवेशन पश्चात सरकारको मेहनतले केही न केही रंग देखाउन थाल्यो। संगठनको संघर्षशील पक्षले तैपनि गतिवान रहन सफलता पाइरह्यो।

०३८ वैशाखको २७ सूत्रीय मागका साथ अघि बढेको शिक्षक संघर्ष सोही वर्ष साउन १३ गते टुगिएको थियो। त्यसबेला आन्दोलनकारी शिक्षकहरूका प्रमुख मागहरूमा संशोधित शिक्षा ऐनलाई खारेज गर्नु पर्ने, कारवाहीमा परेका शिक्षकहरूको कारवाही रद्द गर्नु पर्ने, बन्दी शिक्षकहरूलाई रिहा गर्नुपर्ने र विगतका सरकार र संगठन वीच भएका संझौताहरूको पालना गरिनु पर्ने आदि थिए।

तर सरकारले शिक्षकहरूलाई पुनः धोका दियो। फेरि ०४१ मंसीर १६ गते देखि राष्ट्रव्यापी रूपमा शिक्षकहरूको असहयोग तथा प्रचारात्मक आन्दोलनको सुरूवात भयो। उक्त आन्दोलनको विउ सरकारले त्यसबेला रोप्यो जब ०४० साउनमा सबै तहका कर्मचारीहरूको तलब बृद्धि गरिंदा शिक्षकहरूका सम्बन्धमा कुनै शव्दको उच्चारण भएन।

शिक्षकहरूको उक्त आन्दोलन विगतका शिक्षक आन्दोलनका तुलनामा निकै व्यापक रह्यो। ०४१ पुस २ गते शिक्षकहरूको देशव्यापी आमहड्ताल निकै सफल भयो। फागुनको अन्त्यमा शिक्षकहरूले "काठमाडौं जाऔं" आन्दोलनको शुरूवात गरे। त्यस क्रममा देशका विभिन्न भागबाट २० हजार शिक्षकहरू राजधानीमा जम्मा भएका थिए। उक्त आन्दोलनद्वारा पंचायतको विरूद्धमा रहेको उकुस मुकुसलाई एक किसिमले विद्रोहको रूप नै प्राप्त भयो। आन्दोलनमा देशका हरेक तह र वर्गका जनताले प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग गरे। शिक्षक संगठनले ४ सूत्रीय मागका साथ आन्दोलन गरेको थियो। तर उक्त आन्दोलन अप्रत्यक्ष रूपमा राजनीतिक उद्देश्यलाई पनि सघाउन पुग्यो। तत्कालीन नेकपा (माले) को ०४६ भदौ ९ देखि १४ गतेसम्म आयोजित चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनैतिक प्रतिवेदनमा लेखिएको छ। - "यसरी आफ्नो पेशागत हित र हकको प्राप्तिका निम्ति पनि शिक्षकहरूले निकै धेरै मूल्य चुकाउनु परेको छ। तर त्यो मूल्य खेर गएको छैन। शिक्षक समुदाय आफ्ना हक अधिकारका निम्ति देशव्यापी रूपमा जागरूक हुनु, आफ्नो स्वतन्त्र पेशागत संगठन निर्माण गर्नु, कैयौ पेशागत सुविधाहरू दिन सराकारलाई वाध्य पार्नु, पेशागत हितका निम्ति प्रतिवद्ध कार्यकर्ताको पंक्ति तयार हुनु, सरकारको जनबिरोधी शिक्षानीतिको भण्डाफोर गर्नु, आफ्नो अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्धलाई विस्तृत पार्नु र शिक्षक समुदायको प्रतिष्ठालाई माथि उठाउनु महत्वपूर्ण उपलब्धि पक्ष हुन्। तिनीहरूले जनवादी आन्दोलनलाई पनि सहयोग पुऱ्याएका छन्।"

तर संगठन भित्रका प्रजातन्त्रवादी शिक्षकहरूलाई संगठनउपरको कम्युनिष्टहरूको त्यस्तो चासो कहिल्यै मन परेन। शिक्षक संघर्षले "जनवादी आन्दोलन" लाई सघाएको कुरोले पनि उनीहरूको कान ठाडो पाऱ्यो। वस्तुतः शिक्षक संगठनमा प्रजातन्त्रवादीहरू सधैं अल्पमतमा रहेका थिए। प्रजातन्त्रको अभ्युदय पश्चात नेपाली कांग्रेसको पक्षमा खुलेर आउने शिक्षकहरूलाई यही तथ्य सबभन्दा बढी खड्कियो। अन्ततः उनीहरूले अलग्गै संघ खोली छाडे।

नेपाल राष्ट्रिय शिक्षक संगठन प्रति प्रजातन्त्रवादी शिक्षकहरू त्यति आकर्षित हुन नसक्नुमा नेपाली कांग्रेसको पनि हात रहेको छ। जनमत संग्रहको घोषणा पश्चात देशव्यापी भ्रमण गर्ने क्रममा ०३६ चैत्र २१ गते विश्वेसर प्रसाद कोइरालाले सिद्धार्थनगरमा आयोजित आमसभामा शिक्षक आन्दोलन प्रति इंगित गर्दै भन्नु भयो। -"पंचायत सरकारले अन्तिम घडी गनि रहेको अवस्थामा नचाहिंदा मागहरू लिएर शिक्षकहरू जस्तो बुद्धिजिवी वर्गबाट हड्ताल भइरहनु कुनै औचित्य छैन।" त्यसको पर्सीपल्ट राजबिराजको एउटा गोष्ठीमा वहाँले अझ अगाडि बढेर भन्नु भयो -"वर्तमान शिक्षक हड्तालले प्रतिकृयावादी र अप्रजातान्त्रिक शक्तिलाई बल मिलेको छ। यस किसिमको हड्ताल होस र जनमत संग्रह बिथोलियोस् भन्ने चाहना वर्तमान मन्त्री परिषद्को रहेको छ।" तत्काल वहाँको अभिव्यक्तिउपर कसैले आपत्ति जनाएन। तर केही महिना पछि संगठनका तत्कालीन अध्यक्ष वद्री प्रसाद खतिवडाले विरगंज जेलबाट वी.पी.को उक्त भनाइको कडा प्रतिवाद गर्नु भएको थियो। त्यस घटनाबाट पनि कांग्रेस समर्थक टाढिएका हुन सक्छन्।

नेपाल राष्ट्रिय शिक्षक संगठनको गत मंसीर अन्तमा सम्पन्न पाँचौ राष्ट्रिय सम्मेलनमां पनि नेकपा (एमाले) को प्रत्यक्ष हस्तक्षेप भएको चर्चा चलेको थियो। सम्मेलनद्वारा मतदानका आधारमा निर्वाचित कार्यकारिणीलाई विद्रोही भनिएको थियो।

तर संगठनको सुरूवात अवस्थामा सबै पञ्चायत इतर शिक्षकहरू एकताबद्ध ढंगले संघर्षमा लागेका थिए। ०३८ पछि नै सरकारले "फुटाउ र राज गर" को सूत्र प्रयोग गरी सकेको थियो। सरकारले "विषय शिक्षक संघ" खोलेर टुक्र्याउन खोजी सकेको थियो। तर ०४१ पुष २ गते संगठनको आव्हानमा देशव्यापी रूपमा आम हडताल भव्य रूपमा सफल भएको थियो। त्यही वर्ष फागुनको अन्त्यमा शिक्षकहरूको "काठमाण्डौ जाऔं" अभियान पनि उस्तै सफल हुन पुगेको थियो। शिक्षक संघर्षकै क्रममा ०४२ जेठ ६ गते "नेपाल बन्द" कार्यक्रम भव्य रूपमा सम्पन्न हुन पुग्यो। तर त्यसपछि व्यापक दमनचक्र, संगठन भित्रकै मतभिन्नता र आन्दोलनको लामो अवधि आदिका कारण शिक्षकहरूमा शिथिलता छाउन थाल्यो। असार ६ गतेको वमकाण्ड पश्चात आन्दोलन स्वतः स्थगित हुन पुग्यो। त्यसपछि संगठन संकटको अर्को चरणमा प्रवेश गर्न वाध्य भयो।

त्यसपछिका दिनमा संगठनका कतिपय केन्द्रीय पदाधिकारीहरू जेलमा रहेकाले पनि आन्दोलनले गति लिन सकेन। त्यसै वीच तत्कालीन केन्द्रीय अध्यक्षको मृत्यु भयो। त्यस्तै

कतिपय शिक्षकहरू तत्कालीन नेकपा (माले) को राष्ट्रिय पंचायत चुनाव उपयोग गर्ने नीति वमोजिम राजनीतिमा लागे। त्यसै स्थितिमा सरकारले शिक्षक संगठनलाई पुनः क्षत विक्षत पार्ने षडयन्त्र गऱ्यो।

सरकार ०४२ भदौ देखि संगठनको प्रतिकार गर्न "प्राज्ञ संगोष्ठी"को स्थापना गर्न थाल्यो। तर आम शिक्षकहरूले सरकारको त्यस कदमलाई अस्वीकार गरे। ०४३ मा सरकारले एकजना राष्ट्रिय पंचायत सदस्यको अध्यक्षतामा शिक्षक संगठनको स्वरूप र विधान मस्यौदाका निम्ति गठित समितिमा विधान मस्यौदा प्रतिनिधि पठाइ दिन संगठन समक्ष आग्रह गऱ्यो। कतिपय शिक्षकहरूको विचारमा ०४१-४२ को आन्दोलनका कारण सरकारले संगठनलाई मान्यता दिने क्रममा उपरोक्त कदम चालेको थियो।

त्यहीबेला संगठन भित्रको मतभेदले चर्को रूप लियो। संगठनको केन्द्रीय समितिले त्यसबेला जेलमा रहनु भएका महासचिब देवी प्रसाद ओझा लगायत पाँच जनालाई उक्त समितिमा पठाउने निधो गरेको थियो। तर कार्यवाहक अध्यक्ष विमल कोइरालाले उक्त निर्णयलाई उल्टाइ दिनु भयो। वहाँले ०४३ पुष ५ गते देशव्यापी रूपमा गर्ने भनिएको संगठनको जिल्ला सम्मेलनहरूलाई स्थगित गराउनु भयो। त्यसबेला कार्यबाहक अध्यक्षको विचार सरकारसंग वार्ता भइरहेको अवस्थामा त्यस्तो सम्मेलन गरिनु हुदैन भन्ने थियो। सरकारले संगठनलाई ०४३ मंसीर २६ गते विधान मस्यौदा समितिमा आमन्त्रण गरेको थियो। एकथरी शिक्षकहरूका अनुसार संगठनले विधिवतः विधान मस्यौदाका निम्ति बैठकमा भाग लिन ०४३ मंसीर २८ गते कार्यवाहक अध्यक्ष विमल कोइराला, उपाध्यक्षद्वय कामेश्वर सिंह र कालीप्रसाद पोख्रेल, सचिव घनश्याम पौडेल एवं सदस्य मोहननारायण श्रेष्ठलाई पठाएको थियो।

सरकार शिक्षकहरूलाई प्राथमिक शिक्षक संघ र माध्यमिक शिक्षक संघ गरी दुई शिक्षक संघहरू दिन राजी थियो। ०४३ फागुन चैत्रतिर नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक संघ नामक दुई संघहरू अस्तित्वमा देखिए। तर आम शिक्षकहरू उक्त कुरोलाई अस्वीकार गरी रहेका थिए। ०४३ माघ १४ र १५ गते काठमाण्डौमा बसेको संगठनको विस्तारित वैठकले पनि त्यही निर्णय गरेको थियो। तर संगठनका पाँचै प्रतिनिधिहरू विमल कोइराला, कामेश्वर सिंह, घनश्याम पौडेल, सदस्य काली प्रसाद रिजाल र मोहननारायण श्रेष्ठले सरकारकै प्रस्तावमा सही छाप गरीदिए। एकथरी शिक्षकहरू उक्त फैसलालाई स्वाभाविक ठहऱ्याउँदै भन्दछन्।- "उक्त वैठकले नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ र नेपाल राष्ट्रिय प्राथमिक शिक्षक संघको निर्माण गऱ्यो। ततपश्चात शिक्षकहरू पूर्ण रूपले विभाजित नै रहे। संगठनका केही शिक्षकहरू संगठनमै रहे भने केही शिक्षकहरू संघमा समावेश भए।" त्यतिवेला सक्रिय केन्द्रीय समिति सदस्यहरू २३ बाट घटेर १२-१३ मा पुगी सकेका थिए। दुई संघको सरकारी प्रस्तावमा सहमति जनाउने प्रतिनिधिहरूलाई उक्त निर्णयबाट पछि हटाउने संगठनको प्रयास सफल हुन सकेन। ०४४ वैशाखमा केन्द्रीय

समितिले पाँचै जनालाई संगठनबाट निकालेको घोषणा गऱ्यो। संगठनले "दुई संघ" लाई बहिष्कार गर्न आव्हान गऱ्यो। उक्त ऐतिहासिक घटनाका सम्बन्धमा शिक्षकहरू बीच तीब्र विवाद रहेको देखिन्छ। तर त्यसपछि शिक्षकहरूको शक्ति क्षीण भएको कुरामा प्रायः मतैक्य पाइन्छ।

०४४ असार ११, १२ र १३ मा भएको संगठनको तेश्रो राष्ट्रिय अधिवेशनमा प्रहरीको व्यापक हस्तक्षेप भएको थियो। त्यस बेला अधिवेशनमा भाग लिन आएका सयौं प्रतिनिधिहरू पक्राउ परेका थिए। विदेशी अतिथिहरू समेत अधिवेशनमा भाग लिन नपाइ फर्कन वाध्य भएका थिए। तर अधिवेशन सम्पन्न भइकनै छाड्यो। लामो वादविवाद पश्चात भएको समझदारी अनुरूप नयाँ नेतृत्वको चयन भयो। नयाँ नेतृत्व त छनौट भयो तर केही समय पश्चात नै महासचिव युवराज शर्मा लगायत चार जना पदाधिकारीहरूले सरकारको "दुई संघ" नीतिको समर्थनमा वक्तव्य प्रकाशित गरिदिए। अवश्यक सोधपुछ र छानवीन पश्चात संगठनले चारै जनालाई कार्वाही गऱ्यो। उनीहरूलाई संगठनबाट निष्काशन गरियो। त्यसैबीच महासचिव देवी प्रसाद ओझा २६ महिनापछि रिहा हुनुभयो। ०४४ पुषमा साढे अठार महिना पछि संगठनका संस्थापक सुशील चन्द्र अमात्य.पनि जेल मुक्त हुनु भयो।

०४५ असार २४, २५ मा संगठन केन्द्रीय समितिको पाँचौ विस्तारित बैठक भयो। त्यसपछि संगठन केही सुचारू ढंगले अघि बढ्न थाल्यो। ०४५ को सुरूवातमा अन्तर्राष्ट्रिय श्रम संगठनको लेवर स्टाण्डर्ड डिपार्टमेन्टका निर्देशक र संगठनका प्रतिनिधिहरूसंग काठमाण्डौमै औपचारिक कुराकानी भयो। संगठनले ०४४ जेठ १४ र १६ मा अन्तराष्ट्रिय शिक्षक संगठन मार्फत अन्तर्राष्ट्रिय श्रम संगठनमा दायर गरेको मुद्दाका बारेमा पनि सरकारको विपक्ष मै निर्णय भयो। ०४४-४५ मा अन्तरराष्ट्रिय शिक्षक संगठनका तत्कालीन महासचिव नोरम्यान गोवल र संगठनवीच औपचारिक कुराकानी भयो। त्यसपछिका दिनहरूमा शिक्षक संगठनको अन्तर्राष्ट्रिय सम्पर्कमा पनि निकै वृद्धि भयो।

तर पंचायती सरकारको शिक्षक संगठनउपर सधै गिद्दे दृष्टि रह्यो। पेशागत संघर्षकै क्रममा कैयन शिक्षकहरूले ज्यान समेत गुमाउनु पऱ्यो। ०३७ मा वैतडीका मीनबहादुर चन्द, ०३८ मा अर्घाखाँचीका टंक भूषाल, ०३८ मा झापाका अविकेशर भारती, ०४२ मा संखुवासभाका गोविन्द दाहाल, सोही वर्ष धनुषाका रामदेव पंडित, ०४३ मा म्याग्दीका सुरेश सेर्वुजा मगरको नाम शिक्षक हकहितका निम्ति लड्दा लड्दै शहीदहरूको पंक्तिमा जोडिन पुगेको थियो। ०३६ देखि ०४६ मध्यसम्मको अवधिमा वेपत्ता पारिएका संखुवासभाका प्रा.वि. शिक्षक महेश्वर चौलागाई र नुवाकोटमा शिक्षण गरिरहेका दिलिप चौधरीको आजसम्म अत्तोपत्तो छैन। ०४६ को जनआन्दोलनको श्रीगणेश भएकै दिन तनहुँ ठोराफिर्दीका शिक्षक कृष्णप्रसाद पौडेललाई मण्डले र प्रहरीलहरूले कुटिकुटि मारेका थिए। त्यसैगरी सोही आन्दोलनको क्रममा चैत २० गते काठमाण्डौमा शिक्षण गरिरहेका लालबहादुर वमको वानेश्वरमा प्रहरीहरूको कुटपिटबाटै मृत्यु भएको थियो। त्रि.वि.वि. किर्तिपुरमा वि.एड.

पढिरहेका डोटी हिड्नेकाडाँका शिक्षक ईश्वरीदत्त शर्माको ०४६ चैत १० गते भएको प्रहरीहरूको कुटपीटकै कारण ०४७ असार ५ गते निधन भएको थियो। एक अनुमान अनुसार त्यस अवधिमा मात्र दुई सय शिक्षक पदबाट वर्खास्त भएका थिए। सातसय पक्राउ परेका थिए। तिनीहरूमध्ये दुई सयलाई पन्ध्र दिन देखि २६ महिनासम्मको जेल सजाय दिइएको थियो। यस प्रकार नेपालका विद्यालयका शिक्षकहरूको पनि प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका रहेको छ। *(मानवअधिकार वर्ष पुस्तक १९९३ बाट साभार)*

२. प्राध्यापकहरू

०३६ सालमा जनमत संग्रहको घोषणा भयो। प्राध्यापकहरू पेशागत हक र सुरक्षा र प्राज्ञिक स्वतन्त्रताको लागि संघलाई पुनर्जीवित बनाउने प्रयत्नमा लागे। प्रजातन्त्रवादी र प्रगतिशील दुवै समूहका प्राध्यापकहरूको पहल र अग्रसरतामा तदर्थ समिति बनाई ०३७ सालमा निर्वाचन सम्पन्न गरी वैधानिक नेतृत्व पनि तयार भयो। त्यसपछि प्राध्यापक संघ पेशागत हकहित र प्राज्ञिक स्वतन्त्रताका गतिविधिहरूमा क्रियाशील भयो। प्राध्यापकहरूको सम्मान, त्रिभुवन विश्वविद्यालयको स्वायत्तता र गरिमाको रक्षा, मानवीय मौलिक हकप्रति कटिवद्ध आन्दोलनहरूको समर्थन गर्दै प्राध्यापकहरू क्रियाशील रहन थाले। ०४२ सालमा डा. लोकराज बराल र आनन्ददेव भट्टले साप्ताहिक पत्रिकामा दिएको अन्तरवार्तालाई लिएर त्रि.वि. बाट स्पष्टिकरण मागेको कुरामा संघले कडा विरोध जनायो। अन्यायपूर्ण तरिकाले शान्ति सुरक्षा र राज काज मुद्दामा प्राध्यापकहरूलाई फसाएर दुःख दिने कामको पनि संघले सख्त विरोध गर्न छोडेन। पटक पटक स्मृति पत्र प्रस्तुत गरी कालो पट्टी, पेन डाउन, कक्षा स्थगन जस्ता आन्दोलनका शान्तिपूर्ण उपायहरू अपनाएर प्राध्यापकहरूले प्रजातन्त्र स्थापनाका लागि, प्राज्ञिक स्वतन्त्रताका लागि निरन्तर प्रतिवद्ध र क्रियाशील प्राध्यापकहरूको संयुक्त समन्वय समिति गठन गरी प्राध्यापकहरू मैदानमा उत्रनु पर्‍यो। आन्दोलन विधिवत शुरू हुनु अघि नै भूपति ढकाल, गेहेन्द्रेश्वर कोइराला र धर्मनाथ शाहलाई त्रि.वि.ले गैह्र कानूनी तवरले अवकाश दियो। प्रजातन्त्रको पुनर्वहाली र मानवअधिकारको स्थापनाका लागि दृढतापूर्वक संघर्षरत रहेका प्राध्यापकहरूको संघर्षशील छवि ०४६ सालको जन आन्दोलनको क्रममा स्मरणीय रहनुको साथै प्रजातन्त्र प्राप्तिका दौरानमा महत्वपूर्ण भूमिका खेल्न पुग्यो। फागुन १५ गते क्याम्पसमा प्राध्यापकहरूद्वारा कक्षा वहिष्कार गरी प्रोफेसनल सोलिडारिटी ग्रुपसंग संयुक्त रूपमा आयोजना गरिएको गोष्ठी माथि प्रहरी हस्तक्षेप गरी थुप्रैलाई गिरफ्तार गरियो। दमन र जेल यानता सहन उनीहरूलाई वाध्य बनाइयो। दमन, जेल यातना जे जस्तो स्थिति पनि व्यहोर्न तयार प्राध्यापकहरूको भूमिका प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण रहेको छ।

३. कानून व्यवसायीहरू

संविधानको तुलनात्मक अध्येयता र व्याख्याकार राजनीतिक व्यवस्थाको विश्लेषक, विधिवेत्ता कानून व्यवसायीहरूको मानवअधिकार र प्रजातन्त्रको संघर्षमा कम ठूलो योगदान रहेको छैन। राजकाज, राष्ट्र विप्लव र गाथगादी ताक्ने अभियोग लागेका राजवन्दीहरूलाई कानूनी सेवा उपलब्ध गराउनेदेखि लिएर अदालतबाट संविधान र नियम कानूनको व्याख्या गर्ने अवसरहरूमा कानूनवेत्ताको रूपमा सक्रिय भाग लिई जनताको पक्षमा व्याख्या विश्लेषण गरेका उदाहरणहरू प्रशस्तै रहेका छन्। नेपाल वार एशोसियसन - कानून व्यवसायीहरूको पेशागत संगठन मार्फत प्रजातान्त्रिक आन्दोलनमा सहयोगगर कानून मिचिदा विरोध गर्नु उनीहरूको पेशागत धर्म पनि हो।

जनमत संग्रहमा व्यापक धाँधली भएबाट मध्यमार्गी सुधारवादीहरूका आकांक्षा र उद्देश्यमा समेत कुठराघात हुन पुगेपछि संविधानको तेस्रो संशोधनले समेत जनमत संग्रहको सार्थकता र औचित्य सावित गर्न सकेन। त्यसैले राजनीतिक समूह जस्तै कानून व्यवशायीहरू पनि यसको विरूद्धमा रहे। यसै क्रममा ०४५ साल असोजमा सम्पन्न चतुर्थ अखिल नेपाल कानून व्यवसायी सम्मेलनले पञ्चायती संविधानको तेस्रो संशोधन पूर्णतः असफल रहेकोले चौथो संशोधन तर्फ गम्भीर ध्यानाकर्षण गरेको यहाँ त्यत्तिकै महत्वपूर्ण हुन गएको छ। राजनीतिक पार्टी लगायतका सवै प्रकारका संगठन निर्माण गर्ने, शान्तिपूर्वक भेला हुने, प्रदर्शन गर्ने, वाक तथा प्रकाशन स्वतन्त्रताका साथै वालिग मताधिकारको आधारमा विधायिकाको निर्वाचन, विधायिकमा विरोधी वेञ्चको मान्यता, स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना जस्ता कुराहरू चौथो संशोधनमा व्यवस्था गरिनु पर्ने माग राखियो। राजनीतिक दलहरू उपर लगाइएका कानूनी वन्देजको अन्त्य अनावश्यक रूपमा रहन गएको निर्दलीय वा दलविहीन शब्द हटाई प्रजातन्त्रको स्थापना गर्ने माग सम्मेलनमा सर्वसम्मत रूपमा पारित गरियो।

०४६ सालको जनआन्दोलन प्रारम्भ भएको लगत्तै फागुन ९ गते अदालती काम कारवाहीको वहिष्कार गर्दै पञ्चायत व्यवस्थाको अन्त्य र वहुदलीय व्यवस्थाको स्थापना गर्न वकीलहरूले माग गरे। त्यसैगरी फागुन २२ गते मानवअधिकारको उल्लंघनको विरोध गर्दै सर्वोच्च अदालतको प्राङ्गणमा हातमा कालोपट्टी बाँधी मौन विरोध प्रदर्शन गरे। चैत ७ को प्रोफेसनल सोलिडारिटी ग्रुपको कार्यक्रम होस् वा जनआन्दोलन पश्चात नयाँ संविधान निर्माण गर्ने कुरामा होस् प्रजातन्त्रका विविध संघर्ष र आन्दोलनमा वकिलहरूको भूमिका उल्लेख्य रहेको छ।

यसैगरी शिक्षकहरूले महावीर स्कूल स्थापना गरी प्रारम्भ गरेको प्रजातन्त्र प्राप्तिको सघर्षको परम्परा ००४ सालको जयतु संस्कृतम छात्र आन्दोलन होस, ०१७ सालको काण्डपछि होस या त्यो ०३६ सालको जनमत संग्रहमा होस्, अविच्छिन्न रूपमा कायम गरे। ०४६ सालको जन आन्दोलनमा पनि शिक्षकहरूको भूमिका महत्वपूर्ण रह्यो। त्यसैगरी

चिकित्साकर्मी, प्यारा मेडिकल, साहित्यकार, लेखक पत्रकार, कलाकार, रङ्गकर्मी आदि बौद्धिक क्षेत्रको प्रजातन्त्र र मानवअधिकारको आन्दोलनमा अहं भूमिका रहन गएको छ।

मानवअधिकार आन्दोलन र विद्यार्थीहरू

संसदीय व्यवस्था बलात् खारेज गरी दलमाथि प्रतिवन्ध लगाइएपछि ०१८ सालमा आएको राष्ट्रिय निर्देशन ऐनले दलगत क्रियाकलाप नियन्त्रण गर्न राष्ट्रिय निर्देशन मन्त्रालय स्थापना गरी किसान, मजदूर, युवक, महिला, भूतपूर्व सैनिक, विद्यार्थी र बाल संगठनहरू सरकारले बनाइदिएको विधान र नियन्त्रणमा मात्र खोल्न पाइने व्यावस्था भयो। यी विभिन्न वर्गीय संगठन लगायत विद्यार्थी संगठनमा सरकारले नै सचिव र कोषाध्यक्ष मानोनित गर्ने प्रावधानका कारण कठपुतली सरहको संगठन व्यवस्था जुझारू युवा पिढीका लागि स्वीकार्य भएन। ०१७ सालमा विद्यार्थी संगठनमाथि प्रतिवन्ध लागेपछि प्रजातन्त्रप्रेमी विद्यार्थीहरूका सामु आपसमा कसरी संगठित भएर बढ्ने भन्ने जटील समस्या थियो। यसै वीच ०१९ साल वैशाख महिनामा जुद्धोदय पब्लिक हाइस्कूलको विद्यार्थी युनियनको पहलमा राजधानीका २२ हाइस्कूलका प्रतिनिधिहरूको बैठक बस्यो। यो भेलाले निर्देशन ऐनको विरोध त गऱ्यो गऱ्यो, यस ऐन अन्तर्गत कुनै पनि सभा समारोह, प्रतियोगिताहरूमा भाग नलिने पनि निर्णय गऱ्यो। यो भेलाले आफ्ना जायज माग पूरा गराउन संचालन गरिने आन्दोलन व्यवस्थित गर्न पद्मोदय हाइस्कूल यूनियनका विपिन कोइराला, रानी पोखरी प्रधान पाठशालाका रामचन्द्र पौडेल र होमनाथ दाहाल जुद्धोदय हाइस्कूलका टीकाप्रसाद पोखेल सहित चार जनाको "आन्दोलन संचालक प्रतिनिधि समूह" गठन गऱ्यो। तर कतिपय कारणवस आन्दोलन भने अघि बढ्न सकेन।

०२० साल वैशाखमा त्रि.वि.का विद्यार्थी डम्वरवीर थापा र भक्त गोविन्द माथिको कारवाही फिर्ता गर्ने र त्रि.वि. का जस्तै अन्य कलेजहरूमा पनि विद्यार्थी युनियन गठन गर्न पाउनु पर्ने माग सहित विद्यार्थीहरू आन्दोलनमा उत्रे। विद्यार्थीहरू माथिको कारवाही रद्द गरियो र स्कूल, कलेजमा युनियन गठन गर्न पाउने वचन सरकारले दियो।

०२२ साल वैशाखमा प्रथम अखिल नेपाल विद्यार्थी सम्मेलनको आयोजना गर्न खोजिएकोमा सरकारले त्यो सफल हुन नदिन विद्यार्थीमाथि व्यापक धरपकड गऱ्यो। स्वतन्त्र विद्यार्थी युनियनको माग गर्दै शुरू भएको विद्यार्थी आन्दोलनको सक्रिय नेतृत्वमा वामपन्थी विद्यार्थीहरू मोहनचन्द्र अधिकारी, नन्दकुमार प्रसाई, महेश्वरमान श्रेष्ठ र प्रजातन्त्रवादी विद्यार्थीहरू दमन ढुङ्गाना, रामचन्द्र पौडेल, शेरबहादुर देउवा, नूतन थपलिया आदि थिए। यस आन्दोलनको क्रममा ०२२ सालमै वामपन्थी विद्यार्थीहरूले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्ववियू) को निर्माण गरी नेतृत्व चयन पनि गरे। ०२३ साल भदौ १७ गते राष्ट्रिय नाचघरमा प्रहरी अधिकृतबाट भएको अभद्र व्यवहारले आक्रोशित विद्यार्थीहरूको आन्दोलनले डी आई जी नारायण सिंहलाई पदमुक्त गर्न सरकारलाई वाध्य गरायो।

विद्यार्थीहरूको पटकपटकको आन्दोलन र आक्रोशको निशाना बनेको सरकारी विद्यार्थी संगठन निर्माण गर्ने प्रावृधान स्वारेज गरियो। २०२६ सालमा सुस्ता र नेपालको उत्तरी सीमानामा रहेको भारतीय चेकपोष्ट हटाउने कुरालाई लिएर विद्यार्थीहरू आन्दोलित भए। ०२६ साल असार २९ गते त्रिचन्द्र कलेजमा विद्यार्थीहरूका तर्फबाट शेरबहादुर देउवाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरी विभिन्न कार्यक्रमकाराथ नेपालमा सर्वप्रथम मानवअधिकार दिवस मनायो।

यसै क्रममा प्रजातन्त्रवादी युवा विद्यार्थीहरू आपसमा संगठित भएर राष्ट्रिय स्तरको विद्यार्थी संगठन स्वडा गर्न अग्रसर भए। मुलुकमा जतिसुकै ठूलो दमनको स्थिति भए पनि विद्यार्थीहरूको जस्तो जुझारू र संघर्षशील शक्ति पछि हट्नै चाहँदैनथ्यो। ०२७ साल वैशाख ७-८ मा अखिल नेपाल विद्यार्थी सम्मेलन सम्पन्न गर्न आयोजक समिति गठन भई निर्धारित मितिमा स्वयम्भू, चोभार र गौशालामा गरी भूमिगत रूपमा सम्पन्न सम्मेलनले नेपाल विद्यार्थी संघको स्थापना गऱ्यो।

ने.वि. संघको स्थापना भएपछि सरकारले सम्मेलन स्थलमा पक्राउ परेका विद्यार्थीहरूमाथि संघ संस्था नियन्त्रण ऐन अन्तर्गत कानूनी कारवाही शुरू गऱ्यो। विशेष अदालतको इजलासबाट जनही ६ महिना कैद र ५ सय जरिवाना गरियो। यस कारवाहीबाट विद्यार्थीहरू हतोत्साहित भने भएनन्। संघ संस्था नियन्त्रण ऐन अन्तर्गत थुनामा परेका विद्यार्थीहरूले सर्वोच्च अदालतमा रिट दायर गरे। अदालतले सरकारको यस कारवाहीलाई गैह्र कानूनी ठहऱ्याएपछि ०२७ असार २५ गते विद्यार्थीहरूलाई रिहा गरियो।

०२७ पुसमा नेपाल भारत पारवाहन सम्बन्धमा भारतद्वारा देखाइएको हैकमवादी प्रवृत्ति थिचोमिचो विरूद्ध विद्यार्थीहरूले आवाज उठाए।

०२९ साल साउनमा नेविसंघ, अखिल र फेडरेशनको संयुक्त संघर्ष समिति निर्माण गरी आन्दोलनलाई एकतावद्ध रूपमा लैजाने पहल शुरूमै गरियो। विद्यार्थीहरूको ८ सूत्रीय मागमा राजवन्दीहरूको रिहाई, राजकाज अपराध ऐन, संघ संस्था नियन्त्रण ऐन, राष्ट्रिय निर्देशन ऐन, सुरक्षा ऐन, स्वारेज गर्ने जस्ता माग पनि समावेश गरियो। यो आन्दोलनले उग्ररूप लियो र देशव्यापी रूपमा फैलिदै गयो। अनिश्चित कालका लागि त्रिभुवन विश्वविद्यालय बन्द गरी १७ जना विद्यार्थीहरूलाई त्रि.वि. प्रशासनले निलम्वन गऱ्यो। पोखरामा प्रहरी र विद्यार्थीहरू वीच भीडन्त भयो। विराटनगरमा कर्फ्यू लाग्यो। जनकपुरको यदुकोहामा गोलीकाण्डद्वारा विद्यार्थी कामेश्वर, कुशेश्वरको ज्यान गयो।

आफ्ना संगठित हुने नैसर्गिक अधिकारलाई माग पत्रको १ नम्वरमा राखेर ११ सूत्रीय माग प्रस्तुत गरी अगाडि बढाइएको ०३२ सालको विद्यार्थी आन्दोलनको आफ्नै महत्व रहेको छ। तर उक्त आन्दोलन सफल हुन सकेन। देशव्यापी रूपमा चार महिनासम्म चलेको सो आन्दोलनलाई सरकारले व्यापक दमन गऱ्यो। दलगत राजनीति गरी विद्यार्थी आान्दोलनलाई सहयोग पुऱ्याएको आरोपमा त्रि.वि. का ३२ जना प्राध्यापकहरूमाथि अवकाश, ग्रेड रोक्का

जस्ता कारवाही भयो।

नेपाली कांग्रेसका क्रान्तिकारी योद्धाहरू यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिएपछि आक्रोशले उम्लेको युवाहरूको जोसलाई जुल्फिकर अलि भुट्टोको फाँसीले झन् उद्वेलित गराइदियो। त्यसैले भुट्टोलाई फाँसी दिइएकोमा विरोध पत्र बुझाउने तयारी भयो। पाकिस्तानी दुतावासमा विरोध पत्र बुझाउन ०३५ चैत २२ गते विद्यार्थीहरू नारा लगाउँदै लाजिम्पाट तर्फ बढे। तर उनीहरूलाई अघि बढ्न नदिई व्यापक लाठी चार्ज गरिएकोले विद्यार्थीहरू आगो भए। निर्वाचित प्रधानमन्त्रीलाई सैनिक तानाशाहले अपदस्थ गरी फाँसी दिएको घटनामा प्रतीकात्मक रूपमा नेपालका शासकहरूको पनि विरोध थियो। तथापि आन्दोलनलाई व्यवस्थित गर्दै लैजाने विचार भने २७ गतेका दिन नेविसंघ, नेपाल प्रगतिशील विद्यार्थी युनियन र नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसनका तर्फबाट संघर्ष समितिको निर्माण गरेपछि मात्र आएको हो। त्यसपछि १७ सूत्रीय माग प्रस्तुत गरी विद्यार्थी आन्दोलनलाई अघि बढाइयो। विद्यार्थीहरूको गिरफ्तारी र दमनका कारण आन्दोलन चकदै गयो। अमृत क्याम्पसमा सरकारले गरेको चरम दमनका कारण आन्दोलनले जन समर्थन पनि पाउन थाल्यो। अन्ततः विद्यार्थी आन्दोलनले राजनीतिक आन्दोलनको रूप लिन पुग्यो। यसै वीच विद्यार्थीहरूको जुलुसमाथि गोली चलाउँदा वैशाख १४ गते हेटौडामा प्रभाकर पौडेल र रामचन्द्र अर्यालको मृत्यु भयो। यसले झन देशव्यापी आक्रोश सिर्जना गऱ्यो। त्यस घटनापछि शाही जाँच आयोग गठन गरियो तर पनि आन्दोलन रोकिएन। त्यसै क्रममा वैशाख २५ गते भरतपुरमा गोली चल्दा दुई जनाको मृत्यु भयो। संघर्ष समितिका विद्यार्थी नेता र शाही आयोग वीच वार्ता प्रारम्भ भयो। वार्ता र संघर्ष संगसंगै बढ्यो। जेठ ७ गते संघर्ष समिति र शाही आयोग वीच माग पूरा भएको सम्झौता रेडियोबाट प्रसारण गरेपछि विद्यार्थीहरू वीच मिश्रित प्रतिक्रिया जन्मायो। सम्झौतालाई मान्ने र नमान्ने कुरामा विद्यार्थीहरू विभाजित भए। विद्यार्थीहरूलाई धोका दिएको भनी अमृत क्याम्पसबाट आक्रोशित विद्यार्थी भीडले विद्यार्थी नेताहरू बलबहादुर के.सी. र शरणविक्रम मल्ललाई कालोमोसो दलेर गाडामा राखी शहर घुमाउन खोजिदै थियो। त्यसै क्रममा नयाँ सडकमा प्रहरीले हस्तक्षेप गरी दुवै जनालाई आफ्नो सुरक्षामा लियो। त्यसपछि तोडफोड र आतंकको स्थिति सिर्जना भयो। शाही नेपाल वायु सेवा निगमको पेट्रोल पम्प र गोरखापत्र संस्थानमा आगो लगाइयो। यसै वीच शहरलाई सेनाले आफ्नो हातमा लियो। रातभर कर्फ्यू लाग्यो। स्थितिको गम्भीरतालाई दृष्टिगत गरी भोलिपल्ट विहान ६.४५ मा राजाबाट जनमत संग्रहको घोषणा भयो। जनमत संग्रहमा नेविसंघका विद्यार्थीहरू निशर्त प्रचारमा लागे। वामपन्थी विद्यार्थीहरूमा जनमत संग्रह धोका हो भन्ने र शर्त राखेर मात्रै समर्थन गर्नु पर्छ भन्ने मत देखापऱ्यो। जनमत संग्रहमा धाँधली गरी पञ्चायतलाई जिताइयो। नेपाल विद्यार्थी संघ र अनेरास्ववियु वीच भीडन्त गराएर निरंकुश शासन लम्याउन षडयन्त्र गर्ने पञ्चायतले विराटनगरमा फणिन्द्र तिमिल्सिना र भरतपुरमा मित्रमणिको हत्या गराई दुई थरि वीच झन फाटो र कटुता बढायो।

०४६ सालको ऐतिहासिक जनआन्दोलनमा नेविसंघ र अनेरास्ववियुका विभिन्न संगठनहरू वीच समझदारी कायम भयो। दुई संगठनहरूले संयुक्त वक्तव्य प्रकाशित गरी आन्दोलनमा सक्रिय सहभागी बन्ने निर्णय गरे। यसै क्रममा ०४६ साल फागुन १ गते सात विद्यार्थी समूह सम्मिलित "प्रजातान्त्रिक जन आन्दोलन विद्यार्थी समन्वय समिति" को नाममा फागुन ७ गतेदेखि प्रारम्भ हुने संयुक्त जनआन्दोलनलाई सफल पार्न आव्हान भयो। युवा विद्यार्थीहरूको अभूतपूर्व सहभागिता रहेको त्यस आन्दोलनबाट निरकुंश पञ्चायत व्यवस्था सदाका लागि धराशायी भयो।

मानवअधिकार आन्दोलनको पछिल्लो चरण र मानवअधिकार सम्बन्धी संस्थाहरू

पंचायतकालमा संयुक्त राष्ट्र संघको घोषणा पत्र अनुसारको मानवअधिकारको कुनै पनि व्यवस्था मुलुकभित्र थिएन। त्यसबेला सरकारी तवरमा भाषण, प्रवचन, सन्देश आदि दिएर मानवअधिकारको उपहास गर्ने काम भई नै रह्यो। त्यस्तो क्रम ०४६ सालसम्म नै रह्यो। जुन देशमा आफ्नो विचार र आस्था व्यक्त गर्न संगठित हुने अधिकार छैन, निर्वाध अभिव्यक्ति र शान्तिपूर्ण मेला हुने छुट पनि छैन त्यहाँ मानवअधिकारका बारे सरकारले बखान गर्नु हास्यास्पद नै हुन्थ्यो।

०२७/०२८ सालदेखि विद्यार्थीहरूले क्याम्पस स्तरमा मानवअधिकार दिवस मनाउन शुरू गरेका थिए। वार एसोसिएसनले केहीपछि मानवअधिकार दिवस मनाउने परम्परा बसाएको थियो। तैपनि मानवअधिकारको पक्षमा संगठित रूपमा लाग्ने त्यस्तो कुनै निकाय स्थापना हुन सकेको थिएन। ०३७ तिर पद्मरत्न तुलाधरको संयोजकत्वमा वन्दी विमोचन समिति बन्यो। त्यसले राजवन्दीहरूको नाम संकलन गर्ने र रिहाईका लागि आवाज उठाउन थाल्यो। यसै क्रममा ०४१ साउन १३ गते गोपालचन्द्र गौतमको वीरगञ्ज स्थित निवासमा मानवअधिकार संरक्षण मञ्चको स्थापना भयो। वद्रीप्रसाद खतिवडा संयोजक रहनु भएको त्यस संगठनको संस्थापकहरूमा गोपालचन्द्र गौतम, पाण्डवराज घिमिरे, यादवप्रसाद उपाध्याय र नन्दन अर्याल हुनु हुन्थ्यो। पछि यसलाई अझ व्यापक र विस्तृत बनाउँदै लैजाने क्रममा पाण्डवराज घिमिरेको अध्यक्षतामा बनेको तदर्थ समितिमा उपाध्यक्ष गोपालचन्द्र गौतम र सचिव प्रकाश काफ्ले रहनु भयो। यस समितिमा १८ जना पदाधिकारी रहनु भएको थियो। सल्लाहकारमा पद्मरत्न तुलाधार, वद्रीप्रसाद खतिवडा, मार्सल जुलुम शाक्य र सुशील प्याकुरेल हुनुहुन्थ्यो।

मञ्चले ०४१ मंसीर २५ गते हेटौडामा हजारौ जनसमुदायको उपस्थितिमा विश्व मानवअधिकार दिवस मनायो। समारोहको उद्घाटन टंकप्रसाद आचार्यले गर्नु भएको थियो। ०४२ साउन १३ गते स्थापना दिवस मनाउन लाग्दा पानोरमा होटलमा प्रहरी हस्तक्षेप भयो। ०४२ साल मंसीर २५ गते विश्व मानवअधिकार दिवस मनाउन राष्ट्रिय सभागृह भाडामा लिई सकेकोमा समारोह शुरू हुने बेलामै प्रशासनले विना पूर्व सूचना रोक लगाएकोले टंकप्रसाद

आचार्यको घरको प्राङ्गणमा मनाइयो। यस अवसरमा राजवन्दी रिहाई सम्बन्धी सांकेतिक फोटोहरू प्रकाशमा ल्याइएका थिए। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र पनि वितरण गरिएको थियो।

त्यही समारोहमा सम्पूर्ण राजवन्दीहरूको सूचि पनि प्रकाशमा ल्याइयो। राजवन्दी रिहाइको निमित्त मानवअधिकार संरक्षण मञ्च, प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च र राजवन्दी विमोचन समितिको संयुक्त तत्वावधानमा ०४३ साल असारदेखि देशव्यापी हस्ताक्षर संकलन अभियान प्रारम्भ गरियो। ०४३ भदौ २४ गते टंकप्रसाद आचार्यको संयोजकत्वमा राजवन्दी रिहाई अभियान समितिको गठन गरियो। त्यस्तै पत्रकार पदम ठकुराठीको हत्या प्रयासको जनस्तरबाट छानवीन गर्न भू.पू. महान्यायाधिवक्ता रामानन्दप्रसाद सिंहको अध्यक्षतामा ७ सदस्यीय छानवीन आयोग गठन गरियो। मानवअधिकार संरक्षण मञ्चको पहलमा उपत्यका नाघेर वनेपा, पोखरा, वुटवल र नेपालगञ्जमा पनि मानवअधिकार दिवस मनाइए। वनेपामा प्रहरी हस्तक्षेप भयो। कमान सिंह लामालाई यसै क्रममा शान्ति सुरक्षा अन्तर्गत थुनामा राखियो। ०४३ माघ १४ गते प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च सहितको संयुक्त तत्वावधानमा शहीद दिवस मनाइयो। यसैगरी मानवअधिकारको वहाली र राजवन्दी रिहाइका सम्बन्धमा मञ्चले अविरल आवाज उठाउदै आयो। ०४६ सालको पुसमा झापा संघर्षका वन्दी मुक्त गराउन मञ्चले जनमत तयार गर्न खेलेको भूमिका उल्लेखनीय रहेको छ।

यसैगरी ०४५ साल मंसीर २५ गते विश्व मानवअधिकार दिवस कै दिन हृषिकेश शाहको अध्यक्षतामा नेपाल मानवअधिकार संगठनको स्थापना भयो। नेपालमा मानवअधिकार संगठनको कार्यालयको साइनवोर्डसम्म पनि देख्न नसक्ने प्रशासनले मानवअधिकारवादी कार्यकर्ताहरूलाई दुःखदिने र सताउने काम गरेको थियो। ०४६ सालको जनआन्दोलनलाई सफल पार्न मञ्च र संगठन दुबैले उल्लेखनीय काम गरे।

किसान आन्दोलनका केही घटनाहरू

१. ०२३ सालमा नवलपरासीका किसानहरूले आन्दोलन चलाउँदा पञ्चायती निरंकुश सत्ताले नृसंश हत्या काण्ड मच्यायो। मालपोत, मोही समस्या, धर्मभकारी जस्ता समस्या लिएर किसानहरू उठेका थिए।

२. यसैगरी रूपन्देहीको मर्चवार नजिक कन्चकसहवामा किसानहरूमाथि हिंस्रक दमन चलाइयो।

३. ०३३ सालमा धनुषामा किसान संघर्ष भयो।

४. ०३६ साल असोज ६ गते धनुषा, महोत्तरी, सर्लाही र सिराहामा भएको किसान आन्दोलनको दमन गर्न प्रशासनले अप्रेसन गऱ्यो।

५. ०३६ साउनमा चितवनको जुटपानीमा किसानहरूले सामन्तको थिचोमिचो र शोषणबाट त्राण पाउन आन्दोलन गरे। कम्युनिष्ट पार्टीको अगुवाइमा भएको यो

आन्दोलनमा रूपलाल विश्वकर्मा संलग्न थिए। ०३४ सालमा चितवन कै जुगेडी किसान संघर्षमा चेपाङहरू मारिएका थिए। ०३६ मंसीरमा चितवन भण्डाराबाट सुकुम्वासी हटाउन खोज्दा किसानहरूले विरोध गरे। गैंडा गस्तीका सिपाही लगाएर आक्रमण गरियो।

६. जनता वसोवास गरिरास्वेको जग्गामा राजाको हुकुम प्रमाङ्गी गराई उच्च पदस्थ सरकारी अधिकृत, राजदरवारकै सचिव समेतले उठिवास लगाउन खोजेपछि हेटौडाका किसानले त्यसको प्रतिवाद गरे। प्रशासन पूरै शक्ति लगाएर जनतामाथि खनियो। किसानहरूको संघर्षका कारण त्यो जग्गाबाट उनीहरू विस्थापित हुनु परेन। हेटौडामा त्यसलाई अहिले पनि हुप्रको जग्गा भनिन्छ।

संयुक्त जनआन्दोलन - ०४६

०१७ सालपछि पञ्चायती शासनले संचालन गरेका दमन अभियानबाट सयौं व्यक्ति शहीद भइसकेका थिए। जनता मुक्तिको लागि आतुर भएर परिवर्तनका लागि वलिदान हुन तयार थिए। पञ्चायतको निरंकुश शासनबाट हैरान भएका, पेलिएका जनताहरूलाई एकतावद्ध गर्दै, संगठित गर्दै आमूल परिवर्तनका लागि लड्ने राजनीतिक शक्तिहरू उदियमान थिए। ००७ सालको राजनीतिक परिवर्तनको नेतृत्व गर्ने ऐतिहासिक दायित्व निभाएको नेपाली कांग्रेसको प्रजातन्त्रवादी धार प्रजातन्त्र पुनः स्थापनाको लागि कृतसंकल्पित थियो। व्यापार तथा पारवाहन सन्धि नवीकरण हुन नसकेको स्थितिमा मुलकले एक प्रकारको भारतीय नाकावन्दी वेहोरिरहेको थियो। भूगोलको मानचित्रमा वहुदलीय व्यवस्था स्थापना गर्ने होड चलिरहेको थियो। यस्तो अन्तरविरोध वीच जनआन्दोलनको परिस्थिति तयार हुँदै थियो।

०४६ साल भदौ २४ गते ७६ औं वीपी जयन्तीका अवसरमा आयोजित समारोहमा गणेशमान सिंहले जनआन्दोलनको आव्हान गर्नु भयो। कार्तिकमा बसेको नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकले यसलाई अनुमोदन गऱ्यो। यसै वैठकले राष्ट्रिय सरकारको स्थापना गंरी बहुदलीय आधारमा निर्वाचन सम्पन्न गराउन पूर्ण प्रजातन्त्रको स्थापनार्थ निकट भविष्य मै शान्तिपूर्ण र अहिंसात्मक जन आन्दोलन गर्ने निर्णय गऱ्यो। कार्यगत एकताका आधारमा सहभागी हुन देशका सवै राजनीतिक समूह र आम जनसमुदायमा आव्हान गरियो।

यसै वीच ०४६ भदौमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (माले)को चौथो महाधिवेशनले विभाजित कम्युनिष्टहरू वीच एकता गर्ने, आपसमा सहिष्णु हुने, वैचारिक संघर्ष चलाउने जस्ता कुराको निर्णय गऱ्यो। निरंकुश राजतन्त्र र निर्दलीय पंचायत व्यवस्था विरूद्ध लड्न सबै राजनीतिक शक्तिसँग मित्रतापूर्ण सम्बन्ध राख्नु पर्ने महाधिवेशनले निर्देशन दियो। परिणामस्वरूप सहाना प्रधानको अध्यक्षतामा सात वटा कम्युनिष्ट पार्टी वीच संयुक्त वाम मोर्चा बन्यो। नेपाली कांग्रेस र वाम मोर्चा आन्दोलनका लागि संयुक्त भए। आन्दोलनमा उत्रिनु पर्छ भन्ने अवधारणा तयार भयो। नेपाली कांग्रेसको महाधिवेशनले पार्टी स्वतन्त्रताको नीति पारित

गऱ्यो।

०४६ साल माघ २ गते गठन भएको वाममोर्चाले प्रजातान्त्रिक वहुदलीय व्यवस्थाको स्थापना, सम्पूर्ण मौलिक तथा मानवअधिकारको बहाली र राजवन्दीहरूको रिहाई जस्ता अठार सूत्रीय मागलाई प्रस्तुत गर्दै शान्तिपूर्ण संयुक्त आन्दोलन गर्न कटिवद्ध भएको घोषणा गऱ्यो। ०४६ माघ ५-७.मा सम्पन्न नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलनले निरंकुश निर्दलीय व्यवस्थाको लागि एउटा अभूतपूर्व दलीय चुनौती दिदै ०४६ फागुन ७ गतेदेखि जनआन्दोलन गर्ने घोषणा गऱ्यो।

नेपाली कांग्रेससँग कार्यगत एकता गर्दै संयुक्त नेतृत्वमा आन्दोलन संचालन गर्ने नेका र वाममोर्चा वीचको सहमतिपछि मुलुक एक प्रकारले आन्दोलित भएर जुर्मुराउदै थियो - यस्तैमा ०४६ फागुन ७ गतेको दिन आइपुग्यो।

निरंकुश पञ्चायती व्यवस्थाले सम्पूर्ण शक्ति र संयन्त्रको प्रयोग गरी आन्दोलन प्रारम्भ नै हुन नदिने किसिमबाट दमन शुरू गरे पनि प्रजातन्त्रवादी र वामपन्थी शक्तिहरू एक भएको कारण आन्दोलनको सफलताप्रति जनता निश्चिन्त थिए। त्यसैले जत्रोसुकै दमनका वावजुद फागुन ७ गते ठूलो जनसमूह आन्दोलनमा सहभागी भयो। जनताले प्रहरी बलको प्रतिकार गरे। यस आन्दोलनले पाएको जनसमर्थनबाट आत्तिएर सरकार हिंस्रक दमनमा उत्रियो - फागुन ८ गतेको शान्तिपूर्ण जुलुसमा गोली चलाएर भक्तपुरमा पाँच जनाको हत्या गऱ्यो। त्यसैगरी ९ गते जनकपुरको जोदुकुवामा प्रहरीको आक्रमणबाट तीन जना महिला र एक जना पुरूष शहीद भए। हत्या र दमनका वावजुद आन्दोलन अघि बढ्दै गयो - १२ गतेदेखि चिकित्साकर्मीहरू विरोधमा उत्रे, १५ गते प्राध्यापकहरूले कक्षा वहिष्कार गरे, २२ गते वकिलहरूले विरोध प्रदर्शन गरे, चैत्र २ गते शिक्षकहरू आन्दोलनमा उत्रने निर्णय गरे, चैत ३ गते देशका प्रगतिशिल साहित्यकार, लेखक, कलाकारहरू मुखमा कालो पट्टी बाँधेर अभिव्यक्ति स्वतन्त्रताको माग गरिरहेको बेला प्रहरीले त्रिचन्द्र क्याम्पस हाताबाट सामूहिक गिरफ्तार गऱ्यो। ७ गते कीर्तिपुरको अडिटोरियममा "प्रोफेसनल सोलीडारिटी" र नेपाल प्राध्यापक संघ इकाई समन्वय समितिद्वारा आयोजित विचार गोष्ठीमा प्रहरी हस्तक्षेप गरी सामूहिक गिरफ्तार गरियो। १६ गतेको बत्ती निभाउने कार्यक्रम अभूतपूर्व रूपमा सफल भएपछि भोलिपल्ट पनि यसलाई दोहऱ्याइयो। अँध्यारोमा निस्केका मसाल जुलुसमा राजा विरूद्ध नारा घन्किन थाले। पाटनमा यसै दिन दुई जनाको हत्या गरियो। तीव्र दमन र हिंसाका वावजुद पाटनका सम्पूर्ण जनता आन्दोलनमा उत्रे। शहर आन्दोलनकारीहरूको कब्जामा गयो। १९ गते विभिन्न संस्थानका कर्मचारीहरूले पेन डाउन गरी आन्दोलनको नैतिक समर्थन जनाए। २० गते कीर्तिपुरमा निस्केको जुलुसमाथि गोली चलाउँदा चार जनाको मृत्यु भयो। घरको छानामाथि बसिरहेकाहरू पनि गोलीबाट बच्न सकेनन्। यस आन्दोलनमा पाइलटहरू, इन्जिनियरहरू निजामती एवं विभिन्न संस्थानका कर्मचारीहरू लगायत विभिन्न तप्काका जनताले सक्रिय समर्थन गरे।

२४ गते घटनाले नयाँ मोड लियो - मरिचमान सिंहको मन्त्रिमण्डल भङ्ग गरी लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा नयाँ मन्त्रिपरिषद गठन भएको घोषणा गरियो। जनताको अपार जनसमर्थन पाएर उचाइको शिखरतिर बढिरहेको जनआन्दोलन बिथोल्ने राजाको यो जालसाजीबाट जनसमुदायमा आक्रोश एवं तीव्र रोष जन्मायो। त्यसको प्रतिक्रिया स्वरूप विहानैदेखि जुलुसको बाढी आयो - टोल टोलबाट जनता सडकमा उत्रे। काठमाण्डौको सडक लास्वै जनताको जुलुसले तात्यो।

चार बजेतिर जुलुसको एउटा समूह अञ्चलाधीश अफिस नेरबाट घण्टाघर हुँदै अघि बढ्न खोज्यो। प्रहरीले घण्टाघर नजिक रोक्न खोजे पनि सम्भव भएन। जुलुस दरबारतिर बढ्ने सुरमा थियो। आन्दोलनकारीहरू थपिदै, प्रहरीको घेरालाई जवरजस्ती तोड्दै जुलुस महेन्द्रको शालिक नेर पुग्यो। आन्दोलनकारी मध्येबाट एकाएक महेन्द्रको शालिकमा झण्डा गाड्ने काम शुरू भयो - शालिक तोडेर अङ्गभङ्ग पार्ने प्रयास भयो - निरंकुश व्यवस्थाका प्रणेता प्रतिको यो आक्रोसको अभिव्यक्ति थियो। यस्तैमा उता मोर्चावन्दी कसेर बसेको सेनाले अचानक विना चेतावनी अन्धाधुन्द गोली वर्षायो। कयौं ढले। ढलेकाहरूलाई कुन्दा, संगिनले घोचियो - कमलादी, तीनधारा पाठशाला, असन, कमलाछी, भोटाहिटी, जमल, नयाँ सडक, ओमवहाल इन्द्रचोक जतातते जुलुसमाथि गोली चलाइयो। गोली लागेर ढलेकाहरूलाई जनताबाट जवरजस्ती खोस्ने, अस्पताल लैजान नदिने जस्ता ज्यादती प्रहरीले गऱ्यो। शहरभरि प्रजातन्त्रका लागि लड्ने थुप्रै योद्धाहरू शहीद भए। यस नरसंहारपछि शहरमा कर्फ्यू लगाएर मात्रै शासकहरूले आफूलाई सुरक्षित अनुभव गरे। जनआन्दोलन सफल पार्न भरतपुर, पोखरा, विराटनगर, झापा, वुटवल, पाल्पा, हेटौडा, दाङ, सुर्खेत आदि ठाउँको पनि महत्वपूर्ण भूमिका रह्यो। ठूलो जन सहभागिता र समर्थन, ठूलो त्याग र वलिदानसँगै ०४६ चैत्र २६ गते राती ११ बजे दलमाथिको प्रतिवन्ध हटेको घोषणा गरियो। आन्दोलनमा राम थापा, रामनारायण यादव, जानकीदेवी यादव, सोनावती देवी यादव, मुनेश्वरी यादव, उदयशंकर मण्डल, राम विलास ठाकुर, गणेश पौडेल, राजेश बाँनिया, वलराम कँडेल, नारायणप्रसाद दाहाल, हरिभक्त भुजु, कृष्णराम दुवाल, निर्मल कुमार शाक्य, राजकुमार सुवाल, रत्नकाजी साही, सागर सिंह, टंकप्रसाद आचार्य, हीराकाजी महर्जन, लन बहादुर महर्जन, विजय महर्जन, राजमान माली, कुमार उदास, लाल बहादुर वम, पप्फादेवी साई, निर्गुण स्थापित, सुरज शाक्य, सोभियतमान शाक्य, बुद्धिनाथ खनाल, गोपी महर्जन, कान्छा बहादुर तामाङ, महेश श्रेष्ठ, ज्ञानी शोभा वज्राचार्य, सानुराजा नकर्मी, पुष्प रत्न शाक्य, राजन रायमाझी, कृष्ण प्रसाद पौडेल, सूर्यप्रसाद घिमिरे, नवराज थापा, दिलिप कुमार श्रेष्ठ, रिचर्ड हेनरी (वेलायती नागरिक) शहीद भए।

प्रजातन्त्रवादी एवं वामपन्थी राजनीतिक शक्तिहरूको संयुक्त नेतृत्वमा संचालित जन आन्दोलनमा जनताको ठूलो त्याग र बलिदानबाट बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो।

नेपालमा मानवअधिकारकै लागि संगठित रूपमा आन्दोलन ०४२ सालमा मानवअधिकार संरक्षण मञ्चको गठन भएपछि शुरू भयो। मानवअधिकारकै बहालीको लागि

प्रजातान्त्रिक आन्दोलन भने ०१७ साल पुस १ गतेपछि निरन्तर रूपमा चली राख्यो। मानवअधिकारको रक्षा र विकास प्रजातान्त्रिक समाजमा मात्र सम्भव हुने भएकोले र देशमा निरंकुश व्यवस्था कायम रहेकोले पनि यहाँ प्रजातान्त्रिक आन्दोलन तीब्रताकासाथ संचालन गर्नु पर्ने वस्तुगत यथार्थ रहेको थियो। यसैले नै नेपालका तमाम मानवअधिकारवादी संस्थाहरू तथा व्यक्तिहरू पनि देशमा बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि संचालन गरिएको प्रजातान्त्रिक आन्दोलनमा सक्रियतापूर्वक लागे। उनीहरूले बहुदलीय संविधानको निर्माणमा पनि सक्रिय योगदान गरे। फलस्वरूप नेपाल अधिराज्यको संविधान ०४७ ले मानवअधिकारको प्रश्नलाई सर्वाधिक महत्व दिएको छ। मानवअधिकार संस्था एवम् मानवअधिकार वादीहरूको आन्दोलनमा संलग्नताकै कारण मानवअधिकार संरक्षणमञ्चका तत्कालीन अध्यक्ष प्रा. देवेन्द्रराज पाण्डे अन्तरिम सरकारमा समावेश गरिनु भयो। अन्तरिम सरकारले मानवअधिकार सम्बन्धी दुई महत्वपूर्ण संयुक्त राष्ट्र संघीय दस्तावेजहरू नागरिक तथा राजनैतिक अधिकार आर्थिक सामाजिक र सांस्कृतिक अधिकारका अभिसन्धिहरूमा हस्ताक्षर गरेर राज्यको मानवअधिकारप्रतिको संवैधानिक प्रतिवद्धतालाई व्यवहारमा उतारेको थियो।

०४७ सालमा प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको स्थापना भएपछि नेपालको मानवअधिकार आन्दोलन संगठित रूपमा परिवर्तित स्थितिमा परिमार्जित र विकसित हुँदै अगाडि बढ्दैछ। मानवअधिकारका विभिन्न क्षेत्रहरूमा आन्दोलनहरू संगठित गरिएका छन्।

२. मानवअधिकारवादी जयपृथ्वीबहादुर सिंह *

जन्म

वि.सं. १९३४ भाद्र ७ गते बझाङ्ग राज्यका राजा विक्रमबहादुर सिंह र रानी श्री रूद्रकुमारी देवीको गर्भबाट जय पृथ्वीबहादुर सिंहको जन्म भएको थियो।

राजा विक्रमबहादुर सिंह धार्मिक र दयालु थिए। उनी आफ्ना कुलदेवता श्री मस्टादेवको नित्य स्मरण गर्नु मूलमन्त्र सम्झन्थे। उनी श्री कालिका भगवतीका उपासक पनि थिए। नित्य पूजाको समयमा बालक जय पृथ्वी आफ्ना बुबाका साथ पूजा कोठाको एक कुनामा बसिरहने गर्दथे। उपर्युक्त बमोजिम आफ्ना बुबा राजा विक्रमबहादुरको धार्मिक, सामाजिक एवं दयाको भावनाबाट जय पृथ्वीबहादुरलाई बाल्यावस्थादेखि नै धार्मिक एवम् दयाको व्यावहारिक प्रेरणा मिलेको थियो।

श्री जय पृथ्वीबहादुर सिंह राजा विक्रमबहादुर सिंहका जम्मा ४ रानीहरूबाट जन्मिएका १४ छोराहरूमध्ये जेठी रानीका जेष्ठ पुत्र थिए।

---

* उत्तमबहादुरसिंहद्वारा लिखित "मानवतावादी राजा जय पृथ्वीबहादुर सिंह" नामक पुस्तकबाट साभार

शिक्षा

राणाकालिन अवस्थामा नेपाल राज्यभर नै शिक्षा प्रणालीको कुनै व्यवस्था नभएकाले नेपाल ज्यादै पिछडिएको हुँदा त्यस बेला आफ्ना छोराछोरीहरूलाई व्यावहारिक शिक्षा दिनसम्मको लागि घरैमा व्यवस्था गरिन्थ्यो। बालक जयपृथ्वीको उमेर ५ वर्ष भइसकेकाले शिक्षारम्भ गरी पढाईको व्यवस्था भयो। बालक जयपृथ्वीले आफ्नो तीब्र बुद्धिद्वारा आफ्ना मुमा, बुबा तथा परिवार जनलाई चकित गराएका थिए।

वि.सं. १९४२ साल अर्थात ८ वर्षको उमेरमा जयपृथ्वी आफ्नो मुमा रूद्रकुमारीका साथमा काठमाडौं गएका थिए। त्यसबेला बझाङ्ग राज्यका राजा विक्रमबहादुर सिंह भए तापनि तात्कालिक राणा शासनको प्रभावले बझाङ्गी जन समाजमा महारानी रूद्रकुमारीको बढी प्रभुत्व थियो। महारानीको बढी प्रभुत्व र राजा विक्रमबहादुर सिंहको शान्त स्वभाव भएकाले मनोभावना नमिल्दा राजा र रानी दुबैका बीच केही फाटो परेको थियो। यी काराणहरूले गर्दा बालक जयपृथ्वीलाई समेत लिएर महारानीले माइत (काठमाडौं) मा बस्ने विचार गरेकी थिइन्।

बझाङ्गबाट काठमाडौं गएर श्री जयपृथ्वीबहादुर आफ्नो अध्ययनमा तल्लीन रहे। पछि अध्ययनका लागि उनलाई कलकत्ता पठाइयो। उनले कलकत्ताबाट वि.सं. १९५१ सालमा म्याट्रीक पास गरे। यिनी कलकत्ता विश्वविद्यालयबाट म्याट्रिक पास गर्ने नेपालीमध्ये मुख्य थिए।

उक्त विश्वविद्यालयबाट उनले अंग्रेजीमा प्रवेशिका पास गरिसकेपछि वि.सं. १९५२ सालमा प्रयागको एउटा कलेजमा भर्ना भएर १ सालसम्म आई.ए.को अध्ययन गरे। यसमा उनले समाज-विज्ञानको अध्ययन गरेको हुँदा राष्ट्रियताको मूल-तत्व, राष्ट्र भाषा, धर्म, रहन-सहन र ऐतिहासिक परम्पराको एकता एवं सामाजिक सुधारमा ज्यादै प्रेम तथा अभिरूचि लिएका थिए। साथै उनले भौतिक र आध्यात्मिक दुबै प्रकारका दर्शनशास्त्रहरूको राम्रै अध्ययन गरेका थिए।

विवाह

त्यसपछि राजा जयपृथ्वीबहादुर सिंहको शुभ विवाह वि.सं. १९५१ सालमा श्री ३ महाराज चन्द्र शम्शेरकी छोरी स्वगेश्वरी देवीसंग भएको थियो। त्यसबेला जयपृथ्वीबहादुर सिंहको उमेर १७ वर्ष र महारानीको उमेर १४ वर्ष थियो।

जय पृथ्वीबहादुर सिंहको पारिवारिक जीवन त्यति सन्तोषजनक थिएन किनभने उनका सन्तान थिएनन्। वि.सं. १९५३ सालमा एक मात्र छोरी जन्मिएकी थिइन् तर तत्कालै मृत्यु भयो।

राज्यारोहण

राजा विक्रमबहादुर सिंह आफ्नो सनातन धर्मका क)र अनुयायी थिए। राणासंग विभिन्न मतभेदले गर्दा परस्पर व्यवहार राम्रो थिएन। यस्तै कारणवश उनले तीर्थ यात्राको सिलसिलामा भारत जाँदा उनका काजी गम्भीरसिंह कठायतद्वारा भारतको अस्कोट (पिथौरागढ) मा पाल ठकुरी (रज्वार) की छोरीका साथ अर्को विवाह पनि गरे। फेरि अर्को विवाह गरेकोमा उनकी जेठी रानी रूद्रकुमारीले प्रधानमन्त्री वीर शम्शेर समक्ष उजूरी गर्दा वीर शम्शेरले वि.सं. १९४६ मा राजा विक्रमबहादुर सिंहबाट बझाङ्ग राज्यको अधिकार खोसी उनलाई रू.१६००।- र खाने रसद आदि दिएर १२ वर्षीय कुमार जयपृथ्वीबहादुर सिंहलाई हात्तीमा चढाई बझाङ्ग राज्यको राजा पदवी दिएका हुन्।

राजा जयपृथ्वीबहादुर सिंह ८ वर्षको उमेरमा काठमाडौं गएदेखि विक्रम सम्वत् १९५५ सालमा पहिलो पटक बझाङ्गमा आई बझाङ्गका विभिन्न ठाउँहरूको भ्रमण गरेर त्यहाँको आर्थिक, सामाजिक आदि कुराहरूको अध्ययन गरेका थिए। उनी जनताप्रति सदा प्रेम तथा स्नेह, सद्भावना राखी जनसेवक भएर काम गर्नमा जागरूक थिए। साथै उनी जनतामा समुन्नति देख्न चाहन्थे।

शिक्षा सेवा

कुनै पनि क्षेत्रमा शिक्षा र स्वास्थ्यको विकास भएन भने कुनै किसिमको प्रगति हुन सक्दैन भन्ने राजा जयपृथ्वीबहादुर सिंहको धारणा थियो र सर्वप्रथम उनले बझाङ्गमा शिक्षा र स्वास्थ्य सेवामा ध्यन दिए।

शिक्षाको अभावले गर्दा जनता अन्धकारमा थिए। त्यस्तो अशिक्षित वातावरणबाट शिक्षा प्रचार-प्रसार तथा प्रशासन कार्यमा वाधा अडचन परिरहेकोले शैक्षिक एवं आर्थिक समस्यालाई ध्यानमा राखेर सोको समाधानका लागि उनले सर्वप्रथम ७/८ जना व्यक्तिहरूलाई बझाङ्गबाट काठमाडौंमा लगेर विभिन्न शिक्षाको अध्ययन तथा तालीम दिने व्यवस्था गरे। यसबाट उनको स्वावलम्बी एवं "विकासवादी" भावना कत्तिको जागरूक थियो भन्ने कुरा स्पष्ट झल्कन्छ।

स्वास्थ्य सेवा

राजा जयपृथ्वीबहादुर सिंहले गाउँ घरमा फोहरमैला भई अनेकौं रोग फैलिएर मानिसहरूको अकाल मृत्यु हुने भइरहेकाले जनताको स्वास्थ्य हितलाई ध्यानमा राखी शिक्षा-विकासका साथै प्रत्येक गाउँका प्रत्येक परिवारलाई घर आँगनको सरसफाई तथा मलखाडल र पाइखाना बनाउन लगाएर रोगबाट स्वास्थ्यको रक्षा गर्न स्थानीय औषधी उपचारका तरीकाहरू आदि बारे श्री सत्यवादी प्राथमिक पाठशालाबाट स्वास्थ्य सुधार टोली खटाएर गाउँलेहरूलाई सम्झाई वोध गराउन लगाएका थिए। साथै भारतको अल्मोडा जिल्ला

बेनिनाग निवासी श्री नन्दावल्लभ पन्तलाई "पिट लेट्रिन सेक्रेट" नामक पुस्तक समेत मगाई बझाङ्गमा गाउँ तथा स्वास्थ्य सफाइबारे शिक्षा प्रसारका लागि श्री सत्यवादी प्राथमिक पाठशालाको शिक्षकमा भर्ना गरेर गाउँ समाजको हितका लागि स्वास्थ्य सेवाको व्यवस्था गरिदिएका थिए। यसै सन्दर्भमा उनले स्वास्थ सुधार बारे विभिन्न उदाहरण देखाई गाउँ समाजको शारीरिक सफाई तर्फ ध्यानाकर्षित गराउन विशेष गरी बझाङ्ग चौगाउँ जस्ता कुना-कन्दरामा स्वास्थ्य सुधार टोलीलाई निर्देशन दिई पठाउन लगाएका थिए।

आर्थिक सुधार

वि.सं. १९६७ सालमा बझाङ्गमा जग्गा नापी आदि व्यवस्थाबारे राजा जयपृथ्वीबहादुर सिंहले जनताको आर्थिक हितलाई ध्यानमा राखेर गरेका आर्थिक सुधारहरू विशेष महत्वपूर्ण मान्नु पर्छ।

बझाङ्ग राज्यका राजाले खान पाउने गरी राजाका नाउँमा दर्ता भइराखेको जिन्सी सेरा जग्गाहरू व्यक्तिहरूलाई कमाउन दिई निज मोहीहरूबाट सो जग्गाको उब्जनी राजालाई कुतको रूपमा तिर्नु बुझाउनु पर्ने शर्त भइराखेको हुँदा शर्त बमोजिम उक्त कुत्ते जग्गा वि.सं. १९४८ सालसम्म राजाकै नाउँमा दर्ता भइरहेको थियो।

वि.सं. १९४८ सालमै सोही जग्गामा नापी गरियो। त्यसपछि जयपृथ्वीबहादुर सिंहले वि.सं. १९६७ सालमा पुनः जाँच गराई सरकारबाट जग्गा नापी सदर गराएका थिए।

साथै उक्त कुत जग्गा कमाउने मोहीहरूलाई परिरहेको पीर मर्कामाथि विचार गरेर अनेकौं दुःख भोग गरी जिन्सी सेरा जग्गा कमाउने सम्बन्धित मोहीहरूले सो जग्गामा कुनै हक नपाई कुत मात्रै राजाकहाँ बुझाई रहनुपरेकोमा पूर्वलिखित बमोजिमका शर्तहरू खारेज गरी उक्त कुतै जग्गा कमाउने सम्बन्धित मोहीहरूलाई सुरक्षित मोहीयानी हक दिलाई तथा सो जग्गा मोहीयानीमा दर्ता गराई जयपृथ्वीबहादुर सिंहले जनताप्रति महान त्याग एवं आदर्श देखाएका छन्।

यदि उनले उपयुक्त बमोजिम कुनै जग्गा कमाउने मोहीहरूलाई कुनै जग्गाको मोहियानी हक नदिएको भए जिन्सी सेरा जग्गाहरू साबिक बमोजिम राजाकै नाउँमा दर्ता रही अन्य राजा-रजौटाहरूका नाउँमा दर्ता भइरहेको जिन्सी सेरा जग्गाहरू साबिक बमोजिम राजाहरूकै हक भोगमा रहे झैं बझाङ्गमा पनि उक्त जिन्सी-सेरा जग्गाहरूमा जनताको दाबी रहन सक्ने सम्भावना नै थिएन।

जनताका लागि जयपृथ्वीबहादुरका यी अतुलनीय गुणहरू, यी आदर्शहरू, यी सद्भावनाहरू र यी सद्विचारहरू अनुकरणीय छन्।

तात्कालीन नेपालको चालू भूमि सुधार योजनाको लक्ष्य बमोजिम जग्गा धनीहरूबाट शर्तको रूपमा जग्गा कमाउने मोहीहरूलाई सुरक्षित मोहियानी हक दिइएको हुँदा यसबाट गोरखापत्र छापाखानाको विकास र भाषा तथा शिक्षा प्रसारको योजनामा योगदान गरे

झैं राजा जयपृथ्वीबहादुर सिंहले सर्वप्रथम वि.सं. १९६७ सालमा नै बझाङ्गमा "भूमि सुधार व्यवस्था" गरेका हुन् भन्न सकिन्छ।

त्यस्तै जग्गा नापी गर्दा भविष्यमा समेत कसैलाई कुनै किसिमको पीर मर्का नपर्ने गरी उनले जग्गा नापीको उचित व्यवस्था मिलाए, जसबाट आजसम्म पनि उनले गरेका जग्गा नापीमा कुनै किसिमको फरक देखा परेन।

पहिलेदेखि नै त्यसबेलाको समय र परिस्थिति अनुसार राज्यमा गोदाम, दुवाटू खर्च, ओलक, मेजमानी, सिक, धन्निकी, मड अपुताली आदि समेत ३६ प्रकारको रकम उठाउने गरिएको र सो रकममध्ये गोदामका लागि प्रत्येक गाउँबाट प्रचलित दरभाउभन्दा घटी मूल्य ढ्याक (२) पैसाको १ माना चामलको दरले बेसौती अनाज उठती हुने गरेकामा तात्कालिक समय परिस्थितिले उक्त रकम (कर) तिर्न बुझाउन नसक्ने भई जनतालाई परिरहेको पीर मर्का महशूस गरी जयपृथ्वीबहादुर सिंहले उक्त बमोजिम राज्यमा गोदाम राख्ने र अन्य रकमहरू पनि कटौती गरेका थिए।

राज्यको प्रशासनमा गरीब जनतामाथि दबाव पारी बेहिसाबसंग शोषण नीति चलाई अनाचार, अत्याचार गर्ने साहूमहाजनहरूका विरूद्ध त्यस्ता व्यक्तिहरूलाई कडा चेतावनी दिएर जनतामा शान्ति एवं आर्थिक स्वतन्त्रता कायम गर्ने उनको प्रयास थियो।

गोरखापत्रमा कार्य र त्यसको विकास

जयपृथ्वीबहादुरले नेपाली भाषामा जे जति किताबहरू लेख्वेका छन् ती सबैमा धेरै शब्दहरू बझाङ्गी भाषिकाकै नै परेको पाइन्छ। गोरखापत्र प्रकाशनको शुरू भई यसलाई सुसंस्कृत र नियमित रूपले सञ्चालित गराउन राजा जयपृथ्वीबहादुर सिंहको ठूलो योगदान रहेको थियो। यस सम्बन्धमा वि.सं. २०१७ साल बैशाख २४ गते गोरखापत्र जन्मजयन्तीको अवसरमा प्रकाशित गोरखापत्रमा राजा जयपृथ्वीले वि.सं. १९५७ सालमा गोरखापत्र छापाखानाको सिर्जना गरेका थिए भन्ने उल्लेख भएबाट श्री ३ महाराज देव शम्शेरभन्दा अगाडि अर्थात वि.सं. १९५७ सालमा नै उनले गोरखापत्रको सिर्जना गरेको देखिन्छ। त्यसपछि यस पत्रिकाले वि.सं. १९५८ साल बैशाख २४ गतेदेखि अर्थात श्री ३ महाराजा देव शम्शेरको प्रधानमन्त्रित्व कालदेखि राजा जयपृथ्वीबहादुर सिंह केही समयसम्म गोरखापत्रको तैनाथवाला सञ्चालक र प्रधानसम्पादक भई यस पत्रिकालाई यथाशक्य तरक्की गरेर जनसमक्ष ल्याउन सकेको हो।

यसैबीच वि.सं. १९५८ साल श्रावण महिनामा श्री ३ देवशम्शेरलाई धनकुटा धपाई श्री ३ चन्द्र शम्शेर प्रधानमन्त्री भएका थिए। त्यस बेला पनि गोरखापत्र छापाखानांको तालुकी राजा जयपृथ्वीलाई दिइएको थियो।

राजा जयपृथ्वीबहादुर सिंह जनप्रेमी एवं राष्ट्रिय प्रजातन्त्रको पक्षपाती थिए। उनी नेपाल तथा नेपाली भाइ बन्धुको सेवा कसरी गर्ने भन्ने कुरामा सदैव दत्तचित्त भई प्रयत्नशील

थिए।

प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरले आफ्ना ज्वाईंको प्रगतिशील विचारधारालाई एउटा सीमित घेराभित्र रास्नलाई गोरखापत्र छापाखाना सञ्चालन सम्बन्धी सनद वि.सं. १९६० भाद्रमा पनि गरिदिएका थिए अर्थात् सो छापाखानाको पूरा अधिकार राजा जयपृथ्वीबहादुर सिंहलाई दिएका थिए।

माथि उल्लेख भए जस्तै आफ्नो ज्वाईंको प्रगतिशील विचारधारालाई एउटा सीमित घेराभित्र रास्नलाई प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरले गोरखापत्र छापाखानाको हुने आम्दानी समेत एकलौटी खान पाउने गरी गोरखापत्र छापाखाना जयपृथ्वीबहादुर सिंहलाई दिएका थिए।

राजा जयपृथ्वीबहादुर सिंह एक मानवतावादी व्यक्ति थिए। आफ्नो अध्ययन कालदेखि नै उनी नेपाल तथा नेपालीको समुन्नतिका लागि प्रजातान्त्रिक भावनाले प्रेरित भएका थिए। उनले आफू जहाँ गए पनि राष्ट्रियता एवं राष्ट्रप्रतिको प्रेम कहिल्यै भुलेनन्। उनलाई आफ्नो कार्यमा दक्षता, लगनशीलता बढाई जनतामा नवजागरण ल्याएर राष्ट्रमा सार्वभौमिकताको अखण्ड ज्योति जगाउनु थियो। राणा श्री ३ चन्द्र शम्शेरको सहोदर ज्वाईं भएर पनि उनी त्यस शासनका अगाडि कहिल्यै झुकेनन्। त्यसैले उनले नेपाली भाषा तथा शिक्षा प्रसारमा र गोरखापत्र छापाखानामा राष्ट्रियताको भावना लिई निष्पक्षता एवं निस्वार्थ भावले त्याग तपस्या देखाई गरेको कर्तव्यपरायणताबाट नेपाली शिक्षाको इतिहास एवं गोरखापत्र छापाखानाको इतिहासमा उनको योगदान चिरस्मरणीय रहेको छ र रहिरहने छ।

शासकसंग मतभेद र स्वदेश त्याग

राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुरले नेपालमा आफ्नो प्रभुत्व जमाई अनेक डर, धाक, लोभ र लालच देखाएर पनि नेपालका बाइसे चौबिसे राजाहरूसंग आफ्नो वैवाहिक सम्बन्ध जोडी निरंकुश शासन चलाएका थिए।

जयपृथ्वीबहादुर सिंह राणाको सहोदर ज्वाईं भए तापनि उनी राष्ट्रवादी हुनाका साथै प्रजातन्त्रका पक्षपाती भएर एकतन्त्री राणा शासनका आन्तरिक विद्रोही भएका थिए। राणा शासनदेखि अलग रहेर प्रजातान्त्रिक हृदयले उनी नेपाली भाइ-बन्धुप्रति अटल प्रेम र सद्भावना राख्दथे। उनले राणा शासनका विरूद्ध प्रजातान्त्रिक विचारधाराको प्रचार गरेकाले उनका ससुरा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरले उनलाई गोरखापत्र छापाखानाको प्रकाशनमा समेत प्रतिबन्ध लगाए। अनि वि.सं. १९५९ मा उनलाई वकील बनाई कलकत्ता पठाइयो। तर उनलाई आफ्नो मातृभूमि नेपालले तथा नेपाली जनता र राष्ट्रभाषाप्रतिको प्रेम तथा सद्भावनाले झन् नयाँ जोश र प्रेरणा दिलायो। वि.सं. १९६२ सालमा उनी कलकत्ताबाट हाते-प्रेस किनेर काठमाडौं फर्के।

वि.सं. १९६३ सालमा उनी बझाङ्गमा गएर एक वर्ष जति उहीं बसे। वि.सं १९६४ सालमा काठमाडौंमा भारदारी अड्डा स्थापित भयो। बझाङ्गबाट काठमाडौं फर्केपछि राणा

सरकारले राजा जयपृथ्वीलाई भारदारी अड्डाको सदस्यता तथा भारदारीको काम दिएको हुँदा उनले भारदारी अड्डाको काम समेत सम्हालेका थिए।

वि.सं १९६५ सालमा उनी आफ्ना ससुरा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरका साथ बेलायत गए। त्यहाँको अतिथि स्वागत समारोहमा जयपृथ्वीबहादुर सिंहको ओजस्वी परिचयबाट प्रभावित हुँदै तात्कालिक बेलायत सम्राट सप्तम एडवर्डले उनलाई कर्नेल (कोलोनेल) उपाधि प्रदान गरेको थियो। त्यसबेला राणा सरकारतर्फ श्री धीर शम्शेरका भाइ छोराहरूपि) रोलका राणाहरू बाहेक अरूहरूले जर्नेलको उपाधि पाउँदैनथे। त्यसैले राजा जयपृथ्वीबहादुर सिंहलाई पनि "जर्नेल" को उपाधि दिन रोक लगाइएको थियो।

जयपृथ्वीबहादुर सिंहको न्यायप्रिय एवं प्रजातान्त्रिक विचारधारा भएकाले राणा सरकारसंग न्याय दिने विषयमा बराबर खटपट भै नै रहन्थ्यो। वि.सं. १९७० सालमा तप्तबहादुरलाई मारेको ज्यान मुद्दामा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेर र चिफ भीम शम्शेरसंग मतभेद हुँदा जयपृथ्वीबहादुर सिंहले वडाहाकिम कुमारजङ्ग राणालाई सफाई दिई ज.जुद्ध जङ्गलाई अपराधी ठहराएका थिए। किन यस पाखे ठकुरीलाई न्याय गर्न राखेको हो भन्दै श्री ३ सरकार गर्जिए। सो मर्मभेदी बचनले जयपृथ्वीबहादुर सिंह दिउँसो सरासर घरमा आए। त्यसभन्दा अघि उनी नियमसंग बेलुकी ५ बजे मात्र घर फिर्थे।

उक्त मुद्दामा जयपृथ्वीबहादुर सिंहलाई जबरजस्ती सही गर्न वाध्य तुल्याइयो तर उनले सही गरेनन्। सुब्बा बीरेन्द्र केशरीको राय अनुसार जयपृथ्वीबहादुर सिंह केही दिन घरमा बसे तर भारादारी अड्डामा गएनन्। त्यसबेला उनलाई वर्षको रू. २७००।- भत्ता दिइएको थियो। केही समयसम्म उनी अन्यत्र कही पनि नगएर घरै (नक्साल) मा बसिरहे।

वि.सं. १९७० सालमा उनी बम्फाङमा गएर सोही चैत्र महिनामा काठमाडौं फर्के। त्यसपछि राणा सरकारसंग न्याय विषयमा पटक-पटक गडबडी भई नै रहेको र जापानको इतिहास लेख्वेको सम्बन्धमा पनि गडबडी हुँदा चित्त नबुझी उनले वि.सं. १९७३ सालमा बम्फाङ्ग राज्यको अधिकार आफ्ना बुबा श्री विक्रमबहादुर सिंहलाई सुम्पेर आफ्नो प्यारो मातृभूमि एवं नेपाली भाइबन्धुलाई छोड्न विवश हुँदै उनी अज्ञात मार्गद्वारा भारतको देहरादून तथा त्यहाँबाट नैनिताल पुगे। त्यही घर बनाइ करिब ८ वर्षसम्म बसे र त्यसपछि उनी बंगलोर गएर त्यहाँ पनि घर बनाई बसे।

इतिहास शिरोमणि श्री बाबुराम आचार्य लिखित नेपाली शिक्षाको इतिहासमा जापानी इतिहासको बृतान्तमा प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरले जयपृथ्वीबहादुर सिंहप्रति गरेको व्यवहारबारे यसरी लेखिएको छ :

"निज राजा जयपृथ्वीबहादुर सिंहले बम्फाङ्गमा पठाउनलाई छपाई राखेका केही पाठ्य पुस्तकहरू मध्ये एउटामा जापानको उत्थानको वृतान्त लेख्दा, शोगुनहरूले मिकादीहरूलाई कैदी राजा बनाई निरंकुश शासन चलाई रहँदा विदेशमा शिक्षा पाएर आएका विद्यार्थीहरूले विद्रोह मचाई शोगुनहरूको निरंकुश शासन तोडेको बयान लेखिएको थियो। यी

पुस्तकहरू काठमाडौंमा विक्री वितरण गरिएका थिएनन् तापनि गुप्तचरहरूले कुनै तरहबाट त्यो जापानको वृतान्त लेखिएको पुस्तक लगेर "नगर"गराउँदा झसंग भए। जापानका शोगुन जस्तै भएर आफूरहेका हुनाले विद्यार्थीहरूलाई भड्काएर क्रान्ति मचाउने उद्देश्यले यो पाठ्यपुस्तक लेखिएको रहेछ भन्ने तर्कना गरी लेखक भएको जयपृथ्वीबहादुर सिंह उपर कोप प्रकट गरियो। तर यी कुरा बाहिर निस्कन पाएन तापनि ज्वाई ससुरा वीचमा फाटो पऱ्यो र जयपृथ्वीबहादुर सिंह नेपाली शिक्षा प्रचारको काम बन्द गरेर विस्तार-विस्तार गरी नेपाल नै छोडी दिए।"

विदेशतिर गए पनि श्री ३ चन्द्र शम्शेरले छोरी, ज्वाईका लागि बंगलोरमा घर बनाई सम्पूर्ण व्यवस्था मिलाइदिएका थिए, तर जयपृथ्वीबहादुर सिंह राणाको धन पैसाको चहकमहकले कति पनि नडगेर स्वतन्त्रतापूर्वक काम गरिरहे।

यी थिए जयपृथ्वीबहादुर सिंहका ओजस्वी व्यक्तित्वका महान् विचारहरू, यी थिए देशभक्तिको लागि महान् त्याग र तपस्या।

मानव अधिकारवादीको रूपमा जयपृथ्वी

जयपृथ्वीबहादुर सिंह राजसी सम्मानले युक्त भए तापनि उनले राजसी ठाँट र राजसी प्रभुत्व कहिल्यै देखाएनन्। उनी जहिले पनि नेपाली भाइ-बन्धुहरूको तथा मानव कल्याणका लागि चिन्तित हुन्थे। उनले नेपालमा छँदा जसरी गोरखापत्र र नेपाली भाषा तथा शिक्षा प्रचारको शुभारम्भ गरी नेपाली भाइबन्धुको हितका लागि मानवीय विचारधारा अंगालेका थिए, उसरी नै विदेश गएर पनि उनले नेपालमा नेपाली भाइबन्धुहरूको हितका लागि नेपालमा प्रजातन्त्र ल्याउन सदैव मनन गरिरहन्थे।

बंगलोरमा छँदा उनले राष्ट्रिपिता श्री ५ त्रिभूवनसंग सम्पर्क राखी नेपालमा प्रजातन्त्र स्थापना गर्न प्रयास गरेको कुरा उल्लेख पाइन्छ। "महेन्द्र वीरविक्रम शाह नेपाली राजदूत भई भारतको राजधानी दिल्लीमा बस्दा उनको जुन जीवनी गोरखापत्रमा प्रकाशित भएको छ त्यसमा पनि सो कुराको उल्लेख गरिएको छ" भन्ने कुरा लेखिएको पाइन्छ।

मानवतावादी उदार नेता जयपृथ्वीबहादुर सिंह मानव जातिको अभ्युदयका निम्ति निरन्तर प्रयत्नशील थिए। उनले विश्वका सबै राष्ट्रहरू तथा महान् पुरूषहरूबाट विश्वका राष्ट्रहरूमा भइरहेका परस्परका विरोधहरू एवं सम्पूर्ण धर्मक)रतालाई उन्मुलन गरेर परस्परमा मित्रता एवं एकता राखी विश्व शान्ति र विश्व भातृत्व कायम गर्ने उद्देश्यले भारतको जय भवन बंगलोरमा "मानवतावादी संघ" (Humanistic club) को स्थापना गरे

त्यसपछि उनले मानवतावादी संघ बारे संगठनका लागि सन् १९२९ (वि.सं. १९८६) मा कायरो, जेनेभा, जर्मनी, पारागुए, भियना, बुडापेस्ट, बेल्ग्रेड, बुखारेस्ट, पोलैण्ड (रूसमा सन्देश मात्र पठाएको) फ्रान्स, बेलायत आदि विभिन्न ठाउँहरूको भ्रमण गरे। त्यहाँ उनले आफ्नो "मानवतावादी संघबारे" जानकारी गराएका थिए।

जेनेभामा उनले La Selle De I' Athene's मा त्यहाँका वरिष्ट व्यक्तिहरूको प्रवचन वीच दिएका थिए।

बेलायत भ्रमण

जयपृथ्वीबहादुर सिंहलाई नेपालको राणा शासनले गर्दा नेपालमा आउने विचारसम्म पनि भएन। उनी एकपल्ट आफ्ना ससुरा श्री ३ शम्शेरलाई भेट गर्न भनी कलकत्तासम्म आए, तर त्यहीबाट फर्केर वि.स. १९८४ सालमा उनले पाण्डेचरी फ्रेंच शासनबाट राहदानी (Passport) लिई बम्बई बन्दरगाहबाट जाहाज चढेर बेलाइततिर लागे।

त्यसबेला बेलायत जाँदा भेष बदलेर गएका थिए जसबाट उनी बेलायत गएको कुरा कसैलाई केही पत्ता नै भएन। बेलाइत गइसकेपछि उनका ससुरा श्री ३ चन्द्र शम्शेरले उनको खोजी गर्दा कही पनि पत्ता नलागेकोले ज्वाई जयपृथ्वीबहादुर सिंहको पत्ता लगाई मेरा हजुरमा दाखिल गर्नेलाई रू. ५०००।– इनाम स्वरूप दिइनेछ भन्ने विभिन्न ठाउँमा प्रचार गर्न लगाएका थिए। तर नेपाल तथा भारतमा विभिन्न ठाउँमा खोज तलास गरी मुश्किलले बम्बई बन्दरगाहमा उनको राहदानीको फोटो फेला पर्दा जयपृथ्वीबहादुर सिंह बेलाइत गएका रहेछन् भन्ने बुझियो।

यस प्रकारको खोजतलासले गर्दा जयपृथ्वीबहादुर सिंहलाई उनको प्रगतिशील विचारधारा एवं सत्यताको नीतिले नै श्री ३ चन्द्र शम्शेरले उनलाई नेपालमा बोलाउन पठाएका थिए भन्ने कुरा झल्कन्छ।

बेलायतमा ६ महिना जति बसेर जयपृथ्वीबहादुर सिंह बंगलोर फर्के। आफूलाई नसोधी बेलाइत गएकोमा श्री ३ चन्द्र शम्शेरले उनलाई पानीबट अलग गराए।' तर महारानी र अरू सन्तानलाई भने पानीबाट अलग गराएनन्। पछि तिम्रो पतीया गरिदिन्छौं, नेपालमा आऊ भनी उनलाई खबर पनि पठाइएको थियो तर जयपृथ्वीबहादुर सिंह मानवतावादी सिद्धान्तमा अडिग भएर रहे।

विश्व भ्रमण

प्रथम विश्वयुद्धको खतिबाट भयभीत भएर शान्ति एवं सम्झौताद्वारा सबै वादविवादहरू हटाइ युद्धलाई अन्त गर्ने उद्देश्यले सन् १९२० (वि.सं. १९७७) मा प्रथम राष्ट्रसंघ (League of Nation) को स्थापना भएको थियो। तर यस राष्ट्रसंघबाट राष्ट्रहरूको परस्परमा अशान्ति कलहलाई रोक्ने प्रयास सफल हुन सकेन।

१९२९ मा विश्व भ्रमणकै त्रक्रममा जयपृथ्वीबहादुर सिंहलाई रूस सरकारले सोभियत रूसमा प्रवेश गर्ने अनुमति नदिएकोमा उनले आफ्नो भ्रमणको उद्देश्य अर्थात् "मानवतावाद" (Humanism) बारे विस्तृत कुरा उल्लेख गरेर पोलैण्ड (वार्सा) स्थित सोभियत राजदूतावास मार्फत् सोभियत सरकारलाई एउटा सन्देश पठाएका थिए जसमा उनले लेखेका थिए –

"मलाई मानववाद वा मानव सबै एक हो भन्ने सिद्धान्तमा विश्वास भए तापनि मानव समाजमा एवं मालिक र अर्को दासीको भावना प्रस्फुटीत भएको देखिन्छ। म त अवश्य मान्दछु कि काम गर्नको निमित्त नियम र कानूनरू चाहिन्छ। नियम र कानूनहरू भएन भने त्यो मनुष्य समाजबाट पशु समाजमा गिरेको भन्नुपर्छ जहाँ समाजलाई काम गर्न र बस्न नियम लागु हुँदैन। यदि मानिसहरू पशुतुल्य व्यवहार गरी साना-साना चिजवस्तुहरू जस्तै राम्री केटी पाउनको लागि, एक टुक्रा रोटीको लागि, रामो लुगाको लागि पनि झगडा गर्न लाग्यो भने मानव समाज छिटै नै पतन भई यसको अस्तित्व पनि रहने छैन। यदि मानिसलाई समानताको सुविधा उपलब्धी भयो भने म जुनसुकै प्रकारको विधान र सरकारलाई मान्न तयार छु जुन समाजको सुरक्षा र आत्म निर्भताको लागि अत्यन्त जरूरी छ।"

त्यसपछि त्यहाँ (वार्सा) बाट जयपृथ्वीबहादुर सिंह जर्मनी (बर्लिन), फ्रान्स (पेरिस), बेलाइत आदि ठाउँहरूको भ्रमण गरी भेनाइस, आइसलैण्ड (लिडो), रोमाबट इजिष्ट, सिलोन, सिंगापुर, श्याम, हङ्गकङ्ग, संघाइ र जापानका केही शहरहरूको भ्रमण गरेर सन् १९२९ सेप्टेम्बर ४ मा कोलम्बो हुँदै ऐ सेप्टेम्बर ७ मा बंगलोर (भारत) फर्केका थिए। यसपछि उनले आफूले पश्चिमी देशहरूको भ्रमण गर्दा र आफ्नो "मानव अधिकारवादी संघ" को नीति र उद्देश्यहरू बताउँदा त्यहाँ के कस्तो प्रभाव रह्यो र त्यसप्रति उनीहरूको धारणा के रह्यो र उनीहरू आफ्नो धारणा के कस्तो रह्यो भन्ने विषयमा आफ्ना संघका सदस्यहरूलाई जानकारी दिए।

यस्तै गरी १४ जनवरी १९३० मा आफ्नो मानवाधिकार संघमा सदस्य तथा अन्य व्यक्तिहरूलाई मानवताको प्रचार प्रचारको योजना बारे प्रष्ट गरे।

त्यस पछि जयपृथ्वीबहादुर सिंहले उक्त भ्रमण गरिएका विभिन्न राष्ट्रहरूमा "मानवतावाद" (Humanism) बारे पत्रको आदान-प्रदान गरेको पाइन्छ।

जयपृथ्वीबहादुर सिंहले वि.सं. १९८८ (सन् १९३१० सालमा आफ्नो "मानवतावादी संघ"(Humanistic club, Banglore) बाट "शान्तिको झण्डा" (The Flae of peace) शीर्षक पुस्तिका प्रकाशन गरेका थिए। उक्त पुस्तकमा विभिन्न धर्म र राष्ट्रियताको चर्चा गर्दै "मानवतावादी"बारे ४ वटा गीत तथा नाटक (Song of Guide) को रचना गरिएको छ।

उक्त गीत तथा नाटकको आरम्भ निम्न लिखित भावहरूद्वारा रचना गरिएको छ। जस्तै :

(१) "यदि तिमी एक दोस्रोका साथ सहयोगात्मक भावना राख्दछौ भने तिम्रो व्यवहार सफल हुनेछ।"

(२) "यदि तिमी आत्म शान्ति र एकताको भावले उन्नतितिर लाग्यौं भने तिम्रो आत्म रक्षा निश्चय नै स्थिर रहनेछ र तिम्रो पहिलो प्रतिफल प्रशन्नता तथा आनन्द हुनेछ।"

(३) "सम्पूर्ण जाति (वर्ण) तथा धर्मको भेदभावनालाई एक सूत्रमा मिलाएर धर्म, वर्ण, रंग र देशभक्तीमा मनुष्यत्वको व्यावहारिक ज्ञान दिलाई शान्ति र एकताको मार्गमा लागौं।"

श्री ३ चन्द्र शम्शेरको मृत्युपछि श्री ३ भीम शम्शेरको पालामा जयपृथ्वीबहादुर सिंह नेपालमा आएका थिए। श्री ३ भीम शम्शेरले जयपृथ्वीबहादुर सिंहको स्वागत गरे, अनी भीम शम्शेरको वैठकमा जयपृथ्वीबहादुर सिंहले "मानवतावाद"(Humanism) बारे भाषण गरेका थिए। त्यसपछि उनी बंगलोर फर्के।

विशेष गरी उनले अमेरिका (सन् १९३३) मा करिव ६ महिनासम्म बसी सिकागो शहरमा आयोजित धार्मिक सभामा "मानवतावाद" विषयमा भाषण गरी प्राच्य दर्शनको निकै इज्जत बढाएका थिए। त्यसैबाट अमेरिकी जनताले उनीप्रति ठूलो श्रद्धा देखाएका थिए। साथै निसस्त्रीकरण विषयमा पनि उनको जोडदार भाषण थियो। शिकागो शहरमा रहेको नभई विश्वमा शान्ति हुन सक्तैन भन्ने उनको सिद्धान्त थियो। शिकागो शहरमा रहेको World Fellowship of Faiths ले उनको स्वागत गर्दा त्यस सभा पनि मानव अधिकार सम्बन्धी आफ्नो धारणा राख्वेको थिए। शिकागोको The National Brodacasting company मा लिइएको रेडियो अन्तर्वार्तामा पनि उनले मानव अधिकारप्रति आफ्नो धारणा र सिद्धान्त बारेमा बोलेका थिए।

उनी करिव ९ महिनासम्म जापानमा बसेका थिए। त्यहाँ बस्दा उनले जापानले गरेको प्रगति र त्यहाँको सम्पूर्ण वस्तुस्थितिको अध्ययन गरेको र जापानका जनताहरूमा पाइने देशभक्ति, एकता एवं स्वाबलम्बनको भावना तथा धार्मिक प्रवृत्तिबाट जापानलाई निकै रूचाएका थिए।

उक्त "मानवतावादी" (Humanism) विषयमा उनले "The World fellowship of faith" नामक पुस्तक छपाउनुका साथै "मानवतावाद" विषयका धेरै पुस्तकहरू लेखी प्रकाशित गरेका र उनले विभिन्न ठाउँमा गरेका "मानवतावाद" सम्बन्धी प्रवचनहरू छन्।

जे.पी. इन्स्टिच्युट

जयपृथ्वीबहादुर सिंहको संरक्षकत्वमा बर्मा (रंगुन) मा (J.P.Institute) "जयपृथ्वी संस्था" को स्थापना गरिएको थियो। यसको सफलताका लागि जयपृथ्वीबहादुर सिंहको आह्वानमा प्रेम र मानवताको सेवामा प्रेरित भएर त्यहाँका विशिष्ट समाजसेवी एवं कर्मठ कार्यकर्ताहरूले आफ्नो कर्तव्य र श्रमको योगदान दिएका थिए। त्यस संस्था अन्तर्गत औषधिको सेवा उपलब्ध गराउन निःशुल्क सैनिक चिकित्सालय र स-साना बालकहरूको निम्ति नर्सरी स्कूलको व्यवस्था एवं ती केटाकेटीहरूको लागि प्रारम्भिक पाठशाला र "मानवतावाद"सम्बन्धी सिद्धान्तहरूबारे उपेदश दिनका लागि "मानवतावाद"मण्डली राखिएको थियो।

मानवतावादी जयपृथ्वीबहादुर सिंह मानव कर्मको पूर्ण प्रेरक थिए। मानव सेवाका लागि विभिन्न ठाउँमा स्थापना गरेका "मानवतावादसंघ"तथा बर्माको रंगुनमा (J.P. Institute) जे.पी. संस्थाको नामाकरण गरी स्थापना गरिएको पवित्र संस्थालाई सुचारू रूपले संचालन गर्न

आफ्नो तन, मन, धन अर्पण गरेका थिए।

सन् १९३६ नोभेम्बर १५ मा जयपृथ्वीबहादुर सिंहबाट जे.पी इन्स्टिच्यूट मेमीयोमा आयोजित "विश्य धर्म भातृत्व" (The world fellowship of faith) शाखाको उद्घाटन समारोहमा समारोहका अध्यक्ष उ म्या उ एफ आर.जी.एस. बार-एट्-लले जयपृथ्वीबहादुर सिंहको महान् व्यक्तित्वको परिचय गराएका थिए।

त्यतिखेर प्रकाशित "Humnist"पत्रिकामा जयपृथ्वीबहादुर सिंहको परिचय यसरी दिइएको थियो -

"संयोगवस सन् १९३३ मा संयुक्त राज्य अमेरिकाको सिकागोमा आयोजित विशाल सभामा पहिलो विश्व भातृत्व संघ स्थापना गरिएको थियो। त्यस अवसरमा विश्वका विभिन्न स्थानबाट बौद्ध, कन्फ्युसियन, हिन्दू, जैन, स्वीस, मोहम्मद, शिन्तो, शिक्स्व, तावो, जोराष्ट्रियन, क्रिश्चियत समेत सम्पूर्ण विश्व धर्मका प्रतिनिधिहरू र केही संख्यामा विशिष्ट व्यक्ति (धर्मावलम्बी) हरूले भाग लिए। यसबेला विश्वका धेरैजसो महान् व्यक्तिहरूले विश्व शान्तिका लागि प्रयत्न गरेका थिए। ती श्रेष्ठ पुरूषहरू मध्ये आफ्नो विचारधारा दिएर उक्त बृहद् सभाको सफलताको लागि बहुमुल्य समय दिई पूर्ण सहयोग दिने बभ्राङ्ग नेपालका दार्शनिक जयपृथ्वीबहादुर सिंहलाई आज यहाँ आयोजित पुनित संस्थाको उद्घाटनका लागि आमन्त्रण गरेको छु। साहेब हामीहरूका लागि अपरिचित व्यक्ति हुनुहुन्न। उहाँ करिव ३ महिना अघि केही दिनका लागि हाम्रा वीचमा आउनुभई हामी मेमियोका जनताहरूद्वारा उहाँको सम्मानमा स्वागत गरिएको थियो। त्यसबेला मैले साहेबको व्यक्तित्व र सामाजिक उत्थानका लागि उहाँको त्याग तपश्या बारे जानकारी गराएको थिएँ।

"उहाँले जनताहरूको दुःख दर्द देखी असहय भएर २७ वर्षसम्म चलाएको राज्य आफ्ना भाइलाई सुम्पी सिद्धार्थ भगवानले जस्तै दुःखीहरूको उद्धारको बाटो खोजेर विश्व जनसमुदायमा शान्ति, सहिष्णुता एवं भाइचाराको नारा फैलाउन आफ्नो राज्य परित्याग गर्नुभयो।"

"मलाई दृढ विश्वास छ कि साहेबको आत्मत्या र निस्वार्थपनले पवित्र साधनहरूद्वारा ज्ञानको प्रवाह विस्तार गर्नुहुनेछ .....।"

उक्त समारोहमा जयपृथ्वीबहादुर सिंहले विभिन्न ठाउँको वस्तुस्थितिको अध्ययन र "विश्व भातृत्व" बारे आफ्नो महत्वपूर्ण भाषण दिएको पाइन्छ।

द्वितीय विश्व युद्ध र जयपृथ्वीबहादुर सिंह

विश्व शान्ति वार्तामा जे जति समस्याहरूलाई सुल्झाइयो, ती भन्दा पनि धेरै समस्याहरू उत्पन्न भइरहेका थिए। राष्ट्रसंघ (League of Nations) को माध्यमद्वारा "सामुहिक सुरक्षा" प्रणालीबाट जे जति आशा गरिएको थियो, त्यो सबै निष्फल भएको थियो।

राष्ट्रसंघ (League of Nations) का सदस्य राष्ट्रहरूद्वारा अन्तर्राष्ट्रिय हितको

उपेक्षा गरी राष्ट्रिय हीतका निम्ति आर्थिक प्राथमिकता दिनाको कारणले राष्ट्र संघ धेरै नै असक्षम भएको थियो। यसप्रकार राष्ट्रसंघको असक्षमता एवं दूर्वलताको पहिलो परिचय त्यस समयमा पाइयो, जब जापानले आफ्नो अधिकारको चूनौति र आफ्नो विस्तारवादी नीतिमाथि अम्मल गर्न शुरू गऱ्यो।

मनवतावादी विश्व शान्तिका पुजारी जयपृथ्वीबहादुर सिंहले सन् १९३५ (वि.सं. १९२२) मा अहिंसावादी अविसिनियामाथि इटलीद्वारा गरिएको आक्रमणको अनाधिकार युद्ध र राजनैतिक अत्याचारका विरूद्ध, विश्व इतिहासको यस संकटको बेलामा परस्परमा शान्तिको रक्षा, एकता र साझा स्थिति ल्याउन अर्थात विश्व शान्तिका लागि महान् प्रयत्न गरेका थिए।

अविसिनियाको लडाइँमा एकसेसियामा भएको ज्यादै अन्याय अत्याचारबाट उनलाई मानवीय करूणा उत्पन्न भयो। मानवको त्यत्रो व्यापक हत्या जयपृथ्वीबहादुर सिंहका निमित्त असह्य भयो। उहाँमा अविसिनियावासीहरूलाई कुनै प्रकारले भए पनि सहायता गर्ने उत्कृट अभिलाषा जागेर आयो। तर भारतमा अंग्रेजको राज्य थियो। आक्रामक इटली अंग्रेजको मित्र थियो। यस अवस्थामा अविसिनिया पुग्ने कसरी ?

जयपृथ्वीबहादुर सिंह सम्राट हेलेसिलासी तात्कालिक (राष्ट्रसंघ) समक्ष विश्वको नेतिक समर्थन मागे। तर पश्चिमी राष्ट्रको पूर्ण नियन्त्रणमा रहेको राष्ट्र संघले इटलीका विरूद्ध केही गर्न सकेन। राणाहरूबाट पासपोर्ट पाइने सम्भावना थिएन। पाइए पनि अंग्रेजले अविसिनिया जान दिने थिएन। कुनै किसिमले एक नकली जापानी पासपोर्ट लिन सफल भए। जापानबाट लगभग ५ हजार डलरको ग्यास-मास्क किनेर उनी अविसिनियावासीहरूको सहायताका निमित्त अविसिवावातर्फ प्रस्तथान गरे। उनले अविसिनियामा ग्यास-मास्क वितरण गरेर धेरै अविसिनियावासीहरूको ज्यान बचाउन मद्दत गरे। तर इटलीको बढ्दो सामरिक शक्तिका अगाडि अविसिनिया कति दिन टिक्न सक्थ्यो र ? अविसिनियाले आत्मसर्पण गऱ्यो। जयपृथ्वीबहादुर सिंह युद्धवन्दी बनाइए। पछि अंग्रेजहरूको मध्यस्थताबाट उनी छुटे।

त्यसबेला अमानुषिक लडाईमा भएको वम वर्षाले गर्दा जयपृथ्वीबहादुर सिंहलाई हृदय रोगले आक्रमण गरी स्वास्थ ज्यादै विग्रिसकेकोले उनी बंगलोर फर्के।

मृत्यूः

सन् १९३८ मा यूरोपमाथि युद्धको बादल गर्जिरहेको थियो। (सन् १९३५ म) अविसिनियामाथि इटलीको आक्रमण, जर्मनद्वारा असैनिक क्षेत्रमाथि अधिकार एवं अष्ट्रियाको राज्यापहरण, स्पेनको गृह युद्धमा विदेशी हस्तक्षेप आदि जस्ता घटनाहरूले के सिद्ध गरिदियो भने अन्तर्राष्ट्रिय क्षेत्रमा "जसको बल उसको थल" भन्ने कानून चलिरहेको थियो। जनवाद र राजनैतिक एवं व्यक्तिगत स्वतन्त्रता खतरामा परिरहेको र सामन्तवादी सरकारहरूले आ-आफ्ना देशमा सारा विरोधीहरूलाई खु)ा मुन्तिर दवाइ राखेका थिए। उनीहरू युद्धको पूरा तयारीका साथ दोस्रो देशमाथि आक्रमण गर्न मौका हेरिरहेका थिए। कसैलाई केही थाहा

थिएन, कहाँबाट, कुन बेला, कसमाथि आक्रमण हुन्छ। यसकारण समस्त विश्वमा नै अन्धकारमय युग आए झैं भयावह स्थिति पैदा भइरहेको थियो। युद्धको खतरा जति-जति बढ्दै गयो, उति-उति हिंसाका शक्तिहरू पनि बलिष्ट हुँदै गए।

द्वितीय विश्व युद्धका साथ यता समग्र भारतमा पनि अंग्रेज शासनका विरूद्ध भारतीय जनआन्दोलन चलिरहेको थियो। जयपृथ्वीबहादुर सिंह पनि अंग्रेजी शासन तथा अंग्रेजी शिक्षाले गर्दा भारतीय जनताको राष्ट्रियतामा चोट परिरहेको अनुभवबाट राष्ट्रियताको मुलतत्व, राष्ट्रभाषा, धर्म, रहनसहन र ऐतिहासिक परम्पराको एकतालाई बरबाद गरिदिएको देखेर उनी त्यसका विरोधी भएका र नेपालमा राणा शासनका विरूद्ध काम गरेकाले तत्कालीन अंग्रेज सरकारका गुलाम राणा शासक र अंग्रेज सरकारको आपसी गुटबन्दीका कारण उनलाई करिव १ वर्षसम्म बंगलोरबाट अन्त जान नपाउने गरी राजनैतिक नजरबन्द गराई राखिएको थियो।

जसको त्याग र निस्वार्थताले विभिन्न राष्ट्रहरू तथा मानव जातिको उपद्रव, पक्षपात, वीचमा अभाव, विरोधाभास, क)र राष्ट्रवाद अज्ञान घृणा र डरत्रास आदि जस्ता अनेकौं समस्याहरूको समाधानमा तीब्र प्रकाश ल्याउन सच्चा मार्गको निर्माण हुन लागेको थियो।

वि.सं. १९९७ साल आश्विन १ गते पूर्णिमाका दिन मानवतावादी शान्तिका पुजारी जयपृथ्वीबहादुर सिंहले नेपाल मातृभूमि एवं विश्वका मानव जातिका माथि रहेको अटुट सेवाका कृतिहरू यस संसारमा छोडेर ६३ वर्षको उमेरमा विदा भए।

मानवतावादी जयपृथ्वीबहादुर सिंह नेपाल मातृभूमिलाई आफ्नो व्यक्तिगत भर र विश्वलाई मातृभूमिको दृष्टिकोण राख्दथे। साथै नेपाली भाइ बन्धुहरूलाई आफ्नो एक घर परिवार र विश्वका मानव जातिलाई एक मित्रको दृष्टिकोण राख्तथे।

अतः जयपृथ्वीबहादुर सिंहले नेपाल तथा विश्वका सम्पूर्ण मानव जातिको समुन्नतिका लागि पवित्र आकांक्षा एवं मानव जातिको सेवामा आफ्नो तन, मन र धन समेत खर्च गरी स्वयं सेवक भएर अनेकौं महान् कार्यहरू गर्दागर्दै उनको दुखद अवस्थामा देहावसान भएको थियो।

"मानवतावादी जयपृथ्वीबहादुर सिंहले सर्वप्रथम नेपाली भाषा प्रसारमा नेपाली जनताको समुन्नति एवं स्वतन्त्रता र विश्व शान्तिका लागि गरेका अमर, कार्यकृतिहरू संसारको इतिहासमा प्रकाश नभएता पनि उनका जीवनका सम्पूर्ण कार्यकृतिहरूको अनुसन्धान गर्दा उनको सिद्धान्त र लक्ष्य हेर्दा द्वितीय विश्वयुद्धपछि घटेका विश्वका राजनैतिक घटनाहरूले निःसन्देह उनको सिद्धान्त एवं कार्यलक्ष्य एकदमै सामयिक र यथार्थ आधारित थिए भन्ने कुरा प्रमाणित रूपमा देखा परेका छन्।

सन् १९३३ (वि.सं. १९९०) मा विश्व भ्रमण गर्दा सर्वप्रथम अमेरिकाको शिकागो शहरमा आयोजित धार्मिक सभामा उनले निसस्त्रीकरण विषयमा गरेको भाषण एवं उनको

सिद्धान्तबाट सन् १९३४ (वि.सं. १९९१) देखि शान्ति सम्झौता गर्न हुने गरेको निस्त्रीकरणको सम्मेलन यिनकै अग्रिम प्रयासको उपलब्धी र त्यसबाट राष्ट्रहरूका लागि शान्तिको आधारशीला बन्न गएको छ।

साथै द्वितीय विश्व युद्धपछि अर्थात् सन् १९४६(वि.सं. २००३) मा राष्ट्रसंघ (League of Nations) लाई खारेज गरी "मानवतावादी संघ" (Humanistic club) मा सम्मिलित महान् राष्ट्रहरू तथा अमेरिकाका राष्ट्रपति श्री फ्रैंकलिन ड. रूजवेल्ट र ब्रिटेनका प्रधानमन्त्री श्री विन्सटन एस. चर्चिलको प्रयत्नद्वारा ४७ राष्ट्रहरू मिलेर "संयुक्त राष्ट्रसंघ" (U.N.O.) को स्थापना गरिएको हो जसमा जयपृथ्वीबहादुर सिंहबाट स्थापित "मानवतावादी संघ" (Humanistic club) को सिद्धान्त प्रतिबिम्बित भएको देखिन्छ।

जयपृथ्वीबहादुर सिंहले मानवता, धैर्यता एवं कर्तव्यपरायणताका साथ विश्वका राष्ट्रहरूलाई समेत महान् प्रेरणाद्वारा जागृति गराई "विश्व भातृत्व" को भावना जगाएका थिए।

जयपृथ्वीबहादुर सिंह नेपालमा मात्र हैन, सम्पूर्ण विश्वका राष्ट्रहरूको परस्परमा शान्ति र एकता कायम राख्ती मानव कल्याणमै संलग्न रही विश्वको आन्तरिक शक्तिले उनलाई मानव सेवामा प्रेरित गरेको हुँदा उनलाई "मानववादी" भनेर उल्लेख गरिएको हो। किनभने उनीसंग नेपाल र नेपालीको मात्र हैन विश्वको समेत नैतिक सम्बन्ध रहेको छ। उनको ऐतिहासिक जीवनी वर्तमान विश्वबाट अपरिचित जस्तो भए ता पनि उनकै सिद्धान्त एवं उद्देश्यले विश्वको इतिहासमा अविस्मरणीय योगदान रहेको छ र चिरकालसम्म रहनेछ।

सन् १९३६ मा ब्रह्म संगुन (मेमियो) मा "विश्व धर्म भातृत्व" शाखाको उद्घाटन समारोहका अध्यक्षको वक्तव्यमा जयपृथ्वीबहादुर सिंह बारे उनको महान् व्यक्तित्वको परिचय दिंदै अर्थात् "गौतम बुद्ध" का रूपमा उदाहरण दिइएको छ।

त्यसपछि उनको मृत्युबारे मद्रासको प्रसिद्ध हिन्दूअंग्रेजी पत्रिकाले समेत "दोस्रो गौतम बुद्धको मृत्यु भयो" भनेर टिप्पणी लेखेको थियो।

यसप्रकार विश्व ख्याती महान् व्यक्तिको व्यक्तित्व बारे विभिन्न राष्ट्रका विशिष्ट व्यक्तिहरूको प्रवचन र विभिन्न पत्रपत्रिकाहरूद्वारा पनि पूरा परिचय दिइएको छ। जयपृथ्वीबहादुर सिंहले विश्व शान्ति एवं मानव कल्याणमै आफ्नो जीवन उत्सर्ग गरेका थिए।

३. नेपालका संविधानहरूमा मानव अधिकारको स्थिति

उपचारको प्रभावकारी व्यवस्था नभएका हकहरू वैधानिक हकहरू हुन सक्दैनन्। कानूनद्वारा अधिकारहरूको प्रभावशाली उपचार गरिएन भने त्यस्ता हकहरू आर्दश मात्र मानिन्छन् र यथार्थमा तिनीहरूको व्यवहारिक महत्व हुँदैन। मानवअधिकारको विश्वव्यापी घोषणा पत्रले मानवका आधारभूत अधिकारहरूको मापदण्ड तयार गर्नसम्म सफल भयो, जुन कार्य त्यसबेलाको समकालीन परिस्थितिमा एउटा क्रान्तिकारी कदम थियो। प्रथम र द्वितीय विश्वयुद्ध जस्ता भयानक विनाशकारी घटनाको सम्झना मानव मस्तिकमा ताजै थियो। त्यस

कारण मानवअधिकार मौलिक स्वतन्त्रताको पूर्ण प्राप्ती विना युद्ध अवश्यंभावी हुन्छ भन्ने तथ्यसंग मानिसहरू सचेत भैसकेका थिए। मानवअधिकारको घोषणा पत्रले मानवअधिकारको पालनामा राष्ट्रहरूलाई स्पष्ट दायित्व सुम्पेको थिएन। यस्तो परिस्थितिमा पुनः विश्वयुद्ध हुन सक्ने संभावना तर्फ मानिसको ध्यान केन्द्रित हुन थाल्यो। द्वितीय विश्वयुद्ध जसमा असंख्य यहुदीहरू र अल्पसंख्यकहरूलाई नाजी जर्मनीले बर्बर यस हत्या गरेका थिए। भन्दा त्यसपछिका दिनहरूमा हुने युद्ध निकै भयावह हुन सक्ने कुरामा मानिसहरू विश्वस्त थिए। आधुनिक हातहतियारको चरम होडबाजीले सृजना गरेका नवीन उपकरणहरूद्वारा गरिने युद्ध अवश्य पनि द्वितीय विश्वयुद्ध भन्दा कैयौं गुणा खतरनाक हुनेछ भन्ने कुरा १९४५ को अगस्तमा जापानको Heroshima मा भएको दुईवटा वम विस्फोटनबाट सिद्ध भएको थियो। उक्त वम विस्फोटनबाट पहिलो ५ महिनामा नै २, ००,००० व्यक्ति हताहत भए, अरू १,००,००० जना घाइते भए भन्ने असंख्य मानिसहरूमा त्यसको विकीरणले प्रभाव पाऱ्यो। (Dis aramant United Nations 112) व्यापक मानवअधिकारको हनन मानव मस्तिष्कमा उब्जेको युद्धको भावनाबाट आरम्भ हुन्छ भन्ने सोचाईको विकास भैसकेको हुँदा मानिसको मस्तिष्क मै शान्तिको प्रतिरक्षाको भावना जगाउने उद्देश्यले विभिन्न प्रयासहरू चालिन थाले। मानवअधिकारको संरक्षणको लागि उपचारात्मक अन्तर्राष्ट्रिय कदम शुरू देखि नै चालिए पनि धेरै पछि मात्र यसले व्यवहारिक रूप धारण गऱ्यो। फलस्वरूप मानवअधिकारको घोषणा पश्चात् नै विभिन्न क्षेत्रीय तथा राष्ट्रिय न्यायहरूद्वारा मानवाधिकार तथा मौलिक स्वतन्त्रताको रक्षा गरिन थालियो।

मानव अधिकारको संरक्षणको लागि अन्तर्राष्ट्रिय उपाय भन्दा क्षेत्रीय उपाय र क्षेत्रीय उपाय भन्दा राष्ट्रिय उपाय बढी सफल एवं प्रभावकारी हुने कुरामा शंका मान्नु नपर्ने तथ्य यसको व्यावहारिक उपयोगबाट सिद्ध हुन्छ। राज्यको सार्वभौमसत्ताको नियम तथा आन्तरिक क्षेत्राधिकारका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनमा स्पष्ट धारणा नहुँदा कुनै नागरिकहरूको लागि तिनै अधिकार मात्र प्राप्त हुन्छन् जो त्यस देशको संविधान र कानूनले प्रदान गरेको छ। यस्ता हकहरू व्यक्तिलाई मौलिक हक तथा नागरिक अधिकारको रूपमा प्राप्त हुन्छन्। नेपाल पनि एउटा अन्तर्राष्ट्रिय समुदायमा अश्तित्व वोध गराउने स्वतन्त्र एवं सार्वभौम सत्ता सम्पन्न देश भएकोले यहाँको कानूनी परिपाटीमा के कति मानव अधिकारसंग सम्बन्धित अधिकारहरूलाई संरक्षण गरिएको छ, त्यसका बारेमा अत्यन्त छोटो एवं टिप्पणी मूलक चर्चा चलाउन यहाँ सान्दर्भिक देखिन्छ। यद्यपि एउटा अन्तर्राष्ट्रिय अवधारणासंग सम्बन्धित विस्तृत क्षेत्राधिकार ओगटेको विषयसंग सम्बन्धित शोधपत्रमा नेपालमा मानवअधिकारको संरक्षणमा चालिएका कदमहरू र तिनीहरूका कमजोरीहरूलाई विस्तृत रूपमा औंल्याउन कठिन परे तापनि वर्तमान सन्दर्भमा नेपालको परिप्रेक्ष्यमा मानवअधिकारको प्रसंगलाई केही रूपमा औंल्याउनु यस लेखनको उद्देश्य रहेको छ।

यद्यपि मानवाधिकारको वर्तमान धारणा पश्चिमी राष्ट्रहरूद्वारा विकसित गरिएको हो

तापनि हिन्दू संस्कृतिका ग्रन्थहरूमा पनि यस सम्बन्धी केही गुन्जाइस पाइन्छ। धार्मिक युगमा कानूनको स्थान धर्मले लिएको हुँदा मानवाधिकार सम्बन्धी विषयहरू धर्मद्वारा नै निर्देशित थिए, चाहे जानेर होस् वा अनजानमा नै किन नहोस्। तर स्वयं धर्मको नाममा कैयौं अमानवीय व्यवहारहरू गरिन्थे। नेपालको कानूनी इतिहासमा पहिलो लिखित दस्तावेज १९१० सालको मुलुकी ऐन हो। यस ऐनमा पनि जातिपाति छुवाछूत आदि जस्तो अमानवीय व्यवहारलाई कानूनी संरक्षण प्रदान गरिएको थियो। त्यति बेला कानूनहरू मानवीय हितको लागि नभएर राणाहरूका इच्छाका अभिव्यक्ति थिए। त्यस्तो अन्धकारमय युगमा मानव अधिकारसंग सम्बन्धित कानूनहरूको कल्पनासम्म गर्नु पनि निरर्थक हुन्छ।

नेपालको संवैधानिक इतिहासमा पहिलो दस्तावेजको रूपमा "नेपाल सरकार वैधानिक कानून २००४" देखा पऱ्यो। त्यसपछि मात्र नेपालमा संवैधानिक विकासको युग शुरू हुन्छ। उक्त संविधानमा मानव अधिकारको विश्वव्यापी धारणाको लहरबाट उब्जेको जनमानसलाई केही हदसम्म शान्त गर्नको लागि केही मौलिक हकहरूको व्यवस्था गरिएको थियो। तर तिनीहरूको कुनै औचित्य भएन जबकि त्यो संविधान व्यावहारमा नै आएन। जेहोस्, यसबाट संवैधानिक परिपाटीको भने थालनी भयो। नेपाल अन्तरिम शासन विधान २००७ मा मौलिक हक सम्बन्धी छुट्टै भाग राखिए पनि भाग २ मा राजनीतिका निर्देशक सिद्धान्तहरू शीर्षक अन्तर्गत मौलिक हकको व्यवस्था गरिएको थियो। तर उपचारको व्यवस्था भएन।

नेपाल अधिराज्यको संविधान २०१५ मा मौलिक हकहरूलाई संरक्षण गरी तिनीहरूको उपचारको व्यवस्था पनि गरिएको थियो। तर तिनीहरूमा पनि विभिन्न परिस्थितिहरूमा बन्देज लगाउन सकिने व्यवस्था थियो। सार्वजनिक हितको निम्ति मौलिक हकमा बन्देज लगाउन सकिने र सार्वजनिक हितको नाउँमा सामान्य परिस्थितिमा पनि मौलिक हकमा बन्देज लगाउन सकिने हुँदा मानवाधिकारको धारणासंग पूर्णतः मेल खाने खालका थिए भन्नु उपयुक्त हुने छैन। फेरी नेपाल अधिराज्यको संविधान २०१५ लाई पूर्ण प्रजातान्त्रिक संविधान मान्न सकिदैन। पूर्ण प्रजातान्त्रिक संविधान विना मानवाधिकारको कल्पना गर्नु कोरा कल्पना मात्र हुन जान्छ।

नेपालको संविधान २०१९ को भाग ३ मा धारा १० देखि १६ सम्म नागरिकलाई विविध मौलिक हकको व्यवस्था गरेको भएता पनि धारा १७ ले सार्वजनिक हितको निम्ति मौलिक हकमा बन्देज लगाउन सक्ने व्यवस्था गरेकोले यी अधिकारहरूलाई अवस्थामूलक बनाइएको थियो। यस प्रकारको बन्देजले मानवताका सम्पूर्ण मौलिक हकलाई सीमित पारेको छ। तर मानवाधिकारको अन्तर्राष्ट्रिय धारणा अमानवीय तथा अपमानजक व्यवहार अनुसार केही निश्चित आधारभूत अधिकार जस्तै क्रुर यातना र सजाय विरूद्धको अन्तस्करणको हक आदिलाई आपतकालमा पनि सीमित गर्न नपाइने गरिएको छ।

नेपालको संविधान २०१९ ले विभिन्न मौलिक हकहरूको व्यवस्था गरेको थियो। तर संविधानकै धारा १७ ले तिनीहरूलाई बन्देज गरेको थियो। यो धारणा संविधान मूल कानून हो भन्ने धारणाको विपरित छ। संविधानमा नै बन्देजको व्यवस्था उल्लेख भएकोले यस्तो

प्रावधानलाई असंविधानिक भनिरहनु अनुपयुक्त हुन्छ भनेर कतिपय व्यवस्था गरिन्थे। तर संविधानवादको धारणासंग यो धारणा मेल खाँदैन। संविधान अनुसार सर्वोच्च अदालतलाई संविधानको व्याख्या गर्ने अधिकार थियो। तर संविधानसंग बाँझिने कानूनलाई असंवैधानिकताको आधारमा खारेज गर्ने अधिकार सर्वोच्च अदालतलाई थिएन। कानून बनाउने निकायमा जनताका प्रतिनिधि मात्र रहने व्यवस्था नभएकोले कानून बनाउने निकाय जनप्रतिनिधि मुलक थिएन। कतिपय अदालती कार्वाही अन्धाधुन्ध रूपमा प्र.जि.अ.बाट प्रयोग गरिन्थे। फेरी कार्यपालिकाले न्यायपालिकालाई निर्णय गर्ने कुरामा प्रभाव पार्ने व्यावहारिक प्रचलन प्रवल थियो। संविधानमा लेखिएका मौलिक हकको विपरित थुनुवाहरू हिरासतबाट हराउनु राजनीतिक बन्दीहरूलाई निस्पक्ष जाँचबुझको अधिकार, हरसमयमा उपलब्ध नहुनु तथा प्रकाशन स्वतन्त्रताको सरकारी बन्देज आदि कामहरू सरकारबाट भैरहेको कुरामा विस्तृत चर्चा भइरहन्थ्यो। संविधानको धारा १७ मा कुनै पनि ऐनको प्रस्तावनामा सोही धारामा उल्लेखित (उपधारा २ मा उल्लेखित) कुनै उद्देश्यले वा सबै उद्देश्यले बनेको भन्ने उल्लेख भएपछि त्यस्तो ऐन वा त्यस अन्तर्गतको कानून सरहको नियम, आदेश वा उपनियम सार्वजनिक हितको लागि बनेको कानून मानिनेछ भन्ने उल्लेख भएको थियो। मानव अधिकार तथा मौलिक स्वतन्त्रताको उल्लंघन गर्ने खालका सार्वजनिक हितको नाउमा व्यवस्थापिकाले सजिलै बनाउन सक्ने र सार्वजनिक हितको कबच लगाएर गरिएका त्यस्ता कानून अन्तर्गतको कार्वाहीलाई देख्ने वित्तिकै सर्वोच्च अदालत नजिकै पर्न नसक्ने स्थितिले गर्दा नेपालमा मानवाधिकार तथा मौलिक स्वतन्त्रतालाई कुन्ठित गरिएको थियो भन्नु अत्युक्ती नहोला। फेरी त्यस्ता ऐन अन्तर्गतका आदेश उपनियम समेतले मौलिक स्वतन्त्रता (चाहे त्यो आपतकालमा पनि अपहरणीय स्वतन्त्रता किन नहोस) मा बन्देज लगाउन सक्ने हुँदा मौलिक हकहरू अत्यन्त क्षिण थिए।

जब अन्याय, अत्याचार र मानवताको खुल्ला उल्लंघनको कुनै उपचार हुँदैन तब अरू कुनै उपाय नपाएर विद्रोहको भेलमा होमिनु सिवाय अर्को बिकल्प रहँदैन भन्ने आशय स्वयं मानवाधिकारको विश्वव्यापी घोषणा पत्रको प्रस्तावनामा पनि उल्लेख भएको छ। नेपालमा भएको मानवाधिकारको उल्लंघनको विरोधमा विभिन्न राजनेता, कानून व्यावसायीहरू र बुद्धिजीवीहरूले समय-समयमा आ-आफ्नो स्थानबाट आवाज पनि उठाए। संविधानकै सुधारको प्रश्न र मानवाधिकारको अपमान जस्ता विषयमा विभिन्न गोष्ठी, सेमिनार, भेला आदिके आयोजना गरी समय-समयमा तत्कालीन पंचायती सरकारलाई तेस्रो संशोधनद्वारा मौलिक कर्तव्य पालना गराउनको लागि पनि मौलिक हकमा बन्देज लगाउन पाइने व्यवस्था गरी मौलिक कर्तव्य अन्तर्गत संविधान बमोजिमको व्यवस्था पालना गर्नुलाऐ पनि समावेश गरियो। संविधानको पहिलो संशोधनबाट नै दलविहीन प्रजातान्त्रिक पंचायती प्रणाली (ऐ. को प्रस्तावना) लाई अंगिकार गरियो एउटै संविधानमा एकातिर प्रजातान्त्रिक मान्यता देखाउन वालिग मताधिकारको सिद्धान्तलाई स्वीकार गरिएको थियो भने अर्कोतिर निर्दलीयतालाई

अस्विकार गरिएको थियो जुन परस्पर नमिल्दा भावनाहरू हुन्। यिनै विभिन्न व्यवस्थाहरूलाई व्यंग्य गर्दै बेला-बेलामा नेपालको संविधान २०१९ लाई असंवैधानिक तत्वले भरिएको संविधानको संज्ञा दिइएको थियो भने स्वयं नेपाल वार एशोसियशनबाट असपक्षको लागि न्याय शीर्षकमा आयोजना गरिएको चतुर्थ अस्विल नेपाल कानून व्यवसाय सम्मेलन २०४५ ले आश्विन ७-८ (०४५) सम्मको सम्मेलनमा संवैधानिक कमजोरी र मानवाधिकारको उल्लंघनमा व्यापक खेद प्रकट गरेको थियो। यस प्रकार नेपाल संविधान २०१९ मा नै प्रशस्त कमजोरी थिए भने मानवाधिकारको व्यवहारिक स्थिति त झन चिन्ताजनक थियो।

मानवअधिकारको उल्लंघन र त्यसतर्फ सुधारको कुनै गुन्जायस नदेखिए पछि २०४६ मा जनआन्दोलनको विष्फोट भयो र तत्कालीन पंचायती व्यवस्थाका स्थापनामा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको विजारोपण गरियो। फलतः २०४७ कार्तिक २३ गते नेपालको प्रजातान्त्रिक संविधान नेपाल अधिराज्यको संविधान २०४७ घोषित गरियो। प्रजातान्त्रिक संविधानको रूपमा बहुचर्चित र नेपाल अधिराज्यको संविधान २०४७ मा मौलिक हक शीर्षक अन्तर्गत नेपाली नागरिकहरूका लागि विभिन्न मानव अधिकारहरूको वर्णन गरिएको पाइन्छ। धारा ११ देखि धारा २३ सम्म कूल १२ धाराहरू र यिनका उपधाराहरूमा उल्लेख गरिएका अधिकारहरूलाई सर्सर्ति हेर्दा नयाँ संविधानले सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणा पत्र अनुरूप नेपाली नागरिकहरूका लागि विभिन्न अधिकारहरूको सृजना गरेको प्रतीत हुन्छ। कानूनी आत्मलाई नहेरी कानूनको शब्दहरूलाई मात्र हेर्ने हो भने संविधानमा उल्लेखित अधिकारहरू मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा ३, १०, ११, १३, १४, १५, १६, २१, २३, २४, २५,२६ र २७ मा उल्लेख भएका विभिन्न अधिकारहरूलाई समायोजन गर्ने प्रयास गरेको देखिन्छ।

नेपालको संविधानमा मानव अधिकारको विश्वव्यापी घोषणा अनुरूपको मौलिक हकको व्यवस्था हुन नसक्नु अत्यन्त स्वाभाविक हो। वास्तवमा यस संविधानका निर्माताहरूले नागरिक र राजनीतिक अधिकारका केही अति संवेदनशील पक्षहरूमा मात्र आफ्नो ध्यान केन्द्रित गरेको कुरा स्पष्ट छ। यस बाहेक संविधानको तुलनामा केही बढी प्रजातान्त्रिक बनाउने मात्र लक्ष्य राखेकोले नयाँ संविधानमा मुलभूत मानव अधिकारहरूको पूर्ण व्यवस्था हुन नसकेको हो। तर पनि संविधानको प्रस्तावनामा नै प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका वीच भातृत्व र एकता कायम गरी व्यवस्था भएबाट मानव अधिकारलाई आंशिक रूपमा भए पनि संवैधानिक मान्यता दिएको कुरा स्पष्ट हुन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ देखि २३ सम्म विभिन्न मौलिक स्वतन्त्रता र अधिकारहरूको व्यवस्था गरिएको जसमा समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, सम्पत्तिको हक, धर्म सम्बन्धी हक र संवैधानिक उपचारको हक पर्दछन्। यिनै विभिन्न धारा बाहेक अधिकार

अन्तर्गत विभिन्न उपधाराहरूमा अधिकारहरूको व्याख्या समेत संविधानमा गरिएको छ। यो संविधान अन्तर्गत यस अघिका संविधानमा व्यवस्था गरिएका केही नागरिक मौलिक हकहरू जस्तै छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, संस्कृति र शिक्षा सम्बन्धी हक, गोपनियताको हक आदिलाई समावेश गरिएको छ। मौलिक हकहरूको प्रचलनको लागि सर्वोच्च अदालतले असाधारण क्षेत्राधिकार अन्तर्गत बन्दी प्रत्यक्षीकरण, परमादेश उत्प्रेषण प्रतिषेध, अधिकार पृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ। यसको साथै संविधान प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको हुँदा उक्त कानून संविधानसंग बाझिएकोले सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिएमा त्यस्तो कानून वा त्यसको कुनै भाग संविधानसंग बाझिएको देखेमा शुरू देखि नै निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई भएकोले असंवैधानिकताको आधारमा गैर संवैधानिक कानूनहरू खारेज गर्ने अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले सर्वोच्च अदालतलाई प्रदान गरी न्यायिक सर्वोच्चतालाई केही हदसम्म सम्मान गरिएको छ। यस नयाँ संविधानमा वि.सं. २०१९ को संविधानको कुख्यात धारा १७ सरह मौलिक हकमा बन्देज लगाउने व्यवस्था भएको छुट्टै धारा नभएता पनि मौलिक अधिकार सम्बन्धी प्रायः सबै धाराहरूमा प्रतिबन्धात्मक वाक्यांशहरू रहेका छन्। यस बाहेक वि.सं. २०१९ को संविधानको धारा ८१ (क) को उपधारा १ (क) सरह यस नयाँ संविधानमा धारा ११५ (८) स्थापित गरिएको छ। मौलिक हक शीर्षक अन्तर्गत परेको धारा २३ मा कुनै अधिकारको उल्लेख नभै धारा ८८ को प्रयोगको मात्र उल्लेख गरिएको छ भने अर्कोतिर धारा ११५ (८) मा धारा २३ अर्न्तगत बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बित गरिने छैन भन्ने बाक्यांश राखी संकटकालीन अवस्थामा धारा २३ पनि निलम्बित हुन सक्ने व्यवस्था गरिएको छ। संकटकालीन अवस्थामा धारा २३ निलम्बित हुने तर धारा २३ अन्तर्गत बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बित नहुने व्यवस्थाको उल्लेख भएकोले यो मान्नु पर्ने हुन्छ कि धारा २३ अन्तर्गत बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक अन्य कतिपय हकहरू पनि पर्दछन्। तर धारा २३ मा यस आगद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कार्वाही चलाउन पाउने हक सुरक्षित गरिएको छ भन्ने कुराको उपचार प्राप्त गर्ने हक बाहेक धारा २३ अन्तर्गतका अन्य कुन अधिकारहरू निलम्बित गर्न सक्तछ भन्ने जान्नका लागि धारा ८८ लाई धारा २३ को प्रयायवाची धारा मानी धारा ८८ को अध्ययन गर्नु पर्ने विषय परिस्थिति उत्पन्न भएको छ। धारा ८८ न्यायपालिका शीर्षक अन्तर्गत सर्वोच्च अदालतको अधिकार क्षेत्रसंग सम्बन्धित छ। धारा ११५ (८) अनुसार धारा २३ अन्तर्गत निलम्बित हुन नसक्ने अधिकार धारा ८८ को उपधारा २ को अनुच्छेद १ संग मात्र सम्बन्धित भएकाले यस अनुच्छेद १ बाहेक धारा ८८ मा उल्लेखित सबै कुराहरू धारा २३ को छत्रछाँया अन्तर्गत धारा ११५ (८)

धारा ११५ (८) को आधारमा निलम्बित हुन सक्ने भए। यस प्रकार धारा ११५ (८) ले एकातिर सर्वोच्च अदालतको क्षेत्रलाई पनि समाप्त गर्ने आधार उत्पन्न गरेको छ भने अर्कोतिर धारा ८८ को उपधारा १ लाई निस्क्रिय पारि मौलिक हक उपर अनुचित बन्देज लगाइएको स्थितिमा कुनै उपचार पाउन नसक्ने अवस्था उत्पन्न गरी यस नयाँ प्रजातान्त्रिक संविधानको भाग ३ लाई पूर्ण रूपले धरासायी पारेको छ।

संकटकालीन अवस्थामा संविधानको धारा २३।८८ र ११५ (८) को आधारमा मौलिक हकलाई समाप्त पार्न सकिने भएता पनि सधैं भरि संकटकालीन अवस्था हुने हुँदा सामान्य स्थितिमा पनि मौलिक हकहरूमा प्रतिबन्ध लगाउन सक्ने व्यवस्था नयाँ संविधानमा समावेश गरिएको छ। जसको अभिव्यक्ति धारा १२ र १३ मा अधिकार भन्दा बढी प्रतिबन्धात्मक वाक्यांश राखिएकोले पनि दिन सक्छ।

मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेख भएका धार्मिक स्वतन्त्रा जस्ता केही अधिकारहरू घोषणा पत्रको आशय विपरित संविधानमा समावेश गरिएको छ। जस अन्तर्गत नेपाललाई हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो भनिएको छ भने धर्म परिवर्तन गर्ने अधिकारलाई निषेध गरिएको छ। मानवअधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २३ (३) २५, २६, २७, २८ आदि जस्ता केही धाराहरूमा उल्लेखित आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई स्पष्ट रूपमा संविधानमा व्यवस्था गरिएको छैन। संक्षेपमा नेपाल अधिराज्यको संविधान २०४७ मा मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित नागरिक तथा राजनीतिक अधिकारको तुलनामा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारलाई कम महत्व दिइएको पाइन्छ। स्मरणीय कुरा के छ भने परम्परागत धारणा अनुसार प्रजातान्त्रिक समाजमा नागरिक तथा राजनीतिक अधिकारलाई प्रधानता दिनु पर्छ भन्ने धारणा थियो भने मानवाधिकारको आधुनिक धारणा अनुसार नागरिक राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई समानुपातिक तरिकाले विकास गरिएमा मात्र पूर्ण प्रजातन्त्र प्राप्त गर्न सकिने आशयले मानवअधिकारको विश्वव्यापी घोषणा पत्रले नै यी सबै अधिकारलाई समान महत्व दिएको छ। त्यसकारण मानवअधिकारको पूर्ण प्राप्तिको लागि क्रमिक रूपमा संवैधानिक सुधार गर्दै लैजानु पर्ने आवश्यकता देखिन्छ। प्रजातान्त्रिक परिपाटीको संस्थागत विकास गर्दै जाँदा यी अधिकारहरूलाई संवैधानिक एवं व्यावहारिक महत्व दिइनु पर्दछ। श्री ५ को सरकारले सरकारी स्तरबाट नै केही समय अगाडि मानवअधिकारको संरक्षणार्थ महत्वपूर्ण कदम चालेको थियो। जस मध्ये नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको इच्छाधीन उपलेख १९६६ लाई अनुमोदन गरेको छ। यसले गर्दा अब सरकारलाई प्रतिपक्ष बनाई व्यक्तिले पनि संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगमा उजुर गर्न पाउने भएको छ।

नेपालमा मानव अधिकारको संरक्षणार्थ चालिएका कदमहरू मध्ये छापाखाना तथा

प्रकाशन ऐन २००५, नागरिक अधिकार ऐन २०१२, नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ जस्ता केही ऐनहरूले नागरिकका सीमित हक अधिकारको व्यवस्था गरेता पनि संघ-संस्था (नियन्त्रण गर्न) ऐन २०१९, केही सार्वजनिक (अपराध र सजाय) ऐन २०१७, सार्वजनिक सुरक्षा ऐन २०१८ तथा २०४६, राजकाज अपराध र सजायँ ऐन २०१९, विध्वंशात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन २०४२ राष्ट्रिय निर्देशन ऐन २०१८, छापाखाना र प्रकाशन ऐन २०२९, संस्थान दर्ता ऐन २०३४ जस्ता ऐनहरूले मानवअधिकार तथा मौलिक स्वतन्त्रालाई केही न केही रूपमा बाधा खडा गरिरहेका छन्। वर्तमान परिस्थितिमा यी ऐनहरूलाई आवश्यक संशोधन गरी मानवाधिकार र मौलिक स्वतन्त्रतालाई सफलीभूत पार्नु पर्ने देखिन्छ र सरकारी स्तरबाट पनि यस सम्बन्धमा सकारात्मक नीति अपनाउनु पर्दछ। त्यसैगरी श्री ५ को सरकारले अन्तर्राष्ट्रिय वाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासभाद्वारा नोभेम्बर २० मा पारित गरिएको महासन्धि १९४९ लाई अनुमोदन गरेको छ। त्यसै गरी नेपालले हालसालै आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई पनि अनुमोदन गरेको छ।

भरखरै प्रजातान्त्रिक परिवेशमा वामे सर्न लागेको नेपालमा प्रजातन्त्रको स्थापना पछि मानवअधिकारको क्षेत्रमा चालिएका कदमहरू सहानीय छन् तर तिनीहरूको प्रभावकारिता व्यवहारमा हुने प्रयोग र पालनामा निर्भर रहन्छ। कागजी अधिकारले वास्तविकतामा कुनै खास असर पार्दैनन् जबसम्म तिनीहरू व्यवहारमा उतारिदैन। त्यसकारण मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई व्यवहारमा उतार्न तिनीहरूको कार्यान्वयन पक्षमा जोड दिनु आवश्यक छ।

परिच्छेद- आठ

उपसंहार

१. मानवाधिकारको संरक्षणमा देखा परेका समस्या र समाधानका उपायहरू :

मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ले संसारको जुनसुकै कुनामा बसेको मानवलाई पनि समान रूपमा हेरेको प्रयास बेलायती अमेरिकी स्वतन्त्रताको घोषणा, फ्रान्सेली राज्यक्रान्ति आदि जस्ता अग्नी परीक्षामा स्वारिदै आएको छ ता पनि कुनै एउटा निश्चित अवधिको ऐतिहासिक तथ्यलाई मात्र हेरेर यसलाई बुझ्न सकिदैन। मानवअधिकार तथा मौलिक स्वतन्त्रताको बैद्यताले तत्कलीन समाजको जीवन पद्धतिको बोध गराउँछ। दोस्रो विश्वयुद्ध पछि मानवाधिकारको अवधारणामा व्यापक बृद्धि भयो र १९४८ को विश्वव्यापी घोषणा पत्रले मानवअधिकारको विश्वव्यापी मापदण्ड तयार पारिदिएको छ। कुनै पनि मानव अधिकारहरूले पूर्ण बैद्यता हासिल गर्नको लागि तिनीहरूको कार्यान्वयनमा भर पर्दछ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले मानवअधिकारको मापदण्ड निर्धारण गरिदिए पनि त्यसको पालनामा राज्यहरूलाई स्पष्ट दायित्व बहन गराउन सकेन। यसले गर्दा मानव अधिकारको उल्लंघन भएमा उपचारको के व्यवस्था हुने भन्ने कुरा मौन र आन्तरिक क्षेत्राधिकार, सार्वभौमसत्ताको प्रयोग, आत्म निर्णयको सिद्धान्त आदिको बाहनामा मानवअधिकारको विश्वव्यापी घोषणा पछि यसको संरक्षणका सम्बन्धमा गरिएका क्षेत्रीय प्रयास र स्वयं संयुक्त राष्ट्र संघद्वारा पारित गराइएका अनुबन्धहरू र प्रोटोकलले मानवअधिकारको संरक्षणमा केही उल्लेखनीय भूमिका खेलेका छन्। तापनि मानव अधिकार र मौलिक स्वतन्त्रताको सरोकारमा स्वयं संयुक्त राष्ट्र सघका सदस्य राष्ट्रहरूले समेत देखाएको उदासिनता र मानवअधिकारको व्यावहारिक स्थितिलाई केलाउँदा अझै पनि यस क्षेत्रमा गम्भीर संकट र चुनौतिहरू छन्। मानवअधिकारको स्थिति अझै पनि कतिपय

कारणहरूले गर्दा संक्रमणकालमा गुज्रिरहेको छ। अल्पविकसित तथा विकासशील राष्ट्रहरूमा यो स्थिति अझ चिन्ताजनक छ। स्वयं शक्तिशाली राष्ट्रहरूमा समेत मानवाधिकारको पूर्णतया सम्मान गरिएको छैन। यसले गर्दा मानवअधिकार तथा मौलिक स्वतन्त्रताको अवधारणामा नै गम्भीर चुनौती र व्यवधानहरू देखा परेका छन्। मानवअधिकारको यति धेरै विश्वव्यापी आवश्यकता र चर्चाको महसुस गरिएता पनि यस क्षेत्रमा देखिएका समस्याहरूले यसको पूर्णतामा वाधा पुऱ्याएका छन्। तिनै समस्याहरूको कारण र समाधानका केही संभावित उपायहरूका बारेमा यहाँ चर्चा गरिन्छ।

(१) राजनीतिक ध्रुवीकरण

द्वितीय विश्वयुद्धको विनासकारी घटना पछि विश्वमा २ विरित राजनीतिक सिद्धान्तको आधारमा शक्तिको ध्रुवीकरणमा तीब्रता देखा पऱ्यो। तिनीहरूमा (क) पूँजिवादी विचारधारा, जसको नेतृत्व संयुक्त राज्य अमेरिकाले गऱ्यो र (ख) समाजवादी विचारधारा, जसको नेतृत्व सोभियत संघले लियो। यी राष्ट्रहरूको वीचमा भएका राजनीतिक ध्रुवीकरणको कारणले गर्दा एक अर्का प्रतिको दृष्टिकोण पूर्वाग्रही रहन गयो। एउटा देशमा प्रयोग हुने मानवाधिकार र मौलिक स्वतन्त्रताको अर्थ अर्को देशमा अर्कै किसिमको हुन थाल्यो। सैद्धान्तिक रूपमा दुवै देशहरूले संयुक्त राष्ट्र संघलाई मान्यता दिएता पनि व्यवहारमा संयुक्त राष्ट्र संघको धारणा अनुसार आफ्ना नीतिहरूलाई बदल्न सकेनन् यसले गर्दा मानवअधिकार तथा मौलिक स्वतन्त्रताको अर्थमा अनेकता आई यी दुवै देशहरू वीच मानवाधिकारको विषयलाई लिएर शितयुद्ध समेत हुन पुग्यो। एकले अर्कोलाई मानवाधिकारको पालना नगरेको आरोप प्रत्यारोप लगाउने प्रकृतिको विकास भयो।

स्मरणीय छ Amnesty Internation को Head office को प्रतिवेदनको आधारमा एकले अर्को देशलाई मानवअधिकारको उल्लंघन गरेको आरोप लगाउँदछन् तर त्यही Amnesty International ले आफू उपर मानव अधिकारको उल्लंघनमा प्रस्तुत गरेको प्रतिवेदन यो गैर सरकारी संस्थाले दिएको प्रतिवेदन झुट्टा हो र त्यो मान्नु पर्दैन भन्दछन्। यसले गर्दा मानवअधिकार र मौलिक स्वतन्त्रताको धारणा यी दुई शक्ति राष्ट्रहरूको छायाँले सदा धूमिल पारिदिएको थियो। बाँकी तेस्रो विश्वका विकसित तथा विकासोन्मुख देशहरू प्रत्यक्ष वा परोक्ष रूपमा यिनीहरू मध्ये एउटाको राजनीतिक प्रभावमा थिए। त्यसकारण कुनै न कुनै रूपमा तिनै देशको नीति अबलम्बन गर्दथे। जसले गर्दा मानवअधिकारको विश्वव्यापी घोषणा नै अन्यौलपूर्ण हुन पुगेको छ।

शक्तिको यो ध्रुवीकरणमा वार्सा सन्धि संगठनको विघटन र सोभियत संघको राज्य विखण्डन पछि युगान्तकारी रूपान्तरण भैसकेको छ। पूर्व यूरोपेली राष्ट्रहरूमा देखा परेको शक्तिको वर्तमान परिस्थितिमा देखिएको वर्तमान राजनीतिक समीकरणले समेत विश्व राजनीतिमा एकध्रुवीय शक्तिको उदय हुन खोजेको छ। अमेरिकी शक्ति प्रभुत्वको रूपमा

अन्तर्राष्ट्रिय राजनीतिमा चीन क्यूबा, उत्तर कोरिया, भियतनामले समाजवादी धारा र अमेरिकी अगुवाईमा पूँजिवादी धारा अगाडि बढाइरहेका छन्। आर्थिक प्रभुत्व जापानमा देखा परेको छ। पश्चिम यूरोपेली राष्ट्रहरू यूरोपेली समुदायको रूपमा आफूलाई एक शक्ति गुटमा परिवर्तित गर्न लागिरहेका छन्। विश्वको वर्तमान राजनीतिक समीकरणमा पूँजिवादी राष्ट्रहरूका आपसी हित र स्वार्थहरू बाझिएको भने अद्यापि कायम नै छ। जसले गर्दा मानवअधिकारको विश्वव्यापी धारणामा नै अन्यौलपूर्ण हुन पुगेको छ।

यस किसिमको अन्यौलपूर्ण स्थितिबाट मानवअधिकार तथा मौलिक स्वतन्त्रताको धारणालाई माथि उठाई स्पष्ट रेखांकन गर्नका लागि जिम्मेवारी पूर्ण हात यिनै शक्ति राष्ट्रहरूको छ। यिनीहरूले मानवाधिकार जस्तो संवेदनशील एवं सार्वभौम विषयलाई राजनीतिक रंगबाट बाहिर राख्नेर हुर्नु पर्दछ। मानवअधिकारको सवाल राजनीतिक विवादबाट बाहिर राख्नेर हुर्नु पर्दछ। मानवअधिकारको सवाल राजनीतिक विवादबाट सदा पन्छिन सक्नु पर्दछ। यो त एउटा त्यस्तो रौन छाता हो, जसको मुनी विभिन्न राजनीतिक विचार भएका राष्ट्र तथा जनताहरू आबद्ध हुन सक्दछन् र शक्ति राष्ट्रहरूको विवेकले पनि यही कुरालाई हृदयंगम गरेर काम गरेमा मानवअधिकारको धारणामा स्पष्टता आउन सक्छ। पूँजिवादी देशहरूले राजनीतिक तथा नागरिक अधिकारलाई प्रधानता दिने र समाजवादी देशहरूले आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारलाई प्रधानता दिने प्रवृत्ति छोडेर संयुक्त राष्ट्र संघद्वारा पारित विश्वव्यापी घोषणा पत्रमा उल्लेखित नागरिक राजनीतिक आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई समानुपातिक तवरबाट पालना गर्नु पर्दछ।

(२) कानूनी पद्धतिमा विविधता

हाल विश्वमा मुख्य तया ३ प्रकारका कानूनी पद्धतिहरू अस्तित्वमा देखिन्छन्। तिनीहरूमा- नागरिक कानूनी पद्धति जसको नेतृत्व फ्रान्सले गरेको छ र यस अन्तर्गत व्यवस्थापिकीय नियन्त्रणबाट कार्यपालिकालाई स्वतन्त्र र अलग गरिन्छ। दोस्रोमा Common Law System जसको नेतृत्वको श्रेय बेलायतलाई प्राप्त छ र यस अन्तर्गत संसदीय सर्वोच्चता मानिन्छ। तेस्रो अमेरिकी कानून पद्धति American Law System जसअनुसार न्यायिक सर्वोच्चतालाई अंगिकार गरिएको छ।

यी ३वटा कानूनी पद्धतिको संविधान र कानून अनि शासन सचालन प्रक्रिया आपसमा फरक पर्ने र विश्वका अधिकांश देशहरू (खासगरी पूर्वीय देशहरू) ले यिनै प्रणालीहरूको देखासिकी गर्ने र व्याख्या पनि सोही मुताविक गर्ने हुँदा उही कानूनको व्याख्या फरक स्वार्थको कारण फरक पर्न जान्छ। यो प्रभाव मानव अधिकारको प्रसंगबाट पनि अछुतो हुँदैन। फेरी फेनवीले भनेझैं "जुन कुरा अमेरिकाले न्यायिक इन्कार गर्दछ सो कुरा अन्य देशले नमान्न पनि सक्दछन्। यही नियम Common Law र Civil Law System मा पनि लागु हुन्छ। राज्य सार्वभौमसत्ताको सिद्धान्त अनुसार Montesque ले भने झैं हरेक राज्य देशको

परिस्थिति अनुसार आफूखुशी संविधान र कानून बनाउन र लागु गर्न स्वतन्त्र हुन्छन्। यति बेला उनीहरूले आफूलाई बाह्य कानूनबाट बाँधिएको महसुस गर्दैनन्। यसले गर्दा मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित आदर्श विपरित पनि कानून निर्माण गरिने गरेको पाइन्छ।

फरक कानूनी पद्धतिबाट सृजित मानवाधिकारको समस्याको संरक्षणको लागि सबै सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरूले सार्वभौमसत्ताको परम्परावादी संकुचित धारणा त्यागी एउटा अन्तर्राष्ट्रिय संगठन अन्तर्गत आफूलाई राख्न स्वीकार गर्नु पर्छ। यो संभव नभएमा पनि सार्वभौम सत्ताको वर्तमान धारणालाई कम गरेर अन्तर्राष्ट्रिय कानूनबाट सृजित दायित्वहरू विना सर्त स्वीकार गर्नु पर्छ।

(३) परिभाषामा विभिन्नताको समस्या

परिभाषा त्यस्तो शब्द हो जसले कुनै विषयलाई विस्तृत र व्यापक बनाइ दिन्छ भने उही कुरालाई कहिले काँही अत्यन्त संकुचित र लघुताभाष पूर्ण बनाइ दिन सक्छ। परिभाषाको यो क्रम स्वाभाविक नियम कानूनको परिभाषा गर्दा पनि लागु हुन्छ। र अर्थमा विविधता लगाई दिन्छ। साँचो कुरा झुट्टा र झुट्टालाई साँचो पनि बनाइ दिन सक्छ। मानिसको विचार नै फरक-फरक भएपछि कुनै कुरालाई हेर्ने दृष्टिकोण पनि स्वाभाविक रूपमा फरक हुन्छ। मानवाधिकार जस्तो संवेदनशील विषयलाई राजनीतिक रंगले पोतिएको चश्माले हेर्ने र दृष्टि अनुसारको परिभाषा गर्ने गरिन्छ। एउटा कुराको परिभाषा कुनै कानूनी पद्धतिमा एउटा लाग्न सक्छ भने अर्को पद्धतिमा अर्कै किसिमको हुन सक्छ। उदाहरणको लागि नागरिक कानून प्रणाली (Civil Law System) भएको फ्रान्समा सार्वजनिक भन्ने शब्दको अर्थ कुनै कुरा निषेध गर्नु हुन्छ, जुन कानूनी अवधारणा हो। यसले व्यक्तिगत वा विदेशी कानूनको पालनामा निषेध गर्नु भन्ने जनाउँछ। तर अंग्रेजी वा Common Law अन्तर्गत प्रयोग हुने सार्वजनिक सुरक्षा, साधारणतया सार्वजनिक अन्य अवस्थाको अनुपस्थितिको दशा हो र सार्वजनिक सुरक्षा राज्यको नीति हो। मानवाधिकारको व्याख्या पनि यही प्रकारको विभिन्न कानून पद्धतिमा फरक-फरक लाग्न सक्छ। एउटै कानूनी पद्धति र एउटै देशमा पनि राजनीतिक परिवर्तन अनुसार यसलाई पनि परिवर्तित सन्दर्भमा परिभाषित गरिन्छ। स्मरणीय छ नेपालको संविधान २०१९ मा मानवाधिकार पर्याप्त मात्रामा भएको व्याख्या गरिन्थ्यो भने नेपाल अधिराज्यको संविधान २०४७ मा पनि मानवाधिकार भएको दावा गरिन्छ र दोस्रो दावा धेरै हदसम्म तुलनात्मक रूपमा सही पनि देखिन्छ। मानवाधिकारको घोषणा पत्रसंग दाँजेर हेर्दा दोस्रो भन्दा पहिलो संविधान मानवाधिकार पूर्ण रूपमा समावेश भएको छैन भन्न सकिन्छ भने धारा १७ को बन्देज सहितको नेपालको संविधान २०१९ मा त मानवाधिकारको स्थिति ज्यादै नाजुक थियो।

यस प्रकार परिभाषाले कुनै शब्दको अर्थमा तात्विक असर पार्न सक्दछ। हालसम्मको

स्थितिमा मानवाधिकारको उपभोग मानिसले तबमात्र गर्न पाउँछ, जब नागरिक कानून अन्तर्गत ती अधिकारहरूलाई राज्यले संवैधानिक वा कानूनी मान्यता प्रदान गर्दछ। तर परिभाषाको समस्या संविधान र कानूनमा पनि लागु हुन्छ। कारण संविधानलाई कसैले राज्य अन्तर्गत बनेकोले राज्य शक्ति भन्दा तल रहन्छ भनेका छन् भने कसैले स्वयं राज्य पनि संविधान वा कानून अनुसार चल्नु पर्ने हुँदा कानून सर्वोपरि छ भनेर परिभाषा गरिन्छन्।

यस्तो समस्याबाट मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणको लागि मानवअधिकारको विश्वव्यापी निश्चित परिभाषा हुनु पर्छ जसलाई राज्यको सार्वभौमिकताको शक्तिको कारणले पनि कम पार्न नसकियोस्। यसको साथै संविधान तथा कानूनको कुनै निश्चित विन्दुमा परिभाषा गर्न विश्वका विधिशास्त्रीहरू सहमत हुनु पर्छ। भिन्न विधिशास्त्रीय सम्प्रदायबाट आ-आफ्नो किसिमको परिभाषा गरिरहने हो भने यो समस्या यथावत रहन्छ। अनि मानवाधिकारको विश्वव्यापी घोषणाले परिभाषित (व्याख्या) गरेका मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई राज्यहरूले आफ्नो स्वार्थको अनुकूल भएमा मान्दछन् र अनुकूल नभएमा राज्यको सार्वभौमिकताको क्षमता तथा आन्तरिक क्षेत्राधिकारको बहानामा समाप्त पार्न पनि सक्छन्। जबकि यसको प्रयोग वर्तमानमा पनि फरक-फरक रूपमा भैरहेको छ। यो समस्या मापदण्ड हुनु आवश्यक देखिन्छ। जुन कुरा विभिन्न राष्ट्रका विधिशास्त्रीहरूको विचारमा निर्भर गर्दछ। यसको साथै विभिन्न कानूनी सिद्धान्त र प्रणालीहरूमा सिद्धान्तत समीकरण गरिनु पर्छ र मानवहरूको विवेकले विश्वलाई आर्थिक कानूनी तथा अन्य विविध दृष्टिले समान गराइनु पर्दछ।

(४) विवादास्पद कानूनी सिद्धान्त

यद्यपि विधिशास्त्रका अनेकन संप्रदाय वीचको विवाद छँदैछ तापनि प्राकृतिक कानून सम्प्रदाय र निश्चयतात्मकवादी सम्प्रदाय (Naturalist and Positiuist School) हरू वीचको विवाद चर्को छ र विधिशास्त्रको लामो इतिहास देखि वर्तमानसम्म कायमै छ। कानूनको प्रकृतिवादी सिद्धान्तका अनुसार उचित कानून मात्र हुन् र अनुचित कानून होइनन् (Unjust Law are not Law) त्यसकारण त्यस्ता कानूनहरू मान्न आवश्यक छैन। यदि राज्य प्राकृतिक कानूनको सिद्धान्तको विपरित कानून बनाउँछ भने त्यस्ता कानूनहरूलाई नमान्ने अधिकार हुन्छ भन्दछ। तर यसको उल्टो कानूनको निश्चयात्मक वा यथार्थवादी सिद्धान्त अनुसार कानून एउटा त्यस्तो आदेश जसको पालना जुनसुकै अवस्थामा पनि हुनुपर्छ। चाहे त्यो युद्ध स्थिति नै किन नहोस्। यस अन्तर्गत कानून राज्यको Athentice निकायद्वारा वा संप्रभुबाट जारी गरिन्छ। अर्को अर्थमा प्रकृतिवादी सिद्धान्तले कानून के हुनु पर्छ भन्ने तर्फ सरोकार राख्दछ तर आदेशात्मक सिद्धान्तले कानून के छ (What Law is) भन्ने तर्फ विचार-गर्दछ। यसले गर्दा मानवाधिकारको विश्वव्यापी घोषणा र संयुक्त राष्ट्र संघद्वारा गरिएका अन्य घोषणा तथा महासन्धि आदिको पालनामा पनि विवाद खडकिने गर्दछ। मानव अधिकारको

उल्लंघन विश्व घोषणा पत्रको आधारमा हुन सक्तैन भन्दछन्। फेरी राज्य सार्वभौमिकताले कुनै पनि हालतमा बाहिरी दवावलाई स्वीकार गर्दैन र आफू खुशी कानूनको निर्माण गर्न र पालन गराउन कसैले रोक्न सक्दैन। केही अन्तर्राष्ट्रिय अपराधमा बाहेक राज्यलाई अन्तर्राष्ट्रिय अपराध गरे बापत सजाय गर्ने प्रावधान अन्तर्राष्ट्रिय विधिक प्रणालीमा नै अत्यन्त कमजोर छ। मानव अधिकारको सन्दर्भमा पनि यी विवादहरू छँदैछन्।

प्राकृतिक कानूनी सिद्धान्त र यथार्थवादी सिद्धान्त वीचको विवादबाट मानव अधिकार र मौलिक स्वतन्त्रताहरूलाई बनाउनका लागि विश्वका सम्पूर्ण राष्ट्रहरूले विनासर्त मानवाधिकारको विश्व घोषणापत्र र मानवाधिकारका अनुबन्धहरू तथा ऐच्छिक प्रोटोकललाई स्वीकार गर्नु पर्छ। किनभने तिनीहरू यथार्थमा कुनै पनि राज्यको हितको विपरित छैनन् र आजको विश्व समुदायका राष्ट्रहरू (जबकि प्रथम र द्वितीय विश्वयुद्धको विनासकारी घाउ ताजै छ) ले उक्त घोषणा अनुबन्धहरू र प्रोटोकललाई स्वीकार गर्नु नैतिक दायित्व पनि हो। यसको साथै प्रत्येक राष्ट्रले मानव अधिकारको विश्व घोषणा पत्रमा उल्लेखित सिद्धान्तलाई आ-आफ्नो देशको संविधानमा समावेश गर्नु पर्छ। त्यसपछि यो विना भेदभाव व्यवहारमा लागु हुन्छ। अन्तर्राष्ट्रिय कानूनको अरू विषय भन्दा मानवाधिकारको विषय संवेदनशील भएको र यसको अवज्ञाबाट अन्तत्वगत्वा युद्ध आफ्नै विनास अवस्यंभावी हुने भएकोले सबै राष्ट्रहरूले समयमै यस तथ्यलाई हृदयंगम गरी संविधान निर्माण वा संशोधन गर्नु पर्छ। उनीहरूको मस्तिष्कमा पनि पहिला मानव हुँ अनि मात्र राज्यको नागरिक हुँ भन्ने धारणाको विकास गरिनु पर्दछ। यस कामको लागि सबैभन्दा महत्वपूर्ण भूमिका संयुक्त राष्ट्र संघको हुन्छ।

(५) न्यायपालिकाको निर्णय कार्यान्वयनमा भिन्नता

विभिन्न राज्यहरूको कानूनी पद्धतिमा भएको विविधता र कानूनप्रतिको भिन्न दृष्टिकोणले गर्दा राज्यहरूले भिन्दा-भिन्दै न्यायिक परिमाणमा भिन्नता हुनु पनि स्वाभाविक हो। फेरी अदालतको क्षेत्राधिकार पनि त राष्ट्रिय कानूनले नै निर्धारण गर्दछ। राष्ट्रिय कानूनको निर्धारण गर्न र त्यसको पालना (लागु) गराउने पूर्ण क्षमता राख्नु राज्यको सर्वाभौमिकताको विशेषता नै हो। मानव अधिकारको विश्व घोषणापत्रले निर्धारण गरेका अधिकारहरूलाई केही हदसम्म स्वीकार गरे पनि कुनै अपराधका सम्बन्धमा कति सजाय हुने भन्ने स्पष्ट धारणा विश्व घोषणापत्रमा पनि पाइदैन। एउटै अपराधका सम्बन्धमा कही बढी सजाय र कही कम सजाय दिने परिपाटी हुन्छ। यहाँसम्मकी कुनै देशले गहन अपराध मानेको अपराधलाई कुनै देशले अपराधको परिभाषा भित्र नराख्न सक्छ। राष्ट्रिय न्यायलय जति शसक्त र प्रभावकारी हुन्छ यसको तुलनामा अन्तर्राष्ट्रिय न्यायलय ज्यादै कमजोर देखिन्छ। मानवअधिकारको उल्लंघन जस्तो सम्वेदनशील विषयमा पनि ICJ को परिनियमले व्यक्तिलाई न्यायलयको ढोका बन्दगरी दिएको छ (Articile 3441, Stste of the icj) अधिकांश

स्थितिमा यसका निर्णय सुझावकारी हुन जान्छन्। योसंग आफ्ना निर्णय लागु गर्ने Finding Force छैन।

न्यायलयको निर्णय र कार्यान्वयनमा विविधता भएबाट मानवाधिकारको संरक्षणमा पर्ने समस्याको समाधानको पहिलो उपाय हो व्यक्तिलाई अन्तर्राष्ट्रिय कानूनको विषय मानि icj को ढोका खुला गर्नु र मानवाधिकार सम्बन्धी सम्पूर्ण मुद्दा हेर्ने अधिकार icj लाई सुम्पनु। यसको साथै सोही बमोजिमको व्यवस्था राष्ट्रिय कानूनमा समान रूपले बनाउनको लागि त्यसको मापदण्ड स्वयं अन्तर्राष्ट्रिय कानूनले गरिदिनु पर्छ। यसमा पनि संयुक्त राष्ट्रसंघले उल्लेखनीय भूमिका खेल्नु पर्दछ। राज्यहरूले न्यायलयको निर्णयलाई मान्न स्वीकार गर्नु पर्छ र निर्णयको कार्यान्वयनमा संयुक्त राष्ट्र संघलाई पूर्ण रूपले सघाउनु पर्छ।

(६) मृत्यु दण्डप्रतिको फरक धारणा

मानवअधिकारको संरक्षणमा वाधकको रूपमा मृत्यु दण्डप्रति विभिन्न कानूनी पद्धति तथा दण्डका सिद्धान्तहरूको फरक धारणा पनि रहेको छ। एउटै अपराधमा कुनै कानूनी पद्धति अनुसार मृत्यु दण्ड दिइन्छ भने कुनैमा सामान्य कैदको सजाय वा जरिवाना मात्र पनि गर्न सकिन्छ। यसको तय गर्ने अधिकार राज्यहरूलाई पूर्णतया प्राप्त हुन्छ। कुनै सरकाले आफ्नो अहित हुने कुरामा सामान्य अवस्थामा पनि मृत्यु दण्ड दिन सक्छ। फिलिपिन्स र इरानमा लागु पदार्थको सानो परिमाणमा व्यापार गर्नेलाई पनि मृत्यु दण्ड दिने व्यवस्थालाई उदाहरणको रूपमा ग्रहण गर्न सकिन्छ। कुनै देशमा मृत्यु दण्डलाई पूर्णतया निषेध गरिएको छ। यही फरक धारणाले गर्दा संयुक्त राष्ट्र संघको महासभाले सन् १९८१ को २५ नोभेंम्बर ४ का दिन आफ्नो ३७ औं वार्षिकोत्सवका अवसरमा मृत्यु दण्डलाई समाप्त गर्ने प्रयास गर्दा सदस्य राष्ट्रहरूले यसका सम्बन्धमा अनेकौ टिका टिप्पणी गरेका थिए। फलतः Second Optional Protecal of the International convent on civil and political Rights 1966 को रूपमा पारित गर्न खोजिएको उक्त प्रयास असफल भयो।

मानवको सबैभन्दा प्रिय वस्तु उसको शरीर हो। बाँच्ने अधिकार नै नभए पछिका अरू अधिकारको कुनै अर्थ रहँदैन। त्यसकारण मृत्यु दण्ड रोक्ने कानून हरेक राष्ट्रमा लागु गरिनु पर्छ। र त्यस्तो कानूनको उल्लंघनमा प्रभावकारी उपचारको व्यवस्था गरिनु पर्छ। कुनै अपराधको यथार्थ जाँच गर्ने कुनै वैज्ञानिक मापदण्ड छैन जसले न्यायमा कति पनि तलमाथि हुन नदेखोस् यस्तो स्थितिमा निर्दोष मानिसको मृत्यु दण्डले अपुरणीय क्षती हुन जान्छ र उसको बाँच्न पाउने अधिकारको स्वतः हनन हुन्छ। अतः मृत्युदण्ड जुनसुकै अवस्थामा पनि निषेध गरिनु पर्दछ।

(७) स्वयं संयुक्त राष्ट्रसंघ प्रतिको अस्पष्ट धारणा र वडापत्र

मानवाधिकारको वर्तमान धारणा संयुक्त राष्ट्र संघको स्थापना र यसको १९४८ को

घोषणाको उपज हो। तर यो कुनै विश्व सरकार होइन। यति स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न राष्ट्रहरूद्वारा गरिएको युद्धकालीन सन्धिको विकसित रूप हो। सिद्धान्तमा जे सुकै भए पनि व्यवहारमा यसले आफ्ना निर्णयहरू प्रभावकारी रूपमा लागु गर्न सक्तैन। यसको महासभा विश्व संसद होइन। icj अन्तर्राष्ट्रिय न्यायलय भएर पनि निर्णय गर्न र कार्यान्वयन गर्ने पक्षमा कमजोर छ। सुरक्षा परिषद केही शक्तिशाली देखिन्छ तर यसमा व्यवस्थित vito प्रणालीले यसलाई पनि विवादको विषय बनाएको छ। कारण मानवाधिकारको उल्लंघनबाट विश्व शान्तिमा खलल पुग्ने भएमा यसले सामुहिक कार्वाही चाल्न बडापत्रको परिच्छेद ७ ले अधिकार त दिन्छ। तर महाशक्ति राष्ट्रहरूको आफ्नो vito प्रणालीले गर्दा सुरक्षा परिषद राज्यहरू माथिको कारवाहीमा नतमस्तक बन्नु परिरहेको छ। यसले गर्दा पनि विश्वमा मानव अधिकारको संरक्षणमा गम्भीर संकट पारेको छ। फेरी वडापत्रले पनि मानवाधिकारको सम्बन्धमा स्पष्ट धारणा छैन यद्यपि यसको मनसाय नै मानव अधिकारको संरक्षण र विश्व शान्तिको स्थापना हो। वडापत्रको धारा २(७) ले स्वयं संयुक्त राष्ट्र संघलाई पनि अर्को राष्ट्रमा हस्तक्षेप गर्ने अधिका दिदैन तर मानवाधिकारको उल्लंघनमा परिच्छेद ७ अनुसार सुरक्षा परिषद्लाई सामुहिक कार्यवाहीको लागि छुट दिन्छ जुन सहानीय छ। तर धारा ५१ ले राष्ट्रहरूलाई आत्म रक्षाको अधिकार प्रदान गर्दछ। यही आधारमा शक्तिशाली राष्ट्रले गरेको कार्यावाही र सुरक्षा परिषद्को सामुहिक कार्वाहीबाट सृजित युद्धबाट मानवाधिकारका असिम उल्लंघन हुन्छ भने स्वयं सामुहिक कार्वाहीबाट सृजित युद्धबाट मानवाधिकारको उल्लंघन हुन्छ भने स्वयं सुरक्षा परिषद्का vito power का विरूद्ध यस्तो कार्वाही कठिन छ। Charater को धारा २ ले राष्ट्रहरूको पूर्ण सार्वभौमिकतालाई मान्यता दिएको छ। सार्वभौमिकताको सिद्धान्त अनुसार प्रत्येक राज्य बाहिरी दृष्टिकोणबाट आफ्नो क्षेत्रभित्र सर्वोपरि शक्ति राख्ने हुन्छ। शक्तिशाली राष्ट्रहरूले गरेको मानवाधिकार उल्लंघनमा यही आधारमा प्रतिरक्षा लिने गरेको पाइन्छ। फेरी सुरक्षा परिषद्ले दुरूपयोगबाट मानवाधिकारको झन बढी हनन हुन सक्ने कुरा पनि विधिशास्त्रीहरूले औंल्याउने गरेको पाइन्छ।

उक्त समस्याको समाधानको लागि संयुक्त राष्ट्र संघलाई एउटा पूर्णतया वैधानिक संगठनको रूपमा स्वीकारी विश्वका सबै राष्ट्रहरूले अविलम्ब त्यसको सदस्यता ग्रहण गर्नु पर्ने देखिन्छ, जसबाट यस प्रतिको जनविश्वासमा शंका गर्ने ठाउँ नरहोस, सुरक्षा परिषद्मा vito power लाई हटाएर आपसी समानताको आधारमा विकासशील तथा तेस्रो विश्वका राष्ट्रहरूको पनि प्रतिनिधित्व गराउनु पर्छ। त्यसले गर्दा सुरक्षा परिषद्द्वारा गरिने कार्वाही कमजोर राष्ट्रहरूको हित र शक्ति राष्ट्रहरूको सार्वभौमिकता एवं आत्मनिर्णयको सिद्धान्त लागु नहुने गरी राज्यहरूले आफ्नो सार्वभौमिक शक्ति राष्ट्र संघलाई सुम्पिएर आफू त्यस अन्तर्गत रहेको संझनु पर्छ। यो कुरा कठिन छ तर मानवाधिकारको विश्वव्यापी संरक्षणमा अत्यावश्यक पनि देखिन्छ।

राष्ट्रहरूले संयुक्त राष्ट्र संघ अन्तर्गत गरिएका मानव अधिकार तथा मौलिक हकको

संरक्षण सम्बन्धी कार्वाहीमा अविलम्ब र विना सर्त आफूलाई पनि समावेश गर्नुपर्छ। संयुक्त राष्ट्र संघका सबै अंगहरूमा विकासोन्मुख र विकसित राष्ट्रहरूको समान प्रतिनिधित्व गराइनु पर्छ।

सम्पूर्ण मानव अधिकार तथा मौलिक स्तन्त्रताहरू अविभाज्य र एक आपसमा आबद्ध एवं निर्भरपूर्ण छन्। त्यसकारण नागरिक, आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक सबै प्रकारका अधिकारहरूको प्राप्ति प्रयोग, आवश्यकता र अभिवृद्धिमा जोड दिनु पर्छ। यसले गर्दा नयाँ अन्तर्राष्ट्रिय आर्थिक शान्ति (order) कायम हुन जान्छ। यसको लागि सबै सदस्य राष्ट्रहरूको इमान्दारिपूर्ण सहयोग आवश्यक हुन्छ। The full reliazation of civil and political Right without enjoyment economic and cultural Right impossible. भन्ने संयुक्त राष्ट्र संघले महसुस गरेको धारणालाई आत्मसात् गर्नु पर्छ। संयुक्त राष्ट्र संघले मानवअधिकार तथा मौलिक स्वतन्त्रताका लागि देखा परेका समस्याको समाधानको लागि जिम्मेवारीपूर्ण खोज गर्ने क्रममा जाति भेद, उपनिवेशवाद, विदेशीको दमन, धम्की, आक्रमण आदिबाट पीडित भएका तथा आफ्नो प्राकृतिक साधन र स्रोतका पूर्ण उपभोगमा कुनै तरिकाबाट वाधा पुऱ्याइएका क्षेत्रका जनतासंग सम्पर्क राखी सोही मुताविक आवश्यक कार्वाही चाल्नु पर्छ।

मानव अधिकारको संरक्षणको लागि विद्यालय पद्धतिबाट नै मानवाधिकारको वैकल्पिक उपाय खोज्ने क्रममा विकासोन्मुख राष्ट्रहरूमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अभिवृद्धि गराउनु पर्छ। अमिल्दो आर्थिक व्यवस्था नै मानवाधिकारको समानुपातिक संरक्षणमा बाधाको रूपमा रहेको हुँदा त्यसको समाधानको लागि अनुभवको आधारमा विकासशील देशका आर्थिक कमजोरी माथि विचार गर्नु पर्दछ।

(८) विनासकारी शक्तिको होडबाजी

विनासकारी शक्तिको होडबाजी पनि मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणमा बाधकको रूपमा देखा परेको छ। यसमा शक्तिशाली राष्ट्रहरू हरेक एक घण्टामा ५० लाख यु.एस. डलर खर्च गरिरहेका छन्। प्रत्येक १० लाख विश्व जनसंख्यामा ५५६ जना शैनिक भर्ना गरिन्छ भने केबल ८६ मिलिटन कार्बोन मनो अक्साइड, ५० लाख टन भन्दा बढी हाइड्रोकार्बोन, १२० लाख टन खरानी र १५० लाख टन सल्फर डाइअक्साइट बायुमण्डलमा छाड्दछ। यसले अम्लिय वर्षा गराउँछ, जसको कारण यूरोपको जंगल नास हुँदै गैरहेको छ। अमेरिकी वैज्ञानिक सिमर्डद्वारा गरिएको अनुसन्धानले यो देखाएको छ कि प्रत्येक राष्ट्रले आफ्नो सम्पूर्ण सैनिक खर्चको ५ प्रतिशत रकम कटौति गरेमा मात्रै पनि वार्षिक १५ अरब यु.एस. डलर बराबरको रकम जम्मा हुनेछ। विश्व आर्थिक क्षमताको यति ठूलो हिस्सा अनावश्यक खर्चमा गैरहेको छ। अर्कोतिर विश्वमा ५० करोडभन्दा बढी मानिसहरू भुकमरी र कुपोषणबाट ग्रसित छन्।

मानव अधिकारको Teheran घोषणा १९६८ को Article १९ ले निशस्त्रीकरणले शैक्षिक उद्देश्यका लागि प्रयोग गरिएका प्राकृतिक स्रोत र मानवीय शक्तिलाई मुक्त गर्छ भनेको छ। यो स्रोतहरूलाई मानवाधिकारर मौलिक स्वतन्त्रताको अभिवृद्धिका लागि प्रयोग गर्न सकिन्छ। पूर्णतया निशस्त्रीकरण गर्छ। यदि अहिलेका वैज्ञानिक अनुसन्धानकर्ता र प्राविधिक निकायलाई आर्थिक, सामाजिक, सांस्कृतिक उद्देश्यको उन्नतिको लागि प्रयोग गरिने हो भने यस्तो कुराहरूको विकासले कहिले पनि व्यक्तिका अधिकार र स्वतन्त्रताहरूलाई खतरा पुऱ्याउँदैन र यिनीहरूको उत्पादन जारी राख्निु पर्ने महसुस हुने छ। एउटा विष्फोटन मानवीय हितको लागि पहरो फुटाउन गरिएमा त्यो विनासकारी हुनुको सट्टा मानवीय हितको पक्षमा हुन्छ भने मुर्खको हातमा दियो र मानिसको माफमा फालिदियो भने सारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणका लागि सकेसम्म निशस्त्रीकरण र सो संभव नभए हातहतियारहरूको उत्पादनमा कटौती गर्नु सबै भन्दा उत्तम उपाय देखिन्छ।

यसप्रकार मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणमा अनेकन बाधा तथा समस्याहरू देखिएता पनि द्वितीय विश्वयुद्ध पछि यस तर्फ भएको प्रगति त्यस अघिको परिणाम स्वरूप यो मानवअधिकार र मौलिक स्वतन्त्रता संरक्षण स्थायी एवं प्रभावकारी बनाई मानव मात्रको हितको संरक्षणमा एकजुट हुनु नै विश्वको लागि कल्याण हुने छ।

२. निष्कर्ष

मानवअधिकारको आधुनिक अवधारणा २० औं शताब्दीको नवीन खोजको विषय हो। यो अवधारणा शुरू देखि नै चर्चा जिज्ञासा र विवादको विषय बनिरहेको छ। मानव अधिकारका अन्तर्राष्ट्रिय अवधारणा आजको नयाँ-नयाँ उपलब्धी हो ता पनि यो शुन्यबाट आकस्मिक रूपमा निस्केको धारणा होइन। यसको पछाडि आफ्नै अतितको पृष्ठभूमि छ। यसलाई बुझ्नको लागि मानवाधिकारको धारणाको ऐतिहासिक तथ्यलाई केलाउनु पर्छ यद्यपि यसबाट पनि सम्पूर्ण कुराहरूको ज्ञान भने हुन सक्दैन। निर्माता King Jone ले आफ्ना भारदार (Barons)लाई मात्र अधिकार दिएका थिए। विल अफ राइट्स र फ्रान्सेली घोषणा पत्रले पनि महिलाहरूको अधिकारको बारेमा र दाशहरूको अधिकारको बारेमा कुनै व्यवस्था गरेनन् Thomas Stefferson, आफैं दासका मालिक थिए। Karl Marx Milten, Voltier Montesque, Rossman, Lock आदि विद्वानहरूले मानव अधिकारको संरक्षणमा महत्वपूर्ण योगदान दिएका थिए भने तिनले पनि सम्पूर्णता प्राप्त गर्न सकेनन्। प्रथम विश्व युद्धपछि बनेको राष्ट्र संघ अन्तर्गत पनि केही अल्पसंख्यक दास र महिलाहरूको हितको सम्बन्धमा मात्र व्यवस्था गरिएको थियो। यी सबै घटना एवं प्रयासहरूले मानवाधिकारको धारणामा पूर्णता प्राप्त गर्न नसकेता पनि तात्कालीन सामाजिक पद्धतिको बोध गराउँछ र यिनीहरूको मानवाधिकारको विकासको पिरामीड (Monument) मा महत्वपूर्ण आयामहरू थप्दै गए।

द्वितीय विश्वयुद्धको भयावह घटनाबाट असंख्य यहुदी पोलिस, चेक आदि

अल्पसंख्यकहरूलाई नाजी जर्मनीद्वारा लाखौंको संख्यामा निमर्म हत्या गरियो। यसबाट मानवतावादी दिग्गजहरूको मस्तिष्कमा मानवाधिकारको स्थायी संरक्षणको उपायको सोचाइले जरो फैलायो। फलत उनीहरूले संयुक्त राष्ट्र संघको स्थापना गरी मानवाधिकारको संरक्षण गर्ने निधो गरे। यद्यपि संयुक्त राष्ट्र संघको वडापत्र अन्तर्गत पनि मानवाधिकारको स्पष्ट व्यवस्था गर्न सकिएन तापनि Escosoc ले यसतर्फ महत्वपूर्ण जिम्मा लियो। Human Rights Commission ले मानवाधिकारको अन्तर्राष्ट्रिय वीलको पहिलो भागको रूपमा मानवाधिकारको अन्तर्राष्ट्रिय इतिहास तयार पाऱ्यो र यसलाई मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को डेसेम्बर १० मा संयुक्त राष्ट्र संघले मानवाधिकार आयोगको मस्यौदा अनुसार १९६६ मा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध र त्यसको ऐच्छिक प्रोटोकल एवं आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अनुबन्ध छुटाछुट्टै रूपमा पारित गऱ्यो। यी ३ वटै सन्धिहरू सन् १९७६ देखि आवश्यक अनुमोदन प्राप्त गरी लागु भए। हाल मानवअधिकारको अन्तर्राष्ट्रिय वील अन्तर्गत Documents हरू मानवाधिकारको अन्तर्राष्ट्रिय संरक्षणमा प्रयत्नशील छन्। त्यस्तै युरोप, अमेरिका, अफ्रिकामा मानवाधिकारको क्षेत्रीय प्रबन्धको व्यवस्था गरिएको छ भने एशियामा यो खाँचो अद्यावधि विद्यमान छ।

यसप्रकार मानवाधिकारको क्रमिक विकास भएको पाइन्छ तापनि पूर्णता प्राप्त गर्न सकेको छैन। तुलनात्मक रूपमा पहिलेको मानवाधिकारको संरक्षणको प्रावधान भन्दा अहिलेको प्रावधान कैयौं गुना प्रभावकारी छ। भविष्यमा पनि यसको विकास गर्दै लैजानु पर्ने कुरामा दुईमत हुन सक्तैन। हालको पश्चिमी पूँजिवादी राष्ट्रहरूले वकालत गर्दै आएको राजनीतिक अधिकारलाई मात्र महत्व नदिई सबैले खान लाउन पाउने शिक्षा रक्षा जस्ता वास्तविक सामाजिक, आर्थिक एवं सांस्कृतिक अधिकारहरूको प्रत्याभूति नै २१ औं शताब्दीमा वास्तविक मानव अधिकारको अवस्था हो। यसर्थ अब यी अधिकारहरूको पूर्ण प्रत्याभूति गरिनु आवश्यक देखिन्छ।

Resource Centre
इन्सेक
insec

अनुसूचि एक

मानवअधिकारहरुको विश्वव्यापी घोषणा

१० डिसेम्बर १९४८ का दिन बसेको संयुक्त राष्ट्र संघको साधारण सभाको निर्णय नं. २१७ (III) द्वारा पारित तथा घोषित

प्रस्तावना

मानव परिवारका सबै सदस्यहरूको अन्तरनिहित मान तथा सम्मान र अविछिन्न अधिकारहरूको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानवअधिकारहरू प्रति अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भई मानव जातिको अन्तस्करणमा चोट पुऱ्याइएको हुनाले र मानवहरूले धर्म र वाक स्वतन्त्रता तथा भय र अभावबाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको घोषित आकांक्षा भएकोले,

अत्याचार र दमनको विरूद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसले नठानुन् भन्ने हो भने मानवअधिकारहरू कानूनी शासनद्वारा संरक्षित रहनु अति आवश्यक भएकोले,

राष्ट्रहरूका बीच मैत्री सम्बन्ध वृद्धि गर्न आवश्यक भएकोले,

संयुक्त राष्ट्र संघका जनता एवंले मानवका मौलिक अधिकारहरू र मनुष्यको मान तथा कदर नर-नारीको समान अधिकारहरूप्रति पुनः विश्वासको पुष्ट्याई गरी बढी स्वतन्त्रताको आधारमा सामाजिक प्रगति एवं जीवनको स्तर बढाउन निश्चय गरेकोले,

सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र संघको सहयोगमा मानवअधिकारहरू र मौलिक स्वतन्त्रताहरूप्रति विश्वव्यापी सम्मान वृद्धि गर्ने एवं पालन गर्ने प्रतिज्ञा गरेकोले र

यो प्रतिज्ञा पूरा गर्न यी अधिकार एवं स्वतन्त्रताहरू बारे साझा समझदारी जानकारी राख्नु अत्यन्त आवश्यक भएकोले,

सदस्य राष्ट्रहरू र ती राष्ट्रहरूका नियन्त्रणमा रहेका प्रादेशिक खण्डका जनतामा समेत ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्रदान गर्न प्रत्येक व्यक्ति र समाजको हरेक अंगले यस घोषणालाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील कदमहरूद्वारा श्रद्धा बढाउन प्रयत्न गरून् भनी साधारण सभाले मानवअधिकारको यस विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रका निमित्त एउटा साझा मापदण्डका रूपमा भनी घोषणा गर्दछ।

धारा - १

सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन् ती सबैको समान अधिकार र महत्व छ। निजहरूमा विचार शक्ति र सदविचार भएकोले निजहरूले आपस्तमा भातृत्वको भावनाबाट व्यवहार गर्नु पर्छ।

धारा - २

जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ। यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा रक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनैतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन।

धारा - ३

प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुनेछ।

धारा - ४

वाँधा वा दास बनाई कसैलाई पनि राख्विने छैन। दासत्व र दास दासीको व्यापार प्रत्येक रूपमा निषेध गरिएको छ।

धारा - ५

कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन औ निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन।

धारा - ६

कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ।

धारा – ७

कानूनको दृष्टिमा सबै समान छन् र विना भेदभाव सबै कानूनको समान संरक्षणको अधिकार हुनेछन्। यस घोषणालाई उल्लंघन गरी गरिएको वा उक्साइएको भेदभावको विरूद्ध समान संरक्षणको अधिकारी सबै हुनेछन्।

धारा – ८

संविधान वा कानूनद्वारा दिइएको मौलिक अधिकारहरू भंग गर्ने कार्यहरूको विरूद्ध योग्य राष्ट्रिय अदालतको प्रभावोत्पादक उपचारको सबैलाई अधिकार हुनेछ।

धारा – ९

कसैलाई पनि मनमानी ढंगले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन।

धारा – १०

कुनै व्यक्ति उपर लगाइएको फौज्दारी आरोपको विरूद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनुवाइएको हक प्रत्येक व्यक्तिलाई समान रूपले हुनेछ।

धारा – ११

(१) दण्डनीय अपराधको आरोप लागेको व्यक्तिलाई बचाउको निमित्त सबै आवश्यक सुविधाहरू दिएको खुला अदालतले कानून अनुसार अपराधी नठहराउञ्जेल निज निरपराध मानिने छ।

(२) कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तरगत अपराध मानिदैन भने त्यस्तो कामको प्रति कुनै पनि व्यक्ति दोषी ठहराइने छैन र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन।

धारा – १२

कुनै पनि व्यक्तिको गोप्यता, परिवार, घर वा पत्र व्यवहारको प्रति मनमानी हस्तक्षेप गरिने छैन र कसैको सम्मान तथा ख्यातीमाथि चोट पुऱ्याइने छैन र त्यस्तो हस्तक्षेप वा चोटको विरूद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ।

धारा – १३

(१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमाना भित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरू कुनै देश छोड्ने र आफ्नै देशमा फर्की आउने पूर्ण अधिकार छ।

धारा - १४

(१) लगाइएको अभियोगबाट उम्किन प्रत्येक व्यक्तिलाई अरू देशमा शरण लिने र खोज्ने अधिकार छ।

(२) संयुक्त राष्ट्र संघको उद्देश्य र सिद्धान्तको विपरित कार्यहरू वा अराजनैतिक अपराधहरूको अभियोगको सम्बन्धमा यो अधिकार प्रयोग गर्न सकिने छैन।

धारा - १५

(१) प्रत्येक व्यक्तिलाई राष्ट्रका नागरिकताको अधिकार छ।

(२) कुनै पनि व्यक्तिलाई मनमानी ढंगले निजको नागरिकताबाट वञ्चित गरिने छैन र नागरिकता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन।

धारा - १६

(१) जाति, राष्ट्रियता वा धर्मको भेदभाव विना वयस्क स्त्री, पुरूषहरूलाई आपसमा विवाह गर्ने वा परिवार स्थापना गर्ने अधिकार छ। विवाहको विषयमा वैवाहिक जीवनमा तथा विवाह विच्छेदमा तिनीहरूको समान अधिकार हुनेछ।

(२) विवाहको इच्छा राख्ने स्त्री पुरूषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ।

(३) समाजको स्वभाविक र आधारभूत सामूहिक एकाई परिवार हो र समाज र राज्यद्वारा संरक्षण पाउने अधिकार यसलाई छ।

धारा - १७

(१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसंग मिलेर सम्पत्ति राख्ने अधिकार छ।

(२) कुनै व्यक्तिको सम्पत्ति मनमानी ढंगले अपहरण गरिने छैन।

धारा - १८

प्रत्येक व्यक्तिलाई विचार, मत र धार्मिक स्वतन्त्रताको अधिकार छ। धर्म वा मत बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा समूहमा आफ्नो धर्म वा मतलाई शिक्षा, आचरण, पूजा र पालनद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तरगत सम्मिलित छ।

धारा - १९

प्रत्येक व्यक्तिलाई विचार स्वतन्त्रता र प्रकाशनको अधिकार छ। विना कुनै हस्तक्षेप मत ग्रहण गर्ने र विना रोकतोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुनेछ।

धारा - २०

(१) शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ।

(२) संस्थाको सदस्य बन्न कुनै व्यक्तिलाई कर लगाउन सकिने छैन।

धारा - २१

(१) देशको शासनमा, प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिद्वारा भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई निजको देशको सरकारी जागीरहरूमा समान प्रवेशाधिकारको हक छ।

(३) सरकारको शासन सत्ताको आधार जनताको इच्छा हुनेछ र यस्तो इच्छा सर्वव्यापी समान मताधिकारद्वारा समय समयमा हुने निष्पक्ष चुनावद्वारा अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गुप्त मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ।

धारा - २२

समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिको सम्मान र व्यक्तित्वका स्वतन्त्र विकासको निमित्त आवश्यक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू अन्तर्राष्ट्रिय सहयोग र राष्ट्रिय प्रयत्नद्वारा राष्ट्रको संगठन र साधन अनुसार उपलब्ध गर्ने अधिकार प्रत्येक व्यक्तिलाई छ।

धारा - २३

(१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छा बमोजिम नोकरी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र वेकारीबाट रक्षा पाउने अधिकार छ।

(२) प्रत्येक व्यक्तिले विना भेदभाव समान कार्यको लागि समान ज्याला पाउनेछ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय अधिकार अनुकूल गौरवान्वित आजीविकाको बन्दोवस्तका लागि उचित र अनुकूल पारिश्रमिक र अन्य प्रकारको सामाजिक संरक्षणद्वारा त्यसको पूर्ति गर्ने अधिकार हुनेछ।

(४) प्रत्येक व्यक्तिलाई निजको हितको रक्षाका निमित्त ट्रेड यूनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार हुनेछ।

धारा - २४

मुनासिव माफिकको काम गर्ने घण्टाको हदबन्दी भित्र प्रत्येक व्यक्तिलाई सबैतनिक आवधिक विदा र विश्रामको अधिकार छ।

धारा - २५

(१) प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ र यस अन्तरगत खाना, कपडा, घर तथा औषधोपचारको सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधवा, बूढेसकाल वा निजको शक्ति बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ।

(२) मातृकाल वा वाल्यावस्थामा रहेका प्रत्येक मानिसलाई विशेष हेरचाह र सहायता प्राप्त हुनेछ। विवाहिता र अविवाहिता आमाबाट जन्मेका दुबै बालकले समान सामाजिक संरक्षणको उपभोग गर्न पाउनेछन्।

धारा - २६

(१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ। शिक्षा कमसेकम प्रारम्भिक औ बुनियादी अवस्थामा निःशुल्क हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक र व्यावसायिक शिक्षा सर्बसुलभ हुनेछ। उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ।

(२) मानवको व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्ने तर्फ शिक्षाको प्रसार गरिनेछ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूको बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइनेछ र शान्ति कायम गर्नाको लागि संयुक्त राष्ट्र संघका प्रयत्नहरूलाई बढाइने छ।

(३) छोरा छोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ।

धारा - २७

(१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने, कलाहरूको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेको सुविधाहरूको उपभोग गर्ने अधिकार छ।

(२) प्रत्येक व्यक्तिलाई निजले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक र भौतिक उपलब्धीहरूको संरक्षणको अधिकार हुनेछ।

धारा - २८

यस घोषणामा उल्लेख गरिएको अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्नको लागि प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

धारा - २९

(१) प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरू छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास सम्भव छ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताहरूप्रति पनि आदर र मान्यता दिनु पर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू प्राप्त गर्ने उद्देश्यले मात्र कानूनद्वारा निश्चित गरिएको सीमाभित्र रहनु पर्नेछ।

(३) यी अधिकार र स्वतन्त्रताहरूको प्रयोग संयुक्त राष्ट्र संघको सिद्धान्त र उद्देश्यको विपरित कुनै हालतमा उपभोग गर्न सकिने छ।

धारा - ३०

कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणालाई व्याख्या गर्न हुँदैन।

Resource Centre

इन्सेक पुस्तक ३३/१९९५

यसै पुस्तकबाट ...

सामाजिक न्याय विना विश्व शान्ति सफल हुँदैन भन्ने कुरा विगतका २ विभत्स घटनाहरूले प्रमाणित गरिसकेका थिए । आफ्ना हक अधिकारको अपहरण गरिएपछि अत्याचार दमनको विरूद्ध केही नलागेर विद्रोह गर्नु सिवाय अर्को विकल्प नदेखेर मानवले विद्रोहको सहारा लिन पुग्दछ, जसको विस्तृत रूप युद्ध हुन जान्छ र त्यस्ले विश्वव्यापी रूप लिन पनि सक्छ भन्ने हेतुले सनफ्रान्सिस्को सम्मेलनमा संयुक्त राष्ट्र संघको वडापत्रमा मानवाधिकार सम्बन्धी स्पष्ट धारणाहरू उल्लेख गर्ने लक्ष्य राखिएको थियो । जस्ले युद्धको अन्त गर्नु र मानवहरूको वीचमा भातृत्वको भावना स्थापना गर्न सक्ने आशा पनि गरिएको थियो ।

■ ■ ■

मानवअधिकारको चर्चा चल्न थालेको यसै बेला पनि एकातिर मानिसहरू रोटीका लागि चिच्याइरहेका र बदलामा तातो गोलीले भुटिनु परिरहेको छ । म्यान्मारमा वैधानिक सरकारले सत्ता सम्हाल्न पाइरहेको छैन । भूटानमा मानवअधिकारको आवाज उठाउनेहरूमाथि अमानुषिक व्यवहार गरिएको छ । यस क्षेत्रमा प्राय सबै मानवाधिकारको विश्वव्यापी घोषणा पत्रको भावना अनुकूल कायम भैरहेको छैन । एशिया भन्दा पनि अविकसित महादेश अफ्रिकामा पनि मानवाधिकारको क्षेत्रीय प्रबन्ध भैसकेको छ । त्यहाँ जनताहरू यस अन्तर्गत संगठित छन् । यस स्थितिलाई हेर्दा एशिया क्षेत्र अफ्रिकीहरू भन्दा पनि पछि परेको छ । निकट भविष्यमा नै यस सम्बन्धमा कुनै व्यवस्था हुन सक्ने शुभ संकेत पनि देखा परिरहेको छैन । विभिन्न राजनेताहरू र कानूनविद्हरूले गैर सरकारी स्तरमा विभिन्न प्रयासहरू गर्ने र आवाजहरू उठाउने गरेको भए तापनि सरकारी स्तरमा यस बारे कुनै चासो देखाइएको छैन । एशियाली सम्झौता बारे कुनै प्रस्तावसम्म पनि सरकारी स्तरबाट यस क्षेत्रमा उठाइएको छैन । राष्ट्रहरूको मानवाधिकार प्रतिको उदासिन सोचाइ नै मानव अधिकारको एशियाली सम्झौताको बाधक हो भन्ने कुराको बोध हुन्छ । गैर सरकारी स्तरमा चालिएको कदम पनि अत्यन्त कम तथा मन्द प्रकृतिको छ ।